# नेपाली आख्यानमा भिन्न क्षमताको अध्ययन

शोधप्रबन्ध

**सिक्किम विश्वविद्यालय**

**भाषा अनि साहित्य सङ्कायअन्तर्गत नेपाली विषयमा विद्यावारिधि (पिएच डी)**

**उपाधिका निम्ति प्रस्तुत**


शोधार्थी

**सुरज गुरुङ**

नेपाली विभाग

भाषा अनि साहित्य सङ्काय

सिक्किम विश्वविद्यालय।


दिसम्बर २०२०

# नेपाली आख्यानमा भिन्न क्षमताको अध्ययन

शोधप्रबन्ध

## सिक्किम विश्वविद्यालय

भाषा अनि साहित्य सङ्कायअन्तर्गत नेपाली विषयमा विद्यावारिधि (पिएच डी)

उपाधिका निम्ति प्रस्तुत


**शोध निर्देशक**

पुष्पशर्मा 05/01/2021

**डा पुष्प शर्मा**

**सह प्राध्यापक**

**नेपाली विभाग**

**भाषा अनि साहित्य सङ्काय**

**सिक्किम विश्वविद्यालय।**

**शोधार्थी**

05/01/2021

**सुरज गुरुङ**

**प सं 17/Ph.D/NEP/01**

**नेपाली विभाग**

**भाषा अनि साहित्य सङ्काय**

**सिक्किम विश्वविद्यालय।**


**दिसम्बर २०२०**

सिक्किम विश्वविद्यालय
(भारतके संसदके अधिनियमद्वारा स्थापित केन्द्रीय विश्वविद्यालय)
SIKKIM UNIVERSITY
[A central university established by an Act of Parliament of India in 2007]

No.LIB. Plagiarism /59/2017 Dated 09-02-2017

To

The Head
Department of Nepali
Sikkim University

Sub: Anti-Plagiarism Test

Dear Sir,

Kindly refer to your letter dated 09/02/2017 on the subject referred above.

I may inform you that the present ant-plagiarism software (URKUND) being used by Sikkim University distributed by INFLIBNET does not support Nepali and Hindi languages.

Therefore, the MPhil and PhD dissertations written in Hindi and Nepali cannot be tested for plagiarism.

Yours sincerely,

( A S Chandel)
Librarian

Copy for information to:

1. The Controller of Examinations, Sikkim University
2. The Dean, School of Languages and Literature
3. In-charge, Department of Hindi

६ माइल, सामदुर, पीओ तादुङ-७३७१०२, गान्तोक, सिक्किम, भारत
फोन : ०३५९२-२५१०६७, २५१४६८, फ्याक्स-२५१८६५
6th Mile, Samdur, P.O. Tadong 737102, Gangtok, Sikkim, India
Phone : 03592-251067, 251468, Fax : 03592-251865
Website : www.cus.ac.in

SIKKIM UNIVERSITY
[A Central University established by an Act of Parliament of India, 2007]
DEPARTMENT OF NEPALI
SCHOOL OF LANGUAGES & LITERATURE

## प्रतिबद्धता पत्र

सिक्किम विश्वविद्यालयको भाषा अनि साहित्य सङ्कायअन्तर्गत नेपाली विभागमा विद्यावारिधि उपाधिका निम्ति तयार गरिएको "नेपाली आख्यानमा भिन्न क्षमताको अध्ययन" शीर्षक प्रस्तुत शोधप्रबन्ध मेरो नितान्त मौलिक कार्य हो। यो शोधकार्य मैले शोध निर्देशक डा पुष्प शर्माको कुशल निर्देशनमा रहेर पुरा गरेको हुँ। यस शोधकार्यका लागि द्वितीय स्रोतबाट सामग्री सङ्कलन गरी त्यसलाई आधिकारिक तथा प्राज्ञिक रूपमा प्रयोग गरेको छु। यस शोधप्रबन्धको कुनै पनि खेस्रा वा अंशलाई मैले अन्य कतै कुनै प्रयोजन वा उपाधिका लागि आजसम्म प्रयोग गरेको छैन। मेरो यो प्रतिबद्धता पूर्ण रूपले सत्यमा आधारित छ। यदि यस प्रतिबद्धता विरूद्ध कुनै प्रमाण पाइए त्यसको जिम्मेवार म स्वयम् हुनेछु।

Supervisor 05/01/2021
Department of Nepali

शोधार्थी
05/01/2021
सुरज गुरुङ

पुष्पशर्मा 05/01/2021
अध्यक्ष नेपाली विभाग
सिक्किम विश्वविद्यालय

पञ्जीकरण सङ्ख्या 17/Ph.D/NEP/01

नेपाली विभाग

सिक्किम विश्वविद्यालय।

6th Mile,Samdur, PO Tadong 737102, Gangtok, Sikkim, India.
Phone: +91--03592251342 (O), WWW.sikkimuniversity.ac.in

# SIKKIM UNIVERSITY
*[A Central University established by an Act of Parliament of India, 2007]*

## DEPARTMENT OF NEPALI
SCHOOL OF LANGUAGES & LITERATURE

Dr Pushpa Sharma

Associate Professor


### शोध निर्देशकको अग्रसारण

नेपाली विभाग, सिक्किम विश्वविद्यालय पिएचडीका शोधार्थी श्री सुरज गुरुङ, पञ्जीकरण सङ्ख्या 17/Ph.D/NEP/01-ले मेरो शोध निर्देशनमा रही "नेपाली आख्यानमा भिन्न क्षमताको अध्ययन" शीर्षकमा विद्यावारिधि (पिएचडी शोधप्रबन्ध) बढो परिश्रम र लगनपूर्वक तयार पारेका हुन्। यो शोधप्रबन्ध यिनको मौलिक शोधकार्यको परिणाम हो। यस शोधप्रबन्ध लेखन क्रममा यिनले शोधविधि तथा सिक्किम विश्वविद्यालयद्वारा जारी गरिएको नियमावलीको यथोचित पालन गर्दै तोकिएको अवधिभित्र तयार पार्न सक्षम भएका हुन् भन्ने कुरा प्रमाणित गर्दछु। यस शोधप्रबन्धको उचित मूल्याङ्कनका निम्ति सिक्किम विश्वविद्यालयको सम्बन्धित निकायसमक्ष अग्रसारित गर्दछु।

शोध निर्देशक

पुष्पशर्मा
१८/१२/2020

Supervisor
Department of Nepali

डा पुष्प शर्मा

नेपाली विभाग

सिक्किम विश्वविद्यालय।


6th Mile,Samdur, PO Tadong 737102, Gangtok, Sikkim, India.
Phone: +91–03592251342 (O), WWW.sikkimuniversity.ac.in

# कृतज्ञता ज्ञापन

सिक्किम विश्वविद्यालयको भाषा अनि साहित्य सङ्कायअन्तर्गत नेपाली विभागमा १० जुलाई २०१७ देखि विद्यावारिधिका निम्ति प्रविष्टि पाउँदाको सुखद अनुभूति शब्दमा व्यक्त गर्न सक्तिनँ। त्यस समय नेपाली कथा र उपन्यासमध्ये कुनै एउटा विधामा भिन्न क्षमताबारे शोधकार्य गर्छु भन्ने धमिलो अनुकल्पनामात्र थियो मसित। बिस्तारै विषयसम्बन्धी सिद्धान्तका पुस्तकहरू पढ्दै गएँ। त्यसपछि मेरा शोध निर्देशक आदरणीय गुरुमा डा पुष्प शर्माको परामर्शअनुरूप शोध प्रस्तावना तयार पारेर नेपाली विभागको बोर्ड अफ् स्टडिज्मा अनुमोदनका निम्ति प्रस्तुत पनि गरियो। बोर्ड अफ् स्टडिज्को सभाले केही संशोधनका साथ 'नेपाली आख्यानमा भिन्न क्षमताको अध्ययन' शीर्षकलाई स्वीकृति दिएपछि ६ नोभेम्बर २०१७ को दिन मेरो शोधप्रबन्ध पञ्जीकृत भएको हो। यस प्रकार सिङ्गो नेपाली आख्यानमाथि शोधकार्य गर्ने जिम्मेवारी आइपर्दा सक्छु कि? जस्तो पनि नलागेको होइन। मनमा एक किसिमको उत्साह त थियो नै तथापि कताकता त्रास पनि थियो। मभित्रको त्रासलाई आदरणीय गुरुमा डा पुष्प शर्माले कहिल्यै हुर्कन दिनुभएन। सधैँ सकारात्मक ऊर्जा थपिदिनुभयो। गुरुमाको कुशल निर्देशनमा रही मैले यो शोधकार्य समयमै पुरा गर्न सकें। उहाँबाट धेरै कुरा सिक्ने र जान्ने अवसर पाएको छु। यसैले गुरुमाप्रति आन्तरिक हृदयबाटै कृतज्ञता प्रकट गर्दछु।

यसरी नै मेरा निम्ति सधैँ प्रेरणाका स्रोत बनी मलाई प्रोत्साहित गरिरहनु हुने आदरणीय गुरुमा डा कवित लामाप्रति विशेष रूपले आभारी छु। उहाँको उचित मार्गदर्शन नपाएको भए म यस क्षेत्रमा कदाचित् आउन सक्ने थिइनँ। भन्नु नै हो भने मेरो यस सफलताका पछि कविता गुरुमाको विशेष योगदान रहेको छ।

आफु सेवानिवृत्त नभइञ्जेल र भइसकेपछि पनि बाबुले जस्तो माया गरेर सधैँ उचित सुझाउ दिइरहनुहुने आदरणीय गुरुवर प्रो प्रतापचन्द्र प्रधानलाई विशेष सम्झनामा राखेको

छु। यसरी नै शोधकार्यसम्बन्धी उचित परामर्श दिँदै मेरा अपठ्यारा-असुविधाहरूलाई हटाइदिनुहुने नेपाली विभाग, सिक्किम विश्वविद्यालयका सम्पूर्ण गुरुजन क्रमैले डा अरुणा राई, डा समर सिन्हा, श्री बलराम पाण्डे, डा देवचन्द्र सुब्बाप्रति आभार व्यक्त गर्दछु।

उत्तरबङ्ग विश्वविद्यालयका गुरुजन प्रो घनश्याम नेपाल, प्रो मोहन पी दाहाल, प्रो सञ्जय राई र डा पुष्कर पराजुलीबाट सुरुदेखि नै प्रत्यक्ष-अप्रत्यक्ष रूपमा प्रेरित बन्दै आएको छु। उहाँहरूप्रति हार्दिक कृतज्ञता प्रकट गर्दछु।

कतिपय व्यक्तिगत समस्याले गर्दा हतोत्साहित बन्न पुगेको बेला मलाई सम्झाइबुझाइ जीवनको परिभाषा बुझाउनुहुने आदरणीय दाजु डा सुमन बान्तवा र दाजु निरज बान्तवाप्रति कृतज्ञता प्रकट गर्दछु। यसरी नै मेरा प्रत्येक दुःख-सुखमा साथ उभिदिने प्रिय भाइहरू डा दिपेन तामाङ, मनोज लिम्बू, निर्मल निरौला, योगेश लिम्बू र रुद्र छेत्रीलाई बिर्से मभन्दा स्वार्थी र मतलबी अरू कोही बन्न नसक्ला। यिनीहरूलाई धेरैधेरै सम्झनासहित निस्वार्थ साथ र सहयोगका निम्ति धन्यवाद दिँदछु। यसबाहेक डा सरस्वती मिश्र, डा शारदा छेत्री, डा सुचन प्रधान, डा सुरेन्द्र चामलिङलगायत सबै साथीसङ्गी, भाइबहिनी र शुभचिन्तकहरूप्रति आभार व्यक्त गर्दछु।

अन्ततः वृद्ध अवस्थामा पुगेर पनि घरको सबै भार बहन गरिदिने मेरी आमा, नैतिक रूपले मलाई सहयोग गर्ने मेरा दिदीभेनाहरू साथै मलाई आफ्नै छोरालाई झैं माया गर्ने तथा मेरा सुविधा-असुविधाहरूबारे मैले नभनिकनै बुझिदिनुहुने गुरुमा स्नेहलता राई र सर पुरण थुलुङप्रति विशेष कृतज्ञता प्रकट गर्दछु।

विनीतः

सुरज गुरुङ

प सं17/Ph.D/NEP/01

नेपाली विभाग

सिक्किम विश्वविद्यालय।

# सङ्केताक्षरसूची

| | | |
|---|---|---|
| अनु | — | अनुवाद |
| डा | — | डाक्टर |
| दो सं | — | दोस्रो संस्करण |
| ते सं | — | तेस्रो संस्करण |
| चौ सं | — | चौथो संस्करण |
| पाँ सं | — | पाँचौं संस्करण |
| छै सं | — | छैटौं संस्करण |
| प्रा लि | — | प्राइभेट लिमिटेड |
| पृ | — | पृष्ठ |
| वि सं | — | विक्रम सम्वत् |
| प सं | — | पञ्जीकरण सङ्ख्या |
| मू ले | — | मूल लेखक |
| सम्पा | — | सम्पादक |

# विषय सूची


| विषय | पृष्ठ सङ्ख्या |
|---|---|
| भावहरणको प्रमाण पत्र | क |
| प्रतिबद्धता पत्र | ख |
| शोध निर्देशकको अग्रसारण | ग |
| कृतज्ञता ज्ञापन | घ-च |
| सङ्केताक्षरसूची | छ |
| **पहिलो अध्याय** | **१ - १०** |
| **१ शोध परिचय** | |
| १.१ शोधशीर्षक | |
| १.२ शोधकार्यको परिचय | |
| १.३ समस्याकथन | |
| १.४ उद्देश्यकथन | |
| १.५ पूर्वकार्यको समीक्षा | |
| १.६ शोधविधि | |
| १.६.१ अध्ययनको विधि | |
| १.६.२ सामग्री सङ्कलन विधि | |
| १.७ शोधको औचित्य | |
| १.८ शोधको सीमाङ्कन | |
| **दोस्रो अध्याय** | **११ - ७०** |
| **२ भिन्न क्षमताको सैद्धान्तिक स्वरूप** | |
| २.१ भिन्न क्षमताको अर्थ | |
| २.२ भिन्न क्षमताको परिभाषा | |

२.३ भिन्न क्षमताका प्रकार र वर्गीकरण
२.३.१ शारीरिक भिन्न क्षमता
२.३.२ मानसिक भिन्न क्षमता
२.३.३ विकासात्मक भिन्न क्षमता
२.३.४ ऐन्द्रिक भिन्न क्षमता
२.३.५ बौद्धिक एवम् संज्ञानात्मक भिन्न क्षमता

**२.४ अवस्थाविशेषका आधारमा**

२.४.१ गतिहीन भिन्न क्षमता
२.४.२ संरचनात्मक भिन्न क्षमता
२.४.३ भावनात्मक भिन्न क्षमता
२.४.४ सामाजिक भिन्न क्षमता
२.४.५ सिकाइ वा अधिगम भिन्न क्षमता
२.४.६ असन्तुलित भिन्न क्षमता
२.४.७ आर्थिक भिन्न क्षमता

**२.५ घटनाविशेषका आधारमा**

२.५.१ जन्मजात भिन्न क्षमता
२.५.२ आकस्मिक भिन्न क्षमता
२.५.३ युद्धपीडित भिन्न क्षमता
२.५.४ रोगपीडित भिन्न क्षमता
२.५.५ वृद्धतापीडित भिन्न क्षमता
२.५.६ पारिवेशिक भिन्न क्षमता

**२.६ भिन्न क्षमताका कारणहरू**

२.६.१ लोकविश्वासमा आधारित कारणहरू
२.६.१.१ हाडनातामा हुने सम्बन्ध
२.६.१.२ सगोत्रीय सम्बन्ध
२.६.१.३ अमानवीय आचरण

२.६.१.४ अनुचित कार्यको परिणाम

**२.६.२ धार्मिक विश्वासमा आधारित कारणहरू**

२.६.२.१ पुनर्जन्मवाद

२.६.२.२ इश्वरप्रदत्त शरीरसम्बन्धी धारणा

२.६.२.३ इष्ट देवी-देवता, माता-पिता वा ऋषिमुनिहरूको श्राप

**२.६.३ चिकित्साविज्ञानमा आधारित कारणहरू**

२.६.३.१ आनुवंशिकता

२.६.३.२ गर्भावस्थामा हुने लापार्वाही

२.६.३.३ कुपोषण

२.६.३.४ पक्षाघात

२.६.३.५ मस्तिष्कघात

२.६.३.६ पोलियोमाइलाइटिस

२.६.३.७ अर्थराइटिस (जोर्नी रोग)

२.६.३.८ मधुमेह

२.६.३.९ अन्य मानसिक रोगहरू

**२.७ भिन्न क्षमताको ऐतिहासिक पृष्ठभूमि, अध्ययन-परम्परा र विकासक्रम**

२.७.१ ऐतिहासिक पृष्ठभूमि

२.७.२ अध्ययन-परम्परा

२.७.३ विकासक्रम

**२.८ भिन्न क्षमता अध्ययनका प्रमुख आधारहरू**

२.८.१ कलङ्कीकरण

२.८.१.१ नकारात्मक छवि निर्माण

२.८.१.२ भेदभाव र पक्षपातको भावना

२.८.१.३ रूपसम्बन्धी धारणा

२.८.१.४ धार्मिक मान्यता

२.८.२ सीमान्तीकरण

२.८.२.१ परिचय र प्रतिनिधित्व

२.८.२.२ सक्षमता वा सामान्यताको धारणा

२.८.२.३ अन्यत्वको धारणा

२.८.३ सामाजिक समावेशीकरण

**२.९ भिन्न क्षमता अध्ययनको आवश्यकता**

**तेस्रो अध्याय** **७१—११५**

**३ नेपाली आख्यानमा भिन्न क्षमताको प्रयोग-परम्परा**

३.१ आख्यानको सामान्य परिचय

३.२ आख्यानको विकासक्रम

३.३ नेपाली आख्यान पूर्वका आख्यानहरूमा भिन्न क्षमताको प्रयोग-परम्परा

३.३.१ पूर्वीय आख्यानहरूमा भिन्न क्षमताको प्रयोग-परम्परा

३.३.२ पाश्चात्य आख्यानहरूमा भिन्न क्षमताको प्रयोग-परम्परा

३.४ नेपाली आख्यानमा भिन्न क्षमता

३.४.१ नेपाली कथामा भिन्न क्षमता

३.४.२ नेपाली उपन्यासमा भिन्न क्षमता

**चौथो अध्याय** **११६ - १८८**

**४ नेपाली कथामा प्रयुक्त भिन्न क्षमताको अध्ययन**

**४.१ 'पवित्रा' कथामा प्रयुक्त भिन्न क्षमताको अध्ययन**

४.१.१ विश्वेश्वरप्रसाद कोइरालाको कथायात्रा

४.१.२ 'पवित्रा' कथाको सारतत्त्व

४.१.३ कलङ्कीकरणका दृष्टिले 'पवित्रा' कथामा प्रयुक्त भिन्न क्षमताको अध्ययन

४.१.४ सीमान्तीकरणका दृष्टिले 'पवित्रा' कथामा प्रयुक्त भिन्न क्षमताको अध्ययन

४.१.५ सामाजिक समावेशीकरणका दृष्टिले 'पवित्रा' कथामा प्रयुक्त भिन्न क्षमताको अध्ययन

**४.२ 'रूपको मूल्य' कथामा प्रयुक्त भिन्न क्षमताको अध्ययन**

४.२.१ बालकृष्ण समको कथायात्रा

४.२.२ 'रूपको मूल्य' कथाको सारतत्त्व

४.२.३ कलङ्कीकरणका दृष्टिले 'रूपको मूल्य' कथामा प्रयुक्त भिन्न क्षमताको अध्ययन

४.२.४ सीमान्तीकरणका दृष्टिले 'रूपको मूल्य' कथामा प्रयुक्त भिन्न क्षमताको अध्ययन

४.२.५ सामाजिक समावेशीकरणका दृष्टिले 'रूपको मूल्य' कथामा प्रयुक्त भिन्न क्षमताको अध्ययन

**४.३'नयाँ सडकको गीत' कथामा प्रयुक्त भिन्न क्षमताको अध्ययन**

४.३.१ रमेश विकलको कथायात्रा

४.३.२ 'नयाँ सडकको गीत' कथाको सारतत्त्व

४.३.३ कलङ्कीकरणका दृष्टिले' नयाँ सडकको गीत' कथामा प्रयुक्त भिन्न क्षमताको अध्ययन

४.३.४ सीमान्तीकरणका दृष्टिले 'नयाँ सडकको गीत' कथामा प्रयुक्त भिन्न क्षमताको अध्ययन

४.३.५ सामाजिक समावेशीकरणका दृष्टिले 'नयाँ सडकको गीत' कथामा प्रयुक्त भिन्न क्षमताको अध्ययन

**४.४'त्यसरी बाँचेको छः त्यसरी नै' कथामा प्रयुक्त भिन्न क्षमताको अध्ययन**

४.४.१ इन्द्रबहादुर राईको कथायात्रा

४.४.२ 'त्यसरी बाँचेको छः त्यसरी नै' कथाको सारतत्त्व

४.४.३ कलङ्कीकरणका दृष्टिले 'त्यसरी बाँचेको छः त्यसरी नै' कथामा प्रयुक्त भिन्न क्षमताको अध्ययन

४.४.४ सीमान्तीकरणका दृष्टिले 'त्यसरी बाँचेको छः त्यसरी नै' कथामा प्रयुक्त भिन्न क्षमताको अध्ययन

४.४.५ सामाजिक समावेशीकरणका दृष्टिले 'त्यसरी बाँचेको छः त्यसरी नै' कथामा प्रयुक्त भिन्न क्षमताको अध्ययन

**४.५'छोरी'कथामा प्रयुक्त भिन्न क्षमताको अध्ययन**

४.५.१ अगमसिंह गिरीको कथायात्रा

४.५.२ 'छोरी' कथाको सारतत्त्व

४.५.३ कलङ्कीकरणका दृष्टिले 'छोरी' कथामा प्रयुक्त भिन्न क्षमताको अध्ययन

४.५.४ सीमान्तीकरणका दृष्टिले 'छोरी' कथामा प्रयुक्त भिन्न क्षमताको अध्ययन

४.५.५ सामाजिक समावेशीकरणका दृष्टिले 'छोरी' कथामा प्रयुक्त भिन्न क्षमताको अध्ययन

**४.६'ज्योतिबिनाको उज्यालो'कथामा प्रयुक्त भिन्न क्षमताको अध्ययन**

४.६.१ सानु लामाको कथायात्रा

४.६.२ 'ज्योतिबिनाको उज्यालो' कथाको सारतत्त्व

४.६.३ कलङ्कीकरणका दृष्टिले 'ज्योतिबिनाको उज्यालो' कथामा प्रयुक्त भिन्न क्षमताको अध्ययन

४.६.४ सीमान्तीकरणका दृष्टिले 'ज्योतिबिनाको उज्यालो' कथामा प्रयुक्त भिन्न क्षमताको अध्ययन

४.६.७ सामाजिक समावेशीकरणका दृष्टिले 'ज्योतिबिनाको उज्यालो' कथामा प्रयुक्त भिन्न क्षमताको अध्ययन

**४.७'मूकमाया'कथामा प्रयुक्त भिन्न क्षमताको अध्ययन**

४.७.१ प्रदीप गुरुङको कथायात्रा

४.७.२ 'मूकमाया' कथाको सारतत्त्व

४.७.३ कलङ्कीकरणका दृष्टिले 'मूकमाया' कथामा प्रयुक्त भिन्न क्षमताको अध्ययन

४.७.४ सीमान्तीकरणका दृष्टिले 'मूकमाया' कथामा प्रयुक्त भिन्न क्षमताको अध्ययन

४.७.५ सामाजिक समावेशीकरणका दृष्टिले 'मूकमाया' कथामा प्रयुक्त भिन्न क्षमताको अध्ययन

**४.८ 'वैशाखी र एउटा नयाँ बाटो यो' कथामा प्रयुक्त भिन्न क्षमताको अध्ययन**

४.८.१ विन्द्या सुब्बाको कथायात्रा

४.८.२ 'वैशाखी र एउटा नयाँ बाटो यो'कथाको सारतत्त्व

४.८.३ कलङ्कीकरणका दृष्टिले 'वैशाखी र एउटा नयाँ बाटो यो' कथामा प्रयुक्त भिन्न क्षमताको अध्ययन
४.८.४ सीमान्तीकरणका दृष्टिले 'वैशाखी र एउटा नयाँ बाटो यो' कथाम प्रयुक्त भिन्न क्षमताको अध्ययन
४.८.५ सामाजिक समावेशीकरणका दृष्टिले 'वैशाखी र एउटा नयाँ बाटो यो' कथाम प्रयुक्त भिन्न क्षमताको अध्ययन

**४.९ 'अविवाहित लाटी र अप्रेसन' कथामा प्रयुक्त भिन्न क्षमताको अध्ययन**

४.९.१ सञ्जय विष्टको कथायात्रा
४.९.२ 'अविवाहित लाटी र अप्रेसन' कथाको सारतत्त्व
४.९.३ कलङ्कीकरणका दृष्टिले 'अविवाहित लाटी र अप्रेसन' कथामा प्रयुक्त भिन्न क्षमताको अध्ययन
४.९.४ सीमान्तीकरण दृष्टिले 'अविवाहित लाटी र अप्रेसन' कथामा प्रयुक्त भिन्न क्षमताको अध्ययन
४.९.५ सामाजिक समावेशीकरणका दृष्टिले 'अविवाहित लाटी र अप्रेसन' कथामा प्रयुक्त भिन्न क्षमताको अध्ययन

**४.१० 'आधा अर्थ' कथामा प्रयुक्त भिन्न क्षमताको अध्ययन**

४.१०.१ उदय थुलुङको कथायात्रा
४.१०.२ 'आधा अर्थ' कथाको सारतत्त्व
४.१०.३ कलङ्कीकरणका दृष्टिले 'आधा अर्थ' कथामा प्रयुक्त भिन्न क्षमताको अध्ययन
४.१०.४ सीमान्तीकरणका दृष्टिले 'आधा अर्थ' कथामा प्रयुक्त भिन्न क्षमताको अध्ययन
४.१०.५ सामाजिक समावेशीकरणका दृष्टिले 'आधा अर्थ' कथामा प्रयुक्त भिन्न क्षमताको अध्ययन

**पाँचौं अध्याय** **१८९ - २६८**

**५ नेपाली उपन्यासमा भिन्न क्षमताको अध्ययन**

**५.१ *लङ्गडाको साथी* उपन्यासमा प्रयुक्त भिन्न क्षमताको अध्ययन**

५.१.१ लैनसिंह बाङ्देलको औपन्यासिक यात्रा
५.१.२ *लङ्गडाको साथी* उपन्यासको सारतत्त्व
५.१.३ कलङ्कीकरणका दृष्टिले *लङ्गडाको साथी* उपन्यासमा प्रयुक्त भिन्न क्षमताको अध्ययन
५.१.४ सीमान्तीकरणका दृष्टिले *लङ्गडाको साथी* उपन्यासमा प्रयुक्त भिन्न क्षमताको अध्ययन
५.१.५ सामाजिक समावेशीकरका दृष्टिले *लङ्गडाको साथी* उपन्यासमा प्रयुक्त भिन्न क्षमताको अध्ययन

**५.२ *नरेन्द्र दाइ*उपन्यासमा प्रयुक्त भिन्न क्षमताको अध्ययन**

५.२.१ विश्वेश्वरप्रसाद कोइरालाको औपन्यासिक यात्रा
५.२.२ *नरेन्द्र दाइ* उपन्यासको सारतत्त्व
५.२.३ कलङ्कीकरणका दृष्टिले *नरेन्द्र दाइ* उपन्यासमा प्रयुक्त भिन्न क्षमताको अध्ययन
५.१.४ सीमान्तीकरणका दृष्टिले *नरेन्द्र दाइ* उपन्यासमा प्रयुक्त भिन्न क्षमताको अध्ययन
५.१.५ सामाजिक समावेशीकरणका दृष्टिले *नरेन्द्र दाइ*उपन्यासमा प्रयुक्त भिन्न क्षमताको अध्ययन

**५.३ *ब्रह्मपुत्रको छेउछाउ* उपन्यासमा प्रयुक्त भिन्न क्षमताको अध्ययन**

५.३.१ लीलबहादुर क्षेत्रीको औपन्यासिक यात्रा
५.३.२ *ब्रह्मपुत्रको छेउछाउ* उपन्यासको सारतत्त्व
५.३.३ कलङ्कीकरणका दृष्टिले *ब्रह्मपुत्रको छेउछाउ* उपन्यासमा प्रयुक्त भिन्न क्षमताको अध्ययन

५.३.४ सीमान्तीकरणका दृष्टिले *ब्रह्मपुत्रको छेउछाउ* उपन्यासमा प्रयुक्त भिन्न क्षमताको अध्ययन

५.३.५ सामाजिक समावेशीकरणका दृष्टिले *ब्रह्मपुत्रको छेउछाउ* उपन्यासमा प्रयुक्त भिन्न क्षमताको अध्ययन

**५.४ *भोलिको प्रतीक्षा*उपन्यासमा प्रयुक्त भिन्न क्षमताको अध्ययन**

५.४.१ पुष्प राईको औपन्यासिक यात्रा

५.४.२ *भोलिको प्रतीक्षा* उपन्यासको सारतत्त्व

५.४.३ कलङ्कीकरणका दृष्टिले *भोलिको प्रतीक्षा* उपन्यासमा प्रयुक्त भिन्न क्षमताको अध्ययन

५.४.४ सीमान्तीकरणका दृष्टिले *भोलिको प्रतीक्षा* उपन्यासमा प्रयुक्त भिन्न क्षमताको अध्ययन

५.४.५ सामाजिक समावेशीकरणका दृष्टिले *भोलिको प्रतीक्षा* उपन्यासमा प्रयुक्त भिन्न क्षमताको अध्ययन

**छैटौं अध्याय** २६९ - २८४

६ उपसंहार तथा निष्कर्ष

**सन्दर्भसूची**

**शब्दावली**

# पहिलो अध्याय

# १ शोध परिचय

## १.१ शोधशीर्षक

प्रस्तुत शोधप्रबन्धको शीर्षक 'नेपाली आख्यानमा भिन्न क्षमताको अध्ययन' रहेको छ।

## १.२ शोधकार्यको परिचय

प्रस्तुत शोधकार्य नेपाली आख्यानमा प्रयुक्त भिन्न क्षमताको अध्ययनमा केन्द्रित रहेको छ। नेपाली आख्यान भन्नाले नेपाली कथा अनि उपन्यास बुझिन्छ। नेपाली साहित्यमा आधुनिक कालको प्रवेशपछि कथा अनि उपन्यासका रूपमा नेपाली आख्यानले छुट्टै विधागत परिचय प्राप्त गरेको देखिन्छ। यसले विभिन्न मोडहरू पार गर्दै समाज र जीवन सापेक्षित घटनाहरूको वर्णनद्वारा नवीन मूल्य र मान्यताहरूको प्रतिष्ठापन गर्दै आएको छ।

आख्यानलाई थुप्रै विशेषताहरूले गर्दा महत्त्वपूर्ण र लोकप्रिय विधा मानिन्छ। तीमध्ये सामाजिक जीवनको यथार्थलाई प्रभावकारी ढङ्गमा प्रस्तुत गर्नु यसको एउटाप्रमुख विशेषता हो। यही विशेषताअन्तर्गत नेपाली आख्यानकारहरूले प्रासङ्गिक एवम् आधिकारिक दुवै रूपमा भिन्न क्षमतायुक्त पात्रहरूको प्रयोग गर्दै भिन्न क्षमता सन्दर्भित कथा र उपन्यासहरूको रचना गरेको देखिन्छ।

भिन्न क्षमताले मूलतः सामान्यता र असामान्यतामाझ व्याप्त रहेको विभेदको स्थितिलाई बुझाउँछ। यो व्यक्ति शरीर र सामाजिक वातावरण बिचको अन्तक्रियाद्वारा उत्पन्न हुने अवस्था हो। सामान्यतः समाजमा मानिसको योग्यतालाई विभिन्न मापदण्डहरूका आधारमा जाँच गर्ने सामाजिक एवम् सांस्कृतिक प्रक्रियाहरू क्रियाशील हुन्छन्। यसअन्तर्गत बोल्न सक्ने, सुन्न सक्ने, देख्न सक्ने, हिँड्डुल गर्न सक्ने, सोच्न सक्ने,

बुझ्न सक्ने, काम गर्न सक्ने, तर्क गर्न सक्ने, प्रतिस्पर्धामा अंशग्रहण गर्न सक्ने आदि मापदण्डहरूलाई नियमका रूपमा हेर्ने गरिन्छ। यसैकारण दृष्टिहीन, वाक्शक्तिहीन, श्रवणशक्तिहीन, गतिहीन, संज्ञानहीन तथा असन्तुलित मानिसहरू सामाजिक मूलधाराबाट सधैं उच्छेदित हुन पुग्छन्। यस सन्दर्भमा लेनार्ड जे डेविसको भनाइ उपयुक्त रहेको पाइन्छ। उनी भन्छन्- समाजका निम्ति भिन्न क्षमतायुक्त मानिसहरू समस्या होइनन्, समस्या त्यो हो जसबाट 'सामान्य' भन्ने अवधारणा जन्मेको छ।[१]

प्राचीन कालदेखि नै मानव मस्तिष्कमा भिन्न क्षमताबारे नकारात्मक एवम् सङ्कुचित धारणाहरू विद्यमान रहेका पाइन्छन्। यिनै धारणाहरूको सांस्कृतिक अभ्यासले गर्दा भिन्न क्षमतायुक्त मानिसहरू सामाजिक शोषण वा उत्पीडनका सिकार बन्दै आएका देखिन्छन्। यो एउटा जीवन्त अनुभव साथै दैनन्दिनको घटना भएकोले यसको चित्रण विभिन्न कलाका माध्यमहरूद्वारा सजीव रूपमा हुँदै आएको पाइन्छ। नेपाली साहित्य पनि यसबाट अछुत रहेको छैन। आधुनिक जीवनदृष्टि सँगसँगै नेपाली कथा, कविता, उपन्यास, नाटक, निबन्ध आदि विधाहरूमा भिन्न क्षमताले उचित स्थान र अभिव्यक्ति पाउन थालेको देखिन्छ। तीमध्ये नेपाली कथा र उपन्यासहरूमा यसको प्रयोग अझ सशक्त र सबल रूपमा भएको पाइन्छ।

'नेपाली आख्यानमा भिन्न क्षमताको अध्ययन' शीर्षक रहेको यस शोधकार्यमा नेपाली कथा र उपन्यास विधालाई अध्ययनको क्षेत्र बनाइ शोधको औचित्य प्रमाणित गरिएको छ। नेपाली कथा र उपन्यासहरूमा भिन्न क्षमतायुक्त मानिसहरूको चित्रण कसरी गरिएको छ? भन्ने समस्याको समाधान सामाजिक एवम् सांस्कृतिक परिप्रेक्ष्यहरूबाट खोज्नु नै प्रस्तुत शोधकार्यको मूल उद्देश्य रहेको छ। यस शोधकार्यलाई सिक्किम

---

[१] लेनार्ड जे डेविस (सम्पा), सन् २००६, कन्स्ट्रक्टिङ नर्मेल्सी, *द डिसएबिलिटि स्टडिज् रिडर*, दो सं, न्यु योर्क एन्ड लन्डनः रुटलेज, पृ १

विश्वविद्यालयको भाषा अनि साहित्य सङ्कायअन्तर्गत नेपाली विषयमा विद्यावारिधि उपाधि प्राप्त गर्ने प्रयोजनका लागि प्रस्तुत गरिएको छ।

## १.३ समस्याकथन

प्रस्तुत शोधकार्यको प्रमुख समस्या नेपाली आख्यानमा प्रयुक्त भिन्न क्षमताको अध्ययन गर्नु हो। यस प्रमुख समस्याको समाधान खोज्ने क्रममा निम्नलिखित समस्याहरूलाई विशेष ध्यानमा राखिएको छ-

१) भिन्न क्षमताका सैद्धान्तिक पक्षहरू के के हुन्?

२) भिन्न क्षमताको अध्ययनका आधारहरू के के हुन्?

३) नेपाली आख्यानमा भिन्न क्षमताको प्रयोग-परम्परा के कस्तो रहेको पाइन्छ ?

## १.४ उद्देश्यकथन

१) भिन्न क्षमताका सैद्धान्तिक पक्षहरू केलाउनु।

२) भिन्न क्षमताको अध्ययनका आधारहरू प्रस्तुत गर्नु।

३) नेपाली आख्यानमा भिन्न क्षमताको प्रयोग-परम्पराबारे प्रकाश पार्नु।

## १.५ पूर्वकार्यको समीक्षा

अङ्ग्रेजी भाषा-साहित्यमा भिन्न क्षमताबारे प्रशस्त अध्ययन-अनुसन्धान भएको पाइन्छ। नेपाली साहित्यमा पनि यसबारे चर्चाको क्रम प्रारम्भ भएको देखिन्छ तर आजसम्म वस्तुनिष्ठ अध्ययन-अनुसन्धान भएको भने देखिँदैन। यसैले अङ्ग्रेजी भाषामा लेखिएका केही महत्त्वपूर्ण पुस्तकहरूलगायत नेपाली भाषामा लेखिएका केही पुस्तक, लेखादि साथै प्राज्ञिक रचनाबारे चर्चा गर्दै निम्न रूपमा पूर्वकार्यको समीक्षा प्रस्तुत गरिन्छ-

## पुस्तकका आधारमा पूर्वकार्यको समीक्षा

आजसम्मको खोजी र प्राप्तिअनुसार भिन्न क्षमताको सामाजिक एवम् सांस्कृतिक संरचनाबारे लेखिएको पहिलो पुस्तक इरभिन गोफम्यानको *स्टिग्माः नोट्स अन् द म्यानेजमेन्ट अफ् स्पोइल्ड आइडेन्टिटी* (सन् १९६३) हो। यस पुस्तकमा कलङ्कीकरणको सामाजिक प्रक्रियाबारे विस्तृत चर्चा गरिएको छ। गोफम्यानले कलङ्कबारे चर्चा गर्दै भिन्न क्षमतायुक्त मानिसहरूलाई विभिन्न चिह्नहरूका माध्यमद्वारा कसरी कलङ्कित गरिन्छ भन्ने विषयमा गहन अध्ययन गरेका छन्।

माइकल ओलिभरले *सोसियल वर्क विथ् डिसेबल्ड पिपल* (सन् १९८३) शीर्षक पुस्तकमा भिन्न क्षमताका सामाजिक परिप्रेक्ष्यहरू केलाउँदै 'सामाजिक प्रतिमान'-को अवधारणा प्रस्तुत गरेका छन्। यस पुस्तकको प्रकाशनपछि नै भिन्न क्षमता व्यक्तिगत समस्या नभएर सामाजिक उत्पीडनको विषय हो भन्ने मान्यताले प्राज्ञिक उत्कर्ष प्राप्त गरेको देखिन्छ। ओलिभरद्वारा लिखित अन्य पुस्तकहरूमा *द पोलिटिक्स अफ् डिसेबलमेन्ट* (सन् १९९०) र *अन्डरस्टयान्डिङ डिसएबिलिटी फ्रम थ्योरी टु प्राक्टिस* (सन् १९९६) आदि पनि प्रमुख रहेका पाइन्छन्।

लेनार्ज जे डेविसको *इन्फोर्सिङ नर्मेल्सी, डिसएबिलिटी, डिफनेस एन्ड द बडी* (सन् १९९५) भिन्न क्षमताबारे लेखिएको एउटा महत्त्वपूर्ण पुस्तक हो। श्रवणशक्तिहीन मानिसहरूको सामाजिक एवम् सांस्कृतिक अवस्थाबारे अध्ययन गरिएको यस पुस्तकमा भिन्न क्षमताको जटिल, बहुआयामिक र परिवर्तनशील स्वरूपबारे गहन विवेचना गरिएको छ। डेविसले भिन्न क्षमताको सामाजिक परिवेशसँगै व्यापक रूपमा ऐतिहासिक, सांस्कृतिक, राजनैतिक, आर्थिक आदि परिवेशहरूलाई पनि अध्ययनको विषय बनाएका छन्। भिन्न क्षमताको सहवर्ती 'सामान्यता' शब्दको प्रयोग पनि यसै पुस्तकमा सर्वप्रथम भएको पाइन्छ।

लेनार्ड जे डेविसद्वारा सम्पादित पुस्तक *द डिसएबिलिटी स्टडिज् रिडर* (सन् १९९७) -लाई भिन्न क्षमतामाथि गरिएका अनुसन्धानमूलक कार्यहरूको महत्त्वपूर्ण उपलब्धि मानिन्छ। यस पुस्तकमा ३५ जना प्राज्ञहरूले भिन्न क्षमतालाई इतिहास, राजनीति, मानसिक अस्वास्थ्यता, सैद्धान्तिक पक्ष, संस्कृति, परिचयको सिद्धान्त तथा विभिन्न साहित्यिक विधाहरूका सापेक्षतामा अध्ययन गरेका छन्।

सुसान विन्डेलको *द रिजेक्टेड बडी, फेमिनिस्ट फिलोसफिकल रिफ्लेक्सन अन् डिसएबिलिटी* (सन् १९९६) नारीवादी मूल्य र मान्यताका आधारमा भिन्न क्षमताको वस्तुनिष्ठ अध्ययन गरिएको कृति हो। यसमा भिन्न क्षमतायुक्त शरीर र नारी शरीरलाई सामाजिक बहिष्करणको विषय मान्ने विविध प्रसङ्गहरूबारे चर्चा गरिएको छ।

रोजमेरी गर्ल्यान्ड थम्पसनले आफ्नो पुस्तक *एक्स्ट्रा अर्डिनरी बडिजः फिगरिङ फिजिकल डिसएबिलिटी इन् अमेरिकन कल्चर एन्ड लिटरेचर* (सन् १९९७) -मा भिन्न क्षमताको सांस्कृतिक अध्ययन गरेकी छन्। यस पुस्तकमा पनि नारीवादी सिद्धान्तलाई आधार मानेर अमेरिकी साहित्य र संस्कृतिमा भिन्न क्षमताको चित्रण कसरी भएको छ भन्ने विषयबारे अध्ययन गरिएको छ।

सन् १९९८ -मा सिमी लिन्टनको *क्लेमिङ डिसएबिलिटी, नलेज एन्ड आइडिन्टिटी* नामक पुस्तक प्रकाशित भएको पाइन्छ। यस पुस्तकमा भिन्न क्षमतालाई व्यक्तिपरिचयका रूपमा हेर्ने समाजनिर्मित विचारधाराबारे विवेचना गरिएको छ। लिन्टनको अध्ययन पनि नारीवादकै मूल सिद्धान्तद्वारा प्रभावित रहेको देखिन्छ।

डेभिट टि मिसेल र स्यारोन एल स्नाइडरद्वारा सन् २००० -मा प्रकाशित *न्यारेटिभ प्रस्थेसिस, डिसएबिलिटी एन्ड द डिपेन्डेन्सिस अफ् डिस्कोर्स*लाई साहित्यिक एवम् सांस्कृतिक सन्दर्भमा भिन्न क्षमताको अध्ययन गरिएको महत्त्वपूर्ण पुस्तक मानिन्छ। यसमा आधुनिक चलचित्र र विभिन्न प्रकारका इतिवृत्तहरूमा भिन्न क्षमताको चित्रण कसरी

गरिएको छ भन्ने विषयलाई अध्ययनको केन्द्रमा राखिएको छ। मिसेल र स्नाइडरको अर्को पुस्तक *कल्चरल लोकेसन्स अफ् डिसएबिलिटी* (सन् २००६) -मा पनि भिन्न क्षमताका सांस्कृतिक सन्दर्भहरूबारे गहन अध्ययन गरिएको छ।

तान्या तिच्कस्कीको *डिसएबिलिटी, सेल्फ एन्ड सोसाइटी* (सन् २००३) पनि नारीवादका आधारमा भिन्न क्षमताको अध्ययन गरिएको पुस्तक हो। यस पुस्तकमा तिच्कस्कीले नारी र भिन्न क्षमतालाई समाजमा कसरी अपव्याख्या गरिन्छ भन्ने कुराको विवेचना गर्दै भिन्न क्षमतालाई सांस्कृतिक निर्मितिका रूपमा पुनः परिभाषित गर्ने महत् कार्य गरेकी छन्।

टोबिन सिबर्सले *डिसएबिलिटी थ्योरी* (सन् २००८) शीर्षक पुस्तकमा शरीर-राजनीति, परिचय-राजनीति तथा शक्ति-राजनीतिका सन्दर्भहरूको उल्लेख गर्दै भिन्न क्षमतायुक्त मानिसहरूलाई नकारात्मक छविका रूपमा प्रस्तुत गर्ने तथा सीमान्तकृत गर्ने रूढ सामाजिक विचारधारहरूको अध्ययन गरेका छन्।

विभिन्न साहित्यिक कृतिहरूमा भिन्न क्षमताको प्रयोग कसरी भएको छ भन्ने विषयको अध्ययन एलिस हलले गरेका छन्। उनका दुईवटा पुस्तक *डिसएबिलिटी एन्ड मोर्डन फिक्सन्स* (सन् २०१२) र *लिटरेचर एन्ड डिसएबिलिटी* (सन् २०१६) प्रकाशित छन्। उक्त दुवै पुस्तक भिन्न क्षमताको साहित्यिक अध्ययनमा केन्द्रित रहेका छन् जहाँ हर्मन मेल्भिल, विलियम फाकनर, टोनी मरिसन, जे एम कुत्जे जस्ता दिग्गज स्रष्टाहरूका आख्यानमा पाइने भिन्न क्षमताका सन्दर्भहरूलाई अध्ययनको विषय बनाइएको छ।

अङ्ग्रेजी भाषा-साहित्यमाझैं नेपालीमा भिन्न क्षमताबारे अध्ययन गरिएका कृतिहरू पाइँदैनन्। यसबारे छिटपुट मात्र अध्ययन भएको पाइन्छ। केही नेपाली समालोचकहरूले मात्र यस क्षेत्रमा कलम चलाउने प्रयास गरेका छन् जसलाई पर्याप्त मान्न नसके तापनि

एउटा उदाहरणीय काम मान्न सकिन्छ। यस्ता समालोचकहरूमध्ये सञ्जीव उप्रेती र राजेन्द्र सुवेदी प्रमुख रहेका पाइन्छन्।

नेपाली साहित्यका पाठकहरूलाई भिन्न क्षमताको सैद्धान्तिक पक्षसित परिचित गराउने श्रेय सञ्जीव उप्रेतीलाई जान्छ। उनले आफ्नो पुस्तक *सिद्धान्तका कुरा* (वि सं २०६३) -मा *फरक क्षमताको अध्ययन* शीर्षक लेख लेखेर यस दिशामा महत्त्वपूर्ण कार्यको थालनी गरेका छन्। यस लेखमा फरक क्षमता वा भिन्न क्षमताका सैद्धान्तिक पक्षहरूबारे चर्चा गर्दै त्यस दृष्टिले विजय मल्लको उपन्यास *अनुराधा*को संक्षिप्त विश्लेषण गरिएको छ।

राजेन्द्र सुवेदीको *सांस्कृतिक अध्ययन र नेपाली साहित्य* (वि सं २०७३) -मा पनि भिन्न क्षमताको सैद्धान्तिक पक्षबारे चर्चा गरिएको पाइन्छ। यस पुस्तकभित्र सङ्कलित *सांस्कृतिक समीक्षाका सन्दर्भमा पूर्वआधुनिकता, आधुनिकता र उत्तरआधुनिकता* साथै *नेपाली साहित्यमा कुसङ्केतनता र अपाङ्गता* शीर्षक रहेका दुईवटा लेखमार्फत् सुवेदीले भिन्न क्षमतालाई सांस्कृतिक सिद्धान्तको क्षेत्रमा देखा परेको एउटा महत्त्वपूर्ण अध्ययन मानेका छन् र त्यससम्बन्धी सम्यक् चर्चा गरेका छन्।

**पत्र-पत्रिका वा जर्नलमा प्रकाशित लेखरचनाहरूका आधारमा**

मोहन पी दाहालको सम्पादनमा उत्तरबङ्ग विश्वविद्यालयको नेपाली विभागबाट सन् २०१८ -मा प्रकाशित *नेपाली अकादमी जर्नल*को वर्ष १४, अङ्क १४ मा मुक्ति शर्माद्वारा लिखित *भिन्न क्षमता अध्ययनका दृष्टिले 'शीतलहर' कथाको विश्लेषण* शीर्षक लेख प्रकाशित भएको पाइन्छ। यस लेखमा शर्माले डेभिड एल हस्किङद्वारा प्रस्तुत गरिएको कार्यपत्र 'क्रिटिकल डिसएबिलिटी थ्योरी'-का आधारमा अधिकार, विकलाङ्गताको आवाज, भाषा, परिवर्तनशील राजनीति आदिका दृष्टिले विन्द्या सुब्बाकृत 'शीतलहर' कथाको अध्ययन गरेका छन्। शर्माद्वारा लिखित अर्को लेख *भिन्न क्षमता अध्ययनका दृष्टिले*

*'लङ्गडाको साथी' उपन्यासको विश्लेषण* सन् २०१८ -मा घनश्याम नेपालद्वारा सम्पादित जर्नल *अभिज्ञान*, वर्ष ७, अङ्क ८-९, मा प्रकाशित भएको पाइन्छ। यस लेखमा पनि डेभिड एल हस्किङको कार्यपत्र *क्रिटिकल डिसएबिलिटी थ्योरी*लाई नै आधार बनाएर *लङ्गडाको साथी* उपन्यासको अध्ययन गरिएको छ।

देवचन्द्र सुब्बाको सम्पादनमा सिक्किम विश्वविद्यालयको नेपाली विभागबाट सन् २०१८ -मा प्रकाशित जर्नल 'अनुसन्धान' -को वर्ष २, अङ्क ३ -मा सुरज गुरुङको 'नेपाली कथामा भौतिक भिन्न क्षमता' शीर्षक लेख प्रकाशित भएको पाइन्छ। यस लेखमा भिन्न क्षमताका सैद्धान्तिक पक्षहरूलाई आधार बनाएर आधुनिक नेपाली कथाकारहरू र तिनीहरूका कथाको अध्ययन गरिएको छ।

**शोधप्रबन्धका आधारमा**

तुलसी आचार्यले सन् २०१२ -मा *जेन्डर, डिसएबिलिटी एन्ड लिटरेचर इन् द ग्लोबल साउथः नेपाली राइटर्स झमक घिमिरे एन्ड विष्णुकुमारी वाइबा (पारिजात)* शीर्षक लघु शोधप्रबन्धमा नेपाली साहित्यका दुई भिन्न क्षमतायुक्त नारीहस्ताक्षर झमक घिमिरे र विष्णुकुमारी वाइबाको जीवनी साथै उनीहरूका लेखरचनाहरूको अध्ययन लैङगिकता र भिन्न क्षमताका आधारमा गरेकी छन्। उक्त लघु शोधप्रबन्ध संयुक्त राष्ट्रको फ्लोरिडामा अवस्थित डोरोथी एफ स्कमिट महाविद्यालयको कला विभागमा स्नातकोत्तर परीक्षाको आंशिक परिपूर्तिका निम्ति प्रस्तु गरिएको पाइन्छ। अङ्ग्रेजी भाषामा तयार पारिएको भए तापनि यस लघु शोधप्रबन्धलाई नेपाली साहित्य र साहित्यकारका सम्बन्धमा भिन्न क्षमताबारे गरिएको पहिलो प्राज्ञिक अनुसन्धान मान्न सकिन्छ।

मुक्ति शर्माले सन् २०१६-१७ -मा उत्तरबङ्ग विश्वविद्यालयको कला, वाणिज्य र ऐन सङ्कायअन्तर्गत नेपाली विभागद्वारा सञ्चालित एमफिल परीक्षाको आंशिक परिपूर्तिका लागि *भिन्न क्षमता अध्ययनका दृष्टिले दार्जिलिङका नेपाली कथाहरूको विश्लेषण* शीर्षक

लघु शोधप्रबन्ध प्रस्तुत गरेको पाइन्छ। यसमा शर्माले डेभिड एल हस्किङद्वारा प्रतिपादित आलोचनात्मक भिन्न क्षमताको सिद्धान्तलाई आधार राखेर दार्जिलिङका १८ वटा नेपाली कथाको अध्ययन गरेका छन्।

## १.६ शोधविधि

### १.६.१ अध्ययनको विधि

प्रस्तुत शोधकार्य निगमणात्मक विधिबाट तयार पारिएको छ साथै विश्लेषणात्मक एवम् विवरणात्मक पद्धतिलाई अपनाएर पुरा गरिएको छ। यसमा भाषिक तथा व्याकरणिक नियमावलीका निम्ति *नेपाली लेखन शैली* (सन् २०१०) -लाई आधार मानिएको छ। यसका अतिरिक्त कतिपय पारिभाषिक शब्दावलीको प्रयोग र हिज्जेका निम्ति *प्रयोगात्मक नेपाली शब्दकोश* (वि सं २०६३) र सन्दर्भ लेखन र पाद टिप्पणीका निम्ति चुडामणि बन्धुको *अनुसन्धान तथा प्रतिवेदन लेखन* (सन् २०१३) -लाई आधार मानिएको छ। यसरी नै सिक्किम विश्वविद्यालयद्वारा जारी गरिएको नियमावलीलाई पनि विशेष ध्यानमा राखिएको छ। यस शोधप्रबन्धमा पाद टिप्पणीका निम्ति प्रयोग गरिएका पुस्तक, पत्र-पत्रिका, जर्नल, लघु शोधप्रबन्ध आदिलाई सन्दर्भसूचीका रूपमा प्रयोग गरिएको छैन।

### १.६.२ सामग्री सङ्कलन विधि

प्रस्तुत शोधप्रबन्धलाई पुरा गर्नका निम्ति द्वितीय स्रोतका रूपमा विभिन्न पुस्तकालयहरूको प्रयोग गर्दै सिद्धान्त सम्बन्धी पुस्तक, शोधप्रबन्ध, लघु शोधप्रबन्ध, जर्नलमा प्रकाशित लेखादि, विषयगत पाठहरू, पत्र-पत्रिका आदिबाट अध्ययन सामग्री सङ्कलन गरिएको छ। यसका अतिरिक्त विभिन्न वेभ स्रोतहरूबाट आवश्यक पुस्तक, शोधप्रबन्ध, प्राज्ञिक रचना र समालोचनात्मक लेखादि सङ्कलित गरिएको छ।

## १.७ शोधको औचित्य

नेपाली साहित्यमा भिन्न क्षमताबारे लेखिएका कथा र उपन्यासहरू पाइए तापनि तिनको सम्यक् विवेचना वा अध्ययन-अनुसन्धान भएको पाइँदैन। तिनै कथा र उपन्यासहरूमा प्रयुक्त भिन्न क्षमताको अध्ययन गर्नु प्रस्तुत शोधकार्यको प्रमुख उद्देश्य रहेको छ। वस्तुतः नेपाली साहित्यप्रति रुचि राख्ने विज्ञजन, प्राज्ञजनलगायत विद्यार्थीहरूलाई नयाँ विषयसँग साक्षात्कार गराउने दिशामा प्रस्तुत शोधकार्य औचित्यपूर्ण रहने छ।

## १.८ शोधको सीमाङ्कन

प्रस्तुत शोधकार्यमा केही प्रतिनिधि नेपाली कथा र उपन्यासहरूलाई मात्र अध्ययनको विषय बनाइएको छ। यसो गर्नुको मूल उद्देश्य शोधप्रबन्ध विशाल र व्यापक बन्न सक्ने सम्भावनाहरूलाई सीमित तुल्याउनु हो। यसर्थ यहाँ पाइए जति नेपाली कथा र उपन्यासहरूको अध्ययन नगरेर दशवटा प्रतिनिधि कथा र चारवटा उपन्यासलाई मात्र चयन गरिएको छ। कथाहरूमा विश्वेश्वरप्रसाद कोइरालाको 'पवित्रा', बालकृष्ण समको 'रूपको मूल्य', रमेश विकलको 'नयाँ सडको गीत', इन्द्रबहादुर राईको 'त्यसरी बाँचेको छः त्यसरी नै', अगमसिहं गिरीको 'छोरी', सानु लामाको 'ज्योतिबिनाको उज्यालो', प्रदीप गुरुङको 'मूक माया', विन्द्या सुब्बाको 'वैशाखी र एउटा नयाँ बाटो यो', सञ्जय विष्टको 'अविवाहित लाटी र अप्रेसन', उदय थुलुङको 'आधा अर्थ' आदि परेका छन्। यसरी नै उपन्यासहरूमा लैनसिंह बाङ्देलको 'लङ्गडाको साथी', विश्वेश्वरप्रसाद कोइरालो 'नरेन्द्र दाइ', लीलबहादुर क्षेत्रीको 'ब्रह्मपुत्रको छेउछाउ' र पुष्प राईको 'भोलिको प्रतीक्षा' -लाई अध्ययनको विषय बनाइएको छ।

# दोस्रो अध्याय

## २ भिन्न क्षमताको सैद्धान्तिक स्वरूप

### २.१ भिन्न क्षमताको अर्थ

भिन्न क्षमता अङ्ग्रेजी शब्द 'डिसएबिलिटी'-को नेपाली रूपान्तरण हो। अङ्ग्रेजीको 'एबिलिटी' शब्दमा 'डिस' पूर्वसर्ग लागेर बनेको 'डिसएबिलिटी'-ले मूलतः मानिसको स्वास्थ्यसम्बन्धी विभिन्न समस्याहरू साथै समाजसँग तिनको अन्तर्सम्बन्धलाई बुझाउँछ। सिमी लिन्टनअनुसार व्युत्पत्तिगत रूपमा 'डिस' शब्दको अर्थ 'अपार्ट' वा 'असन्डर' भन्ने हुन्छ, जसको आशय कुनै कुराभन्दा फरक वा भिन्न रहेको, विभाजन भएको, छुट्ट्याइएको वा कुनै कुरालाई दुई भागमा अलग पारिएको भन्ने हो।[२] यस दृष्टिले 'डिसएबिलिटी'-को अर्थ सक्षम वा सामान्य अवस्थादेखि भिन्न रहेको, छुट्ट्याइएको वा विभाजन गरिएको भन्ने हुन्छ।

अङ्ग्रेजीमा 'डिसएबिलिटी'-का सहवर्ती नकारात्मक र सकारात्मक दुवै प्रकारका अर्थबोध गराउने पारिभाषिक शब्दहरू प्रचलित रहेका पाइन्छन्। तीमध्ये इम्पेयरमेन्ट, ह्यान्डिक्याप, क्रिपल, इन्भ्यालिड, रिटार्डेड, डिफर्म्ड, डम्ब, जिम्प, फ्रिक, भेजिटेबल आदि शब्दहरूले नकारात्मक अर्थलाई प्रतिनिधित्व गरेको देखिन्छ। यसका विपरीत फिजिकल्ली च्यालेन्ज्ड, पिपल विथ् डिसएबिलिटी, डिफरेन्ट्ली एबल्ड, टेम्पोररिली एबल बडिड्, पिपल विथ् मेन्टल इल्नेस, पिपल विथ् स्पेसियल निड्स, स्पेसियल पिपल, एक्स्ट्राअर्डिनरी बडिज् जस्ता सकारात्मक अर्थबोध गराउने शब्दहरूको प्रयोग पनि सैद्धान्तिक मान्यताअनुरूप हुँदै आएको पाइन्छ। यसैको समानान्तर नेपालीमा पनि अपाङ्गता, विकलाङ्गता, अक्षमता, अङ्गभङ्ग, अशक्तता, अयोग्यता, असमर्थता, विकृत

---

[२] सिमी लिन्टन, सन् १९९८, *क्लेमिङ डिसएबिलिटी नलेज् एन्ड आइडिन्टिटी*, न्यु योर्कः न्यु योर्क युनिभर्सिटी प्रेस, पृ ३०

जस्ता नकारात्मक अर्थबोध गराउने शब्दहरूको व्यावहारिक प्रयोगसँगै सैद्धान्तिक रूपमा फरक क्षमता, भिन्न क्षमता आदि शब्दहरू प्रयोग हुन थालेको पाइन्छ।

भिन्न क्षमता भन्नाले मूलतः कुनै पनि क्रियाकलाप गर्न सक्ने मानवीय क्षमतादेखि छुट्टै रहेको शारीरिक तथा मानसिक अवस्था बुझिन्छ। यसमा प्रयुक्त 'भिन्न' र 'क्षमता' दुवै तत्सम शब्द हुन्। संस्कृतको 'भिद्' धातुमा 'न' प्रत्यय लागेर बनेको 'भिन्न' शब्दले अलग, छुट्टा, छुट्टिएको, फरक, टुटेको, खण्डित भन्ने अर्थहरूलाई बुझाउँछ।[३] यसरी नै संस्कृतको 'क्षम' धातुमा 'ता' प्रत्यय लागेर बनेको 'क्षमता' शब्दको आशय कुनै पनि काम गर्न सक्ने योग्यता, सामर्थ्य, शक्ति वा तागत भन्ने अर्थहरूसित रहेको पाइन्छ।[४]

*अक्सफोर्ड इङ्ग्लिस डिक्सनरी*अनुसार भिन्न क्षमताले तिन प्रकारका अर्थलाई बुझाउँछ- १) क्षमताको अभाव, २) मानिसको गतिशीलता, क्रियाकलाप र बौद्धिकतामाथि रोक लगाउने शारीरिक वा मानसिक अवस्था र ३) वैधानिक विफलता।[५] पहिलो अर्थको सम्बन्ध वैयक्तिक प्रतिमानसित रहेको देखिन्छ जसले भिन्न क्षमतालाई वैयक्तिक त्रासदी वा समस्याका रूपमा परिभाषित गर्छ। दोस्रो अर्थले चिकित्सावैज्ञानिक प्रतिमानका आधारमा भिन्न क्षमतालाई 'शारीरिक प्रणालीमा देखापरेको विफलता' भन्ने अर्थमा परिभाषित गरेको देखिन्छ। तेस्रो अर्थ वैधानिक प्रतिमानअनुरूप रहेको पाइन्छ जहाँ कानुनव्यवस्थाद्वारा विभिन्न अधिनियमहरूका रूपमा परिभाषित शारीरिक तथा मानसिक विकृतिलाई भिन्न क्षमता भनिएको छ।

चिकित्साविज्ञानका क्षेत्रमा नवीन पद्धतिहरूको विकास हुनअघि भिन्न क्षमतालाई धार्मिक तथा नैतिक मूल्यसँग जोडेर हेर्ने प्रचलन पूर्वीय र पाश्चात्य दुवैतिरका समाजमा

---

[३] हेमाङ्गराज अधिकारी, वि सं २०६३, *प्रयोगात्मक नेपाली शब्दकोश,* दो सं, काठमाडौं:विद्यार्थी प्रकाशन प्रा लि, पृ ७५८

[४] पूर्ववत्, पृ २०३

[५] एङ्गसस्टिभेन्सन, सन् २००७, *अक्सफोर्ड डिक्सनरी,* छै सं, न्यु योर्कः अक्सफोर्ड युनिभर्सिटी प्रेस, पृ १४७

विद्यमान रहेको पाइन्छ। त्यस समयको समाजमा व्याप्त धार्मिक प्रथा एवम् नैतिक मूल्यहरूको अध्ययन गर्दा भिन्न क्षमताबारे मूलतः तिन प्रकारका धारणा प्रचलित रहेका देखिन्छन्। ती हुन्-

- पाप अनि दण्डको विषय
- उपचार-चमत्कारको विषय
- दया वा दानदातव्यको विषय

पाप अनि दण्डको विषयअन्तर्गत कर्मलाई विशेष महत्त्व दिँदै भिन्न क्षमतालाई 'कर्मको फल' भन्ने अर्थमा ग्रहण गरिएको पाइन्छ। मानिसले जस्तो कर्म गर्छ, त्यस्तै परिणाम भोग्नु पर्छ भन्ने मूल सार नै कर्म सिद्धान्त हो। यस मूल सारको प्रतिपादन चार्बाक दर्शनबाहेक अन्य सबै पूर्वीय दर्शनहरूमा भएको देखिन्छ। वेदान्त दर्शनमा 'पुन्यः पुण्येन कर्मणा भवति पापः पापेन'[६] भनिएको छ जसको आशय पुण्य गरे पुण्यफल र पाप गरे पापफल प्राप्त हुन्छ भन्ने हो। यस किसिमको धार्मिक एवम् नैतिक मान्यताअन्तर्गत भिन्न क्षमतालाई पापकर्मको परिणाम वा दण्डको भागीदार मान्ने प्रथा प्राचीन समाजमा व्याप्त रहेको पाइन्छ। जर्ज हेन्डर्सन र ब्रायनअनुसार भिन्न क्षमतायुक्त हुनका पछि व्यक्तिगत कर्ममात्र नभएर आफ्ना अभिभावक वा पुर्खाहरूले कुनै समय गरेको गलत कर्म पनि उत्तिकै दायी हुन्छ।[७] यस दृष्टिले भिन्न क्षमताको आनुवंशिक प्रक्रियाअन्तर्गत व्यक्तिकर्म पनि एउटा अभेद्य तत्त्व रहेको कुरा थाहा पाइन्छ।

बौद्ध दर्शनमा भिन्न क्षमतालाई पुनर्जन्मवादको अवधारणासित जोडेर हेरिएको छ। उक्त अवधारणाअनुसार भिन्न क्षमता भन्नाले पूर्वजन्ममा गरेको गलत कर्मको परिणाम

---

[६] ब्रजबिहारी निगम, सन् २००९, *पूनर्जन्म का समीक्षात्मक अध्ययन,* उज्जैनः कावेरी शोध संस्थान, पृ ३१

[७] जर्ज हेन्डर्सन र विल्ली भी ब्रायन, सन् २०११, *साइकोसोसियल एस्पेक्ट अफ् डिसएबिलिटी,* स्प्रिङफिल्डः चार्ल्स सी थोमस, पृ ७

बुझिन्छ।[८] यसैगरी जैन दर्शनमा पुद्गल-परमाणु सिद्धान्तअन्तर्गत मानवशरीरलाई सुन्दर-असुन्दर, सबल-दुर्बल, मोटो-पातलो, सुडौल-बेडौल, चित्र-विचित्र आदि रूप प्रदान गर्ने नाम-कर्महरूबारे चर्चा गरिएको छ। यसमा नाम-कर्मका ब्यालीस भेदमध्ये कुब्जक, वामन, हुंडक, वर्ण, उपघात, परघात, अशुभ आदिका कारण विभिन्न प्रकारका भिन्न क्षमतायुक्त शरीर प्राप्त हुन्छ भन्ने मान्यता रहेको पाइन्छ।[९] यस प्रकार कर्म सिद्धान्तअनुसार पूर्वीय दर्शनहरूमा भिन्न क्षमतालाई गलत वा पापकर्मको प्रतिफल मान्दै मूलतः 'अछुत', 'श्राप' र 'वंशगत' गरी तिनवटा रूपमा ग्रहण गरिएको छ। अतः पूर्वीय धार्मिक ग्रन्थहरूमा भिन्न क्षमतायुक्त मानिसहरूलाई धार्मिक अनुष्ठान र कर्मकाण्डहरू गर्नदेखि वञ्चित रहेको समूह, विकृतियुक्त श्रापित शरीर र दानववंशका रूपमा चित्रण गरिएको देखिन्छ।

पाश्चात्य समाजमा पनि मानिसको गलत कर्मलाई 'पाप' र 'पाप'-लाई भिन्न क्षमतासित तुलना गर्ने परम्परा रहेकोपाइन्छ। इरिना मेज्लरअनुसार बाइबलको पुरानो नियममा भिन्न क्षमतालाई निषेध एवम् दण्डको विषय भनी चित्रण गरिएको छ[१०] किनभने भिन्न क्षमतालाई त्यस समय 'पाप'-को पर्याय मानिन्थ्यो र पापसम्बन्धी बाइबलको आधारभूत मान्यताअनुसार मानिस नै दुष्ट आत्माको स्रोत हो मान्यता राखिन्थ्यो।[११] यसैको परिणामस्वरूप प्राचीन ग्रीस र रोममा भिन्न क्षमतालाई 'ईश्वरको क्रोध','ईश्वरको निराशाको प्रतिफल', 'दैविक दण्ड', 'दैविक श्राप', 'दैविक न्याय' भन्ने अर्थहरूमा ग्रहण गरिएको पाइन्छ। तिनताक ईश्वर क्रोधित एवम् निराश भएको कारण मानिसले विभिन्न

---

[८] सल्ली बी किङ्ग, सन् २००९, *सोसियल्ली इन्गेज्ड बुद्धिज्म,* होनोलुलुः युनिभर्सिटी अफ् हवाइ प्रेस, पृ १६३

[९] मुनिश्री प्रमामसागर जी महाराज, सन् १९९६, *जैन धर्म और दर्शन,* दल्लीः शिक्षा भारती, पृ १२८ - १३१

[१०] इरिना मेज्लर, सन् २००६, *डिसएबिलिटी इन् मिडिवल युरोप, थिङ्किङ अबाउट फिजिकल इम्पेयरमेन्ट ड्युरिङ द हाइ मिडल एज् (११०० –१४००),* लन्डन एन्ड न्यु योर्कः रुटलेज, पृ ३८

[११] हेनरी ज्याक्स स्टिकर, सन् १९९९, *अ हिस्ट्री अफ् डिसएबिलिटी,* (अनु. विलियम सेयर्स), एन आर्बरः युनिभर्सिटी अफ् मिचिगन प्रेस, पृ २७

प्रकारका रोग, विकृति, दुर्बलता आदिका रूपमा भिन्न क्षमतायुक्त शरीर प्राप्त गर्छन्, जसको एउटै मात्र उपाय दण्डित हुनु हो भन्ने मान्यता प्रचलित रहेको पाइन्छ। यही दण्ड दिने धार्मिक प्रथाअन्तर्गत क्रोधित ईश्वरलाई शान्त पार्नका निम्ति त्याग अनिवार्य छ भन्ने मान्यता राखिन्थ्यो र भिन्न क्षमतायुक्त शिशुहरूको समेत निर्ममतापूर्वक हत्या गरिन्थ्यो।[१२] यसरी हत्या गर्नुको मूल उद्देश्य ती शिशुहरूलाई पुनः ईश्वरकहाँ पठाउनु रहेकोले उनीहरू मारिएका होइनन् तर ईश्वरका निम्ति समर्पीत भएका हुन् भन्ने मान्यता त्यस समयको समाजमा प्रचलित रहेको कुरा हेनरी ज्याक्स स्टिकरले गरेका छन्।[१३]

उपचार-चमत्कार बाइबलको नयाँ नियमसित सम्बन्धित विषय हो। यसअन्तर्गत भिन्न क्षमतालाई 'विश्वासको परीक्षा' भन्ने अर्थमा ग्रहण गरिएको पाइन्छ। केथी ब्लाकअनुसार कतिपय मानिसले विश्वासको परीक्षामा सफलता पाउँछन् र उपचार-चमत्कारद्वारा स्वस्थ्यलाभ गर्छन्।[१४] यसका निम्ति ईश्वरप्रति आस्था हुनु अनिवार्य छ किनभने भिन्न क्षमतासम्बन्धी चुनौतिहरू ईश्वरले बानीव्यवहारमा सुधार ल्याउनका निम्ति मानिसलाई दिएका अवसरहरू हुन् भन्ने ब्लाकको भनाइ रहेको पाइन्छ। यसै सन्दर्भमा इरिना मेज्लरले बाइबलका विभिन्न पाठहरूमा दृष्टिहीन, श्रवणशक्तिहीन, वाक्शक्तिहीन, गतिहीन आदि भिन्न क्षमतायुक्त मानिसहरू यिशु ख्रीष्ट र उनका दूतहरूको उपचार-चमत्कारद्वारा निको भएको घटनाबारे उल्लेख गर्दै उनीहरूमध्ये कसैलाई पनि उनीहरूको पापबारे सोधिएको पाइँदैन भनेकी छन्। यसबाटभिन्न क्षमता पाप वा दण्डको विषयमात्र नभएर क्षमा र आरोग्यलाभको विषय पनि हो भन्ने धारणा प्रतिपादित भएको पाइन्छ।

---

[१२] डेभिड एल ब्राडोक र सुसान एल पेरिस, सन् २००१, एन् इन्स्टिट्युसनल हिस्ट्री अफ् डिसएबिलिटी, *ह्यान्डबुक अफ् डिसएबिलिटी स्टडिज्* (सम्पा. गेरी एल अल्ब्रेच, क्याथरिन सिलमन, माइकल ब्युरी), लन्डनः सेज पब्लिकेसन्स, पृ १५

[१३] स्टिकर, 'अ हिस्ट्री अफ् डिसएबिलिटी',पूर्ववत्, पृ ३९

[१४] केथी ब्लाक, सन् १९९६, *अ हिलिङ होमेलिटिकः प्रिचिङ एन्ड डिसएबिलिटी*, नासभिल्ली टिएनः अभिङ्देन प्रेस, पृ २६

भिन्न क्षमतालाई दया र दानदातव्यको विषय मान्ने परम्पराको थालनी पनि मध्ययुगदेखि नैव्यापक बनेको देखिन्छ। तिनताक धार्मिक तथा नैतिक प्रक्रियाअन्तर्गत भिन्न क्षमतायुक्त मानिसहरूलाई अछुतका रूपमा हेर्ने परम्परा रहेको थाहा लाग्छ।यसैले उनीहरू आर्थिक रूपले कमजोर हुन्थे। अतः उनीहरूलाई अधिक मात्रामा प्रेम, स्नेह, सहायता, दया र दानदातव्यको आवश्यकता छ भन्ने मान्यतास्वरूप परोपकारी संस्थाहरू स्थापित भएका देखिन्छन्। यस सन्दर्भमा धनी मानिसहरूका निम्ति दानदातव्य नै ईश्वरलाई खुसी पार्ने र ईश्वरको कार्यको प्रशंसा गर्ने अवसर थियो[१५] भन्ने हेनरी ज्याक्स स्टिकरको भनाइ विचारणीय रहेको पाइन्छ।

आधुनिक समाजको उदय र चिकित्साजगत्मा आएको प्राविधिक विकासको परिणामस्वरूप भिन्न क्षमतालाई 'जीववैज्ञानिक दोष', 'कार्यात्मक बाधा', 'दीर्घकालीन रोग' भन्ने अर्थहरूमा ग्रहण गरिएको पाइन्छ। यसको व्यापक प्रभाव पुँजीवादी समाजमा पनि परेको देखिन्छ किनभने विभिन्न उद्योग केन्द्रहरूको स्थापनासँगै मानिसको श्रमलाई उत्पादन क्षमता र समयका एकाइहरूसँग जोडेर हेर्ने परम्परा पुँजीवादको विकास क्रमसँगै अवलम्बन भएको हो। त्यस समय वस्तु उत्पादनका निम्तिमात्र नभएर सामाजिक सम्बन्धहरूलाई सुदृढ बनाउन निम्ति पनि कामलाई विशेष महत्त्व दिन्थ्यो।[१६] यसर्थ पुँजीवादी समाजमा काम गर्न सक्ने क्षमता नै मानिसको परिचयको मुख्य मापदण्ड बन्न पुग्यो।[१७] यसैको परिणामस्वरूप भिन्न क्षमतालाई 'आधारभूत योग्यताहरूको अभाव', 'खोटपूर्ण शरीर', 'अनुर्वर', 'अनुचित', 'अनुपयोगी' भन्ने नकारात्मक अर्थहरूमा परिभाषित गरिएको पाइन्छ। यसरी हेर्दा लामो समयदेखि भिन्न क्षमतायुक्त मानिसहरूलाई सामाजिक मूलधाराबाट उच्छेद गर्ने तथा सीमान्तमा राख्ने परम्परा क्रियाशील रहेको थाहा लाग्छ।

---

[१५] स्टिकर, 'अ हिस्ट्री अफ् डिसएबिलिटी', पूर्ववत्, पृ ६६

[१६] माइक ओलिभर, सन् १९८९, डिसएबिलिटी एन्ड डिपेन्डेन्सीः अ क्रिएसन अफ् इन्डस्ट्रियल सोसाइटी, *डिसएबिलिटी एन्ड डिपेन्डेन्सी* (सम्पा. लेन बार्टन), लन्डन एन्ड न्यु योर्कः रुटलेज, पृ १०

[१७] सञ्जीव उप्रेती, वि सं २०६९, *सिद्धान्तका कुरा,* काठमाडौं : अक्षर क्रियसन्स नेपाल, पृ २५९

यही सामाजिक सीमान्तीकरणको प्रक्रियालाई चुनौति दिँदै नवीन अवधारणाका रूपमा भिन्न क्षमताको अध्ययन-परम्परा अघि बढेको देखिन्छ। यस अध्ययनले भिन्न क्षमतालाई वास्तविक नमानेर परिकल्पित अवस्था मान्छ किनभने भिन्न क्षमतामाथि थोपरिएका सम्पूर्ण अर्थहरू निर्मित हुन् भन्ने कुरा यस अध्ययनको केन्द्रमा रहेको पाइन्छ। यस अध्ययनका आधारमा भिन्न क्षमता कुनै प्रकारको शारीरिक एवम् मानसिक विकार होइन तर सामाजिक सङ्कीर्णता, सांस्कृतिक अभ्यास साथै युगौँदेखि संस्काररूपमा स्थापित रूढ धारणाहरूको उपज हो भन्न सकिन्छ।

## २.२ भिन्न क्षमताको परिभाषा

भिन्न क्षमताबारे बहुविध धारणाहरू प्रचलित रहेका पाइन्छन्। माइकल ओलिभरअनुसार यसका असङ्ख्य परिभाषाहरू छन् तर कुनै एउटा परिभाषाले यसको समग्र चित्र प्रस्तुत गर्न सकेको देखिँदैन।[१८] यस सन्दर्भमा ग्लिसनको भनाइ पनि उल्लेखनीय रहेको पाइन्छ। उनी भन्छन्- विभिन्न स्थानहरूमा भिन्न क्षमताको प्रयोग भिन्नाभिन्नै अर्थमा हुने गरेकोले यसलाई निश्चित रूपमा परिभाषित गर्नु सम्भव छैन[१९] किनभने यसलाई विभिन्न अनुशासनहरूमा विभिन्न उद्देश्यले थुप्रै परिभाषाहरूको अधीन राखिएको छ।[२०] यसर्थ भिन्न क्षमतालाई परिभाषाहरूमा नभएर व्यावहारिक अनुभूतिहरूमा बुझ्नुपर्छ भन्ने टोबिन सिबर्सको भनाइ रहेको पाइन्छ। उनको विचारमा हामी जति धेरै भिन्न क्षमताबारे सिक्दै जान्छौँ त्यत्ति नै यो स्पष्ट हुँदै जानेछ।[२१] यसबाट बाह्य रूपमा भिन्न क्षमता एउटा अवस्थामात्र हो तर आन्तरिक रूपमा यो समग्र मानवजातिका दैनिक अनुभव र सामाजिक

---

[१८] माइकल ओलिभर र बोब सपे, सन् १९९९, *सोसियल वर्क विथ् डिसएबल्ड पिपल,* दो सं, न्यु योर्कः पालग्रेभ म्याकमिलन, पृ ३७

[१९] ब्रेन्डन ग्लिसन, सन् १९९९, *जियोग्राफिज् अफ् डिसएबिलिटी,* लन्डन एन्ड न्यु योर्कः रुटलेज, पृ ६

[२०] सोफिया मित्रा, सन् २००६, द क्यापाबिलिटी एप्रोच एन्ड डिसएबिलिटी, *जर्नल अफ् डिसएबिलिटी पोलिसी स्टडिज्,* सङ्ख्याः४, अङ्कः १६, (सम्पा. मिसेल येल र जेम्स जी स्रिनर), अस्टिनः हम्मिल इन्स्टिच्युसन अन् डिसएबिलिटी एन्ड सेज पब्लिकेसन्स, पृ २३६

[२१] टोबिन सिबर्स, सन् २००८, *डिसएबिलिटी थ्योरी,* एन आर्बरः द युनिभर्सिटी अफ् मिचिगन प्रेस, पृ ६

सम्बन्धहरूको जटिल संरचना हो भन्ने बुझिन्छ। यसैकारण गेरी एल अल्ब्रेच, क्याथरिन सिलमन र माइकल ब्युरीले भिन्न क्षमता एउटा अङ्कोजस्तो हो जसलाई अनुभूत गर्न सकिन्छ तर बुझ्न सकिँदैन[२२] भन्ने विचार व्यक्त गरेका छन्।

यद्यपि भिन्न क्षमताबारे गहन अध्ययन र अनुसन्धान गरेर समससापेक्ष यसको स्वरूप निर्धारण गर्ने तथा यसलाई परिभाषित गर्ने कार्यमा विभिन्न सङ्घ-संस्था र विद्वान्हरूले महत्त्वपूर्ण भूमिका निर्वाह गरेको देखिन्छ। तीमध्ये *द युनियन अफ् द फिजिकल्ली इम्पेयर्ड अगेन्स्ट सेग्रेगेसन* (युपीआइएस) नामक संस्थाले पुऱ्याएको योगदान अग्रपंक्तिमा रहेको पाइन्छ। यस संस्थाद्वारा सन् १९७६ -मा प्रकाशित *फन्डामेन्टल प्रिन्सिपल अफ् डिसएबिलिटी* शीर्षक प्रतिवेदनअनुसार-

> भिन्न क्षमता समकालीन संस्थाहरूका कारण हुने गतिविधिहरूमा देखा परेको अवरोध वा अवगुण हो, जुन संस्थाहरूले शारीरिक रूपमा विकृत रहेका मानिसहरूको गणना गर्दैन र उनीहरूलाई सामाजिक गतिविधिहरूको मूलधारादेखि बाहिर राख्छ।[२३]

यस परिभाषाबाट दुईवटा कुरा बुझ्न सकिन्छ- प्रथमतः भिन्न क्षमता संस्थागत रूपमा हुने शोषणको परिणति हो र द्वितीयतः भिन्न क्षमता वैयक्तिक समस्या नभएर सामाजिक उत्पीडनको विषय हो। यस अवधारणाको क्रमिक विकास संयुक्त राष्ट्र सङ्घद्वारा प्रकाशित *इन्टर्नेसनल क्लासिफिकेसन अफ् इम्पेयरमेन्ट, डिसएबिलिटी एन्ड ह्यान्डिक्याप* नामक पुस्तकमा भएको देखिन्छ। यस पुस्तकमा उल्लेखित परिभाषाअनुसार भिन्न क्षमता कुनै विकृति होइन, तर विकृतिका कारण उत्पन्न भएको अवस्था हो भन्ने बुझिन्छ, जुन यस प्रकार छ-

---

[२२] गेरी एल अल्ब्रेच, क्याथरिन सिलमन र माइकल ब्युरी (सम्पा),सन् २००१, इन्ट्रडक्सनः द फर्मेसन अफ् डिसएबिलिटी स्टडिज्, *ह्यान्डबुक अफ् डिसएबिलिटी स्टडिज,* लन्डन:सेज पब्लिकेसन्स, पृ १

[२३] युपीआइएस, सन् १९७६, *फन्डामेन्टल प्रिन्सिपल अफ् डिसएबिलिटी,* लन्डनः युपीआइएस, पृ ३-४

विकृति भनेको शारीरिक, मानसिक, संरचनात्मक वा कुनै पनि कार्यमा देखा परेको क्षति वा असामान्यता हो। भिन्न क्षमता यही विकृतिको परिणासस्वरूप उत्पन्न भएको बाधा वा क्षमताको अभाव हो जसले मानव जातिका निम्ति सामान्य भनिएको निश्चित सीमाभित्र रहेर विभिन्न क्रियाकलापहरू गर्नदेखि बाधित तुल्याउँछ।[२४]

यसरी सन् १९७६ देखि भिन्न क्षमताबारे निर्मित पूर्ववर्ती धारणाहरूको विघटनसँगै नयाँ दृष्टिकोण विकसित भएको देखिन्छ जसलाई भिक फिङ्कल्सटिनले 'भिन्न क्षमताको सामाजिक व्याख्या' भन्ने नाम दिएका छन्।[२५] यही 'सामाजिक व्याख्या'-को विकसित एवम् समृद्ध रूप 'भिन्न क्षमताको सामाजिक प्रतिमान' हो। यस प्रतिमानका अधिष्ठाता माइकल ओलिभर हुन्, जसलाई माइक ओलिभरको नामले पनि चिनिन्छ। उनले सन् १९८३ -मा बोब सपेसँग मिलेर *सोसियल वर्क विथ् डिसेबल्ड पिपल* शीर्षक पुस्तक प्रकाशित गरी 'सामाजिक प्रतिमान'-को अवधारणा प्रस्तुत गरेका छन्। उनको मान्यताअनुसार-

भिन्न क्षमता सामान्यतः वैयक्तिक दुर्भाग्य होइन न त सामाजिक समस्या नै हो। यो विकृत व्यक्ति र समाजद्वारा त्यस व्यक्तिमाथि थोपरिएको अवरोध बिचको सम्बन्ध हो।[२६]

यसरी यस परिभाषाले भिन्न क्षमताको अवस्था सिर्जना हुनलाई सामाजिक प्रक्रिया पूर्ण रूपले दायी रहने कुरालाई पुष्टि गरेको छ। यसले एकातिर भिन्न क्षमतायुक्त

---

२४ फिलिप वुड, सन् १९८०, *इन्टर्नेसनल क्लासिफिकेसन अफ् इम्पेयरमेन्ट्, डिसएबिलिटी एन्ड ह्यान्डिक्याप,* जेनेभाः वर्ड हेल्थ अर्गनाइजेसन, पृ १४

२५ भिक फिङ्कल्सटिन, सन् २००४, रिप्रेजेन्टिङ डिसएबिलिटी, *डिसएब्लिङ बेरियर्स, इनेब्लिङ इन्भाइरोन्मेन्ट्स* (सम्पा जोन स्वाइन, सल्ली फ्रेन्च, कोलिन बार्न्स, क्यारोल थोमस), लन्डनः सेज पब्लिकेसन्स, पृ १५

२६ ओलिभर र सपे, 'सोसियल वर्क विथ् डिसएबल्ड पिपल', पूर्ववत्, पृ ६३

मानिसहरूलाई ऐतिहासिक रूपले शोषित समूहका रूपमा परिभाषित गरेको देखिन्छ भने अर्कोतिर सामाजिक बाधा वा उत्पीडनहरूको उपज मानेको देखिन्छ।

ओलिभरप्रणित 'सामाजिक प्रतिमान'-को विकास सँगसँगै प्राज्ञिक क्षेत्रका विद्वान्हरूले भिन्न क्षमताको अध्ययन-परम्परालाई अघि बढाएको देखिन्छ। उनीहरूले समयसापेक्ष विभिन्न आयामहरूबाट अध्ययन गरेर भिन्न क्षमतालाई परिभाषित गरेका छन्। तीमध्ये केही प्रमुख विद्वान् र उनीहरूका परिभाषा यस प्रकार रहेका पाइन्छन्-

**लेनार्ड जे डेविसः** भिन्न क्षमता सामान्य मुद्दा होइन जुन अपेक्षाकृत दुर्भाग्यपूर्ण मानिसहरूको अल्प सङ्ख्यासित सम्बन्धित छ। यो एउटा ऐतिहासिक रूपमा निर्मित सङ्कथनको अङ्ग हो र निश्चित रूपमा ऐतिहासिक अवस्थाअन्तर्गत शरीरबारे गरिएको विचारको आदर्श रूप हो। यो कुनै वस्तु होइन, सामाजिक प्रक्रिया हो जसले आन्तरिक रूपमा ती सबैलाई समेट्छ जोसित शरीर र जीवन छ।[२७]

**रोजमेरी गर्ल्यान्ड थम्पसनः** भिन्न क्षमता एउटा प्रतिनिधित्व हो, शारीरिक परिवर्तन वा विन्यासको सांस्कृतिक व्याख्या हो साथै सामाजिक सम्बन्ध र संस्थाहरूलाई संरचित गर्ने शरीरहरूको तुलना हो।[२८]

**मिसेल र स्नाइडरः** भिन्न क्षमता एउटा सङ्गठित वर्ग हो, जसलाई सांस्कृतिक, ऐतिहासिक, राजनैतिक, पौराणिक आदि मानदण्डहरूको समूहद्वारा अर्थ र

---

[२७] लेनार्ड जे डेविस, सन् १९९५, *इन्फोर्सिङ नर्मल्सी, डिसएबिलिटी, डिफनेस एन्ड द बडी,* लन्डनः भर्सो, पृ २

[२८] रोजमेरी थम्पसन गर्ल्यान्ड, सन् १९९७, *एक्स्ट्रा अर्डिनरी बडिजः फिगरिङ फिजिकल डिसएबिलिटी इन् अमेरिकन कल्चर एन्ड लिटरेचर,* न्यु योर्कः कोलम्बिया युनिभर्सिटी प्रेस, पृ ६

अभिव्यक्ति दिइन्छ। यसले अस्पष्ट रूपमा भिन्न क्षमतायुक्त मानिसहरूलाई दूषित, दुर्भावनापूर्ण र अशक्तका रूपमा परिभाषित गर्छ ।[२९]

**सिमी लिन्टनः** भिन्न क्षमता पारिभाषिक रूपमा सामाजिक आदर्शहरू, संस्थागत संरचनाहरू र सरकारी नीतिहरूको जटिल व्यवस्थामा देखा परेको एउटा महत्त्वपूर्ण कडी हो।[३०]

**क्यारोल थोमसः** भिन्न क्षमता सामाजिक उत्पीडनको प्रतिरूप हो जसले विकृतियुक्त मानिसहरूलाई विभिन्न क्रियाकलाहरू गर्नदेखि वाधित तुल्याउने सामाजिक करकाप वा दवाउको अवस्थालाई बुझाउँछ।[३१]

**तान्या तिच्कस्कीः** भिन्न क्षमता भनेको मानिसमाथि थोपरिने एउटा यस्तो समस्या हो जुन सामाजिक साथै भौतिक वातावरणमाझ भएको अन्तर्द्वन्द्वले गर्दा उत्पन्न हुन्छ।[३२]

**मार्क प्रिस्टलीः** बहुसङ्ख्यक होस् वा अल्पसङ्ख्यक दुवै प्रसङ्गमा भिन्न क्षमता जन्म अनि मुत्युसित सम्बन्धित मुद्दा हो।[३३]

**टोबिन सिबर्सः** भिन्न क्षमता शारीरिक एवम् मानसिक विकार होइन तर सांस्कृतिक एवम् अल्पसङ्ख्यक परिचय हो।[३४]

---

[२९] डेभिट टि मिसेल र स्यारोन एल स्नाइडर, सन् १९९७, *द बडी एन्ड फिजिकल डिफरेन्स, द डिस्कोर्स अफ् डिसएबिलिटी,* एन आर्बरः द युनिभर्सिटी अफ् मिचिगन प्रेस, पृ २-३

[३०] लिन्टन, 'क्लेमिङ डिसएबिलिटी, नलेज् एन्ड आइडेन्टिटी', पूर्ववत्, पृ १०

[३१] क्यारोल थोमस, सन् १९९९, *फिमेल फर्म्स एक्सपिरियन्सिङ एन्ड अन्डर्सटयान्डिङ डिसएबिलिटी,* फिलाडेल्फियाः ओपन युनिभर्सिटी प्रेस, पृ ३

[३२] तान्या तिच्कस्की, सन् २०००, डिसएबिलिटी स्टडिज् : द ओल्ड एन्ड न्यु,*द क्यानाडियन जर्नल अफ् सोसियोलजी,* भोल्युम २५, संख्या २, क्यानाडाः क्यानाडियन जर्नल अफ् सोसियोलजी, पृ १९८

[३३] मार्क प्रिस्टली, सन् २००१, *डिसएबिलिटी एन्ड लाइफ कोर्स ग्लोबल पर्सपेक्टिभ,* युकेः क्याम्ब्रिज युनिभर्सिटी प्रेस, पृ ११

[३४] सिबर्स, 'डिसएबिलिटी थ्योरी', पूर्ववत्, पृ ४

**ड्यान गुड्ली**: भिन्न क्षमता निश्चित रूपले एउटा महत्त्वपूर्ण सामाजिक घटना हो।[३५]

यस प्रकार विभिन्न समयमा विभिन्न सङ्घ-संस्था र विद्वान्हरूले भिन्न क्षमतालाई परिभाषित गरेको देखिन्छ। ती परिभाषाहरूका आधारमा भिन्न क्षमता जटिल, बहुआयामिक, बहुउद्देश्यीय, बहुसांस्कृतिक, प्रतिस्पर्धात्मक र परिवर्तनशील विषय हो भन्ने कुरा थाहा लाग्छ। यसलाई शारीरिक खोट, कमकमजोरी, इन्द्रियजनित विकार वा मानसिक असन्तुलनका आधारमा परिभाषित गर्न सकिँदैन। मानिसको शरीरको कुनै अङ्ग निष्क्रिय हुँदा बाह्य रूपमा अशक्त र दुर्बल देखिए तापनि आन्तरिक रूपमा भने त्यस्ता मानिसहरू सबल र सशक्त रहेका देखिन्छन्। अतः उनीहरू समाजमा रहेर विभिन्न प्रकारका क्रियाकलापहरू गर्न समेत सक्षम हुँदछन्। उदाहरणका रूपमा विभिन्न प्रकारका हस्तकला र शिल्पकलाको प्रदर्शन गर्नु, उच्च दर्जाको चित्रकारिता प्रस्तुत गर्नु, वाद्यकला, गायनकला, नृत्यकला, साहित्यकला आदिमा सिर्जनात्मक प्रस्तुति दिनु साथै ज्ञान-विज्ञानका क्षेत्रमा महत्त्वपूर्ण योगदान दिनु जस्ता घटनाहरूलाई लिन सकिन्छ ।यस दृष्टिले नैसर्गिक रूपमा विभिन्न क्रियाकलापहरू गर्न सक्ने छुट्टै प्रकारका विशेषताले युक्त शारीरिक तथा मानसिक अवस्था नै भिन्न क्षमता हो भन्न सकिन्छ।

आजसम्मको अध्ययनबाट प्राप्त परिभाषाहरूका आधारमा भिन्न क्षमतालाई मुख्यतः तिन प्रकारले बुझ्न सकिन्छ-

### २.२.१ भिन्न क्षमता समाजनिर्मित विचारधाराको उपज हो

यस परिभाषाको स्रोत *द युनियन अफ् द फिजिकल्ली इम्पेयर्ड अगेन्स्ट सेग्रेगेसन* र *द डिसएबिलिटी अलाइन्स्* नामक दुईवटा संस्थामाझ २२ नोभेम्बर १९७५ -को दिन भएको बौद्धिक एवम् राजनैतिक बहसलाई मानिन्छ। यसै बहसको प्रभाव र प्रेरणास्वरूप भिन्न

[३५] ड्यान गुडली, सन् २०१४, *डिसएबिलिटी स्टडिज्, थ्योराइजिङ डिसएबलिज्म एन्ड एबलिज्म*, लन्डन एन्ड न्यु योर्कः रुटलेज, पृ ५

क्षमता अध्ययनको क्षेत्रमा 'भिन्न क्षमताको सामाजिक प्रतिमान' एउटा रूपान्तरित अवधारणाका रूपमा विकसित भएको देखिन्छ। यस प्रतिमानले भिन्न क्षमतालाई सबलहरूको समाजद्वारा बलपूर्वक थोपरिएको नियम मान्दै सामाजिक अवरोध वा उत्पीडनका रूपमा पुनः परिभाषित गरेको छ। यो वैश्विक स्तरमै स्वीकृत परिभाषा हो किनभने विश्वको कुनै पनि समाजले भिन्न क्षमतालाई आदर्श र प्रतिष्ठाको विषय मानेको देखिँदैन। यदि कुनै मानिस दृष्टिहीन, श्रवणशक्तिहीन, वाक्शक्तिहीन, गतिहीन, विकृत तथा मानसिक रूपले असन्तुलित भए उसलाई भिन्न क्षमताको कित्तामा राखिन्छ र सामाजिक कार्यहरूमा सहभागी बन्नदेखि वञ्चित गराइन्छ। यस किसिमको विभेदकारी नीतिलाई सिमी लिन्टनले 'सक्षम वा सामान्य भनिएका मानिसहरूको पक्षमा भएको भेदभाव' भन्ने संज्ञा दिएकी छन्।[३६] एफ के क्याम्बेलअनुसार यस्तो सामाजिक संरचनामा सामान्य मानिसहरू सधैं नियमका रूपमा देखा पर्छन् र 'अन्य' अर्थात् भिन्न क्षमतायुक्त मानिसहरू असामान्य र तुच्छ बन्न पुग्छन्।[३७] यसर्थ भिन्न क्षमतालाई एउटा छुट्टै सामाजिक वर्गका रूपमा चिह्नित गरिन्छ। यसमा जाति, भाषा, धर्म, लिङ्ग, उमेर, शिक्षा, अर्थ आदि प्रमुख घटकका रूपमा रहेका पाइन्छन्। यिनै घटकहरूका आधारमा समाजको रूढ र हठधर्मी चरित्र निर्मित हुन्छ जसले भिन्न क्षमतालाई 'अन्य' वा 'पराइ' भन्ने अर्थमा हेरेको पाइन्छ।

### २.२.२ भिन्न क्षमता सांस्कृतिक व्याख्याको नवीन पाटो हो

भिन्न क्षमता सांस्कृतिक अध्ययनको क्षेत्रमा देखापरेको एउटा नवीन अवधारणा हो। यसले सामाजिक व्यवस्थाअन्तर्गत युगौंदेखि शोषित, उत्पीडित, कलङ्कित र सीमान्तकृत हुँदै आएको समूहलाई बुझाउँछ। सांस्कृतिक रूपमा यसको सोझो सम्बन्ध शरीर-

---

[३६] लिन्टन, *'क्लेमिङ डिसएबिलिटि नोलेज् एन्ड आइडिन्टिटी'*,पूर्ववत्, पृ. ९

[३७] एफ के क्याम्बेल, सन् २००९, *काउन्टर्स अफ् एबलिज्म,* बेसिङ्गस्टोकः म्याकमिलन पब्लिसर्स लि, पृ १० - ११

राजनीति, परिचय-राजनीति र शक्ति-राजनीतिसित रहेको पाइन्छ। यस किसिमको राजनीतिले ऐतिहासिक रूपमा श्रेणी विभाजन तथा सामाजिक विभेदीकरणको प्रक्रियालाई प्रोत्साहित गरेको देखिन्छ। यसर्थ समाजमा सुन्दर-कुरूप, श्रेष्ठ-हीन, सबल-दुर्बल, अग्लो-होंचो, कालो-गोरो, पुरुष-नारी आदि शरीरसम्बन्धी धारणाहरूसँगै बहुसङ्ख्यक र अल्पसङ्ख्यकसम्बन्धी धारणाहरू पनि द्विचरविरोधका रूपमा रहेका पाइन्छन्। यिनै धारणाहरू समाजमा स्थापित मूल्य, मान्यता, विश्वास, परम्परा, नैतिकता, आचरण, रूढि आदिलाई अर्थ प्रदान गर्ने सांस्कृतिक घटकहरू हुन् जसद्वारा सामाजिक सम्बन्धका सूत्रहरू नियमित हुन्छन्। सामाजिक सम्बन्ध भन्नाले व्यक्ति र सामाजिक वातावरण माझको अन्तर्क्रियाद्वारा स्थापित हुने सम्बन्ध बुझिन्छ। यस्तो सम्बन्धलाई निश्चित ढाँचा प्रदान गर्ने तथा अनुबन्धित गर्ने उत्प्रेरकका रूपमा संस्कृतिको भूमिका महत्त्वपूर्ण रहेको पाइन्छ।

भिन्न क्षमता सामाजिक सम्बन्धमा निहित विचलनको स्थितिबाट उत्पन्न भएको सांस्कृतिक परिचय हो। यसैकारण सुसान विन्डेलले भिन्न क्षमताको निर्माणमा संस्कृतिले केन्द्रिय भूमिका निर्वाह गरेको हुन्छ भनेकी छन्।[३८] मिसेल र स्नाइडरअनुसार भिन्न क्षमताले सांस्कृतिक व्याख्याको एउटा मौलिक श्रेणीमा रूपमा कार्य गरेको छ।[३९] वस्तुतः सन् १९९० -को दशकदेखि भिन्न क्षमताको अध्ययनले आलोचनात्मक स्वरूप ग्रहण गरेपछि भिन्न क्षमता अझ व्यापक रूपमा सांस्कृतिक व्याख्याको विषय बनेको देखिन्छ। यसलाई समाज, दर्शन, इतिहास, राजनीति, अर्थनीति, जाति, भाषा, धर्म, लिङ्ग, यौनिकता आदि विभिन्न परिप्रेक्ष्यबाट हेरेर सांस्कृतिक व्याख्याको विषय बनाइएको पाइन्छ। यसमा लेनार्ड जे डेविस, डेभिट टि मिसेल, स्यारोन एल स्नाइडर, टोम

[३८] सुसान विन्डेल, सन् १९९६, *द रिजेक्टेड बडी, फेमिनिस्ट फिलोसफिकल रिफ्लेक्सन्स् अन् डिसएबिलिटी,* लन्डन एन्ड न्यु योर्कः रुटलेज, पृ ३२

[३९] डेभिट टि मिसेल र स्यारोन एल स्नाइडर, *न्यारेटिभ प्रोस्थेसिस, डिसएबिलिटी एन्ड द डिपेन्डेन्सिस अफ् डिस्कोर्स,* एन् आर्बरः द युनिभर्सिटी अफ् मिचिगन प्रेस, पृ ६०

सेक्सपियर, टोबिन सिवर्स, गेरी एल अल्ब्रेच, कोलिन्स बार्न्स, जियोफ मर्सर, पाउल के लाङ्गमोर, डयान गुड्ली, एलिस हल प्रभृत विद्वान्हरूको योगदान विशिष्ट रहेको पाइन्छ। अर्कातिर भिन्न क्षमता सन्दर्भित नारीवादी व्याख्याले पनि सांस्कृतिक अध्ययनको क्षेत्रमा महत्त्वपूर्ण भूमिका निर्वाह गरेको देखिन्छ। यस दिशामा अविस्मरणीय योगदान दिने नारी सिद्धान्तकारहरूमा रोजमेरी गर्ल्यान्ड थम्पसन, सिमी लिन्टन, तान्या तिच्कोस्की, एफ के क्याम्बेल, एली क्लेयर, सुसान विन्डेल, क्यारोल थोमस, मार्ग्रिट सिल्ड्रिक, रूथ हवार्ड, लेरिटा कोल्म्यान ब्राउन, एम लिन रोज आदि प्रमुख रहेका पाइन्छन्।

### २.२.३ भिन्न क्षमता सार्वभौमिक अनुभूतिको विषय हो

भिन्न क्षमताका सन्दर्भमा 'अनुभूति' शब्दको व्याख्या 'सत्य'-को सापेक्षतामा भएको पाइन्छ। उक्त अनुभूति सामाजिक परिवेश, सांस्कृतिक परिचय र प्रतिनिधित्व, सीमान्तीकरण, संस्थानीकरण साथै विभिन्न अन्तर्क्रियाहरूको उपज रहेको देखिन्छ। यसअन्तर्गत भिन्न क्षमतायुक्त मानिसहरूको निजी अनुभव, भिन्न र अभिन्न माझको सामाजिक, सांस्कृतिक, आर्थिक तथा राजनीतिक सम्बन्ध साथै भिन्न क्षमतालाई हेर्ने रूढिवादी दृष्टिकोणहरू प्रमुख घटकका रूपमा रहेका पाइन्छन्। वस्तुतः संसारका प्रत्येक मानिसले कुनै न कुनै रूपमा भिन्न क्षमताको अवस्थालाई अनुभूत गर्छन् भन्ने मान्यता नै सार्वभौमिक अनुभूतिको सारतत्त्व रहेको देखिन्छ। यसको मूल स्रोत भिन्न क्षमताका सन्दर्भमा प्रतिपादितजीवन अनुक्रमण पद्धतिलाई मान्न सकिन्छ। यस पद्धतिअनुसार जीवनको गतिशीलता, ऐतिहासिक तथा सामाजिक प्रसङ्गहरूमा जीवनको सर्वाङ्गीण अनुभूति, सामाजिक सम्बन्ध र त्यस सम्बन्धमा देखा परिरहने सुधार वा परिवर्तन आदि विषयहरू जीवनका अनुक्रमहरू हुन्। यसमा जन्मदेखि मृत्यसम्मको अनुभव निहित हुन्छ। मार्क प्रिस्टलीअनुसार समाजमा भिन्न क्षमताको वर्ग कसरी निर्धारण हुन्छ र कसरी

व्यवस्थित हुन्छ भन्ने कुरा जीवन अनुक्रमण पद्धतिभित्र पर्छ[४०] किनभने यस दृष्टिकोणले समानता र असमानताको धारणा निर्माण प्रक्रियासँगै समावेशीकरण र सीमान्तीकरणबिच सामाजिक सम्बन्धहरूको भूमिकाबारे पनि प्रकाश पार्छ।

तान्या तिच्कस्कीअनुसार भिन्न क्षमताको अनुभूतिले एउटा मानिसको जीवनको अर्थ कसरी अर्को मानिसको जीवनको सान्निध्यमा खुल्दछ भन्ने कुराको परीक्षण गर्छ।[४१] यसबाट अनुभूति सामाजिक घटनाहरूको सूत्र हो जसले एउटा मानिसको जीवनलाई अर्को मानिसको जीवनसँग जोड्छ भन्ने कुरा थाहा पाइन्छ। वस्तुतः संसारमा कुनै पनि मानिस भिन्न क्षमताको अवस्थादेखि टाढा रहन सक्दैन किनभने यो अभेद्य छ। लेनार्ड जे डेविसअनुसार हामी जति लामो समय बाँच्छौं त्यति नै भिन्न क्षमतायुक्त मानिसका रूपमा चिनिन्छौं।[४२] यसैले मानवीय पूर्णताप्रतिको धारणा केवल अपवादमात्र हो। जीवनको कुनै एउटा बिन्दुमा पुगेपछि भिन्न क्षमता प्रत्येक मानिसको परिचय बनेर देखा पर्छ। यसकोकुनै सार्वभौमिक चरित्र छैन[४३] किनभने यसलाई अनुभूत गर्न सकिन्छ तर कुनै समूहमा छुट्ट्याएर चिह्नित गर्न सकिँदैन।

वास्तवमा कुनै पनि मानिसले आफ्नो जीवनमा भिन्न क्षमतायुक्त भएर बाँच्ने इच्छा गर्दैनन् तर उमेरअनुसार ती मानिसको योग्यता अयोग्यतामा परिणत हुन्छ। यसर्थ टोम सेक्सपियरले भिन्न क्षमता एउटा यस्तो अनुभव हो जसले प्रत्येकलाई प्रभाव पार्छ भनेका छन्।[४४] यसमा माइकल डेभिडसनको विचार पनि विवेचनीय रहेको पाइन्छ। उनले भिन्न

---

[४०] प्रिस्टली, 'डिसएबिलिटी एन्ड लाइफ कोर्स ग्लोबल पर्सपेक्टिभ', पूर्ववत्, पृ १८

[४१] तिच्कस्की, सन् २००३,*डिसएबिलिटी, सेल्फ एन्ड सोसाइटी,* लन्डनः युनिभर्सिटी अफ् टोरन्टो प्रेस, पृ १०

[४२] लेनार्ड जे डेविस, सन् २००२, *बेण्डिङ ओभर ब्याकवाड्र्सः डिसएबिलिटी, डिसमोडर्निज्म एन्ड अदर डिफिक्लट पोजिसन,* न्यु योर्कः न्यु योर्क युनिभर्सिटी प्रेस, पृ १९७ - १९८

[४३] कोलिन बार्न्स, जियोफ मर्सर र टोम शेक्सपियर (सम्पा), सन् १९९९, *एक्सप्लोरिङ डिसएबिलिटीः अ सोसियोलजिकल इन्ट्रडक्सन,* क्याम्ब्रिजः पोलिटी प्रेस, पृ. १४

[४४] टोम सेक्सपियर, सन् २०१७, *डिसएबिलिटीः द बेसिक्स,* लन्डन एन्ड न्यु योर्कः रुटलेज, पृ १

क्षमतालाई परिचयको एउटा श्रेणी मान्दै यदि लामो समयसम्म बाँचे प्रत्येक मानिस त्यस श्रेणीभित्र पर्नेछन् भन्ने विचार व्यक्त गरेका छन्।[४५] यसका अतिरिक्त पारस्परिक सम्बन्धले पनि भिन्न क्षमतालाई सार्वभौमिक अनुभूति वा सत्यका रूपमा परिभाषित गरेको देखिन्छ। यदि घरपरिवार, शाखासन्तान वा छरछिमेकका कोही मानिस भिन्न क्षमतायुक्त छन् भने त्यस मानिसको दैनिक जीवनशैली पारस्परिक सम्बन्धका आधारमा अनुभूत हुन्छ भन्ने विद्वान्हरूको भनाइ रहेको पाइन्छ। यसरी नै सार्वजनिक स्थानहरूमा बस्ने दृष्टिहीन, वाक्शक्तिहीन र विकृत मानिसहरूको दैनिक अवस्थाबाट उत्पन्न हुने पारिवेशिक प्रभावका कारण पनि भिन्न क्षमतालाई अनुभूत गर्न सकिन्छ। यसर्थ भिन्न क्षमता व्यापक रूपमा सार्वभौमिक अनुभूतिको विषय हो किनभने विश्वको कुनै पनि समाज भिन्न क्षमताविहीन रहेको देखिँदैन।

### २.३ भिन्न क्षमताका प्रकार र वर्गीकरण

भिन्न क्षमतालाई मूलतःपाँचवटा प्रकारमा वर्गीकरण गर्न सकिन्छ। ती हुन्- शारीरिक भिन्न क्षमता, मानसिक भिन्न क्षमता, विकासात्मक भिन्न क्षमता, ऐन्द्रिक भिन्न क्षमता र बौद्धिक एवम् संज्ञानात्मक भिन्न क्षमता।

**२.३.१ शारीरिक भिन्न क्षमताः** मानिसको शरीरसित सन्बन्धित कुनै पनि विकार वा आङ्गिक दुर्बलतालाई शारीरिक भिन्न क्षमता भनिन्छ। यसले मानिसको बाह्य अवस्थाबारे सूचना दिन्छ। अतः बाह्य रूपमा देखापर्ने सबै प्रकारका विकृति वा कमीकमजोरीहरू शारीरिक भिन्न क्षमताका लक्षण हुन्। जस्तै- लङ्गडोपन, लुलोपन, डुँडोपन, खुँडोपन, छ्याकोपन, नसो, मेरुदण्ड र हड्डीसम्बन्धी विभिन्न रोगहरू आदि।

[४५] माइकल डेभिडसन, सन् २००६, युनिभर्सल डिजाइन्, द वर्क अफ् डिसएबिलिटी इन् एन् एज अफ् ग्लोबलाइजेसन, *द डिसएबिलिटी स्टडिज् रिडर* (सम्पा लेनार्ड जे डेविस), न्यु योर्क एन्ड लन्डनः रुटलेज, पृ ११८

**२.३.२ मानसिक भिन्न क्षमताः** शारीरिक भिन्न क्षमताले शरीरसम्बन्धी विकारहरूलाई बुझाएझैं मानसिक भिन्न क्षमताले मनसित सम्बन्धित विकारहरूलाई बुझाउँछ। विभिन्न प्रकारका मानसिक विमारीहरू, बौद्धिक असक्षमता, असन्तुलित व्यवहार, अधिक उत्तेजना, मन्दबुद्धि आदि मानसिक भिन्न क्षमताका उपज हुन्। यसले गर्दा मानिसको बोल्ने, तर्क गर्ने, सोच्ने, कुनै पनि कुराको प्रतिक्रिया गर्ने आदि कार्यहरूमा वाधा उत्पन्न हुन्छ र त्यस्ता मानिसहरू अन्यको तुलनामा असन्तुलित, विक्षिप्त वा सन्कीका रूपमा चिह्नित हुन्छन्।

**२.३.३ विकासात्मक भिन्न क्षमताः** विकासात्मक भिन्न क्षमताको सम्बन्ध शारीरिक एवम् मानसिक दुवै प्रकारको विकास प्रक्रियासँग रहेको पाइन्छ। शरीरका कतिपय इन्द्रिय वा अङ्गहरू सटीक रूपमा विकसित नहुनु वा अत्यधिक रूपमा विकसित हुनु, स्नायुसम्बन्धी विकार देखा पर्नु, बुद्धि ह्रास हुनु आदि विकासात्मक भिन्न क्षमताका लक्षणहरू हुन्।

**२.३.४ ऐन्द्रिक भिन्न क्षमताः** ऐन्द्रिक भिन्न क्षमता शारीरिक भिन्न क्षमताको एउटा प्रकार हो। यसले विभिन्न प्रकारका इन्द्रियसम्बन्धी विकारहरूलाई बुझाउँछ। मानवशरीरका विभिन्न इन्द्रियहरू विकारग्रस्त भए ऐन्द्रिक भिन्न क्षमताका लक्षणहरू देखा पर्छ। यसअन्तर्गत दृष्टिहीनता, वाक्शक्तिहीनता, श्रवणशक्तिहीनता, घ्राणशक्तिहीनता, चर्मसम्बन्धी विकार आदि प्रमुख रहेका पाइन्छन्।

**२.३.५ बौद्धिक एवम् संज्ञानात्मक भिन्न क्षमताः** संज्ञान भनेको कुनै पनि कुरा सिकेपछि प्राप्त भएको ज्ञान हो। यसले विभिन्न प्रकारका मानसिक प्रक्रियाहरूलाई बुझाउँछ। यसअन्तर्गत अवधारणा निर्माण प्रक्रिया, ध्यान प्रक्रिया, अधिगम वा स्मरण प्रक्रिया, भाषा प्रक्रिया, भावोन्मुलन प्रक्रिया, तार्किक समस्या समाधान प्रक्रिया आदि प्रमुख रहेका पाइन्छन्। विशेषतः कुनै पनि विषयको सम्पर्कमा रहेर त्यसलाई चिन्ने प्रयत्न गर्नु तथा

त्यस सम्बन्धी स्मरण र व्याख्या गर्ने क्षमता निर्माण गर्नु आदि पक्षहरू संज्ञानात्मक विकासका प्रक्रियाभित्र पर्छन्। यसैले संज्ञानात्मक विकासलाई मानसिक विकास पनि भन्ने गरेको पाइन्छ। यस दृष्टिले कुनै पनि विषयलाई बुझ्ने, सिक्ने, अवधारणा निर्माण गर्ने, भाव वा विचार व्यक्त गर्ने तथा तर्क उठान गर्ने मानवीय क्षमतामा ह्रास आउनुलाई संज्ञानात्मक भिन्न क्षमता भनिन्छ।

**२.४ अवस्थाविशेषका आधारमाः** अवस्थाविशेषका आधारमा भिन्न क्षमतालाई निम्न प्रकारहरूमा वर्गीकरण गरेर हेर्न सकिन्छ-

**२.४.१ गतिहीन भिन्न क्षमताः** गतिहीन भिन्न क्षमता शीरीरिक भिन्न क्षमताको एउटा प्रकार हो। यसले शरीरको गतिमा अवरोध सृष्टि गर्छ। यस प्रकारको भिन्न क्षमताद्वारा पीडित मानिसहरू सामान्य रूपमा हिँड्डुल गर्न, कामकुराहरू गर्न तथा शारीरिक कसरत गर्नमा असमर्थ हुन्छन्। यस्ता मानिसहरूद्वारा सञ्चालित प्रत्येक कामकुरा नै सुस्त र गतिहीन रूपमा देखा पर्छ। यसमा लङ्गडोपन, लुलोपन, कुँजोपन, डुँडोपन आदि अवस्थाहरूलाई उदाहरणका रूपमा लिन सकिन्छ। जस्तै- *लङ्गडाको साथी* उपन्यासको लङ्गडा पात्र।

**२.४.२ संरचनात्मक भिन्न क्षमताः** संरचनात्मक भिन्न क्षमताको सम्बन्ध शरीरको कुनै पनि अङ्ग उमेरअनुसार अविकसित हुनु वा अधिक मात्रामा विकसित हुनुको अवस्थासँग रहेको पाइन्छ। यो शारीरिक भिन्न क्षमताकै एउटा प्रकार हो। यसमा एकातिर शारीरिक विकासको प्रक्रिया ठप्प हुनका साथै शरीरका विभिन्न अङ्गहरू विकृतिको अवस्थामा पुग्छन् भने अर्कातिर शरीरको कुनै एउटा अङ्गमात्र तीव्र रूपमा विकसित हुन्छ। एम एम गुरुङद्वारा लिखित 'जार' कथाको बलबीरलाई आंशिक रूपमा संरचनात्मक भिन्न क्षमता भएको पात्र मान्न सकिन्छ।

**२.४.३ भावनात्मक भिन्न क्षमताः** विभिन्न प्रकारका मानसिक अन्तर्द्वन्द्वहरूको कारण भावानात्मक रूपले पीडित रहनु र अन्यभन्दा फरक अवस्थामा जीवन निर्वाह गर्नु

भावानात्मक भिन्न क्षमताको लक्षण हो। यस्ता लक्षण भएका मानिसहरू अत्यन्तै संवेदनशील हुन्छन् र सधैं आफ्नै कल्पनाको संसार सृष्टि गरेर त्यसमा रम्ने स्वभावका हुन्छन्। यो मानसिक भिन्न क्षमताको एउटा प्रकारविशेष हो। इन्द्र सुन्दासको 'अद्‌भुत रोग' कथाको प्रेमनाथ, *शिरीषको फूल*की सकम्बरी, *अतृप्त* उपन्यासको मेघराजआदि यसै वर्गका पात्रहरू हुन्।

**२.४.४ सामाजिक भिन्न क्षमताः** सामाजिक भिन्न क्षमताको सम्बन्ध पनि मानसिक भिन्न क्षमतासितै रहेको पाइन्छ। प्रतिकूल सामाजिक वातावरण र आनुवंशिकताका कारण सामाजिक भिन्न क्षमताको लक्षण देखा पर्छ। यस्तो भिन्न क्षमताद्वारा पीडित मानिसहरूको आचरण सामान्य मानिसको भन्दा फरक हुन्छ। उनीहरू समाजमा स्थापित मूल्य, मान्यता, विभिन्न परम्पराहरू र विचारहरूप्रति सधैं उदासीन रहनाका साथै र आक्रमक भएर देखा पर्छन्। उदाहरणका रूपमा 'मैले सरिताको हत्या गरें' कथाको 'म' पात्र, *अनुराधा* उपन्यासकी अनुराधा, *शिरीषको फूल*की सकम्बरी आदिलाई लिन सकिन्छ।

**२.४.५ सिकाइ वा अधिगम भिन्न क्षमताः** सिकाइ वा अधिगम भिन्न क्षमताको सम्बन्ध अभिग्रहण क्षमतासित रहेको पाइन्छ। यसले मानिसको पढ्ने, बुझ्ने, लेख्ने, सुन्ने, सोच्ने, ग्रहण गर्ने आदि क्षमताहरूमा देखा परेका विकृतिहरूलाई बुझाउँछ। बौद्धिक अक्षमता, तार्किक अक्षमता, मन्दबुद्धि, लेखनकौशलमा ह्रास आदि सिकाइ वा अधिगम भिन्न क्षमताका विशेष लक्षण रहेको पाइन्छ। यो बौद्धिक एवम् संज्ञानात्मक भिन्न क्षमताको एउटा प्रकार हो। *ब्रह्मपुत्रको छेउछाउ* उपन्यासकी मुनामा यस प्रकारको भिन्न क्षमता पाइन्छ।

**२.४.६ असन्तुलित भिन्न क्षमताः** असन्तुलित भिन्न क्षमताले मानिसको व्यवहारमा देखा पर्ने विकृतिलाई बुझाउँछ। यस प्रकारको भिन्न क्षमता भएका मानिसहरूले आफ्नो मनभित्रका आवेग र संवेगहरूलाई शान्त र सन्तुलित राख्न सक्दैनन्। उनीहरू कुनै पनि घटना,

स्थिति वा परिस्थितिको प्रतिक्रियामा अधिक उत्तेजित वा आक्रमक भएर देखा पर्छन्। *अनुराधा* उपन्यासका कोमलमान र अनुराधा यस्तै पात्रहरू हुन्।

**२.४.७ आर्थिक भिन्न क्षमताः** धेरैजस्ता मानिसहरू आर्थिक कमजोरीका कारण कुपोषणका सिकार बन्छन्। यस्ता मानिसहरू शारीरिक तथा मानसिक दुवै रूपले कमजोर हुन्छन्। आर्थिक रूपले विपन्न मानिसहरूका शरीरमा विभिन्न प्रकारका घाउखटिरा र रोगहरू देखा पर्छन्। शरीरका विभिन्न अङ्गहरूको विकास पनि ठिकसितले हुन सक्दैन। शरीरको हड्डी बलियो नहुनु, कपालको रङ स्वाभाविक नहुनु, अनुहारमा चाया र दागहरू देखा पर्नु आदि आर्थिक भिन्न क्षमतासित सम्बन्धित लक्षणहरू हुन्। पूर्ण राईको 'सङ्लो सपनाः धमिलो संसार' कथामा चित्रित राजु र लङ्गडो युवक साथै कुमार ज्ञवालीको 'अक्षमता' कथामा चित्रित दृष्टिहीन युवतीहरू आर्थिक भिन्न क्षमता भएका पात्रहरू हुन्।

**२.५ घटनाविशेषका आधारमाः** घटनाविशेषका आधारमा भिन्न क्षमतालाई छवटा प्रकारमा वर्गीकरण गर्न सकिन्छ। ती यस प्रकार छन्-

**२.५.१ जन्मजात भिन्न क्षमताः** कतिपय मानिस जन्मँदै विभिन्न प्रकारका शारीरिक विकृतिले ग्रस्त हुन्छन्। यिनै विकृतिका कारण त्यस्ता मानिसहरूमा उमेर बढ्दै गएपछि मानसिक विचलन वा असन्तुलन देखा पर्छ। यसरी जन्मदेखि नै असामान्य रूपमा देखा पर्ने शारीरिक रूपरचनालाई जन्मजात भिन्न क्षमता भनिन्छ। *नरेन्द्र दाइ* उपन्यासकी गौरी यस्तै भिन्न क्षमता भएकी पात्रा हो।

**२.५.२. आकस्मिक भिन्न क्षमताः** आकस्मिक भिन्न क्षमताको सम्बन्ध कुनै प्रकारको दुर्घटना, प्राकृतिक प्रकोप, आफुमाथि भएको दुर्व्यवहार वा विश्वासघात आदिसँग हुन्छ। कुनै स्थानमा अचानक लडेर हातखुट्टा भँचाइपठाउनु, आँखा फुटाउनु वा शरीरको कुनै पनि अङ्ग गुमाउनुदेखि लिएर गाडी दुर्घटना, रेल दुर्घटना, आगलागी, भलपहिरो, भुइँचालो आदिमा परेर शारीरिक रूपले विकृतियुक्त हुनु आकस्मिक भिन्न क्षमताका उदाहरणहरू

हुन्। यसबाहेक विभिन्न प्रकारका विश्वासघात र दुर्व्यवहारका कारण मानसिक रूपले विक्षिप्त हुनु जस्तो घटना पनि आकस्मिक भिन्न क्षमताकै लक्षणभित्र पर्छ। विन्द्या सुब्बाको 'वैशाखी र एउटा नयाँ बाटो यो' कथामा चित्रित ऋषि साथै गौरी नेम्बाङको 'अपाङ्गकी सङ्गिनी' कथाको राजेश आकस्मिक भिन्न क्षमताद्वारा पीडित पात्रहरू हुन्।

**२.५.३ युद्धपीडित भिन्न क्षमताः** कुनै पनि युद्धमा परेर शरीरको महत्त्वपूर्ण अङ्ग गुमाउनु वा शारीरिरक रूपरचनामा विकृति आउनु नै युद्धपीडित भिन्न क्षमता हो। विश्वमा घरीघरी भइरहने विनाशकारी युद्धका कारण धेरै सङ्ख्यामा मानिसहरू भिन्न क्षमताका सिकार बन्न पुगेको ऐतिहासिक तथ्यहरू पाइन्छन्। यसरी युद्धको चपेटमा परेर पक्षघात, लङ्गडोपन, कुँजोपन, डुँढोपन, अन्धोपन आदिका सिकार बन्ने अधिकांश मानिसहरू मानसिक रूपले पनि असन्तुलित हुन पुग्छन्। भोलानाथ गुरुङको 'समर्पण' कथाको ठुला, र *ब्रह्मपुत्रको छेउछाउ*को गुमाने यसै वर्गका पात्रहरू हुन्।

**२.५.४ रोगपीडित भिन्न क्षमताः** मानिसको शरीर र मनमा लाग्ने विभिन्न रोगहरूलाई भिन्न क्षमताका प्रमुख कारण मानिन्छ। जस्तै उच्च रक्तचापका कारण मानिस पक्षघातका सिकार बन्छन् भने मधुमेहका कारण अन्धोपन र गतिहीनताका सिकार बन्छन्। यस प्रकार विभिन्न रोगहरूद्वारा उत्पन्न तनाउले गर्दा मानिसहरू शारीरिक रूपले विकृत र मानसिक रूपले असन्तुलित बन्न पुग्छन्। यस प्रकारको भिन्न क्षमतालाई रोगपीडित भिन्न क्षमता भनिन्छ। जस्तै- प्रकाश कोविदको 'पत्थर' कथाको 'म' पात्र, प्रदीप गुरुङको 'बूढो र गाउड' कथाको बूढो, विन्द्या सुब्बाको 'वैशाखी र एउटा नयाँ बाटो यो' कथाकी इन्दु आदि।

**२.५.५ वृद्धतापीडित भिन्न क्षमताः** मानिसको जीवनमा उमेर र समयलाई एकाअर्काका सम्पूरक मानिन्छ। उमेरको प्रवाहसँगै मानिसको शरीरमा अवस्थित विभिन्न इन्द्रिय र ऊत्तकहरू पनि निस्क्रिय बन्छन्। *द डिसएबिलिटी ह्यान्डबुक* नामक पुस्तकअनुसार उमेर

र समयको कारण मानिसको जीवनमा धेरैकुरा परिवर्तित हुन्छ जहाँ मानिसहरू सामान्य रूपमा घुमफिर गर्न नसक्ने, आँखा नदेख्ने, कान नसुन्ने आदि समस्याहरूका सिकार बन्छन्।[४६] यसबाहेक कपाल र दाह्रीजुङ्गा फुल्नु, दाँत झर्नु, स्मरण शक्तिमा ह्रास आउनु आदि लक्षणहरू पनि देखा पर्छन्। यसरी उमेरअनुसार मानिस शारीरिक एवम् मानसिक रूपले असामान्य बन्ने अवस्थालाई वृद्धतापीडित भिन्न क्षमता भनिन्छ। विन्द्या सुब्बाको 'घर' शीर्षक कथामा चित्रित वृद्धा यस्तै भिन्न क्षमता भएकी पात्रा हो।

**२.५.६ पारिवेशिक भिन्न क्षमताः** मानिसको जीवनमा परिवेश सबैभन्दा प्रभावकारी तत्त्व हो। यससित मानिसका विभिन्न क्रियाकलापहरू सम्बद्ध रहेका हुन्छन्। अतः परिवेशमा आकस्मिक रूपमा आएको परिवर्तन वा प्रतिकूल अवस्थाले गर्दा मानिस भिन्न क्षमताका सिकार बन्न पुग्छन्। लघुताभास, अधिक संवेदना, भावानात्मक अस्थिरता आदि प्रतिकूल परिवेशले गर्दा उत्पन्न हुने समस्याहरू हुन्। यस्तो स्थितिमा मानिस शारीरिक रूपले भन्दा धेरै मानसिक रूपले पीडित हुन्छन्।

## २.६ भिन्न क्षमताका कारणहरू

भिन्न क्षमतायुक्त हुनका पछि विभिन्न घटनाहरू कारकतत्त्वका रूपमा रहेका पाइन्छन्। सुसान विन्डेलअनुसार समाजमा भइरहने विभिन्न प्रकारका प्राणघातक अपराधहरूले मानिसलाई भिन्न क्षमताको स्थितिमा पुऱ्याउँछन्।[४७] यस्ता अपराधहरूमा आफैलाई बन्दुक, छुरी वा कुनै हतियारले प्रहार गर्नु, दण्डित हुनु, पिटिनु, बलात्कृत हुनु जस्ता घटनाहरू पर्दछन्। विन्डेलले युद्ध, दुर्घटना, प्राकृतिक सम्पदाको विनाश, गरिबी, पारिवारिक लापार्वाही, जनसङ्ख्यामा भइरहेको वृद्धि आदिका कारण पनि भिन्न क्षमताको

---

[४६] मेन्सलएल्वार्ड, पिटर डेविस र मोइरा हेन्डर्सन(सम्पा), सन् १९९८, *द डिसएबिलिटी ह्यान्डबुक*, लन्डनः डिपार्टमेन्ट अफ् सोसियल सेकुरिटी, डिएसएस मेडिकल ग्रुप, पृ २६

[४७] विन्डेल, 'द रिजेक्टेड बडी, फेमिनिस्ट फिलोसफिकल रिफ्लेक्सन अन् डिसएबिलिटी',पूर्ववत्, पृ ३६

अवस्था सिर्जना हुन्छ भनेकी छन्।[४८] ड्यान गुड्लीको विचारमा सशस्त्र युद्ध वा हिंसा, कुपोषण, जनसङ्ख्यामा वृद्धि, बालश्रम, दरिद्रता आदि भिन्न क्षमताका प्रमुख कारणहरू हुन्।[४९] यस सन्दर्भमा मार्क प्रिस्टलीको विचार केही भिन्न रहेको पाइन्छ। उनले अधिकांशतः भिन्न क्षमताको अवस्था युद्धले गर्दा सिर्जना हुन्छ भन्ने मत प्रकट गरेका छन्। प्रिस्टलीअनुसार विश्वका विभिन्न भागहरूमा भइरहने युद्ध नै भिन्न क्षमताको प्रमुख कारण रहेकोले विश्वशान्ति यसको अहम् मुद्दा बनेको देखिन्छ।[५०] यस अतिरिक्त समाजमा प्रचलित लोकविश्वास, धार्मिक आस्थालगायत चिकित्सावैज्ञानिक मान्यताहरूका आधारमा भिन्न क्षमताका कारणहरूलाई निम्न प्रकारले छुट्ट्याएर हेर्न सकिन्छ-

### २.६.१ लोकविश्वासमा आधारित कारणहरू

लोकविश्वास लोकवार्ताको एउटा महत्त्वपूर्ण पाटो हो। लोकले परम्परादेखि मान्दै र विश्वास गर्दै ल्याएका कुराहरू लोकविश्वासअन्तर्गत पर्दछन्। चुडामणि बन्धुअनुसार लोकको आफ्नै प्रकारको विश्वास र मान्यता हुन्छ जसको निर्वाहण उनीहरूले प्राचीन कालदेखि अहिलेसम्म पनि गर्दै आइरहेका छन्।[५१] लोकविश्वास विज्ञानजस्तो तथ्यमा आधारित हुँदैन। यसमा मानिसले लामो समयदेखि आर्जन गर्दै आएको अनुभव तथा जीवन र जगत्मा भएका स्वभाविक-अस्वभाविक सबै थरीका घटनाहरूको तालमेल रहन्छ। यो मानिसको जीवन भोगाइद्वारा निःसृत हुन्छ। मानिसले विभिन्न कालखण्डहरू पार गर्दै जङ्गली बर्बर अवस्थादेखि विकासयुगका विभिन्न चरणहरूमा आइपुग्दासम्म अनेक प्रकारका कुराहरूलाई भोगाइद्वारा नै बुझ्दै, सिक्दै र अर्थ दिँदै आएको पाइन्छ। समाजमा घटित हुने कुनै पनि घटना वा कुनै पनि कुराका पछिल्तिर के कस्ता कारणहरू हुन

---

[४८] पूर्ववत्, पृ ५८ - ६०

[४९] ड्यान गुड्ली, सन् २०११, *डिसएबिलिटी स्टडिज् एन् इन्टर्डिसिप्लिनरी इन्ट्रडक्सन,* लन्डनः सेज पब्लिकेशन, पृ १

[५०] मार्क प्रिस्टली, 'डिसएबिलिटी एन्ड लाइफ कोर्स ग्लोबल पर्सपेक्टिभ', पूर्ववत्, पृ ७

[५१] चुडामणि बन्धु, विसं २०६६, *नेपाली लोकसाहित्य,* काठमाडौः साझा पुस्तक प्रकाशन, पृ १५

सक्छन् भन्ने प्रश्नको वस्तुनिष्ट उत्तर खोज्ने क्रममा मानिसले सम्भावनाका प्रत्येक युक्तिहरू जुटाएका छन्। यिनै युक्तिहरूमध्ये 'तथ्यहीन सत्य' भन्ने रूपमा लोकविश्वासको गठन भएको पाइन्छ। यसअन्तर्गत भिन्न क्षमताबारे पनि विभिन्न धारणाहरू विद्यमान रहेका पाइन्छन्। विश्वभरिका समाज र समुदायमा एउटै प्रकारको लोकविश्वास नरहेझैं भिन्न क्षमतासम्बन्धी धारणाहरू पनि एकसमान रहेका पाइँदैनन्। यसैले भिन्न क्षमताका लोकविश्वाससम्मत् कारणहरूबारे खोजी गर्ने क्रममा यहाँ विशेषतः नेपाली समाजलाई आधारभूमि मानिएको छ। नेपाली समाजमा व्याप्त लोकविश्वासअन्तर्गत हाडनातामा हुने सम्बन्ध, सगोत्रीय सम्बन्ध,अमानवीय आचरण, अनुचित कार्यको परिणाम आदिलाई भिन्न क्षमताका कारण मानिएको पाइन्छ।

**२.६.१.१ हाडनातामा हुने सम्बन्धः** नेपाली समाजमा हाडनातामा हुने सम्बन्धलाई भिन्न क्षमताको कारण मानिन्छ। हाडनाता भन्नाले शास्त्रीय मर्यादा, नीतिनियम तथा वैधानिक मान्यताका आधारमा एउटै वंश वा रगतको नातागोता भन्ने बुझिन्छ। यसलाई अङ्ग्रेजीममा 'इन्सेस्ट' भनिन्छ। चेलीमाइती, बाबुछोरी, काकाभतीजी अथवा रगतको साइनो पर्ने कुनै पनि पुरुष-स्त्रीमाझ शारीरिक सम्बन्ध स्थापित हुनु वा विवाह कार्य सम्पन्न हुनु हाडनातामा हुने सम्बन्ध हो। यस किसिमको सम्बन्धलाई समाजका दृष्टिमा मात्र नभएर कानूनका दृष्टिमा पनि पूर्णतया अनैतिक र आपराधिक कार्य मानिन्छ। यदि कसैले समाजको नियमविरुद्ध गएर आफ्नै रगतको साइनो पर्ने व्यक्तिसँग शारीरिक सम्बन्ध राखे वा विवाह गरे उनीहरूलाई छितकीपातकीका रूपमा हेर्ने गरिन्छ। त्यस्ता छितकीपातकीहरूको समागमबाट हुने जैजन्म असाधारण प्रकारको हुन्छ भन्ने लोकविश्वास नेपाली समाजमा युगौंदेखि नै स्थापित रहेको पाइन्छ। यसर्थ निधारमा आँखा भएको, दुईवटा मुख भएको, भुँडीबाट हात वा खुट्टा निस्केको, जन्मिँदै दाँत, कपाल, नङ्आदि लामो भएको आदि अद्‌भुत बनावटका साथ जन्मेका शिशुहरूलाई हाडनातामा भएको अनैतिक सम्बन्धको परिणाम मानिन्छ।

**२.६.१.२ सगोत्रीय सम्बन्धः** हाडनातामा हुने सम्बन्धजस्तै सगोत्रीय सम्बन्ध पनि एउटै वंशज वा एउटै गोत्रमा हुने अनैतिक सम्बन्ध हो। यसले मूलतः एउटै पूर्वजबाट जन्मेको वा एउटै मान्छेको कुलमा जन्मेको भन्ने अर्थबोध गराउँछ। यसरी एउटै कुल वा गोत्रका पुरुष र स्त्रीबिच यौन सम्बन्ध स्थापित भए उनीहरूका सन्तान विभिन्न प्रकारका शारीरिक तथा मानसिक विकलताका सिकार हुन्छन् भन्ने लोकविश्वास रहेको पाइन्छ। यस प्रकारको सम्बन्ध ज्ञात-अज्ञात दुवै अवस्थामा हुने गर्दछ। यसैले पनि कुनै पुरुष-स्त्री माझ विवाह कार्य सम्पन्न गर्नअघि कुलगोत्रबारे जानकारी लिने प्रथा नेपाली समाजमा कायम रहेको पाइन्छ।

**२.६.१.३ अमानवीय आचरणः** अमानवीय आचरण भन्नाले मानिसको दर्जादेखि तल खसेर गरिएको भेदभावपूर्ण तथा क्रूर व्यवहार भन्ने बुझिन्छ। यसर्थ अमानवीय आचरणलाई पशुवत् व्यवहार पनि भनिन्छ। मानव अधिकारका मुद्दाले संसारमा सबै थरीका मानिसलाई समान अस्तित्व प्रदान गरेको छ। यस दृष्टिले धनी-गरिब, काला-गोरा, सपाङ्ग-अपाङ्ग, सबल-निर्बल जस्ता धारणाहरू केवल मानवसम्बन्धमा फाँटो ल्याउने कारकतत्त्वमात्र हुन्। यद्यपि सभ्यताका विभिन्न चरणहरू पार गर्ने क्रममा मानिस स्वकेन्द्रित बन्न थालेपछि आफ्नो रूपरङ, शक्ति, सौर्य आदिको अहङ्कारले ग्रस्त बन्न थालेको देखिन्छ। यसैको परिणामस्वरूप एउटा मानिसले अर्को मानिसलाई भिन्नताका दृष्टिले हेरेर नगन्य ठान्ने, हेप्ने, उपहास गर्ने जस्ता प्रवृत्तिहरू अमानवीय आचरणका रूपमा उग्र बनेका देखिन्छन्। यस्तो अमानवीय आचरणको फल सन्तान प्राप्त हुँदा विभिन्न विकृति वा विक्षिप्तताका रूपमा देखा पर्छ भन्ने लोकविश्वास पनि लामो समयदेखि नै नेपाली समाजमा रहेको पाइन्छ। यसैले शारीरिक रूपले अपाङ्ग वा मानसिक रूपले विक्षिप्त रहेका मानिसलाई हेरेर नहाँस्नू र उनीहरूलाई नजिस्काउनू भन्ने लोकोक्तिहरू समाजमा व्याप्त रहेका पाइन्छन्।

**२.६.१.४ अनुचित कार्यको परिणामः** शिशु गर्भमा रहेको समय बाबु वा आमाले कुनै प्रकारको अनुचित कार्य गरे त्यसको परिणाम शिशु जन्मँदा देखा पर्छ भन्ने लोकविश्वास नेपाली समाजमा विद्यमान रहेको पाइन्छ। यसमा विशेषतः जङ्गली पशुहरूको सिकार गर्ने, घरेलु वस्तुभावको हत्या गर्ने, बली दिने, सूर्यग्रहण वा चन्द्रग्रहण लागेको हेर्ने, आधा चन्द्रमा हेर्ने, अर्काको बारीबाट डल्ले खोर्सानी, फर्सी आदि चोर्ने जस्ता कार्यहरू पर्छन्। यिनै अनुचित कार्यको परिणामस्वरूप शिशु जन्मजात खुँडे, छ्याकटे, खोरण्डे, डल्ले, गान्टे हुन्छ भन्ने मान्यता रहेको पाइन्छ।

### २.६.२ धार्मिक विश्वासमा आधारित कारणहरू

धर्म भन्नाले मूलतः ईश्वर अथवा विभिन्न देवी-देवताहरूप्रतिको आस्था र विश्वाससँग सम्बन्धित दर्शन बुझिन्छ। यस दर्शनको विकास मानिसमा अतिप्राकृतिक रूपमा भएको पाइन्छ। सर्वप्रथम आफ्ना वरिपरिका बनजङ्गल, पाहाडपर्वत, खोलानाला, नीलो आकास, विस्तृत धर्ती, घाम, जून, तारा, फूल, ढुङ्गा आदि कुराहरूको अवलोकन गरेपछि मानिसको मनमा अदृश्य शक्तिसम्बन्धी धारणा प्रबल बनेर देखा परेको हो भन्ने ऐतिहासिक तथ्य पाइन्छ। यही अदृश्य शक्तिसम्बन्धी धारणाले मानिसलाई अतिप्राकृतिक सत्यको खोजीमा अग्रसर गराएर ईश्वर वा देवी-देवतासम्म पुऱ्याएको देखिन्छ। त्यसपछि मानिसहरूले संसारमा भइरहेका प्रत्येक घटनाहरूको व्याख्या धार्मिक मान्यता वा दर्शनका आधारमा गर्न थालेको देखिन्छ। यस प्रकार भिन्न क्षमता भएका मानिसहरूको शारीरिक तथा मानसिक अवस्थालाई पनि धार्मिक व्याख्याअन्तर्गत राखेर विशेषतः तिन प्रकारका कारणहरूको उल्लेख गरिएको पाइन्छ। ती हुन् —पुनर्जन्मवाद, ईश्वरप्रदत्त शरीरप्रतिको धारणा र इष्ट देवी-देवता र ऋषिमुनिहरूको श्राप।

**२.६.२.१ पुनर्जन्मवादः** एउटा जुनीमा गरेका पापकर्म र पुण्यकर्मको फल अर्को जुनीमा प्राप्त हुन्छ भन्ने धारणाद्वारा गठित विश्वास नै पुनर्जन्मवाद हो।स्वामी प्रपन्नाचार्यअनुसार

पुनर्जन्मवादको मूल भाव आत्मा अजर र अमर हुन्छ भन्ने आस्थासँग सम्बन्धित रहेको पाइन्छ जसले गर्दा पापको फल दुःख हो र पुण्यको फल सुख हो भन्ने मान्यता महत्त्वपूर्ण बनेर देखा परेको छ।[५२] मुख्यतः आत्मा अमर भएकोले जीवन एउटा जुनीबाट अर्को जुनीमा रूपान्तरित हुन्छ भन्ने मान्यताअनुरूप पुनर्जन्मवादको धारणा विकसित भएको देखिन्छ। यसले मानिसको जीवनमा देखा परेका कमीकमजोरी, दुर्बलता तथा असाधारण चारित्रिक विशेषताहरूलाई पूर्वजन्ममा गरेको कार्यको परिणति मान्दै आएको छ। यसर्थ एउटा जुनीमा गरेका गल्ती र असङ्गत कार्यहरूको परिणामस्वरूप मानिसले अर्को जुनी अपाङ्गका रूपमा रहेर बढो शास्तीपूर्वक व्यतीत गर्नुपर्छ भन्ने धार्मिक विश्वास रहेको पाइन्छ।

**२.६.२.२ ईश्वर प्रदत्त शरीरसम्बन्धी धारणाः** ईश्वरप्रदत्त शरीरसम्बन्धी धारणा १८ औं शताब्दीमा विकसित भएको पाइन्छ। सर्वप्रथम पारम्परिक रूपमा यस धारणाले आदर्श शरीर भन्ने अर्थलाई ग्रहण गरेको देखिन्छ। तिनताक आदर्श शरीर भन्नाले नग्न सौन्दर्य भन्ने बुझिन्थ्यो। यसैबाट कलाका क्षेत्रमा पुराकाव्यिक शरीर भन्ने धारणाको विकास भएको हो जसको अन्तर्सम्बन्ध ईश्वरको शरीर भन्ने अर्थसँग रहेको पाइन्छ। लेनार्ड जे डेविसअनुसार सन् १७८९ -मा फ्राङ्कोस आन्द्रे भिन्सेन्टले बनाएका चित्रहरूमा ग्रीककलाको सुन्दर अभिव्यक्ति पाइन्थ्यो जहाँ क्रोटोनिया सहरका युवतीहरूको शरीरलाई अनुहार र स्तनगत संरचनाका आधारमा सुन्दर भनी प्रस्तुत गरिएको देखिन्छ।[५३] यसरी प्राचीन चित्रकलाले स्त्रीसौन्दर्यको नमूना प्रस्तुत गर्ने क्रममा आदर्श शरीरसम्बन्धी धारणालाई निश्चित अर्थ र आयाम प्रदान गरेको देखिन्छ। ऐतिहासिक रूपमा आदर्श शरीरलाई ईश्वरप्रदत्त शरीर अर्थात् ईश्वरको बरदानस्वरूप प्राप्त भएको शरीर मानिन्छ।

[५२] स्वामी प्रपन्नचार्य, विसं २०४३, *वेदमा के छ?*,वाराणसीः प्रशान्त प्रकाशन, पृ १०

[५३] लेनार्ड जे डेविस (सम्पा), सन् २००६, कन्शट्रक्टिङ नर्मेल्सी, *द डिसएबिलिटी स्टडिज् रिडर,* दो सं, न्यु योर्क एन्ड लन्डनः रुटलेज, पृ ४

यसका विपरीत भिन्न क्षमतायुक्त शरीरलाई विरूप र विकृत मानिन्छ जसको अर्थ ईश्वरको दण्डस्वरूप प्राप्त भएको शरीर भन्ने हो।

**२.६.२.३ इष्ट देवी-देवता, माता-पिता वा ऋषिमुनिहरूको श्रापः** इष्ट भन्नाले वाञ्छनीय अर्थात् आफुले चाहेको भन्ने अर्थबोध हुन्छ। यसर्थ इष्ट देवी-देवता भन्दा आफुले चाहेको देवी-देवता भन्ने बुझिन्छ। संसारमा मानिसहरू विभिन्न जातगोष्ठी, विभिन्न सम्प्रदाय र विभिन्न खेमामा विभाजित छन्। ती सबैका आ-आफ्नै इष्ट देवी र देवताहरू पनि छन् जसको पूजाअर्चना गरेर मानिसहरूले बलबिन्ती माग्ने गर्छन्। यदि इष्ट देवी-देवताको पूजाअर्चनामा कुनै प्रकारको कमी भए अथवा जीवन अनुसरणमा कुनै प्रकारको भूलचुक भए ती इष्ट देवी-देवताहरू रिसाउँछन् र श्राप दिन्छन् भन्ने धार्मिक विश्वास पनि लोकमान्यताअनुरूप विकसित हुँदै आएको देखिन्छ। यसबाहेक जन्म दिने माता-पितालगायत आफ्नो जीवनलाई ईश्वरको चरणमा अर्पित गरेर सिद्धि प्राप्त गर्ने ऋषिमुनिहरू पनि देवी-देवताकै वर्गमा पर्छन्। यसकारण कतिपय गल्ती र आपराधिक कार्यहरूका निम्ति इष्ट देवी-देवता, माता-पिता वा ऋषिमुनिहरूद्वारा श्रापित भएर सामान्य मानिसभन्दा भिन्न र उपेक्षित जीवन यापन गर्न परेका पात्र-पात्राहरूबारे पौराणिक ग्रन्थहरूमा चर्चा भएको पाइन्छ। हिन्दु पुराकथाहरूमा वर्णित अश्वत्थमा, शिखण्डी, अष्टाबक्र, अहिल्या, कबन्ध, टाटका, हनुमान, महिसासुर,बकासुर आदि यसै कोटिका पात्रहरू हुन्।

### २.६.३ चिकित्साविज्ञानमा आधारित कारणहरू

चिकित्सावैज्ञानिक मान्यताअनुसार प्राचीनकालदेखि नै मानिसहरू शारीरिक तथा मानसिक रूपले योग्य र अयोग्यका रूपमा वर्गीकृत हुँदै आएका छन्।[५४] यसका पछि सामाजिक, सांस्कृतिक, धार्मिक, राजनैतिक, आर्थिक आदि अनेकौं कारणहरू रहेका पाइए तापनि

---

[५४] एम लिन रोज, सन् २००६, द डिफ एन्ड डम्ब इन् एन्सिएन्ट ग्रीस, *द डिसएबिलिटी स्टडिज् रिडर* (सम्पा लेनार्ड जे डेविस), न्यु योर्क एन्ड लन्डनः रुटलेज, पृ १७

वास्तवमा मानिसको शरीर र मनलाई प्रभावित पार्ने विभिन्न प्रकारका रोगहरू नै मुख्य कारण हुन् भन्ने कुरामा चिकित्सावैज्ञानिक मान्यता स्थापित भएको देखिन्छ। यसै मान्यताका आधारमा भिन्न क्षमताका अनेकौं कारणहरूको खोजी र व्याख्या भएको पाइन्छ। तीमध्ये केही प्रमुख कारणहरू यस प्रकार रहेका छन्-

**२.६.३.१ आनुवंशिकताः** आनुवांशिकता भनेको माता-पिता वा पूर्वजहरूको गुण वा लक्षण सन्तानमा अवतरण हुने प्रक्रिया हो। यस प्रक्रियाअनुसार माता-पिता वा पूर्वजहरूमा निहित रहेको गुण वा लक्षण डाइअक्सिराइबो न्युक्लिक एसिडद्वारा निर्मित जीन नामक गुणसूत्रको माध्यमबाट सन्तानमा अवतरित हुन्छ। यदि माता-पिता वा पूर्वजहरूमध्ये कोही भिन्न क्षमतापीडित छन् भने त्यो गुण वा लक्षण कुनै न कुनै पुस्तामा सरेर जान्छ भन्ने मान्यता चिकित्साविज्ञानमा रहेको पाइन्छ।

**२.६.३.२ गर्भावस्थामा हुने लापार्वाहीः** महिलाहरू गर्भवती अवस्थामा हुँदा उचित प्रकारको स्याहारसुसार नपुगे त्यसको प्रभाव गर्भमा भएको शिशुमाथि पर्छ र त्यस्तो शिशुको शरीरमा इन्द्रिय तथा कोशिकाहरूको विकास ठिकसँगले हुन सक्दैन। यसैको परिणामस्वरूप शिशुको जन्म अपाङ्गका रूपमा हुन्छ भन्ने चिकित्सावैज्ञानिक मान्यता रहेको पाइन्छ।

**२.६.३.३ कुपोषणः** कुपोषण भन्नाले शरीरमा पौष्टिक तथा आवश्यक खाद्यसामग्रीहरूको अभाव भन्ने बुझिन्छ। शारीरिक सुस्वास्थ्यका निम्ति मानिसको शरीरमा प्रत्येक इन्द्रिय, कोशिका र ऊत्तकहरूको समानुपातिक विकास हुनुपर्छ। यसका निम्ति खाद्यसामग्रीबाट प्राप्त हुने पोषक तत्त्वहरू आवश्यक हुन्छन्। शरीरमा ती पोषक तत्त्वहरूको अभाव भए शारीरिक विकास प्रक्रियामा बाधा उत्पन्न हुन्छ जसले गर्दा मानसिहरू भिन्न क्षमताको अवस्थामा पुग्छन्।

**२.६.३.४ पक्षाघातः** पक्षाघातलाई वायु रोग पनि भनिन्छ। यस रोगको कारण शारीरिक अङ्गहरूमा दुर्बलता आउनका साथै मानिसको बोल्ने र अनुभव गर्ने शक्ति पनि क्षीण भएर जान्छ। शरीरका विभिन्न भागहरूमा रगतको आपूर्ति हुन नसक्दा पक्षाघातको सोझो प्रभाव मेरुदण्ड र मस्तिष्कमा पर्छ। यसैले पक्षाघातका सिकार हुने मानिसहरू शारीरिक रूपले मात्र नभएर मानसिक रूपले पनि अपाङ्ग हुन सक्छन्।

**२.६.३.५ मस्तिष्कघातः** भिन्न क्षमताका विभिन्न कारणहरूमध्ये मस्तिष्कघात पनि एउटा प्रमुख कारण हो। मस्तिष्कका विभिन्न भागहरूमा क्षति पुगेको कारण मानिसको शरीरका विभिन्न अङ्गहरू निष्क्रिय बन्छन्। यस्तो अवस्थामा मानिसलाई पक्षाघात हुन्छ र त्यस्ता मानिसहरू भिन्न क्षमताको अवस्थामा पुग्छन्।

**२.६.३.६ पोलियोमाइलाइटिसः** पोलियोमाइलाइटिस पोलियो भाइरसद्वारा सङ्क्रमित हुने रोग हो। यस रोगको सोझो प्रभाव मस्तिष्क साथै खुट्टा र मेरुदण्डको हड्डीमा पर्ने भएकोले मानिसहरू पक्षाघात, लङ्गडोपन, कुँजोपन आदि भिन्न क्षमतायुक्त अवस्थाका सिकार बन्न पुग्छन्।

**२.६.३.७ अर्थराइटिस (जोर्नी रोग)**: जोर्नी रोग मुख्यतः युरिक एसिड्को कारण लाग्ने रोग हो। यसका कारण विशेष रूपमा हात र खुट्टाका जोर्नी आक्रान्त बन्न पुग्छन्। जोर्नीका हड्डीहरू सुन्निनु, बाङ्गिनु र गाँठो उठ्नु, अत्यधिक पीडा हुनु आदि यस रोगका लक्षणहरू हुन्। यस रोगले पीडित मानिसहरू सामान्य रूपमा हिँड्डुल गर्न र विभिन्न प्रकारका क्रियाकलापहरू गर्न असमर्थ हुन्छन्।

**२.६.३.८ मधुमेहः** मधुमेहलाई चिनीको रोग पनि भनिन्छ। रगतमा चिनीको मात्रा अधिक भएको खण्डमा यो रोग लाग्छ। यसमा इन्सुलिन नामक ग्रन्थीले काम गर्न छोड्छ र मानिसले भोजनका रूपमा ग्रहण गरेका विभिन्न खाद्यसामग्रीहरू कोशिकासम्म पुग्न सक्दैनन्। यसले हृदय, मृगौला, तन्त्रिका आदिलाई प्रभावित पार्नका साथै दृष्टिलाई विशेष

रूपमा क्षति पुऱ्याउँछ। यसैले मधुमेहको रोगद्वारा आक्रान्त हुने मानिसहरू विभिन्न रूपमा भिन्न क्षमतापीडित बन्न पुग्छन्।

**२.६.३.९ अन्य मानसिक रोगहरूः** मानिसको शरीरजस्तै मन पनि विभिन्न प्रकारका रोगहरूद्वारा पीडित हुन्छ। यस्तो रोगको कारण मानिसको संज्ञानात्मक तथा भावनात्मक स्तरमा कमी आउँछ र मानसिक विकारका लक्षणहरू देखा पर्छन्। चिकित्साविज्ञानमा मानसिक समस्या वा असन्तुलनको अवस्थालाई साइकोसिस, न्युरोसिस र डिमान्टिया गरेर तिन वर्गमा विभाजन गरिएको पाइन्छ। साइकोसिसअन्तर्गत विभ्रमको अवस्था (स्किजोफ्रेनिया) साथै द्विध्रुवीय विकार अर्थात् स्वभाव र व्यवहार परिवर्तित हुने अवस्था (बाइपोलर डिप्रेसन) पर्छन् भने न्युरोसिसअन्तर्गत सामान्यकृत चिन्ता विकार (ससाना कुरा वा विषयमा चिन्ता गरेर बस्ने अवस्था), तीव्र चिन्ता विकार (एकदमै छिटो चिन्तित हुने डराउने), अब्सेसन वा आवेग विकार (कुनै पनि कुरा गरिहाल्न चाहने अवस्था), व्यक्तित्व विकार (एउटै व्यक्तिमा विभिन्न रूपहरू देखापर्ने अवस्था), हिस्टेरिया आदि पर्छन्। यसरी नै डिमान्टियाअन्तर्गत खाद्यविकार तथा ड्रग्स, मद्यपान आदिको सेवन पर्दछन्।[५५]

उपर्युक्त कारणहरूबाहेक चिकित्साविज्ञानका क्षेत्रमा अनेकौं रोगहरूबारे चर्चा भएको पाइन्छ जसले मानिसलाई सामान्य अवस्थाबाट भिन्न क्षमताको अवस्थामा पुऱ्याउँछन्। तीमध्ये उच्च रक्तचाप, कर्करोग, क्षयरोग, मिर्गीरोग, हृदयघात, एड्स, अटिज्म आदि प्रमुख रहेका पाइन्छन्।

---

[५५] एल्वार्ड र अन्य,'*द डिसएबिलिटी ह्याण्डबुक*', पूर्ववत्, पृ २६

## २.७ भिन्न क्षमताको ऐतिहासिक पृष्ठभूमि, अध्ययन-परम्परा र विकासक्रम

### २.७.१ ऐतिहासिक पृष्ठभूमि

भिन्न क्षमता मानवसमाजको एउटा अभिन्न अङ्ग हो तथापि यसलाई परिधीय विषयका रूपमा हेर्ने दृष्टिकोण मानवसभ्यता सँगसँगै रूढ बन्दै आएको देखिन्छ। यसैले व्यष्टि रूपमा होस् वा समष्टि रूपमा भिन्न क्षमतायुक्त मानिसहरूको कुनै सामाजिक परिचय वा इतिहास रहेको पाइँदैन।[५६] डग्लस सी बेटनअनुसार भिन्न क्षमतालाई एकचोटि हेर्न सुरू गऱ्यो भने इतिहासमा जताजतै भिन्न क्षमतामात्र देखिन्छ तर यसलाई ओझेलमा राखिएको छ।[५७] अतः भिन्न क्षमताको अध्ययन-परम्परामा भिन्न क्षमताको इतिहास एउटा जटिल विषय बनेर देखा परेको छ। यसबारे उन्नाइसौं शताब्दीको पूर्वार्द्धसम्म कुनै वस्तुनिष्ठ अध्ययन वा अनुसन्धान भएको पाइँदैन। विद्वान्हरूले प्राचीन ग्रीस र रोमको इतिहास, बाइबलका पुराना नियमहरू, यहुदीहरूको समाज र संस्कृति, पौराणिक कथा, वास्तुकला, शिल्पकला, चित्रकला आदिको अध्ययन गर्ने क्रममा भिन्न क्षमताको ऐतिहासिक पृष्ठभूमिबारे प्रकाश पार्न खोजेका छन्। हेनरी ज्याक्स स्टिकर, रोय हान्स, टिम स्टिन्टन, एम लिन रोज, डेभिड टि टर्नर, केविन स्टग, इरिना मेज्लर आदिको अध्ययनबाट प्राचीन कालमा भिन्न क्षमतायुक्त मानिसहरूलाई अशुभ, अपवित्र, श्रापित, दुष्ट, दुर्भाग्यपूर्ण, दुर्भावनापूर्ण, प्रदूषित शरीर, हास्यस्पद, अयोग्य, असहाय आदि विविध अर्थहरूमा परिभाषित गर्ने प्रथा रहेको थाहा लाग्छ। यस किसिमका नकारात्मक अर्थहरूको आशय धर्म एवम् नीतिकेन्द्री विचारधाराद्वारा प्रभावित सामाजिक, सांस्कृतिक, राजनैतिक तथा आर्थिक अभ्यासहरूसँगै विभिन्न समुदायमाझ भइरहने युद्धसँग पनि रहेको पाइन्छ। हेनरी ज्याक्स

---

[५६] रोय हान्स, सन् २०१८, इन्ट्रडक्सन, *द रुटलेज हिस्ट्री अफ डिसएबिलिटी* (सम्पा रोय हान्स, इभन ब्राउन, न्यान्सी इ ह्यान्सन), न्यु योर्क एन्ड लन्डनः रुटलेज, पृ २

[५७] डग्लस सी बेटन, सन् २०१३, डिसएबिलिटी एन्ड द जस्टिफिकेसन अफ् इनइक्वालिटी इन् अमेरिकन हिस्ट्री, *द डिसएबिलिटी स्टडिज् रिडर,* चौ सं (सम्पा लेनार्ड जे डेविस), न्यु योर्क एन्ड लन्डनः रुटलेज, पृ ३०

स्टिकरअनुसार भिन्न क्षमतायुक्त मानिसहरूलाई अपवित्रताका कारणले भन्दा धेरै अयोग्यताका कारणले प्रत्येक युद्धहरूबाट टाडा राखिन्थ्यो।[५८] तिनताक विभिन्न नक्षका मानिसहरू विभिन्न प्रान्त र समुदायमा विभाजित भएकाले उनीहरूमाझ शक्ति र सत्ताका निम्ति प्रायः नै युद्धहरू भइरहने गर्थे। ती युद्धहरूमा आफ्नो पराक्रम देखाउन असमर्थ रहेका कारण भिन्न क्षमतायुक्त मानिसहरूलाई सामाजिक बोझ वा बाधाका रूपमा हेर्ने परम्परा विकसित भएको थाहा पाउन सकिन्छ।

इतिहासमा भिन्न क्षमतालाई विखण्डित रूपक भन्ने अर्थमा हेरिएको पाइन्छ। यसले मुख्यतः टुटेको, फुटेको, बिग्रेको, भत्केको, विध्वंस भएको भन्ने अर्थहरूलाई बुझाउँदै आएको छ। तसर्थ सामाजिक व्यवस्थाभित्र भिन्न क्षमतायुक्त मानिसहरूलाई छुट्टै वर्गका रूपमा हेर्ने दृष्टिकोण प्राचीन कालदेखि नै यथावत् रहेको पाइन्छ। लाङ्गमोरअनुसार प्राचीन कालमा होस् वा वर्तमान कालमा सामाजिक व्यवस्थाभित्र अभिन्न मानिएका मानिसहरूको दृष्टिकोण नै शासक बनेको देखिन्छ जसले भिन्न क्षमतालाई परिभाषित गर्दै आएको छ।[५९] यसकारण भिन्न क्षमता भन्नाले व्यक्तिमा निहित अक्षमता बुझिँदैन तर व्यापक रूपमा समाजको व्यवस्था बुझिन्छ भन्ने विद्वान्हरूको भनाइ रहेको छ। यस प्रकार प्राचीन कालदेखि नै भिन्न क्षमतालाई छुट्टै वर्ग वा निषेधित सङ्कथनका रूपमा परिभाषित गर्ने परम्परा विकसित हुनका पछि विभिन्न ऐतिहासिक घटनाहरू पृष्ठभूमिका रूपमा रहेका पाइन्छन्। तीमध्ये दान प्रथा, विरूप कला प्रदर्शनी, विचित्र रूप प्रदर्शनी, पहिलो र दोस्रो विश्वयुद्ध आदिलाई प्रमुख मान्न सकिन्छ।

शारीरिक एवम् मानसिक रूपले विकृत र बिमार रहेका मानिसहरूको सहयता गर्ने उद्देश्यले सुरू गरिएको दान प्रथा धार्मिक संरचनाको एउटा महत्त्वपूर्ण प्रक्रिया हो। यसले

---

[५८] स्टिकर, 'अ हिस्ट्री अफ् डिसएबिलिटी', पूर्ववत्, पृ २५

[५९] पाउल के लाङ्गमोर, सन् २००३, *वाइ आइ बर्न्ड माइ बुक्स एन्ड अदर इसेज् अन् डिसएबिलिटी,* फिलाडेल्फियाः टेम्पल युनिभर्सिटी प्रेस, पृ ७

भिन्न क्षमतायुक्त मानिसहरूलाई खाद्यान्न, वस्त्र, आवास, विद्यालय, अस्पताल आदिको सुविधा प्रदान गर्ने दिशामा सकारात्मक भूमिका निर्वाह गरेको देखिए तापनि अर्कोतिर उनीहरूलाई स्वनिर्भर बनाउनका साटो पराश्रित बनाइ भिखारीका रूपमा प्रस्तुत गरेको कुरालाई पनि नकार्न सकिँदैन। यसैकारण चार्टलनले दान प्रथालाई निर्भरता सृष्टि गर्ने माध्यम मानेका छन्।[६०] यसबाहेक अठारौँ शताब्दीको पूर्वार्द्धदेखि प्रचलनमा आएको ग्रोटेस्क्यु अर्थात् विरूप कला प्रदर्शनीले पनि भिन्न क्षमतालाई ऐतिहासिक रूपमा उपेक्षा र उपहासको विषय बनाएको देखिन्छ। थोमस व्राइटअनुसार विरूप कलाको सम्बन्ध दानवी रूपसँग रहेकोले यसको मूल स्रोत प्राचीन ग्रीस, रोम र इजिप्टका पौराणिक कथाहरूलाई मान्न सकिन्छ।[६१] व्राइटको यस भनाइअनुसार विरूप कलाको प्रचलन अठारौँ शताब्दीदेखि मात्र सुरू भएको देखिए तापनि यसको पृष्ठभूमि भने प्राचीन कालदेखि नै निर्माण भएको थाहा पाइन्छ।

विरूप कला प्रदर्शनीकै समानान्तर अठारौँ शताब्दीको उत्तरार्द्धदेखि विचित्र रूप प्रदर्शनीको इतिहास पनि गतिशील रहेको थाहा पाइन्छ। त्यस समय हात नभएका, टाउकोमा सिङ पलाएका, ऊँठजस्तो घाँटी भएका, बामपुड्के, भ्यागुते, जङ्गली आदि विचित्र रूप भएका मानिसहरूलाई मनोरञ्जन र व्यापारका साधनका रूपमा प्रयोग गरिन्थ्यो।[६२] यस प्रकार क्षमतायुक्त मानिसहरूको जीवनशैलीलाई सङ्केत गर्नका निम्ति विभिन्न चित्रकला र चटकहरूका माध्यमद्वारा विरूप, विकृत, अनौठो, अप्रिय, असङ्गत, मूर्ख, बेडौल, घृणास्पद, भयावह, सन्की, दानवी आदि विविध रूपहरूको प्रदर्शनी हुने गरेको घटनाबाट भिन्न क्षमताको ऐतिहासिक पृष्ठभूमिबारे थाहा पाउन सकिन्छ।

---

[६०] जेम्स आइ चार्टलन, सन् २०००, *नोथिङ अबाउट् अज् विदाउट् अज्, डिसएबिलिटी अप्रेसन एन्ड इम्पेयरमेन्ट,* बर्केली एन्ड लस एन्जल्सः युनिभर्सिटी अफ् क्यालिफोर्निया प्रेस, पृ ९३

[६१] थोमस व्राइट, सन् १८६५, *अ हिस्ट्री अफ् क्यारिकेचर एन्ड ग्रोटेस्क्यु,* लन्डनः भर्च्यु ब्रदर्स एन्ड कम्पनी, पृ ३-१९

[६२] एलि क्लेयर, सन् २००९, *एक्जाइल एन्ड प्राइड, डिसएबिलिटी, क्वेरनेस एन्ड लिबरेसन,* लन्डनः ड्युक युनिभर्सिटी प्रेस, पृ ८५

यसैगरी भिन्न क्षमतायुक्त हुनु भनेको आफ्ना परिवारजनका निम्ति मात्र नभएर सिङ्गो समाज र राष्ट्रका निम्ति नै बोझ हुनु हो भन्ने धारणा पहिलो र दोस्रो विश्वयुद्धको परिणामस्वरूप विकसित भएको देखिन्छ। लाङ्मोरअनुसार पहिलो विश्वयुद्धको प्रारम्भदेखि नै केही सन्ततिशास्त्रीहरूले 'इच्छामृत्यु'-को प्रचलन सुरू गरेका थिए।[६३] यसको प्रारम्भिक चरणमा अमेरिकन जेनेटिक्स एसोसिएसनले श्रवणशक्तिहीन, दृष्टिहीन, क्षयरोगी साथै विकासात्मक भिन्न क्षमता भएका मानिसहरूलाई समाजमा अनुपयुक्त मान्दै त्यसैको रोकथामका लागि बन्ध्याकरणसम्बन्धी नियमको खेस्रा तयार पारेको थाहा पाइन्छ। तीमध्ये केही सन्ततिशास्त्रीहरूले भिन्न क्षमतायुक्त मानिसहरूको वंशविस्तारलाई रोक्ने एउटै मात्र उपायका रूपमा 'इच्छामृत्यु'-को धारणालाई अङ्गीकार गरेको कुरा लाङ्गमोर, मिसेल, स्नाइडर प्रभृत विद्वान्हरूले गरेका छन्।

दोस्रो विश्वयुद्धपछि अमेरिकामा मात्र नभएर जर्मनीमा पनि 'इच्छामत्यु'-को प्रचलनले व्यापकता पाएको देखिन्छ। तिनताक नाजी सरकारद्वारा व्यवहारमा ल्याइएको 'अनुपयोगी उपभोक्ता'-को अवधारणालाई 'इच्छामृत्यु'-कै चरम् अवस्था मानिन्छ। मिसेल र स्नाइडरअनुसार जर्मनीमा २,४०,००० भन्दा धेरै भिन्न क्षमतायुक्त मानिसहरू लगायत युद्धमा घाइते बनेका सैनिकहरूलाई इच्छामृत्युको नाममा हत्या गरिएको थियो।[६४] यसैकारण भिन्न क्षमताको इतिहासमा 'इच्छामृत्यु'-लाई भयानक त्रासदी मानिन्छ।

### २.७.२ अध्ययन-परम्परा

भिन्न क्षमताबारे अध्ययन गर्ने परम्परा प्लेटोको समयदेखि नै विकसित भएको थाहा पाइन्छ। प्लेटोले भिन्न क्षमताबारे स्पष्ट रूपमा चर्चा गरेको नपाइए तापनि उनको सर्वश्रेष्ठ ग्रन्थ *रिपब्लिक*मा व्याख्यायित आदर्श नागरिकको अवधारणालाई भिन्न क्षमतासित जोडेर

---

[६३] लाङ्गमोर, 'वाइ आइ बर्न्ड माइ बुक्स एन्ड अदर इसेज् अन् डिसएबिलिटी', पूर्ववत्, पृ ३७

[६४] डेभिट टि मिसेल र स्यारोन एल स्नाइडर, सन् २००६, *कल्चरल लोकेसन अफ् डिसएबिलिटी,* सिकागोः द युनिभर्सिटी अफ् सिकागो प्रेस, पृ १२४

हेर्न सकिन्छ। *रिपब्लिक*को चौथौ अध्यायमा आदर्श राज्यबारे व्याख्या गर्दै प्लेटोले आदर्श नागरिकको अवधारणा प्रस्तुत गरेका छन्। उनको विचारमा आदर्श राज्य भन्नाले आदर्श नागरिकको आत्मको बाह्य स्वरूप बुझिन्छ। सामान्यतः मानिसको आत्म तिनवटा प्रमुख तत्त्व तृष्णा, साहस र ज्ञानद्वारा निर्मित हुन्छ र यिनै तिनवटा तत्त्वका आधारमा राज्यभित्र उत्पादक, सैनिक र शासक गरी नागरिकका तिनवटा वर्ग निर्धारण हुन्छ।[६५] प्लेटोले उक्त तिन प्रकारका नागरिकलाई क्षमता र आत्मतत्त्वका आधारमा विभाजन गरेका छन्। जस्तै- आर्थिक क्षमता र तृष्णा नामक आत्मतत्त्वका आधारमा उत्पादक वर्ग, सैन्य क्षमता र साहस नामक आत्मतत्त्वका आधारमा सैनिक वर्ग साथै दार्शनिक (बौद्धिक) क्षमता र ज्ञान नामक आत्मतत्त्वका आधारमा शासक वर्ग। यसरी आदर्श राज्यका निम्ति भिन्नाभिन्नै क्षमता भएका आदर्श नागरिकहरूको आवश्यकता पर्छ भन्ने प्लेटोको भनाइ रहेको पाइन्छ। उनको उक्त भनाइ भिन्न क्षमताका सन्दर्भमा व्याख्यायित आदर्श शरीरको अवधारणासित मिल्दछ किनभने कुनै एउटा वर्ग क्षमताहीन भए आदर्श राज्य निर्माण हुन सक्दैन भन्ने अवधारणाकै समानान्तर कुनै एउटामात्र अङ्ग विकृत भए पनि त्यस्तो शरीरलाई आदर्श शरीर मान्न सकिँदैन भन्ने भिन्न क्षमतासम्बन्धी अवधारणा रहेको पाइन्छ।

प्लेटोपछि उनका शिष्य एरिष्टोटलले केही प्रत्यक्ष र स्पष्ट रूपमा भिन्न क्षमताबारे चर्चा गरेको पाइन्छ। युनानी राजनीति र दर्शनमा आधारित रहेको उनको *पोलिटिक्स* भिन्न क्षमतासम्बन्धी व्याख्या भएको एउटा महत्त्वपूर्ण ग्रन्थ हो। यस ग्रन्थको प्रथम खण्डमा नगर राष्ट्रबारे अवधारणा प्रस्तुत गरिएको पाइन्छ। यसअन्तर्गत स्वाभाविक शासकतत्त्व र स्वाभाविक शासिततत्त्वको विवेचना गर्ने क्रममा एरिष्टोटलले भिन्न क्षमतासम्बन्धी अवधारणा पनि प्रस्तुत गरेका छन्। उनको मतानुसार जुन व्यक्तिले

[६५] गौरी शंकर लहरी (अनु), सन् १९७३, *प्लेटो के रिपब्लिकका विवेचन* (मूल लेखकः रिचर्ड लुई नैटिलसिप), भोपालः मध्यप्रदेश हिन्दी ग्रन्थ अकादमी, पृ १०१

आफ्नो बुद्धिमताद्वारा भावी सम्भावनाहरूको आकलन गर्न सक्छ, ऊ प्राकृतिक रूपले शासक हुन्छ र जुन व्यक्तिले शारिरीक शक्तिद्वारा बौद्धिक योजनाहरूलाई कार्यन्वित गर्छ, ऊ शासित हुन्छ।[६६] यसबाट बुद्धि र शरीरको संयोगलाई आवश्यक मान्दै एरिष्टोटलले नागरिक समाजको निर्माण र नगर राष्ट्रको विकासका निम्ति बुद्धिहीनता र शारीरिक शक्तिहीनता हानिकारक हुन्छ भन्ने विचार व्यक्त गरेको देखिन्छ। यसबाहेक एरिष्टोटलले बुद्धिलाई आत्म र शरीरलाई शक्तिसित तुलना गर्दै बुद्धि र शरीर अर्थात् आत्म र शक्ति दुवै अवस्थामा उत्तम रहेको व्यक्तिमात्र श्रेष्ठ हुन्छ भन्न खोजेका छन्। बौद्धिक वा शारीरिक रूपले विकृत व्यक्ति दोषपूर्ण र प्रकृतिविपरीत हुनका कारण समाजका निम्ति उत्तम हुन सक्दैन किनभने त्यस्तो व्यक्तिको आत्म कमजोर हुन्छ भन्ने एरिष्टटोटलको भनाइ रहेको पाइन्छ। यसरी नै वैचारिक क्षमता शून्य भएको व्यक्तिले समाजमा दासको जीवन व्यतीत गर्नुपर्छ भन्ने उनको दासत्वसम्बन्धी अवधारणा बौद्धिक भिन्न क्षमतासित सम्बन्धित रहेको देखिन्छ।

लेभ सिम्योनोविच बायगोत्स्की र मिखाइल मिखाइलोविच बाख्तिनले पनि भिन्न क्षमताको अध्ययन-परम्परालाई अघि बढाउने दिशामा महत्त्वपूर्ण भूमिका निर्वाह गरेका छन्। बायगोत्स्कीको अध्ययन विशिष्ट शिक्षा प्रणालीअन्तर्गत मनोभाषा, सङ्केतविज्ञान, संज्ञानात्मक प्रक्रिया, मनोविश्लेषण तथा विभिन्न मानसिक गतिविधिहरूको व्याख्यामा केन्द्रित रहेको पाइन्छ। सन् १९३३ -मा प्रकाशित उनको *द फन्डामेन्टल अफ् डिफेक्टोलजी* सिकाइ वा अधिगम भिन्न क्षमताबारे लेखिएको महत्त्वपूर्ण पुस्तक हो। यस पुस्तकमा उनले भिन्न क्षमतायुक्त शिशुहरूका निम्ति अभ्यास उन्मुख शिक्षाको आवश्यकता र त्यसको वैज्ञानिक पद्धतिबारे प्रकाश पार्दै भिन्न क्षमताका सामाजिक एवम् सांस्कृतिक सन्दर्भहरूलाई केलाउने काम गरेका छन्। यसरी नै बाख्तिनले पनि आफ्ना संवादहरूमा भिन्न क्षमताबारे चर्चा गरेको पाइन्छ। उनले नाट्यशाला र

[६६] भोलानाथ शर्मा (अनु), सन् १९६०, *अरस्तु की राजनीति,* लखनऊः हिन्दी समिति,पृ ८३ - ८४

नाट्योत्सवसम्बन्धी संवाद प्रस्तुत गर्ने क्रममा मनोभौतिक क्रियाबारे विस्तृत व्याख्या गरेका छन्। त्यसै व्याख्याअन्तर्गत उनको शरीरसम्बन्धी अवधारणा प्रतिपादित भएको छ जसको अप्रत्यक्ष सम्बन्ध भिन्न क्षमतासित रहेको पाइन्छ। उनको विचारमा शरीरलाई दुई प्रकारले अनुभूत गर्न सकिन्छ- अन्यको शरीरलाई बाह्य दृष्टिले हेरेर अनि आफ्नै शरीरलाई आन्तरिक दृष्टिले हेरेर।[६७] यसैको परिणामस्वरूप 'म' भन्ने धारणाका विपरीत 'अन्य' भन्ने धारणा जन्मन्छ जसले दुई भिन्नाभिन्नै व्यक्तिको सम्बन्धलाई आयामामात्र दिँदैन तर सकारात्मक वा नकारात्मक अर्थ पनि दिन्छ भन्ने बाख्तिनको भनाइ रहेको पाइन्छ।

'भिन्न क्षमताको अध्ययन-परम्परालाई अघि बढाउने विद्वान्हरूमध्ये एकजना विद्वान् मिसेल फुको पनि हुन्। फुकोले सत्रौँ शताब्दीतिर फ्रान्समा सुरक्षित घर निर्माण गर्ने प्रचलन रहेको कुरा आफ्नो पुस्तक *म्याडनेस एन्ड सिभिलाइजेसन* (सन् १९६१) -मा गरेका छन्। विशेषतः असामान्य, पागल, अपराधी, कुस्ठरोगी आदिलाई समाजदेखि अलग राख्नका निम्ति सुरक्षा वासको व्यवस्था गरिन्थ्यो। तिनै सुरक्षा वासहरू कालान्तरमा ठुलाठुला अस्पलात, झ्यालखाना र पागलखानाका रूपमा परिणत भएको पाइन्छ जसलाई फुकोले 'महाकारावास'-को संज्ञा दिएका छन्। त्यही 'महाकारावास'-मा भिन्न क्षमतायुक्त मानिसहरूलाई बन्दी बनाएर राखिन्थ्यो र विभिन्न प्रकारका यातनाहरू दिन्थ्यो भन्ने फुकोको अध्ययनबाट थाहा पाइन्छ। यस सन्दर्भमा सेतो कोट लगाउने मानिस, फुस्रो रङको अस्पलात, उपचारकेन्द्र, पागलखाना, झ्यालखाना आदिले भिन्न क्षमताको लामो इतिहास निर्माण गरेको छ भन्ने डयान गुड्लीको भनाइ उल्लेखनीय रहेको पाइन्छ।[६८]

फुकोद्वारा प्रतिपादित 'विनम्र शरीर'-को अवधारणा पनि अप्रत्यक्ष रूपमा भिन्न क्षमतासित सम्बन्धित रहेको देखिन्छ। उनले *डिस्सिप्लीन एन्ड पनिस, द बर्थ अफ् प्रिजन*

[६७] डिक मकाउ, सन् २०१६, *बाख्तिन एन्ड थिएटर,* न्यु योर्क एन्ड लन्डनः रुटलेज, पृ १०३
[६८] गुड्ली, 'डिसएबिलिटी स्टडिज्, थ्योराइजिङ डिसाविलिज्म एन्ड एवलिज्म', पूर्ववत्, पृ ३

(सन् १९७५) शीर्षक पुस्तकमा कमजोर वा अयोग्य शरीर भन्ने अर्थमा 'विनम्र शरीर' सम्बन्धी अवधारणा प्रस्तुत गरेका छन्। यस्तो शरीरलाई कडा नियन्त्रण वा अनुशासनद्वारा अधीनमा राख्न सकिन्छ, उपयोग गर्न सकिन्छ, यान्त्रिकी शक्तिमा रूपान्तर गर्न सकिन्छ र सुधार्न सकिन्छ भन्ने फुकोको भनाइ रहेको पाइन्छ। यस सन्दर्भमा उनले विभिन्न झ्यालखानाहरूदेखि सामाजिक संस्था, पागलखाना, विद्यालय, पुनर्वास आदिको वर्णन गरेका छन् जसद्वारा अनुशासन कार्यान्वित हुन्छ। यसरी नै फुकोले *हिस्ट्री अफ् सेक्सुअलिटी* (सन् १९७६) शीर्षक पुस्तकमा जैवराजनीतिको अवधारणाबारे चर्चा गर्दै भिन्न क्षमतालाई आधुनिक जैवशक्तिद्वारा उत्पादित विषय मानेका छन्।[६९] जैवराजनीति भन्नाले जीवन र जनसङ्ख्याको व्यवस्थापनसित सम्बन्धित राजनैतिक चेतना बुझिन्छ जसले जीवनको क्रमबद्धतालाई सुनिश्चित गर्छ। सामान्य रूपमा मानव जीवविज्ञान र राजनीति बिचको सम्बन्ध नै जैवराजनीति हो। यही जैवराजनीतिका कारण समाजमा शक्ति रूपान्तरणका युक्तिहरू क्रियाशील हुन्छन्, जुन युक्तिहरूलाई फुकोले जैवशक्ति भनेका छन्। उनको विचारमा भिन्न क्षमता वा विकृतिले कुनै निश्चित व्यक्ति वा निश्चित जनसङ्ख्यालाई बुझाउँदैन तर शक्तिको निरन्तर सङ्घर्षद्वारा उत्पन्न अवस्थालाई बुझाउँछ।[७०] यस प्रकार फुकोले विभिन्न सन्दर्भमा भिन्न क्षमताका ऐतिहासिक, सामाजिक, सांस्कृतिक, राजनैतिक, आर्थिक आदि अवस्थाहरूबारे प्रकाश पारेर यसको अध्ययन-परम्परामा महत्त्वपूर्ण भूमिका निर्वाह गरेको देखिन्छ।

### २.७.३ विकासक्रम

भिन्न क्षमताको अध्ययनले व्यवस्थित रूपमा सन् १९६० -को दशकदेखि व्यापकता पाउन थालेको देखिन्छ। यसका पछि लामो समयदेखि बहिष्कृत अवस्थामा रहेका

---

[६९] बिल हग्स, सन् २००५, वाट् क्यान अ फकल्डियन एनालाइसिस कन्ट्रिब्युट टु डिसएबिलिटी थ्योरी, *फुको एन्ड द गवर्मेन्ट अफ् डिसएबिलिटी* (सम्पा सेल्ली ट्रिमेन), एन आर्वरः द युनिभर्सिटी अफ् मिचिगन प्रेस, पृ ८२

[७०] पूर्ववत्, पृ ८१ - ८२

अफ्रिकी अश्वेतहरू, अल्पसङ्ख्यक समूह, नारी, समलिङ्गी पुरुष र नारी आदिद्वारा समानता र स्वतन्त्रताका निम्ति भएका आन्दोलनहरू प्रेरकतत्त्वका रूपमा रहेका पाइन्छन्।[७१] तिनै आन्दोलनहरूको प्रभाव र प्रेरणास्वरूप समान अवसर, समान अधिकार, समान सुरक्षा, समान न्याय, समान स्वतन्त्रता भन्ने मुद्दाहरूका साथ अमेरिकाका विभिन्न स्थानहरूमा भिन्न क्षमता अधिकारको आन्दोलन तीब्र बनेको देखिन्छ। यो आन्दोलन अमेरिकामा मात्र सीमित नरहेर ग्रेट ब्रिटेन, अस्ट्रेलिया, क्यानाडा, निदरल्यान्ड, आयरल्यान्ड, जापान आदि हुँदै विश्वव्यापी सामाजिक मुद्दाका रूपमा स्थापित हुन पुगेको देखिन्छ। 'आइ फर एन् आइ मेक द होल वर्ल्ड ब्लाइन्ड', 'बिङ् लाइक द अदर', 'पिस अन् पिटी', 'ब्लाक इज् ब्युटी', 'टुवाइर्स द सोसाइटी फर अल', 'राइट्स नट च्यारिटी', 'डिसेबल एन्ड प्राउड' जस्ता राजनैतिक नाराहरू यसै आन्दोलनका उपज हुन्।

वस्तुतः भिन्न क्षमता तात्त्विक नभएर समाजनिर्मित विषय हो भन्ने विचारको प्रतिपादनसँगै भिन्न क्षमतायुक्त मानिसहरूको सामाजिक सशक्तिकरणका दिशामा भिन्न क्षमता अधिकारको आन्दोलन उन्मुख रहेको देखिन्छ। अतः यस आन्दोलनलाई भिन्न क्षमताको अध्ययन-परम्परामा महत्त्वपूर्ण घटना मानिन्छ। यसैको प्रभावस्वरूप भिन्न क्षमताको अध्ययनले एउटा नवीन अनुशासनका रूपमा प्राज्ञिक स्वरूप प्राप्त गरेको देखिन्छ। यो अध्ययन भिन्न क्षमतायुक्त मानिसहरूको सीमान्तीकरणलाई चुनौति दिने प्रतिबद्धताका साथ स्थापित भएको देखिन्छ।[७२] यसले विभिन्न सामाजिक एवम् सांस्कृतिक प्रसङ्गहरूमा भिन्न क्षमतायुक्त मानिसहरूको आवाजलाई समावेश गर्दै भिन्न क्षमताको

---

[७१] एलन रोल्स्टन, क्यारोल थोमस र निक वाट्सन (सम्पा), सन् २०१२, द चेन्जिङ टेरेन अफ् डिसएबिलिटी स्टडिज्, *रुटलेज ह्यान्डबुक अफ् डिसएबिलिटी स्टडिज्*, न्यु योर्क एन्ड लन्डनः रुटलेज, पृ ३

[७२] एलिस हल, सन् २०१६, *लिटरेचर एन्ड डिसएबिलिटी*, लन्डन एन्ड न्यु योर्कः रुटलेज, पृ ४

अर्थ, परिभाषा र प्रतिनिधित्वबारे पुनः परीक्षण गरेको छ।[७३] यसैको परिणामस्वरूप मानिसको शरीरबारे निर्मित धारणाहरूको विघटनसँगै भिन्न क्षमताका सन्दर्भमा नयाँ सामाजिक तथा सांस्कृतिक व्याख्याहरू महत्त्वपूर्ण बनेर देखा परेका छन्।

प्राज्ञिक क्षेत्रमा भिन्न क्षमताको प्रवेश सन् १९७० देखि भएको हो। यसमा भिन्न क्षमतायुक्त विद्वान् पाउल हन्टको नेतृत्वमा गठित 'द युनियन अफ् फिजिकल्ली इम्पेयर्ड अगेन्स्ट सेग्रेगेशन' नामक संस्थाको भूमिका महत्त्वपूर्ण रहेको पाइन्छ। यस संस्थामार्फत् पाउल हन्ट र भिक फिङ्कल्सटिनको संयुक्त प्रयासमा *द फन्डामेन्टल प्रिन्सिपल अफ् डिसएबिलिटी* (सन् १९७६) शीर्षक प्रतिवेदन प्रकाशित भएको देखिन्छ। यसै प्रतिवेदनमा उल्लेखित भिन्न क्षमताको अवधारणालाई अँगालेर प्राज्ञिक सङ्गोष्ठीहरू आयोजन गर्ने ध्येयले विभिन्न राष्ट्रमा राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय सङ्घ-संस्थाहरू स्थापित भएका देखिन्छन्। तीमध्ये 'सोसाइटी फर् डिसएबिलिटी स्टडिज्', 'द डिसएबिलिटी स्टडिज् एस्सोसिएसन', 'द नर्डिएक नेटवर्क अफ् डिसएबिलिटी रिसर्च', 'द एकाडेमिक नेटवर्क अफ् युरोपियन डिसएबिलिटी एक्सपर्ट' आदिलाई प्रमुख मानिन्छ।

सन् १९८० -को दशकदेखि भिन्न क्षमतालाई हेर्ने दृष्टिकोणमा आमूल परिवर्तन आएको देखिन्छ। एकातिर भिन्न क्षमताप्रति बढ्दो राजनैतिक तथा प्राज्ञिक चासोले गर्दा सन् १९८१ -मा संयुक्त राष्ट्र संघद्वारा भिन्न क्षमतायुक्त मानिसहरूका निम्ति अन्तर्राष्ट्रिय वर्ष पालन गरेको देखिन्छ भने अर्कोतिर हन्ट र फिङ्कल्सटिनको कार्यबाट प्रेरित रहेका माइकल ओलिभरले सन् १९८३ -मा भिन्न क्षमताको सामाजिक प्रतिमान प्रस्तुत गरेको देखिन्छ। यसबाहेक फिङ्कल्सटिनको *एट्टिच्युड एन् डिसेबल्ड पिपल* (सन् १९८०), न्यान सी थोमसको *द पोलिटिक्स अफ् मेन्टल ह्यान्डिक्याप* (सन् १९८०), एन सियररको *डिसएबिलिटी, हुज् ह्यान्डिक्याप* (सन् १९८१), एलन टि सदरल्यान्डको

---

[७३] गेरी एल अल्ब्रेच (सम्पा), सन् २००६, *इन्साइक्लोपिडिया अफ् डिसएबिलिटी,* लन्डनः सेज पब्लिकेशन्स्, पृ XVI

*डिसेबल्ड वी स्टयान्ड* (सन् १९८१) आदि पुस्तकहरूको प्रकाशनले भिन्न क्षमताको अध्ययनमा महत्त्वपूर्ण भूमिका निर्वाह गरेको देखिन्छ। यसरी नै डिसएबिलिटी, ह्यान्डिक्याप एन्ड सोसाइटी (सन् १९८६) र डिसएबिलिटी स्टडिज् क्वाटर्ली (सन् १९८७) शीर्षक जर्नलहरूको प्रकाशनलाई पनि त्यस समयको महत्त्वपूर्ण उपलब्धि मानिन्छ।

सन् १९९० देखि भिन्न क्षमताको अध्ययनले भिन्न क्षमताको सामाजिक परिस्थितिबारे पुनः निरीक्षण गर्दै आलोचनात्मक स्वरूप ग्रहण गरेको देखिन्छ। डयान गुड्लीअनुसार सन् १९९० अघिसम्म भिन्न क्षमताको अध्ययन प्राज्ञिक अनुशासनका रूपमा विकसित भएको देखिए तापनि यसले मूलतः औषधि, उपचार, पुनर्वास, मनोविज्ञान, विशिष्ट शिक्षाको आवश्यकता साथै सामाजिक निर्मितिका रूपमा मात्र विस्तार पाएको देखिन्छ।[७४] यसैले सन् १९९० देखि भिन्न क्षमताको अध्ययनले दोस्रो चरणमा प्रवेश गरेको कुरा विद्वान्हरूले गरेका छन्। यस चरणमा भिन्न क्षमतालाई सामाजिक निर्मितिका रूपमा हेर्ने दृष्टिकोण अझ व्यापक बनेको देखिन्छ। विद्वान्हरूले सामाजिक, सांस्कृतिक, ऐतिहासिक, राजनैतिक, आर्थिक, भौगोलिक आदि विभिन्न सन्दर्भहरूमा भिन्न क्षमताको अध्ययन गर्दै यसको परिचय निर्माण प्रक्रियाबारे विस्तृत चर्चा गरेका छन्। यसै चरणमा आएर जाति, भाषा, धर्म, श्रेणी, परिचय, लिङ्ग, वर्ण, यौनिकता, जैवचिकित्सा, जैवनैतिकता आदिको सापेक्षतामा भिन्न क्षमताको अध्ययन गर्ने परम्परा पनि विकसित भएको देखिन्छ।

## २.८ भिन्न क्षमता अध्ययनका प्रमुख आधारहरू

भिन्न क्षमताको अध्ययनका आधारहरूबारे आजसम्म स्पष्ट रूपमा चर्चा गरिएको पाइँदैन। यद्यपि भिन्न क्षमता कसरी चिह्नित हुन्छ र यसलाई निर्धारण गर्ने सामाजिक एवम् सांस्कृतिक वातावरणमा कसरी परिवर्तन आउन सक्छ भन्ने प्रश्नको उत्तर खोज्ने क्रममा

---

[७४] गुड्ली,'डिसएबिलिटी स्टडिज्, एन् इन्टर्डिसिप्लिनरी इन्ट्रडक्शन, पूर्ववत्, पृष्ठ ११

विद्वान्हरूले केही आधारभूत प्रक्रियाहरूबारे प्रकाश पारेका छन्। तीमध्ये कलङ्कीकरण, सीमान्तीकरण र सामाजिक समावेशीकरणको प्रक्रिया बीजतत्त्वका रूपमा रहेको पाइन्छ। यिनै प्रक्रियाहरूलाई भिन्न क्षमताको अध्ययनका प्रमुख आधारहरू मान्न सकिन्छ।

### २.८.१कलङ्कीकरण

भिन्न क्षमताका सन्दर्भमा कलङ्कीकरण एउटा महत्त्वपूर्ण सामाजिक प्रक्रिया हो। यसले भिन्न क्षमतायुक्त मानिसहरूको शारीरिक एवम् मानसिक अवस्थालाई कलङ्कको प्रतीक मान्छ। इर्भिन गोफम्यानअनुसार प्राचीन ग्रीसमा कलङ्कले दास, अपराधी, देशद्रोही, आरोपी, विश्वासघाती र संस्कार रूपमा प्रदूषित रहेका मानिसहरूको शरीरमा काटेर वा पोलेर बनाइएको छापलाई बुझाउँथ्यो जसले गर्दा उनीहरू सार्वजनिक तिरस्कार वा लाञ्छनाका सिकार बन्थे।[७५] यसरी मानिसद्वारा गरिएको अपराध वा दुष्कर्मको प्रत्यक्ष प्रमाण भन्ने अर्थमा कलङ्कीकरणको धारणा विकसित भए तापनि कालान्तरमा यसले मानिसको शारीरिक रूपरचनामा देखा परेका सबै प्रकारका अस्वाभाविक चिह्न वा खोटहरूलाई बुझाउन थालेको पाइन्छ।

लेरिटा कोलम्यानअनुसार समाजमा एउटा मानिसलाई अर्का मानिसको तुलनामा फरक तुल्याउने असङ्ख्य माध्यमहरू हुन्छन्, जस्तै आकार, आकृति, लिङ्ग, वर्ण, उमेर, व्यक्तित्व, सांस्कृतिक पृष्ठभूमि आदि।[७६] यिनै माध्यमहरूद्वारा मानिस-मानिसमाझ शारीरिक, मानसिक, लैङ्गिक, वर्णगत, उमेरगत, स्तरगत आदि भिन्नताका लक्षणहरू निर्धारित हुन्छन्। यसैले भिन्न क्षमताका सन्दर्भमा कलङ्कीकरणको धारणाले केवल शारीरिक एवम् मानसिक विकृतिलाई मात्र प्रतिनिधित्व गर्दैन। यसले व्यापक रूपमा

[७५] इरभिन गोफम्यान,सन् १९६३, *स्टिग्मा, नोट्स अन् द म्यानेजमेन्ट अफ् स्पोइल्ड आइडेन्टिटी,* न्यु योर्कः प्रेन्टिस हल, पृ १

[७६] लेरिटा कोलम्यान ब्राउन, सन् २०१३, स्टिग्माः एनिग्मा डेमिस्टिफाइड, *द डिसएबिलिटी स्टडिज् रिडर,* दो सं (सम्पा लेनार्ड जे डेविस), पूर्ववत्, पृ १४७

अल्पसङ्ख्यक समुदायका रूपमा रहेका सबै मानिसलाई समेट्छ। यस सन्दर्भमा सञ्जीव उप्रेतीको भनाइ विचारणीय रहेको पाइन्छ। उनको विचारमा होचाको बाहुल्य रहेको समाजमा अग्लो व्यक्तिको अग्लोपन, गोरा छाला भएकाहरू मात्र बस्ने टोलमा कालो र खैरो छाला भएको मानिसको शरीरको रङ, अङ्ग्रेजी र फ्रेन्च बोल्ने व्यक्तिको भाषिक समुदायभित्र कनीकनी अङ्ग्रेजी बोल्नेको उच्चारण साथै पागलै पगलको भीडमा सद्दे मानिसको सामान्य व्यवहार सबै कुसङ्केतक (कलङ्क) -का छाप बन्न सक्छन्।[७७]

यद्यपि सामाजिक संरचनाभित्र व्यावहारिक रूपमा भिन्न क्षमतायुक्त मानिसहरूलाई मात्र कलङ्क ठान्ने सांस्कृतिक अभ्यास क्रियाशील रहेको पाइन्छ। यसैले कलङ्क र अपाङ्गताका प्रश्नहरू सधैं अपशकुनका उदाहरण बनेर प्रकट हुन्छन्[७८] भन्ने राजेन्द्र सुवेदीको भनाइलाई आधार मान्दै कलङ्कीकरणको धारणाले बृहत् रूपमा भिन्न क्षमतायुक्त मानिसहरूको जीवनलाई प्रभावित पारेको छ भन्न सकिन्छ।

अतः भिन्न क्षमताका सन्दर्भमा कलङ्कीकरणलाई अध्ययन गर्ने दृष्टिहरूका रूपमा निम्नलिखित विषयहरूको चर्चा गरिन्छ-

**२.८.१.१ नकारात्मक छवि निर्माणः** नकारात्मक छवि निर्माण कलङ्कीकरणको एउटा प्रमुख प्रक्रिया हो। यसअन्तर्गत भिन्न क्षमतायुक्त मानिसहरूको परिचयलाई नकारात्मक रूपमा प्रस्तुत गरिन्छ। यस्तो नकारात्मक परिचय वैयक्तिक नभएर सांस्कृतिक हुन्छ। यस सन्दर्भमा नकारात्मक परिचयहरू बनाइन्छन् र भिन्नाभिन्नै रूपमा थोपरिन्छन्[७९] भन्ने मार्ग्रिट सिल्ड्रिकको भनाइ उपयुक्त रहेको पाइन्छ। यसकारण समाजमा भिन्न क्षमतायुक्त

---

[७७] सञ्जीव उप्रेती, वि सं २०६९, *सिद्धान्तका कुरा,* चौ सं, काठमाडौं : अक्षर क्रियसन्स नेपाल, पृ २६६ - २६७

[७८] राजेन्द्र सुवेदी, विस. २०७३, *सांस्कृतिक अध्ययन र नेपाली साहित्य,* काठमाडौः पाठ्यसामग्री प्रकाशन, पृ ४०९

[७९] मार्ग्रिट सिल्ड्रिक, सन् २००२, *इम्बोडिङ द मन्स्टर, इन्काउन्टर्स विथ् द भल्नेरेबल सेल्फ,* लन्डनः सेज पब्लिकेशन्स, पृ ४३

मानिसहरूको उपस्थितिलाई शुभ र सुसङ्केत मानिँदैन। उनीहरूलाई सधैँ दुष्ट, भयावह, अनौठो, फोहोरी, पशुवत् तथा आजीवन पराश्रित रहने प्राणीका रूपमा अमानवीकृत गरिन्छ। यसर्थ हेनरी ज्याक्स स्टिकरले भिन्न क्षमतायुक्त मानिसहरूका निम्ति सामाजिक व्यवस्था जहिले पनि घातक हुन्छ भनेका छन्।[८०]

भिन्न क्षमतायुक्त मानिसहरूलाई नकारात्मक छविका रूपमा प्रस्तुत गर्ने विभिन्न घटकहरूमध्ये भाषालाई प्रमुख एवम् महत्त्वपूर्ण घटक मानिन्छ किनभने भाषा अभिव्यक्तिको माध्यममात्र नभएर परिचयको साधन पनि हो। भाषाद्वारा नै मानिसले आफ्नो परिचय समाजमा स्थापित गर्छ। यसैले भाषिक बहुसङ्ख्यकता र भाषिक अल्पसङ्ख्यकता जस्ता प्रसङ्गहरू सामाजिक भेदभावलाई प्रोत्साहित गर्ने साधनका रूपमा देखा पर्छन्। भाषाले मानिसको वैयक्तिक जीवनमा गहिरो प्रभाव पार्ने भएकोले एउटा मानिसले अर्को मानिससँग कुन प्रकारको व्यवहार गर्छ भन्ने कुरा भाषिक आदानप्रदानकै सन्दर्भमा निर्धारित हुने गर्छ। मेरी हाकिन्सअनुसार भाषाले मानिसको अनुभूतिलाई सदृश र असदृश गरी दुईवटा वर्गमा विभाजन गर्छ र त्यसैका आधारमा विरोधी भाव प्रदर्शन गर्छ।[८१] यस प्रकारको भाषिक वर्ग विभाजनलाई हाकिन्सले द्विचरविरोधका रूपमा चर्चा गरेकी छन् जहाँ नारी-पुरुष, काला-गोरा, देव-दानव जस्ता विपरीतार्थक भावहरूकै समानार्थ सपाङ्गता र अपाङ्गताका लक्षणहरू पनि वर्गीकृत रहेका पाइन्छन्।

भाषिक रूपमा हुने अनुभूति विभाजनको प्रक्रियाले मानिस-मानिस माझको भिन्नतालाई साङ्केतिक अर्थ प्रदान गर्छ। यसैले भाषा एउटा यस्तो युक्ति हो जसले एउटालाई शक्तिशाली र अर्कालाई त्यस शक्तिको अधीनस्थ गराएर सांस्कृतिक

[८०] स्टिकर, 'हिस्ट्री अफ् डिसएबिलिटी', पूर्ववत्, पृ ९

[८१] मेरी हाकिन्स, सन् २०१६, *एथिनिसिटी,* आइडेन्टिटी एन्ड बिलङ्गिङ्स (सम्पा मेरी हाकिन्स र एमी मेथ्यु), युकेः पाल्ग्रेभ, पृ १२

विविधताबारे धारणा प्रस्तुत गर्छ भन्ने हाकिन्सको भनाइ रहेको पाइन्छ।[८२] समाजमा भिन्न क्षमतायुक्त मानिसहरूका निम्ति अपाङ्ग, विकलाङ्ग, अङ्गभङ्ग, विकृत, अक्षम जस्ता अप्रिय लाग्ने शब्दहरूको प्रयोग हुने गरेको पाइन्छ। यस किसिमको प्रयोगले भिन्न क्षमतालाई युगौंदेखि नै कलङ्कका रूपमा चिनाउने काम गरेको देखिन्छ। यस सन्दर्भमा फिङ्कल्सटिन भन्छन्- भिन्न क्षमतालाई स्वरूप प्रदान गर्ने तथा यसको संरचनालाई प्रभाव पार्ने सशक्त उपकरण भनेको नै भाषा हो।[८३] यसैले भिन्न क्षमता भन्नेबित्तिकै कुनै काम गर्न नसक्ने, दान वा भिखका भरमा जीवनयापन गर्ने, अनुपयुक्त, अनुर्वर तथा प्रतिनिधित्वहीन भन्ने अर्थहरू व्यञ्जित हुने गरेको पाइन्छ।

**२.८.१.२ भेदभाव र पक्षपातको भावनाः** भेदभाव र पक्षपातको भावनालाई समाजमा व्याप्त भिन्नता वा असमानताको परिणाम मानिन्छ। भिन्न क्षमताका सन्दर्भमा यसले शारीरिक एवम् मानसिक अवस्थाका आधारमा कार्यान्वित हुने विभेदकारी नीतिलाई बुझाउँछ। विशेषतः समाजमा मानिसको शारीरिक संरचना, कदकाँठी, रूपरङ, हिँड्ने, बोल्ने, तर्क गर्ने शैली आदि विशेषताहरूका आधारमा भिन्नतालाई प्रोत्साहित गर्ने काम युगौंदेखि हुँदै आएको देखिन्छ। यसैको परिणामस्वरूप भिन्न क्षमतायुक्त मानिसहरूको गणना निम्नवर्गका रूपमा हुन पुगेको देखिन्छ।

ज्ञानेन्द्र पाण्डेले आफ्नो अध्ययनमा पक्षपातका कारण जाति, वर्ण, श्रेणी, लिङ्ग आदिका आधारमा स्थापित हुने सम्बन्धहरूलाई इतिहासमा अशोभनीय मानिन्छ भन्ने विचार व्यक्त गरेका छन्। उनको विचारमा मानिसहरूमाझ भिन्नताको धारणा सृष्टि गरेर पक्षपातलाई प्रोत्साहित गर्नका निम्ति नै प्रवासी, हब्सी, अछुत, मूलअमेरिकी, दलित,

---

[८२] पूर्ववत्,

[८३] भीक फिङ्कल्सटिन, सन् १९९१, *डिसएबिलिटीः एन् एडमिनिस्ट्रेटिभ च्यालेञ्ज ? द हेल्थ एन्ड वेल्फेयर हेरिटेज,* सोसियल वर्क डिसएब्लिङ पिपल एन्डडिसएबल्ड इन्भाइरोन्मेन्ट (सम्पा माइकल अलिभर), लन्डन जेस्सिका किङ्गले पब्लिसर्स, पृ ३७

आदिवासी जस्ता सम्बोधनहरू गरिएका पाइन्छन्।[८३] भिन्न क्षमताको व्याख्या पनि यसैको समानान्तर हुने गरेको पाइन्छ। यसर्थ एलन रोल्स्टन, क्यारोल थोमस, निक वाट्सन प्रभृत विद्वान्हरूले भिन्न क्षमताको वर्णन भेदभाव र पक्षपातका सन्दर्भमा हुने गर्छ भनेका छन्।[८४]

**२.८.१.३ रूपसम्बन्धी धारणाः** सामान्य अर्थमा रूप व्यक्तिगत आकर्षणसँग सम्बन्धित सौन्दर्यको अभिव्यक्ति हो भने विशिष्ठ अर्थमा आत्मिक सौन्दर्यको प्रतीक हो। यसले अनुहारको बान्की वा शरीरको ढाँचालाई मात्र बुझाउँदैन, मानिसको आन्तरिक हृदयलाई पनि बुझाउँछ। यसैको सापेक्षतामा मानवीय सौन्दर्यबारे विभिन्न प्रकारका धारणाहरू विकसित भएका पाइन्छन्। जर्ज सन्तयानाअनुसार सौन्दर्यलाई सत्य, आदर्श अभिव्यक्ति, दैविक पूर्णताको प्रतीक तथा 'राम्रो' भनिने विचारको संवेदात्मक अभिव्यञ्जना भन्ने अर्थहरूमा बुझ्नुपर्छ।[८५] यस प्रकार सौन्दर्यलाई सामान्य अर्थको वृत्तबाट निकालेर विशिष्ट रूपमा आध्यात्मिक अर्थ प्रदान गरिएको देखिन्छ। यसैकारण रूपलाई इन्द्रियद्वारा प्रतीत हुने सौन्दर्यका रूपमा नभएर आत्माद्वारा अनुभूत हुने सौन्दर्यका रूपमा बुझ्नु पर्ने हुन्छ।

भिन्न क्षमताका सन्दर्भमा रूप अपरिहार्य तत्त्वका रूपमा देखापरेको छ। यसको सम्बन्ध मानिसको शरीरको रङसँग पनि रहेको पाइन्छ। यसैले कालो, फुस्रो, खैह्रोभन्दा सधैं असुन्दर, कुरूप वा भाँती नपरेको नाकनक्सा भन्ने अर्थ व्यञ्जित हुन्छ। यस्ता असुन्दर वा कुरूप चरित्रहरू सधैं ऐतिहासिक रूपले सामाजिक भेदभावका सिकार बन्दै आएका छन्। उदाहरणका रूपमा अमेरिकी गोराहरू र अफ्रिकी कालाहरू बिचको द्वन्द्वलाई लिन

---

[८३] ज्ञानेन्द्र पाण्डे, सन् २०१३, *हिस्ट्री अफ् प्रिज्युडिसः रेस, कास्ट एन्ड डिफरेन्स इन् इण्डिया एन्ड द युनाइटेड स्टेट्स,* न्यु योर्कः क्याम्ब्रिज युनिभर्सिटी प्रेस, पृ २०

[८४] निक वाट्सन, एलन रोल्स्टन र क्यारोल थोमस (सम्पा), सन् २०१२, *रुटलेज ह्यान्डबुक अफ् डिसएबिलिटी स्टडिज्,* लन्डन एन्ड न्यु योर्कः रुटलेज, पृ ३

[८५] जर्ज सन्तयाना, सन् १९९५, *द सेन्स अफ् ब्युटी, बिङ द आउटलाइन अफ् एस्थेटिक थ्योरी,* न्यु योर्कः डोभर पब्लिकेशन, पृ ११

सकिन्छ। यसका अतिरिक्त हिन्दु पुराकथाहरूमा वर्णित देव र दानव बिचको द्वन्दको एउटा प्रमुख कारण पनि रूप नै हो भन्न सकिन्छ। यसरी मानिसको रूपलाई आकर्षण र विकर्षणका रूपमा निर्क्योल गर्ने तथा एउटा समूहद्वारा अर्को समूहलाई हेय दृष्टिले हेर्ने परम्पराको विकास प्राचीन कालदेखि नै भएको देखिन्छ। अमेरिकी चिन्तक माइकल एल विमियरले रूपबारे स्थापित सामाजिक मनोविज्ञानको चर्चा गर्ने क्रममा यसको निकट सम्बन्ध समाजद्वारा स्वीकारयोग्य भनी निर्धारण गरेको शरीरसँग हुन्छ भनेका छन्।[८६] विमियरको भनाइ आदर्श शरीरको रूपरचनामाथि केन्द्रित रहेको पाइन्छ जसले रूपरङ र छाँटकाँट मिलेको शरीर भन्ने अर्थ बोध गराउँछ। यही आदर्श शरीरलाई सौन्दर्यको नियमका रूपमा हेरेर त्यस नियमबाट उच्छेदित हुनेहरूलाई अछुतजस्तो व्यवहार गर्ने प्रचलन विश्वभरिकै समाजमा विद्यमान रहेको देखिन्छ। यसैको सापेक्षतामा भिन्न क्षमताबारे पनि नकारात्मक धारणाहरू निर्माण भएका पाइन्छन्।

ऐतिहासिक रूपले नै भिन्न क्षमतायुक्त मानिसहरूलाई कलाका विभिन्न माध्यमहरूमा कुरूप, विकृत, भयावह, खोटपूर्ण र सन्की चरित्रका रूपमा चित्रण गरिएको पाइन्छ। यस्ता घटनाहरूबाट समाजमा भिन्न क्षमतायुक्त मानिसहरूको रूपलाई कसरी व्याख्या गरिन्छ भन्ने कुराको पुष्टि हुन्छ। यस दृष्टिले सौन्दर्य रूपप्रतिको सामाजिक प्रतिक्रियामात्र हो भन्ने थाहा पाइन्छ। यही सामाजिक प्रतिक्रियाको विरोधमा भिन्न क्षमताको आफ्नो छुट्टै सौन्दर्यशास्त्र निर्माण भएको पाइन्छ। यस सौन्दर्यशास्त्रले संसारमा सबै सुन्दर छन्, असल छन् र सत्य छन् भन्ने विचारलाई प्रश्रय दिएको पाइन्छ। यसैकारण भिन्न क्षमताको अध्ययनमा रूपसम्बन्धी धारणालाई महत्त्वपूर्ण विषय मानिन्छ।

**२.८.१.४ धार्मिक मान्यताः** धर्म मानिसका नैतिक आचरणहरूको पृष्ठपोषक हुनका साथै एउटा संस्था पनि हो। यसको अटुट सम्बन्ध अदृश्य, अलौकिक र रहस्यमय ईश्वरसँग

---

[८६] माइकल एल विमियर, सन् २०१३, *द अक्सफोर्ड ह्यान्डबुक अफ् पोजिटिभ साइकोलजी एन्डडिसएबिलिटी*, न्यु योर्कः अक्सफोर्ड युनिभर्सिटी प्रेस, पृ २९५

साक्षात् समागम भन्ने अर्थसँग रहेको पाइन्छ। समाजमा धर्मको स्थान सबैभन्दा माथि र विशिष्ट रहेको देखिन्छ। यो पूर्णतया विश्वास, संस्कार, अभ्यास र सङ्केतहरूद्वारा संयोजित हुने व्यवस्था हो जसलाई मुख्यतः दुईवटा विचारद्वारा प्रेरित रहेको देखिन्छ। पहिलो - पवित्र र सर्वत्र रहेको ईश्वरको पूजाअर्चना गरेर जीवनको परमसत्य थाहा पाउनु र दोस्रो - एउटै समूहमा रही एकाअर्का बिचको सम्बन्ध र उत्तरदायित्व बुझेर त्यसको यथोचित पालन गर्नु। यस दृष्टिले पनि मानिसको जीवनमा धर्मको सर्वाधिक महत्त्व रहेको थाहा पाइन्छ।

संस्थागत रूपमा धर्मका आफ्ना छुट्टै मान्यताहरू हुन्छन्। तीमध्ये एउटा भिन्न क्षमताबारे निर्मित मान्यता पनि हो। यस मान्यताका आधारमा भिन्न क्षमता भनेको कर्मको फल, श्रापित, दण्डित, दूषित शरीर साथै पाप वा नैतिक पतनका कारण देखा परेको खराबी हो भन्ने बुझिन्छ। यस किसिमको धार्मिक मान्यताका कारण प्राचीन ग्रीसमा भिन्न क्षमतायुक्त शिशुहरूलाई जन्मनेबित्तिकै मार्ने प्रचलन रहेको थाहा पाइन्छ। यसरी नै प्राचीन रोममा पनि भिन्न क्षमतायुक्त शिशुहरूलाई टाइबर नामक खोलामा लगेर फ्याँक्ने प्रचलन रहेको ऐतिहासिक तथ्य पाइन्छ। सेल्ली डिन क्लिप्याट्रिकअनुसार मध्य युगमा भिन्न क्षमतायुक्त मानिसहरूलाई दुष्ट आत्मा वा सैतानको काम गर्ने मानिसका रूपमा हेरिन्थ्यो र उनीहरूलाई धार्मिक संस्कार वा क्रियाकलापहरूमा सहभागी हुनदेखि रोक लगाइन्थ्यो।[८७] यस प्रकार धार्मिक मान्यताअन्तर्गत भिन्न क्षमताबारे अधिकतर नकारात्मक व्याख्याहरू नै भएको पाइए तापनि कतिपय समाजमा भने यसलाई ईश्वरको नजिक रहेको विशिष्ट शरीर मान्ने प्रचलन पनि रहेको पाइन्छ। इना रोजिङअनुसार दक्षिण अमेरिकामा स्थित एन्डिज क्षेत्रमा दृष्टिहीन र विकृत हात भएका मानिसहरूलाई भिन्न

---

[८७] सेल्ली डिन प्याट्रिक, सन् २००१, *रिलिजियन एन्डडिसएबिलिटी,* ह्यान्डबुक अफ् रिलिजियन एन्ड हेल्फ (सम्पा ह्यारोल्ड जी कोइनिङ, माइकल इ म्याककुलग र डेभिड बी लार्सन), अक्सफोर्ड युनिर्भसिटी प्रेस, पृ ३३१

क्षमतायुक्त नमानेर ईश्वरीय वरदानको प्रतीक मानिन्छ।[८८] यसरी नै सामान्य मानिसले गरेको प्रार्थनाभन्दा भिन्न क्षमतायुक्त मानिसले गरेको प्रार्थना प्रभावकारी हुन्छ भन्ने विश्वासटर्कीयन समाजमा प्रचलित रहेको कुरा जोस मुरिकन र जर्जकुट्टीले गरेका छन्।[८९]भिन्न क्षमताको सकारात्मक रूप प्रस्तुत गर्ने दिशामा रहस्यवादको भूमिका पनि महत्त्वपूर्ण रहेको पाइन्छ। रहस्यवादी मान्यताअनुसार भिन्न क्षमता एउटा यस्तो सत्य हो जहाँ मानिसको शरीरको कुनै एउटा अङ्ग वा इन्द्रिय अपाङ्गताको अवस्थामा पुग्छ भने अन्य अङ्ग वा इन्द्रियहरूले दोहोरो शक्तिका साथ कार्य गर्ने क्षमता प्राप्त गर्छन्[९०] भन्ने कुराको उल्लेख रोडा अल्किनले *व्हाट साइकोथेरापिस्ट सुड नो अबाउट डिसएबिलिटी* शीर्षक पुस्तकमा गरेकी छन्। यसबाहेक विभिन्न समयमा भिन्न क्षमतायुक्त मानिसहरूका निम्ति परोपकारी संस्था, आवासकेन्द्र, विद्यालय, अस्पताल आदिको स्थापना गर्नका पछि पनि धार्मिक विश्वास वा मान्यता नै कारकतत्त्वका रूपमा रहेको पाइन्छ।

यसरी हेर्दा धार्मिक मान्यताअन्तर्गत सकारात्मक र नकारात्मक दुवै अर्थमा भिन्न क्षमताको व्याख्या भएको पाइन्छ, तथापि यसका नकारात्मक अर्थहरू अत्यधिक प्रभावशाली बनेर संस्कार रूपमा स्थापित हुन पुगेका देखिन्छन्। यसैले भिन्न क्षमताका सन्दर्भमा धार्मिक मान्यताको छुट्टै महत्त्व रहेको पाइन्छ।

### २.८.२ सीमान्तीकरण

सांस्कृतिक अध्ययनको क्षेत्रमा भिन्न क्षमतालाई सीमान्तकृत विषय मानिन्छ। यसले उत्तरआधुनिकताको सङ्कल्प र उद्देश्यलाई गहन रूपमा समेट्ने काम गरेको छ।

---

[८८] इना रोजिङ, सन् १९९९, स्टिग्मा अर् सेक्रेडनेसः नोट्स अन् डिलिङ विथ् डिसएबिलिटी इन् एन् एन्डियन् कल्चर, *डिसएबिलिटी इन् डिफरेन्ट कल्चर्स,* (सम्पा ब्रिगिट होल्जर, आर्थर भ्रिड, गाब्रियल वेट), विलिफिल्डः ट्रान्सक्रिप्ट भर्लाग, पृ ३४ - ३७

[८९] जोस मुरिकन र जर्जकुट्टी क्यारे, सन् १९९५, *पर्सन्स विथ् डिसएबिलिटी इन् सोसाइटी,* ट्रिभान्ड्रमः केरला फेडरेशन अफ् द ब्लाइन्ड, पृ ६०

[९०] रोडा अल्किन, सन् १९९९, *व्हाट साइकोथेरापिस्ट सुड नो अबाउट डिसएबिलिटी,* न्यु योर्कः गुल्फोर्ड प्रेस, पृ २५ - २५

उत्तरआधुनिकता मूलतः सीमाविहिनीकरणको आन्दोलन हो[९१] जसले एकतन्त्रीय शाषण व्यवस्थालाई स्वीकार गर्दैन। समूहवाद वा सार्विक एकात्मकतावाद यसको मूल मन्त्र रहेको पाइन्छ। यसैले विभिन्न शक्तिकेन्द्रहरूको विरोध गर्ने तथा सबैको सहभागितालाई समान अवसर प्रदान गर्ने दिशामा उत्तरआधुनिक चेतना विकसित भएको देखिन्छ। बहुसङ्ख्यकता वा बाहुल्यताका आधारमा स्थापित विभिन्न केन्द्रहरू नै सीमान्ततालाई निर्धारण गर्ने शक्तिहरू हुन्। जसरी गोराहरूको बाहुल्य रहेको समाजमा कालाहरूलाई सधैं सीमान्तकृत विषय मानिन्छ त्यसरी नै धनीका निम्ति गरीब, पितृसत्ताका निम्ति नारी, सुन्दरताका निम्ति कुरूपता, सबलताका निम्ति दुर्वलता, सज्जनका निम्ति पागल आदि सीमान्तकृत विषय बन्न पुग्छन्। यस सन्दर्भमा टोबिन सिबर्सको भनाइ उपयुक्त रहेको पाइन्छ।मन  भन्छन् -जाति वैशिष्ट्यवादको धारणा व्याप्त रहेको समाजमा कालो रङको मान्छेले आफुलाई ऐनामा हेर्दा पनि असहज अनुभव गरेझैं सबलहरूको समाजमा भिन्न क्षमतायुक्त मानिसहरूका निम्ति कुनै प्रकारको अधिकार र अधिनियमलाई मान्यता दिनु अनावश्यक ठानिन्छ।[९२]

वास्तवमा भिन्न क्षमता के हो भन्ने प्रश्नको सटीक उत्तर पाउनु सजिलो छैन। डेविसअनुसार जसरी अफ्रिकन कहलाइनका निम्ति अमेरिकीहरूको अनुहारको रङ गोरो हुनैपर्छ भन्ने छैन त्यसरी भिन्न क्षमताको पनि कुनै निश्चित सीमा वा वर्ग छैन।[९३] डेविसको उक्त भनाइ सीमान्तीकरणको प्रखर अनुभवद्वारा उद्भूत रहेको देखिन्छ। यसले भिन्न क्षमताबारे निर्मित सामाजिक धारणाप्रति मनोवैज्ञानिक प्रहार गरेको छ। यसरी भिन्न क्षमतायुक्त मानिसहरूलाई किन र कसरी सीमान्तकृत गरिन्छ भन्ने विषयको छानबीन गर्दै

---

[९१] शशिभूषण, पाण्डेय, सन् २०१०, *उत्तरआधुनिकताः बहुआयामी सन्दर्भ*, इलाहाबादः लोकभारती प्रकाशन, पृ १५

[९२] टोबिन सिबर्स, सन् २००६, डिसएबिलिटी इन् थ्योरी फ्रम सोसियल कन्स्ट्रकसनिज्म टु द न्यु रियलिज्म अफ् बडी,*द डिसएबिलिटी स्टडिज् रिडर* (सम्पा लेनार्ड जो डेविस)न्यु योर्क एन्ड लन्डनः रुटलेज, पृ १७४

[९३] लेनार्ड जे डेविस, सन् १९९९, क्रिप्स स्ट्राइक ब्याकः द राइज अफ् डिसएबिलिटी स्टडिज्, *अमेरिकन लिटरेरी हिस्ट्री*, भोल्युम ११, न्यु योर्कः अक्सफोर्ड युनिभर्सिटी प्रेस, पृ ५०२

भिन्न क्षमताको सामाजिक एवम् सांस्कृतिक संरचनाबारे व्याख्या प्रस्तुत गर्ने क्रममा सीमान्तीकरणको धारणा महत्त्वपूर्ण र उपयोगी रहेको देखिन्छ। भिन्न क्षमताको अध्ययनमा यसलाई निम्न प्रकारले वर्गीकरण गरेर हेर्न सकिन्छ-

**२.८.२.१ परिचय र प्रतिनिधित्वको धारणाः** परिचय भन्नाले अन्यका भरमा 'स्व'लाई प्रतिष्ठापित गराउने माध्यम बुझिन्छ किनभने मानिसहरूले अन्यलाई केन्द्रमा राखेर नै आफ्नो परिचय स्थापित गर्छन्।[९४] यो एउटा सांस्कृतिक प्रक्रिया हो। यसले नाम, जात, गोत्र, वंश, रूप, लिङ्ग आदिका अतिरिक्त व्यक्तिको सामाजिक सम्बन्ध, राजनीतिक स्तर, आर्थिक अवस्था आदिलाई पनि बुझाउँछ। यसैबाट परिचय स्थापनाको सांस्कृतिक प्रक्रिया आरम्भ हुन्छ। तान्या तिच्कस्कीअनुसार संस्कृतिले सर्वप्रथम मानिसहरूबाटै अर्थ ग्रहण गर्छ र त्यसैद्वारा फेरि मानिसहरूलाई अर्थ प्रदान गर्छ।[९५] यही अर्थ नै मानिसको सकारात्मक वा नकारात्मक परिचय निर्माण गर्ने सांस्कृतिक प्रक्रिया हो। यसमा भिन्न क्षमताको परिचयले ऐतिहासिक रूपमै नकारात्मक संस्कृतिलाई प्रतिनिधित्व गर्दै आएको देखिन्छ।

आज भिन्न क्षमताले केवल शारीरिक वा मानसिक रूपमा देखा परेका दुर्बलताहरूलाई मात्र बुझाउँदैन। यसले व्यापक रूपमा जाति, प्रजाति, लिङ्ग, अर्थ, भाषा आदिका आधारमा विभाजित एवम् उपेक्षित व्यक्तिसमूहको परिचयलाई पनि बुझाउँछ। तीमध्ये लैङ्गिक परिचयको मुद्दा शीर्षमा रहेको पाइन्छ। यसअन्तर्गत नारी, पुरुष समलिङ्गी, स्त्री समलिङ्गी, परिवर्तित समलिङ्गी आदिको परिचयलाई भिन्न क्षमताका रूपमा परिभाषित गर्ने सामाजिक एवम् सांस्कृतिक संरचनाबारे अध्ययन गरिन्छ। रोबर्ट म्याकरुरअनुसार जसरी सशक्त शरीरप्रतिको धारणाले भिन्न क्षमतालाई निर्धारित गर्छ

---

[९४] शीला रिडेल र निक वाट्सन, सन् २०१४, *डिसएबिलिटी, कल्चर एन्ड आइडेन्टिटी*, लन्डनः रुटलेज, पृ १०

[९५] तिच्कस्की, सन् १९९६, 'डिसएबिलिटी, सेल्फ एन्ड सोसाइटी', पूर्ववत्, पृ ४

त्यसरी नै विपरीतलिङ्गी व्यवस्थाले सन्दिग्धहरूको अवस्थालाई निर्धारित गरेको छ।[९६] लैङ्गिक परिचयका सन्दर्भमा सन्दिग्धहरूको अवस्थालाई छुट्टै यौनिक विशेषताका रूपमा हेरिन्छ जसले विपरीतलिङ्गी सामान्य पुरुष र सामान्य नारीका तुलनामा असामान्य तथा कलङ्कित रहेको छविलाई बुझाउँछ। यसैले समलिङ्गी पुरुष र नारीहरू सधैँ सीमान्तकृत समूहका रूपमा परिभाषित हुन पुगेका देखिन्छन्। यसमा पनि समलिङ्गी पुरुषले भन्दा समलिङ्गी नारीले 'नारी' र 'समलिङ्गी' दुवै भएको कारण दोहोरो लाञ्छना वा शोषण झेल्नु पर्छ भन्ने सञ्जीव उप्रेतीको भनाइ रहेको पाइन्छ।[९७]

विपरीतलिङ्गी व्यवस्थाभित्र पनि नारीहरूहरूको अवस्था बढो दुर्भाग्यपूर्ण रहेको देखिन्छ किनभने पितृसत्तात्मक विचारधाराको प्रभुत्व रहेको समाजमा नारीलाई व्यक्तिगत र पुरुषलाई संस्थागत मानिन्छ। वस्तुतः नारीले पनि पुरुषसमान विभिन्न प्रकारका सामाजिक क्रियाकलापहरूमा अंशग्रहण गर्न सक्छन्। उच्च पद र प्रतिष्ठा प्राप्त गर्न सक्छन्। युद्ध गर्न सक्छन्, समाजलाई कुशल नेतृत्व दिन सक्छन्। यद्यपि जीववैज्ञानिक भिन्नताका कारण नारीको सहभागितालाई समाजमा अर्थपूर्ण प्रतिश्रुति दिइएको पाइँदैन। यस्तो सामाजिक व्यवस्थाभित्र एउटी भिन्न क्षमतायुक्त नारीका रूपमा जीवन निर्वाह गर्नु झन् कठिन रहेको कुरा नारीवादी भिन्न क्षमताका अध्येताहरूले गर्दै आएका छन्। यसर्थ रोडा अल्किनले एउटा भिन्न क्षमतायुक्त पुरुषभन्दा एउटी भिन्न क्षमतायुक्त नारीमा कैयौँ गुणा बेसी विक्षिप्तता हुन्छ[९८] भनेकी छन्।

यस प्रकार सीमान्तीकरणको प्रक्रियाअन्तर्गत भिन्न क्षमताको परिचयले मूलतः असहाय, अमिल्दो, बेकार, व्यर्थ भन्ने सांस्कृतिक अर्थहरूलाई प्रतिनिधित्व गरेको देखिन्छ।

---

[९६] रोबर्ट म्याकरुयर, सन् २००६, *क्रिप थ्योरी, कल्चरल साइन अफ् क्वेरनेस एन्डडिसएबिलिटी,* न्यु योर्कः न्यु योर्क युनिभर्सिटी प्रेस, पृ १

[९७] उप्रेती, 'सिद्धान्तका कुरा', पूर्ववत्, पृ २५०

[९८] रोडा अल्किन, सन् २००८, *फिजिकल एन्ड सिस्टमेटिक डिसएबिलिटी, ह्यान्डबुक अफ् गर्ल्स एन्ड वुमेन्स साइकोलजिकल हेल्थ,* न्यु योर्कः अक्सफोर्ड युनिभर्सिटी प्रेस, पृ ९५

यसैले समाजमा भिन्न क्षमतायुक्त मानिसहरू व्यापक रूपमा उपेक्षित र उच्छेदित बन्न पुग्छन्।

**२.८.२.२ सक्षमता वा सामान्यताको धारणाः** समाजमा सक्षमता वा सामान्यतालाई केन्द्रका रूपमा हेर्ने प्रचलन रहेको पाइन्छजसले गर्दा भिन्न क्षमतायुक्त मानिसहरू परिधीय विषय बन्न पुग्छन्। अतः सीमान्तीकरणको प्रक्रियाअन्तर्गत भिन्न क्षमतालाई बुझ्नका लागि सर्वप्रथम सक्षमता वा सामान्यताको धारणाबारे बुझ्नु आवश्यक देखिन्छ। सिमी लिन्टनअनुसार सक्षमता वा सामान्यताजस्ता पारिभाषिक शब्दहरूको प्रयोग मुख्यतः केन्द्रसम्बन्धी विचारहरूलाई व्यवस्थित बनाउने तथा सामान्य मानिसहरूद्वारा भइरहेको शोषणको स्वरूपलाई देखाउने उद्देश्यले गरिन्छ।[९९] यसबाट भिन्न क्षमतायुक्त मानिसहरूको समूहलाई हीन तुल्याउनका निम्ति साधनका रूपमा प्रयोग हुने व्यक्तिनिष्ठ गुण वा योग्यता नै सक्षमता वा समान्यता हो भन्ने बुझिन्छ।

हेलेना थोमस र जेमिला अहमदअनुसार युगौँदेखि नै मानिसको शरीरलाई पारम्परिक रूपमा हेर्ने दृष्टिकोण विकसित भएको छ जसले भिन्न क्षमतायुक्त शरीरलाई सीमान्तकृत विषयबाहेक अरू केही मान्दैन।[१००] यही पारम्परिक दृष्टिकोणअन्तर्गत सक्षमता वा सामान्यताको धारणाले विभिन्न मानदण्डहरूका आधारमा विभेदकारी नीतिलाई प्रोत्साहित गरेको देखिन्छ। यसैकारण एफ के क्याम्बेलले सक्षमता वा समान्यताको धारणाबिना भिन्नताबारे सोच्नु  असम्भव छ भनेकी छन्।[१०१] वस्तुतः समाजमा व्याप्त संस्थागत विचारधारा, आस्था, विश्वास, अभिप्राय आदिका आधारमा मानवसम्बन्धहरू सुनिश्चित हुने गर्छन्, जहाँ भिन्न क्षमतालाई अमिल्दो र निकृष्ट ठानिन्छ।

---

[९९] लिन्टन, 'क्लेमिङ डिसएबिलिटी, नोलेज् एन्ड आइडिन्टिटी', पूर्ववत्, पृ ९

[१००] हेलेना थोमस र जेमिला अहमद (सम्पा), सन् २००४, बडिली म्याटर, *कल्चरल बडिज् : एथ्नोग्राफी एन्ड थ्योरी,* युएसएः ब्लाकवेल पब्लिसिङ, पृ ३

[१०१] क्याम्बेल, 'काउन्टर्स अफ् एबलिज्म, द प्रोडक्सन अफ् डिसएबिलिटी एन्ड एबल्ड्नेस', न्यु योर्कः पाल्ग्रेभ म्याकमिलन, पृ ६

**२.८.२.३ अन्यत्वको धारणाः** मानिसले स्वयम्लाई अरूसित तुलना गरेर प्राप्त गरेको निष्कर्ष नै अन्यत्वको धारणा हो। यस धारणाले तेस्रो संसारतिर सङ्केत गर्छ जहाँ भिन्न क्षमतायुक्त मानिसहरूलाई 'अन्य'-का रूपमा कलङ्कित चरित्र मानिन्छ। प्राचीन कालदेखि नै मानिसले एउटा वस्तुलाई अर्को वस्तुसँग र आफुलाई अरूसँग तुलना गर्ने परम्परा अवलम्बन गर्दै आएको देखिन्छ। यसैको परिणामस्वरूप मानिसभित्र शारीरिक संरचनामा आफूलाई अरूभन्दा फरक ठान्ने मनोवृत्तिको विकास सांस्कृतिक अभ्यासका रूपमा क्रियाशील हुन थालेको देखिन्छ। यस सन्दर्भमा आफुलाई अन्यसँग तुलना गर्दा सधैं विवादस्पद स्थितिको सिर्जना हुन्छ भन्ने हेनरी ज्याक्स स्टिकरको भनाइ उल्लेखनीय रहेको पाइन्छ।[१०२] थम्पसनअनुसार भिन्न क्षमता व्यक्तिमा नभएर सांस्कृतिक मूल्य र मान्यतामा हुन्छ[१०३] किनभने सांस्कृतिक रूपले एउटा शरीरको तुलनामा अर्को शरीर 'अन्यत्व'-कोवर्गमा चिह्नित हुन्छ जसको आशय कमजोर र उपेक्षित भन्ने अर्थसँग रहेको पाइन्छ।[१०४] यसबाट मानिसको शरीर केवल हाडमासुको पुञ्जमात्र नभएर तुलनात्मक हेराइ वा बुझाइको परिणाम हो भन्ने थाहा पाइन्छ।

अन्यत्वको धारणाले मूलतः जाति, भाषा, धर्म, रङ, श्रेणी, लिङ्ग, उमेर आदि विषयहरूका आधारमा हुने विभाजनको सांस्कृतिक प्रक्रियालाई बुझाउँछ। अतएव भिन्न क्षमतालाई जाति, भाषा, धर्म, रङ, श्रेणी, लिङ्ग, उमेर आदि कारणहरूले निर्मित अवस्थाविशेषका रूपमा पनि बुझ्न सकिन्छ। भिन्न क्षमताको अध्ययनमा अन्यत्वको धारणालाई महत्त्वपूर्ण मानिन्छ किनभने सामाजिक संरचनाअन्तर्गत भिन्न क्षमतालाई 'अन्य'-का रूपमा परिभाषित गरिन्छ।

---

[१०२] स्टिकर, 'हिस्ट्री अफ् डिसएबिलिटी', पूर्ववत्, पृ ९

[१०३] थम्पसन, 'एक्स्ट्रा अर्डिनरी बडिज्: फिगरिङ फिजिकल डिसएबिलिटी इन् अमेरिकन कल्चर एन्ड लिटरेचर', पूर्ववत्, पृ ६

[१०४] जमिला अहमद, सन् २००४, रिचिङ द बडी, फ्युचर डाइरेक्सन, *कल्चरल बडी, एथनोग्राफी एन्ड थ्योरी* (सम्पा हेलेन थोमस र जमिला अहमद), युएसएः ब्लाकवेल पब्लिसिङ लि, पृ २८९

### २.८.३ सामाजिक समावेशीकरणको धारणा

भिन्न क्षमताको अध्ययनले भिन्न क्षमतायुक्त मानिसहरूको सामाजिक सशक्तिकरणलाई मूल मुद्दाको रूपमा प्रस्तुत गरेको देखिन्छ। मूलतः समाजमा भिन्न क्षमतायुक्त मानिसहरूले पनि अन्यले सरह समान अधिकार, समान न्याय, समान सहभागिताको अवसर पाउनुपर्छ भन्ने विचार नै यस अध्ययनको मूल उद्देश्य बनेर देखा परेको छ। यसले भिन्न क्षमताबारे संस्थागत रूपमा निर्मित धारणाहरूको विरोध गर्छ। भिन्न क्षमता आफै सृष्टि हुँदैन तर सामाजिक परिवेशद्वारा निर्माण गरिन्छ भन्ने कुरालाई प्रश्रय दिँदै भिन्न क्षमतायुक्त मानिसहरूलाई सामाजिक मूलधाराभित्र प्रवेश गराउने दिशामा भिन्न क्षमताको अध्ययन विकसित भएको देखिन्छ। भिन्न क्षमतायुक्त मानिसहरूको सामाजिक एकीकरणबारे सोच्नु, समाजमा व्याप्त रूढ एवम् पारम्परिक धारणाहरूको खण्डन गर्नु, मानवतावादी दृष्टिकोणलाई प्रश्रय दिनु, भिन्न क्षमतायुक्त मानिसहरूलाई सकारात्मक चरित्रका रूपमा वर्णन गर्नु आदि भिन्न क्षमताको अध्ययनमा देखा परेका महत्त्वपूर्ण कुराहरू हुन्। यसैले आजको सन्दर्भमा भिन्न क्षमताको अध्ययनलाई महत्त्वपूर्ण मानिन्छ किनभने यसले भिन्न क्षमतायुक्त मानिसहरूको सांस्कृतिक अर्थबारे पुनः दावी गर्छ।

## २.९ भिन्न क्षमता अध्ययनको आवश्यकता

भिन्न क्षमताको अध्ययनक्षेत्र व्यापक र विस्तृत रहेको पाइन्छ। यो एउटा विश्वव्यापी सामाजिक चिन्तनको विषय हो। छोटो समयमै प्रभावकारी र गहन विषयका रूपमा देखा परेको कारण मार्गरिट सिल्ड्रिकले यसलाई असाधारण रूपमा विस्तार भएको अध्ययन भनेकी छन्।[१०५] फिफर र किगेरको विचारमा यो एउटा ज्ञानको पराकाष्ठामा पुगेको

[१०५] मार्ग्रिट सिल्ड्रिक, सन् २०१२, क्रिटिकल डिसएबिलिटी स्टडिज्, *रुटलेज ह्यान्डबुक अफ् डिसएबिलिटी स्टडिज्* (सम्पा निक वाट्सन, एलन रोल्स्टन, क्यारोल थोमस), न्यु योर्क एन्ड लन्डनः रुटलेज, पृ ३०

अध्ययन हो।[१०६] यसले प्राज्ञिक ज्ञानानुशासनका रूपमा रहेर समाजमा स्थापित भिन्नताका विविध स्वरूप र सन्दर्भहरूलाई पर्गेल्ने काम सफलतापूर्वक गरेको देखिन्छ। यद्यपि यस अध्ययनको विकास केवल प्राज्ञिक अनुशासनका रूपमा मात्र सीमित रहेको देखिँदैन। लेनार्ड जे डेविसअनुसार यस अध्ययनले सांस्कृतिक अध्ययनबाट ऊर्जा प्राप्त गरेर मानवशास्त्र, लोकप्रिय संस्कृति, साहित्यिक सिद्धान्त हुँदै अन्य क्षेत्रहरूमा पनि प्रवेश गरेको छ।[१०७] यस सन्दर्भमा डेभिड जोहन्स्टनको भनाइ पनि उल्लेखनीय रहेको पाइन्छ। जोहन्स्टनअनुसार भिन्न क्षमताको अध्ययनले प्राज्ञिक सीमा पार गरिसकेको छ र यो अध्ययन व्यापक रूपमा दर्शनशास्त्र, समाजशास्त्र, मनोविज्ञान, इतिहास आदि अनुशासनहरूमा समेत स्थापित भइसकेको छ।[१०८] यस प्रकार यस अध्ययनले सामाजिक अन्तर्सम्बन्ध तथा त्यससँग सम्बन्धित विभिन्न मुद्दाहरूको विश्लेषण गर्ने क्रममा अन्तर्अनुशासनात्मक स्वरूप प्राप्त गरेको देखिन्छ। यस दृष्टिले आजको सन्दर्भमा भिन्न क्षमताको अध्ययन बहुआयामिक विशेषता वा प्रवृत्तिका रूपमा देखा परेको विशिष्ट अध्ययन हो भन्न सकिन्छ।

भिन्न क्षमताको अध्ययनले योग्य र अयोग्यका रूपमा वर्गीकृत मानिसहरू बिचको सम्बन्धलाई आलोचनात्मक दृष्टिले हेर्छ। सामान्यतः भिन्न क्षमतायुक्त मानिसहरूलाई अयोग्यताका प्रतीक मान्दै विभिन्न क्रियाकलापहरूमा सहभागी बन्न नदिने सामाजिक एवम् सांस्कृतिक प्रक्रियाहरूको विरोधाभासी रहेकोले यो अध्ययन महत्त्वपूर्ण रहेको देखिन्छ।

---

[१०६] डेभिड फिफर र गेरी किगर, सन् १९९५, *इन्ट्रडक्शन,* जर्नल अफ् हेल्फ एन्ड ह्युमान सर्भिसेस एड्मिनिस्ट्रेशन, http://www.jstor.org/stable/25780831 Accessed: 07-09-2017 10:03 UTC,पृ ३८६

[१०७] डेविस, 'क्रिप्स स्ट्राइक ब्याकः द राइज् अफ् डिसएबिलिटी स्टडिज्', पूर्ववत्, पृ ५०९

[१०८] डेभिड जोहन्स्टन, सन् २००५, *एन् इन्ट्रडक्शन टु डिसएबिलिटी स्टडिज्*पाँ सं, लन्डनः डेभिड फुल्टन पब्लिसर्स, पृ १

यस अध्ययनले मानवइतिहासको वृहत् पाटोलाई अँगाल्दै युगौँदेखि उपेक्षित र उत्पीडित रहेका भिन्न क्षमतायुक्त मानिसहरूको पक्षमा तर्क प्रस्तुत गर्छ। यसले आधुनिक समाजद्वारा स्थापित महाख्यानहरूको विरोध र युगौँदेखि छोपिएका, थिचिएका र ओझेलमा पारिएका लघुआख्यानहरूको समर्थन गरेको देखिन्छ। यसैले आजको सन्दर्भमा यो अध्ययन आवश्यक रहेको देखिन्छ।

समाजमा भिन्न क्षमतालाई खोट मान्ने रूढ एवम् पारम्परिक धारणाहरू विद्यमान रहेका पाइन्छन्। तिनै धारणाहरूको विघटन गर्ने दिशामा भिन्न क्षमताको अध्ययन सक्रिय रहेको देखिन्छ। यस अध्ययनले भिन्न क्षमतायुक्त मानिसहरूको अवस्थाबारे पुनः विवेचना गर्दै वर्तमान समाजको स्वरूपबारे गहिरो चिन्तन प्रस्तुत गर्छ। यस अतिरिक्त समाजको तथाकथित उच्च र सामान्य श्रेणीभन्दा पर अर्का जो भिन्न छन् उनीहरूको अध्ययन आवश्यक रहेको देखिन्छ किनभने साहित्यको समावेशी अवधारणाले शोषित र अवहेलितहरूको पक्षमा सङ्कथन आरम्भ गरेको छ। यसकारण पनि आजको समयमा भिन्न क्षमताको अध्ययन आवश्यक रहेको देखिन्छ।

## निष्कर्ष

भिन्न क्षमतालाई विभिन्न समयमा विभिन्न उद्देश्यले विभिन्न अर्थहरूमा परिभाषित गरिएको पाइन्छ। यसैले मानवसभ्यताको पहिलो पहरदेखि आजसम्म यसको स्वरूप एकसमान रहेको देखिँदैन। यद्यपि प्रत्येक युगमा भिन्न क्षमतायुक्त मानिसहरूमाथि भइरहेको अन्याय, अत्याचार, भेदभाव, पक्षपात र दुर्व्यवहारहरूको स्वरूप भने एकसमान रहेको देखिन्छ। कालान्तरमा विभिन्न प्रकारका सङ्घ-संस्था, विद्यालय, चिकित्सालय, पुनर्वास, सरकारी अध्यादेश र अधिनियमहरू आदिले सकारात्मक दृष्टि प्रतिपादन गर्न खोजेको देखिए तापनि शारीरिक एवम् मानसिक रूपले जो भिन्न छन्, उनीहरूप्रति नकारात्मक भावना राख्ने मानवमनलाई परिवर्तन गर्न सकेको देखिँदैन। यसैले आज पनि भिन्न क्षमतालाई

मानवजीवनको नकारात्मक पक्षका रूपमा हेर्ने दृष्टिकोण विश्वभरिको समाजमा यथावत् रहेको पाइन्छ। यही रूढ एवम् सङ्कीर्ण दृष्टिकोणलाई चुनौति दिनका निम्ति भिन्न क्षमताको अध्ययन एउटा नवीन अवधारणाका रूपमा स्थापित भएको देखिन्छ। यस अध्ययनले कलङ्कीकरण र सीमान्तीकरणका सामाजिक एवम् सांस्कृतिक प्रक्रियाहरूको आलोचना गर्दै भिन्न क्षमताको सामाजिक समावेशीकरणका पक्षमा महत्त्वपूर्ण भूमिका निर्वाह गर्दै आएको छ। अतः भिन्न क्षमताको इतिहासमा भिन्न क्षमताको अध्ययन एउटा निर्णायक मोड हो जसले भिन्न क्षमतालाई नकारात्मक अर्थहरूबाट मुक्त गराइ सकारात्मक अर्थमा परिभाषित गरेको देखिन्छ।

# तेस्रो अध्याय

## ३ नेपाली आख्यानमा भिन्न क्षमताको प्रयोग-परम्परा

### ३.१ आख्यानको सामान्य परिचय

'आख्यान' संस्कृतबाट नेपालीमा ग्रहण गरिएको तत्सम शब्द हो। संस्कृतको 'ख्या' धातुमा 'ल्युट्' प्रत्यय र 'आ' उपसर्ग लागेर बनेको 'आख्यान' शब्दले मूलतः कुनै कुरा भन्नु, घोषणा गर्नु, जनाउनु वा समाचार आदि सुनाउनु भन्ने अर्थबोध गराउँछ।[१०९] संस्कृत साहित्यमा आख्यानका सहवर्ती कथा, कथन, उक्ति, वृत्तान्त, पुरावृत्तकथन, गाथा, आख्यायिका, कथालिका, खण्डकथा, परीकथा आदि शब्दहरू प्रचलित रहेका पाइन्छन्। पद्य भाषामा लेखिएका भए तापनि इतिवृत्तमूलक हुनका नाताले विभिन्न सुक्ति, संवाद, गाथा, महाकाव्य, खण्डकाव्य, कोषकाव्य आदि काव्यरूपहरूले आख्यानको पृष्ठभूमि निर्माणमा महत्त्वपूर्ण भूमिका निर्वाह गरेको देखिन्छ। यसबाट आख्यान र इतिवृत्तमाझ आन्तरिक तथा गहिरो सम्बन्ध रहेको पुष्टि हुन्छ। यसर्थ आख्यान एउटा शरीर हो भने इतिवृत्तमूलक हुनु त्यस शरीरको धर्म हो भन्ने मान्न सकिन्छ।

संस्कृत साहित्यमा 'आख्यान' शब्दको उत्पत्ति केलाउँदै ऋग्वेदसम्म पुग्नुपर्ने हुन्छ। ऋग्वेदको भाषा पद्यमय रहेको पाइए तापनि यसका अनेकौं सुक्ति, गाथा, दान-स्तुति तथा दाशराज्ञ युद्धका प्रसङ्गहरू इतिवृत्तका दृष्टिले परिष्कृत रहेका पाइन्छन्। ऋग्वेदबाटै गद्यशैलीको विकास सम्भव भएको हो। यसैले विभिन्न ब्राह्मण ग्रन्थ, उपनिषद् तथा दार्शनिक ग्रन्थहरूमा अङ्कित भाषाको प्राचीनतम् रूप गद्यशैलीमा देखा परेको पाइन्छ। संस्कृतमा गद्यशैलीको विकास दुई प्रकारले भएको छ —शास्त्रीय गद्यका रूपमा

[१०९] घनश्याम नेपाल, सन् २००५, *आख्यानका कुरा,* सिलगढीः एकता बुक हाउस प्रा लि, पृ १९

र साहित्यिक गद्यका रूपमा।[११०] शास्त्रीय गद्यअन्तर्गत व्याकरण, दर्शनग्रन्थ र टीकाग्रन्थहरू पर्छन् भने साहित्यिक गद्यअन्तर्गत कथा, कहानी तथा नाटकहरू पर्छन्। पतञ्जलीद्वारा उल्लेखित 'वासवदत्त', 'सुमनोत्तरा', 'भैमरथी' साथै दण्डीद्वारा रचित 'दशकुमारचरित्', 'अवन्तिसुन्दरी' आदि साहित्यिक गद्यका सुन्दर नमूनाहरू हुन्।[१११]

नेपालीमा 'आख्यान' शब्दलाई अङ्ग्रेजी शब्द 'फिक्सन'-को रूपान्तरण मानिन्छ। ल्याटिनको 'फिक्तिओ' -बाट विकसित भएको 'फिक्सन' शब्दले सत्य वा यथार्थसित सम्बन्धित नरहेको घटनावृत्तान्तलाई बुझाउँछ। यसैले नेपालीमा पनि 'आख्यान' शब्दलाई 'बनाएको कथा'[११२] भन्ने अर्थमा स्वीकार गरिएको देखिन्छ। यद्यपि संस्कृत काव्यशास्त्रमा आख्यानकै सहवर्ती 'आख्यायिका' शब्द प्रचलित रहेको पाइए तापनि यसले अङ्ग्रेजीको 'फिक्सन' शब्दसित कुनै मेल राखेको देखिँदैन। संस्कृत काव्यशास्त्रमा 'आख्यायिका'-लाई गद्यरचनाको नमूना तथा पूर्वपरम्परादेखि आएको प्रसिद्ध सत्य कथा भन्ने अर्थमा परिभाषित गरिएको छ।[११३] यसका विपरीत अङ्ग्रेजी साहित्यमा 'फिक्सन'-लाई कल्पनाप्रसूत कृति भन्ने अर्थमा ग्रहण गरिएको पाइन्छ।[११४] यस प्रकार 'फिक्सन'-लाई मानवकल्पनाद्वारा निःसृत विधाविशेषका रूपमा चर्चा गर्ने परम्पराको थालनी एरिष्टोटलदेखि नै भएको पाइन्छ। एरिष्टोटलले 'फिक्सन' भनेर स्पष्ट रूपमा विवेचना गरेको नपाइए तापनि त्रासदीको कथावस्तुबारे चर्चा गर्ने क्रममा घटनाहरूको सम्भावित र आवश्यक अनुक्रमबारे चर्चा गरेका छन्। उनको मतानुसार कथावस्तुभित्र प्रत्येक घटना

---

[११०] शान्तिकुमार नानुराम व्यास, सन् १९५७, संस्कृत और उसका साहित्य, *संस्कृत भाषा और साहित्यका परिचयात्मक विश्लेषण* (सम्पा क्षेमचन्द्र सुमन), दिल्लीः राजकमल प्रकाशन प्रा लि, पृ ११९

[१११] *पूर्ववत्,* पृ ११९ - १२०

[११२] कृष्णहरि बराल र नेत्र एटम, वि सं २०६६, उपन्यास सिद्धान्त र नेपाली उपन्यास, ते सं, काठमाडौं : साझा प्रकाशन, पृ १

[११३] सोमनाथ शर्म्मा सिग्द्याल, वि सं २०५८, *साहित्य प्रदीप,* काठमाडौं : विद्यार्थी पुस्तक भण्डार, पृ ९४ - ९५

[११४] नेपाल, 'आख्यानका कुरा', पूर्ववत्, पृ २२

एकाअर्कासित आबद्ध हुनपर्छ र ती घटनाहरू इतिहासजस्तो पूर्व घटित हुनुहुँदैन।[११५] इतिहास सत्य घटनामा आश्रित हुने भएकोले त्रासदीको कथावस्तु इतिहासजस्तो नभएर कविकल्पित हुनुपर्छ भन्ने एरिष्टोटलको भनाइ रहेको पाइन्छ। अर्को शब्दमा एरिष्टोटलले घटनाहरूको श्रृङ्खलाबद्ध प्रस्तुतिको चर्चा गर्दै इतिवृत्तात्मकतातिर ध्यान दिएको पाइन्छ। इतिवृत्तात्मकता भन्नाले इतिहास, जीवनचरित्र, संस्मरण, नाटक, कथा, उपन्यास, महाकाव्य, खण्डकाव्य आदि सबै गद्यमूलक रचनाहरूको साझा विशेषता बुझिन्छ।[११६] यही विशेषता नै आख्यानलाई निर्धारण प्रमुख कारकतत्त्व हो।

उपरोक्त कथनका आधारमा के भन्न सकिन्छ भने अङ्ग्रेजी साहित्यलोचनका क्षेत्रमा प्रचिलत 'फिक्सन' शब्दले केवल कथा र उपन्यास भन्ने सङ्कुचित अर्थलाई मात्र बुझाउँदैन। यसले समस्त साहित्यलाई नै बुझाउँछ। 'आख्यान' शब्दको प्रयोग पनि यसै अर्थलाई बहन गर्नका निम्ति भएको पाइन्छ।घनश्याम नेपालअनुसार 'आख्यान' शब्दको यस्तो व्यापक अर्थ लागे तापनि साहित्यलोचनका क्षेत्रमा यसले विशेष गरी इतिवृत्तमूलक पाठ अथवा त्यसलाई पनि साँघुर्‍याएर कथा र उपन्यास भन्ने रूढ अर्थलाई ग्रहण गरेको देखिन्छ।[११७] यसैको परिणामस्वरूप नेपाली साहित्यमा आख्यानबारे लेखिएका समालोचनात्मक कृतिहरू प्रायः नै कथा र उपन्यासको स्वरूप तथा विशेषता केलाउनमा केन्द्रित रहेका पाइन्छन्। उदाहरणका रूपमा ईश्वर बरालको *आख्यानको उद्भव* रगुणाकर भुसालको *आधुनिक नेपाली आख्यान*लाई लिन सकिन्छ।

## ३.२ आख्यानको विकासक्रम

आख्यानको विकासबारे पूर्व र पश्चिम दुवैतिर व्यापक चर्चा भएको पाइन्छ। पूर्वमा वैदिक साहित्यको विकास सँगसँगै आख्यानको परम्परा अघि बढेको देखिन्छ। वैदिक साहित्यमा

---

[११५] अभि सुवेदी, वि सं २०५४, *पाश्चात्य काव्य-सिद्धान्त*, दो स, काठमाडौं: साझा प्रकाशन, पृ १९

[११६] नेपाल, 'आख्यानका कुरा', *पूर्ववत्*, पृ२२

[११७] नेपाल, *पूर्ववत्*, पृ २३

सूक्त र गाथा आदि शब्दको प्रयोग कथाका अर्थमा भएको पाइन्छ।[११८] *ऋग्वेद*मा चर्चा गरिएका विभिन्न सूक्त र संवादहरू नै पछि आएर सूक्तिका रूपमा विकसित भएका देखिन्छन्। वास्तवमा ती सूक्तिहरू आफैमा पूर्ण कथा नभएर कथाका बीजका रूपमा देखा परेका छन्। यसरी नै छन्दवद्ध र गेयात्मक रचनाहरूलाई *ऋग्वेद*मा 'गाथा' भनिएको पाइन्छ र त्यही गाथाको श्रेणीभित्र 'आख्यायिका' शब्दको प्रयोग पनि प्रथमपल्ट भएको देखिन्छ।[११९] *ऋग्वेद*मा आख्यायिकालाई गद्यरचनाको सुन्दर नमूना वा सुसङ्गत कथा भन्ने अर्थमा प्रयोग गरिएको पाइन्छ। राणाप्रताप सिंहले यस्ता सुक्ति, संवाद वा आख्यायिकाहरूलाई उपाख्यानका रूपमा विवेचना गरेका छन्। सिंहअनुसार ऋग्वेदमा नाराशंसी, दान-स्तुति तथा दाशराज्ञ युद्धका प्रसङ्गहरूमा सानातिना अनेक इतिवृत्तहरू छन् जहाँ कुनै न कुनै रूपमा आख्यानको बीज विद्यमान रहेको पाइन्छ।[१२०] उक्त इतिवृत्तहरू विशेष रूपले विभिन्न राजाहरूका दानशील प्रवृत्ति एवम् पराक्रमका घटनाहरूसित सम्बद्ध रहेका पाइन्छन्। तिनमा महान् प्रतापी राजा पुरुकुत्स, त्रसदस्यु, त्रिक्षी, थ्ररुण, त्रैविष्णु, कुरुश्रवण, दिवोदास, सुदास देव, पुरुमिड, तरन्त, आयवश, रथवीती, दाल्म्य, श्रुतरथ, पाकस्थामा, कुरुङ्ग, चित्र, इन्द्रोत, श्रुतर्दन, प्रतर्दन आदि राजाहरूको उल्लेख भएको देखिन्छ।[१२१] यस प्रकार ऋग्वेदका विभिन्न सुक्ति, संवाद वा गाथाहरूमा अनेकौं उपाख्यानहरूको स्वरूप स्पष्ट देख्न सकिन्छ। उदाहरणका रूपमा 'अगस्त्य र लोपामुद्राको उपाख्यान', 'गृत्समदको उपाख्यान', 'वशिष्ठ र विश्वमित्रको उपाख्यान', 'अग्निको जन्मको उपाख्यान', 'रथवीति र श्यावाश्यको उपाख्यान', 'सुदासोपाख्यान', 'अपाला आत्रेयी र कृशास्वको उपाख्यान', 'पुरुरवा र उर्वशीको

---

[११८] ज्योत्सना वर्मा, सन् १९८९, *पंचतन्त्र एवं हितोपदेश का तुलनात्मक अध्ययन,* प्रयाग विश्वविद्यालयमा विद्यावारिधि उपाधिका निम्ति प्रस्तुत शोधप्रबन्ध, पृ ३

[११९] पूर्ववत्, पृ ३ - ४

[१२०] राणाप्रताप सिंह, सन् १९८७, *रामायण एवं महाभारत के समान उपाख्यानों का आलोचनात्मक अध्ययन,* इलाहाबाट विश्वविद्यालयमा विद्यावारिधि उपाधिका निम्ति प्रस्तुत गरिएको शोधप्रबन्ध, पृ १

[१२१] पूर्ववत्,

उपाख्यान' आदिलाई लिन सकिन्छ।[१२२] यिनै उपाख्यानहरूको उत्तरोत्तर विकास वा परिष्कृत रूप पछिबाट *यजुर्वेद, अथर्ववेद, ब्राह्मण ग्रन्थ, उपनिषद, रामायण, महाभारत, जातककथा, वृहत्कथा, वेताल पंचविशंतिका, शुकसप्तति, पंचतन्त्र, हितोपदेश* आदिका विभिन्न इतिवृत्तहरूमा देखा पर्छ।

*यजुर्वेद*मा वर्णित 'देवासुर संग्रामको उपाख्यान' तथा 'रातको उत्पत्तिको उपाख्यान' आदिमा देखा परेको गद्यशैलीको विकसित रूप *अथर्ववेद*मा पाउन सकिन्छ। सुन्दर गद्यशैलीमा लेखिएका यसका विभिन्न मन्त्र साथै दृष्टान्तहरू आख्यानतत्त्वका दृष्टिले महत्त्वपूर्ण रहेका पाइन्छन्। त्यसै समयदेखि दृष्टान्तका रूपमा विभिन्न पशुपक्षीहरूलाई माध्यम बनाएर मानवीय विविध पक्षहरूको उद्घाटन गर्ने परम्परा पनि अवलम्बित भएको पाइन्छ। त्यसपछि ब्राह्मण ग्रन्थहरूको विकाससँगै आख्यानको परिपाटीमा अझ धेरै रोचकता थपिन गएको देखिन्छ। ब्राह्मण ग्रन्थअन्तर्गत *शतपथ ब्राह्मण, ऐतरेय ब्राह्मण, तैत्तरिय ब्राह्मण, जैमिनीय ब्राह्मण* आदिमा आख्यानका अनेकौं रूपहरू विकसित भएका छन्। तीमध्ये 'नमुचि र इन्द्रको उपाख्यान', 'अग्नि, इन्द्र र आस्यको उपाख्यान', 'पुरुर्वा र उर्वशीको उपाख्यान', 'शुनः शेपोख्यान, दुष्यन्त-शकुन्तलाको उपाख्यान', 'मत्स्यअवतारको उपाख्यान', 'नचिकेताको उपाख्यान', 'कूर्मको उपाख्यान'आदि उल्लेखनीय रहेका पाइन्छन्। यसरी नै कठोपनिषद्, बृहदारण्यकोपनिषद्, छान्दोग्योपनिषद् आदिमा 'चाक्रायणको उपाख्यान', 'नचिकेताको उपाख्यान', 'देवासुर संग्रामको उपाख्यान', 'सत्यकाम र जाबालिको उपाख्यान', 'राजा वानश्रुति र रैवको उपाख्यान'', 'सनतकुमार र नारदको उपाख्यान', 'इन्द्र र विरोचनको उपाख्यान'आदि प्रचलित रहेका पाइन्छन्। आख्यानको परम्परा विस्तार गर्ने क्रममा उपनिषदकालपछि देखा परेका जातककथाहरूको योगदान पनि उत्तिकै महत्त्वपूर्ण र विशिष्ट रहेको पाइन्छ। बुद्धका विविधविषयक उपदेश र वाणीहरू सङ्गहित रहेको त्रिपिटक नै जातककथाहरूको भण्डार हो। यसमा राजकथा,

[१२२] पूर्ववत्, पृ ३

चोरकथा, ग्रामकथा, स्त्रीकथा, भूतप्रेतसम्बन्धी कथा आदि आख्यानतत्त्वका दृष्टिले सम्पन्न र समृद्ध रहेका पाइन्छन्।[१२३] धार्मिक प्रतिष्ठापन जातककथाहरूको आन्तरिक लक्ष्य रहेको देखिए तापनि लौकिक जीवनमा समेत तिनको विशिष्टता कायम रहेको पाइन्छ।

उपर्युक्त कथा वा उपाख्यानहरूबाहेक पूर्वीय वाङ्मयमा पुराणले छुट्टै र विशिष्ट स्थान प्राप्त गरेको देखिन्छ। वस्तुतः वेदपछि अधिक मान्यता पाएको साहित्य भनेकै पुराण हो।[१२४] यसमा प्राचीन आख्यान, उपाख्यान, गाथा, कल्पसुद्धि आदिसितै संहिता निर्माण गरिएको पाइन्छ। *रामायण, महाभारत* र तिनका अनेकौं उपाख्यानहरूसहित 'प्रह्लाद', 'ध्रुव', 'देवासुर संग्राम' आदि उपाख्यानहरू पुराणसाहित्यका विशेष अवयवका रूपमा देखा परेका छन्। उक्त आख्यान तथा उपाख्यानहरू सामाजिक, राजनैतिक, धार्मिक तथा सांस्कृतिक दृष्टिले समेत सम्पन्न र सान्दर्भिक रहेका पाइन्छन्। सात्विक भावहरूको अभिव्यञ्जनाका निम्ति लेखिएका हुनाले पुराणसाहित्यको एउटा विशेषता भनेको सुर तथा असुरहरू माझको सङ्घर्ष र तिनमा सुरहरूको विजयलाई देखाउनु रहेको पाइन्छ। त्यसपछि *बृहत्कथा,बृहत्कथा श्लोकसङ्ग्रह, बृहत्कथा मंजरी, कथा सरित्सागर, वेताल पंचविशंतिका, पंचतन्त्र, हितोपदेश* आदिले लोकआचरणका विविध विषयहरूको उद्घाटन र प्रतिपादनमा महत्त्वपूर्ण भूमिका निर्वाह गरेका पाइन्छन्। यस प्रकार पूर्वीय वाङ्मयको इतिहासमा आख्यानका अनेकौं सन्दर्भहरू विद्यमान रहेका देखिन्छन्। यिनै सन्दर्भहरू आधुनिक साहित्योचनका क्षेत्रमा प्रचलित आख्यानको परम्परालाई अवलम्बन गर्ने विशेष माध्यमका रूपमा देखा परेका छन्। अतः आज आएर जुन विधाविशेषलाई आख्यान भनिन्छ त्यसको उद्भव र विकासक्रमबारे जान्नका निम्ति विभिन्न रूपमा रहेका उपाख्यानहरूको स्वरूपबारे बुझ्न आवश्यक रहेको देखिन्छ।

---

[१२३] वर्मा, 'पंचतन्त्र एवं हितोपदेश का तुलनात्मक अध्ययन', पूर्ववत्, पृ २९ - ३०

[१२४] सर्वानन्द पाठक, सन् १९६७, *विष्णुपुराण का भारत,* वाराणसीः चौखम्बा संस्कृत सीरीज अफिस, पृ १

पाश्चात्य साहित्यमा उपाख्यानका निम्ति 'एपिसोड' शब्द प्रयोग भएको पाइन्छ। उक्त 'एपिसोड' शब्दको व्युत्पत्ति ग्रीक भाषाको 'एपिसोडस'-बाट भएको हो जसको शाब्दिक अर्थ 'प्रवेशोपरान्त' भन्ने हुन्छ।[१२५] विशेष गरेर महाकाव्य आदिको कथावस्तुको विकास एवम् घटनाक्रममा विशेष मोड, नवीनता वा रोचकता थप्नका निम्ति प्रासङ्गिक रूपले संयोजित हुन पुगेको छोटो इतिवृत्त नै 'एपिसोड' हो भन्ने थाहा लाग्छ। यद्यपि यस्ता कथाहरूमा मानवसमाजको सामूहिक कल्याण र लोक मङ्गलको भावना समेत व्यञ्जित भएको पाइन्छ। यसरी हेर्दा संस्कृत काव्यशास्त्रमा आख्यान र उपाख्यानको प्रयोग भिन्नाभिन्नै रूपमा भएको पाइन्छ। आख्यान भन्नाले मूलतः बृहत् आकार भएको लामो कथा बुझिन्छ भने उपाख्यानले सहायक वा छोटो कथा भन्ने अर्थलाई बहन गरेको पाइन्छ। यसअनुरूप *रामायण* एउटा आख्यान हो भने त्यसको मूल कथासँग सम्बद्ध भएर आएका ऋष्यशृङ्ग, परशुराम, सुग्रीभ, हनुमान, सिंहिका, सुरसा आदिका कथाहरू उपाख्यान हुन्। संस्कृत काव्यशास्त्रमा 'कथा' शब्दको प्रयोग पनि दुईवटा अर्थमा भएको पाइन्छ- १) कथाका घटनाहरूलाई जोडेर तिनमा नवीनता एवम् रोचकता ल्याउने तथा लोक मङ्गलको ध्येयले रचिने इतिवृत्तका रूपमा र २) मानवीय लक्ष्यपूर्ति, नैतिक शिक्षाको उत्थान तथा जीनवका विविध पक्षहरूप्रति प्रदर्शित व्यंग्यका रूपमा। पहिलो अर्थले पाश्चात्य साहित्यमा प्रचलित 'एपिसोड' -को नेपाली रुपान्तरणस्वरूप देखा परेको उपाख्यानलाई बुझाउँछ भने दोस्रो अर्थले अङ्ग्रेजीको 'फेबल' शब्दको नेपाली रुपान्तरणलाई बुझाउँछ। यही दोस्रो अर्थअनुसार कथालाई प्रबन्धकल्पना पनि भनिएको पाइन्छ। *अमरकोष*मा *आख्यायिकोपलब्धार्या प्रबन्धकल्पना कथा*[१२६] भनेर जुन परिभाषा दिइएको छ त्यसले कथालाई प्रबन्धकल्पनाका रूपमा परिभाषित गरेको देखिन्छ। यस्ता

[१२५] पूर्ववत्, पृ ९

[१२६] राजेन्द्रप्रसाद मिश्र, सन् १९६६, *संस्कृत साहित्य मे अन्योक्ति के उद्भव एवं विकास का एक आलोचनात्मक अध्ययन,* प्रयाग विश्वविद्यालयमा विद्यावारिधि उपाधिका निम्ति प्रस्तुत शोधप्रबन्ध, पृ ३९

कथाहरूका निम्ति अङ्ग्रेजीमा 'फेबल' शब्दको प्रयोग गरिएको पाइन्छ। वास्तवमा 'फेबल' फ्रेञ्च शब्द हो। ल्याटिनको 'फेबुला'-बाट विकसित भएको यस शब्दले मूलतः 'कल्पितकथा' भन्ने अर्थ बुझाउँछ। यस्ता कथाहरूको लक्ष्य नैतिक शिक्षाको आलोकमा मानवजीवनको उत्थान गर्नु हुन्छ। यसैले नकारात्मक मानवव्यवहारप्रतिको व्यंग्य पनि यस किसिमका कथाहरूमा निहित रहेको पाइन्छ। *बृहत्कथा, पञ्चतन्त्र, हिपोदेश, कथासरित्सागर* आदि यसै कोटिका कथाहरू हुन्। यस प्रकार संस्कृत साहित्यमा वर्णित विभिन्न उपाख्यान वा कथाहरूले आधुनिक आख्यानको परम्परालाई अवलम्बन गरेको देखिन्छ। त्यसरी नै ल्याटिनको 'फेबुला'-बाट फ्रेञ्चमा विकसित भएको 'फेबल'-ले पनि 'फिक्सन'-को परम्परालाई अग्रगति प्रदान गरेको देखिन्छ।

संस्कृत साहित्यमा पारिभाषिक रूपमा 'आख्यान' शब्दको प्रयोग सातौं शताब्दीका आचार्य भामहदेखि हुनथालेको पाइन्छ। उनले गद्य काव्यका दुईवटा भेद कथा र आख्यायिका हुन् भन्दै तिनको चर्चालाई अघि बढाएका देखिन्छन्। उनको दृष्टिमा कथा भन्नाले रसिलो कवित्वमय तथा सालङ्कार शैलीमा लेखिएको रचना हो। यसमा कवि (कथक)-को परिचय, मङ्गलाचारण, सज्जनको गुणकिर्तन र दुर्जनको निन्दा गरिएको हुन्छ। सुबन्धुको *वासवदत्ता,* दण्डीको *दशकुमारचरित्* र वाणभट्टको *कादम्बरी* यही कथाका कोटिमा पर्ने गद्यभेदहरू हुन्। यसको विपरीत आख्यायिकामा सुरुमै कविले आफ्नो कथा भनेको हुन्छ। यो गद्यमयमात्र नभएर पद्यमय पनि हुन्छ र प्रत्येक कथानकको परिच्छेद विभिन्न उच्छवासहरूमा विभक्त भएको हुन्छ। यसमा आर्या, वक्त्र, अपरवक्त्र छन्दको प्रयोगद्वारा अन्योक्ति गरी कथानकका पूर्वसङ्केतहरू पनि प्रस्तुत गरिन्छ। वाणभट्टको 'हर्षचरित्' यसै कोटिको गद्यभेद हो।[१२७] भामहपछि दण्डीले आख्यानबारे चर्चा गरेको पाइन्छ। उनले *तत् कथाख्यायिकेत्येका जाति संज्ञाद्वयाङ्कित*

[१२७] सिग्द्याल, 'साहित्य प्रदीप', पूर्ववत्, पृ ९४

*अत्रैवान्तर्भविष्यन्ति शेपाख्यानजातयः*[१२८] भनेर आफ्नो 'काव्यदर्श'-को प्रथम परिच्छेद्मा कथा र आख्यायिका नामले मात्र भिन्न हो, यी दुवै एउटै जातिभित्र पर्छन् र आख्यानका अन्य जातिहरू पनि यसैअन्तर्गत पर्छन् भनेका छन्।

आचार्य रुद्रटप्रणित 'काव्यालङ्कार'-मा *अथ तेन कथैव यथा रचनीयाख्यायिकापि गद्येन*[१२९] भनेर आख्यायिकालाई गद्यको रूपमा विकसित भएको रचना मानिएको पाइन्छ। अग्निपुराणकारले गद्य कथानकका पाँच भेदस्वरूप आख्यायिका, कथा, खण्डकथा, परीकथा र कथालिकाको चर्चा गरेको पाइन्छ। उनको विचारमा पूर्वपरम्परादेखि आएको प्रसिद्ध सत्य कथा आख्यायिका हो भने सत्य अंश थोरै र कल्पनातत्त्वको प्रधानता रहेको गद्यचाहिँ कथा हो भन्ने बुझिन्छ। यस्तै प्रकारले खण्डकथा भन्नाले पूर्ण कथा नभएर बिचको सानो टुक्रे कथा बुझिन्छ। परीकथामा मानवेत्तर प्राणीहरू (पशुपक्षी आदि)-लाई पात्र बनाएर लेखिएको कथा हो भने कथालिकाले एउटै कथाभित्र अनेक कथाहरूको सङ्घटना भएको इतिवृत्तलाई बुझाउँछ।[१३०] आचार्य विश्वनाथले दण्डीकै मतलाई स्वीकार गर्दै कथा र आख्यायिकाभित्र आख्यान स्वतः समेटिन आउँछ भनेर आख्यानको छुट्टै विवेचना गर्नु उचित होइन भन्ने विचार व्यक्त गरेको पाइन्छ। उनले आफ्नो ग्रन्थ 'साहित्यदर्पण'-मा आर्ष महाकाव्य र प्राकृत महाकाव्यको लक्षण केलाउने क्रममा ऋषिप्रणित आर्ष महाकाव्यमा सर्गलाई आख्यान भनिन्छ र प्राकृत महाकाव्यमा चाहिँ सर्गलाई आश्वास भनिन्छ भनेका छन्।[१३१]

यस प्रकार साहित्यका अवान्तर भेदहरूको वर्गीकरण गर्ने तथा तिनको स्वरूप र विशेषता केलाउने काम पूर्वीय काव्यशास्त्रमा भामहको समयदेखि नै भएको पाइन्छ।

---

[१२८] ब्रजरत्नदास (अनु.), काव्यदर्श (मूल लेखकः दण्डी), काशीः ब्रजरत्नदास, श्रीकमलमणि प्रथमाला कार्यालय, पृ ८ - ९

[१२९] पण्डित दुर्गाप्रसाद महामहोपाध्याय र वासुदेव लक्ष्मण शास्त्री पनासिकर (सम्पा), सन् १९०९, काव्यालङ्कार (मूल रचियिताः रुद्रट), बम्बईः निर्णयसागर प्रेस, पृ १७१

[१३०] सिग्द्याल, 'साहित्य प्रदीप', पूर्ववत्, पृ ९५

[१३१] नेपाल, 'आख्यानका कुरा', पूर्ववत्, पृ २१

त्यसै समयदेखि आख्यानलाई पारिभाषिक शब्दका रूपमा स्वीकार गरेर त्यससम्बन्धी व्याख्या-विवेचना हुँदैआएको पाइन्छ। अतः वैदिक कालदेखि विभिन्न आख्यान, उपाख्यान तथा प्रेमाख्यानका रूपमा देखा परेका *पद्मावती, नलदम्यन्ती. चित्रावली, मधुमालती, इन्द्रावती* आदिले आधुनिक नेपाली आख्यानको पूर्व परम्परा निर्माण गरेको तथ्य पाइन्छ। यसैको समानान्तर पाश्चात्य साहित्यमा पनि मध्य युगतिर प्रचलित खलाख्यान र रमाख्यानहरू आधुनिक आख्यानको परम्परा निर्माणमा कारकतत्त्व बनेर देखा परेका पाइन्छन्।

## ३.३ नेपाली आख्यान पूर्वका आख्यानहरूमा भिन्न क्षमताको प्रयोग-परम्परा

नेपाली आख्यान पूर्वका आख्यान भन्नाले नेपालीमा आख्यानले स्वरूप प्राप्त गर्न अघिको आख्यान अर्थात् पूर्वीय र पाश्चात्य दुवैतिरका काव्यशास्त्रमा प्रचलित रहेको आख्यान भन्ने अर्थमा बुझ्नुपर्ने हुन्छ। पूर्वीय काव्यशास्त्र र पाश्चात्य काव्यशास्त्रमा आख्यानको सुदीर्घ एवम् समृद्ध परम्परा रहेको पाइन्छ। दुवैतिर आख्यानका स्रोतहरूबारे पनि विस्तृत चर्चा गरिएको छ। पूर्वीय काव्यशास्त्रमा गद्य भाषाको विकास हुनअघि वा विकास सँगसँगै पद्य भाषामा लेखिएका विभिन्न सुक्ति वा संवाद, गाथा, मन्त्र, स्तोत्र, उपदेश, वाणी आदिलाई आख्यानको स्रोत मानिएको छ। 'कथा' र 'आख्यायिका' जस्ता शब्दहरूको प्रयोग गद्यरचना भन्ने अर्थमा गरिएको पाइन्छ तापनि तिनमा निहित गद्यात्मकताले भाषाशैलीको स्वरूपलाई नजनाएर कल्पनात्मकता वा इतिवृत्तात्मकता भन्ने अर्थलाई बुझाएको देखिन्छ। यसैले पद्यमय भाषाशैलीमा रचना गरिएका ऋग्वेदकालीन विभिन्न सुक्ति, संवाद र गाथाहरूलगायत *ब्राह्मणग्रन्थ, उपनिषद, पुराण, जातककथा* आदिमा रहेका विभिन्न मन्त्र, स्तोत्र, उपेदश आदिलाई उपाख्यानका रूपमा चिन्ने र चिनाउने कार्य भएको देखिन्छ। यस अतिरिक्त पूर्वीय काव्यशास्त्रमा कथा, उपन्यास, इतिहास, जीवनचरित्र आदि सबैलाई

महाकाव्यको अङ्गविशेषको रूपमा चिनाइएको पाइन्छ।[१३२] पाश्चात्य काव्यशास्त्रमा पनि आख्यानको स्रोतका रूपमा एनिड, इलियड, ओडिसी आदि महाकाव्यहरूको चर्चा गरिएको पाइन्छ। यसबाट आख्यान महाकाव्यकै अङ्गविशेष हो भन्ने मान्यता पूर्वीय र पाश्चात्य दुवैतिर स्थापित भएको थाहा लाग्छ।

पूर्वीय काव्यशास्त्रमा जस्तै पाश्चात्य काव्यशास्त्रमा पनि विभिन्न देवी-देवता एवम् राजा-महाराजा आदि उदात्त नायकहरूको मिथक साथै परी तथा पशुपक्षीहरूबारे लेखिएका लौकिक घटनावृत्तान्तहरू पाइन्छन्। तिनै घटनावृत्तान्तहरूको मौलिक विशेषताबारे चर्चा गर्ने क्रममा विद्वान्हरूले मिथक, फेबल्स, प्याराबल्स, स्टोरिज् आदि भेदहरूको परिकल्पना गरेका छन्। यसर्थ प्राचीन कालदेखि विभिन्न आख्यान र उपाख्यानहरूको चर्चा विभिन्न भेदहरूका रूपमा भएको पाइन्छ। ती आख्यान र उपाख्यानहरू धार्मिक तथा नैतिक दृष्टिले रचना गरिएका पाइए तापनि तिनमा सामाजिक एवम् सांस्कृतिक मूल्यहरूको प्रतिपादन समेत सबल रूपमा भएको देखिन्छ। अतः लौकिक जीवनका विविध पक्ष र पाटाहरूलाई केलाउने क्रममा पौराणिक आख्यान तथा उपाख्यानहरूले भिन्न क्षमताको सामाजिक तथा सांस्कृतिक अवस्थाबारे पनि न्युनाधिक रूपमा प्रकाश पारेका छन्।

### ३.३.१ पूर्वीय आख्यानहरूमा भिन्न क्षमताको प्रयोग-परम्परा

पूर्वीय काव्यशास्त्रको सर्वाप्राचीन रूप ऋग्वेदमा पाइन्छ। ऋग्वेदमा राजाहरूको उदार प्रवृत्ति, सुरता, वीरता, धर्मकर्म आदिको वर्णन गरिएका अनेकौं सुक्ति र गाथाहरू पाइन्छन्। त्यसका अतिरिक्त ऋषिमुनि, देव, असुर तथा अपाला आत्रेयी आदि आदर्श चरित्रहरूको वर्णन गरिएका सुक्तिहरू पनि पाइन्छन्। ती सुक्तिहरूमा एकभन्दा बढी पात्र-पात्राहरूमाझको संवाद र तत्कालीन समाजको आख्यानात्मक प्रस्तुति रहेको पाइन्छ। अतः धार्मिक मत प्रतिपादन गर्ने, लोकमङ्गलको भावना जागृत गराउने तथा

[१३२] लातपत राय(अनु.), सन् १९६१, प्राचीन भारतीय साहित्य (मूल लेखकः एम विन्टर्नेट्ज), दिल्लीः मोतीलाल बनारसी दास, पृ ३ - ४

नैतिक शिक्षा प्रदान गर्ने उद्देश्यले रचिएका भए तापनि तिनमा सामाजिक, सांस्कृतिक, राजनैतिक आदि मूल्यहरू समेत सन्निवेश भएको पाइन्छ।

वैदिक युगमा मानिसको शरीरलाई विशेष महत्त्व दिने प्रथा रहेको पाइन्छ। शरीर नै धर्मसम्म पुग्ने माध्यम हो भन्ने कुरालाई विभिन्न देव, ऋषिमुनि, राजा आदिका उपदेश र वाणीहरूद्वारा व्यक्त गरिएको पाइन्छ। यसैले *अन्नदेवको उपाख्यान*मा मानिसको शरीरलाई स्वस्थ्य र हस्टपुष्ट राख्नका निम्ति अन्नको उत्पति आवश्यक रहेको वर्णन गरिएको पाइन्छ। यदि शरीर स्वस्थ्य र हस्टपुष्ट छैन भने ईश्वरसँग संयोग हुनमा बाधा उत्पन्न हुन्छ भन्ने धारणा रहस्यवादीहरूले पनि प्रकट गर्दै आएका पाइन्छन्। राधेश्याम दुबेअनुसार असन्तुलित मानसिकता र विभिन्न प्रकारका शारीरिक विकारहरूले ग्रस्त मानिस रहस्यानुभूतिका निम्ति उपयुक्त हुँदैनन् भन्ने कुरामा पूर्वीय रहस्यवाद अँडेको छ।[१३३] यस दृष्टिले रहस्यानुभूति अर्थात् रहस्यमय ईश्वरसँगको साक्षात् समागमको क्षणलाई अनुभूत गर्नका निम्ति मानिस शारीरिक र मानसिक दुवै रूपले सबल र स्वस्थ्य रहनु अनिवार्य रहेको कुरा थाहा पाइन्छ।

ऋग्वेदका विभिन्न सुक्तिहरूमा उल्लेखित विभिन्न उपाख्यानहरू धार्मिक तथा नैतिक विषयमा केन्द्रित रहेकाले तिनमा वर्णित भिन्न क्षमताको आधार पनि धर्म र नीति नै रहेको पाइन्छ। त्यही धर्म र नीतिका कुराअन्तर्गत शरीरको व्याख्या गरिएको पाइन्छ जसले छुट्टै विशेषताका रूपमा सामाजिक तथा सांस्कृतिक सन्दर्भहरूलाई समेत समेट्ने काम गरेको देखिन्छ। ऋग्वेदमा प्रचलित उपाख्यानहरूमध्ये 'अपालाको उपाख्यान', 'राजा हरिश्चन्द्रको उपाख्यान', 'दीर्घतमाको उपाख्यान', 'सोभरी कण्व ऋषिको उपाख्यान', 'ययातीको उपाख्यान', 'अगस्त्योपख्यान' आदिमा भिन्न क्षमताको अवस्थाबारे चर्चा गरिएको छ। 'अपालाको उपाख्यान' ऋग्वेदमा पाइन्छ। यसका विभिन्न पाठहरू पछिबाट

[१३३] राधेश्याम दुबे, सन् २०१३, *भारतीय रहस्यवाद*, वाराणसीः विश्वविद्यालय प्रकाशन, पृ ४२

*सर्वानुक्रमणी, सायणभाष्य, नीतिमञ्जरी* आदिमा विकसित भएका देखिन्छन्।[१३४] यो उपाख्यान महर्षि अत्रिकी सुपुत्री अपालाको जीवनमा आधारित रहेको छ। अनुहारमा थुप्रै श्वेत धब्बाहरू आउनका कारण कुरूपताको सिकार बनेकी अपालाले आफ्ना पतिबाट लाञ्छनायुक्त वचन सुन्नका साथै परित्यक्त नारीका रूपमा जीवन बिताउन परेको घटनावृत्तान्त नै यसको केन्द्रिय पक्ष हो। अपालामा ज्ञान र गुणको भण्डार छ तर नारी जातिमा हुनुपर्ने सुन्दरताको अभाव छ। यसैले उसका पति कृशाश्व भन्छन् - प्रेम भन्छ आफ्नो जीवनलाई प्रमेवेदीमा समर्पण गर्ने ब्रह्मवादिनी अपाला दिव्य नारी हो तर रूपको वासना भन्छ उसको शरीर यति कुरूप छ कि; आँखामै वैराग्य उत्पन्न हुन्छ।[१३५] यस प्रकार कुरूपतालाई कलङ्कमा रूपमा हेर्ने पुरुषवादी दृष्टिकोण कृशाश्वमा व्याप्त भएको छ जसले अपालाको ज्ञान र गुणलाई समेत तिरस्कार गरेको देखिन्छ। यसैको परिणामस्वरूप भिन्न क्षमता भएकी नारीका रूपमा रहेर अपालाले परित्यक्त नारीजीवनको दुःख भोग्नुपरेको छ।

'राजा हरिश्चन्द्रको उपाख्यान'-मा वरुण देवको श्रापको कारण राजा हरिश्चन्द्रले रोगग्रस्त र कुरूप भएर जीवन बाँच्नुपरेको घटनालाई प्रस्तुत गरिएको छ। यसमा आफु रोगग्रस्त र कुरूप भएपछि राजा हरिश्चन्द्र आफ्नै प्रजाहरूका दृष्टिमा समेत लाञ्छित र दयाको पात्र हुनुपरेको छ। यसरी नै 'दीर्घतमाको उपाख्यान'-मा दीर्घतमा गर्भमा हुँदा उसकी आमासँग बृहष्पतिले सम्भोग गर्न चाहेको र दीर्घतमाकी आमाले प्रतिकार गर्दा दीर्घतमालाई आजीवन अन्धो भएर बाँच्ने श्राप दिएको कथा वर्णित छ।[१३६] यस उपाख्यानमा अन्धो भएर बाँच्नु कति कठिन र लाञ्छनापूर्ण हुन्छ भन्ने कुरालाई दर्शाइएको पाइन्छ। 'सोभरी कण्व ऋषिको उपाख्यान'-मा मत्स्यराजको सङ्गतिको कारण

---

[१३४] वलदेव उपाध्याय, सन् १९४७, *वैदिक कहानियाँ,* दो सं, काशीः शारदा मन्दिर, पृ ८

[१३५] पूर्ववत्, पृ. ५

[१३६] सिंह, 'रामायण एवं महाभारत के समान उपाख्यनों का आलोचनात्मक अध्ययन', पूर्ववत्, पृ १६

तपस्यामा वैराग्य उत्पन्न भइ वैवाहिक जीवन बाँच्न चाहने सोभरी ऋषिको कथा पाइन्छ। यस कथामा तपस्याको कारण खिन्न र हाडछालामात्र हुन पुगेको सोभरी ऋषिले राजा त्रसदस्युको महलमा कन्या हेर्न जाँदा आत्मशक्तिद्वारा सुन्दर युवकको रूप धारण गरेको घटना वर्णित छ। यो उपाख्यान भिन्न क्षमतासँग सोझै सम्बन्धित रहेको नपाइए तापनि मानिसको जीवन सौन्दर्यको मूल्यद्वारा नै तय हुन्छ भन्ने कुरालाई यसमा देखाइएको छ। यसबाट सौन्दर्यलाई हेर्ने सामाजिक तथा सांस्कृतिक अभ्यासबारे थाहा पाउन सकिन्छ। यसैगरी रूपसौन्दर्य नष्ट भएपछि हेय दृष्टिको सिकार बनेर लाञ्छनापूर्ण जीवन बाँच्नुपरेको ययातीको कथा 'ययातीको उपाख्यान'-मा पाइन्छ भने 'अगस्त्योपाख्यान'-मा इल्बल र वातापि नामक दुई दैत्यहरूको वर्णन पाइन्छ। दैत्यहरूलाई सधैं मानवताको विरुद्ध देखाउने तथा उनीहरूको रूपसौन्दर्यलाई कलङ्कका रूपमा हेर्ने परम्पराको विकास वैदिक युगदेखि नै प्रारम्भ भएको देखिन्छ। यस उपाख्यानमा पनि इल्बल र  वातापिलाई मानवविरोधी तत्त्व र अगस्त्यलाई मानवरक्षकका रूपमा चित्रण गरिएको पाइन्छ।

वैदिक साहित्यको प्रभाव र प्रेरणा बटुलेर कालान्तरमा अनेकौं साहित्यहरूको विकास भएको देखिन्छ। उदाहरणका रूपमा *ब्राह्मणग्रन्थ, अरण्यक, उपनिषद, पुराण, जातककथा* आदिलाई लिन सकिन्छ। तीमध्ये पुराणसाहित्यको विकास एउटा उदाहरणीय मोड बनेर देखा परेको छ। इतिहासपुराणका रूपमा प्रचलित *रामायण* र *महाभारत* जस्ता वृहत् आख्यानहरूसँगै देव र असुरबिच भएका सङ्घर्षका घटनाहरूको उपाख्यानात्मक प्रस्तुतिलाई पुराणसाहित्यको महत्त्वपूर्ण देन मानिन्छ। यस्ता उपाख्यानहरूमा देवहरूलाई सामान्य, सुन्दर र सुसङ्केतकका चिह्नका रूपमा प्रस्तुत गरिएको पाइन्छ भने असुर वा दैत्यहरूलाई असामान्य, असुन्दर र कुसङ्केतकका रूपमा चिनाइएको पाइन्छ। यसैले असुर वा दैत्यहरूलाई जिब्रो लामो भएको, लामालामा नङ भएको, राताराता आँखा र भद्दा मुख भएको, दाह्रा र सिङ पलाएको आदि भयावह रूपमा परिकल्पना गरिएको पाइन्छ।

आकारका दृष्टिले मात्र नभएर विषयका दृष्टिले पनि *रामायण* र *महाभारत*को छुट्टै ऐतिहासिक महत्त्व रहेको पाइन्छ। यी दुई महाकाव्यमा अनेकौं उपाख्यानहरू सङ्कलित छन् जसको स्रोत अघिबाटै प्रचलित रहेका स्तुतिगाथाहरूलाई मानिएको छ। वस्तुतः *रामायण*को रचना हुनअघिदेखि नै वीरहरूको स्तुतिगाथा सुनाउने परम्परा समृद्ध रहेको थाहा पाइन्छ। उक्त स्तुतिगाथा गाएर सुनाउनेहरूलाई सूत भनिएको छ र उनीहरूले सुनाएका स्तुतिगाथाहरूलाई नाराशंसी गाथा भनिएको छ। यही नाराशंसी गाथाको विकसित रूप नै *रामायण* र *महाभारत* हुन्।[१३७] यी दुई महाकाव्य अनेकौं विशेषताहरूले युक्त रहेका पाइन्छन्। तीमध्ये भिन्न क्षमता भएका पात्रहरूको चित्रण पनि एउटा महत्त्वपूर्ण विशेषता हो। यस्ता पात्रहरूलाई शारीरिक रूपरचना, वर्ण, आचारविचार, चारित्रिक विशेषता आदिका दृष्टिले अनाकर्षक, विकृत, कृष्णवर्णे, दुष्ट, छली, अनुदात्त, अक्षम साथै अविकसित नासिकाका रूपमा चित्रण गरिएको पाइन्छ। गीता अग्रवालअनुसार *रामायण*मा निषाद्, गृह्य, शवर, यक्षसँगै विराथ, दनु, रक्ष, दिति शाखाका वंशजहरूको उल्लेख पाइन्छ जसको वर्णन विध्वंशक, नरभक्षी र आकार बदि्लने पिशाचका रूपमा भएको छ।[१३८]यस किसिमका विचित्र, विरूप, विकराल, नकारात्मक र असामन्य चरित्रहरूको चित्रण एक युगपछि लेखिएको *महाभारत*मा पनि सफलतापूर्वक भएको पाइन्छ। यस सन्दर्भमा *रामायण* र *महाभारत*मा भिन्न क्षमता भएका पात्रहरूलाई दुई प्रकारले प्रयोग गरिएको छ- अशक्त, दुष्ट साथै दण्डका भागीदारका रूपमा तथा शक्ति र सत्ताबाट सीमान्तकृत हुन पुगेको समूहका रूपमा[१३९] भन्ने गेरी एल अल्ब्रेचको भनाइ उपयुक्त रहेको पाइन्छ।

---

[१३७] चन्द्रशेखर पाण्डेय र शान्तिकुमार नानुराम व्यास, सन् १९५१,*संस्कृत साहित्य की रूपरेखा,* कानपुरः साहित्य निकेतन, पृ ९ - १०

[१३८] गीता अग्रवाल, सन् २००१,*रामायण में प्रतिबिम्बित भारतीय समाज एवं अर्थव्यवस्था,* बुन्देलखण्ड विश्वविद्यालयमा विद्यावारिधि उपाधिका लागि प्रस्तुत शोधप्रबन्ध,पृ ३५ - ३९

[१३९] गेरी एल अल्ब्रेच, 'इनसाइक्लोपिडिया अफ् डिसएबिलिटी', पूर्ववत्, पृ ६६७

भिन्न क्षमताको अध्ययनले शारीरिक विकृतिबारे चर्चामात्र गर्दैन तर समाजमा शारीरिक विकृतिलाई कसरी हेरिन्छ र कसरी चित्रण गरिन्छ भन्ने कुराको अध्ययन गर्छ। उदाहरणका रूपमा *रामायण*मा चित्रित रावण, सुपर्णखा, मन्थरा, सुरसा, विराथ, कबन्ध साथै महाभारतमा चित्रित धृतराष्ट्र, पुतना, टाटका, हिडिम्बा, अष्टबक्र, अश्वत्थमा, बकासुर, वृत्रासुर, घटोत्कच आदि चरित्रहरूको चित्रणलाई लिन सकिन्छ। रावणको दसवटा टाउकोलाई दसजनाको बुद्धिको प्रतीक मानिए तापनि उसको ज्ञान र गुणको प्रशंसा सम्पूर्ण *रामायण*भरि कतै गरिएको पाइँदैन। यसबाट रावणको शारीरिक संरचना असामान्यतालाई निर्धारण गर्ने तत्त्वका रूपमा देखा परेको छ। चरित्रचित्रणका दृष्टिले राम सामान्य र विकृतिमुक्त शरीरको प्रतिनिधि पात्र हो भने रावण असामान्य र विकृतियुक्त शरीरको प्रतिनिधि पात्र हो।सामान्यतः असत्यमाथि सत्यको सधैं विजय हुन्छ भन्ने कथनलाई सिद्ध गर्नका निम्ति *रामायण* लेखिएको भए तापनि यस ग्रन्थमा शारीरिक रूपले भिन्न रहेका मानिसहरूको चित्रण अधिकतर असत्य र नकारात्मक प्रवृत्तिका रूपमा भएको पाइन्छ। जस्तै- रानी कैकेयीकी सेविकाका रूपमा चित्रित कुरूप र कुप्री मन्थरालाई निच प्रवृत्ति भएकी जाली र धूर्त पात्राका रूप देखाइएको छ। यसरी नै सुरसा र सुपर्णखालाई पनि आ-आफ्ना कुकृत्यका कारण भिन्न क्षमतायुक्त बन्न पुगेका राक्षसीहरूका रूपमा चित्रण गरिएको पाइन्छ। क्रोध, इर्ष्या, छलकपट, संवेदनहीनता आदि नै उनीहरूको चारित्रिक विशषता रहेको कुरालाई देखाइएको छ। यसबाटनकारात्मक प्रवृत्ति भिन्न क्षमतायुक्त मानिसहरूको अभेद्य गुण हो भन्ने कुरा व्यक्त भएको पाइन्छ। यसका अतिरिक्त राम र रावण बिचको युद्धमा महत्त्वपूर्ण भूमिका निर्वाह गर्ने बाली र हनुमानलगायत असङ्ख्य बानर सेनाहरू मानवीय ज्ञान र गुणका दृष्टिले सक्षम भए तापनि उनीहरूलाई मानव रूपमा नदेखाइएको घटना पनि भिन्न क्षमतासितै सम्बन्धित रहेको देखिन्छ।

*रामायण*भन्दा *महाभारत*मा अझ धेरै भिन्न क्षमता भएका चरित्रहरूको वर्णन पाइन्छ। तीमध्ये धृतराष्ट्र,शकुनी, अष्ठबक्र, अश्वत्थमा, शुक्राचार्य, हिडिम्बा, टाटका, बकासुर, वृत्रासुर, घटोत्कच आदि प्रमुख रहेका पाइन्छन्। धृतराष्ट्र जन्मजात दृष्टिहीन भएकाले आफु जेठा भए तापनि हस्तिनापुरको राजगद्दी पाण्डुलाई सुम्पिएको घटना उनको दृष्टिहीनतासित सम्बन्धित रहेको छ। उनी दृष्टिहीन भएकाले राज्य चलाउन असमर्थ भएको तथा उनको दुर्भाग्यको कारण उनका एक सयजना सन्तानमा नकारात्मक प्रवृत्ति देखा परेको कुरालाई *महाभारत*मा अप्रत्यक्ष रूपले दर्शाइएको पाइन्छ। यसैले कौरव नामाकरण आफैमा कलङ्कका प्रतीक बनेको देखिन्छ जसले धूर्त, निज, चतुर, लोभी, अत्याचारी भन्ने सांस्कृतिक अर्थहरूलाई प्रतिनिधित्व गरेको छ। भिन्न क्षमता भएका मानिसलाई समाजमा धूर्त, दुष्ट, निच प्रवृत्तिसँग तुलना गरिएको पाइन्छ। यस्तो प्रवृत्तिदेखि हिन्दु समाज टाडा रहेको देखिँदैन। उदाहरणका रूपमा शकुनीको चरित्रलाई लिन सकिन्छ। शकुनी खोंच्याएर हिंड्ने शीरिरक विकृति भएका चरित्र हुन्। उनको चित्रण धूर्त र षड्यान्त्रकारी पात्रका रूपमा भएको देखिन्छ। *महाभारत*मा अर्को भिन्न क्षमतायुक्त पात्र अष्ठबक्र हुन्। आफ्ना पिताद्वारा श्रापित भएकाले आठवटा विकृतिसँगै जन्मेका अष्ठबक्र नामाकरण नै भिन्न क्षमताको पर्यायवाची बनेको देखिन्छ। उनी ज्ञान र गुणले श्रेष्ठ भए तापनि राजा जनकको महलमा उपेक्षा र उपहासको पात्र बन्न परेको घटनाले भिन्न क्षमतामाथिको सामाजिक दृष्टिकोणलाई प्रस्तुत गरेको छ। यद्यपि उनले आफ्नो ज्ञान र गुण सिद्ध गरेर भिन्न क्षमतायुक्त मानिस कमजोरमात्र हुँदैन भन्ने कुरा प्रमाणित गरेको देखिन्छ। यसरी नै एउटामात्र आँखा भएको शुक्राचार्य, अर्धसत्यपीडित र अभिशप्त अश्वत्थामा, पुतना, हिडिम्बा, टाटका, बकासुर, वृत्रासुर, किचक, यक्षलगायत यस्ता असङ्ख्य असुरवृत्ति भएका भद्दा, कुरूप र विकृत पात्रहरूको वर्णन *महाभारत*मा पाइन्छ जसले भिन्न क्षमतालाई प्रतिनिधित्व गरेका छन्। यसका अतिरिक्त यौनका प्रतीक मानिने किण्डमाद्वारा श्रापित भएर आजीवन यौन अक्षमताद्वारा पीडित हुने पाण्डुलाई भिन्न

क्षमतायुक्त चरित्र मान्न सकिन्छ। लैङ्गिक दृष्टिले शिखण्डी, इला र अम्बाको चरित्र पनि भिन्न क्षमताकै समकक्षमा रहेको पाइन्छ। जन्मँदै स्त्री रूपमा पुरूष जन्मेका शिखण्डीलाई काशीपुत्री अम्बाको उत्तरवर्ती रूप मानिन्छ। उनको त्यही विशेषता उनका मातापिताका निम्ति चिन्ताको विषय बनेको घटना महाभारतको उद्योग पर्वमा पाइन्छ। यसैगरी लिङ्ग परिवर्तन गरेर पुरूषका रूपमा सद्युम्ना र स्त्रीका रूपमा इला भएर बाँच्ने इलाको इतिवृत्तले पनि भिन्न क्षमताको सन्दर्भलाई प्रस्तुत गरेको देखिन्छ।

*रामायण* र *महाभारत*पछि विकसित भएका केही नीतिकथा र श्रुति परम्पराका रहेका लोककथाहरूमा पनि भिन्न क्षमताको वर्णन पाइन्छ। जस्तै- 'कान नसुन्ने भ्यागुतोको कथा', 'हाँडीजस्तो मान्छेको कथा', 'राक्षसी महारानीको कथा', 'अबोला मैयाको कथा', 'गाँड भएको कुरूप देखिने मान्छेको कथा', 'फर्सीजस्तो छोराको पराक्रमको कथा', 'लाटोको कथा', 'लङ्गडा राजकुमारको कथा' आदि। उक्त कथाहरू जीवन र जगत्का दृष्टिले महत्त्वपूर्ण रहेका पाइन्छन्। संसारमा शारीरिक दृष्टिले भिन्न देखिए तापनि प्रत्येकको जीवनको छुट्टै विशेषता हुन्छ र कतिपय परिस्थितिमा त्यही विशेषता लाभदायक हुन सक्छ भन्ने परम् सत्यको उद्‌घाटन गर्नु नै यी कथाहरूको मुलभूत उद्देश्य रहेको देखिन्छ।

### ३.३.२ पाश्चात्य आख्यानहरूमा भिन्न क्षमताको प्रयोग-परम्परा

पाश्चात्य साहित्यको सर्वप्राचीन रूप होमरको काव्यबाट प्राप्त हुन्छ।[१४०] उनका दुईवटा महाकाव्य *इलियड* र *ओडिसी*लाई ग्रीक पुराकथाहरूको भण्डार मानिन्छ। *इलियड*मा ट्रोजन (ट्राई) युद्धको विस्तृत वर्णन पाइन्छ भने *ओडिसी*मा ट्राई नगरबाट समुद्र-मार्ग भएर स्वदेश फर्केका वीर योद्धा आँटिसियसको कष्टपूर्ण यात्राको वर्णन पाइन्छ।[१४१] यी

---

[१४०] डा नगेन्द्र, सन् १९४९, *विचार और विवेचना,* दिल्लीः गौतम बुक डिपो, पृ ७

[१४१] कमल नसीम, सन् १९८३, *ग्रीसेली कथाएँ,* दरियागंजः अक्षर प्रकाशन प्रा लि, पृ १८

दुई महाकाव्यमा सानातिना गरेर अनेकौं इतिवृत्तहरू विद्यमान रहेका पाइन्छन्। तिनै इतिवृत्तहरू पाश्चात्य आख्यानको आधारभूमि निर्माण गर्ने कार्यमा महत्त्वपूर्ण घटक बनेर देखा परेका छन्। होमरकै प्रभाव र प्रेरणास्वरूप ग्रीक साहित्यको परम्परा अघि बढेको देखिन्छ। यस परम्परालाई अझ समृद्ध बनाउनेहरूमा हेसियद, ओविड, लुसियन, पिन्डार, अपोलोनियस, भर्जिल, एप्युलियस, एस्किलस, युरिपाइडिज, सोफोक्लिज आदि प्रमुख रहेका पाइन्छन्। ग्रीक साहित्यको विकासमा होमरपछि हेसियदको योगदान अतुलनीय रहेको पाइन्छ। उनका दुईवटा ग्रन्थ *वर्क्स एन्ड डेज्* र *थियोजनी* प्राप्त छन् जसमध्ये *थियोजनी*लाई सृष्टि तथा विभिन्न देवी-देवतासँग सम्बन्धित पुराकथाहरूको सङ्ग्रह मानिएको छ। पछिबाट व्यापक रूपमा ग्रीक पुराकथाहरूको विस्तार ओविड, अपोलोनियस, लुसियन, पिन्डार, भर्जिल, एप्युलियस आदिका साहित्यिक सिर्जनाहरूबाट भएको पाइन्छ। तिनमा ओविडको *आर्ट्स अफ् लभ,* अपोलोनियसको *एगनाट्स,* लुसियनको *डाइलग्स अफ् द गड्,* पिन्डारका *एपिनिकिया* (गीतिकाव्य), भर्जिलको *एनिड,* एप्युलियसको *क्यूपिड एन्ड साइके* आदि प्रमुख रहेका पाइन्छन्। यसरी नै एस्किलस, युरिपाइडिज, सोफोक्लिज आदिका त्रासदीहरूमा पनि अनेकौं इतिवृत्तमूलक घटनाहरूको प्राधान्य रहेको पाइन्छ जुन पाश्चात्य आख्यानको परम्परा निर्माणमा कारकतत्त्व बनेर देखा परेका छन्।

प्राचीन ग्रीस वीरहरूको वासभूमि भएकाले गर्दा पनिग्रीक साहित्यको विकास विभिन्न वीरहरूको स्तुति गाउने गाथाका रूपमा तथा ती वीरहरूको दैवीकरण गर्ने प्रथाका रूपमा भएको पाइन्छ। यस दृष्टिले हर्क्युलिज, थिसियस, ट्रिप्टोलियस, एस्क्यूलेपियस, माइनासलगायत ट्रोजन युद्धमा प्रसिद्धि प्राप्त गर्ने अनेकौं वीरहरूको स्तुतिगाथा नै ग्रीक साहित्य हो।[१४२] उक्त स्तुतिगाथाहरू कुनै ऐतिहासिक पुरुषको शूरता, वीरता वा साहसका गाथाका रूपमा विकसित भएका पाइन्छन्। यस्ता गाथाहरूलाई 'सागा' भनिएको

---

[१४२] बाबू प्यारेलाल गुप्त, सन् १९८०, *ग्रीस का इतिहास,* प्रयागः तरुण भारत ग्रन्थावली कार्यालय, पृ १४

पाइन्छ। ग्रीक साहित्यमा प्रचलित विभिन्न महाकाव्य, त्रासदी र वीरस्तुति भएका पद्यहरू सागाकै पूर्वरूपहरू हुन्। तिनमा विशेषतः विभिन्न देवी-देवता, राजा-रानी र वीरहरूबारे व्यापक चर्चा गरिएको पाइन्छ। एकातिर विभिन्न समयका राजा-रानी वा वीरहरूलाई दैवीकरण गर्ने प्रक्रियाअन्तर्गत प्राकृतिक रूपमै देवी-देवताहरूको परिकल्पना गरिएको पाइन्छ भने अर्कोतिर तिनै देवी-देवताहरूमा फेरि विभिन्न मानवरूपको परिकल्पना गरिएको पाइन्छ। शक्तिमा मानवभन्दा श्रेष्ठ रहे तापनि रूप र गुणमा ती देवी-देवताहरू मानवसरह रहेका देखिन्छन्। यसैले ग्रीक समाजमा प्रचलित विभिन्न प्रकारका परम्पराहरूदेखि ती देवी-देवता पनि पृथक रहेको पाइँदैन। तिनै परम्पराहरूका वरिपरि नै भिन्न क्षमताप्रतिको सामाजिक तथा सांस्कृतिक धारणा पनि निर्माण भएको पाइन्छ। यसैले कुनै प्रकारको शारीरिक विकृति वा दुर्बलता भएका देवी-देवताहरू समेत हेय दृष्टि र पक्षपातपूर्ण व्यवहारका सिकार बनेका देखिन्छन्। उदाहरणका रूपमा हेपास्थस, स्किला, एनिरिज, थैमिरस आदिका आख्यानहरूलाई लिन सकिन्छ।

हेपास्थसको वर्णनहोमरको *इलियड* र *ओडिसी*, हेसियदको *थियोजनी*, भर्जिलको *एनिड*, युरिपाइडिजको *अल्केस्टिस* र *हेराकल्स*, सोफोक्लिजको *ट्रेचीनिया* आदि महाकाव्य र त्रासदीहरूमा भएको पाइन्छ।[१४३] उनी भट्टी र आगोका देवताका रूपमा परिचित रहेका छन्। *इलियड*मा उनलाई अत्यन्तै कुरूप देवता भनी चिनाइएको पाइन्छ।[१४४] जन्मजात कुरूप, दुब्लोपात्लो र अपाङ्ग भएकाले उनकी माता हेराको मन वितृष्णाले भरिएको साथै उनलाई ओलिम्पस (स्वर्ग) देखि फ्याँकिदिएको किंवदन्ती विभिन्न पुराकथाहरूमा पाइन्छ। यसबाहेकज्युजको आज्ञाअनुसार मायाकी देवी एफ्रोदाइतले उनीसँग विवाह गरे तापनि यौन सम्बन्धचाहिँ एरिज नामक देवतासँग राखेको घटना पनि उल्लेखनीय रहेको पाइन्छ। यस

[१४३] ल्युक रोमन र मोनिका रोमन, सन् २०१०, *इन्साइक्लोपिडिया अफ् ग्रीक एण्ड रोमन मिथोलजी*, न्यु योर्कः इम्प्रिन्ट अफ् इम्फोबेस पब्लिसिङ, पृ २०० - २०१

[१४४] नसीम, 'ग्रीसेली कथाएँ', पूर्ववत्, पृ १३१

प्रकार कुरूपता र अपाङ्ताका कारण आफ्नै माता र स्वास्नीबाट समेत धिक्कारिएका हेपास्थसको कथा भिन्न क्षमताप्रतिको तत्कालीन सामाजिक तथा सांस्कृतिक दृष्टिकोणको उपज बनेर देखा परेको छ। यसका अतिरिक्त हेपास्थसका छोराहरू केकस र पेरी फेटसको चित्रण दैत्यका रूपमा गरिनुका पछि पनि होपास्थसको शारीरिक विकृति नै मुख्य कारण बनेको देखिन्छ। यस घटनाबाट प्राचीन ग्रीसमा भिन्न क्षमतालाई कसरी हेरिन्थ्यो भन्ने कुरा थाहा लाग्छ।

ग्रीक पुराकथाहरूमा वर्णित स्किला, एनिरिज, थैमिरस आदिका आख्यानहरू पनि भिन्न क्षमताका दृष्टिले महत्त्वपूर्ण रहेका पाइन्छन्। उक्त आख्यानहरूमध्ये स्किलाको वर्णन समुद्रका देवता पासाडायनकी प्रेमिकाका रूपमा भएको पाइन्छ। उनको सौन्दर्यमा पासाडायन मोहित भएको कुरा थाहा पाएपछि पासाडायनकी स्वास्नी एम्फी त्राइत क्रोध र ईर्ष्याले ग्रस्त बन्न पुग्छे। त्यसपछि विषाक्त जडीबुटीद्वारा तयार पारिएको द्रव स्किला नुहाउने तलाउमा घोलिदिन्छे। त्यसैको परिणामस्वरूप स्किलाको आधा शरीर दैत्य रूपमा परिणत हुन पुग्छ। स्किलाझैं एरिनिज पनि दैत्य रूप भएकी देवी हुन्। उनलाई 'दयाकी देवी' भनिएको पाइए तापनि युरेनस नामक दैत्यको खुनको छिटाबाट जन्मेको कारण उनको चित्रण दैवी सौन्दर्यका रूपमा नभएर विभत्स रूपमा गरिएको पाइन्छ। शिरमा कपालका सट्टा असङ्ख्य साँप, कुकुरको जस्तो अनुहार, कोइलाभन्दा कालो शरीर, रातोरातो आँखा भएकी एरिनिजलाई देवीभन्दा बढी दैत्यरूपमै चिनाइएको पाइन्छ। यसरी नै झोसपोलको कारण म्युसेजद्वारा श्रापित भएर आजीवन दृष्टिहीन र वाक्शक्तिहीन भएर बाँच्नुपरेको घटनाको विवरण थैमिरसको आख्यानमा पाइन्छ।

प्राचीन ग्रीसमा धार्मिक विश्वाससँगै प्राकृतिक शक्तिलाई विशेष महत्त्व दिइन्थ्यो। यसैले ग्रीक पुराकथाहरूमा दैवीशक्तिहरूको परिकल्पना प्राकृतिक रूपमा गरिनका साथै विभिन्न देवी-देवताहरूको चित्रण प्रकृतिकै विभिन्न तत्त्वहरूका रूपमा गरिएको पाइन्छ।

ती देवी-देवता शक्तिशाली मात्र नभएर विछट्टै सुन्दर, सुसंस्कृत र शक्तिशाली पनि हुँदथे। यसरी प्राचीन ग्रीसमा देवी-देवतीहरूलाई रूप, गुण र शक्तिका प्रतीक मानिएको कारण शारीरिक विकृति तथा अशक्ततालाई भिन्नताका दृष्टिले हेर्ने परम्परा विकसित भएको पाइन्छ। एकातिर रूपसम्पन्न भए तापनि शारीरिक दुर्बलता भएका देवी-देवताहरू उपेक्षित र सीमान्तकृत बन्न पुगेका देखिन्छन् भने अर्कातिर शक्तिसम्पन्न भए तापनि विकृत रूप भएका देवी-देवताहरूलाई पिशाचका रूपमा परिचित गराइएको पाइन्छ। सर्पाकार दैत्य किमेरा, टाइफून, डेलफिन राक्षसी, एलूथिड्स, चौबिस दैत्य, स्प्रिङ्क्स, सेन्टोर आदिका आख्यानहरू यसका ज्वलन्त उदाहरण हुन्।

प्राचीन ग्रीसमा भिन्न क्षमतायुक्त मानिसहरूको वर्णन तीनवटा अर्थमा भएको पाइन्छ- रूपवाचक अर्थ, गुणवाचक अर्थ र शक्तिवाचक अर्थ। रूपवाचक अर्थानुसार भिन्न क्षमतालाई कुरूपताको प्रतीक मानेर सर्पका रूपमा वर्णन गरिएको पाइन्छ भने गुणवाचक अर्थानुसार खराब व्यवहारको प्रतीकस्वरूप कुकुर, गोरू, सिंह आदि विभिन्न पशुरूपहरूको परिकल्पना गरिएको पाइन्छ। उदाहरणका रूपमा किमेरा, स्किला, एरीनीज, टाइफून, एलूथिड्स डेलफिन, स्प्रिङ्क्स, सेन्टोरलगायत चौबीस दैत्यमा गणना हुने युरीटस, क्लीटियस, थेमास, पालास, हिर्पोलिट्स, ग्रेटियन, एग्रीयस, याओस आदिलाई लिन सकिन्छ। यसरी नै प्राचीन ग्रीस सानासाना प्रान्तहरूमा विभाजित रहेको र ती प्रान्तहरूमाझ प्रायः नै युद्धको सम्भावना रहिरहने भएकोले पनि विभिन्न प्रकारका शारीरिक विकृतिले ग्रस्त मानिसहरूलाई अयोग्य मान्ने प्रथा त्यस समयको समाजमा व्याप्त रहेको देखिन्छ। यस कुराको पुष्टि मेसेनिया र स्पार्टाबिच युद्ध हुँदा स्पार्टाबासीहरूले एथेन्सका राजा आर्कनलाई एकजना कुशल योद्धा पठाइदिने प्रार्थना गरेको र आर्कनले योद्धाको सट्टा टिर्टियस नामक एकजना लङ्गडो कविलाई सहायताका निम्ति पठाउँदा सारा स्पार्टावासी निराश भएको घटनाबाट हुन्छ। यस घटनाले मूलतः शक्तिवाचक अर्थमा भिन्न क्षमतालाई परिभाषित गरेको देखिन्छ। युद्धमा विजय प्राप्त गर्नका लागि शारीरिक शक्ति अनिवार्य

रहेकोले प्राचीन ग्रीसमा भिन्न क्षमतायुक्त शिशुहरूलाई समेत जन्मनेबित्तिकै मार्ने परम्परा व्याप्त रहेको देखिन्छ। यस सन्दर्भमा मार्था लिन रोज भन्छिन् - प्राचीन ग्रीसमा भिन्न क्षमतायुक्त शिशुहरूलाई अवाञ्छित शिशु मानिन्थ्यो।[१४५] यस्तै अवाञ्छित शिशुका रूपमा ओडिपसको परिचय स्थापित भएको देखिन्छ। एस्किलसको त्रासदीमा थिब्सका राजा कैडमसले भविष्यवाणीको कारण ओडिपसलाई शिशु अवस्थामै मार्ने निर्णय लिएको कुरा उल्लेख भएको पाइए तापनि त्यस निर्णयका पछि वास्तवमा ओडिपसको शारीरिक विकृति कारण रहेको कुरा मार्था लिन रोजले गरेकी छन्। रोजअनुसार ओडिपसको नामाकरणबाटै भिन्न क्षमताको अवस्था उजागर हुन्छ जसले सुन्निएको खुट्टा भन्ने अर्थलाई बुझाउँछ।[१४६] यस्तो नृशंस र मानवघाती प्रथाले ग्रीसमाथि रोमन साम्राज्यको अधिपत्य भएपछि झन् चरम रूप प्राप्त गरेको देखिन्छ। यस प्रकार ग्रीस सभ्यतादेखि लिएर रोमन सभ्यताको प्रादुर्भाव भइञ्जेलसम्म पाश्चात्य आख्यानमा भिन्न क्षमतायुक्त मानिसहरूको चित्रण विभिन्न प्रकारका धार्मिक अनुष्ठान, मूल्य, मान्यता तथा सामाजिक प्रचलनअनुरूप भएको पाइन्छ।

यहुदी मतका विपरीत हिब्रु संस्कृतिको उदय भएपछि बाइबलका नयाँ नियमहरूमा वर्णित आख्यानहरू पनि भिन्न क्षमताका दृष्टिले महत्त्वपूर्ण रहेका पाइन्छन्। बाइबल एउटा पवित्र धर्मग्रन्थ भएकोले यसमा पाइने आख्यानहरूमा वर्णित भिन्न क्षमता ईश्वरकेन्द्रित रहेका पाइन्छन्। यसमा ईश्वरको इच्छाविपरीत कार्य गरेकोले भिन्न क्षमतायुक्त मानिसहरू सांसरिक यातना झेल्न बाध्य बनेका हुन् भन्ने धारणा प्रतिपादित भएको पाइन्छ। त्यसपछि पाश्चात्य आख्यान-परम्पराले पुनर्जागरण कालमा प्रवेश गर्दै विकासका विभिन्न चरणहरू पार गरेको देखिन्छ। यो परम्परा युरोपीय सभ्यतासँगै

---

[१४५] एम लिन रोज, सन् २००३, *द स्टाफ् अफ् ओडिपसः ट्रान्सफर्मिङ डिसएबिलिटी इन् एन्सिएन्ट ग्रीस,* एन आर्बरः द युनिभर्सिटी अफ् मिचिगन प्रेस, पृ २९

[१४६] पूर्ववत्

आधुनिकतातिर अग्रसर भएको देखिन्छ। युरोपमा औद्योगिक क्रान्तिले ल्याएको परिवर्तनसँगै नयाँ जीवनशैली र स्वरूपका साथ नयाँ सामाजिक चेतनाको उदय भएको देखिन्छ। यसबाहेक विचार र दर्शनका क्षेत्रमा देखा परेका विभिन्न आन्दोलनहरू पाश्चात्य आख्यान-परम्परालाई समृद्धिको मार्गमा अग्रसर गराउने प्रेरकतत्त्व बनेका देखिन्छन्। यसैको परिणामस्वरूप पाश्चात्यजगत्मा समयसापेक्ष सामाजिक तथा मनोवैज्ञानिक धाराका आख्यानलेखन गतिशील बनेको देखिन्छ। यसमा अमेरिकाका नेथ्नियल हार्थन र वासिङ्टन इर्भिन, फ्रान्सका प्रोस्पयर म्यारिमी, जर्मनीका लुडविक टिइक, रसियाका अलेक्जाण्डर सर्गेविच पुस्किन आदिको योगदान अविस्मरणीय रहेको पाइन्छ। यसरी आधुनिक चेतनाको उत्तरोत्तर विकाससँगै पाश्चात्य आख्यानहरूमा भिन्न क्षमताको चित्रणले पनि व्यापकता पाउन थालेको देखिन्छ। यस क्षेत्रमा कलम चलाउने आधुनिक आख्यानकारहरूमध्ये नेथ्नियल हार्थन, चार्लोट पर्किन्स गिलम्यान, फ्लेनरी ओ कोनर, मार्क हेडोन, कार्सन म्याककुलर्स, जोन स्टिनबेक, सिल्भिया पाथ, क्याथरिन डुन, हर्मन मेल्भिल, हज्सन बर्नेट, विलियम फाउकनर, टोनी मोरिसन, जे एम कुत्जे आदि प्रमुख रहेका पाइन्छन्। हार्थनको ‘द बर्थ मार्क’ (१८४३) मानवीय पूर्णतालाई जीवनको सार ठान्ने ऐल्मर नामक सफल वैज्ञानिक र दार्शनिकको जीवनमा आधारित रहेको कथा हो। यस कथामा आफ्नी स्वास्नी जर्जियानाको हातमा रातो जन्मचिह्न देखेपछि ऐल्मर मानसिक रूप विक्षिप्त हुन पुग्छ। समाजमा भिन्न क्षमतायुक्त नारीलाई कसरी कलङ्कित गरिन्छ र मानसिक पीडा झेल्न बाध्य गराइन्छ भन्ने कुराको वर्णन गिलम्यानको ‘द येल्लो वालपेपर’ (१८९२) -मा भएको पाइन्छ। फ्लेनरी ओ कोनरको सन् १९५५-मा प्रकाशित ‘गुड कन्ट्री पिपल’ शीर्षक कथा भिन्न क्षमतायुक्त नारी जोयको जीवनमा आधारित रहेको छ। यस कथामा विद्याविरिधि समेत गरेकी लङ्गडी जोयले यौनकुण्ठित भएर गलत बाटो अपनाएको घटनाको वर्णन छ।

यसरी नै फ्रान्सिस हज्सन बर्नेटको 'द स्याक्रेड गार्जन' (१९११), फाउकनरको 'द साउन्ड एन्ड द फ्युरी' (१९२९), जोन स्टिनबेकको 'अफ् माइस एन् मेन' (१९३७), कार्सन म्याककुलर्सको 'द हार्ट इज् अ लोनली हन्टर' (१९४०), हर्मन मेल्भिलको मुबी डिक (१८५१), टोनी मोरिसनको 'फोरेन् बडिज्' (१९५२), 'द ब्लुइस्ट आइ' (१९७०), 'बिलभ्ड' (१९८७), सिल्भिया पाथको 'द बेल जार' (१९६३), मार्क हेडोनको 'द क्युरियस इन्सिडेन्ट अफ् द डग इन् द नाइट टाइम' २००३), कुत्जेको 'स्लो म्यान' (२००५) आदि आख्यानहरू भिन्न क्षमताका दृष्टिले महत्तवपूर्ण रहेका पाइन्छन्।

## ३.४ नेपाली आख्यानमा भिन्न क्षमताको प्रयोग-परम्परा

नेपाली आख्यान भन्नाले नेपाली भाषामा लेखिएको तथा साहित्यिक महत्त्वसमेत प्राप्त गर्न सक्षम रहेको इतिवृत्तप्रधान गद्यरचना बुझिन्छ। यद्यपि नेपाली पद्य भाषामा लेखिएका कतिपय कथात्मक रचनाहरूलाई पनि नेपाली आख्यानकै कित्तामा राखिएको पाइन्छ।नेपाली समाजमा धेरै लामो समयदेखि धार्मिक अनुष्ठान, ऐतिहासिक घटना, अतिरञ्जनामूलक घटना, जादुटुनालगायत लोकजीवनसँग सम्बन्धित विभिन्न प्रकारका आख्यानहरू प्रचलित रहेका पाइन्छन्। यस्ता आख्यानहरूको विकास महाकाव्य,नाटक, लोकनाटक, लोककथा, लोकगाथा, दन्त्यकथा, बालुन, सवाई, चैत, लीला, नचरी, धमारी आदिका रूपमा भएको पाइन्छ। पद्य र गद्य दुवै भाषामा संरचनाबद्ध भएका यिनै आख्यानहरू नेपाली आख्यानको वर्तमान स्वरूप निर्माण हुनमा सहायकतत्त्व बनेका देखिन्छन्। अतः भाषिक संरचनाका दृष्टिले आख्यानलाई पद्यात्मक र गद्यात्मक भनी दुईवटा भेदमा छुट्ट्याउन सकिन्छ[१४७] भन्ने चुडामणि बन्धुको भनाइ उपयुक्त एवम् सान्दर्भिक रहेको पाइन्छ। यसर्थ नेपालीमा गद्यभाषाको समुचित विकास नभइञ्जेलसम्म

---

[१४७] चुडामणि बन्धु, वि सं २०६०, *नेपाली साहित्यको इतिहास (प्रथम खण्ड)*, काठमाडौं : नेपाली राजकीय प्रज्ञा प्रतिष्ठान, पृ २३९

नेपाली आख्यानले पद्य र गद्य दुवै भाषामा लेखिएका कथात्मक रचनाहरूलाई बुझाउने गरेको थाहा पाइन्छ।

नेपालीमा गद्यभाषा वा शैलीको विकास सत्रौं शताब्दीपछि मात्र भएको पाइन्छ। यसभन्दा अघि विभिन्न प्रकारका राजाज्ञा तथा दानदातव्यका अभिलेखहरूसँगै संस्कृतबाट अनुवाद गरिएका रचनाहरूमा नेपाली भाषाको प्रयोग देखिए तापनि तिनमा गद्य प्रयोगका निम्ति उपयुक्त शैलीको निर्वाह हुन सकेको पाइँदैन। ती रचनाहरू अधिक मात्रामा प्रयोजनमूलक रहेका पाइन्छन्। नेपाली नियात्रा लेखन तथा जीवनी साहित्यको प्राचीनतम् रूप मानिएको *राजागगनीराजको यात्रा* र *रामशाहको जीवनी* पनि साहित्यिक दृष्टिले महत्त्वपूर्ण रहेका पाइँदैनन्। यसरी नै सन् १७४३ भन्दा अघि रचना गरिएको *खण्डखाद्य, स्वस्थानी व्रत कथा, बाजपरीक्षा, ज्वरोत्पत्ति चिकित्सा, प्रायश्चित प्रदीप, पिनासको कथा* आदिको गणना पनि साहित्येत्तर लक्ष्यकेन्द्रित कृतिकै रूपमा हुन आउँछ। सन् १७४३ तिरका भनी अनुमान गरिएका *सत्सङ्गको वर्णन भयाको कथा* र *राज प्रपञ्चको व्यहोराको एउटा पिसा* नै नेपाली आख्यानमूलक गद्यसाहित्यका प्रारम्भिक रूपहरू हुन्।[१४८] यी दुईवटा कृति गद्य लेखन र इतिवृत्त प्रस्तुतिका दृष्टिले महत्त्वपूर्ण रहेका पाइन्छन् तथापि तिनका लेखकहरू अज्ञात रहेकाले ज्ञात लेखकका रूपमा भने शक्तिबल्लभ अर्ज्याललाई नै पहिलो नेपाली आख्यानकार बन्ने सौभाग्य प्राप्त भएको देखिन्छ। अतः अर्यालद्वारा अनूदित सन् १७७१ तिरको भनी अनुमान गरिएको *महाभारत विराट्पर्व* नेपाली साहित्यको पहिलो आख्यान रहेको पुष्टि हुन्छ। यस प्रकार गद्यभाषाको विकास, त्यसको बढ्दो प्रभाव र प्रेरणासँगै नेपाली साहित्यमा गद्यरचनाहरूको परम्परा समृद्ध बन्न थालेको देखिन्छ। त्यसपछि नै नेपाली आख्यानको स्वरूपमा पनि भिन्नता आउन थालेको पाइन्छ। यद्यपि नेपाली साहित्यमा आधुनिक चेतनाको उदय नभइञ्जेलसम्म नेपाली आख्यानको परिचय

---

[१४८] घनश्याम नेपाल, सन् २००९, *नेपाली साहित्यको परिचयात्मक इतिहास (संशोधित एवम् परिवर्द्धित संस्करण)*, सिलगढीः एकता बुक हाउस प्रा लि, पृ ११४ - ११५

कथा अनि उपन्यास भन्ने विधाका रूपमा भएको पाइँदैन। यसैले तिनताक गद्यभाषामा लेखिएका साथै आख्यानतत्त्व समेत भएका साहित्यिक रचनाहरूलाई गद्याख्यान भनिने परम्परा रहेको पाइन्छ। तिनमा *हितोपदेश मित्रलाभ (सन् १७७६), बेतालपञ्चविंशति कथाहा (सन् १७९८), महाज्ञान मुद्रा कथाहा (सन् १७९८), तुलसीस्तव (सन् १९०९), बेलात पच्चीसी (सन् १८१०), पच्चीस बेताल (सन् १८११), द्वात्रिंशत पुत्तलिका कथाहा (सन् १८१२), दशकुमारचरित (सन् १८१८)* आदि प्रमुख रहेका पाइन्छन्। यसका अतिरिक्त *वीरशीखा, लालहीरा, मधुमालती, सत्तलसिंह, सुनकेशरी रानी* आदि आख्यानहरूलाई पनि महत्त्वपूर्ण उपलब्धि मान्न सकिन्छ। यस अवधिका आख्यानहरू संस्कृत, फारसी, अरबी, अङ्ग्रेजी, प्राकृत र लोककथा आदि विभिन्न स्रोतहरूबाट अनुवाद गरिएका पाइन्छन्। यसैले ती आख्यानहरूमा घटनाको स्थूल वर्णन पाइनका साथै व्यापक रूपमा धर्म, उपदेश, नीतिशिक्षा, साहस, जिज्ञासा, मनोरञ्जन, प्रेम आदिको सपाट चित्रण भएको पाइन्छ।

आधुनिक कालको प्रविष्टिपछि नेपाली आख्यानको विकास कथा अनि उपन्यासका रूपमा भएको देखिन्छ। यसैले नेपाली आख्यानमा भिन्न क्षमताको प्रयोग-परम्पराबारे सर्वेक्षण गर्ने क्रममा आधुनिक कालदेखि लेखिएका नेपाली कथा र उपन्यासलाई भिन्नाभिन्नै शीर्षकमा छुट्ट्याएर निम्न प्रकारले हेर्न सकिन्छ-

### ३.४.१ नेपाली कथामा भिन्न क्षमता

कथा आख्यानभित्र पर्ने एउटा महत्त्वपूर्ण विधा हो। नेपाली साहित्यमा कथा लेखनको थालनी प्राथमिक कालदेखि नै भएको पाइन्छ। विभिन्न स्रोतहरूबाट नेपाली भाषामा अनुवाद गरिएका आख्यानात्मक रचनाहरू नै नेपाली कथाका प्रारम्भिकबिन्दु बनेर देखा परेका छन्। प्राथमिककालीन लिपिवद्ध रूपदेखि माध्यमिककालीन मुद्रण रूपमा प्रवेश गर्दासम्म पनि नेपाली कथा अनुवाद-परम्पराको वृत्तबाट मुक्त हुन सकेको देखिँदैन।

यसैले प्राथमिक काल र माध्यमिक कालमा लेखिएका कथाहरूमा सामाजिक पक्ष गौण वा नगण्य स्थितिमै रहेको पाइन्छ। सन् १९२६ — मा देहरादुनबाट ठाकुर चन्दन सिंहको सम्पादनमा *गोर्खा संसार* प्रकाशित भएपछि नै नेपाली कथामा माध्यमिककालीन चेतनाको अन्त्य हुनका साथै आधुनिककालीन चेतनाको उदय हुनथालेको हो।[१४९] *गोर्खा संसार*मा प्रकाशित 'लाहुरे' उपनामधारी सूर्यविक्रम ज्ञवालीको 'देवीको वली' साथै रूपनारायण सिंहको 'परिवर्तन'र 'अन्नपूर्णा' जस्ता कथाहरूले आधुनिकताको घरेडी निर्माण गर्नमा विशेष भूमिका निर्वाह गरेको देखिन्छ। त्यसपछि नेपाली कथाले मौलिक स्वरूप प्राप्त गर्नका साथै समाजको यथार्थ चित्रणलाई मूल अभिप्रायका रूपमा ग्रहण गरेको देखिन्छ। यस सन्दर्भमा सामाजिक सुधारको आन्दोलन गर्ने आफ्ना मूल ध्येयअनुसार *गोर्खा संसार*ले प्रायशः सामाजिक कथाहरू छाप्यो[१५०] भन्ने ईश्वर बरालको भनाइ उल्लेखयोग्य रहेको पाइन्छ। यसरी नेपाली कथामा सामाजिक चेतनाको उन्मेषसँगै आधुनिकताको वरण भएदेखि नै समाजका विविध पक्ष र यथार्थ घटनाहरूले कथात्मक अभिव्यक्ति पाउन थालेका हुन्।

*शारदा* पत्रिकाको वर्ष १, अङ्क ५, जेठ १९९२ -मा गुरुप्रसाद मैनालीको 'नासो' प्रकाशित भएपछि नेपाली कथामा आधुनिकताको थालनी भएको पाइन्छ। आधुनिकताको मूलभूत उद्देश्य नै समाजको यथार्थलाई जस्तो छ त्यस्तै रूपमा चित्रण गर्नु भएकोले आधुनिक कथालेखनले तर्कसम्मतता, वस्तुता र वैज्ञानिकतालाई अपरिहार्य तत्त्वका रूपमा अङ्गीकार गरेको देखिन्छ। नेपाली कथामा एकैसाथ आधुनिकता लक्षणहरू देखा नपरे तापनि आदर्शवादी विचारधाराको विपरीत यथार्थ अनुभूति र अभिव्यक्तिलाई अँगाल्ने क्रममा यसले विस्तारै सामाजिक विषयवस्तुहरूको उठान गर्दै आएको देखिन्छ। समाजको संरचना, त्यससँग सम्बन्धित विभिन्न आस्था र विश्वासहरू

---

[१४९] अविनाश श्रेष्ठ, वि सं २०६४, *आधुनिक भारतीय नेपाली कथा,* काठमाडौं:साझा प्रकाशन, पृ ३२
[१५०] ईश्वर बराल, वि सं २०५३, *झ्यालबाट,* छै सं, काठमाडौं: साझा प्रकाशन, पृ ९३

साथै पुरातन मान्यता र रूढिहरू सबै नेपाली कथाका वर्ण्य विषयहरू हुन्। समाजलाई गम्भीरतापूर्वक निर्क्योल गरेर तिनमा निहित यथार्थ वस्तुस्थितिको चित्रण गर्ने क्रममै नेपाली कथामा भिन्न क्षमताको वर्णनले पनि सुव्यवस्थित ढाँचा प्राप्त गरेको पाइन्छ।

भिन्न क्षमता सोझो रूपले समाजसँग अन्तर्सम्बन्धित रहेकोले समय सापेक्ष यसको वर्णन र चित्रण गर्ने दिशामा नेपाली कथाहरू पछि परेका छैनन्। भिन्न क्षमता भएका मानिसहरूको निजको अनुभूति, उनीहरूको आन्तिरक मर्म, समाजले उनीहरूप्रित राख्ने उपेक्षाभाव आदिलाई कथ्यको रूपमा अनुकल्पना गरेर नेपाली कथाकारहरूले सामाजिक यथार्थवादी धाराका कथाहरू लेख्दै आएको पाइन्छ। यस दिशाका कथाकारहरूलाई प्रवृत्तिगत दृष्टिले दुई पुस्तामा छुट्ट्याएर हेर्न सकिन्छ। पुष्करशमशेर, बालकृष्ण सम, रूपनारायण सिंह, विश्वेश्वरप्रसाद कोइराला, इन्द्र सुन्दास, शिवकुमार राई, पारिजात, अगमसिंह गिरी, एम एम गुरुङ, हाइमन दास राई किरात, पूर्णप्रसाद ब्राह्मण, भोलानाथ गुरुङ, देवनम देवसा, गनुसिंह गुरुङ,जी छिरीङ, प्रकाश कोविद आदि प्रमुख रहेका पाइन्छन्। यस पुस्ताका कथाकारहरूको लेखनमा आधुनिक जीवदृष्टिको व्यापकता पाइन्छ। यसैले त्यस समयका कथाहरू सामाजिक यथार्थवादी तथा सूक्ष्म मनोवैज्ञानिक यथार्थवादी धारालाई प्रतिनिधित्व गर्न सफल बनेका छन्। यसको तुलनामा पछिल्लो पुस्ताका कथाकारहरू अधिक मात्रामा प्रयोगधर्मी बनेर देखा परेका छन्। इन्द्रबहादुर राई, रमेश विकल, सानु लामा, भगीरथी श्रेष्ठ, कुमार घिसिङ, मटिल्टा राई, पूर्ण राई, प्रदीप गुरुङ, मोहन ठकुरी, धन निर्दोष सुब्बा, विन्ध्या सुब्बा, श्याम शाह, सञ्जय विष्ट, उदय थुलुङ, रीता ठकुरी, निरङ्कर थापा आदिलाई पछिल्लो पुस्ताका कथाकार मान्न सकिन्छ। जीवनप्रतिको सूक्ष्म अनुभव तथा सार्वभौमिक सत्यसँगको साक्षात्कारबाट उद्भूत सत्यको चित्रण नै यस पुस्ताका कथाकारहरूद्वारा लेखिएका कथाहरूको मूल स्वर बनेर देखा परेको छ। यसैले नेपाली कथामा भिन्न क्षमताको प्रयोग-परम्परा पनि दुई प्रकारकै दृष्टिचेतद्वारा विकसित भएको देखिन्छ। अघिल्लो चरणका कथाहरूमा भिन्न क्षमतालाई

सामाजिक व्यवस्थाअन्तर्गत कलङ्कका चिह्नका रूपमा चित्रण गरिएको छ भने पछिल्लो चरणका कथाहरूमा सीमान्तकृत समूहको आवाज र सांस्कृतिक परिचयका रूपमा उठान गरिएको पाइन्छ।

नेपाली कथामा भिन्न क्षमतालाई चिनाउने प्रारम्भिक प्रयास पुष्करशमशेरबाट भएको देखिन्छ। उनको *कथा-कुसुम* (सन् १९३८) -मा प्रकाशित 'लोग्ने' शीर्षक कथामा प्रसङ्गवश भए पनि भिन्न क्षमताको वर्णन पाइन्छ। यस कथामा एउटी सौन्दर्यचेता स्त्रीको जीवनमा कुरूप लोग्नेको आगमन भएपछि त्यस स्त्रीले आफ्ना सारा उल्लास, सपना, तृष्णा र उमङ्गहरू हराउन पुगेको घटना वर्णित छ। भिन्न क्षमतालाई निर्धारण गर्ने विभिन्न लक्षणहरूमध्ये एउटा कुरूपता पनि हो जसले समाजमा सांस्कृतिक व्याख्याअन्तर्गत 'अन्य' भन्ने वर्गको सृजना गर्छ। *लोग्ने* कथाकी नायिकाले लोग्नेको कुरूप अनुहारकै कारण जीवनका इच्छा र आकाङ्क्षाहरू त्यागेको घटनाबाट अन्यत्वको धारणा प्रस्तुत भएको छ। यद्यपि यो कथा पूर्ण रूपले भिन्न क्षमताकै सन्दर्भमा लेखिएको कथा भने होइन। यसमा भिन्न क्षमताको चित्रण वस्तुतथ्यात्मक र प्रासङ्गिकमात्र बनेको पाइन्छ, लक्ष्यप्रेरित र आधिकारिक रहेको पाइँदैन। पुरुषप्रधान समाजभित्र एउटी स्त्रीले कसरी आफ्नो स्वतन्त्रता गुमाउनुपर्छ भन्ने विषयको उद्‌घाटन नै कथाको मूलभूत उद्देश्य बनेर देखा परेको छ। यसैले यस कथालाई भिन्न क्षमताको आभाससम्म भएको प्रारम्भिक प्रयास भन्नु उचित देखिन्छ।

भिन्न क्षमतालाई नै केन्द्रिय विषयका रूपमा चयन गरेर त्यससम्बन्धी कथा लेख्ने पहिलो कथाकार विश्वेश्वरप्रसाद कोइराला हुन्। उनको सन् १९४९-मा प्रकाशित 'पवित्रा' भिन्न क्षमतामाथि लेखिएको उत्कृष्ट कथा हो। यस कथामा पवित्रालाई आँखा तानिएकी, घाँटीमा गाँड भएकी र हिँड्दा खोच्याएर हिँड्ने पात्राका रूपमा चित्रण गरिएको छ। पवित्रामा देखा परेका यिनै शारीरिक विकृतिहरूले गर्दा ऊ केशवदेवको जीवनदेखि सधैँलाई सीमान्तकृत बन्न पुगेकी छे। वस्तुतः केशवदेवलाई आफ्नो मनप्राणबाटै पतिका

रूपमा स्वीकार गरे तापनि केशवदेवले उसलाई एउटी भान्से बाहुनीको दर्जाभन्दा माथि नराखेको कुरा कथामा वर्णित छ।यस कथाका माध्यमबाट कोइरालाभिन्न क्षमताका सफल प्रयोक्ताका रूपमा देखा परेका छन्।

रूपनारायण सिंहको *कथा नवरत्न* (सन् १९५०) -मा सङ्ग्रहित 'विध्वंश जीवन' पनि भिन्न क्षमताका दृष्टिले एउटा उत्कृष्ट कथा हो। यस कथामा शङ्कालु लोग्नेका कारण हात गुमाएर डुँढी बन्न पुगेकी युवती र राम्ररी मुख नलाग्ने टिटो नामक बालकको वर्णन गरिएको छ। यसरी नै बालकृष्ण समको 'रूपको मूल्य' सन् १९५५-मा प्रकाशित भएको पाइन्छ। पुष्करशमशेरको 'लोग्ने' कथाजस्तै यो कथा पनि नारीको वेदना वा अन्तरपीडासित सम्बन्धित रहेको छ। यी दुवै कथा कुरूपताबारे लेखिएका छन् तथापि 'लोग्ने' कथामा वर्णित कुरूपता प्रासङ्गिक रहेको पाइन्छ भने 'रूपको मूल्य' कथामा वर्णित कुरूपता पूर्ण रूपले आधिकारिक रहेको पाइन्छ। यसका अतिरिक्त 'लोग्ने' कथामा कुरूपतालाई पुरुषवादी व्यवस्थाअन्तर्गत शोषकतत्त्वका रूपमा देखाइएको छ भने 'रूपको मूल्य' कथामा शोषिततत्त्वका रूपमा चित्रण गरिएको छ।

आधुनिक नेपाली कथा लेखनका अग्रणी मानिने इन्द्र सुन्दासका अधिकतर कथाहरू सामाजिक यथार्थवादी धारामा प्रवृत्त रहेका पाइन्छन्। यद्यपि सुन्दास मनोवैज्ञानिक कथाकारका रूपमा पनि परिचित छन्। उनको 'अद्भुत रोग' शीर्षक कथा सन् १९५६ -मा कलकत्ताबाट छापिने *प्रभात* नामक पत्रिकामा प्रकाशित भएको देखिन्छ। यो कथा विभ्रमको अवस्थाले पीडित प्रेमनाथबाबूको जीवनमा आधारित छ। ऊ आफुले सृजना गरेको काल्पनिक प्रेमिका पम्फासित प्रेम गर्छ र उसैको यादमा मानसिक रूपले शिथिल बन्दै जान्छ। रतिरागको यस मनस्तात्त्विक अवस्थाले प्रेमनाथबाबूलाई असामान्य अवस्थामा पुऱ्याएको छ र अन्तमा पम्फालाई भेट्न नसक्नुको पीडासितै उसले

मृत्यु वरण गरेको छ। डायरी शैलीमा लेखिएको यस कथालाई मानसिक भिन्न क्षमताबारे लेखिएको पहिलो कथा मान्न सकिन्छ।

सन् १९५४ -को *भारती*मा जी छिरीङको 'त्यो लाटो' शीर्षक कथा प्रकाशित भएको पाइन्छ। यस कथामा बुद्ध भगवान्को नक्सा बनाएर जीवनयापन गर्ने लाटोको वर्णन गरिएको छ। आफ्नो घर नभएकोले ओढारमा बस्ने गरेको त्यस लाटोको चित्रणबाट कथाकारले सामाजिक सङ्कीर्णताप्रति व्यङ्ग्य कस्न खोजेका छन्। यसरी नै वाक्शक्तिहीन मानिसहरूको जीवनलाई आधार बनाएर लेखिएका अन्य कथाहरूमा हाइमनदास राई किरातको 'लाटो',पारिजातको 'तिउरीको फूल पाइरियाको गन्ध', अगमसिंह गिरीको 'छोरी', इन्द्रबहादुर राईको 'आँगनको घाममा लाटा', समीरण छेत्री प्रियदर्शीको 'लावारिस लास', पूर्ण राईको 'अमूर्त मुस्कान', प्रदीप गुरुङको 'मूक माया', विन्द्या सुब्बाको 'शीतलहर', ललिता जोशीको 'रातका पतिहरू', धन निर्दोष सुब्बाको 'नरमायाको तृष्णा', श्याम शाहको 'लाटीको छोरो', सञ्जय विष्टको 'अविवाहित लाटी र अप्रेसन', रीता ठकुरीको 'बाणी', निरङ्कर थापाको 'तुलसीको बोट', कोमल सुब्बाको 'अपाङ्ग' आदि प्रमुख रहेका पाइन्छन्।

किरातको 'लाटो' (सन् १९६१) शीर्षक कथा समाजको सामान्य पृष्ठभूमिका रचिएको छ। यस कथामा थेवा नामक लाटोका अमुक भावनाहरूलाई कथाकारले हाँसखेल, ठट्टाका माध्यमबाट व्यक्त गरेका छन्। माकुरीको घरमा नोकर बसेको लाटो र माकुरी बिचको मैत्रिक सम्बन्धलाई आधार बनाएर लेखिएको यस कथाले भिन्न क्षमताको सामाजिक सम्बन्धबारे प्रकाश पारेको छ। पारिजातको 'तिउरीको फूल पाइरियाको गन्ध' एउटी वाक्शक्तिहीन निरीह स्त्रीमाथि भएको यौन शोषणमा आधारित कथा हो। यस कथामार्फत् कथाकारले भिन्न क्षमतायुक्त नारीहरूलाई कसरी यौनतृप्तिको साधन मानिन्छ र उनीहरूमाथि बलजफ्ती यौन शोषण गरिन्छ भन्ने कुरालाई दर्शाएकी छन्। विन्द्या सुब्बाको 'शीतलहर', सञ्जय विष्टको 'अविवाहित लाटी र अप्रेसन', ललिता

जोशीको 'रातका पतिहरू', श्याम शाहको 'लाटीको छोरो', रीता ठकुरीको 'वाणी' आदि कथाहरूमा पनि वाक्शक्तिहीन नारीहरू समाजका सद्धे मानिसहरूद्वारा बलात्कृत हुन पुगेको घटनालाई नै विषयवस्तुका रूपमा प्रस्तुत गरिएको पाइन्छ। वास्तवमा वाक्शक्तिहीन मानिसहरूले आफुमाथि भएको अत्याचार, अन्याय र शोषणको विरोध बोलेर गर्न सक्दैनन्। यदि उनीहरूले प्रतीकात्मक रूपमा ती विषयहरूको उठान गरे भने पनि समाजको प्रतिक्रिया शून्य नै हुन्छ। यसै कुराको फाइदा समाजमा मान, मर्यादा र प्रतिष्ठासँग बाँचेका मानिसहरूले उठाउने गर्छन् भन्ने यथार्थको चित्रण उपर्लिखित कथाहरूमा भएको पाइन्छ। यसका विपरीत धन 'निर्दोष' सुब्बाको 'नरमायाको तृष्णा'-मा भने एउटी सद्दे नारीले लाटोलाई यौन सन्तुष्टिको साधन बनाएको घटना पाइन्छ। यस कथाका माध्यमबाट कथाकारले भिन्न क्षमतायुक्त नारीहरू मात्र नभएर भिन्न क्षमतायुक्त पुरुषहरू पनि यौन शोषणका सिकार हुन्छन् भन्ने कुरामाथि प्रकाश पारेका छन्।

अगमसिंह गिरीको 'छोरी' कथा आफ्नै बाबुद्वारा लाञ्छित र अपमानित बन्न परेकी लाटी छोरीको अमूक समस्यामा केन्द्रित रहेको पाइन्छ। यस कथामा शिवप्रकाशको बाबुपन रूढिग्रस्त सामाजिक वातावरणको प्रतीकात्मक रूप बनेर देखा परेको छ। इन्द्रबहादुर राईको 'आँगनको घाममा लाटा' शीर्षक कथा सामाजिक एवम् सांस्कृतिक मूल्यका दृष्टिले भिन्न क्षमतासित सम्बन्धित उत्कृष्ट कथा हो। यस कथाले एकातिर अर्थको अन्तताभित्र लाटाको साङ्केतिक अभिव्यक्तिलाई ईश्वरीय लीला वा भावको तात्क्षणिक अनुभूतिमा दृष्टिपात गराएको छ भने अर्कोतिर मानवस्वभावका विभिन्न पक्षहरूलाई पार्श्व भूमिकामा रुपान्तरण गराएको छ। 'म' पात्रको घरको आँगनमा आइपुगेको लाटा कथाभरि आश्चर्यको विषय बनेर देखा परेको छ। सानासाना नानीहरू लाटालाई हेर्दै हाँस्नु, 'म' पात्रले लाटालाई गइहाल्न नदिनु अथवा उसले कराएकोजस्तो, रिसाएकोजस्तो आवाज निकालेर भन्न खोजेका कुराहरूको साङ्केतिक अर्थ लगाउनु, विहा घरमा भाँडा धुनु र पानी भर्नु लगाएर पनि मनगगे खानु दिएनछ भन्ने अडकल काट्नु

आदि सन्दर्भहरूले लाटाबारे निर्मित सामाजिक तथा सांस्कृतिक मान्यताको परिचय दिएको छ। राईकै अर्को कथा 'त्यसरी बाँचेको छः त्यसरीनै'-मा पनि भिन्न क्षमताको सन्दर्भ पाइन्छ। रूपलाल नामक व्यक्तिको निधारमा उठेको गाँठो र त्यसले गर्दा उत्पन्न भएका मानसिक समस्याहरू नै यस कथाको केन्द्रिय विषय बनेर देखा परेको छ। यो कथा अप्रत्यक्ष रूपमा कुरूपताप्रतिको सामाजिक तथा सांस्कृतिक हेराइसँग सम्बद्ध रहेको पाइन्छ। भगीरथी श्रेष्ठको 'भुइँचालो' पनि यसै परिप्रेक्ष्यमा आधारित रहेको कथा हो। आँखाको मास्तिर मासुको डल्ला पलाएकोले मानसिक समस्याका सिकार हुनपुगेकी 'म' पात्राको स्थिति 'त्यसरी बाँचेको छः त्यसरी नै' कथाको रूपलालसित मिल्दोजुल्दो रहेको पाइन्छ। राईको कथाको पात्रले आफ्नो निधारको गाँठोलाई ठिक पार्नका लागि अनेक उपायहरू सोचे तापनि अन्तमा त्यही गाँठोसँग बाँच्नु नै वास्तविक जीवन हो भन्ने धारणा बनाउँछ भने श्रेष्ठको कथाकी 'म' पात्राले बिहानदेखि बेलुकीसम्म चस्मा लगाएर आँखामाथिको मासुको डल्लालाई छोप्ने प्रयास गर्छे। यस प्रकार आफु कुरूप देखिनुको त्रासले यी दुवै कथाका पात्र-पात्राहरू पीडित हुन पुगेका छन् तापनि राईको कथामा जीवनको यथार्थले आदर्शलाई जितेको छ भने श्रेष्ठको कथामा आदर्श हावी भएको छ।

लाटी छोरीको बाबु भएर समाजमा बाँच्नु कति गाह्रो हुन्छ भन्ने कुरा समीरण छेत्री 'प्रियदर्शी'-को 'लावारिस लास' शीर्षक कथामा व्यक्त भएको पाइन्छ। आफ्नी लाटी छोरी पुतलीको बिहा गर्न असमर्थ रहेको रघुबीरको मानसिक तनाव र त्यस तनावका कारण देखा परेको विसङ्गति नै यस कथाको मुख्य भावभूमि बनेको देखिन्छ। वाक्शक्तिहीन मानिसको समस्या र भोगाइलाई विषय बनाएर कथा लेख्नेहरूमध्ये एकजना प्रदीप गुरुङ पनि हुन्। उनको 'मूक माया' एकजना सद्दे लाटोको विषयमा लेखिएको कथा हो। प्रेम, संवेदना, भावुकता, भद्रता आदिका दृष्टिले त्यस लाटोलाई भिन्न क्षमतायुक्त मानिस भन्न नमिले तापनि ऊ प्रेममा उपेक्षित भएको घटना कथामा पाइन्छ। यसबाट कथाकारले भिन्न क्षमतामाथिको सामाजिक उपेक्षाभावलाई देखाउन खोजेका

छन्। यस्तै सद्दे लाटोको जीवनलाई आधार बनाएर लेखिएको अर्को कथा कोमल सुब्बाको 'अपाङ्ग' हो। यस कथामा लाटोको भावनालाई गलत अर्थमा बुझेर उसलाई शारीरिक र मानसिक यातना दिइएको घटना पाइन्छ। यसबाट कथाकारले वास्तवमा अपाङ्ग लाटो हो कि समाज भन्ने प्रश्न गर्दै सामाजमा व्याप्त सङ्कीर्णता र रूढिवादी विचारधाराको खण्डन गर्न खोजेकी छन्। निरङ्कर थापाको 'तुलसीको बोट' शीर्षक कथा पनि एकजना वाक्शक्तिहीन पात्रको जीवनमा आधारित रहेको पाइन्छ। यस कथामा एकजना लाटो पात्रले आफुले गरेको त्याग र समर्पणको सट्टा घोर लाञ्छना र तिरस्कार पाएको घटनालाई देखाइएको छ।

पूर्ण राईको 'अमूर्त मुस्कान' एउटा लाटो पात्रको दैनिक जीवनलाई 'म' पात्रद्वारा प्रस्तुत गरिएको कथा हो। लाटोको अव्यक्त पीडाले जन्माएको संवेदना नै यस कथाको केन्द्रिय विषय बनेर देखा परेको छ। राईको अर्को कथा 'सङ्लो सपनाः धमिलो संसार' पनि भिन्न क्षमताका दृष्टिले एउटा महत्त्वपूर्ण रहेको छ। यस कथामा भिखारी राजु र लङ्गडाको दरिद्र अवस्थाबारे वर्णन गरिएको छ। राजु शारीरिक रूपले सक्षम भए तापनि दरिद्रताले गर्दा भिख माग्ने अवस्थामा पुगेको देखिन्छ। कथाकारले भिन्न क्षमतायुक्त लङ्गडा र राजुको दुर्भाग्यपूर्ण अवस्थालाई देखाएर सामाजिक संरचनाप्रति आलोचना गर्न खोजेका छन्। यसरी नै कुमार घिसिङको 'लङ्गडो' कथामा पनि समाजका अघि लङ्गडो भएर बाँच्नु कति कष्टकर हुन्छ भन्ने विषयलाई प्रस्तुत गरिएको छ। पोषण पाण्डेद्वारा लिखित 'सङ्गतिको खोज' शीर्षक कथामा स्वास्नीको खुट्टा काटिएपछि लङ्गडीको लोग्ने भन्ने उपाधि पाइन्छ भनेर कुण्ठित हुन पुगेको लाग्नेमान्छेको मानसिक अवस्था चित्रित छ। विन्द्या सुब्बाको 'बैशाखी र एउटा नयाँ बाटो यो' कथा भिन्न क्षमताप्रति सकारात्मक दृष्टिकोण राखेर लेखिएको सुन्दर कथा हो। यो कथा क्षमता विकासका दृष्टिले महत्त्वपूर्ण रहेको पाइन्छ। भिन्न क्षमताप्रति उदासीन र सङ्कीर्ण रहे तापनि भिन्न क्षमतायुक्त मानिसहरू वास्तवमा अयोग्य र अनुर्वर हुँदैनन् भन्ने कुरालाई यस कथामा देखाइएको छ।

सुब्बाद्वारा लिखित 'परी' र 'तारा झरेको आकाश' शीर्षक कथामा पनि भिन्न क्षमताको सन्दर्भ पाइन्छ। गौरी नेम्बाङद्वारा लिखित 'अपाङ्गकी सङ्गिनी' शीर्षक कथा दुर्घटनावश हात-गोडा गुमाउन पुगेको राजेशको जीवनमा आधारित रहेको छ। राजेश एकजना कर्त्तव्यपरायण र आज्ञाकारी चियाश्रमिक हुन्छ। एकदिन कारखानामा आगलागी हुँदा त्यसैको चपेटमा परेर ऊ भिन्न क्षमतायुक्त बन्न पुग्छ र मालिकबाट कुनै प्रकारको क्षतिपूर्ति नपाएको कारण उसको परिवार नै भिख मागेर खाने अवस्थामा आइपुग्छ। यसबाट कथाकारले पुँजीपति मालिकहरूको क्रुरता र चियाश्रमिकहरूको जीवनको मूल्यलाई देखाउन खोजेका छन्।

सन् १९६१ -मा प्रकाशित भोलानाथ गुरुङको 'समर्पण' कथा बर्मा-युद्धको पृष्ठभूमिमा लेखिएको छ। त्यस युद्धमा समर्पित भएर लड्ने ठुला बमले भेटेर विकृत बनेपछि आफ्नो सामाजिक परिचय समेत गुमाउन पुगेको घटना नै यस कथाको मूल कथ्य बनेर देखा परेको छ। शारीरिक विकृतिका कारण मानिस कसरी लाञ्छित र अवहेलित हुन पुग्छ भन्ने कुराको वर्णन एम एम गुरुङको 'जार' र शिवकुमार राईको 'प्रेमलालको बिहे' कथामा पनि भएको पाइन्छ। 'जार' कथाको बलबीर विकृत नभए तापनि उसको कालो अनुहार, चेप्टो नाक, असुहाउँदिलो ठूलो टाउको र पुड्को जिउडाललाई विकृतिकै चिह्नका रूपमा हेरिएको छ। यसैले अन्य कुनै प्रकारको खराबी नहुँदै पनि ऊ आफ्नी स्वास्नीबाट त्यागिन पुगेको छ। शिवकुमार राईको 'प्रेमलालको बिहे' कथामा पनि दुलहीको घाँटीमा गाँड निस्केको कुरा थाहा पाएपछि प्रेमलालले बिहे गर्न नमानेको घटना उल्लेखित छ। देवनम देवसाको *डल्लेको कथा* एउटा चरित्रप्रधान कथा हो। यो कथा समाजबाट डल्ले राई, थेत्तर राई, ठग आदि उपाधि पाएको प्रभाकर देवान नामक व्यक्तिको जीवनमा आधारित छ। यसमा सानैदेखि गोज्याङ्ग्रो र बुद्धुका रूपमा परिचित डल्ले ठुलो हुँदै गएपछि धूर्त बनेको घटनाले शारीरिक संरचना ठिक नभएको व्यक्ति मानसिक रूपले पनि खराब हुन्छ भन्ने सामाजिक मान्यतालाई देखाइएको

छ। मनु ब्राजाकीको 'आकासको फल' र 'कल्पनाको कैंदी' शीर्षक कथामा कुँजे र कुरूप युवकको वर्णन पाइन्छ। यी दुवै कथाका युवक शारीरिक विकृतिका कारण नारीप्रेमबाट वञ्चित हुन पुगेका छन्। पुण्यप्रसाद प्रसाईको 'कुरूप आमा' शीर्षक कथामा कुरूपताका कारण गाउँलेहरूबाट बोक्सी उपाधि पाउनका साथै आफ्नै छोराबाट समेत अपमानित हुन परेकी भक्तेकी आमाको मार्मिक कथा छ। यसरी नै शारीरिक विकृतिलाई नकारात्मक प्रवृत्तिसित जोडेर कसरी एउटा विकृत मानिसलाई नकारसूचक भावहरूको प्रतीक बनाइन्छ भन्ने कुराको वर्णन सुरज धड्कनको 'हर्षितकुमार बनाम हर्षितकुमार' कथामा पाइन्छ।

समाजमा भिन्न क्षमता भएका मानिसहरूलाई कसरी निम्न स्तरको ठानेर उपहास र ठट्टाको विषय बनाइन्छ भन्ने कुराको वर्णन रमेश विकलको 'नयाँ सडकको गीत'शीर्षक कथामा भएको पाइन्छ। यो कथा समाजबाट उपेक्षित र तिरस्कृत भइ बाँच्नका निम्ति सङ्घर्षरत् रहेको दृष्टिहीन भिखारीको मार्मिक चित्रणमा आधारित छ। सानु लामाको 'ज्योतिबिनाको उज्यालो' भिन्न क्षमताप्रति सहानुभूतिपूर्वक दृष्टि राखेर लेखिएको कथा हो। मन्दा नामक दृष्टिहीन बालिकाको अबोधपना र त्यसबाट उत्पन्न चरम् संवेदनाको स्थिति नै यस कथाको केन्द्रिय पक्ष बनेर देखा परेको छ। समाजमा दृष्टिहीन मानिसहरूले भोग्नुपरेको सङ्घर्षको सुव्यवस्थित वर्णन अम्बर बहादुर गहतरातको 'अन्धा' कथामा पाइन्छ। यस कथामा दृष्टि भएर पनि सामाजिक सङ्कीर्णता, कुरीति र विसङ्गितहरूलाई नदेख्ने मानिसहरू वास्तवमै अन्धा हुन् भन्ने भाव व्यञ्जित भएको छ। मोहन ठकुरीको 'मात्र अँध्यारो' शीर्षक कथा दृष्टिहीन मानिसहरूको जीवनमा आधारित रहेको पाइन्छ। कथाकारले दृष्टिहीनता आफैमा पीडादायक भए तापनि यसले मानिसको अयोग्यतालाई निर्धारण गर्दैन भन्ने कुरा 'म' पात्रलगायत उसका सम्पूर्ण दृष्टिहीन साथीहरूले उच्च कोटिको कला प्रदर्शन गरेर जीवनयापन गरेको घटनाबाट व्यक्त गरेका छन्। यस्तै किसिमको भाव एम पथिकको 'इच्छा ईश्वरको' शीर्षक कथामा पनि व्यक्त भएको

पाइन्छ। यस कथामा वाक्‌शक्तिहीन र श्रवणशक्तिहीन रहेका दुई दाजु-भाइलाई सबै दृष्टिले सक्षम र प्रतिभासम्पन्न व्यक्तिका रूपमा देखाइएको छ।

जसरी शारीरिक विकृति भएका मानिसहरूलाई हेय दृष्टिले हेर्ने प्रचलन समाजमा व्याप्त रहेको पाइन्छ त्यसरी नै पागलपनको अवस्थालाई असामान्य मानेर उपेक्षापूर्ण दृष्टिले हेर्ने प्रचलन रहेको पाइन्छ। भिन्न क्षमताका सन्दर्भमा पागलपन अझ गम्भीर विषय हो। सञ्जीव उप्रेतीअनुसार एकपल्ट पागलको दर्जा पाइसकेको व्यक्तिलाई समाजमा सामान्य जीवन बिताउन एकदमै गाह्रो पर्छ।[१५१] नेपाली साहित्यमा यस्ता व्यक्तिहरूमाथि कटाक्ष गरिएका वा उपेक्षाभाव राखिएका कथाहरू धेरै पाइन्छन्। यद्यपि अधिकांश कथाहरू वास्तविक पागलपनको अवस्थामा नभएर सामाजिक विसङ्गतिप्रति रहेका अधिक संवेदनशीलता वा अतिभावुकता जस्ता विषयहरूमा केन्द्रित रहेका पाइन्छन्। उदाहरणका रूपमा विश्वेश्वरप्रसाद कोइरालाको 'बौलाहा', पुर्णप्रसाद ब्राह्मणको 'बौलाहा', गणुसिंह गुरुङको 'बौलाहा', अगमसिंह गिरीको 'टुकुली', प्रकाश कोविदको 'पगली बोजु', मटिल्टा राईको 'पगली', प्रेमा शाहको 'लोग्ने', केशवप्रसाद आचार्यको 'पिक्चर मोनिया'आदि कथाहरूलाई लिन सकिन्छ। यसबाहेक विभिन्न रोगद्वारा पीडित भएर भिन्न क्षमताको अवस्थामा पुगेका मानिसहरूको चित्रण पनि नेपाली कथाहरूमा भएको पाइन्छ। भीमनिधि तिवारीको 'क्षय', जगत् छेत्रीको 'अन्तर्द्वन्द्व', प्रकाश कोविद्‌को 'पत्थर',सानु लामाको 'इयरिङ', प्रदीप गुरूङको 'जीवन जो मरिरि जिउँछ' र 'बूढो र गाउड', विन्द्या सुब्बाको 'परी' र 'तारा झरेको आकाश' आदि यसै वर्गका कथाहरू हुन्।

---

[१५१] उप्रेती, 'सिद्धान्तका कुरा', पूर्ववत्, पृ २७४

### ३.४.२ नेपाली उपन्यासमा भिन्न क्षमता

उपन्यास साहित्यको सबैभन्दा लोकप्रिय र प्रभावकारी विधा हो। यसको रचना गद्य भाषामा हुन्छ। यसैले गद्यमा कथात्मक ढङ्गले कथिएको जीवनको समग्रता[१५२] भन्ने अर्थमा उपन्यासलाई परिभाषित गरिएको पाइन्छ। नेपाली साहित्यमा उपन्यास लेखनको थालनी माध्यमिक कालदेखि नै भएको पाइन्छ। यसभन्दा अघिका गद्य रचनाहरू आख्यानका दृष्टिले महत्त्वपूर्ण रहेका पाइए तापनि तिनमा औपन्यासिकताको निर्वाह भएको पाइँदैन। माध्यमिक कालको उदयपछि मात्र नेपालीमा प्राथमिक चरणको उपन्यास लेखन प्रारम्भ भएको देखिन्छ। ईश्वर बरालअनुसार प्राथमिक चरणका नेपाली उपन्यासहरू युरोपीय तथा फारसी रोमान्सका अनुच्छायामा रूपान्तरित हिन्दीका उपन्यासबाट निर्मित भएका पाइन्छन्।[१५३] उदाहरणका रूपमा *विरसिक्का, बेतालपच्चीसी, वीरचरित्र, लालहीरा, मधुमालती, नरेन्द्रमोहिनी* आदिलाई लिन सकिन्छ। उक्त उपन्यासहरू पूर्ण रूपमा अनूदित तथा तिलस्मी, ऐय्यारी, जादु, टुना लगायत नीति चेतना र उपदेशका विविध सन्दर्भहरूले युक्त रहेका पाइन्छन्। तिनताक मौलिक भनिएको सदाशिव शर्माको *महेन्द्रप्रभा* उपन्यास पनि यस्ता प्रवृत्तिहरूबाट मुक्त रहेको पाइँदैन।

आजसम्मको अध्ययन-अनुसन्धानबाट प्राप्त निष्कर्षअनुसार *महेन्द्रप्रभा*लाई पहिलो मौलिक नेपाली उपन्यास र गिरीशबल्लभ जोशीको *वीरचरित्र*लाई नेपाली परिवेशयुक्त पहिलो नेपाली उपन्यास मानिएको पाइन्छ। यस प्रकार नेपाली साहित्यमा मौलिक उपन्यास लेख्ने तथा नितान्त नेपाली परिवेश वा परिस्थितियुक्त उपन्यास लेख्ने परम्पराको विकास प्राथमिक चरणमै भएको देखिन्छ। यद्यपि तिनमा सामाजिक पक्ष र जीवनप्रतिको समग्र दृष्टि भने गौण नै रहेको पाइन्छ। अतः समाज र जीवनलाई सर्वोत्कृष्ट रूपमा

[१५२] कपिलदेव लामिछाने, वि सं २०६७, नेपाली उपन्यासमा भवानी भिक्षु, *भृकुटी समालोचनात्मक एवम् अनुसन्धानात्मक साहित्यिक सांस्कृतिक त्रैमासिक* (सम्पा मोदनाथ प्रश्रित), पूर्णाङ्क ७, काठमाडौं : भृकुटी एकेडेमिक पब्लिकेशन्स्, पृ २६

[१५३] ईश्वर बराल, वि सं २०५८, *आख्यानको उद्भव,* दो सं, काठमाडौं: साझा प्रकाशन, पृ २

आत्मसात गरेर त्यसैको समग्र चित्रणलाई अभिप्राय ठानी नेपाली उपन्यास लेख्ने परम्परा आधुनिक कालमा आएपछि मात्र विकसित भएको पाइन्छ। त्यसपछि नै नेपाली साहित्यमा उपन्यासले महत्त्वपूर्ण स्थान ओगट्नका साथै विशिष्ट साहित्यिक विधा हुने अवसर प्राप्त गरेको देखिन्छ। यसैले उपन्यासलाई आधुनिक विधा पनि भनिएको पाइन्छ।

विष्णुचरण श्रेष्ठको *सुमती*र रुद्रराज पाण्डेको *रूपमती*मा आइपुग्दा नेपाली उपन्यासमा आधुनिक जीवनदृष्टिको प्रतिपादन र सामाजिक विषयहरूको उद्‌घाटन हुन थालेको देखिन्छ । यिनै दुई उपन्यासले अवलम्बन गरेको परम्परालाई अपनाएर समाजमा भइरहने यावत् घटनाहरू र सत्यतथ्यहरूको समुचित वर्णन गर्ने क्रममा नेपाली उपन्यास लेखन अघि बढेको पाइन्छ। यसरी *सुमती, रूपमती, भ्रमर* हुँदै *मुलुकबाहिर*सम्मको यात्रा तय गरिसक्दा नेपाली औपन्यासिक लेखनभित्र आंशिक रूपमा भए पनि भिन्न क्षमता भएका चरित्रहरूले प्रवेश पाएको देखिन्छ। यस सन्दर्भमा दोस्रो विश्वयुद्धको समय पाखुरामा गोली लागेकोले कुँजे भएर घर फर्केको *मुलुक बाहिर* उपन्यासको पात्र दलबहादुरको नीजको अनुभूति र ऊप्रतिको सामाजिक दृष्टिकोणको विषय भिन्न क्षमताका दृष्टिले पठनीय रहेको पाइन्छ।

लैनसिंह वाङ्‌देलकै अर्को उपन्यास *लङ्‌गडाको साथी*लाई भिन्न क्षमताका सामाजिक एवम् सांस्कृतिक संरचनाका दृष्टिले महत्त्वपूर्ण उपलब्धि मान्न सकिन्छ। यसरी नै विश्वेश्वरप्रसाद कोइरालाको *नरेन्द्र दाइ*मा बामपुड्की साथै मानसिक रूपले अविकसित गौरीले भोग्नु परेको लाञ्छना, विजय मल्लको *अनुराधा*मा अनुराधा र कोमलमानको मानसिक अस्थिरता आदि सन्दर्भहरूले पनि भिन्न क्षमताको सामाजिक तथा सांस्कृतिक पक्षलाई दर्शाएको पाइन्छ। सैद्धान्तिक रूपमा सचेत नभए तापनि नेपाली उपन्यास लेखनमा भिन्न क्षमता विषयक विभिन्न सन्दर्भ र सङ्केतहरूको प्रयोग गरेर त्यससम्बन्धी अवधारणालाई अग्रगति प्रदान गर्ने उपन्यासकारहरू देखा परेका छन्। तीमध्ये लैनसिंह वाङ्‌देल, विश्वेश्वरप्रसाद कोइराला, लक्ष्मीप्रसाद देवकोटा, पारिजात, विजय मल्ल,

लीलबहादुर क्षेत्री, दौलतबिक्र विष्ट, ध्रुवचन्द्र गौतम, तारिणिप्रसाद कोइराला, कविताराम, अच्छा राई रसिक, सुवास, सञ्जीव उप्रेती, विन्द्या सुब्बा, लक्ष्मण सिटौला, पुष्प राई आदि प्रमुख रहेका छन्। यस परिप्रेक्ष्यमा वाङ्देलकृत *लङ्गडाको साथी* नै भिन्न क्षमताको अवस्थाबारे लेखिएको पहिलो उपन्यासका रूपमा देखा पर्छ। यसमा उपन्यासकारले केवल लङ्गडो पात्रको प्रयोग मात्र गरेका छैनन् तर समाजद्वारा एउटा लङ्गडो मानिसप्रति कसरी दुर्व्यवहार गरिन्छ भन्ने कुराको चित्रण सुव्यवस्थित ढङ्गमा गरेका छन्। विश्वेश्वरप्रसाद कोइरालाको *नरेन्द्र दाइ* प्रत्यक्ष अप्रत्यक्ष रूपमा भिन्न क्षमतासितै सम्बन्धित रहेको उपन्यास हो। प्रत्यक्ष रूपमा गौरीको अविकसित शारीरिक संरचना भिन्न क्षमतालाई निर्धारण गर्ने तत्त्वका रूपमा देखा परेको छ भने अप्रत्यक्ष रूपमा उसको बाल्य स्वभावले भिन्न क्षमताको परिचय दिएको पाइन्छ। उमेरले वयस्क भए तापनि गौरी शारीरिक रूपले अविकसित र मानसिक रूपले बालिका नै रहेको देखिन्छ। यसैकारण नरेन्द्र दाइले उसलाई पत्नि रूपमा स्वीकार गर्न सक्दैन। यसबाट समाजमा भिन्न क्षमताको विषय कसरी अस्वीकृत रहेको छ भन्ने कुरा थाहा पाइन्छ।

नेपाली साहित्यमा लक्ष्मीप्रसाद देवकोटालाई मूलतः कवि र निबन्धकार भनेर चिनिन्छ तथापि उनले कथा र उपन्यासमा पनि सशक्त कलम चलाएका छन्। उनको एउटा मात्र उपन्यास *चम्पा* प्रकाशित भएको पाइन्छ। बालबिबाह, बुहार्तन, पतिब्रता आदिसँगै एउटी छोरीले झेल्नुपर्ने अनेकौं पारिवारिक तथा सामाजिक समस्याहरूको चित्रण नै यस उपन्यासको मुख्य उद्देश्य रहेको पाइए तापनि उपन्यासकी मूलपात्रा चम्पाका पतिका रूपमा चिनिएको रामकान्तको चरित्र भिन्न क्षमताको अवस्थाअनुसार निर्धारण गरिएको पाइन्छ। यसमा रामकान्तलाई मुख बाङ्गो भएको, अनुहारभिर मखिबुट्टे चायाँ परेको, चिउँडो चिरिएको, गाला सुल्किएको, हाडमात्र भएको तथा आँखा च्याँसे भएको चरित्रका रूपमा वर्णन गरिएको छ। यसैले पनि चम्पा उसलाई पतिका रूपमा स्वीकार गर्न प्रायः असमर्थ नै हुन्छे। यसका साथै क्षयरोगका कारण उत्पन्न भएको शारीरिक

विकृतिले पनि रामकान्तलाई भिन्न क्षमताको अवस्थामा पुऱ्याएको देखिन्छ। पारिजातको *शिरीषको फूल*मा वर्णित सकम्बरीले पनि भिन्न क्षमताको अवस्थालाई सङ्केत गरेको छ। उपन्यासमा सकम्बरीलाई पाँच फुट तीन इञ्च अग्ली, सेती, दुब्ली, बेछाँटले कपाल मुड्याएकी, निक्खुर काला आँखा भएकी भनेर विकृत रूपमा चित्रण गरिएको पाइन्छ। यसका साथै सकम्बरीमा लघुताभास, परपीडक स्वभाव तथा अन्तर्मुखी प्रवृत्तिद्वारा सिर्जित मानसिक अस्थिरताका लक्षणहरू आरोपित गरिएका छन्। यिनै विशेषताहरूका आधारमा सकम्बरी सामान्य मानिसभन्दा भिन्न रहेको बोध हुन्छ।

नेपाली उपन्यासका क्षेत्रमा मनोवैज्ञानिक यथार्थवादी धारालाई परिष्कृत गर्दै उत्कर्षमा पुऱ्याउने उपन्यासकारहरूमध्ये विजय मल्ल एकजना प्रमुख स्तम्भ हुन्। उनको *अनुराधा* शीर्षक उपन्यासमा मानसिक भिन्न क्षमताको प्रयोग सजीव रूपमा भएको पाइन्छ। सामाजिक संज्ञानका दृष्टिले यस उपन्यासकी पात्रा अनुराधामा भएको मानसिक अस्थिरता हदभन्दा धेरै पागलपनको परिमाण बनेर देखा परेको छ। यस्तै पागलपनको अवस्थाद्वारा कोमलमान पनि पीडित रहेको देखिन्छ। वस्तुतः अनुराधा र कोमलमान दुवै स्नायु विकारले ग्रस्त रहेका चरित्रहरू हुन्। ध्रुवचन्द्र गौतमको *स्व हीरादेवीको खोज,* सञ्जीव उप्रेतीको *घनचक्कर,* विन्द्या सुब्बाको *अथाह* आदि उपन्यासहरू पनि पागलपनकै विषयवस्तुमा केन्द्रित रहेका पाइन्छन्।

अच्छा राई रसिकको *लगन* उपन्यासमा मीनकुमार र धनमान सुवेदारको चित्रण भिन्न क्षमतायुक्त चरित्रका रूपमा भएको पाइन्छ। मीनकुमार स्त्रीयोचित् गुणहरूले युक्त रहेको पात्र हो। यसैले उसको नाम मीनकुमारबाट मेनका राखिएको पाइन्छ। गाउँ र पाठशालामा ऊ बहिनी, छोरी, जेठी, माइली आदि रूपमा परिचित रहेको देखिन्छ भने बाटामा हिँड्ने मानिसहरूका निम्ति उपहास र उपेक्षाको विषय बनेको देखिन्छ। अर्कोतिर पुड्को, कालो अनुहारको, धम्मरधुस्रे, किचक, भयानक रूपरङको मान्छे भनेर चिनिएको धनमान सुवेदारको चित्रण पनि भिन्न क्षमतायुक्त पात्रकै रूपमा भएको पाइन्छ।

चियाबारीको सामाजिक, सांस्कृतिक, राजनैतिक, आर्थिक आदि अवस्थालाई केन्द्रमा राखेर लेखिएको सुवासको *मने* भिन्न क्षमताका दृष्टिले पनि महत्त्वपूर्ण रहेको उपन्यास हो। यो आर्थिक विपन्नताले ग्रस्त मनेको जीवनमा आधारित रहको पाइन्छ। रूखको हाँगा काट्न खोज्दा लडेर नलीखुट्टा भाँचिएपछि मने भिन्न क्षमताको अवस्थामा पुग्छ र उसको जीवन झन् दयनीय बन्न पुग्छ। उसको शरीरबाट खुट्टा काटिएर अलग भएझैं उसका इच्छा-आकांक्षाहरू पनि ऊबाट सधैंका निम्ति टाडा बन्न पुग्छन्। ऊ आफ्नो लागि आफै बोझ बनेर बाँच्न परेको घटनाद्वारा उपन्यासकारले भिन्न क्षमतायुक्त हुनु जीवनको सबैभन्दा ठुलो दुर्भाग्य हो भन्ने कुरालाई प्रस्तुत गरेका छन्।

लीलबहादुर क्षेत्रीको *अतृप्त* शीर्षक उपन्यास पनि *अनुराधा*जस्तै स्नायु विकारले ग्रस्त व्यक्तिको जीवनमा आधारित रहेको पाइन्छ। यस उपन्यासमा चित्रित मेघराजको मानसिक अस्थिरता, हीनताबोध, वैयक्तिक कुण्ठा आदिले भिन्न क्षमताको अवस्थालाई प्रतिनिधित्व गरेको देखिन्छ। क्षेत्रीद्वारा लिखित *ब्रह्मपुत्रको छेउछाउ* पनि भिन्न क्षमताबारे लेखिएको महत्त्वपूर्ण कृति हो। यस उपन्यासमा लठेब्री मुना, मालतीका पति बरुण वैश्य र युद्धमा घाइते बनेको गुमानेको चित्रण भिन्न क्षमतायुक्त चरित्रका रूपमा भएको पाइन्छ। दौलतबिक्रम विष्टको *थाकेको आकाश*मा चित्रित रोगी मास्टरको मानसिक अस्थिरता साथै उनकै अर्को उपन्यास *हिमाल र मान्छे*मा वर्णित लङ्गडो पात्र पेमा रिन्जिङको सन्दर्भ भिन्न क्षमतासित अन्तर्सम्बन्धित रहेका पाइन्छन्। यसरी नै ध्रुबचन्द्र गौतमको *अलिखित* र *उपसंहार अर्थात् चौथो अन्त्य*मा पनि भिन्न क्षमतायुक्त पात्रहरूको चित्रण भएको पाइन्छ। *अलिखित* उपन्यासमा शिवगुलामलाई नपुंसक पात्रका रूपमा चिनाइएको छ। उसको त्यही नपुंसकताका कारण उसकी स्वास्नी पार्वतिया भीम बाग्ले नामक व्यक्तिसित अवैद्य सम्बन्ध स्थापित गर्न पुग्छे। यसबाहेक कथनी बुढियाको चित्रण लाटी, अन्धी र बहिरीका रूपमा भएको पाइन्छ। *उपसंहार अर्थात् चौथो अन्त्य*मा प्रसादराजा नामक नपुंसक पात्रको वर्णन पाइन्छ। उसमा व्याप्त नपुंसकताले गर्दा नै

उसकी स्वास्नी रोजिनाले लक्ष्मी नाम गरेको व्यक्तिसित सहवास गर्छे र गर्भवती बन्छे। तारिणिप्रसाद कोइरालाको *फालिएको सामान* शीर्षक उपन्यासमा पनि नपुंसकताकै वर्णन पाइन्छ। यसमा लोग्ने नपुंसक भएको कारण बाँझी हुन परेकी अभिशप्त कुसुमको कथा छ। लोग्नेद्वारा सन्तुष्ट हुन नसकेकी कुसुम अन्तमा दिनेश नाम गरेको व्यक्तिबाट यौनतृप्ति लिन्छे र मातृत्वको चाहनालाई पुरा गर्छे। यसरी नै कवितारामको *वकपत्र* शीर्षक उपन्यासमा वर्णित विकृत, विवश र कुरूप महिलाहरूको चित्रणले भिन्न क्षमतासित सान्निध्य स्थापित गरेको देखिन्छ। ती महिलाहरूलाई उपन्यासमा पीडा, वर्जिता र दुर्भाग्यको प्रतीक मानिएको छ।

लक्ष्मण सिटौलाको 'लाटीको सपना' भिन्न क्षमताका दृष्टिले एउटा उत्कृष्ट उपन्यास हो। यस उपन्यासमा आफ्नै सानोबाबुद्वारा बलात्कृत हुन पुगेकी वाक्शक्तिहीन युवती सरस्वतीको जीवनको सङ्घर्ष र पीडालाई देखाइएको छ। पुष्प राईको *भोलिको प्रतीक्षा* शीर्षक उपन्यासमा पनि भिन्न क्षमता भएका पात्रको प्रयोग र तिनमा निहित विभिन्न अनुभूतिका सन्दर्भहरूलाई जीवन्त रूपमा प्रस्तुत गरिएको पाइन्छ। यसमा शारीरिक विकृतिले गर्दा आफ्ना पतिबाट समेत परित्यक्त हुपुगेकी 'म' पात्राको जीवनको आत्मलापी कथा प्रस्तुत गरिएको छ। पितृसत्तात्मकताप्रति विरोध र नारी स्वतन्त्रताको कैरण गर्नु उपन्यासको मूलभूत उद्देश्य बनेर देखा परेको भए तापनि भिन्न क्षमतासँग निहित समस्याहरूलाई समेत यसमा उठान गरिएको छ। वास्तवमा पितृसत्तात्मक रूढ विचारधाराको सिकार बन्नका पछि 'म' पात्राका रूपमा चित्रित शान्तिको शारीरिक विकृति पनि कारकतत्त्व बनेको देखिन्छ।

**निष्कर्ष**

पूर्वीय र पाश्चात्य दुवैतिरका साहित्यमा सुरूदेखि नै भिन्न क्षमताको प्रयोग सफलतापूर्वक हुँदै आएको देखिन्छ। यसको प्रभावबाट नेपाली साहित्य पनि अछुत रहेको पाइँदैन। नेपाली भाषाको विकास संस्कृतदेखि प्राकृत हुँदै अपभ्रंशका रूपमा भएकोले संस्कृत

साहित्यबाट नेपाली साहित्य अधिकतर प्रभावित र प्रेरित रहेको देखिन्छ। यसकोउत्तरोत्तर विकासका विभिन्न चरणहरूमा पाश्चात्य साहित्यको प्रभाव पनि एउटा प्रमुख कारण बनेर देखा परेको छ। अतः संस्कृत साहित्यद्वारा पोषित संस्कार नेपाली साहित्यको आत्म हो भने पाश्चात्य साहित्यद्वारा पोषित समकालीन चेतना यसको शरीर हो भन्न सकिन्छ। यसैले पूर्वीय र पाश्चात्य दुवैतिरका साहित्यिक मान्यताहरूलाई समान रूपले आत्मसात गरेर नेपाली साहित्य अघि बढेको देखिन्छ।

नेपाली साहित्यमा आधुनिक कालको प्रविष्टिसँगै आख्यानका रूपमा कथा र उपन्यासलेखन विकसित भएपछि भिन्न क्षमतायुक्त मानिसहरूको जीवनले पनि नेपाली आख्यानमा स्थान पाउन थालेको देखिन्छ। यसभन्दा अघि विभिन्न स्रोतबाट अनूदित केही नेपाली आख्यानहरूमा भिन्न क्षमताको सन्दर्भ पाइए तापनि ती आख्यानहरूको पृष्ठभूमि नेपाली समाज रहेको पाइँदैन। अतः आधुनिक कालको थालनीपछि मात्र भिन्न क्षमतायुक्त मानिसहरूले भोगिरहेका विविध समस्याहरू तथा उनीहरूको सङ्घर्षमय जीवनको चित्र प्रस्तुतगर्ने ध्येयले सामाजिक यथार्थवादी धाराका मौलिक नेपाली कथा र उपन्यासहरू लेखिएका पाइन्छन्।

नेपाली आख्यानकारहरू सिद्धान्तसचेत नभए तापनि भिन्न क्षमतायुक्त मानिसहरूको जीवनशैलीलाई समयसापेक्ष प्रस्तुत गर्न सफल बनेका देखिन्छन्। वस्तुतः भिन्न क्षमता सामाजिक संरचनाको एउटा महत्त्वपूर्ण पाटो भएकोले समाजमा भइरहने विविध घटनाहरूको वर्णनसँगै भिन्न क्षमतायुक्त मानिसहरूको निजी अनुभूति, उनीहरूमाथि भइरहेको सामाजिक शोषण साथै उनीहरूको प्रतिनिधित्वका प्रसङ्गहरूले पनि नेपाली आख्यानमा प्रवेश पाएको देखिन्छ।

# चौथो अध्याय

## ४ नेपाली कथामा प्रयुक्त भिन्न क्षमताको अध्ययन

### ४.१ 'पवित्रा' कथामा प्रयुक्त भिन्न क्षमताको अध्ययन

### ४.१.१ विश्वेश्वरप्रसाद कोइरालाको कथायात्रा

विश्वेश्वरप्रसाद कोइराला (जन्मः वि सं १९७१, मृत्युः वि सं २०३९) नेपाली साहित्यका बहुआयामिक व्यक्तित्व हुन्। उनले कथा, उपन्यास, दैनिकी, आत्मवृत्तान्त, आत्मकथा, समालोचना, गद्यकविता आदि क्षेत्रमा कलम चलाएका छन्। नेपाली कथाका क्षेत्रमा कोइरालालाई मनोवैज्ञानिक यथार्थवादी धाराका प्रवर्तक मानिन्छ। उनका कथाहरू व्यक्तिमनका विभिन्न अवस्थाहरूको चित्रण गर्ने दिशातिर उन्मुख रहेका पाइन्छन्। उनले विशेषतः फ्रायडप्रवर्तित मनोवैज्ञानिक पद्धतिको अनुसरण गरेर नेपाली कथामा नवीन मूल्य र मान्यताहरूको प्रतिष्ठापन गरेका छन्। यसैले नेपाली साहित्यका क्षेत्रमा उनले पुऱ्याएको योगदानलाई छुट्टै महत्त्वका दृष्टिले हेर्ने गरिन्छ।

आधुनिक नेपाली कथालाई प्रचलित परम्परा तथा संस्कारहरूदेखि पृथक् राख्दै नयाँ दिशा र दृष्टि दिने कोइरालाको कथायात्रा भारतभूमिबाट सुरु भएको देखिन्छ।हिन्दी साहित्यका समालोचक शान्तीप्रिय द्विवेदीसँगको संसर्ग तथा प्रख्यात कथाकार प्रेमचन्दको सान्निध्यमा रहेर कोइरालाले कथा लेख्न थालेका हुन्। उनका प्रारम्भिक चरणका कथाहरू हिन्दी भाषामै लेखिएका र प्रकाशित भएका पाइन्छन्। वि सं १९८७ -मा प्रेमचन्दद्वारा सम्पादित *हंस* पत्रिकाको माघ अङ्कमा प्रकाशित *वहाँ* शीर्षक कथा कोइरालाको हिन्दी भाषामा प्रकाशित पहिलो कथा रहेको थाहा लाग्छ। त्यसपछि *हंस, वाणी, विशालभारत, हिमालय* आदि पत्रिकाहरूमा उनका अन्य कथाहरू पनि प्रकाशित भएका देखिन्छन्। तीमध्ये *पथिक, अपनी ही तरह, भैया दाई, होड* आदि प्रमुख रहेका छन्। यसका

अतिरिक्त इलाहावादबाट निस्कने पत्रिका *वीणा*मा उनको *कैदी* शीर्षक कथा छापिएको पाइन्छ।[१५४] हिन्दी भाषाका माध्यमबाट कथा लेख्न थाल्ने कोइरालाको प्रवेश नेपाली कथाका क्षेत्रमा वि सं १९९२ देखि भएको थाहा लाग्छ। उनको नेपाली भाषामा लेखिएको पहिलो कथा *चन्द्रवदन* हो। यो कथा वि सं १९९२-को *शारदा* पत्रिकाको मङ्सिर-पुस अङ्कमा प्रकाशित भएको पाइन्छ। यही कथाका माध्यमबाट उनले फ्रायडीय कामतत्त्वको प्रकाशन तथा मानवमनोजगत्को सूक्ष्म विश्लेषण गर्ने पद्धतिलाई नेपाली कथाका क्षेत्रमा भित्र्याएको देखिन्छ।

वि सं १९८७ देखि मृत्यु वरण गर्न अघिसम्म कोइरालाले छवटा कथा हिन्दी भाषामा र छब्बीसवटा कथा नेपाली भाषामा लेखेको थाहा लाग्छ। उनका छब्बीसवटा नेपाली कथामध्ये सोह्रवटा कथा *दोषी चश्मा* (वि सं २००६) —मा र चारवटा कथा *श्वेतभैरवी* (वि सं २०३९) -मा सङ्कलित छन् भने रहल छवटा कथा विभिन्न पत्रिकाहरूमा छापिएका पाइन्छन्।[१५५] विचारतत्त्व र मनोविज्ञानको समागमद्वारा मानसिक संवेगहरूको उद्घाटन गर्नु कोइरालाको प्रमुख कथाप्रवृत्ति हो। यिनै कुराको माध्यमबाट उनले समाजमा भइरहेका प्रत्येक घटनाको विश्लेषण गरेका छन्। उनका प्रत्येक कथामा पात्र-पात्राहरूका मनोवैज्ञानिक स्थिति, दमित यौनकुण्ठा, यौनविकृति, अतृप्ति आदिको विश्लेषण सुन्दर एवम् सुव्यवस्थित ढङ्गमा भएको पाइन्छ।

### ४.१.२ 'पवित्रा'कथाको सारतत्त्व

विश्वेश्वरप्रसाद कोइरालाद्वारा लिखित २६ वटा कथामध्ये 'पवित्रा' एउटा उत्कृष्ट कथा हो। यो कथा प्रथमपल्ट वि सं २००६ -मा *दोषी चश्मा* कथा सङ्ग्रहभित्र सङ्ग्रहित

---

[१५४] प्रतापचन्द्र प्रधान, वि सं २०५८, *उपन्यासकार विश्वेश्वरप्रसाद कोइराला,* काठमाडौं: आदि प्रकाशन, पृ ९

[१५५] हरिप्रसाद शर्मा, वि सं २०४९, *विश्वेश्वरप्रसाद कोइरालाका कथाहरू,* काठमाडौं: साझा प्रकाशन, पृ २९१ -३०१

रहेको पाइन्छ। त्यसपछि वि स २०२९ -मा ईश्वर बरालद्वारा सम्पादित *झ्यालबाट*मा पनि यस कथाले स्थान पाएको देखिन्छ। पाठ्य कथाका रूपमा 'पवित्रा' कथाको पठनपाठन उच्च माध्यमिक तहदेखि स्नातकोत्तर तहसम्म नै हुने गरेको पाइन्छ। यस दृष्टिले 'पवित्रा' एउटा स्तरीय र पठनीय कथा रहेको पुष्टि हुन्छ।

एकतर्फी प्रेमको असफलता र त्यस असफलताद्वारा उत्पन्न मानसिक द्वन्द्वको विश्लेषण नै 'पवित्रा' कथाको केन्द्रिय विषयवस्तु हो। यस कथामा पवित्राको चित्रण शारीरिक रूपले विकृत एउटी तुच्छ र निरीह प्राणीका रूपमा भएको पाइन्छ। ऊ केशवदेवको घरमा भान्से बाहुनीको काम गर्छे। केशवदेवका निम्ति समयमै भान्सा तयार पार्नु, उनको ख्याल राख्नु, घर बढारकुडार गरेर सफासुग्घर राख्नु, जुठा भाँडाहरू माझ्नु, पानी भर्नु आदि पवित्राले गर्नुपर्ने नित्य कामहरू हुन्। यी सबै काम ऊ मन लगाएर गर्छे। उसका प्रत्येक क्रियाकलाप र भावभङ्गीले केशवदेवप्रति उसको प्रेमाशक्ति रहेको कुरालाई प्रष्ट्याउँछ। ऊ केशवदेवलाई राती निद्रा नपरेको कुराले चिन्तित रहन्छे। कोही मानिस केशवदेवलाई भेट्न आए 'घरमा हुनुहुन्न' भनेर टारिदिन्छे। फेरि केशवदेवले एउटा केटीको तस्बीर हेरेर ऊसँगै बिहे गर्न लागेको कुरा सुनेर मनमनै दुःखी हुन पुग्छे। बिहेको दिन रत्यौली खेल्दा नाटकीय ढङ्गले दुलही बनेकी ऊ कारणबिना धेरै बेरसम्म रून्छे र फेरि बिहेपछि नयाँ दुलहीसितै भान्सामा तैनाथ बसेर केशवदेवलाई के मन पर्छ, के मनपर्दैन त्यसबारे बताउँछे। यसरी सम्पूर्ण कथा पवित्राको क्रियाकलाप, मानसिक स्थिति र आन्तरिक द्वन्द्वमा केन्द्रित रहेको पाइन्छ। सुरुदेखि नै नारीसमस्यालाई मुख्य ध्येय बनाएर कथा लेख्दै आएका कोइरालाले 'पवित्रा' कथा पनि नारीसमस्याकै केन्द्रमा रहेर लेखेका छन्।

### ४.१.३ कलङ्कीकरणका दृष्टिले 'पवित्रा' कथामा प्रयुक्त भिन्न क्षमताको अध्ययन

'पवित्रा' कथामा कलङ्कीकरणको प्रसङ्ग प्रत्यक्ष रूपमा नभएर अप्रत्यक्ष रूपमा देखा परेको छ। कथामा आँखा तानिएकी, घाँटीमा गाँड भएकी तथा ब्याङ्ग्री पवित्राको चित्रण कलङ्कका चिह्नका रूपमा भएको पाइन्छ। उसलाई प्रत्यक्ष रूपमा कलङ्क मानिएको देखिँदैन तथापि केशवदेवका दृष्टिमा ऊ घरकी नोकर्नी वा भान्से बाहुनीको दर्जादेखि माथि नउठेको प्रसङ्ग कलङ्कीरणसितै सम्बन्धित रहेको पाइन्छ। यस सन्दर्भमा भिन्न क्षमतालाई निर्धारण गर्नका लागि मानिसका हाउभाउहरू शब्दभन्दा ठुलो आवाजमा बोल्छन्[१५६] भन्ने बोल्टको भनाइ उपयुक्त रहेको पाइन्छ। अतः प्रस्तुत कथामा प्रयुक्त भिन्न क्षमतालाई कलङ्कीकरणका दृष्टिले यस प्रकार अध्ययन गर्न सकिन्छ-

**४.१.३.१ नकारात्मक छवि निर्माणः** प्रस्तुत कथामा पवित्राको परिचय एउटी तुच्छ प्राणीका रूपमा भएको पाइन्छ जो शारीरिक रूपरचनाका दृष्टिले असामान्य एवम् विकृत छे। यस कुराको पुष्टि निम्न गद्यांशद्वारा गरिएको छ-

> आँखा तानिएका, घाँटी गाँडले विकृत भएको, देब्रे गोडा दाहिने गोडाभन्दा सानो भएकोले हिँड्दा खोच्याएर हिँड्नुपर्ने, ईश्वरको यो राम्रो सृष्टिमा पवित्रा यस्ती प्राणी थिइन्।[१५७]

पवित्राको यही परिचय नकारात्मक छविका रूपमा देखा परेको छ। यसबाहेक पवित्राको दमित इच्छा केशवदेवलाई पतिका रूपमा प्राप्त गर्नु र यौनतृप्त हुनु रहेको देखिए तापनि केशवदेवले अर्कै केटीसित बिहे गरेको घटना कलङ्कीकरणका दृष्टिले महत्त्वपूर्ण रहेको देखिन्छ। वस्तुतः भिन्न क्षमतायुक्त मानिसहरूलाई लैङ्गिक दृष्टिले असामान र निष्क्रिय

---

[१५६] डेभिड बोल्ट, सन् २०१४, *चेन्जिङ सोसियल एट्टिच्युड्स टुवाड्‌र्स डिसएबिलिटी, पर्स्पेक्टिभ फ्रम हिस्टोरिकल, कल्चरल एन्ड एडुकेसनल स्टडिज्,* लन्डन एन्ड न्यु योर्कः रुटलेज, पृ १

[१५७] विश्वेश्वरप्रसाद कोइराला, वि सं २०६७, *दोषी चश्मा,* काठमाडौंः साझा प्रकाशन, पृ ३५

मानिन्छ। यसर्थ मार्ग्रिट सिल्ड्रिकले भिन्न क्षमतायुक्त हुनु भनेको गैरलिङ्गका रूपमा चिह्नित हुनु हो भन्ने विचार व्यक्त गरेकी छन्।[१५८] शारीरिक विकृतिले गर्दा कलङ्कित बन्न पुगेकी पवित्राको नकारात्मक छवि निर्माणमा गैरलिङ्गी विशेषता पनि एउटा कारण रहेको देखिन्छ।

**४.१.३.२ भेदभाव र पक्षपातको भावनाः** मानिसको शारीरिक संरचनादेखि लिएर काम गर्ने, बोल्ने, तर्क गर्ने, लेखपढ गर्न सक्ने आदि मानदण्डहरूका आधारमा भिन्नता निर्धारित हुन्छ। यस दृष्टिले पवित्रा केशवदेवभन्दा नितान्त भिन्न रहकीले ऊ अप्रत्यक्ष रूपमै भए पनि पक्षपातका सिकार हुन पुगेकी छे। उसले केशवदेवको देखरेखमा कुनै प्रकारको कमी नराखे तापनि केशवदेवले बिहे गर्ने निर्णय लिँदा उसलाई एकवचन समेत नसोध्नु ऊमाथि भएको पक्षपातपूर्ण व्यवहारको परिणाम हो। यसरी केशवदेवले उसलाई अर्का मानेर छुट्ट्याएको घटनाले कथामा भिन्नता र पक्षपातको धारणालाई प्रस्ट पारेको छ।

**४.१.३.३ रूपसम्बन्धी धारणाः** प्रस्तुत कथामा केशवदेवले पवित्रालाई आफ्ना निम्ति उपयुक्त नमानेको घटनालाई रूपसम्बन्धी धारणाको उपज मान्न सकिन्छ। वास्तवमा केशवदेव बाह्य सौन्दर्यलाई महत्त्व दिने सामाजिक धारणाको प्रतिरूप बनेर देखा परेको छ। मानवीय रूपको वास्तविक अर्थ आन्तरिक सौन्दर्यसित हुन्छ तापनि मानिसहरू बाह्य सौन्दर्यकै साधक बन्नलाई तत्परता देखाउँछन्। केशवदेवको चरित्रचित्रण यस्तै साधकका रूपमा भएको पाइन्छ। यसैले ऊ पवित्राको मनमा रहेको चोखो प्रेम र समर्पणको भावनालाई देख्न सक्दैन। यसबाट मानिसको भित्री रूप जस्तोसुकै भए तापनि बाह्य रूप आकर्षक हुनु आवश्यक रहेको कुरालाई कथामा व्यक्त गरिएको छ।

---

[१५८] सिल्ड्रिक, 'इम्बोडिङ द मन्सटर, काउन्टर्स विथ् द भल्नेरेबल सेल्फ', पूर्ववत्, पृ ६४

**४.१.३.४ धार्मिक मान्यताः** 'पवित्रा' कथामा भिन्न क्षमतायुक्त मानिसलाई भान्सा कोठामा पस्न दिनु पनि धर्मको खिल्ली उडाउनु हो भन्ने विचार व्यक्त गरिएको पाइन्छ। उदाहरणका रूपमा निम्नलिखित गद्यांशलाई लिन सकिन्छ-

> तिनलाई बाहुनी भनिकन भात पकाउने ठाउँ पस्न दिनु हिन्दु धर्मको खिसी गर्नुजस्तो थियो, तर उनी केशवदेवकी भान्से बाहुनी थिइन्।[१५९]

यसरी पवित्रा जातले बाहुनी नै भए तापनि शारीरिक रूपले विकृत भएको कारण भात पकाउने ठाउँमा पस्नु दिनु नहुने तर केशवदेवको दयामायाले गर्दा भान्से बाहुनी बन्न पुगेको घटना भिन्न क्षमतासम्बन्धी धार्मक मान्यतासित सम्बन्धित रहेको देखिन्छ।

**४.१.४ सीमान्तीकरणका दृष्टिले 'पवित्रा' कथामा प्रयुक्त भिन्न क्षमताको अध्ययन**

'पवित्रा' कथामा पवित्राको एकलो र साहराहीन जीवनले सीमान्तीकरणको सन्दर्भलाई प्रस्तुत गरेको छ।केशवदेवको देखभाल र सञ्चो-सुविस्ताकै निम्ति आफ्नो जीवन समर्पण गरे तापनि पवित्राले धर पाएकी छैन। कथामा प्रयुक्त सीमान्तीकरणका सन्दर्भहरूलाई यस प्रकार अध्ययन गर्न सकिन्छ-

**४.१.४.१परिचय र प्रतिनिधित्वः** भिन्न क्षमताका सन्दर्भमा शारीरिक विकृतिलाई परिचय र प्रतिनिधित्वका दृष्टिले हीनताका प्रतीक मानिन्छ किनभने सौन्दर्यशास्त्रीय शब्दमा विकृतिले सौन्दर्यको विपरीत रहेको अथवा सामान्य रूपदेखि छुट्टै रहेको अवस्थालाई बुझाउँछ।[१६०] प्रस्तुत कथामा पवित्राको परिचय कुरूप एवम् भद्दा नारीकारूपमा भएको पाइन्छ जसले असामान्य, अक्षम, अनुर्वर भन्ने सांस्कृतिक अर्थहरूलाई प्रतिनिधित्व गरेको छ। यसबाहेक संसारमा भिन्न क्षमतायुक्त नारी भएर जन्मनु सबैभन्दा ठुलो समस्या हो भन्ने कुरालाई पनि

---

[१५९] कोइराला, 'दोषी चश्मा', पूर्ववत्, पृ ३५

[१६०] डेभिड एम टर्नर, सन् २००६, इन्ट्रडक्सनः अप्रोचिङ एनोमेलस बडिज्, *सोसियल हिस्ट्री अफ् डिसएबिलिटी एन्ड डिफर्मिटी* (सम्पा डेभिड एम टर्नर र केभिन स्टग), लन्डन एन्ड न्यु योर्कः रुटलेज, पृ १

कथामा व्यक्त गरिएको छ। पवित्राले आफु नारी साथै भिन्न क्षमतायुक्त पनि भएको कारण केशवदेवलाई मनमनै पति स्वीकार गरेको कुरा भन्न सक्तिन तर केशवदेवले भने आफुले बिहे गर्नलाई केटी हेरेको कुरा सहजै प्रकट गरेको देखिन्छ। यस प्रकार भिन्न क्षमतायुक्त नारीहरू आफ्नो सामाजिक एवम् सांस्कृतिक परिचय स्थापित गर्न असमर्थ हुन्छन् भन्ने कुरा पवित्राको स्थितिद्वारा चरितार्थ हुन पुगेको छ। यसैकारण केशवदेवले अर्कै दुलही भित्र्याएपछि आफु केशवदेवको जीवनदेखि सधैंका निम्ति सीमान्तकृत हुनुको पीडालाई उसले यस प्रकार व्यक्त गरेकी छे-

> बूढी हुन थालेछु। चाँडै थाक्छु, पानी ओसार्दा स्वाँ स्वाँ हुन्छु। राती जीउ कट्कटी खान्छ। अब कक्रक्क परेर गुँडुलिएर बस्नुपर्ने भएछ।[१६१]

पवित्राले आफैलाई लाचार र विवश मानेको यस घटनाले सीमान्तीकरणको सन्दर्भलाई प्रस्तुत गरेको देखिन्छ।

**४.१.४.२ सक्षमता वा सामान्यताको धारणाः** प्रस्तुत कथामा केशवदेव र उसकी दुल्हीलाई सक्षम र सामान्य मानिसका रूपमा चित्रण गरिएको छ। केशवदेवको विषयमा पवित्रा भन्छे —

> अड्डाको सारा काम उँहाले नै गर्नुपर्छ, अरु सब कारिन्दा बगमफुसे छन्। उहाँ नभए त कामै थामिन्छ। नेपाल राज्यभरिको सबभन्दा गाह्रो काम गर्नुपर्छ।[१६२]

यस विवरणबाट केशवदेव काम गर्न सक्ने, लेखपढ गर्न सक्ने र बुझ्न सक्ने, शारीरिक तथा मानसिक अवस्था पनि ठिक भएको सक्षम र सामान्य मानिस रहेको कुरा थाहा लाग्छ। यसका अतिरिक्त केशवदेवकी दुल्ही रूपवती नभए तापनि कुरूप र शारीरिक दृष्टिले विकृत पवित्राभन्दा श्रेष्ठ रहेको कुरा केशवदेवले उसलाई पत्नी स्वीकार गरेको

---

[१६१] कोइराला, 'दोषी चश्मा', पूर्ववत्, पृ ४०

[१६२] पूर्ववत्, पृ ३७

घटनाबाट प्रस्ट भएको छ। यस प्रकार केशवदेव र उसकी दुल्हीमा निहित सक्षमता वा सामान्यता नै पवित्राको शारीरिक विकृतिलाई परिभाषित गर्ने कारकतत्त्व बनेको देखिन्छ।

**४.१.४.३ अन्यत्वको धारणाः**'पवित्रा'कथामा केशवदेवले शारीरिक विकृतियुक्त पवित्रालाई भान्से बाहुनीको दर्जा दिए तापनि नोकर्नीबाहेक अरु केही नसम्झेको घटना अन्यत्वको धारणासित सम्बन्धित रहेको पाइन्छ। 'अन्य' भनिनुको तात्पर्य नै आफु वा आफुजस्तो होइन भन्ने हो। केशवदेवले पवित्राको आन्तरिक प्रेम तथा समर्पणको भावनालाई बुझ्ने रत्तिभर प्रयास गरेको देखिँदैन। यसबाट पवित्रा 'अन्य' हो, जसको प्रेम, समर्पण, संवेदना, इच्छा र आकांक्षाहरूको कुनै मूल्य छैन भन्ने कुरा व्यक्त भएको छ।

**४.१.५ सामाजिक समावेशीकरणका दृष्टिले 'पवित्रा' कथामा प्रयुक्त भिन्न क्षमताको अध्ययन**

प्रस्तुत कथा 'पवित्रा'-मा शारीरिक रूपले विकृत पवित्राको अतृप्त यौनकामना र सामाजिक भोगाइलाई समस्याका रूपमा प्रस्तुत गरिएको छ। यसबाट समाजमा भिन्न क्षमतायुक्त नारीहरूलाई सधैं असहाय र असामान्य मानिसका रूपमा हेरिन्छ भन्ने कुराले पुष्टि पाएको छ। वस्तुतः पवित्राको माया, त्याग र समर्पणको भावनाले कदर नपाएको घटनाबारे प्रकाश पारेर कथाकारले रूढ सामाजिक धारणाको विघटन गर्न खोजेका छन्। मनमा जति पीडा भए तापनि पवित्राले आफ्नो नित्य धर्म नछोडेको घटनालाई सामाजिक एकीकरणका रूपमा हेर्न सकिन्छ। यसरी नै कथाकारले पवित्रालाई सहनशील, लगनशील, निष्ठावान् र केशवदेवको कुभलो सोच्न नसक्ने पात्राका रूपमा प्रस्तुत गरेर उसको सकारात्मक चरित्र निर्माण गरेका छन्। औसत रूपमा मानिसहरू आफ्नो इच्छा पुरा नहुँदा उग्र हुने गर्छन् तर पवित्रामा त्यस्तो उग्रता देखा परेको छैन। यसले पवित्रा विकृत भए तापनि एउटी सामाजिक मर्यादा भएकी नारी हो भन्ने कुरातिर सङ्केत गरेको छ। अतः पवित्रामा पाइने शान्त स्वभाव, सहनशीलता, विनम्रता, शिष्टता, संवेदना आदि गुणहरू सामाजिक समावेशीकरणका दृष्टिले महत्त्वपूर्ण रहेका पाइन्छन्।

## ४.२ 'रूपको मूल्य' कथामा प्रयुक्त भिन्न क्षमताको अध्ययन

### ४.२.१ बालकृष्ण समको कथायात्रा

बालकृष्ण सम (जन्मः वि सं १९५९, मृत्युः वि सं २०३८) पहिलो आधुनिक नेपाली नाटककार हुन्। उनले नाटकबाहेक कथा, कविता, निबन्ध आदि विधाहरूमा पनि कलम चलाएका छन्। यसैले उनको परिचय एकजना सफल नाटककारसँगै दार्शनिक कवि, चिन्तनशील गद्यलेखक तथा कथाकारका रूपमा पनि हुने गरेको पाइन्छ। साहित्य लेखन सँगसँगै समले रङ्गमञ्च, चित्रकला, फोटोग्राफी, छायाङ्कन तथा सङ्गीतका क्षेत्रमा पनि विशिष्ट योगदान पुऱ्याएका छन्। उनलाई साहित्यका क्षेत्रमा एकजना सिद्धान्तप्रणेता, दार्शनिक, वैज्ञानिक तथा नास्तिक विचारधाराका आग्रही मानिन्छ।[१६३]

बालकृष्ण समको कथायात्रा *शारदा* पत्रिकाको प्रकाशनसँगै सुरू भएको देखिन्छ। *शारदा* पत्रिकाको वर्ष १, अङ्क ९ -मा प्रकाशित 'पराई घर' (वि सं १९९२) उनको पहिलो कथा हो। उनका अन्य कथाहरू *शारदा, कथा-कुसुम, नेपाली पाठसङ्ग्रह, रूपरेखा* आदिमा प्रकाशित भएका पाइन्छन्। 'पराई घर'-को प्रकाशनपछि *शारदा* पत्रिकामै उनको 'देउराली' (वि सं १९९३), 'तलतल' (वि सं १९९३), 'खुकुरी' (वि सं १९९४), 'हरिसिद्धि' (वि सं १९९७), 'यौवनर सुन्दरता' (वि सं १९९८) आदि कथाहरू प्रकाशित भएका पाइन्छन्। यसका अतिरिक्त उनका तीनवटा कथा 'शरण', 'कैकेयी' र 'फुकेको बन्धन' सन् १९३८ -मा नेपाली साहित्य सम्मेलन, दार्जिलिङबाट प्रकाशित *कथा-कुसुम*मा सङ्कलित रहेका छन्। यसरी नै सन् १९५५ -मा दार्जिलिङबाट प्रकाशित *नेपाली पाठसङ्ग्रह*मा 'रूपको मूल्य' र सन् १९६१ -को *रूपरेखा*मा 'नौली' शीर्षक कथा प्रकाशित भएका पाइन्छन्। यिनै एक दर्जन कथाले समलाई एकजना सिद्धहस्त एवम् विशिष्ट कथाकारका रूपमा प्रतिष्ठापित गराएको देखिन्छ।

---

[१६३] बराल, 'झ्यालबाट', पूर्ववत्, पृ. १५

समले थोरै संख्यामा कथाहरू लेखेका छन् तथापि गुणात्मकताका दृष्टिले ती कथाहरू विशिष्ट र स्तरीय छन् भन्न सकिन्छ। उनका कथामा समाजका विविध घटना र समस्याहरूको चित्रण प्रतीकात्मक तथा मनोविश्लेषणात्मक ढङ्गमा भएको पाइन्छ। यसैले उनका प्रकाशित कथाहरूलाई प्रतीकात्मक, मनोविश्लेषणात्मक, सामाजिक र समस्यामूलक कथाका रूपमा छुट्ट्याएर हेर्न सकिन्छ[१६४] भन्ने ताना शर्माको भनाइ उपयुक्त रहेको देखिन्छ। सामाजिक यथार्थको चित्रण, सूक्ष्म मनोविश्लेष तथा ऐतिहासिक विषयवस्तुको प्रयोग आदि समका कथामा पाइने मूलभूत विशेषताहरू हुन्। यसबाहेक पद्यात्मक विलक्षणता, बौद्धिक कलात्मकता, शास्त्रीय तथा आधुनिक जीवनदृष्टिबाट उठेको चेतना आदिले समको कथा लेखनलाई आढ्यता प्रदान गरेको देखिन्छ। चित्रकला, फोटोग्राफी र सङ्गीतका क्षेत्रमा पारङ्गत भएकाले उनका कथामा कलात्मकता, स्वभाविकता, भाषिक मधुरता तथा भावमा लालित्य आदि संयुक्त भइ सरस त्रिवेणीको सङ्गमस्थल बन्न पुगेको देखिन्छ।[१६५] यिनै कारणहरूले गर्दा समालोचक अभि सुवेदीले उनलाई नेपाली साहित्यको कोल्टे फेराउने पहिलो गद्यमहारथी साथै आयामिक गद्यका प्रथम प्रयोक्ता[१६६] भनी चिनाएका छन्। यस दृष्टिले पनि नेपाली कथाका क्षेत्रमा समको आगमन आफैमा एउटा क्रान्तिकारी पदक्षेप बनेर देखापरेको छ भन्न सकिन्छ।

### ४.२.२ **'रूपको मूल्य' कथाको सारतत्त्व**

वालकृष्ण समद्वारा लिखित सामाजिक कथाहरूमध्ये 'रूपको मूल्य' एउटा उत्कृष्ट कथा हो। यो कथा सन् १९५५ -मा दार्जिलिङबाट प्रकाशित *नेपाली पाठ सङ्ग्रह*मा सङ्ग्रहित रहेको पाइन्छ। सामाजिक व्यवस्थाभित्र नारीजीवनले भोग्नुपरेको समस्या नै यस कथाको आधारभूमि रहेको देखिन्छ। बाह्य सौन्दर्यलाई विशेष महत्त्व दिने समाजमा ज्ञान र

---

[१६४] ताना शर्मा, वि सं २०६२, *सम र समका कृति,* सा सं, काठमाडौं: साझा प्रकाशन, पृ ११

[१६५] कुमारबहादुर जोसी, वि सं २०५८, *सिर्जना र विवेचना,* काठमाडौं: साझा प्रकाशन, पृ ४१

[१६६] अभि सुवेदी, वि सं २०५१, *सिर्जना र मूल्याङ्कन,* दो सं, काठमाडौं: साझा प्रकाशन, पृ ६३ - ६८

गुणको कदर कहिल्यै हुँदैन भन्ने कुरालाई मूल कथ्यका रूपमा प्रयोग गरिएको यस कथाले ऋग्वेदमा पाइने अपाला आत्रेयीको उपाख्यानसित सान्निध्य राखेको देखिन्छ।

कथाकी मूल पात्रा रानु पण्डित प्रमोदप्रसाद र सानी बज्यैकी एउटै सन्तानका रूपमा जन्मेकी रोगी छोरी हो। ऊ सानैदेखि विभिन्न प्रकारका रोग र घाउ खटिराहरूले सताइएकी हुन्छे। उमेर बढ्दै गएपछि उसको रोग केही शिथिल भए तापनि अनुहार भने भद्दा र कुरूप हुन पुग्छ। ज्ञान र गुणका दृष्टिले ऊ उच्च भए तापनि अनुहारको कुरूपताले उसलाई तुच्छ बनाइदिएको कारण प्रमोदप्रसाद र सानी बज्यै उसको बिहा गरिदिने कुरालाई लिएर चिन्तित हुन थाल्छन्। प्रमोदप्रसाद एकजना लब्धप्रतिष्ठित पण्डित र दार्शनिक भएका कारण कतिपय नबुझेका विषयहरू बुझाइमाग्नका लागि घरमा आइरहने विमललाई रानु मनैमन प्रेम गर्न थालेकी हुन्छे। यो कुरा थाहा पाएर प्रमोदप्रसाद र सानी बज्यैले पनि विमलसित कुरा गर्ने निधो गर्छन्। रानु मनभित्रभित्रै रमाउँछे तर विमल ऊसँग बिहा गर्नलाई राजी हुँदैन। उसले अर्कै एउटी युवतीसँग बिहा गरेर रानुदेखि सधैंका निम्ति टाडिने निर्णय लिन्छ। यस सन्दर्भमा भिन्न क्षमतायुक्त नारीको सबैभन्दा ठुलो समस्या भनेको बिहा गर्नका निम्ति झेल्नुपर्ने कठिनाइ हो[१६७] भन्ने चार्टलनको भनाइ उपयुक्त रहेको देखिन्छ।

विमलबाट तिरस्कृत भएको कारण रानुको मनमा ठुलो चोट लागेको हुन्छ। ऊ बिस्तारै अन्तर्मुखी बन्दै जान्छे। उसलाई रोगले पनि च्याप्न थाल्छ। यस्तैबिच एकजना कालो भयङ्कर शरीर भएको परदेशी ऊसँग बिहा गर्नलाई राजी हुन्छ। नौ महिनासम्म विचार गरेपछि प्रमोदप्रसाद र सानी बज्यैले पनि उसलाई नै छोरी दिने निर्णय लिन्छन्। रानुको बिहा हुन्छ तर छ महिनापछि ऊ लगत्तै माइतघर फर्केर आउँछे। उसलाई बिहा गर्ने परदेशी डाकू भएको कुरा तब नै प्रकाशमा आउँछ। यसरी एउटा डाकूबाट

[१६७] चार्टलन, 'नोथिङ अबाउट अज् विदिन् अज्, डिसएबिलिटी अप्रेसन एन्ड इम्पावर्मेन्ट', पूर्ववत्, पृ ६०

गरगहनासँगै सर्वश्व पनि लुटाएर फर्केकी रानु दिनदिनै शारीरिक र मानसिक दुवै रूपले विक्षिप्त बन्दै जान्छे। जीवनप्रति उसको नैराश्य प्रतिदिन बढ्दै जान्छ। अन्तमा धेरै लामो थल्लिएपछि उसको दुःखद मृत्यु हुन्छ। यस प्रकार कथाकी मूलपात्रा रानु आफ्नो कुरूपताका कारण आफुले मन पराएको व्यक्ति र लोग्न दुवैबाट तिरस्कृत र अवहेलित भइ अन्ततोगत्वा आफ्नो इहलीला त्यागन बाध्य बनेकी छे। यसबाट समाजमा कुरूप हुनुलाई कसरी घृणा, उपेक्षा र तिरस्कारको विषय बनाइन्छ भन्ने कुराको उठान प्रस्तुत कथामा भएको देखिन्छ।

### ४.२.३ कलङ्कीकरणका दृष्टिले 'रूपको मूल्य' कथामा प्रयुक्त भिन्न क्षमताको अध्ययन

'रूपको मूल्य' भिन्न क्षमताबारे लेखिएको एउटा महत्त्वपूर्ण कथा हो। यस कथाको सम्पूर्ण घटनाक्रम भिन्न क्षमतायुक्त रानुको वरिपरि घटित भएको छ। आफ्ना पिताले जत्ति पढ्न पाएकी भए वेदमन्त्र रचयिता गार्गीसमान हुन सक्ने सम्भावना जताइएकी रानु ज्ञान र गुणका दृष्टिले श्रेष्ठ पात्रा हो भने रूपका दृष्टिले हीन पात्रा हो। उसको कुरूपताले गर्दा नै विमल ऊसँग बिहा गर्नदेखि तर्किन्छ। यसबाहेक आफ्ना पतिबाट परित्यक्त हुनुमा पनि उसको त्यही कुरूप अनुहार नै कारकतत्त्व बनेको देखिन्छ। यसरी रूपलाई सर्वोपरि ठान्ने सामाजिक व्यवस्थाअन्तर्गत रानुको चित्रण कलङ्कित चरित्रका रूपमा भएको पाइन्छ। अतः यस कथामा प्रयुक्त भिन्न क्षमतालाई कलङ्कीकरणका दृष्टिले यस प्रकार अध्ययन गर्न सकिन्छ-

**४.२.३.१ नकारात्मक छवि निर्माणः** प्रस्तुत कथा 'रूपको मूल्य'-मा रानुको चित्रण काली, कोप्ची, चिम्सी, छ्याकटी, छवाँकी, डेरी, नेप्टी, खुँडी, गाला कच्चट गडेकी, च्युँडो बाङ्गो भएकी, ओठ डल्ला परेकी, निधार खुइलेकी, आँखीभौ परेली झरेकी, नराम्री ख्याक, रोगले गर्दा चाउरी परेकी आदि रूपमा भएको पाइन्छ। यही रूप नै उसलाई नकारात्मक छविका रूपमा प्रस्तुत गर्ने माध्यम बनेको देखिन्छ। समाजमा मुख्यतः स्वस्थ्य र सुन्दर

शरीरलाई स्वावलम्बी मानिन्छ भने रोगी, दुर्बल र भद्दा देखिने शरीरलाई कलङ्कका रूपमा हेरिन्छ र अमानवीकृत गरिन्छ। रानु रोगी हुनका साथै भद्दा देखिने कुरूप पनि छे। यसैले उसलाई कलङ्कका चिह्नका रूपमा हेरिएको छ। यस कुराको पुष्टि विमलले ऊसँग बिहा गर्न सोझै अस्वीकार गर्नु, समाजका कुनै बूढा मानिससमेत बिहा गर्न राजी नहुनु, बल्लतल्ल परदेशी राजी भए तापनि उसको ध्येय केवल रानुको गरगहना र धनसम्पत्ति हत्याउनुमा मात्र केन्द्रित हुनु आदि घटनाहरूबाट भएको छ।

**४.२.३.२ भेदभाव र पक्षपातको भावनाः** शरीरको भौतिक संरचना र त्यस संरचनाका आधारमा हुने भेदभाव र पक्षपातको भावनाद्वारा भिन्न क्षमताको अवस्था सिर्जना हुन्छ। प्रस्तुत कथामा चित्रित रानुको शारीरिक अवस्थाले पनि सामाजिक रूपमा हुने भेदभाव र पक्षपातको भावनालाई अभिव्यक्त गरेको छ। उदाहरणका रूपमा पढाइमा उत्तीर्ण नहुञ्जेल बिहा गर्दिनँ भन्ने विमलले दुई महिनापछि नै अर्कै युवतीसित बिहा गरेको घटनालाई लिन सकिन्छ। वास्तवमा विमलले नै प्रेमका कथाहरू सुनाएर, विसञ्चो भएको समय माया गरेर, गीतको पुस्तक उपहारसमेत दिएर रानुको मनमा प्रेमिल भावनाहरू जागृत गराइदिएको हुन्छ। यसैले रानु विमलप्रति आकृष्ट बन्दै जान्छे तर बिहेको कुरा चलाउनेबित्तिकै विमलको स्वभावमा परिवर्तन आउँछ। ऊ रानुजस्ती कुरूप स्त्रीसँग बिहा गरेर समाजअघि हाँसोको पात्र बन्न चाहँदैन। विमलको यस्तो व्यवहारबाट भिन्न क्षमतायुक्त मानिसहरू केवल सहानुभूतिका पात्र बन्न सक्छन्, प्रेमका हकदार बन्न सक्दैनन् भन्ने कुरा अभिव्यक्त भएको छ। यसरी नै रानुसँग बिहा गर्न तयार हुने परदेशीको दुष्ट्याइ पनि भिन्न क्षमतामाथि भएको भेदभाव र पक्षपातकै भावनाका रूपमा देखापरेको छ। यसैकारण रानुले विमललाई मखमल र साटनको खोल हालेको कङ्काल र आफ्ना लोग्नेलाई भाङ्ग्रामा खोल हालेको अस्थिपञ्जर भन्न रुचाएकी छे।

**४.२.३.३ रूपसम्बन्धी धारणाः** रूपलाई सर्वोपरि ठान्ने समाजको आडम्बरी प्रवृत्तिमाथि प्रहार गर्नु नै 'रूपको मूल्य' कथाको मूल उद्देश्य रहेको देखिन्छ। यसमा विमललगायत रानुसँग बिहा गर्न राजी नहुने समाजका अन्य पुरुषहरू सबै सौन्दर्यका उपासक र कुरूपताका कट्टर आलोचक बनेर देखापरेका छन्। उदाहरणका रूपमा निम्नलिखित गद्यांशलाई लिन सकिन्छ-

> प्रमोदले आठ दश ठाउँमा विवाहको कुरा चलाइसकेका थिए। सर्वस्वसित रानुलाई जुत्तामन्तिर राखिदिए पनि दिगमिग नमानेर कुल्चने कुनै भेटिएन, कुनै बूढा भेटिएन।[१६८]

यसबाट समाजमा रूपलाई कति प्राथमिकता दिइन्छ भन्ने कुरा थाहा पाउन सकिन्छ। रानुमा समाजले खोजेको रूप छैन र त्यही रूप नहुनु नै उसका निम्ति अभिशाप बनेको छ। ऊ एउटी नारी भएकीले पनि आफ्नो कुरूपताका कारण समाजबाट लाञ्छित हुन बाध्य बनेकी छे किनभने समाजमा पुरुषको कुरूपतालाई भन्दा नारीको कुरूपतालाई अधिक मात्रामा अप्रतिष्ठित र अमर्यादित मानिन्छ। यसैले रानु अपमानित र तिरस्कृत हुनका पछि उसको कुरूपतामात्र दायी रहेको छैन तर नारी भएर जन्मनु पनि उसको दुर्भाग्य बनेको देखिन्छ।

### ४.२.४ सीमान्तीकरणका दृष्टिले 'रूपको मूल्य' कथामा प्रयुक्त भिन्न क्षमताको अध्ययन

'रूपको मूल्य'-मा प्रयुक्त सीमान्तीकरणको धारणाअन्तर्गत रानुको भिन्न क्षमतायुक्त अवस्थालाई निम्न रूपमा अध्ययन गर्न सकिन्छ-

**४.२.४.१ परिचय र प्रतिनिधित्वः** प्रस्तुत कथा 'रूपको मूल्य'-मा अत्यन्तै पिण्डरोगी र भद्दा नारीका रूपमा रानुको परिचय प्रस्तुत गरिएको छ जसले मूलतः घृणास्पद, भयावह,

---

[१६८] बालकृष्ण सम, सन् २००४, रूपको मूल्य, *कथा सङ्ग्रह* (सम्पा. पी एम खनाल र देवकुमार दुमी), गान्तोकः जनपक्ष प्रकाशन, पृ २१

बोझा, असहाय भन्ने सांस्कृतिक अर्थहरूलाई प्रतिनिधित्व गरेको देखिन्छ। यसैले रानु विमलको प्रेम र पतिको साथ पाउनदेखि वञ्चित हुन पुगेकी छे। वास्तवमा ऊ असाध्यै ज्ञानी छे तर उसको ज्ञानको उचित कदर समाजद्वारा भएको देखिँदैन। उसलाई केवल असुन्दरताका प्रतीकमात्र मानिएको छ जुन तात्त्विक नभएर समाजद्वारा निर्मित परिचय हो।

**४.२.४.२ सक्षमता वा सामान्यताको धारणाः** भिन्न क्षमताका सन्दर्भमा कुरूपतालाई अप्राकृतिक, अमानुषिक, असामान्य, घृणास्पद, भयावह आदि रूपहरूमा परिभाषित गरिन्छ। यसैले कुरूप मानिसहरू सामाजिक मूलधाराबाट सीमान्तकृत हुन पुग्छन्। 'रूपको मूल्य'-की रानु पनि कुरूप भएकीले सीमान्तकृत हुन पुगेकी छे। उसको वरिपरि रहेका मानिसहरू क्रमैले प्रमोदप्रसाद, सानी बज्यै, विमल, परदेशी, विमलकी दुलही, पण्डितहरू सबै सक्षमता वा सामान्यताका प्रतीकका रूपमा चित्रित छन्। यसैले रानुको कुरूपता स्वतः भिन्न क्षमता वा असामान्यतामा परिणत हुन पुगेको छ। यसबाहेक विमलकी दुलहीको तुलनामा पनि रानु असक्षम र असामान्य हो भन्ने धारणा प्रतिपादित भएको पाइन्छ। यसर्थ विमलले रानुलाई बिहा गर्नुभन्दा त्यस असुन्दर युवतीलाई बिहा गर्नु उत्तम सम्झेको छ।

**४.२.४.३ अन्यत्वको धारणाः** अन्यत्वको धारणाअन्तर्गत भिन्न क्षमतालाई 'अन्य'-का रूपमा वर्गीकृत गरिन्छ। यसैले भिन्न क्षमतायुक्त मानिसहरू समाजमा हीन भावनाद्वारा पीडित भइ बाँच्न बाध्य बन्छन्। प्रस्तुत कथाकी रानुलाई पनि यस्तै रूपमा देख्न सकिन्छ। उसको वरिपरिको सामाजिक परिवेश उसका निम्ति अनुकूल रहेको देखिँदैन। यसैले आफ्नो जिन्दगीदेखि निराश र हतोत्साहित बन्न पुगेकी ऊ आफ्नी आमासँग भन्छे-

> म मरेको अहिले हो ? कति भइसक्यो, बरू मरेकी छोरीले कुरा गरेको सम्झेर हर्ष मान्नोस्न। मर्नु र बाँच्नुमा के फरक छ — बोल्नु र चुप लाग्नु, हिँड्नु र थकाइ मार्नु, सुत्नु र बिउँझनु।[१६९]

वस्तुतः रानुमा देखापरेको जीवनप्रतिको नैराश्यलाई उसको हीनताबोधबाट निःसृत अभिव्यक्ति मान्न सकिन्छ जसले व्यापक रूपमा अन्यत्वको धारणालाई प्रस्तुत गरेको छ।

### ४.२.५ सामाजिक समावेशीकरणका दृष्टिले 'रूपको मूल्य' कथामा प्रयुक्त भिन्न क्षमताको अध्ययन

'रूपको मूल्य' सामाजिक समावेशीकरणका दृष्टिले एउटा महत्त्वपूर्ण कथा हो। यस कथामा रानुको विलक्षणताले भिन्न क्षमतायुक्त मानिसहरू अज्ञानी वा मूर्ख हुन्छन् भन्ने रूढ धारणालाई विघटन गरेको छ। जीवन र जगत्को सूक्ष्मातिसूक्ष्म ज्ञानले भरिएको उसको तर्क सुनेर पण्डितहरू पनि अवाक् बनेका छन्। यसैले उसको मृत्युपछि बूढा पण्डित भन्छन्-

> रानु कोइला खानी जस्तै नराम्री थिइन्, त्यसैले उनीभित्र हीराभन्दा उज्ज्वल सौन्दर्यको प्रकाश थियो।[१७०]

यसरी कुरूपताबाहेक रानुमा अन्य कुनै प्रकारको नकारात्मकता रहेको देखिँदैन, तथापि ऊभित्रको सुन्दर मानिसलाई समाजले चिन्न सकेको छैन। यसबाट कथाकारले मानिसको बाह्य सौन्दर्यभन्दा आन्तरिक सौन्दर्य आकर्षक र उत्तम हुन्छ भन्ने कुरा प्रस्तुत गरेका छन्। कुरूप भए तापनि रानु विमलजस्तो सङ्कीर्ण र उसको डाकू लोग्नेजस्तो स्वार्थी छैन। कथाकारले उसको सकारात्मक चरित्र निर्माण गरेर सामाजिक एवम् सांस्कृतिक

---

[१६९] सम, 'रूपको मूल्य', पूर्ववत्, पृ २४

[१७०] सम, 'रूपको मूल्य', पूर्ववत्, पृ २६

मान्यताहरूप्रति व्यङ्ग्य कसेका छन्। समाजमा रानुजस्ता नारीहरूले उचित सम्मान नपाएको घटना नै प्रस्तुत कथाको केन्द्रिय विशेषता रहेको पाइन्छ।

## ४.३ 'नयाँ सडकको गीत' कथामा प्रयुक्त भिन्न क्षमताको अध्ययन

### ४.३.१ रमेश विकलको कथायात्रा

रमेश विकल (जन्मः वि सं १९५८, मृत्युः वि सं २०६५) -एकजना सिद्धहस्त एवम् प्रतिष्ठित साहित्यकार हुन्। उनको वास्तविक नाउँ रामेश्वर चालिसे रहेको थाहा पाइन्छ। उनले नेपाली साहित्यका विभिन्न विधामा कुशलतापूर्वक कलम चलाएका छन् तापनि उनको परिचय कथा, उपन्यास, नाटक, निबन्ध आदिका क्षेत्रमा शीर्षस्थ रहेको पाइन्छ। वि सं २००४ -मा श्यामजी उर्फ श्यामप्रसादसँग मिलेर 'सन्देश' शीर्षक हस्तलिखित पत्रिका प्रकाशित गरेपछि विकलले साहित्य क्षेत्रमा प्रवेश गरेको कुरा थाहा लाग्छ। वि सं २००६ -को *शारदा* पत्रिकामा प्रकाशित 'गरिब' शीर्षक कथालाई उनको पहिलो प्रकाशित कथा मानिन्छ। कालान्तरमा उनका *बिरानो देशमा* (वि सं २०१६), *नयाँ सडकको गीत* (वि सं २०१९), *आज फेरि अर्को तन्ना फेरिन्छ* (वि सं २०२४), *एउटा बूढो भ्वाइलेन आशाबारीको धुनमा* (वि सं २०२५), *उर्मिला भाउजु* (वि सं २०३५), *शव शालिक र सहस्र बुद्ध* (वि सं २०४३), *हराएका कथाहरू* (वि सं २०५५) आदि कथा सङ्ग्रहहरू प्रकाशित भएका पाइन्छन्। यसबाहेक बाल साहित्यका क्षेत्रमा पनि उनले विशेष योगदान पुऱ्याएको देखिन्छ। उनको *तेह्र रमाइला कथा* शीर्षक बाल कथाहरूको सङ्ग्रह पनि प्रकाशित भएको पाइन्छ।

रमेश विकलका कथाहरूमा गरिब, शोषित, निर्धा र निमुखाहरूको जीवनसङ्घर्षको यथार्थ चित्रण पाइन्छ। उनले सुरुदेखि नै समाजमा व्याप्त शोषण, अन्याय र अत्याचारको विरोधमा कलम चलाउँदै आएका छन्। समाजका शोषित, पीडित तथा अवहेलित वर्गका मानिसहरूप्रति उदार दृष्टिकोण राखेर लेख्ने उनका कथाहरूमा सामाजिक विषमता, आर्थिक

विपन्नता, वर्गभेद, रूढिवादी विचारधारा आदि मुख्य पाटोका रूपमा रहेका पाइन्छन्। उच्च वर्गका मानिसहरूलाई खलपात्रका रूपमा देखाउनु तथा सामाजिक व्यवस्थाभित्र निम्न वर्गका मानिसहरूको आर्थिक जटिलताको निरीक्षण गर्दै उन्नत र गतिशील समाजको कामना राख्नु विकलका कथाहरूको वैशिष्ट्य रहेको देखिन्छ। यसैले कथाकारका रूपमा यिनी प्रगतिवादी विचारधाराका अनुयायी बनेर देखा परेका छन्। यद्यपि विकलका कथाका पात्रहरू शोषकहरूको विरुद्ध उभिनका साटो कमजोर र लाचार देखा परेका कारण यिनलाई प्रगतिवादी नभनेर आलोचनात्मक यथार्थवादी कथाकार भन्नु उपयुक्त हुन्छ भन्ने धारणा शंकरप्रसाद गैरेले व्यक्त गरेको पाइन्छ।[१७१] यसका अतिरिक्त निम्नमध्यमवर्गीय चरित्रहरूको दुर्नियतिबारे प्रकाश पार्दै मानवताका पक्षमा कथाहरू लेखेको कारण विकललाई मानवतावादी कथाकारका रूपमा पनि चिनिन्छ। उनका कथाहरूमा मुख्यतः निम्न र मध्यम वर्गका असहाय पात्रहरू क्रियाशील रहेका पाइन्छन्। यस्तै पात्रहरूको यातनापूर्ण जीवन, मानसिक कुण्ठा तथा उनीहरूमा निहित वासना वा रतिभावनाका विविध पक्षलाई विकलले आफ्ना कथाहरूका विषय बनाएका छन्। यस दृष्टिले विकल एकजना मनोवैज्ञानिक कथाकार पनि हुन् भन्ने कुराको पुष्टि हुन्छ।

### ४.३.२ ‘नयाँ सडकको गीत’ कथाको सारतत्त्व

*नयाँ सडकको गीत* रमेश विकलद्वारा लिखित कथा सङ्ग्रह हो। वि सं २०१९ -मा जगदम्बा प्रकाशनबाट प्रकाशित यस सङ्ग्रहले अमुद्रित अवस्थामै वि सं २०१८ -को मदन पुरस्कार प्राप्त गरेको थाहा पाइन्छ। यसमा सङ्कलित नौवटा उत्कृष्ट कथामध्ये ‘नयाँ सडकको गीत’ एउटा प्रतिनिधि कथा प्रतिनिधि कथा हो। काठमाडौंको नयाँ सडकको ढोकानेर पेटीमा बसेर भिख माग्ने अन्धो मगन्ते र उसकी स्वास्नी सानी यस कथाका मुख्य पात्रहरू हुन्। उनीहरू त्यही सडकको पेटीमा बसेर बाह्रै महिना भिख

---

[१७१] शंकरप्रसाद गैरे, वि सं २०७४, *कथा सिद्धान्त र प्रतिनिधि नेपाली कथा*, काठमाडौं : कमलादेवी न्यौपाने, पृ ११४

माग्ने गर्छन्। सडकमा हिंड्ने कतिपय मानिसहरूले टिठ्याएर अथवा आफ्नो घमण्ड देखाएर केही पैसा भिखमा दिन्छन्। कतिपय गुण्डाहरूले भने उसको उपहास गर्नका साथै सानीमाथि कुदृष्टि समेत राखेको देखिन्छ। यसर्थ सानी भन्छे- *हिँड अन्तै कतै गएर बसौँ* तर मगन्ते भन्छ- *हाम्रा निम्ति जहाँ गए पनि त्यत्तिकै हो बुझिस् ? यस्तै हो। कहीँ गोठाले हुन्छन्, कहीँ सुकुलगुण्डा।*[१७२] सिपाहीले पनि घरिघरि ठाउँ सर्न लगाएर उसलाई सक्दो यातना दिइरहन्छ। अन्धो मगन्ते भित्रभित्रै कुडिन्छ, छट्पटाउँछ र आफ्नो लाचारीमा आफै दाह्रा किट्दै बस्छ।

रमेश विकलले यस कथामार्फत् नेपालको सामाजिक तथा आर्थिक विषमतालाई देखाएका छन्। विशेषतः प्रजातन्त्र बहालीपछि नेपालको अवस्था कस्तो भयो भन्ने कुराको यथार्थ प्रस्तुति नै 'नयाँ सडकको गीत' कथाको केन्द्रिय विषय बनेर देखा परेको छ। कथाकारले नेपालमा प्रजातन्त्र केवल ठुलाठाला र कुलीन सम्प्रदायका मानिसहरूका निम्ति मात्र आएको कुरा देखाउनका निम्ति अन्धो मगन्तेको जीवनस्तरलाई विशेष माध्यमका रूपमा प्रयोग गरेका छन्। यसैले अन्धो मगन्ते भन्छ-

अँ पर्जातन्त्र ! पर्जातन्त्र भएको कति भयो? निकै वर्ष भयो, निकै वर्ष।[१७३]

यस उद्धरणबाट नेपालमा प्रजातन्त्र बहाल भएपछि पनि निम्नवर्गीय मानिसहरूको सामाजिक तथा आर्थिक अवस्थामा कुनै सुधार नआएको भाव व्यञ्जित भएको छ। समग्रमा भन्नुपर्दा 'नयाँ सडकको गीत' एउटा उत्कृष्ट कथा हो। यस कथाले सिङ्गो नेपाल राष्ट्रको अवस्थालाई अन्धो मगन्तेको चित्रणद्वारा प्रस्तुत गरेको छ।

---

[१७२] रमेश विकल, वि सं २०३०, *नयाँ सडकको गीत,* काठमाडौं : जगदम्बा प्रकाश्न, पृ ४१

[१७३] पूर्ववत्, पृ ४५

### ४.३.३ कलङ्कीकरणका दृष्टिले 'नयाँ सडकको गीत' कथामा प्रयुक्त भिन्न क्षमताको अध्ययन

भिन्न क्षमतायुक्त मानिसहरूलाई अशोभनीय र अपशकुनका चिह्न मान्ने रूढ धारणा समाजमा विद्यमान रहेको पाइन्छ। 'नयाँ सडकको गीत' कथामा पनि अन्धो मगन्तेलाई अशोभनीय र अपशकुन मानिएको घटना वर्णित छ जसले कलङ्कीकरणको सन्दर्भलाई प्रस्तुत गरेको देखिन्छ। कथामा छिमेकी राष्ट्र भारत, श्रीलङ्का र अमेरिकाबाट पाहुनाहरू आउने भएकाले अन्धो मगन्तेलाई सडक छेउमा नबस्नू भन्ने आदेश पुलिसद्वारा दिइएको घटनाको वर्णन पाइन्छ। यसबाट छिमेकी राष्ट्रका पाहुनाहरू आउँदा कुनै प्रकारको अशुभ वा अपशकुन नहोस् भन्ने मनसाय व्यक्त भएको देखिन्छ। यसबाहेक प्रस्तुत कथामा प्रयुक्त भिन्न क्षमतालाई कलङ्कीकरणका दृष्टिले यस प्रकार अध्ययन गर्न सकिन्छ-

**४.३.३.१ नकारात्मक छवि निर्माणः** 'नयाँ सडकको गीत' कथामा अन्धो मगन्तेको चित्रण तुच्छ प्राणीका रूपमा भएको पाइन्छ। कालो र भद्दा अनुहार भएको, पहेंला र बाङ्गाटिङ्गा कोदाली दाँतहरू भएको, कलेटी परेको कुरूप ओठ साथै मैलो र फोहोर बोकेदाह्री भएको पात्रका रूपमा चित्रित अन्धो मगन्तेबाट निम्नमध्यमवर्गीय अवस्थालाई देखाइएको छ। यिनै जातिगत विशेषताहरूले गर्दा अन्धो मगन्ते उपहास र उपेक्षाको सिकार बन्न पुगेको देखिन्छ। समाजमा उसको कुनै स्तर र स्थान नरहेको कुरो सुकुलगुण्डाहरू, सिपाहीहरू र पुलिसको दुर्व्यवहारबाट थाहा लाग्छ। सिपाहीहरूले उसकै छेउमा उसकी स्वास्नी सानीलाई आँखा झिम्क्याउँछन् र घिनलाग्दा ठट्टाहरू गर्छन्। सडकमा हिंड्ने सुकुलगुण्डाहरू पनि सानीलाई वासनाका दृष्टिले हेरेर जिस्क्याउँछन्। पुलिसले उसलाई बसेको ठाउँबाट खेद्ने कामसँगै सानीप्रति कुदृष्टि राख्छ। यी सबै घटनाले अन्धो मगन्तेको सामाजिक सम्बन्धबारे सूचना दिएको छ। यसैले ऊ सानीसँग भन्छ-

यस्तै हो बुझिस्, यस्तै हो। सबै सबै ठाउँ मान्छे यस्तै हुन्छन्।[१७७]

यस उद्धरणबाट समाजमा भिन्न क्षमतायुक्त मानिसहरूप्रति कसरी भेदभावपूर्ण व्यवहार गरिन्छ भन्ने कुरो स्पष्ट रूपमा देखा परेको छ।

समाजमा भिन्न क्षमतायुक्त मानिसहरूलाई निम्नस्तरको भाषाद्वारा सम्बोधन गर्ने प्रचलन रहेको पाइन्छ। 'नयाँ सडकको गीत' कथामा यस्तै निम्नस्तरको भाषा सिपाहीद्वारा अन्धो मगन्तेका निम्ति प्रयोग गरिएको छ। सिपाही भन्छ-

मोरा काना, माग्ने अक्कल त निकै जान्याछस्।[१७८]

यसरी नै पुलिसले पनि निम्नस्तरको भाषा प्रयोग गरेर अन्धो मगन्तेलाई गाली गरेको प्रसङ्ग प्रस्तुत कथामा पाइन्छ। यसबाट भिन्न क्षमतायुक्त मानिसहरू नाम, सम्बन्ध र प्रतिष्ठाका हकदार हुँदैनन् भन्ने समाजनिर्मित धारणाले अभिव्यक्ति पाएको देखिन्छ।

**४.३.३.२ भेदभाव र पक्षपातप्रतिको भावनाः** मानव सम्बन्धको अवमूल्यन तथा ह्रासको स्थितिलाई देखाउनु 'नयाँ सडकको गीत' कथाको केन्द्रिय पक्ष हो। यस कथामा एउटा मानिसले अर्का मानिसलाई आफुभन्दा भिन्न ठानेर पक्षापातपूर्ण व्यवहार गर्नाले कसरी मानव सम्बन्ध निरर्थक बन्छ भन्ने कुरालाई सुन्दर ढङ्गमा प्रस्तुत गरिएको पाइन्छ। मानिसहरू जति शिक्षित र सभ्य बन्दै गइरहेछन्, त्यति नै मानवता मर्दै गइरहेछ भन्ने यथार्थ सिपाहीहरू, सुकुलगुण्डाहरू र पुलिसले अन्धो मगन्तेप्रति राखेको दृष्टिकोणबाट प्रष्ट भएको छ। वस्तुतः अन्धो मगन्ते पनि मान्छे नै हो तर शारीरिक रूपरचनाका दृष्टिले ऊ विकृत छ। यसैले सिपाहीहरू, सुकुलगुण्डाहरू र पुलिसले उसलाई आफुजस्तो मानेका छैनन्। उनीहरूका दृष्टिमा मगन्ते केवल मान्छेको आकृतिमात्र बन्न पुगेको छ। यस सन्दर्भमा अधिकांशतः भिन्न क्षमतायुक्त मानिसहरूको समूह गरिब, शक्तिहीन र अपमानित

---

[१७७] पूर्ववत्, पृ ४२

[१७८] पूर्ववत्, पृ ३९

वर्गका रूपमा रहेको पाइन्छ[१७९] भन्ने चार्टलनको भनाइ उल्लेखनीय रहेको पाइन्छ। यसैले सिपाही र सुकुलगुण्डाहरूले उसकै छेउमा सानीसँग घिनलाग्दा ठट्टाहरू गर्छन्। पुलिसले उसलाई एक ठाउँमा बस्नै दिँदैन, घरिघरि धपाइरहन्छ। ऊसँग सिपाही, सुकुलगुण्डा, पुलिस, पसले कोही पनि मिठो भाषामा बात गर्दैनन्। वस्तुतः ऊ पनि सिपाही, सुकुलगुण्डा, पुलिस र पसले बसेकै समाजको एउटा सदस्य हो तर भिन्न क्षमतायुक्त भएकोले गर्दा ऊ भिन्नता र पक्षपातको सिकार हुन पुगेको छ।

**४.३.३.३ रूपसम्बन्धी धारणाः** 'नयाँ सडकको गीत' कथामा अन्धो मगन्तेको चित्रण काले, भद्दा र कुरूप पात्रका रूपमा भएको पाइन्छ। यद्यपि आन्तरिक गुणका दृष्टिले मगन्तेमा कुनै प्रकारको खोट वा निकृष्टता रहेको देखिँदैन। उसको यही आन्तरिक गुण सानीका निम्ति आकर्षणको विषय बनेको छ भने उसको बाह्य रूप सिपाही, सुकुलगुण्डा, पुलिस आदिका निम्ति विकर्षणको विषय बनेको छ। सानीको रूप चिनियाँ पुतलीजस्तो सुन्दर र आकर्षक छ, तापनि ऊ विकृत रूप भएको अन्धो मगन्तेकी स्वास्नी भएर बाँचेकी छे। यसबाट मानिसको वास्तविक सौन्दर्य बाह्य रूपमा नभएर भित्री रूपमा हुन्छ भन्ने गुढ यथार्थसँगै भिन्न क्षमतालाई सकारात्मक रूपमा हेर्ने दृष्टिकोण पनि प्रतिपादित भएको देखिन्छ। अर्कोतिर सौन्दर्यलाई बाह्य रूपका आधारमा हेरेर कुनै पनि कमजोरी वा विकृतिप्रति उपेक्षाभाव राख्ने सांस्कृति अभ्यासलाई सिपाही, सुकुलगुण्डा र पुलिसको दुर्व्यवहारद्वारा प्रस्तुत गरिएको छ। भिन्न क्षमतायुक्त हुनु भनेको सबै प्रकारका मानवीय सम्बन्धहरूबाट बञ्चित हुनु हो भन्ने धारणा सिपाही, सुकुलगुण्डा, पुलिस आदिमा व्याप्त भएको पाइन्छ। सानीजस्ती सुन्दरी युवती कुरूप र विकृत मगन्तेकी स्वास्नी बनेकी

[१७९] चार्टलन, 'नोथिङ अबाउट अज् विदिन् अज्, डिसएबिलिटी अप्रेसन एन्ड इम्पावर्मेन्ट', पूर्ववत्, पृ २१

कुरामा उनीहरूको चित्त बुझ्दैन र *यस्ता मोरा बनभालुसँग यस्ती सुनमा कुँदेजस्ती*[१८०] भन्ने टिप्पणी गर्छन्।

**४.३.३.४ धार्मिक मान्यताः** 'नयाँ सडकको गीत' कथामा चित्रित अन्धो मगन्तेको जीवन ईश्वरको सुन्दर सिर्जना नभएर ईश्वरद्वारा अभिशप्त जीवन हो भन्ने धारणा व्यक्त भएको पाइन्छ। यसैले सिपाहीहरू, सुकुलगुण्डाहरू, पुलिस आदिले ईश्वरको डर नबोकि मगन्तेप्रति अमानवीय व्यवहार गरेका छन्। अन्धो मगन्ते बाह्रै महिना गुह्येकाली माई, दखिनकाली माई, बज्रयोगिनी माई, लुमडी माई, मनोकामना माई, बनकाली माई आदिको नामोच्चारण गरेर मानिसहरूको कल्याणको कामना राख्छ। फेरि सिपाही र सुकुलगुण्डाहरूले सानीमाथि कुदृष्टि राख्दा र घिनलाग्दा ठट्टाहरू गरेर उसको खिल्ली उडाउँदा ऊ समस्त देवी-देवतालाई पुकार्दै भन्छ-

> तिनका आँखा पनि मेरैजस्ता भैजाऊन्। हे दखिनकाली माई, हे लुमडी, हे बज्रजोगिनी माई, तिनको भष्म-खरानी भएको देखिहालूँ।[१८१]

उसको यस्तो श्रापको वास्ता नगरि सिपाही र सुकुलगुण्डाहरू उत्ताउँलो हाँस्छन्। यस घटनाबाट मगन्तेको जीवन ईश्वरद्वारा श्रापित र दण्डित भएको कारण न त उसले दिएको आशिष लाग्छ न त श्राप नै लाग्छ भन्ने धारणा सिपाही र सुकुलगुण्डाहरू व्याप्त भएको पुष्टि हुन्छ।

### ४.३.४ सीमान्तीकरणका दृष्टिले 'नयाँ सडकको गीत' कथामा प्रयुक्त भिन्न क्षमताको अध्ययन

'नयाँ सडकको गीत' कथामा चित्रित अन्धो मगन्तेको अवस्थाले सीमान्तकृत समूहलाई प्रतिनिधित्व गरेको देखिन्छ। एकातिर मगन्ते भिन्न क्षमतायुक्त हुनाले समाजमा उसको

---

[१८०] विकल, 'नयाँ सडकको गीत', पूर्ववत्, पृ ४०

[१८१] पूर्ववत्, पृ ४१ - ४२

कुनै स्थान नरहेको कुरो कथामा प्रकट भएको पाइन्छ भने अर्कातिर आर्थिक रूपले विपन्न भएको कारण पूँजीलाई विशेष महत्त्व दिने समाजको मूलधाराबाट ऊ उच्छेदित हुन पुगेको छ। कथामा चित्रित सिपाही, सुकुलगुण्डा, पुलिस आदि शारीरिक रूपले सबल छन्। यसैले उनीहरू अन्धो र कुरूप मगन्तेलाई मान्छेको दर्जामा गणना गर्दैनन्। उदाहरणका रूपमा मगन्तेसँग उपहासपूर्ण शैलीमा कुरा गर्नु, मगन्तेकी स्वास्नी सानीसँग दुर्व्यवहार गर्नु, मगन्ते रिसाएको थाहा पाएपछि अझ खिल्ली उडाउनु आदि घटनाहरूलाई लिन सकिन्छ। अर्कातिर समाजका उच्च वर्गका मानिसले निम्न वर्गका मानिसको विवशतालाई कसरी उपहास र उपेक्षाको विषय बनाउँछ भन्ने कुरा पसलेको व्यवहारबाट प्रष्ट भएको पाइन्छ। मगन्तेले आफ्ना पछिपछि एउटा भोंपु हालेको जीप प्रजातन्त्र, नागरिकता, मित्र राष्ट्र, पाहुना आदिबारे के के फलाक्दै गएको विषयमा पसलेसँग त्यस विषयमा जान्ने उत्सुकता प्रकट गर्छ तर पसलेले उल्लाह गरेर टारिदिन्छ। यसबाट आर्थिक रूपले विपन्न मानिसहरूलाई समाजमा भइरहेका कुनै पनि घटनाबारे जान्ने अधिकार छैन भन्ने भाव व्यक्त भएको पाइन्छ। प्रस्तुत कथामा प्रयुक्त सीमान्तीकरणको सन्दर्भलाई यसरी हेर्न सकिन्छ-

**४.३.४.१ परिचय र प्रतिनिधित्वः** 'नयाँ सडकको गीत' कथामा अन्धो मगन्तेलाई काले, भद्दा र कुरूप भनेर हेला गरिएको छ भने पेशाका आधारमा ऊ भिख माग्ने भएकोले ऊप्रति भेदभावपूर्ण व्यवहार गरिएको छ। यही वर्णगत विशेषताका आधारमा अन्धो मगन्तेको श्रेणी निर्धारण भएको पाइन्छ। वस्तुतः सामाजिक स्तरीकरणका दृष्टिले अन्धो मगन्ते तल्लो दर्जाका शोषित, लाञ्छित र अवहेलित वर्गलाई प्रतिनिधित्व गर्ने पात्रका रूपमा देखा परेको छ। एकातिर मगन्तेको दयनीय अवस्थाले वर्णक्रमअनुसार हुने विभेदको स्थितिलाई दर्शाएको छ भने अर्कातिर नेपालको वर्गीय समाजको चित्र प्रस्तुत गरेको छ। उसको परिचय एकजना उपेक्षित पात्रका रूपमा भएको छ जसले भिन्न क्षमतायुक्त हुनु सबैभन्दा ठुलो दुर्भाग्य हो सांस्कृतिक अर्थलाई प्रतिनिधित्व गरेको छ।

**४.३.४.२ अन्यत्वको धारणाः** अन्यत्वको धारणाअन्तर्गत भिन्न क्षमतायुक्त मानिसहरूलाई अन्यको वर्गमा राखेर हर्ने तथा उनीहरूप्रति भेदभावपूर्ण व्यवहार गर्ने प्रचलन रहेको पाइन्छ। 'नयाँ सडकको गीत' कथामा पनि अन्धो मगन्तेप्रति राखिएको भेदभाव तथा उपेक्षाभावका स्थितिबाट अन्यत्वको धारणाले प्रश्रय पाएको देखिन्छ। मगन्तेले अत्तर किनेर शरीरमा छर्किने विचार व्यक्त गर्दा सडकमा हिँडिरहेकी एउटी किशोरी खित्का छोड्दै हाँस्छे। यस घटनाबाट मगन्ते सामान्य मानिसका विपरीत 'अन्य' भएको कारण उसले शरीरमा अत्तर छर्किनु आश्चर्यको विषय रहेको कुरा व्यक्ति भएको छ। यसरी नै सिपाही, सुकुलगुण्डा, पुलिस, पसले आदिले पनि मगन्तेलाई अन्यको दर्जामा राखेर हेरेका छन्। त्यसैको परिणामस्वरूप उनीहरूले मगन्तेलाई मान्छेका रूपमा नभएर अत्यन्तै निम्नस्तरको प्राणीमात्र मान्न मानेको देखिन्छ। उदाहरणका रूपमा उनीहरूले मगन्तेप्रति गरेका अमानवीय व्यवहारहरू जस्तै उपहास गर्नु, उपेक्षा गर्नु, मगन्तेको उपस्थितिलाई महत्त्व नदिनु आदिलाई लिन सकिन्छ।

### ४.३.५ सामाजिक समावेशीकरणका दृष्टिले 'नयाँ सडकको गीत' कथामा प्रयुक्त भिन्न क्षमताको अध्ययन

'नयाँ सडकको गीत' कथामा अन्धो मगन्तेमाथि सिपाही, सुकुलगुण्डा, पुलिस र पसलेले गरेको दुर्व्यवहारलाई रूढ सामाजिक धारणाका रूपमा प्रस्तुत गरिएको छ। कथाकारले समाजमा भिन्न क्षमतायुक्त, गरिब र दुर्बल मानिसहरूलाई कसरी हेरिन्छ भन्ने कुराको चित्रण गरेर सामाजिक व्यवस्थाप्रति व्यङ्ग्य कस्न खोजेका छन्। वास्तवमा अन्धो मगन्ते पनि समाजकै अभिन्न अङ्ग हो र उसले पनि समाजमा सम्मानपूर्वक बाँच्न पाउनुपर्छ भन्ने कुरालाई कथामा व्यक्त गरिएको छ। यसका निम्ति कथाकारले अन्धो मगन्तेमाथि भइरहेको दुर्व्यवहार र शोषणबारे आलोचनात्मक दृष्टि राखेर सामाजिक समावेशीकरणको अवधारणालाई प्रश्रय दिन खोजेको देखिन्छ।

## ४.४ 'त्यसरी बाँचेको छः त्यसरी नै' कथामा प्रयुक्त भिन्न क्षमताको अध्ययन

### ४.४.१ इन्द्रबहादुर राईको कथायात्रा

इन्द्रबहादुर राई (जन्मः सन् १९२७, मृत्युः सन् २०१८) नेपाली साहित्यका सबैभन्दा सम्मानित लेखक हुन्। उनले कविता छोडेर साहित्यका विविध विधामा कलम चलाएका छन् तथापि आख्यान र समालोचनाका क्षेत्रमा उनको योगदान अतुलनीय रहेको पाइन्छ। राईले सातौं कक्षामा पढ्दादेखि नै कलम चलाएको थाहा लाग्छ। उनले दशौं कक्षामा हुँदा कथाका क्षेत्रमा प्रवेश गरेको देखिए तापनि प्रकाशित रूपमा 'रातभरि हुरी चल्यो' (सन् १९५९) नै उनको पहिलो कथा रहेको देखिन्छ।

हालसम्म राईका तीनवटा कथा सङ्ग्रह प्रकाशित भएका छन्। सन् १९६० मा दसवटा कथाका साथ प्रकाशित *विपना कतिपय* सन् १९७१ मा अझ तीनवटा कथा थपिएर पुनः प्रकाशित भएको देखिन्छ। यसरी नै सन् १९७२ मा दोस्रो कथा सङ्ग्रह *कथास्था* र सन् १९८९ मा तेस्रो कथा सङ्ग्रह *कठपुतलीको मन* प्रकाशित भएका पाइन्छन्। उक्त तीनवटा कथा सङ्ग्रहका आधारमा उनको कथालेखनलाई विद्वान्हरूले तीनवटै चरणमा विभाजन गरेका छन्। उक्त तीनवटा चरणका कथामा तीनै प्रकारका प्रयोग र प्रवृत्तिहरू देख्न सकिन्छ। यस सन्दर्भमा घनश्याम नेपाल भन्छन्- इतिवृत्तात्मक गद्याख्यानका क्षेत्रमा उनका एक-एकवटा ग्रन्थाकार कृति एउटा-एउटा नयाँ प्रयोग र प्रवृत्तिका दासी बनेर देखा परेका छन्।[१८२] यसरी प्रत्येक चरणमा बेग्लाबेग्लै धाराका कथाहरू लेखेर राईले आफ्नो विलक्षणता प्रस्तुत गरेका छन्। यसर्थ उनको कथायात्रालाई तीनवटा विशेष प्रवृत्तिका आधारमा छुट्ट्याएर हेर्दा उनका कथाहरूले मूलतः सामाजिक यथार्थवादी, आयमेली तथा लीलावादी विचारधारालाई अङ्गीकार गरेको देखिन्छ।

---

[१८२] घनश्याम नेपाल, सन् १९९६, *रूप र रेखाहरू*, गान्तोकः जनपक्ष प्रकाशन, पृ १३०

### ४.४.२ 'त्यसरी बाँचेको छः त्यसरी नै' कथाको सारतत्त्व

'त्यसरी बाँचेको छः त्यसरी नै' इन्द्रबहादुर राईको दोस्रो कथा सङ्ग्रह *कथास्था* (सन् १९७२) -मा सङ्गृहित कथा हो। यो आयमेली सिद्धान्तमा आधारित कथा भएकोले यसमा जीवनको सत्यलाई गहन रूपमा प्रस्तुत गरिएको छ। आयमेलीहरू जीवन जे जस्तो छ त्यस्तै बाँच्न सक्नुपर्छ भन्ने कुरामा विश्वास राख्छन्। यसैले जीवन कस्तो हुनुपर्छ भन्ने प्रश्नमा अल्झेको आदर्शलाई नभएर यथार्थलाई भित्रबाटै बोध गर्नुपर्छ र त्यसैअनुरूप जीवनको सापेक्षतामा बुझ्नुपर्छ भन्ने आयमेली लेखनको मुख्य ध्येय रहेको पाइन्छ।

प्रस्तुत कथा रूपलालको आँखामाथि गाँठो निस्केको घटनालाई लिएर अघि बढेको छ। त्यस गाँठोलाई रूपलाल घरीघरी छाम्छ र त्यससम्बन्धी विभिन्न प्रकारका धारणाहरू बनाउँछ। उसलाई त्यही गाँठो घरी सानो छ भन्ने लाग्छ भने घरी ठूलो भएछ भन्ने भान लाग्छ। गाँठोका कारण रूपलालको मन स्थिर बन्न सक्दैन। समाजमा गाँठो निस्केको मानिसबारे अनेक प्रकारका विचारहरू व्यक्त गरिन्छन्। त्यही नै रूपलालको मनको सबैभन्दा ठुलो चिन्ता बनेर देखा परेको छ। ऊ त्यो गाँठो अरूको दृष्टिबाट लुकाउन खोज्छ तर सक्दैन। यसैले सोझै उसको आँखामै हेर्ने घरको नोकर रनेसँग पनि झोंक्किन्छ। वास्तवमा रूपलालका निम्ति गाँठोसँग बाँच्नु लाजमर्दो कुरा बन्न पुगेको छ किनभने समाजमा गाँठोलाई विकृतिका रूपमा हेरिन्छ। मानिस कुनै प्रकारको विकृतिरहित् सलक्कै देखिनुपर्छ भन्ने आदर्शवादी विचारधाराले गर्दा पनि रूललाल मनोवैज्ञानिक रूपले प्रताडित हुन पुगेको देखिन्छ। ऊ अप्रेसनद्वारा गाँठोलाई हटाउन सकिन्छ भन्ने एकजना मानिसको कुरा सुनेर अप्रेसन गर्ने निर्णयसम्म पनि पुग्छ।

वास्तवमा कुनै पनि मानिस नराम्रो कामबिना, दागबिना, दोषबिना बाँच्न सक्दैन। जीवनको यस गहन सत्यलाई प्रस्तुत कथामा यसरी व्यक्त गरिएको छ-

'हामी कसरी बाँच्न चाहन्छौ?' प्रश्नबाट व्याख्या हुत्तिएर निस्कन थाल्यो। आफ्नो विगतमा एउटा कालो काम, एउटा दाग, एउटा दोष नपारी हामी बाँच्न चाहन्छौं। सल्सलाउँदो सलक्क मन र इतिहास लिएर। जुन कुरा असम्भव छ, असम्भव रहेछ।[१८३]

यस प्रकार प्रस्तुत कथाले जीवन आदर्श रूपमा बाँच्न गाह्रो हुन्छ किनभने आदर्शका कुराहरू सबै काल्पनिक हुन्छन् भन्ने विचार व्यक्त गरेको देखिन्छ। यसैले 'गाँठैसँग बाँच्न सक्नुपर्छ' भन्ने रूपलालको निर्णयसँगै जीवनलाई दुःख, भय र विभिन्न प्रकारका समस्याहरूले नै वास्तविक अर्थ दिन्छ भन्ने कुरालाई प्रस्तुत कथामा व्यक्त गरिएको छ।

### ४.४.३ कलङ्कीकरणका दृष्टिले 'त्यसरी बाँचेको छः त्यसरी नै' कथामा प्रयुक्त भिन्न क्षमताको अध्ययन

प्रस्तुत कथा 'त्यसरी बाँचेको छः त्यसरी नै' -मा रूपलालको मानसिक व्यग्रताले भिन्न क्षमताबारे निर्मित सामाजिक धारणालाई प्रस्तुत गरेको छ। सामाजिक धारणाको जड भनेको आदर्शवाद हो जसले शारीरिक रूपरचनाका आधारमा भिन्न क्षमतालाई कलङ्क मान्छ। यसैले आफ्नो आँखामाथि गाँठो निस्कँदा रूपलाल चिन्तित बनेको देखिन्छ। कथामा प्रयुक्त भिन्न क्षमताको सन्दर्भलाई कलङ्कीकरणका दृष्टिले यस प्रकार अध्ययन गर्न सकिन्छ-

**४.४.३.१ नकारात्मक छवि निर्माणः** प्रस्तुत कथामा गाँठोका कारण रूपलाल व्यथित हुन पुगेको घटनाले नकारात्मक छवि निर्माणको सन्दर्भलाई प्रस्तुत गरेको छ। वास्तवमा गाँठो निस्किनु कुनै ठुलो कुरा होइन तर समाजमा गाँठोलाई विकृति र विकृतिलाई दुष्टताका रूपमा व्याख्या गर्ने आदर्शवादी विचारधारा विद्यमान रहेको पाइन्छ। यसैले गाँठो निस्केको कुराले भन्दा पनि त्यस गाँठोका कारण समाजअघि नकारात्मक छवि

---

[१८३] इन्द्रबहादुर राई, सन् १९७२, *कथास्था,* दार्जिलिङः नेपाली साहित्य परिषद्, पृ ३०

निर्माण हुने भय रूपलालको अन्तर्वेदना बनेर देखा परेको छ। यसबाहेक ठिकादार साथीहरू र आफ्नै बहिदारले पनि 'आँखामा गाँठो भएको ठिकादार' भनेको घटनाले पनि रूपलाललाई नराम्रो घतले प्रभाव पारेको देखिन्छ।

**४.४.३.२ रूपसम्बन्धी धारणाः** भिन्न क्षमताका सन्दर्भमा गाँठो निस्किनुलाई कुरूपताका प्रतीक मानिन्छ। प्रस्तुत कथाको पात्र रूपलाल पनि गाँठोका कारण कुरूप देखिन्छु भन्ने सोचले व्यथित बन्न पुगेको देखिन्छ। उदाहरणका रूपमा निम्नलिखित गद्यांशलाई हेर्न सकिन्छ-

> भित्रपट्टि जत्रै गाँठो उम्रे पनि ऊ केही भन्ने भन्ने थिएन; टाउकोभित्र जम्मै भरियोस्। सबले देख्छ बाहिरपट्टि, हेर्छ।[१८४]

वस्तुतः रूपलालको चिन्ताको खास कारण भनेको पनि यति नै हो। सबैले आफ्नो आँखामाथिको गाँठो देख्ने भएकोले उसको व्यग्रता बढेको छ।

### ४.४.४ सीमान्तीकरण दृष्टिले 'त्यसरी बाँचेको छः त्यसरी नै' कथामा प्रयुक्त भिन्न क्षमताको अध्ययन

प्रस्तुत कथामा सीमान्तीकरणको प्रसङ्गलाई परिचय र प्रतिनिधित्व साथै अन्यत्वको धारणाद्वारा प्रस्तुत गरिएको छ-

**४.४.४.१ परिचय र प्रतिनिधित्वः** प्रस्तुत कथामा रूपलालको परिचय गाँठो भएको मानिसका रूपमा हुन पुगेको छ। यस किसिमको परिचयले भयावह, हाँसउठ्दो र घिनलाग्दो भन्ने सांस्कृतिक अर्थहरूलाई प्रतिनिध्व गर्छ। यस कुराको पुष्टि घिच्रोमा नास्पति जत्रै गाँठो निस्केको मान्छेलाई देख्दा रूपलालहरू डराउने गरेको, रूपलालले आफु गाँठोसँगै देखिनु लाज लाग्छ भन्नु, मनमा व्याप्त चिन्ताको कारण रूपलाल सबैतिर

---

[१८४] पूर्ववत्, पृ २४

गाँठैगाँठोमात्र देख्ने हुनु आदि घटनाहरूले गरेका छन्। यस प्रकार गाँठो भएको मानसिलाई समाजमा छुट्टै ठान्ने र सीमान्तकृत गर्ने प्रथा रहेकोले पनि रूपलालको मानसिक स्थिति साम्य हुन सकेको छैन।

४४४.२ **अन्यत्वको धारणाः** प्रस्तुत कथामा रूपलालले जतिपल्ट ऐनामा आफुलाई हेर्छ त्यति नै अर्कै मान्छेका रूपमा पाएको प्रसङ्ग वर्णित छ। उदाहरणका रूपमा निम्नलिखित गद्यांशलाई हेरौं-

> अनुहारको छालाभन्दा सेतो गाँठो आँखैमाथि रहेछ। तल्तिर झर्न खोजिरहेको लाग्यो। आँखामा सधैं ऊ आफुलाई सफा, सलक्क अनुहारको मानिस हेर्थ्यो, देख्न सक्थ्यो पनि। ऐनामा अर्कै मान्छे देख्यो।[१८५]

यसरी सधैं देखिरहने आफैलाई अर्कै मान्छे देखेको घटना अन्यत्वको धारणासित सम्बन्धित रहेको देखिन्छ। वास्तवमा रूपलालले आफैले आफैलाई अर्कै मान्छे देख्नका पछि व्यक्ति रूपलाल नभएर संस्थागत रूपलाल कारण रहेको देखिन्छ जो सामाजिक आदर्शहरूद्वारा पूर्ण रूपले थिचिएको छ।

### ४.४.५ सामाजिक समावेशीकरणका दृष्टिले 'त्यसरी बाँचेको छः त्यसरी नै' कथामा प्रयुक्त भिन्न क्षमताको अध्ययन

परम्परागत वा आदर्श धारणाहरूको विघटन गर्नु आयमेली सिद्धान्तको प्रमुख उद्देश्य हो। यस सिद्धान्तले सामाजिक आदर्शद्वारा परिभाषित जीवनलाई महत्त्व दिंदैन। यसले 'बाँच्दाका भूल, अपुग र भत्कोस्हरू' नै जीवनका यथार्थ हुन्[१८६] भन्ने भौतिक अनुभूतिलाई प्रमुख ठान्छ। भिन्न क्षमता पनि यही भौतिक अनुभूतिको विषय हो। यसैले भिन्न

---

[१८५] पूर्ववत्, पृ २५

[१८६] दयाराम श्रेष्ठ, वि सं २०६३, नेपाली साहित्यका केही पृष्ठ, पाँ सं, काठमाडौं : साझा प्रकाशन, पृ १८८

क्षमताको अवस्थालाई जस्तो छ त्यस्तै रूपमा बाँच्नुपर्छ भन्ने कुरा कथाकारले रूपलालको माध्यमबाट व्यक्त गरेका छन्। आफ्नी स्वास्नीले गाँठो हेर्दा रूपलालले हकार्दै भन्छ-

> के हेर्छौ यो गाँठो ? डाक्टरले काटिदिन्छ तर म गाँठै लिएर बाँच्छु। लाज लाग्छ? (अप्रेसन गर्नुपर्छ) मलाई लाग्दैन। खोंडे, काना, कोत्रे, छ औंले थुप्रै छ दुनियाँमा।[१८७]

यसरी गाँठोसँगै बाँच्ने रूपलालको निर्णयले रूढ एवम् आदर्शवादी सामाजिक धारणाको विघटन गर्दै भिन्न क्षमताको सामाजिक समावेशीकरणतिर जोड दिएको छ।

## ४.५ 'छोरी' कथामा प्रयुक्त भिन्न क्षमताको अध्ययन

### ४.५.१ अगमसिंह गिरीको कथायात्रा

अगमसिंह गिरी (जन्मः सन् १९२७, मृत्युः सन् १९७१) मूलतः कवि हुन्। उनका कवितामा जातीय भावनाको प्रगाढता पाइन्छ। जातिले भोगिरहेका दुःख, पीडा, सङ्घर्ष आदिको संवेदात्मक अभिव्यक्तिद्वारा जातीय उन्मुक्तिको कामना राखेर कविता लेख्ने भएकाले यिनलाई जातीय कवि भन्ने उपनाम पनि दिइएको पाइन्छ। यस प्रकार कविताका क्षेत्रमा प्रसिद्धि र प्रतिष्ठा प्राप्त गरेका गिरीले कवितासँगसँगै साहित्यका अन्य विधाहरूमा पनि सफलतापूर्वक कलम चलाएको देखिन्छ। तीमध्ये एउटा कथा विधा पनि हो। गिरीले सन् १९४८ सालदेखि नै कथा लेख्न थालेको देखिन्छ। उनको पहिलो कथा 'त्यौहारमा' हो। उक्त कथा तिनताक कलेबुङबाट निस्कने *गोर्खा* पत्रिका प्रकाशित भएको पाइन्छ। यसरी सन् १९४८ सालदेखि लिएर मृत्यु वरण गरिञ्जेलसम्मको अवधिमा गिरीका १४ वटा कथा विभिन्न पत्र-पत्रिकाहरूमा प्रकाशित भएका पाइन्छन्। ती कथाहरू यस प्रकार छन्- 'त्यौहारमा', 'त्यो विचरा', 'म मर्छु होला', 'कलाको आँखा',

---

[१८७] राई, 'कथास्थ्या', पूर्ववत्, पृ ३०

'डर्बीको फस्ट प्राइज', 'नीलो सारी', 'बेकारी', 'हराएको कथा', 'टुकुली', 'बहादुर', 'छोरीलाई दाइजो', 'प्रतिघात', 'अपराध', 'छोरी' आदि।

माथि उल्लेखित १४ वटा कथाका आधारमा अगमसिंह गिरीलाई सफल कथाकार मान्न सकिन्छ। उनले समाजमा व्याप्त आर्थिक विषमता, असचेतता, सङ्कीर्णता, कुरीति, कुसंस्कार आदिको यथार्थ चित्रण गरेर कथाहरू लेखेका छन्। उनको 'त्यौहारमा', 'त्यो विचरा', 'नीलो सारी', 'बेकारी', 'छोरीलाई दाइजो' आदि कथाहरूमा आर्थिक विपन्नताले गर्दा उत्पन्न भएको समस्या र त्यस समस्यासँग सङ्घर्षरत् रहेका पात्रहरूको दुर्नियतिलाई देखाइएको पाइन्छ। 'कलाको आँखा' कथामा सामाजिक असेचतताले गर्दा कला र कलाकारलाई हेर्ने दृष्टिमा देखा परेको सङ्कीर्णताको वर्णन पाइन्छ। 'मर्छु होला', 'टुकुली', 'प्रतिघात', 'अपराध' जस्ता कथाहरूमा नारीहरूप्रतिको दृष्टिकोण, नारीमाथि हुने शोषण तथा पुरुष र नारीको सम्बन्ध आदिले कसरी सामाजिक रीति वा संस्कारका रूपमा कार्य गर्छन् भन्ने विषय व्यक्त भएको पाइन्छ। कवितामा जस्तै कथामा पनि गिरीले जातीय भावनालाई प्रश्रय दिएका छन्। उनको 'त्यो विचरा' र 'बहादुर' शीर्षक कथामा जातिले भोगिरहेको दयनीय अवस्थाप्रति तीब्र असन्तुष्टि व्यक्त गर्नका साथै जातिको स्वाभिमान जोगाइराख्नलाई अर्काको चाकरी गर्न छोड्नुपर्छ भन्ने भाव व्यञ्जित भएको पाइन्छ। यसका अतिरिक्त गिरीका एकाध कथाहरू व्यङ्ग्यत्मकताका दृष्टिले सफल र स्तरीय रहेका पाइन्छन्। 'डर्बीको फस्ट प्राइज' र 'हराएको कथा' यसै श्रेणीका कथाहरू हुन्। निष्कर्षतः गिरी एकजना भावुक एवम् संवेदनशील कथाकार हुन्। सामाजिक यथार्थको चित्रण गर्नु उनका कथाहरूको मूलभूत प्रवृत्ति रहेको देखिन्छ। यही प्रवृत्तिलाई अपनाएर उनले गौण रूपमा प्रगतिवादी, आलोचनात्मक यथार्थवादी, आदर्शोन्मुख यथार्थवादी तथा व्यङ्ग्यत्मक प्रवृत्तिको प्रयोग पनि आफ्ना कथाहरूमा गरेका छन्।

### ४.५.२ 'छोरी' कथाको सारतत्त्व

अगमसिंह गिरीका १४ वटा कथामध्ये 'छोरी' एउटा मार्मिक र हृदयस्पर्शी कथा हो। यस कथाको रचनाकाल २३ नोभेम्बर १९६९ रहेको थाहा लाग्छ।[१८८] यो कथा प्रथमपल्ट राजनारायण प्रधानद्वारा सम्पादित *दार्जिलिङका कथा र कथाकार*मा प्रकाशित भएको पाइन्छ। त्यसपछि विजयकुमार राईको सम्पादनमा निर्माण प्रकाशनद्वारा प्रकाशित *अगमसिंह गिरी रचनावली, ग्रन्थ २* -मा सङ्कलित रहेको पाइन्छ। कथाको शीर्षक 'छोरी' भए तापनि मूल रूपमा यो छोरीको कथा नभएर शिवप्रकाश नामक बाबु पात्रको कथा हो। आफ्नी छोरीदेखि टाडोटाडै बस्ने र रक्सीवाल्नीकी छोरी फुडोमालाई भने आफ्नो नजिक राखेर माया गर्ने शिवप्रकाशको मानसिक तनाउसँगै कथा अघि बढेको छ। सधैं अफिस छुटेपछि शिवप्रकाश घर नगएर बजारमन्तिर स्थित रक्सी दोकानमा पस्ने गर्छ। त्यहाँ रक्सीवाल्नीकी सानी छोरी फुडोमासित केही समय खुशी भएर बिताउँछ। फुडोमालाई चकलेट दिन्छ र गालामा चुप्पा खान्छ। साँझ परेपछि फेरि मातेर लर्बरिँदै घरतिर आउँछ।

शिवप्रकाश आफ्नै छोरी सुखलच्छीलाई भने फुडोमालाई जस्तो माया गर्न सक्दैन। घरमा आएपछि ऊ आफैलाई एकलो अनुभव गर्छ र कुण्ठित हुन्छ। सुखलच्छी नजन्मिकन 'छोरी होस्' भन्ने कामना राख्ने र छोरी जन्मेको महिना दिन नपुग्दै अनेक थरीका खेलौना र लुगाहरू ल्याइदिने शिवप्रकाशको जीवन परिवर्तित भइसकेको हुन्छ। ऊ छोरीलाई एक आँखाले हेर्न सक्दैन तर सपनामा भने त्यही छोरीले 'बाबा, बाबा' भनेर बोलाउँदा खुशीले उन्मत्त भई फुडोमालाई भन्दा बेसी माया गरेको, छोरीसँगै खेलेको, छोरीको बाल्य क्रिडा देखेर भित्रभित्रै आनन्दित भएको दृश्य देख्छ। छोरीसँग जिस्किने र रमाउने दमित इच्छालाई ऊ पल्लो घरकी मना र उसको टम नाम भएको कुकुरसँग

---

[१८८] शरद् छेत्री, सन् १९८०, *केही रेखाङ्कन केही समालोचना,* दार्जिलिङः श्याम ब्रदर्श प्रकाशन, पृ ६६

जिस्किएर पुरा गर्छ। लोसरको दिन ऊ फुडोमालाई सिनेमा देखाउन लान्छ। यसरी आफ्नै छोरीलाई भने पर पर पारेर शिवप्रकाशले फुडोमा, मना र मनाको कुकुरप्रति माया देखाइरहन्छ। यी सब घटनाको तारतम्यद्वारा पाठकलाई जिज्ञासु बनाउँदै अन्तमा छोरी लाटी भएको रहस्य उद्घाटन गरेर कथाकारले आफ्नो कलात्मकता प्रस्तुत गरेका छन्। यस प्रकार छोरी लाटी जन्मेको कारण शिवप्रकाशको वितृष्णा चरम् सीमामा पुगेको तथा छोरीको मुखबाट 'बाबा' भन्ने शब्द सुन्न नपाउँदा ऊ मानसिक रूपले कुण्ठाग्रस्त हुन पुगेको घटना नै 'छोरी' कथाको केन्द्रिय विषयवस्तु बनेर देखा परेको छ।

### ४.५.३ कलङ्कीकरणका दृष्टिले 'छोरी' कथामा प्रयुक्त भिन्न क्षमताको अध्ययन

अगमसिंह गिरीको 'छोरी' एउटा सामाजिक यथार्थवादी कथा हो। यसमा भिन्न क्षमताको सन्दर्भलाई सामाजिक यथार्थका रूपमा प्रस्तुत गरिएको पाइन्छ। जन्मँदै वाक्शक्तिहीन जन्मेका छोरीप्रति आफ्नै बाबुले राखेको नकारात्मक दृष्टिकोण र त्यस दृष्टिकोणबाट उत्पन्न समस्याको आलोचनात्मक विश्लेषण यस कथामा पाइन्छ। कलङ्कीरणका दृष्टिले यस कथामा प्रयुक्त भिन्न क्षमतालाई यस प्रकार अध्ययन गर्न सकिन्छ-

**४.५.३.१ नकारात्मक छवि निर्माणः** सामाजिक मान्यताअनुसार भिन्न क्षमतायुक्त शरीरलाई अक्षमता, असमर्थता, दुर्बलता आदिको प्रतीक मानिन्छ साथै अलग वर्गका रूपमा चिह्नित गरिन्छ। 'छोरी' कथामा पनि वाक्क्तिहीन सुखलच्छीलाई अक्षम, असमर्थ र दुर्बल मानिएको घटना शिवप्रकाशको व्यवहारबाट प्रकट भएको पाइन्छ। वस्तुतः भिन्न क्षमतायुक्त मानिसहरू पनि निश्चित रूपले प्रगतिको दिशामा उन्मुख हुन सक्छन्। यसका निम्ति पारिवारिक एवम् सामाजिक परिवेश अनुकूल हुनु आवश्यक देखिन्छ तर शिवप्रकाशले निर्माण गरेको पारिवारिक एवम् सामाजिक परिवेश सुखलच्छीका निम्ति अनुकूल रहेको पाइँदैन। प्रत्यक्ष रूपमा छोरीको मुखबाट 'बाबा' शब्द सुन्न नपाएकोले शिवप्रकाश खिन्न रहेको देखिए तापनि उसको चिन्ता, कुण्ठा र अस्थिर मानसिकताका

पछि छोरीको भिन्न क्षमतायुक्त अवस्था मूल कारण रहेको देखिन्छ। यस वास्तविकतालाई उसले आफ्नी स्वास्नीसँग भनेको वाक्यले अझ पुष्टि गरेको। छोरी जन्मेको केही महिनापछि ऊ भन्छ-

> सुन्यौ कमला, मेरो सिलगडीको जोतको रुपियाँ र प्राभिडेन्ट फन्डका पैसा जम्मा गरेर म सुखलच्छीलाई ठूलो डाक्टर बनाउँछु।[१८९]

यसरी छोरीलाई डाक्टर बनाउने सपना देखेको शिवप्रकाश छोरी वाक्शक्तिहीन जन्मेको कुरा थाहा पाएपछि बिस्तारैसँग पीडाको चरम् अवस्थामा पुग्छ। यसबाट भिन्न क्षमतायुक्त मानिस डाक्टर जस्तो गरिमामय पद प्राप्त गर्नमा असमर्थ हुन्छ भन्ने धारणा व्यक्त भएको पाइन्छ। यसैले शिवप्रकाश रक्सी पिएर आफ्ना मनका पीरहरूदेखि छुट्कारा पाउने प्रयास गर्छ। वस्तुतः भिन्न क्षमतालाई नकारात्मक छविका हेर्ने सामाजिक धारणाअनुरूप शिवप्रकाशको अन्तर्वेदना चरम् अवस्थामा पुगेको देखिन्छ।

**४.५.३.२ भेदभाव र पक्षपातको भावनाः** 'छोरी' कथामा चित्रित सुखलच्छीको वाक्शक्तिहीनता उसलाई भिन्न व्यक्तिका रूपमा चिह्नित गर्ने साधन बनेको देखिन्छ। कथामा चित्रित शिवप्रकाश, फुडोमा, मना आदि बोल्न सक्ने पात्रहरू हुन् भने सुखलच्छी बोल्न सक्ने क्षमता नभएकी पात्रा हो। यसैले शिवप्रकाश उसलाई छोरीका रूपमा नभएर भिन्न व्यक्तिका रूपमा हेर्छ र ऊप्रति पक्षपातको भावना राख्छ। फुडोमालाई चकलेट दिने, गालामा चुप्पा खाने, सिनेमा देखाउन लाने र मनासँग रमाइलो गर्दै खेल्ने शिवप्रकाश आफ्नै छोरी सुखलच्छीसँग भने एक क्षण पनि बिताउन सक्दैन। वास्तवमा उसलाई घरसँग नै विरक्ति लागिसकेको हुन्छ। उसलाई प्रत्येक समय फुडोमा र मनाको तुलनामा आफ्नी छोरी अपाङ्ग भएको यथार्थले कुण्ठित पार्छ। यसैकारण उसले

---

[१८९] अगमसिंह गिरी, सन् १९७८, छोरी, *दार्जिलिङका कथा र कथाकार* (सम्पा राजनारायण प्रधान), दार्जिलिङः श्याम ब्रदर्श, पृ ३

सुखलच्छीको भागको माया फुडोमालाई दिएर साथै सुखलच्छीको भागको रमाइलो क्षण मनासँग व्यतीत गरेर सुखलच्छीप्रति पक्षपातपूर्ण व्यवहार गरेको देखिन्छ।

### ४.५.४ सीमान्तीकरणका दृष्टिले 'छोरी' कथामा प्रयुक्त भिन्न क्षमताको अध्ययन

भिन्न क्षमतायुक्त मानिसहरू विभिन्न अवस्था र स्तरमा सीमान्तकृत हुन्छन्। यसमा मुख्यतः शारीरिक वा मानसिक दुर्बलता, बौद्धिक अक्षमता, विकासात्मक गतिरोध आदि कारकतत्त्वका रूपमा रहेको पाइन्छ। यस्ता मानिसहरू पनि सामाजिक उत्थानका निम्ति लाभदायक हुन सक्छन् भन्ने सकारात्मक विचारधाराको वरिपरि सामाजिक वातावरण समृद्ध बनेको देखिँदैन। यस्तै सामाजिक वातावरणको चित्रण 'छोरी' कथामा सफलतापूर्वक भएको पाइन्छ। घरमा आफ्नै एउटी छोरी हुँदाहुँदै पनि शिवप्रकाश रक्सीवाल्नीकी छोरी फुडोमाप्रति बाबुपना दर्शाउँछ। छुट्टीको बेला पनि ऊ पल्लो घरकी मना र मनाको कुकुरसँग खेलेर समय बिताउँछ। फेरि प्रत्येक साँझ मातेर घरमा आएपछि क्रोध र घृणाका दृष्टिले सानी सुखलच्छीलाई हेर्दै फतफताउँछ। छोरीप्रति शिवप्रकाशको यस्तो भेदभावपूर्ण व्यवहारले भिन्न क्षमताप्रतिको सामाजिक दृष्टिकोणलाई प्रस्तुत गरेको छ। कथामा शिवप्रकाश बाबु नभएर समाजको सामाजिक सङ्कीर्णता वा रूढिवादी विचारधाराको संवाहक बनेको छ। यसर्थ सुखलच्छीले वाक्शक्तिहीन भएर जन्मिनुको दण्डस्वरूप आफ्नो बाबुको माया पाउन सकेकी छैन। यस कथामा प्रयुक्त भिन्न क्षमतालाई सीमान्तीकरणका दृष्टिले यस प्रकार अध्ययन गर्न सकिन्छ-

**४.५.४.१ परिचय र प्रतिनिधित्वः** भिन्न क्षमतायुक्त मानिसहरूले समाजमा विशेष योगदान दिन सक्दैनन् भन्ने संस्कार रूपमा विद्यमान रहेको नकारात्मक धारणा वरिपरि 'छोरी' कथामा सुखलच्छीको परिचय प्रस्तुत गरिएको छ। शिवप्रकाशले छोरीलाई डाक्टर बनाउने सपना देखेको र छोरी वाक्शक्तिहीन जन्मिँदा उसको सपना टुट्नका साथै ऊ मानसिक रूपले कुण्ठित हुन पुगेको घटनालाई उदाहरणस्वरूप लिन सकिन्छ। वास्तवमा

भिन्न क्षमतायुक्त हुनु भनेको मानिसको दुर्भाग्य वा दुर्नियति होइन। यस्ता मानिसहरूले पनि आफ्नै योग्यताका भरमा आफ्नो परिचय स्थापित गर्न तथा समाजलाई प्रतिनिधित्व गर्न सक्छन् भन्ने सकारात्मक विचारधारादेखि समाज टाडो रहेको पाइन्छ। सुखलच्छी वाक्शक्तिहीन छे तर सामर्थ्यहीन छैन। वाक्तिहीन हुनु र सामर्थ्यहीन हुनु दुई बेग्लाबेग्लै कुरा हुन्। यद्यपि वाक्तिहीनतालाई असामर्थ्यका रूपमा हेर्ने सामाजिक मान्यताअनुसार शिवप्रकाशको मन र मस्तिष्क जड बनेको देखिन्छ। यसैले ऊ छोरी वाक्तिहीन भएकीले डाक्टर बन्न सक्दिन भन्ने सोचेर कुण्ठित र विचलित बन्न पुग्छ। शिवप्रकाशको यस्तो मानसिक स्थितिले भिन्न क्षमतायुक्त मानिसबाट कुनै पनि प्रकारको सामाजिक प्रतिनिधित्व सम्भव हुँदैन भन्ने सांस्कृतिक अर्थलाई प्रस्तुत गरेको देखिन्छ।

**४.५.४.२ सक्षमता वा सामान्यताको धारणाः** 'छोरी' कथामा सक्षमता वा सामन्यताप्रतिको धारणा तीन प्रकारका दृष्टिबिन्दुबाट उद्घाटित भएको देखिन्छ। प्रथमतः शिवप्रकाशले आफैलाई सक्षम वा सामान्य मानिस मानेको कारण उसको दृष्टिमा उसकी वाक्शक्तिहीन छोरी अक्षम र असामान्य बन्न पुगेकी छे। द्वितीयतः शिवप्रकाशले फुडोमाप्रति अत्यधिक प्रेम देखाउनु र उसलाई नै छोरीलाई जस्तो व्यवहार गर्नुले फुडोमा सक्षमता वा सामान्यताको प्रतीक हो तथा उसकी आफ्नै छोरी सुखलच्छीचाहिँ अक्षमता वा असामान्यताको प्रतीक हो भन्ने धारणा व्यक्त भएको पाइन्छ। तृतीयतः छुट्टीको बेला घरमा बसेको शिवप्रकाश पल्लो घरकी मना र मनाको कुकुरसँग खेलेको घटनाले पनि सुखलच्छीको अक्षमता वा असामान्यतालाई पुष्टि गरेको देखिन्छ। प्रस्तुत कथामा भिन्न क्षमतालाई अक्षमता वा असामान्यता रूपमा चित्रण गर्नका निम्ति शिवप्रकाश, फुडोमा, मना र मनाको कुकुरलाई सक्षमता वा सामान्यताका रूपमा चित्रण गरिएको पाइन्छ।

### ४.५.५ सामाजिक समावेशीकरणका दृष्टिले 'छोरी' कथामा प्रयुक्त भिन्न क्षमताको अध्ययन

'छोरी' कथामा शिवप्रकाशको पारम्परिक सोच सामाजिक समावेशीकरणका दृष्टिले महत्त्वपूर्ण रहेको पाइन्छ। यदि सन्तान कुनै प्रकारको भिन्न क्षमताले ग्रस्त भए अभिभावक पीडित हुनु स्वाभाविक देखिन्छ तापनि त्यसमा भिन्न क्षमतायुक्त हुने सन्तानको के दोष हुन्छ भन्ने प्रश्न नै यस कथाको मूल पक्ष बनेर देखा परेको छ। यही प्रश्नलाई कथाकारले शिवप्रकाशजस्तो चरित्रका माध्यमबाट व्यक्त गरेका छन्। वास्तवमा शिवप्रकाश युगौँदेखि समाजमा स्थापित रूढ मान्यताहरूको प्रतिरूप हो जसबाट भिन्न क्षमता भएका मानिसहरू समाजका लागि उपयोगी र उर्वर बन्न सक्दैन भन्ने नकारात्मक विचारधारा पोषित भएको छ। कथाकारले यस किसिमको रूढ सामाजिक धारणाहरूसँगै भिन्न क्षमतायुक्त मानिसमाथि सामाजिक रूपमा हुँदै आइरहेको अन्याय र अत्याचारबारे प्रकाश पारेर भिन्न क्षमताको सामाजिक समावेशीकरणका पक्षमा आफ्नो मत प्रतिपादन गरेका छन्।

## ४.६ 'ज्योतिबिनाको उज्यालो' कथामा प्रयुक्त भिन्न क्षमताको अध्ययन

### ४.६.१ सानु लामाको कथायात्रा

सन् १९३९ मा सिक्किमको भूमिमा जन्मेका सानु लामा भारतीय नेपाली साहित्यका एकजना प्रतिनिधि कथाकार हुन्। वास्तविक नाम गरुडसिंह लामा भए तापनि उनी सानु लामा नामले नै धेर परिचित भएका छन्। मानिसको जीवनमा आइपर्ने दुःखसुख, हर्ष-अमर्ष, प्रेम-घृणा, मिलन-विछोडका घटनाहरूसित निकटतम् सम्बन्ध गाँसेर कथा सिर्जना गर्ने उनका अधिकतर कथाहरूमा ग्रामीण जनजीवनका जटिल संवेदनाहरू र समस्याहरू अङ्कित भएका पाइन्छन्। यसैले लामालाई मूलतः सामाजिक यथार्थवादी, आञ्चलिकतावादी तथा मनोवैज्ञानिक धाराका कथाकार भनी चिनिन्छ।

लामाको कथायात्रा सन् १९५० -को दशकदेखि सुरू भएको देखिन्छ। उनको पहिलो कथा 'चङ्गा' (सन् १९५७) हो।[१९०] यद्यपि सन् १९५४ - ५५ तिर सर टासी नामग्याल हाई स्कूलको वार्षिक पत्रिकामा प्रकाशित 'खुट्टीको आत्मकथा'-लाई घनश्याम नेपालले पहिलो कथा मानेका छन्।[१९१] समाजमा भइरहेका ससाना घटनाहरूलाई टिपेर कथा लेख्ने गरेका लामाले आफ्ना कथाहरूमा सामाजिक विसङ्गति, आर्थिक विपन्नता, कुरीति, कुप्रथा, प्रेम, संवेदना आदि विविध विषयहरूको उद्घाटन गरेका छन्। ग्रामीण जनजीवन, प्राकृतिक सौन्दर्य, कृषि संस्कृति, श्रमजीविता आदि आञ्चलिक विषयहरूदेखि लिएर लामाले मनोवैज्ञानिक एवम् ऐतिहासिक विषयवस्तुका कथाहरू समेत लेखेको पाइन्छ।

हालसम्म लामाका तीनवटा कथा सङ्ग्रह क्रमैले *कथा सम्पद्* (सन् १९७४), *मृगतृष्णा* (सन् १९०), *सूर्यको तेस्रो किरण* (सन् २००८) प्रकाशित भएका छन्। यसका अतिरिक्त सन् १९८१ मा *सानु लामाका लघु कथा* शीर्षकमा गोजिका (बगली पत्रिका) र सन् २००७ मा कल्पना त्रिपाठीको सम्पादनमा प्रकाशित *सानु लामाका साना कथा* पनि प्रकाशित भएको पाइन्छ। आजसम्म प्रकाशित कथाहरूका आधारमा लामा मूलतः सामाजिक यथार्थवादी कथाकार हुन् भन्न सकिन्छ। सामाजिक यथार्थको चित्रण गर्ने क्रममै उनले अन्य प्रवृत्तिहरूको प्रयोग पनि सफलतापूर्वक गरेका छन्।

### ४.६.२ 'ज्योतिबिनाको उज्यालो' कथाको सारतत्त्व

सानु लामाको दोस्रो कथा सङ्ग्रह *मृगतृष्णा*मा सङ्ग्रहित 'ज्योतिबिनाको उज्यालो' एउटा मार्मिक कथा हो। यो कथा सम्पूर्ण रूपले दृष्टिहीन बालिका मन्दामाथि केन्द्रित रहेको छ। मन्दा सात वर्षमात्र पुगेकी एउटी अबोध बालिका हो। ऊ दुई वर्षकी हुँदा उसको

---

[१९०] कल्पना त्रिपाठी, सन् २०१६, सानु लामाक कथामा समाज, सिलगढीः विनायक प्रकाशन, पृ ३

[१९१] घनश्याम नेपाल, सन् २०१४, *विधा विविधा*, कालेबुङः उपमा प्रकाशन, पृ ८२

आँखा बिग्रन थाल्छ र पूर्ण रूपमा दृष्टिहीन बन्न पुग्छ। युनिसेफद्वारा मोबाइल अस्पताल आउँदा बेल्जियमका एकजना डाक्टरले अप्रेसन गर्नका साथै बिस्तारै सुध्रेर जान्छ भने तापनि आँखाको अवस्थामा कुनै सुधार आउन सक्दैन। यसैले धनराज र चन्द्रा छोरीको अन्धकार जीवन सम्झेर चिन्तित रहन थाल्छन्। उनीहरूले सीतापुर लगेर मन्दाको आँखा अप्रेसन गराउने योजनाअनुरूप एक्स रे प्लेट र कतिपय आवश्यक कागज-पत्रहरू सीतापुर पठाएका हुन्छन्। त्यहीँबाट आफ्ना साथी डा नर्बू वाङ्दीको चिट्ठी आउँछ जहाँ सीतापुरका आँखा विशेषज्ञ डा त्रिपाठीले सबै कागज-पत्रहरू हेरेपछि मन्दाको केस-हिस्ट्रीसँगै आफ्नो रिपोर्ट बनाएर डाइरेक्टरकहाँ पठाएको र त्यो रिपोर्ट सकारात्मक नभएको कुरा लेखिएको हुन्छ।

मन्दा सानै भएकीले उसलाई आफु दृष्टिहीन भएकोमा कुनै पीडाबोध भएको देखिँदैन। ऊ आफ्नो गुडिया र भाइ दिपूसँग सामान्य भइ खेलिरहन्छे। उसको बालसुलभ व्यवहार देख्दा धनराज र चन्द्रा झन् व्यथित बन्न पुग्छन्। छोरीप्रति उनीहरूको माया अझ तीव्र बनेर जान्छ। ती दुवै पती-पत्नीलाई मन्दाको आँखा ठिक हुन्छ भन्ने विश्वास हुन्छ तर त्यो उनीहरूको मन्दाप्रतिको माया र पवित्र स्नेहबाहेक केही हुँदैन। साँचो कुरा त डा नर्बूको चिट्ठीले उनीहरू दुवैका अघि राखिदिइसकेको हुन्छ। यद्यपि डा त्रिपाठीको रिपोर्ट डाइरेक्टरले हेर्न नभ्याएको कारण रिपोर्ट हेरिसकेपछि डाइरेक्टरबाट सकारात्मक उत्तर आउँछ कि भन्ने झिनो आशा पनि ती दुई पती-पत्नीमा रहेको हुन्छ। यता मन्दा र दिपू आँखामा पट्टी बाँधेर एकाअर्काले भनेको चिज खोज्ने खेल खेलिरहेका हुन्छन्। पहिलो पट्टी दिपूको आँखामा बाँधिन्छ र उसलाई गुडिया खोजेर निकाल्ने चुनौति दिइन्छ। दिपूले सक्दैन र हार मानेर पट्टी खोल्छ। त्यसपछि आँखामा पट्टी बाँध्ने पालो मन्दाको हुन्छ। दिपूले उसलाई बाबालाई भेट्ने चुनौति दिन्छ। सधैं अभ्यस्त भएकी मन्दाले दुई कदम सरेर टेबल सुमसुम्याएपछि सजिलैसँग धनराजको देब्रे हात समात्छे। त्यसपछि बाबालाई भेटेको खुशीमा पट्टी खोल्छे तर अन्धकार उस्तै हुन्छ। त्यस समय आफु अन्धी भएको

यथार्थले मन्दालाई पुरै निचोर्छ। ऊ एक्कासि 'बाबा!' भनेर चिच्याउँछे। यता दिपू भने मन्दाले पट्टी सारेर पनि हेरिछ भन्ने आरोप लगाइरहेको हुन्छ। यसरी केटाकेटीको खेलको माध्यमबाट यथार्थको उद्घाटन गराएर कथालाई कलात्मक स्पर्श प्रदान गरेका छन्। वस्तुतः एउटी अबोध बालिका दृष्टिहीनता जस्तो गम्भीर समस्याले ग्रस्त हुँदा उसका आमा-बाबाको मनमा कस्तो बित्छ भन्ने कुरालाई देखाउनु प्रस्तुत कथाको मुख्य उद्देश्य रहेको पाइए तापनि यसले भिन्न क्षमताको सामाजिक एवम् सामाजिक सन्दर्भहरूलाई समेत व्यवस्थित ढङ्गमा अभिव्यक्त गरेको छ।

### ४.६.३ कलङ्कीकरणका दृष्टिले 'ज्योतिबिनाको उज्यालो' कथामा प्रयुक्त भिन्न क्षमताको अध्ययन

'ज्योतिबिनाको उज्यालो' कथामा भिन्न क्षमतालाई गम्भीर चिन्ताको विषय मानिएको छ। मन्दा यस कथाकी केन्द्रिय पात्रा हो। उमेरले सात वर्षमात्र पुगेकी ऊ सानैमा दृष्टिहीनताले ग्रस्त भइ भिन्न क्षमताको अवस्थामा पुगेकी छे। उसको त्यही अवस्थाले कथामा सुरूदेखि अन्तसम्म संवेदना सृष्टि गरेको छ। यसर्थ आर्थिक दृष्टिले सम्पन्न देखिए तापनि धनराज र चन्द्राको मन शान्त र हर्षित बन्न सकेको छैन। छोरीको अन्धकार जीवनले उनीहरूलाई गहिरो संवेदनाभित्र धकेलिदिएको छ। समाजमा अन्य भिन्न क्षमतायुक्त मानिसहरूले झेल्नुपरेको जस्तो उपेक्षा र उपहास मन्दाले झेल्नुपरेको छैन। उसले आफुलाई असाध्यै माया गर्ने आमा-बाबाको साथ पाएकी छे। आफुसँगै खेल्ने साथीका रूपमा भाइ दिपूलाई पाएकी छे। उसलाई कतै पनि बोझ वा कलङ्कका रूपमा हेरिएको छैन। यद्यपि कथामा एकाध घटनाहरू स्वतः घटित हुन पुगेका छन्, जसले कलङ्कीकरणको धारणालाई प्रस्तुत गरेको देखिन्छ। तिनै घटनाहरूका आलोकमा कथामा प्रयुक्त भिन्न क्षमताको अध्ययन यस प्रकार गर्न सकिन्छ-

**४.६.३.१ नकारात्मक छवि निर्माणः** प्रस्तुत कथा 'ज्योतिबिनाको उज्यालो'-मा प्रत्यक्ष रूपले भिन्न क्षमतायुक्त बालपात्रा मन्दाको नकारात्मक छवि निर्माण गरिएको छैन। यद्यपि डा नर्बू वाङ्दीले मन्दाको आँखा कहिले ठिक हुन नसक्ने आशय व्यक्त गरेर चिट्ठी लेख्दा शब्दहरू चुनीचुनी सान्त्वना वा सहानुभूति प्रकट गरेको घटनाले भिन्न क्षमतायुक्त हुनु भनेको काम नलाग्ने र असहाय हुनु हो भन्ने विचार व्यक्त भएको पाइन्छ। यसबाहेक धनराज र चन्द्रा ज्यादै चिन्तित हुनका पछि पनि छोरीप्रतिको असीम मायामात्र कारण रहेको देखिँदैन। उनीहरूको चिन्ताको एउटा प्रमुख कारण दृष्टिहीन बनेकी मन्दा समाजमा उपेक्षित र पराश्रित भएर बाँच्नुपर्नेछ भन्ने पनि हो भन्न सकिन्छ। वास्तवमा भिन्न क्षमतायुक्त मानिसहरूले पनि प्रतिष्ठित भएर आफ्नो जीवन बाँच्न सक्छन्, तर उनीहरूलाई सधैं विवश, लाचार र असहाय बनाइन्छ। भिन्न क्षमतायुक्त मन्दाको नकारात्मक छवि निर्माण गर्नमा पनि यस्तै कुराहरू कारकतत्त्व बनेका देखिन्छन्।

**४.६.३.१ धार्मिक मान्यताः** धार्मिक मान्यताअन्तर्गत भिन्न क्षमतालाई गलत कर्मको परिणाम वा दुर्भाग्य भन्ने अर्थमा कलङ्कित गरिन्छ। प्रस्तुत कथामा डा नर्बू वाङ्दीले 'आफ्नो-आफ्नो भाग्यको कुरा', 'कर्मको लेख' भन्दै एक पन्ना चिट्ठी लेखेको घटनाले कलङ्कीकरणको सन्दर्भतिर सङ्केत गरेको देखिन्छ। यसरी नै धनराजले पनि मन्दाको त्यस्तो अवस्थाको कारण ईश्वर नै हो भन्ने कुराबारे सोचेका छन्। उदाहरणका रूपमा निम्नलिखित गद्यांशलाई हेर्न सकिन्छ-

> मन्दाजस्ती शिशुतुल्य अबोध बालिकालाई जीवनभरका निम्ति यो कठोर दण्ड ईश्वरले कसरी दिएका हुन् ? ईश्वरको कस्तो कठोर हृदय ? [१९२]

यसरी धनराजले मन्दाको दृष्टिहीनतालाई ईश्वरको कठोर दण्डको परिणाम मानेको घटना भिन्न क्षमताबारे निर्मित धार्मिक मान्यतासित सम्बन्धित रहेको पाइन्छ।

---

[१९२] सानु लामा, सन् १९९०, *मृगतृष्णा,* गान्तोकः सिक्किम साहित्य परिषद्, पृ ७

### ४.६.४ सीमान्तीकरणका दृष्टिले 'ज्योतिबिनाको उज्यालो' कथामा प्रयुक्त भिन्न क्षमताको अध्ययन

**४.६.४.१ सक्षमता वा सामान्यताको धारणाः** 'ज्योतिबिनाको उज्यालो' कथामा चित्रित अन्य पात्रहरू सक्षमता वा सामान्यताका प्रतीक बनेर देखा परेका छन्। यसैले मन्दाको दृष्टिहीनतालाई अप्रत्यक्ष रूपमा अक्षम र असमान्य मानिएको घटना कथामा वर्णित छ। यदि मन्दाको आँखा निको नभए ऊ जीवनभरि असहाय र पराश्रित भइ बाँच्नुपर्नेछ भन्ने सोचले धनराज र चन्द्राको चिन्तालाई बढाएको देखिन्छ। वस्तुतः दृष्टिहीन मानिस अक्षम वा असामान्य हुन्छ भन्ने सोच समाजमा संस्कार रूपमा विद्यमान रहेको पाइन्छ। यसैको परिणामस्वरूप उमेरले मन्दाभन्दा सानो भए तापनि धनराज र चन्द्राले दिपूलाई घरीघरी 'दिदीसँग मिलेर खेल्' भनेको प्रसङ्गले दिपू सक्षम वा सामान्य हो र उसको तुलनामा मन्दाचाहिँ अक्षम वा असामान्य हो भन्ने विचार व्यक्त भएको पाइन्छ। यसबाहेक साँझमा चराहरू बास बस्नलाई फर्किरहेको दृश्य देख्दा धनराजले 'मन्दा पनि सुनयनी हुँदो हो त, उसले पनि यी देख्न सक्ने थिई' भनेको घटनाले पनि मन्दाको अक्षमता वा असामान्यतालाई नै प्रस्तुत गरेको देखिन्छ।

**४.६.४.२ अन्यत्वको धारणाः** प्रस्तुत कथामा मन्दा दृष्टिहीन भएकीले ऊ 'अन्य' हो भन्ने धारणा प्रकट भएको पाइन्छ। अवाञ्छित रूपमा भए पनि मन्दाले भाइको सिको गरेर गुलाबी रङको पापड माग्दा चन्द्राले गुलाबी पापड नभएकोले सेतो रङको पापड दिएको घटनाले अन्यत्वको धारणालाई प्रतिपादित गरेको छ। यदि मन्दा दिपूजस्तै आँखा देख्न सक्ने भएकी भए उसलाई त्यसरी झुकाउन सकिन्थेन तर ऊ दृष्टिहीन छे। यसैले चन्द्रा नचाहँदा नचाहँदै पनि उसको दृष्टिहीनताको फाइदा उठाउन बाध्य बनेको घटनालाई कथामा देखाइएको छ। यस घटनाबाट भिन्न क्षमतायुक्त मानिसहरू मूर्ख हुन्छन् र

उनीहरूलाई सजिलैसँग मूर्ख बनाउन सकिन्छ भन्ने विचारले पनि प्रश्रय र प्रतिश्रुति पाएको देखिन्छ।

### ४.६.४ सामाजिक समावेशीकरणका दृष्टिले 'ज्योतिबिनाको उज्यालो' कथामा प्रयुक्त भिन्न क्षमताको अध्ययन

'ज्योतिबिनाको उज्यालो' कथामा दृष्टिहीन मन्दाप्रति कुनै प्रकारको भेदभाव र पक्षपातको भावनालाई प्रोत्साहित गरिएको छैन। यस कथामा मन्दाप्रति असीम माया र सहानुभूति प्रकट गरिएको छ। परिस्थितिअनुसार कतिपय घटनाहरूले मन्दा भिन्न हो भन्ने धारणालाई प्रतिपादित गरेको देखिए तापनि त्यो उद्देश्यप्रेरित नरहेर प्रासङ्गिकमात्र रहेको देखिन्छ। मन्दाको भिन्न क्षमतायुक्त अवस्थालाई धनराज र चन्द्राले त्यस्तै रूपमा स्वीकार गर्न नसकेको घटनाले भिन्न क्षमताविरोधी मतलाई प्रोत्साहित गरेको छ तर त्यो उनीहरूको नकारात्मक विचारधारा नभएर पवित्र प्रेमको परिचायक बनेको छ। भिन्न क्षमतायुक्त मन्दाको स्वभावमा पनि बालसुलभ विशेषताबाहेक अन्य कुनै प्रकारको नकारात्मक वृत्ति रहेको देखिँदैन। यसर्थ प्रस्तुत कथा भिन्न क्षमताको सामाजिक समावेशीकरणका सन्दर्भमा महत्त्वपूर्ण रहेको पाइन्छ।

## ४.७ 'मूक माया' शीर्षक कथामा प्रयुक्त भिन्न क्षमताको अध्ययन

### ४.७.१ प्रदीप गुरुङको कथायात्रा

प्रदीप गुरुङ (जन्मः सन् १९५८) भारतीय नेपाली साहित्यका एकजना स्थापित कथाकार हुन्। उनले कविता, गीत, निबन्ध, समीक्षा, उपन्यास आदि क्षेत्रमा पनि कलम चलाएका छन्, तथापि उनको विशेष झुकाउ कथा लेखनतिरै रहेको कुरा उनका चारवटा कथा सङ्ग्रहको प्रकाशनबाट थाहा लाग्छ। गुरुङले हालसम्म *असुरक्षित* (सन् १९८०), *यस्तै अनि यस्तै* (सन् २०००), *बिरिमफूल* (सन् २००७), *बैरीमाया* (सन् २०१६) आदि

कथा सङ्ग्रहलगायत एउटा सूत्र उपन्यास *पोस्टर र लात* (सन् २०१०) प्रकाशनमा ल्याएको देखिन्छ। यसबाट पनि भारतीय नेपाली आख्यानको सम्वर्द्धन एवम् विकासमा गुरुङको भूमिका महत्त्वपूर्ण रहेको कुरो प्रष्ट हुन्छ। उनका कथाहरू प्रायः सामाजिक यथार्थको चित्रण गर्ने दिशातिर प्रवृत्त रहेका पाइन्छन्। अतः प्रदीप गुरुङ मूलतः सामाजिक यथार्थवादी धाराका कथाकार हुन्।

प्रदीप गुरुङले सन् १९७३ सालदेखि कथा लेख्न आरम्भ गरेको थाहा पाइन्छ। उनको पहिलो प्रकाशित कथा 'एक रातको घेरोभित्र' हो। उक्त कथा धोतरिया चियाबारीबाट प्रकाशित *हाम्रो देउराली* शीर्षक साहित्यिक पत्रिकामा छापिएको पाइन्छ। यसभन्दा अघि सन् १९७१ -मा गुरुङले 'अफिसको चिट्ठी' शीर्षक लघुकथा लेखेको र लोधोमाबाट निस्कने भित्रे पत्रिकामा प्रकाशित गराएको थाहा लागे तापनि मुद्रित रूपमा देखा परेको कथा भने 'एक रातको घेरोभित्र' नै हो। यही कथाको प्रकाशनबाट गुरुङले औपचारिक रूपमा आफ्नो साहित्यिक यात्रा थालेको देखिन्छ। उनका प्रकाशित कथाहरूलाई सामाजिक यथार्थवादी, प्रयोगवादी, मनोविश्लेषणवादी, व्यङ्ग्यत्मक तथा ऐतिहासिक प्रवृत्तिका आधारमा वर्गीकरण गर्न सकिन्छ। *असुरक्षित, यस्तै अनि यस्तै, बिरिमफूल* र *बैरीमाया*मा प्रकाशित अधिकांश कथाहरू नै सामाजिक यथार्थको उद्घाटन गर्नमा प्रवृत्त रहेका पाइन्छन्। तिनमा 'असुरक्षित', 'साइनो लाउने मान्छे', 'घरपैची', 'दाउपेचमा अनुहारहरू', 'उल्टा सुल्टा', 'बूढो र गाउड', 'अवमूल्यन', 'यथास्थिति', 'एउटा कुण्ठित दिन', 'जीवन जो मरिमरि जिउँछ', 'शहर पसेकी कान्छी', 'घाम र जून नै भइयो छुना', 'नि नि लै लै निरमाया' आदि कथाहरूलाई लिन सकिन्छ। यसबाहेक गुरुङले समाज र जीवनको वृत्तान्त केलाउने क्रममा नवीन शिल्प र शैलीलाई आपनाएको देखिन्छ। उनका कथाहरू पारम्परित कथा लेखनको ढाँचादेखि मुक्त रहेका पाइन्छन्। उनले आफ्ना प्रायः कथाहरूमा शैलीगत नवीनतालाई प्रश्रय दिएका छन्, जुन प्रयोगधर्मिताको महत्त्वपूर्ण पाटो हो। यसरी नै 'मनपलट', 'साउतीहरू', 'संत्राससरी',

'खोला'', 'फूल', 'मूक माया', 'बिरिमफूल', 'शहर पसेकी कान्छी' आदि कथाहरू मनोविश्लेषणात्मक ढाँचामा लेखिएका पाइन्छन्। गुरुङले सामाजिक विसङ्गतिहरूप्रति प्रहार गरेर व्यङ्ग्यात्मक कोटिका कथाहरू पनि लेखेका छन्। ती कथाहरूमा 'उल्टा सुल्टा', 'बूढो र गाउड', 'अवमूल्यन', 'बाध', 'काम खान लगिएकी केटी', 'पचास हजार', 'महरू' आदि महत्त्वपूर्ण रहेका पाइन्छन्। ऐतिहासिक विषयवस्तुका कथाहरूमा 'लाजुम रानी', 'सुनाखरी', 'डालिम गढी' आदिलाई लिन सकिन्छ। यसरी हेर्दा गुरुङको कथायात्रा सामाजिक यथार्थवादी, प्रयोगवादी, मनोविश्लेषणवादी, व्यङ्ग्यात्मक तथा ऐतिहासिक प्रवृत्तिका साथ समान रूपले अघि बढेको देखिन्छ।

### ४.७.२ 'मूक माया' कथाको सारतत्त्व

प्रदीप गुरुङको तेस्रो कथा सङ्ग्रह *बिरिमफूल*मा सङ्ग्रहित 'मूक माया' एउटा मनोविश्लेषणात्मक कथा हो। यस कथामा लाटोको अव्यक्त प्रेम, दमित यौन इच्छा तथा मानसिक द्वन्द्वलाई सुन्दर ढङ्गले प्रस्तुत गरिएको छ। कथ्य संरचनाका आधारमा यस कथाको अन्तर्पाठात्मक सम्बन्ध विश्वेश्वरप्रसाद कोइरालाको 'पवित्रा' कथासँग रहेको पाइन्छ। यसैले लाटोको परिचय दिने क्रममा कथाकार लेख्छन्-

> 'पवित्रा' लेखिइँदा जस्तो थिई, यो पनि त्यस्तै त्यस्तै छ। भिन्नता केमा छ भने पवित्रा स्त्री थिई, शारीरिक विकृतिव्याप्त खोरन्डी थिई। उसले हाँस्दा उँठ कराएजस्तो आवाज निकाल्थी भने यसलेचैँ हाँस्दा कहिलो दमाहा ठोकेजस्तो त कहिले टाडाको डाँडोमा भएको गुम्बाबित्र ग्यालिङ बजेजस्तो भद्दा पुरुष आवाज निकाल्छ।[१९३]

यस प्रकार स्त्री र पुरुष हुनुको अन्तरबाहेक मानसिक वेदना र कुण्ठाका दृष्टिले पवित्रा र लाटो समान स्थितिका उपज बनेर कथामा चित्रित हुन पुगेका छन्। पवित्राले मनैमन

---

[१९३] प्रदीप गुरुङ, सन् २००७, *बिरिमफूल*, गोरूबथानः कथार्थ प्रकाशन, पृ. १४

केशवदेवलाई आफ्नो सर्वस्व ठानेझैं लाटोले पनि मनैमन सरितालाई सर्वस्व ठानेको कुरा यस कथामा पाइन्छ। यसैले शहरमा अध्ययनरत् रहेकी सरिता घर आउँदा लाटो हतारहतार उसलाई लिन जान्छ। उसका सुटकेश र ब्यागहरू बोकिदिन्छ। सरिता भने लाटोलाई पर पर पार्न खोज्छे तर लाटो उसको सेवा गर्नदेखि पछि हट्दैन। ऊ सरिताका जुत्ताहरू कोटको बाहुलाले घोटिघोटि सफा गरिदिन्छ। सरिताका कोठामा चलचित्रका नायकहरूको पोस्टर टाँसिएको ऊ मन पराउँदैन र ती पोस्टरमा भएका मान्छेहरूलाई मार्छु भन्ने भावमा उग्र आवाज निकाल्छ। यसरी लाटोले आफ्ना प्रत्येक आचरण वा भावभङ्गीद्वारा सरितालाई आफुले प्रेम गरेको कुरो व्यक्त गर्छ तर सरिता ती घटनालाई गम्भीरतापूर्वक लिँदिन।

एकदिन सरिता विवाह बन्धनमा बाँधिएको कुरो लाटोले टिर्का बूढोबाट थाहा पाउँछ। त्यसकै एक महिनापछि धुमधामसँग सरिताको बिहा हुन्छ। 'पवित्रा' कथाकी पात्रा पवित्रालेझैं लाटोले पनि बढो जाँगर र फुर्तिका साथ भाँडा उठाउने र मस्काउने काम गर्छ। फेरि एकछिनमा छत्रे टोपी लगाएर नाच्दै सबैलाई हँसाउँछ। त्यसपछि मातेर हातमा नाङ्गो खुकुरी बोकेर बारीमा भएका केराका बोटहरू छम्-छम् काट्न थाल्छ। यो घटना भएको एक हप्तापछि माइत घरबाट लाटो भागेको कुरो सरिताले थाहा पाउँछे तर त्यस कुरोलाई ऊ सामान्य घटनाबाहेक केही मान्दिन। त्यसकै भोलिपल्ट छिमेकी घरकी एउटी बहिनीले लाटो आएको र प्याकेट दिइराखेको कुरो बताउँछे। सरिताले त्यो प्याकेट खोलेर हेर्छे। त्यसमा उसको रातो मिनी स्कट हुन्छ, जुन स्कट उसको घुँडामा चोट लाग्दा रगत लागेर मैला भएको हुन्छ र धुनलाई राखेको ठाउँबाटै हराएको हुन्छ। त्यही स्कट धोएर सफा बनाइवरि लाटोले छोडिदिएको हुन्छ। यस घटनाबाट कथाकारले लाटोको अव्यक्त प्रेम तथा दमित यौन इच्छालाई सिर्जनात्मक रूपमा प्रस्तुत गर्न खोजेका छन्।

### ४.७.३ कलङ्कीकरणका दृष्टिले 'मूक माया' कथामा प्रयुक्त भिन्न क्षमताको अध्ययन

'मूक माया' कथाभित्र लाटो पात्रको चित्रण वाक्शक्तिहीन, ह्याँ हुँ र आँ ऊँ मात्र गर्ने, भद्दा आवाज भएको व्यक्तिका रूपमा भएको पाइन्छ। यही व्यक्तिगत कमजोरीले गर्दा ऊ निम्न दर्जाको मानिसका रूपमा चिह्नित हुन पुगेको छ। यसका साथै लाटा मान्छेहरू स्वभावले नै मुर्ख र कुरा नबुझ्ने प्रवृत्तिका हुन्छन् भन्ने विषयलाई पनि कथामा देखाइएको छ। यसका ज्वलन्त उदारणस्वरूप सरिताको कोठामा पाश्चात्य चलचित्रका केही नायकहरूको पोस्टर टाँगिएको देखेर लाटो रिसाउनु, पोस्टरमा भएका मान्छेहरूलाई मार्छु भन्दै उग्र आवाज निकालेर हात उज्याउनु, सरिताको बिहाको दिन मातेर खुकुरीले बारीका केराहरू काट्नु आदि घटनाहरूलाई लिन सकिन्छ। यसैले सरिता उसलाई पन्साउन खोज्छे र माइत घरबाट लाटो भागेको कुरा सुन्दा पनि कुनै प्रकारको संवेदना व्यक्त गर्दिन। यसबाट संस्थागत रूपमा लाटोको जीवनको कुनै औचित्य नरहेको कुरो अभिव्यक्त भएको पाइन्छ। कथामा प्रयुक्त भिन्न क्षमतालाई कलङ्कीकरणका दृष्टिले यस प्रकार अध्ययन गर्न सकिन्छ-

**४.७.३.१ नकारात्मक छवि निर्माणः** प्रस्तुत कथामा नकारात्मक छवि निर्माणको प्रसङ्ग भाषिक दृष्टेल महत्त्वपूर्ण रहेको पाइन्छ। सामान्यतः भिन्न क्षमतायुक्त मानिसहरूका निम्ति समाजमा निम्नस्तरको भाषा प्रयोग गरिन्छ। एकातिर यस्ता मानिसहरूलाई सामान्य मानिसलाई जस्तो व्यवहार गरिँदैन भने अर्कोतिर नामले बोलाइँदैन। 'मूक माया' कथामा यस्तै रूढ सामाजिक यथार्थको सजीव वर्णन पाइन्छ। यस कथामा चित्रित लाटो सद्दे र मानवीय गुणहरूले युक्त भए तापनि उसलाई निम्नस्तरको प्राणी मानिएको छ। यसर्थ लाटो पनि मानिस नै हो र उसको पनि कुनै नाम हुनुपर्छ भन्ने कुरा सरितालगायत उसको घरपरिवारका अन्य सदस्यहरूले सोच्न सकेका छैनन्। कथामा लाटोलाई लाटो नामले नै बोलाउने गरेको प्रसङ्ग पाइन्छ। जस्तै-

यो सद्दे लाटो छ। लाटो भनेपछि यसको बोलाउने नाम पनि रहेन।[१९४]

यस प्रकार भिन्न क्षमतायुक्त मानिसलाई नामको आवश्यकता पर्दैन भन्ने समाजनिर्मित धारणाको उद्‌घाटन कथामा सफलतापूर्वक भएको पाइन्छ। यसका अतिरिक्त भाषिक अक्षमताका कारण विभिन्न सङ्केत र आचरणहरूद्वारा लाटोले आफ्ना भावनाहरू व्यक्त गरिरहन्छ तर सरिताले बुझ्ने प्रयाससमेत गर्दिन। यस सन्दर्भमा लेनार्ड जे डेविसको भनाइ उपयुक्त र सार्थक रहेको पाइन्छ। डेविस भन्छन्- वाक्‌शक्तिहीन र श्रवणशक्तिहीन मानिसहरू अल्पसङ्ख्यक रहेको कुरा ठुलो समस्या होइन तर सङ्केत भाषा बुझ्नु र बोल्नुमा समाज असमर्थ रहेको कुरा भने ठुलो समस्याको विषय हो।[१९५] यसरी हेर्दा 'मूक माया' कथामा लाटोद्वारा व्यक्त गरिएको सङ्केत भाषा बुझ्न नसक्ने सामाजिक असामर्थ्यले गर्दा लाटो भिन्न प्राणीका रूपमा कलङ्कित हुन पुगेको देखिन्छ।

**४.७.४ सीमान्तीकरणका दृष्टिले 'मूक माया' कथामा प्रयुक्त भिन्न क्षमताको अध्ययन**

'पवित्रा' कथामा केशवदेवको जीवनदेखि पवित्रा सीमान्तकृत भएझैं 'मूक माया' कथामा पनि लाटो सरिताको जीवनदेखि सीमान्तकृत हुन पुगेको देखिन्छ। यस कथामा प्रयुक्त भिन्न क्षमतालाई सीमान्तीकरणका दृष्टिले यसरी हेर्न सकिन्छ-

**४.७.४.१ परिचय र प्रतिनिधित्वः** प्रस्तुत कथामा लाटोको वाक्‌शक्तिहीन अवस्थालाई असामान्यताका दृष्टिले हेरिएको छ जसले सांस्कृतिक रूपमा समाजभित्रै रहे तापनि ऊ समाजबाहिरको विषय हो भन्ने अर्थलाई प्रतिनिधित्व गरेको देखिन्छ। कथामा उसलाई सद्दे लाटो भनेर चिनाइएको पाइन्छ तर उसको उपस्थितिलाई महत्त्व दिएको पाइँदैन। यसैले समाजका दृष्टिमा ऊ केवल आवश्यकताअनुरूप प्रयोगमा ल्याइने वस्तुजस्तो मात्र बन्न पुगेको देखिन्छ। ऊ घरबाट हराउँदा कसैले पनि खोज्ने प्रयास नगरेको घटनाले

[१९४] पूर्ववत्, पृ १४

[१९५] डेविस, 'क्रिप्स स्ट्राइक ब्याकः द राइज् अफ् डिसएबिलिटी स्टडिज्', पूर्ववत्, पृ १५३

सामाजिक मूलधाराभित्र उसको कुनै स्थान र स्तर नरहेको कुरालाई उद्घाटन गरेको छ। यसबाहेक कथामा लाटोलाई नामविहिन व्यक्तिका रूपमा परिचित गराइएको छ जसले समाजमा उसको कुनै अस्तित्व नरहेको र मानिसका रूपमा उसको गणना नै नभएको कुरातिर सङ्केत गरेको देखिन्छ।

४.७.४.२ **सक्षमता वा सामान्यताप्रतिको धारणाः** प्रस्तुत कथामा चित्रित सरिता, सरिताकी आमा, चमेली, टिर्का बूढो आदिले स्वयम्लाई सक्षम वा सामान्य मानिसका रूपमा उभ्याएका छन्। यसैको परिणामस्वरूप लाटो असक्षम र असामान्य हो भन्ने धारणा व्यक्त भएको देखिन्छ। लाटोले विभिन्न सङ्केतहरूद्वारा आफ्नो प्रेम व्यक्त गरे तापनि सरिता पत्तो नदिनु, बरू रिसाएर किताबको झटारोले हिर्काउँलाजस्तो गर्दै लाटोलाई खेद्नु, सरिताको कोठामा टाँगिएका पोस्टरहरूमा चित्रित पाश्चात्य चलचित्रका नायकहरूलाई मार्छु भन्ने सङ्केत गर्दा टिर्का बूढो र चमेली दुवै मरिमरि हाँस्नु आदि घटनाहरूलाई सक्षमता वा सामान्यताको धारणासित जोडेर हेर्न सकिन्छ।

४.७.४.३ **अन्यत्वको धारणाः** समाजमा भिन्न क्षमतायुक्त मानिसहरूलाई ‘अन्य’ ठान्ने सांस्कृतिक अभ्यास क्रियाशील हुन्छ। यसैले शारीरिक, मानसिक, ऐन्द्रिक, विकासात्मक आदि रूपले भिन्न रहेका मानिसहरू मानवसम्बन्धको घेरादेखि बाहिरिन पुग्छन्। प्रस्तुत कथा ‘मूक माया’-मा पनि लाटो सबै प्रकारको मानवसम्बन्धबाट उपेक्षित र सीमान्तकृत हुन पुगेको देखिन्छ। उसको मूक भावनालाई बुझ्ने चेष्टा सरिता, टिर्का बूढो, चमेली आदि कसैले पनि गरेको देखिँदैन। सरितालाई ज्वरो आउँदा लाटो जति चिन्तित हुन्छ त्यति चिन्तित टिर्का बूढो र चमेली भएको नदेखिए तापनि उनीहरूले नै सरिताको स्याहारसुसार गर्ने जिम्मेवारी लिएर लाटोलाई सरितादेखि टाडा राख्छन्। यसबाहेक लाटोले मिठाई ल्याएर सरिताको कोठामा भएको टेबलमा राखिदिँदा र हिन्दी चलचित्रकी एउटी नायिकाको पोस्टर देखाएर ‘तिमी यस्तै छौ’ भन्ने भाव व्यक्त गर्दा टिर्का बूढोले

उसलाई मुन्ट्याउँदै बाहिर निकाल्छ। यसरी बोल्न सक्ने योग्यताको अभावले गर्दा लाटोलाई 'अन्य'-को कित्तामा राखिएको छ। कथामा ऊ सरिता, टिर्का बूढो र चमेलीजस्तो होइन अर्थात् मानवसम्बन्धलाई बुझ्ने र निर्वाह गर्न सक्ने सक्षम व्यक्ति होइन भन्ने धारणा अभिव्यक्त भएको पाइन्छ। ऊ घरबाट हराउँदा सरिताले कुनै प्रकारको संवेदना नराखेको घटनाले पनि यस कुरालाई पुष्टि गरेको देखिन्छ। उदाहरणका रूपमा निम्नलिखित गद्यांश हेरौं-

> एकदिन उसले (सरिताले) सुनी - माइत घरबाट काम गर्ने लाटो भाग्यो। लाटो जस्तोको सामान्य कुरो ठानेर सरिताले विस्मात पनि मानिन।[१९६]

यस प्रकार कथामा लाटोलाई महत्त्वहीन ठानेको घटना अन्यत्वको धारणालाई पोषित गर्ने कारकतत्त्वका रूपमा रहेको देखिन्छ।

### ४.७.५ सामाजिक समावेशकीकरणका दृष्टिले 'मूक माया' कथामा प्रयुक्त भिन्न क्षमताको अध्ययन

प्रस्तुत कथामा लाटोलाई केही हदसम्म मूर्ख र अबुझका रूपमा चित्रण गरिएको पाइए तापनि त्यसलाई स्वाभाविक घटना मान्न सकिन्छ किनभने मानिसले आफ्नो जीवनमा चाहेको कुरा प्राप्त गर्न नसक्दा देखा पर्ने स्वभाविक प्रतिक्रिया नै लाटोमा पनि देखा परेको छ। यसबाहेक लाटो अन्य कुनै प्रकारको अवगुणले युक्त रहेको देखिँदैन। ऊ सरितालाई मनैमन साँचो प्रेम गर्छ र त्यस प्रेमलाई इमानदारीपूर्वक निर्वाह पनि गर्छ। उसले सरितासँग कुनै प्रकारको अभद्र व्यवहार गरेको वा सरिताको प्रेम पाउनलाई जबरजस्तीगरेको घटना कथामा पाइँदैन। कथाकारले भिन्न क्षमतायुक्त मानिस मूर्ख, दुष्ट, असभ्य, अशिष्ट, अभद्र र हानिकारकमात्र हुँदैन तर ज्ञान र गुणले श्रेष्ठ पनि हुन्छ भन्ने कुरालाई लाटोको चरित्रद्वारा प्रकट गर्न खोजेका छन्। उदाहरणका रूपमा लाटोले

---

[१९६] पूर्ववत्, पृ १९

सरितालाई शिष्ट रूपमा प्रेम गर्नु, सरिता ज्वरोले थल्लिँदा चिन्तित रहनु, टिर्का बूढोले ऊसित दुर्व्यवहार गर्दा पनि हाँसेरै सहनु, सरिताको विवाह भएको कुरा सुनेर पनि क्रोधित नहुनु, आफुले लुकाएर राखेको सरिताको स्कट अन्तमा सरितालाई फर्काइदिनु आदि घटनाहरूलाई लिन सकिन्छ। यस प्रकार लाटोलाई गुणसम्पन्न व्यक्तिका रूपमा चित्रण गरेर कथाकारले भिन्न क्षमतालाई हेर्ने रूढ सामाजिक मान्यताहरूको विघटन गर्न खोजेका छन्। यसलाई भिन्न क्षमताको सामाजिक समावेशीकरणका पक्षमा भएको महत्त्वपूर्ण पहल मान्न सकिन्छ।

## ४.८ 'वैशाखी र एउटा नयाँ बाटो यो' कथामा प्रयुक्त भिन्न क्षमताको अध्ययन

### ४.८.१ विन्द्या सुब्बाको कथायात्रा

विन्द्या सुब्बा (जन्मः सन् १९५५) एकजना सुपरिचित नारी लेखक हुन्। उनले साहित्यका विभिन्न विधाहरूमध्ये विशेषतः कथा र उपन्यासलेखनमा विशिष्ट योगदान पुऱ्याएकी छन्। मानवजीवनका उत्तरचढावहरू, अनिश्चितताहरू, व्यथा र पीडाहरू सुब्बाका कथामा पाइने मूलभूत विशेषताहरू हुन्। उनले निम्नवर्गका पात्र-पात्रा तथा असहायहरूको जीवनप्रति हार्दिक संवेदना पोखेर कथाहरू लेखेकी छन्। सन् १९६८ -मा आफु सातौं श्रेणीकी विद्यार्थी छँदा 'जीवनफूल' शीर्षक कविता लेखेर साहित्यमा प्रवेश गरेकी सुब्बाले कालान्तरमा कथा र उपन्यासलेखनलाई निरन्तरता दिएको देखिन्छ। उनको पहिलो प्रकाशित कथा 'जलन' (सन् १९७१) हो। यो कथा काठमाडौंबाट प्रकाशित हुने *दर्पण* शीर्षक पत्रिकामा छापिएको पाइन्छ। हालसम्म सुब्बाका तीनवटा कथा सङ्ग्रह *कथाक्रम* (सन् १९८४), *हस्पिस* (सन् २००३) र *शीतलहर* (सन् २०१३) प्रकाशित छन्। यी तीनवटा कृतिमा प्रकाशित कथाहरूका आधारमा सुब्बालाई मूलतः सामाजिक यथार्थवादी, मनोवैज्ञानिक, नियतिवादी र मानवतावादी कथाकारका रूपमा चिन्न सकिन्छ।

### ४.८.२ 'वैशाखी र एउटा नयाँ बाटो यो' कथाको सारतत्त्व

विन्द्या सुब्बाको पछिल्लो कथा सङ्ग्रह *शीतलहर*मा प्रकाशित 'वैशाखी र एउटा नयाँ बाटो यो' भिन्न क्षमताबारे लेखिएको एउटा उत्कृष्ट कथा हो। ऋषि र इन्दु यस कथाका केन्द्रिय चरित्रहरू हुन्। ऋषि दुर्घटनामा परेर अङ्गविच्छेद हुन पुगेको लङ्गडो पात्र हो भने हेर्दा स्वस्थ्य देखिए तापनि स्तन क्यान्सरले पीडित रहेकी इन्दु स्वाभाविक स्तनका सट्टामा कृत्रिम स्तन लगाउन बाध्य बनेकी पात्रा हो। अतः एउटै अफिसमा वरपर बसेर काम गर्ने उनीहरू दुवैको चित्रण भिन्न क्षमतायुक्त मानिसका रूपमा भएको देखिन्छ। ऋषिको भिन्न क्षमतायुक्त अवस्था कसैका आँखादेखि लुक्न सकेको छैन तर इन्दुले आफ्नो कृत्रिम स्तनको कुरा सबैदेखि लुकाएर राखेकी छे।

अफिसमा पहिलोपल्ट देख्दा ऋषिलाई अभद्र ठान्ने इन्दु वरपरको टेबलमा सँगै बसेर काम गर्न थालेपछि बिस्तारै नजिकिँदै जान्छे। कसैसँग नबोली बस्ने ऋषि पनि इन्दुसँग बात गर्न थाल्छ। यस्तैबिच नयाँ वर्षको अवसरमा इन्दुले सोच्दै नसोचेको घटना हुन्छ। सधैँ खुलेर कसैसँग नबोल्ने, बोले पनि आवश्यक कुरा मात्र गर्ने ऋषिले उसलाई सुन्दर चित्रकारिताले श्रृङ्गारिएको एउटा शुभकामना कार्ड दिन्छ। इन्दु ऋषिको सुन्दर चित्रकारिता देखेर चकित् हुन्छे र ऋषिलाई अझ चित्रहरू बनाउनका निम्ति प्रोत्साहित गर्छे। यसरी ऋषिको कलाकार व्यक्तित्वबारे थाहा पाएपछि उसको विषयमा सुनेका नकारात्मक कुराहरूलाई इन्दुले मनबाट निकालिदिन्छे।

यता इन्दुबाट प्रेरित बनेको ऋषि पनि चित्र बनाउने कार्यमा समर्पित बन्छ। उसले चित्रका माध्यमद्वारा नै आफ्नो र इन्दु बिचको सम्बन्धलाई प्रतीकात्मक अर्थ दिँदै जान्छ। एकदिन इन्दुको करकापमा उसले चित्रकला प्रदर्शनीमा भाग पनि लिन्छ। उसले बनाएको चित्रलाई त्यस प्रदर्शनीमा प्रथम पुरस्कार घोषणा गरिन्छ। इन्दुलगायत प्रदर्शनीमा आउने सबैले ऋषिलाई बधाई दिन्छन्। ऋषिले एउटा चित्र इन्दुलाई

उपहारस्वरूप प्रदान गर्छ। ऋषिका प्रत्येक चित्रमा निहित अर्थलाई राम्ररी बुझेकी इन्दुले त्यस दिन धन्यवादसहित 'अब मलाई दिदी भन्नुपर्छ है' भन्छे। यसरी कथा दुःखान्तमा पुगेर टुङ्गिन्छ। प्रस्तुत कथाले एकातिर भिन्न क्षमतायुक्त मानिसहरू पनि प्रतिभाका दृष्टिले कसैभन्दा कम हुँदैन भन्ने मूल कथ्यलाई प्रस्तुत गरेको छ भने अर्कोतिर स्वार्थरहित् पवित्र प्रेमलाई उच्चता प्रदान गरेको छ। वास्तवमा ऋषि र इन्दु दुवै एकाअर्कासँग आकर्षित भएका देखिन्छन् तथापि दुवै एकाअर्काको जीवनमा बोझ बन्न चाहँदैनन्। ऋषिले अग्ला-अग्ला रूखहरू भएको पाखामा गइरहेकी युवतीको अघिपट्टि नै डम्मै कुइरो लागेको दृश्य भएको चित्र इन्दुलाई उपहारस्वरूप दिएर आफु कुइरोजस्तै अन्धकार रहेको कुरा व्यक्त गरेको छ। यसरी नै इन्दुले पनि भाइ भन्ने सम्बोधन गरेर आफैलाई ऋषिको जीवनदेखि अलग बनाएकी छे।

### ४.८.३ कलङ्कीकरणका दृष्टिले 'वैशाखी र एउटा नयाँ बाटो यो' कथामा प्रयुक्त भिन्न क्षमताको अध्ययन

प्रस्तुत कथामा भिन्न क्षमतालाई कलङ्क मानिएका घटनाहरू प्रत्यक्ष-अप्रत्यक्ष दुवै रूपमा प्रस्तुत भएका छन्। प्रत्यक्ष रूपमा ऋषिमाथि गरिएका विभिन्न प्रकारका नकारात्मक टिप्पणीहरूलाई लिन सकिन्छ भने अप्रत्यक्ष रूपमा इन्दुले आफ्नो कृत्रिम स्तनसम्बन्धी सत्य लुकाएको घटनालाई लिन सकिन्छ। वास्तवमा क्यान्सरका कारण आफ्नो प्राकृतिक स्तन काटेर त्यसको सट्टामा कृत्रिम स्तन लगाउनु परेको कुरा समाजले थाहा पाए आफु कलङ्कित हुनुपर्ने कुराको भय इन्दुमा रहेको देखिन्छ। यसैले ऊ आफ्नो सत्य लुकाउन बाध्य बनेकी छे। कथामा प्रयुक्त भिन्न क्षमतालाई कलङ्कीकरणका दृष्टिले निम्न रूपमा अध्ययन गर्न सकिन्छ-

**४.८.३.१ नकारात्मक छवि निर्माणः** प्रस्तुत कथामा ऋषिलाई अभद्र, वेवास्ता, शिष्टाचारहीन, अड्भङ्गे, घोसे, राती मातेर कराउने, तरुणीहरूलाई खाऊँ जत्तिकै गर्ने

भनेर नकारात्मक छविका रूपमा प्रस्तुत गरिएको छ। यसबाट समाजका दृष्टिमा ऊ एकजना कलङ्कित चरित्र रहेको पुष्टि हुन्छ। यसर्थ आफुले बनाएको प्रकृतिको सुन्दर चित्रबारे बोल्दै ऊ भन्छ-

> तर यो सुन्दर प्रकृतिमा एउटै पनि असुन्दर वस्तु बनाइदिऊँ त, सारा दृश्य नै कत्ति भद्दा लाग्नेछ।[१९७]

यस प्रकार ऋषिले जीवन सुन्दर भए तापनि त्यस सुन्दरतामा उसको उपस्थिति असुन्दर वस्तुजस्तो छ भन्ने विचार व्यक्त गरेको देखिन्छ। वस्तुतः उसको उक्त भनाइ कलङ्कीकरणको तीक्त अनुभवबाट उद्भूत रहेको पाइन्छ।

**४.८.३.२ भेदभाव र पक्षपातको भावनाः** प्रस्तुत कथामा चित्रित ऋषि कसैसँग राम्ररी नबोल्ने, आत्मद्रोही र तनाउग्रस्त रहने पात्र हो। उसमा यस्तो स्वभाव प्राकृतिक रूपले नभएर समाजद्वारा निरन्तर भइरहेको भेदभाव र पक्षपातको परिणामस्वरूप आएको देखिन्छ। दुर्घटनामा परेर लङ्गडो हुनेबित्तिकै उसलाई हेय दृष्टिले हेर्न थालेको कारण समाजप्रति उसको तीव्र विरोधाभास रहेको छ। वास्तवमा ऊ अरू मानिसबाट दया र सहानुभूतिका सट्टा आत्मीयता र प्रेम चाहन्छ तर त्यो नपाउँदा एकलकाँटे भएर बस्न रुचाउँछ। अफिसका सहकर्मीहरूले उसलाई घोसे सम्झेर बोलाउँदैनन्। यसबाट पनि ऊमाथि भइरहेको भेदभाव र पक्षपातको भावनाबारे बुझ्न सकिन्छ।

**४.८.३.३ रूपसम्बन्धी धारणाः** प्रस्तुत कथामा ऋषिको बाह्य रूपलाई हेरेर विभिन्न प्रकारका धारणाहरू निर्माण गरिएका छन्। ऊ कुरूप छैन तर उसको लङ्गडोपनलाई कुरूपताकै रूपमा हेरिएको छ। यसर्थ उसले कसैलाई कुनै प्रकारको हानि नपुऱ्याए तापनि उसलाई अभद्र, शिष्टताहीन, अड्भङ्गे आदि भनिएको पाइन्छ। यसबाहेक इन्दुले कृत्रिम स्तन लगाएको कुरा कसैसित नगरेको घटना पनि रूपसितै सम्बन्धित रहेको छ

---

[१९७] विन्द्या सुब्बा, सन् २०१३, *शीतलहर,* काठमाडौं : अल्टिमेट मार्केटिङ (प्रा) लि, पृ ६५

किनभने स्तनलाई नारीसौन्दर्यको एउटा अभिन्न अङ्ग मानिन्छ। यसर्थ एउटामात्र स्तन भएकी कुरूप नारीका रूपमा कलङ्कित हुन इन्दुले चाहेकी छैन।

### ४.८.३ सीमान्तीकरणका दृष्टिले 'वैशाखी र एउटा नयाँ बाटो यो' कथामा प्रयुक्त भिन्न क्षमताको अध्ययन

प्रस्तुत कथा 'वैशाखी र एउटा नयाँ बाटो यो' -मा परिचय र प्रतिनिधित्व साथै सक्षमता वा सामान्यताको धारणाअन्तर्गत सीमान्तीकरणको सन्दर्भ प्रस्तुत गरिएको छ।

**४.८.३.१ परिचय र प्रतिनिधित्वः** प्रस्तुत कथामा इन्दु र ऋषि दुवै भिन्न क्षमतायुक्त पात्रका रूपमा चित्रित रहे तापनि इन्दुको परिचय स्वाभाविक रहेको देखिन्छ। ऊ भिन्न क्षमतायुक्त रहेको कुरा ऊबाहेक अरू कसैलाई थाहा भएको छैन तर ऋषि वैशाखीको भरमा हिँड्ने लङ्गडो भएकोले उसलाई क्रुर र अभिमानी चरित्रका रूपमा हेरिएको छ। उसको परिचय दिने क्रममा सुषमा भन्छे-

> ऊ पल्लोपट्टिको विभागमा नयाँ आएको रे, तर कस्तो अड्भङ्गे छ हौ।[१९८]

सुषमाको यस भनाइले ऋषिको परिचयलाई कसैसँग मिलेर बस्न नसक्ने अमिल्दो, एकलकाँटे र मानवताहीन भन्ने सांस्कृतिक अर्थ प्रदान गरेको छ। भिन्न क्षमतायुक्त मानिसलाई समाजमा बदनाम चरित्रका चिनाइन्छ भन्ने सिद्धान्तकारहरूको भनाइ रहेको पाइन्छ। प्रस्तुत कथामा ऋषिलाई बदनाम चरित्रका रूपमा परिचित गराइएको छ। उसको विषयमा रातभरि मातेर कराउने तथा तरुणीहरूमाथि कुदृष्टि राख्ने भनिएको पाइन्छ जसले ऊ क्रुर, निच र पशुवत् व्यवहार भएको मानिस हो भन्ने सांस्कृतिक अर्थहरूलाई प्रतिनिधित्व गरेको छ। आफु सीमान्तकृत बाँच्नुको अवस्थाबारे ऊ यसो भन्छ-

---

[१९८] पूर्ववत्, पृ ६३

> म एक बिग्रेको बदनाम मान्छे हुँ। गाउँमा कसैले हेर्न सक्दैनन् मलाई, त्यसैले मलाई कोही मन पर्दैन। यो बहिष्कारको पीडा, आफ्नै आत्महीनताको पीडा सायद सबै पीडाहरूभन्दा गहिरो हो। त्यसैले रक्सी खान्छु र सबैलाई गाली गर्छु, रातभरि कराउँछु। घरकाहरू पनि वाक्क भइसकेका छन् मसँग।[१९९]

यसबाट परिवार र समाजमा उसको कुनै स्थान नरहेको कुरा स्पष्ट भएको छ।

**४.८.३.२ सक्षमता वा सामान्यताको धारणाः** प्रस्तुत कथामा ऋषि दुर्घटनाका कारण लङ्गडो बनेपछि समाजका मान्छेहरूले उसको विषयमा प्रकट गरेका विचारहरूले सक्षमता वा सामान्यताको धारणालाई प्रस्तुत गरेका छन्। यस सन्दर्भमा इन्दुसित कुरा गर्दै ऋषि भन्छ-

> किशोर उमेरमा मेरो यो अङ्ग विच्छेद भयो मेरो शरीरबाट, एउटा दुर्घटनापछि। यो चोटसँग, जीवनसँग म समझौता गर्न सक्थें होला, तर मान्छेहरूले मलाई 'विचरा, अब उसको जिन्दगी नै गयो' भनेर टिठ्याउँथे या कसैले विकलाङ्ग भनेर हेलचेक्राई गर्थे, त्यसबेला लाग्थ्यो मेरो मनमा।[२००]

## ४.८.३ सामाजिक समावेशीकरणका दृष्टिले 'वैशाखी र एउटा नयाँ बाटो यो' कथामा प्रयुक्त भिन्न क्षमताको अध्ययन

'वैशाखी र एउटा नयाँ बाटो यो' कथालाई सामाजिक समावेशीकरणका दृष्टिले एउटा सफल कथा मान्न सकिन्छ। यस कथाको भिन्न क्षमतायुक्त पात्र ऋषिबारे विभिन्न प्रकारका नकारात्मक सोच राखिए तापनि ऊ एकजना असल मानिससँगै असल कलाकार रहेको देखिन्छ। उसले मातेर कराउने गरेको कुरा साँचो भए तापनि त्यो उसको विशेषता रहेको देखिँदैन। भिन्न क्षमतायुक्त मानिसहरूलाई नगण्य ठान्ने सामाजिक विचारधाराको

---

[१९९] पूर्ववत्, पृ ६६

[२००] पूर्ववत्, पृ ६७

विरोधमा उसले मातेर आक्रोस व्यक्त गरेको देखिन्छ। वास्तवमा भिन्न क्षमतायुक्त मानिसहरू पनि सक्षम र सामान्य भनिएका अरू मानिसजस्तै स्वावलम्बी बन्न सक्छन् भन्ने कुराको प्रमाण ऋषि र इन्दु जीवनबाट पाउन सकिन्छ। उनीहरू दुवै नोकरीदार छन्। एकाअर्काको भावनालाई बुझ्छन् र सामान्य मानसहरूजस्तो स्वार्थी र महत्त्वाकांक्षी देखिँदैनन्।

## ४.९ 'अविवाहित लाटी र अप्रेसन' कथामा प्रयुक्त भिन्न क्षमताको अध्ययन

### ४.९.१ सञ्जय विष्टको कथायात्रा

सञ्जय विष्ट (जन्मः सन् १९६८) भारतीय नेपाली साहित्यमा एकजना उद्यमी एवम् प्रयोगशील कथाकार हुन्। सुरूदेखि अहिलेसम्म कथालेखन नै विष्टको एकमात्र ध्येय रहेको देखिन्छ। उनले जीवनका विभिन्न अनुभूतिहरूलाई फरक दृष्टि र शैलीद्वारा प्रस्तुत गरेका छन्। घनश्याम नेपालअनुसार प्रकारान्तरले इन्द्रबहादुर राईकै उच्चाधुनिकताको पयो समातिरहेका देखिए तापनि शैली र दृष्टिले पृथक रहेका भीम दाहाल, विन्द्या सुब्बा, थिरूप्रसाद नेपाल, धन निर्दोष सुब्बा, उदय थुलुङ, प्रवीण राई जुमेली प्रभृत कथाकारहरूमध्ये सञ्जय विष्ट पनि एक हुन्।[२०१] नेपाली साहित्यमा तेस्रो आयामले ल्याएको दुर्बोध्यलाई सुबोध्य बनाएर प्रस्तुत गर्ने दिशामा विष्टका कथाहरू उन्मुख रहेका पाइन्छन्।

सन् १९८० -को दशकदेखि साहित्यमा प्रवेश गरेका विष्टले जीवन र जगत्प्रति नवीन चेतना राखेर नितान्त छुट्टै परिपाटीका कथाहरू लेखेका छन्। यसैले साहित्यमा चिन्तनको नयाँ स्वर बोकेर लेख्ने कथाकारहरूमध्ये उनलाई इन्द्रबहादुर राईपछि देखा परेका प्रभावकारी कथाकार मानिन्छ। सन् १९९३ -देखि भारतीय नेपाली साहित्यमा तेस्रो आयामपछि साहित्यक अवधारणाका रूपमा सङ्क्रमण लेखन विकसित भएको

[२०१] नेपाल, 'नेपाली साहित्यको परिचयात्मक इतिहास', पृ २५१

देखिन्छ। विष्ट यही सङ्क्रमण लेखनसँग सम्बद्ध रहेका सफल कथाशिल्पी हुन्। आफ्ना वरिपरिका ससाना घटनाहरूलाई टिपेर कथा लेख्ने उनका कथाहरूमा समाज र जीवनको विस्तृति पाइन्छ।

जीवनका समसामयिक सन्दर्भहरू, सामाजिक मूल्य र मान्यताहरू, मानसिक कुण्ठा र द्वन्द्वको स्थिति, सांस्कृतिक अतिक्रमण, वैश्विक सङ्कट, जातिप्रेम आदि विष्टका कथामा पाइने मुख्य विषयहरू हुन्। कथालेखनमा वक्रोक्तिपूर्ण शैलीको प्रयोग उनको प्रमुख विशेषता रहेको देखिए तापनि यस्तो शैलीले उनका कथाहरूलाई जटिल बनाउनका साटो अझ प्रभावकारी बनाएर प्रस्तुत देखिन्छ। सन् १९८० -को दशकदेकि औपचारिक लेखन सुरू गर्ने विष्टले सन् १९९३ -मा आफ्नो पहिलो कथा सङ्ग्रह *शब्दान्त* प्रकाशित गरेको देखिन्छ। त्यसपछि उनका अरू दुईवटा कथा सङ्ग्रह क्रमैले *अस्ताचलतिर* (सन् २००७) र *जुनजस्तै घाम* (सन् २०१५) प्रकाशित भएका छन्। उनका कथाहरू आधुनिक जीवनदृष्टिदेखि माथि उठेका छन्। यसैले उनलाई उच्चाधुनिक कालका कथाकारका रूपमा घोषणा गर्दै सञ्जय राई लेख्छन्- सञ्जय विष्ट सांस्कृतिक तथा जातीय चेतनाका कथा लेख्ने नयाँ पुस्ताका सशक्त कथाकार हुन्।[२०२] हालसम्म प्रकाशित तीनवटा कथा सङ्ग्रहका आधारमा उनलाई यथार्थवादी, प्रयोगवादी र मनोवैज्ञानिक प्रवृत्तिका कथाकार मान्न सकिन्छ।

### ४.९.२ **'अविवाहित लाटी र अप्रेसन' कथाको सारतत्त्व**

सञ्जय विष्टको पहिलो कथा सङ्ग्रह *शब्दान्त* (सन् १९९३) -मा सङ्ग्रहित १८ वटा कथामध्ये 'अविवाहित लाटी र अप्रेसन' एउटा उत्कृष्ट कथा हो। एउटी अनाथ लाटीको अव्यवस्थित जीवनलाई आधार बनाइएको यस कथामा सामाजिक क्रुरता र विसङ्गतिको चित्रण पाइन्छ। यो कथा पूर्वदीप्ती शैलीमा लेखिएको छ। कथाको 'म' पात्रले सधैं देखिरहने एउटी लाटीमाथि भएको यौन शोषण नै यस कथाको केन्द्रिय पक्ष हो। नाम,

[२०२] सञ्जय राई, सन् २०१३, *समीक्षण,* वाराणसीः सृजन समिति, पृ ९७

जात, ठाउँ, ठेगाना केही नभएको त्यस लाटीलाई पोष्ट अफिसको बरण्डामा सुत्ने एउटी निरीह प्राणीका रूपमा देखाइएको छ। उसले आफुमाथि भइरहेको शोषणको विरुद्धमा बोल्न सक्दिन किनभने ऊ वाक्शक्तिहीन हुनका साथै साहराहीन पनि छे। यस संसारमा उसको आफ्नो भन्ने कोही छैन। त्यसैले समाजमा आफैलाई सभ्य र भद्र ठान्ने कुनै लोग्नेमान्छेले उसलाई घरीघरी यौन शोषण गरेको छ।

पहिला पनि एकचोटि लाटीले नानी पाइसकेकी हुन्छे तर त्यो नानी केही दिनपछि नै मर्छ। दोस्रोचोटि पनि त्यो दोजिया हुन्छ अर्थात् त्यसलाई दोजिया बनाइन्छ। त्यसपल्ट 'म' पात्रकी स्वास्नी र गाउँका अरू केही बुझ्ने स्वास्नीमान्छेहरूले अस्पताल लगेर लाटीको अप्रेसन गराइदिन्छन्। त्यसपछि चार वर्षसम्म त्यत्तिकै त्यहीँ बसेको त्यो लाटी एक दिन मर्छे। यसरी लाटीको मृत्यु भएको घटनालाई माध्यम बनाएर कथाकारले समाजका निम्ति गम्भीर प्रश्न छोडेका छन्।

### ४.९.३ कलङ्कीकरणका दृष्टिले 'अविवाहित लाटी र अप्रेसन' कथामा प्रयुक्त भिन्न क्षमताको अध्ययन

प्रस्तुत कथा 'अविवाहित लाटी र अप्रेसन'-मा प्रयुक्त भिन्न क्षमतालाई कलङ्कीकरणका दृष्टिले यस प्रकार अध्ययन गर्न सकिन्छ-

**४.९.३.१ नकारात्मक छवि निर्माणः** प्रस्तुत कथामा लाटीलाई फोहोरी, मैली, गाउँलाई बदनाम गराउन सक्ने भनेर नकारात्मक छविका रूपमा प्रस्तुत गरिएको छ। वास्तवमा लाटी निरीह छे। संसारमा आफ्नो कोही नभएपछि ऊ पोष्ट अफिसको बरण्डामा बस्न बाध्य बनेकी हुन्छे। उसको त्यही एकलोपनको फाइदा उठाएर राती समाजको कुनै भलाद्मीले उसलाई यौन शोषण गरेर गर्भवती बनाइदिन्छ। यद्यपि समाजको दृष्टिमा त्यो विकृत मानसिकता भएको लोग्नेमान्छे नभएर लाटी अभियुक्त बन्न पुगेकी छे। उसलाई बलात्कार गर्ने लोग्नेमान्छेले गर्दा होइन तर उसले गर्दा गाउँ बदनाम हुन्छ भन्ने धारणा

समाजका सभ्य र शिक्षित मानिसहरूद्वारा व्यक्त गरिएको छ। यसरी निर्दोष र पीडित भए तापनि लाटीलाई उल्टै सामाजिक कलङ्कका रूपमा हेरिएको घटना नकारात्मक छवि निर्माणका दृष्टिले महत्त्वपूर्ण रहेको देखिन्छ।

**४.९.३.२ भेदभाव र पक्षपातको भावनाः** यस कथामा भिन्न क्षमतायुक्त लाटी पात्रामाथि सामाजिक रूपमा भएको भेदभाव र पक्षपातको भावनालाई देखाइएको छ। ऊ एउटी असहाय, दुर्बल, गरिब र साहराहीन नारी हुनका साथै भिन्न क्षमतायुक्त नारी पनि भएकीले समाजमा उसले कुनै सुरक्षित स्थान पाएकी छैन। यस सन्दर्भमा सामान्य नारी भएर बाँच्नु र भिन्न क्षमतायुक्त नारी भएर बाँच्नुमा धेरै फरक छ भन्ने एलि क्लेयरको भनाइ उपयुक्त रहेको पाइन्छ।[२०३] कथामा 'म' पात्रकी श्रीमती र गाउँका केही बुझकी स्वास्नीमान्छेहरू सामान्य नारी भएकाले सुरक्षित छन् तर लाटी सुरक्षित छैन। ऊ पोष्ट अफिसको बरण्डामा एकलै सुत्छे। यसबाट नारी नै भए तापनि भिन्न क्षमतायुक्त भएकीले लाटीका निम्ति समाज बिरानो बनेको देखिन्छ। समाजभित्रै रहेर पनि ऊ सुरक्षित हुन सकेकी छैन। समाजको कुनै आडम्बरी मानिसबाट घरीघरी बलात्कृत हुनु, गाउँका अरू मानिसहरूबाट निन्दित हुनु, अन्तमा बिजोग भएर मर्नु आदि घटनाहरूलाई सामाजिक भेदभाव र पक्षपातको भावनासित जोडेर हेर्न सकिन्छ।

### ४.९.४ सीमान्तीकरणका दृष्टिले 'अविवाहित लाटी र अप्रेसन' कथामा प्रयुक्त भिन्न क्षमताको अध्ययन

प्रस्तुत कथा 'अविवाहित लाटी र अप्रेसन' -की लाटी पूर्ण रूपमा सीमान्तकृत रहेको पात्रा हो। समाजसँग उसको कुनै प्रकारको सम्बन्ध रहेको देखिँदैन। यसैले ऊ पोष्ट अफिसको

[२०३] एलि क्लेयर, सन् २००९, *एक्जाइल एन्ड प्राइड, डिसएबिलिटी, क्वेरनेस एन्ड लिबरेशन,* लन्डनः डयुक युभर्सिटी प्रेस, पृ १३०

बरण्डामा एकलै बस्न बाध्य बनेकी छे। यस कथामा प्रयुक्त भिन्न क्षमतालाई सीमान्तीकरणका दृष्टिले यस प्रकार अध्ययन गर्न सकिन्छ-

**४.९.४.१ परिचय र प्रतिनिधित्वः** प्रस्तुत कथामा लाटीलाई नामहीन, जातहीन, ठाउँहीन, ठेगानाहीन र सम्बन्धहीन अनाथ नारीका रूपमा परिचित गराइएको छ। ऊ कहाँबाट आएकी हो भन्ने विषयमा पनि कसैलाई केही थाहा हुँदैन। पोष्ट अफिसको बरण्डामा बस्ने उसलाई पोष्ट मास्टरले मैला गरिदिएकोमा गाली गर्दै 'भरेदेखि यहाँ नसुत्' भनेको घटना र 'म' पात्रकी श्रीमतीले उसलाई हेरेर घिन मानेको घटनाबाट ऊ एकदमै फोहोरी, मैली र कुरूप देखिने नारी हो भन्ने थाहा लाग्छ। यद्यपि उसको नारीरूप यौनलाई प्रतिनिधित्व गर्ने साधन बनेको कारण ऊ बलात्कृत हुन पुगेकी छे। यस सन्दर्भमा सुसान विन्डेलको भनाइ विचारणीय रहेको पाइन्छ। उनी भन्छिन्- पुरुषशाषित समाजमा भिन्न क्षमतायुक्त नारीले नारी हुनुको र भिन्न क्षमतायुक्त हुनुको उत्पीडन एकैसाथ भुक्तान गर्नुपर्छ।[२०४] प्रस्तुत कथाकी लाटीले पनि एउटी भिन्न क्षमतायुक्त नारी भएकीले सामाजिक भेदभावसँगै शारीरिक शोषण पनि झेल्नुपरेको देखिन्छ।

**४.९.४.२ सक्षमता वा सामान्यताको धारणाः** प्रस्तुत कथामा लाटीमाथि शारीरिक शोषण गर्ने अज्ञात लोग्नेमान्छे, 'म' पात्र र उसकी श्रीमती, पोष्ट मास्टर, एम बी दाजु, गाउँका बुझकी स्वास्नीमान्छेहरू सबै सक्षमता वा सामान्यताका प्रतीक बनेर देखा परेका छन्। यसैले 'म' पात्रलाई छोडेर अरू सबैले लाटीलाई तुच्छ ठानेका छन्। उसलाई अक्षम र असामान्य मानिएको छ। वास्तवमा लाटी अक्षम र असामान्य भन्दा पनि धेरै निरीह र पीडित पात्रा हो। उसले मुख नलागे तापनि इशारा गरेर आफुमाथि बलात्कार गर्ने व्यक्तिको विषयमा बताएकी छ तर कसैले उसको इशारा बुझ्दैन। समाजका दृष्टिमा ऊ नै दोषी बन्न पुग्छे। उदाहरणका रूपमा निम्नलिखित वाक्यांशलाई लिन सकिन्छ-

---

[२०४] सुसान विन्डेल, सन् १९९७, टुवार्ड्स ए फेमिनिस्ट थ्योरी अफ् डिसएबिलिटी, *द डिसएबिलिटी स्टडिज् रिडर,* दो सं (सम्पा लेनार्ड जे डेविस), लन्डन एन्ड न्यु योर्कः रुटलेज, पृ २४४

खेद्नुपर्छ यसलाई। बदनाम बनाउँछ।[२०५]

यसरी समाजका मानिसहरू आफु सक्षम र सामान्य रहेको अभिमानस्वरूप लाटीलाई खेद्नुपर्छ भन्ने निर्णयसम्म पुगेको देखिन्छ। यसबाट कथाकारले समाजका सभ्य, शिक्षित र सबल भनिएका मानिसहरूको विकृत मानसिकतालाई देखाउन खोजेका छन्।

### ४.९.५ सामाजिक समावेशीकरणका दृष्टिले 'अविवाहित लाटी र अप्रेसन' कथामा प्रयुक्त भिन्न क्षमताको अध्ययन

'अविवाहित लाटी र अप्रेसन' सामाजिक विषयवस्तुमा आधारित कथा हो। यस कथामा लाटीमाथि सामाजिक रूपमा भइरहेको भेदभाव र यौन शोषणलाई केन्द्रिय विषयका रूपमा प्रस्तुत गरिएको छ। कथाकारले लाटीमाथि हार्दिक संवेदना व्यक्त गरेर लाटी पनि वास्तवमा समाजकै एउटा अभिन्न अङ्ग हो भन्ने विचार व्यक्त गरेका छन्। यसको पुष्टि 'म' पात्रद्वारा अभिव्यक्त निम्नलिखित उद्गारमा पाइन्छ-

> हामीजस्तै मान्छे हो त्यो मासु र हड्डीको। मेरी स्वास्नीजस्तै नारी त्यो- ओठमा हाँसो र आँखामा आँसु पनि भएको। कसरी बिताइ होला यत्रो वर्षका हावा र पानी त्यसले ? कत्ति मच्छरहरू आएर टोकिरह्यो होला रातभरि त्यसको शरीरलाई? यत्रो रातहरूमा कस्तो निद्रा निदायो होला त्यसको आँखाले ?[२०६]

यसबाहेक अरू बेला लाटीलाई घृणाको दृष्टिले हेर्ने 'म' पात्रकी स्वास्नीले भनेको निम्न वाक्यांश पनि लाटीको सामाजिकता प्रमाणित गर्नमा सहयोगी बोनको देखिन्छ-

---

२०५ सञ्जय विष्ट, सन् १९९३, *शब्दान्त,* दार्जिलिङः युवा साहित्यिक मंच, पृ २२

२०६ संजय विष्ट, 'शब्दान्त', पूर्ववत्, पृ २३

राक्षसहरू। अचम्म। अलिक त अपठ्यारो पनि लाग्नु पर्ने। कत्तिको चैं घिनलाग्दो मरद् होला त्यो।[२०७]

यसबाट लाटी भए पनि ऊ एउटी नारी हो र नारीलाई सम्मान दिन सक्नुपर्छ भन्ने किसिमको भाव व्यक्त भएको पाइन्छ। सामाजिक सहभागिताका दृष्टिले लाटीको कुनै भूमिका रहेको देखिँदैन। यद्यपि उसको सहनशील र सधैं हाँसिरहने स्वभावबारे उल्लेख गरेर कथाकारले उसको सकारात्मक चरित्र निर्माण गर्न खोजेको देखिन्छ।

## ४.१० 'आधा अर्थ' कथामा प्रयुक्त भिन्न क्षमताको अध्ययन

### ४.१०.१ उदय थुलुङको कथायात्रा

उदय थुलुङ (जन्मः १९६७) भारतीय नेपाली साहित्यका परिचित र प्रतिष्ठित साहित्यकार हुन्। उनले सन् १९८४ -मा 'यो जीवन' शीर्षक कविता लेखेर साहित्यमा प्रवेश गरेको थाहा लाग्छ।[२०८] आफ्नो साहित्यिक जीवनको प्रारम्भिक चरणदेखि नै उनको कलम कविता र कथालेखनमा सक्रिय रहेको देखिन्छ। यी दुवै विधामा उनले नवीन प्रयोगहरू गरेका छन्। साहित्यलाई अधिक प्रभावकारी, सम्प्रेषणीय तथा पाठकमुखी बनाउने विचारलाई थुलुङले आफ्नो लेखनमार्फत् समयसापेक्ष विकसित गराएको देखिन्छ।

कविताका क्षेत्रमा 'बिम्ब कविता' र कथाका क्षेत्रमा 'नेपथ्य लेखन' उदय थुलुङका नवीन प्रयोगहरू हुन्। यसरी उनले कविता र कथा दुवै विधाको समानान्तर विकासमा महत्त्वपूर्ण भूमिका निर्वाह गरेको पाइए तापनि पाठक समूहमा भने उनको कवि व्यक्तित्वभन्दा कथाकार व्यक्तित्व बढी चर्चामा रहेको देखिन्छ। उनका चारवटा कथा सङ्ग्रह प्रकाशित छन्- *विकल्प* (सन् १९९३), *अनावृत आकाश* (सन् २००३), *एकान्तवास* (सन् २००८) र *अक्षरेखा* (सन् २०१७)। प्रवृत्तिगत दृष्टिले हेर्दा थुलुङको

---

[२०७] संजय विष्ट, 'शब्दान्त', पूर्ववत्, पृ २३ — २४

[२०८] कविता लामा, सन् २०१०, *अनुशीलन*, दार्जिलिङः माया प्रकाशन, पृ ९३

कथालेखन सामाजिक यथार्थवाददेखि प्रयोगवाद हुँदै उत्तरआधुनिक चेतनाअन्तर्गत नवीन सांस्कृतिक मूल्य र मान्यताहरूमा समन्वित हुन पुगेको देखिन्छ। *विकल्प* र *अनावृत आकाश*मा सङ्ग्रहित उनको पहिलो चरणका कथाहरू सामाजिक यथार्थवादी धारामा प्रवृत्त रहेका पाइन्छन्। यसबाहेक बालमनोविज्ञान, प्रौढमनोविज्ञान, विसङ्गतिवाद, आलोचनात्मक यथार्थवाद, आञ्चलिकतावाद आदि पनि ती कथाहरूमा पाइने प्रमुख विशेषताहरू हुन्।

थुलुङ प्रयोगवादी कथाकारका रूपमा पनि परिचित छन्। *एकान्तवास*भित्र सङ्ग्रहित रहेका उनका कथाहरूलाई प्रयोगवादको सुन्दर नमूना मान्न सकिन्छ। नेपथ्यका रूपमा कथाकाको गुढ तत्त्वबारे अवगत गराएर कथा लेख्ने परम्परालाई उनले यसै कथा सङ्ग्रहको माध्यमबाट अघि बढाएका छन्। यसरी नै *अक्षरेखा*मा उनले नवीन मूल्य र मान्यताहरूलाई प्रश्रय दिएका छन्। वर्तमान जीवनको गतिशीलता, सांस्कृतिक सङ्कमण, यान्त्रिक सभ्यताको प्रभाव, परिचय सङ्कटको स्थिति, मानवसम्बन्धमा देखा परेको ह्रासोन्मुखता आदि विषयहरूको उद्घाटन *अक्षरेखा*मा पाइने मूलभूत विशेषताहरू हुन्। यस प्रकार थुलुङको कथालेखन जहाँबाट सुरू भयो, त्यहीँ स्थिर रहेको पाइँदैन। उनका कथाहरूमा आरोपित जीवनदृष्टि क्रमिक रूपले विकसित हुँदै आएको देखिन्छ।

### ४.१०.२ 'आधा अर्थ' कथाको सारतत्त्व

उदय थुलुङको पछिल्लो कथा सङ्ग्रह *अक्षरेखा*भित्र सङ्ग्रहित कथा 'आधा अर्थ' सामाजिक यथार्थवादी लेखनको सुन्दर नमूना हो। पुरुष शरीर र नारी स्वभाव भएको पात्र ताराको जीवनमा आधारित रहेको यस कथाले भिन्न सांस्कृतिक परिप्रेक्ष्यलाई प्रतिनिधित्व गरेको देखिन्छ। सांस्कृतिक अध्ययनको क्षेत्रमा सन्दिग्धताको अध्ययनलाई एउटा महत्त्वपूर्ण विषय मानिन्छ। यसले लैङ्गिक रूपमा भिन्न क्षमताको अवस्थालाई बुझाउँछ। रोबर्ट म्याकरुयरअनुसार समाजले विपरीतलिङ्गीलाई सक्षमताको प्रतीक मान्छ र त्यसैका

आधारमा समलिङ्गीहरू सधैं कलङ्कित र सीमान्तकृत हुन पुग्छन्।[२०९] प्रस्तुत कथामा चित्रित तारा पनि एउटी समलिङ्गी विशेषता भएको पुरुषचरित्र हो। उसलाई नाम र स्वभावले स्त्री, रूपरचनाले पुरुष पात्रका रूपमा देखाइएको छ। उसको त्यही भिन्न विशेषताले गर्दा समाजमा ऊ सबैका लागि आश्चर्यको विषय बन्न पुगेको देखिन्छ। उसलाई देख्नेबित्तिकै मानिसहरूले हाँसो थाम्नै सक्दैनन्। सधैं उसलाई शङ्काको दृष्टिले हेरिन्छ।

ताराको जीवनमा आफ्नो भन्न सक्ने एकाध मानिसहरू मात्र छन् जसमा सरला र निर्मलको नाम अग्रिम पंक्तिमा रहेको पाइन्छ। ती तीनजना कमानमा सँगै काम गर्छन् र मुटु गाँसेर मिल्छन्। सरलाकी आमालाई भने तारा र सरला त्यसरी मिलेको पटक्कै मन पर्दैन। ऊ तारालाई देख्नेबित्तिकै अनुहार बिगार्छे। गाउँका अरू मानिसहरू पनि उसलाई देख्नेबित्तिकै हाँस्ने गर्छन्। निर्मलले पनि उसलाई घरीघरी पेच हानिबस्छ तर ऊ निर्मलको कुरालाई कहिल्यै गम्भीरतापूर्वक लिँदिन। आफुले समाजमा घुलमिल भएर बस्ने जत्ति नै प्रयास गरे पनि समाजले उसलाई सहजै स्वीकार गर्न नसकेको कुराले तारा बिस्तारै व्यथित हुन थाल्छा। आफ्नो जिन्दगीको ऊ पूर्ण अर्थ पाउन नै सक्दैन।

समाजको उपहासपूर्ण हेराइ, उपेक्षाभाव र त्यसमा पनि आफु नारी हो कि पुरुष भन्ने कुराले तारालाई दिनदिनै सताउन थाल्छ। केवाईसीको फार्म भर्न गएको दिन ब्याङ्क म्यानेजरले खिसी गरेको घटनाले अझ उसलाई पीडाको चरम् अवस्था पुऱ्याउँछ। त्यस रात आफ्नो आधा अर्थको जिन्दगी सम्झेर ऊ धेरै बेरसम्म रुन्छ। उसलाई सरला र निर्मल पनि बिस्तारै आफुदेखि टाडिन लागेको कटुअनुभव हुन थाल्छ। सरला र निर्मलको साथ पाएर नै ऊ स्वाभाविक रूपमा बाँच्न सकिरहेको हुन्छ। यसैले उसको मनमा अनेक प्रकारका कुराहरू खेल्न थाल्छन्। भोलिको दिनमा सरला बिहा भएर

---

[२०९] रोबर्ट म्याकरुयर, सन् २००६, *क्रिप थ्योरी, कल्चरल साइन् अफ् क्वेरनेस एन्ड डिसएबिलिटी*, न्यु योर्कः न्यु योर्क युनिभर्सिटी प्रेस, पृ २३

गएपछि र निर्मलले पनि घरजम गरेपछि के हुन्छ भन्ने सोचेर उसलाई पटक्कै निद्रा पर्दैन। त्यसमाथि समाजको उपेक्षाभाव सम्झँदा पनि तारालाई आफु सन्दिग्ध भएर जन्मेकोमा घृणा लाग्न थाल्छ। यसरी संसारमा आफ्नो कुनै भूमिका नरहेको सम्झेर उसले आत्महत्या गर्ने प्रयास पनि गर्छ तर सफल हुँदैन। सरलाले उसका दुई सानासाना भतिजाहरूलाई उसको अघि उभ्याएर ऊ बाँच्नुको अर्थ छ भन्ने बोध गराएपछि मात्र तारालाई आफ्नो भूमिकाबारे थाहा हुन्छ र उसले आफ्ना दुई भतिजाका लागि बाँच्ने प्रण गर्छ। यस प्रकार कथाको अन्तमा तारा बाँच्नुको सार्थकता देखाएर कथाकारले संसारमा कोही पनि निरर्थक र मूल्यहीन हुँदैन, प्रत्येकको जीवनको केही न केही अर्थ हुन्छ भन्ने कुरा अवगत गराउन खोजेका छन्।

### ४.१०.३ कलङ्कीकरणका दृष्टिले 'आधा अर्थ' कथामा प्रयुक्त भिन्न क्षमताको अध्ययन

प्रस्तुत कथामा चित्रित तारा भिन्न विशेषता भएको पात्र हो। सामाजिक एवम् सांस्कृतिक परिप्रेक्ष्यमा उसको समलिङ्गी अवस्थाले भिन्न क्षमताको सन्दर्भलाई प्रस्तुत गरेको छ, जसलाई कलङ्कीकरणका दृष्टिले यस प्रकार अध्ययन गर्न सकिन्छ-

**४.१०.३.१ नकारात्मक छवि निर्माणः** समाजमा समलिङ्गी चरित्रलाई पनि भिन्न क्षमतालाई जस्तै जीववैज्ञानिक दोषका रूपमा हेरिन्छ। यसैले समलिङ्गीहरू व्यापक रूपमा सामाजिक कलङ्कका सिकार बन्दछन्। प्रस्तुत कथा 'आधा अर्थ'-को पात्र तारालाई सामाजिक कलङ्कका रूपमा हेरिएको छ। उदाहरणका रूपमा निम्नलिखित गद्यांशलाई हेर्न सकिन्छ-

> 'एकछिन् ल' भनेर तारा बाथरुमतिर गयो। यो मौकामा सरलाकी आमा बोली- 'छ्या!' उसको आँखासँगै अनुहार पनि बिग्रिसकेको रहेछ। एक किसिमको घृणाको

> भाव झुण्डिरहेको थियो निधारको धर्कामा। 'अरू पाइनस् साथी?' भनी र फेरि वरिपरि हेरी।[२१०]

यस उद्धरणमा सरलाकी आमाको अभिव्यक्तिले ताराको शारीरिक संरचनालाई चरित्रदोषका रूपमा व्याख्या गरेको छ किनभने समाजमा समलिङ्गीहरूलाई चरित्रहीन र प्रतिकूल स्थितिको उपज मानिन्छ। यसबाहेक ताराका निम्ति अनुपयुक्त रहेको 'तारा' नामले पनि उसलाई नकारात्मक छविका रूपमा कलङ्कित तुल्याएको छ। उदाहरणका रूपमा केवाईसी फार्म भर्न जाँदाको घटनालाई लिन सकिन्छ, जसको पुष्टिका निम्ति निम्नलिखित गद्यांशलाई हेर्न सकिन्छ-

> म्यानेजर फार्म भर्दै गए। उनी जेण्डरमा पुगे। पुलुक्क हेरे तारालाई। ताराले सरलालाई हेऱ्यो। सरलाले म्यानेजरलाई हेरी। एकक्षणलाई सन्नाटा छायो। ताराले गोजीबाट सेन्टरफ्रेसको खोल निकाल्यो र हातमा बोकेर गइ दैलो पछाडिको डस्टबिनमा हाल्यो।
>
> 'मेल' भनिदिई सरलाले। म्यानेजर सरलालाई हेरेर खिसिक्क हाँसे।[२१२]

यसरी तारा उपहासको पात्र बन्न पुगेको घटनालाई समाजमा व्याप्त पितृसत्तात्मक रूढ धारणाको परिणाम मान्न सकिन्छ किनभने शारीरिक संरचना र स्वभावका दृष्टिले पुरुष कस्तो देखिनुपर्छ भन्ने कुरा अघिबाटै पितृसत्तानिर्मित रहेको पाइन्छ। सञ्जीव उप्रेतीअनुसार पुरुषस्वभाव भएको नारी समलिङ्गीलाई समाजले सजिलै स्वीकारेको पाइन्छ भने यसका विपरीत नारीस्वभाव भएको पुरुष समलिङ्गी उपहासको पात्र बनेको देखिन्छ।[२११] प्रस्तुत

---

२१० उदय थुलुङ, सन् २०१७, *अक्षरेखा,* मङ्पुः साहित्य सृजना मञ्च, पृ ११४

२१२ पूर्ववत्, पृ १२२

२११ उप्रेती, 'सिद्धान्तका कुरा', पूर्ववत्, पृ २५०

कथामा चित्रित तारा पनि नारीस्वभावको पुरुष समलिङ्गी भएकोले समाजका दृष्टिमा उपहासको पात्र बनेको देखिन्छ।

**४.१०.३.२ भेदभाव र पक्षपातको भावनाः** प्रस्तुत कथामा चित्रित सरलाकी आमाको व्यवहारले नै भेदभाव र पक्षपातको भावनालाई प्रस्तुत गरेको देखिन्छ। आफ्नी छोरीले ताराजस्तो बिचको मान्छेसँग सम्बन्ध नराखोस् भन्ने सरलाकी आमाको चाहना वास्तवमा सिङ्गो समाजको चाहना बनेर देखा परेको छ। यसर्थ तात्त्विक दृष्टिले भिन्न रहेको ताराले सरलालाई, समाजलाई कुनै प्रकारको हानि पुऱ्याएको नदेखिए तापनि सरलाकी आमाले घरीघरी तारा साथी बनाउन लायकको होइन भन्ने कुरालाई व्यक्त गरेकी छे। यसका अतिरिक्त ताराले आत्महत्या गर्न खोजेको घटनालाई पनि भेदभाव र पक्षपातको भावनासित जोडेर हेर्न सकिन्छ। उसले आफुमाथि समाजिक रूपमा भइरहेको भेदभाव र पक्षपातको भावनालाई बोध गरेको गरेको छ जसको पुष्टि निम्नलिखित गद्यांशद्वारा भएको पाइन्छ-

> 'मेरो संसार आधा, रहर आधा, आसक्ति आधा, सुखदुःख आधा, सपना विपना आधा, सब आधा छ निर्मल।' भन्यो ताराले।[२१३]

**४.१०.३.३ रूपसम्बन्धी धारणाः** प्रस्तुत कथामा चित्रित ताराको रूपले भिन्न क्षमतालाई प्रतिनिधित्व गरेको देखिन्छ। ऊ स्त्रीसौन्दर्य, स्त्रीयोचित गुण र स्त्री रूपरचना भएको पात्र हो। उसको यही रूप नै समाजमा आश्चर्य, उपहास र उपेक्षाको माध्यम बनेको छ। शिवरात्री पूजाको राती निर्मलले कर गर्दा गीत गाउनलाई उठेको तारालाई देखेर उसको छेवैमा बसेका दुईजना मसिना केटाहरूले खासाकखुसुक कुरा गर्दै भन्छन्- 'ओई, गाजल हेर् न, गाजल।' ऊ मञ्चतिर जाँदा त्यही केटीहरू फेरि घोप्टिएर खितखितखित गर्दै

---

[२१३] थुलुङ, 'अक्षरेखा', पूर्ववत्, पृ १२१

हाँस्छन्। यसबाट पुरुष भएर पनि स्त्री देखिने ताराको रूप समाजका निम्ति स्वीकारयोग्य नभएको कुरा प्रस्ट भएको छ। उसको त्यस रूपलाई समाजमा अस्वाभाविक र असामान्य मानिएको छ जसले गर्दा ऊ समाजका दृष्टिमा अपमान र उपहासको पात्र बन्न पुगेको देखिन्छ।

### ४.१०.४ सीमान्तीकरणका दृष्टिले 'आधा अर्थ' कथामा प्रयुक्त भिन्न क्षमताको अध्ययन

प्रस्तुत कथामा ताराको समलैङ्गिक अवस्थालाई भिन्न क्षमताकै सन्दर्भमा हेरिएको छ। भिन्न क्षमतायुक्त मानिसहरूलाई उनीहरूको दुर्बलताका कारण सामाजिक मूलधाराबाट सीमान्तकृत गरिएझैं तारालाई पनि उसको भिन्न स्वभावका कारण सीमान्तकृत गरिएको पाइन्छ। समाजमा उसको उपस्थितिलाई महत्त्व दिइएको देखिँदैन। यस सन्दर्भमा समाजले बहिष्करण र पक्षपातको पद्धतिद्वारा भिन्न क्षमतायुक्त नरहेको मानिसलाई पनि भिन्न क्षमतायुक्त बनाउँछ[२१४] भन्ने एलिस हलको भनाइ उपयुक्त रहेको पाइन्छ। प्रस्तुत कथामा चित्रित तारालाई पनि सामाजिक पद्धतिद्वारा भिन्न क्षमतायुक्त बनाइएको देखिन्छ। कथामा प्रयुक्त भिन्न क्षमतालाई सीमान्तीकरणका दृष्टिले यसरी हेर्न सकिन्छ-

**४.१०.४.१ परिचय र प्रतिनिधित्वः** प्रस्तुत कथा 'आधा अर्थ' लैङ्गिक परिचयका दृष्टिले महत्त्वपूर्ण रहेको कथा हो। यस कथामा ताराको परिचय नारीस्वभाव भएको पुरुष समलिङ्गीका रूपमा भएको पाइन्छ। विपरीतलिङ्गी व्यवस्थालाई मान्यता दिने समाजमा समलैङ्गिकतालाई दुर्भाग्यका रूपमा हेरिन्छ। ताराको परिचयले यही दुर्भाग्यलाई सांस्कृतिक रूपमा प्रतिनिधित्व गरेको देखिन्छ।

**४.१०.४.२ अन्यत्वको धारणाः** प्रस्तुत कथामा तारालाई 'अन्य'-का रूपमा हेरिएको छ। यसैले ऊ सामान्य मानिसको कित्तामा पर्न सकेको छैन। उसको तुलनामा सरला र निर्मल दुवै सामान्य छन्। उनीहरू दुवै एक दिन घरजम गरेर बस्छन् तर ताराले न त

[२१४] हल, 'लिटरेचर एन्ड डिसएबिलिटी', लन्डन एन् न्यु योर्कः रुटलेज, पृ २१

कसैलाई बिहा गरेर ल्याउन सक्छ न त कसैसित पोइल जान नै सक्छ। समाजमा ताराजस्ता मानिसहरूको अन्तर्वेदना कसैले बुझ्न सक्दैनन्। यस कुराको बोध तारालाई भएको देखिन्छ। यसैले ऊ सरलालाई भन्छ-

> गाउँमा को छ भन् त मलाई बुझ्ने ? तँ छस्। तँ पनि एकदिन गइहाल्छस्। निर्मल छ। उसले पनि घर बसाउँछ एकदिन। अरू त त्यस्तै हो। मान्छेलाई बुझिदिने मान्छे भएन भने यो संसार बेकार छ।[२१५]

तारामा देखिएको यो उदासीनता उसको आफ्नो नभएर समाजद्वारा थोपरिएको उदासीनता हो। समाजमा ताराजस्तो मानिसलाई 'अन्य'-को दर्जामा राखेर छुट्ट्याउने, मानिसका रूपमा गणना नगर्ने र ठुलो अपराधीलाई जस्तो दुर्व्यवहार गर्ने रूढ विचारधारा विद्यमान रहेको पाइन्छ। त्यसैको प्रतिक्रियास्वरूप देखा परेको परिणाम हो भन्न सकिन्छ।

### ४.१०.५ सामाजिक समावेशीकरणका दृष्टिले 'आधा अर्थ' कथाम प्रयुक्त भिन्न क्षमताको अध्ययन

'आधा अर्थ' लैङ्गिक विषमताका आधारमा हुने सामाजिक एवम् सांस्कृतिक उत्पीडनबारे विवेचना गरिएको कथा हो। मानिसको शारीरिक रूपरचनाबारे निर्मित धारणा प्राकृतिक नभएर सांस्कृतिक हुन्छ भन्ने कुरा यस कथाको मूल कथ्यका रूपमा रहेको छ। समाजमा स्थापित नारी, पुरुष, पुरुष समलिङ्गी, नारी समलिङ्गी जस्ता धारणाहरू केवल सांस्कृतिका अभ्यासका उपज हुन्। यसैले मान्छे भएर जन्मेपछि मान्छेजस्तो भएर बाँच्न सक्नु मात्र जीवनको मूल अर्थ हो भन्ने कुरालाई कथामा अभिव्यक्त गरिएको छ। संसारमा कोही पनि निरर्थक र बेकार हुँदैनन्, सबैको जीवनको समान अस्तित्व र महत्त्व हुन्छ भन्ने मान्यतालाई अघि राख्दै कथाकारले ताराजस्ता सन्दिग्ध अवस्थामा रहेका मानिसहरूको उपस्थिति पनि समाजका निम्ति अनिवार्य हुन्छ भन्ने चाहेका छन्।

---

[२१५] थुलुङ, 'अक्षरेखा', पूर्ववत्, पृ १२२ - १२३

कथाकारको यही मूल सन्देशलाई भिन्न क्षमताको सामाजिक समावेशीकरणका पक्षमा राखिएको ठोस तर्क मान्न सकिन्छ।

**निष्कर्ष**

नेपाली कथामा आधुनिक चेतनासँगै भिन्न क्षमताका प्रसङ्गहरूले पनि प्रश्रय पाएको देखिन्छ। सामाजिक घटनाहरूको यथार्थ चित्रण गर्ने क्रममा नेपाली कथाकारहरूले भिन्न क्षमतायुक्त पात्रहरूको प्रयोगतिर विशेष ध्यान दिएका छन्। नेपाली समाजमा भिन्न क्षमतायुक्त मानिसहरूलाई कसरी अपमान र उपहासको विषय बनाइन्छ भन्ने कुराको वर्णनद्वारा समाजको वास्तविक चित्र प्रस्तुत गर्नु भिन्न क्षमताबारे लेखिएका कथाहरूको प्रमुख उद्देश्य रहेको पाइन्छ। वस्तुतः नेपाली कथामा भिन्न क्षमतायुक्त पात्रहरूको प्रयोग आलोचनात्मक दृष्टिले महत्त्वपूर्ण रहेको देखिन्छ। यस्ता कथाहरूका माध्यमबाट शारीरिक एवम् मानसिक विकृति भिन्न क्षमता होइन तर समाजमा आफैलाई सद्दे र भलाद्मी ठान्ने मानिसहरूको सोच भिन्न क्षमता हो भन्ने कुरालाई नेपाली कथाकारहरूले व्यक्त गर्न खोजेका छन्।

आजसम्मको खोजी र प्राप्तीअनुसार भिन्न क्षमताबारे लेखिएको पहिलो नेपाली कथा विश्वेश्वरप्रसाद कोइरालाको 'पवित्रा' हो। यसभन्दा अघि लेखिएका कथाहरूमा भिन्न क्षमताको प्रयोग प्रासङ्गिक रूपमा मात्र भएको पाइन्छ। यसकारण कोइराला नै भिन्न क्षमताबारे आधिकारिक रूपमा कलम चलाउने पहिलो कथाकार हुन् भन्न सकिन्छ। कोइरालापछि भिन्न क्षमतालाई केन्द्रिय विषयका रूपमा प्रस्तुत गर्दै विभिन्न समयका नेपाली कथाकारहरूले कलम चलाएको देखिन्छ। तीमध्ये अधिकांश कथाकारहरूले सामाजिक विसङ्गति, पितृसत्तात्मक सोच, आर्थिक विषमता, अन्धविश्वास आदिसँग जोडेर भिन्न क्षमताको वर्णन गरेका छन्। जस्तै- समको 'रूपको मूल्य', पुर्णप्रसाद ब्राह्मणको 'बौलाहा', गणुसिंह गुरुङको 'बौलाहा', अगमसिंह गिरीको 'टुकुली', प्रकाश कोविदको

'पगली बोजु', मटिल्टा राईको 'पगली', प्रेमा शाहको 'लोग्ने', अम्बर बहादुर गहतराजको 'बोक्सी बुढी', आर पी लामाको 'अन्धविश्वास' आदि। उक्त कथाहरू यथार्थवादी दृष्टिले मात्र नभएर मनोवैज्ञिनक दृष्टिले पनि परिष्कृत रहेका पाइन्छन्। अतः नेपाली कथामा सामाजिक यथार्थवादी धारा र मनोवैज्ञानिक धाराको प्रवर्तनसँगै भिन्न क्षमताको प्रयोग-परम्परा पनि समृद्ध बनेको देखिन्छ।

# पाँचौ अध्याय

## ५ नेपाली उपन्यासमा प्रयुक्त भिन्न क्षमताको अध्ययन

### ५.१ *लङ्गडाको साथी* उपन्यासमा प्रयुक्त भिन्न क्षमताको अध्ययन

### ५.१.१ लैनसिंह बाङ्देलको औपन्यासिक यात्रा

लैनसिंह बाङ्देल (जन्मः सन् १९२३, मृत्युः सन् २००२) एकजना सफल चित्रकार हुनका साथै सफल साहित्यकार पनि हुन्। चित्रकला र साहित्यकला दुवै क्षेत्रमा उनको स्थान विशिष्ट रहेको पाइन्छ। साहित्यका क्षेत्रमा बाङ्देलको प्रवेश कथाका माध्यमबाट भएको थाहा लाग्छ। उनले माध्यमिक तहका विद्यार्थी छँदै 'अन्धाको आँखा' शीर्षक कथा लेखेका थिए।[२१६] यसबाहेक उनले यात्रा संस्मरण, जीवनी, निबन्ध, समालोचना, अनुवाद आदि क्षेत्रमा पनि सफलतापूर्वक कलम चलाएको देखिन्छ। यसरी साहित्यका विविध विधाहरूमा सक्रिय रहे तापनि बाङ्देलको विशेष झुकाउ भने उपन्यास लेखनतिरै रहेको पाइन्छ। उनका चारवटा उपन्यास क्रमैले *मुलुक बाहिर* (सन् १९४८), *माइतघर* (सन् १९४९), *लङ्गडाको साथी* (सन् १९५१) र *रेम्ब्रान्ट* (सन् १९६६) प्रकाशित छन्। यिनै चारवटा उपन्यासका आधारमा बाङ्देललाई मूलतः सामाजिक यथार्थवादी, अतियथार्थवादी, मनोवैज्ञानिक, मानवतावादी तथा जीवनीपरक उपन्यासकार भनी चिन्न सकिन्छ।

बाङ्देल पहिलो यथार्थवादी नेपाली उपन्यासकार हुन्। उनको पहिलो उपन्यास *मुलुक बाहिर*देखि नै साहित्यमा ठोस रूपले यथार्थवादको प्रयोग र प्रारम्भ भएको मानिन्छ।[२१७] यस उपन्यासमा निम्नमध्यमवर्गीय मानिसहरूको दयनीय जीवनपद्धति,

---

[२१६] बराल र एटम, 'उपन्यास सिद्धान्त र नेपाली उपन्यास', पूर्ववत्, पृ १६७

[२१७] मोहन पी दाहाल, सन् २००१, *दार्जीलिङका नेपाली उपन्यास, परम्परा र प्रवृत्ति,* दार्जिलिङः श्याम ब्रदर्स प्रकाशन, पृ ८७

आर्थिक समस्या, श्रमजीविता, सङ्घर्ष आदिको यथार्थ चित्रण पाइन्छ। बाङ्देलले कल्पनातत्त्वको भरमा नभएर आफुद्वारा अनुभूत सत्यतथ्यको भरमा सामाजिक जीवनको यथार्थलाई अति सूक्ष्म एवम् सजीव रूपमा प्रस्तुत गरेका छन्। यस किसिमको प्रवृत्ति उनको दोस्रो उपन्यास *माइतघर*मा पनि विद्यमान रहेको पाइन्छ। समाजमा स्थापित विभिन्न प्रकारका नीति-नियम, परम्परागत धारणा, धार्मिक मान्यता, रूढि, आर्थिक पक्ष, मानसिक द्वन्द्व आदिको यथार्थ चित्रण गर्नु *माइतघर*को मूलभूत विशेषता हो। यसैको माध्यमबाट बाङ्देलले सामाजिक यथार्थको चित्र स्पष्ट पार्न खोजेका छन्।

*मुलुक बाहिर*बाट सुरु भएको यथार्थवाद *लङ्गडाको साथी*मा आइपुग्दा अझ परिष्कृत र परिमार्जित बनेको देखिन्छ। एकातिर *लङ्गडाको साथी*ले आर्थिक विषमताद्वारा उत्पन्न सामाजिक अव्यवस्थाको यथार्थ चित्रण गरेको छ भने अर्कातिर स्वप्निलकल्पनाका विषयलाई प्रस्तुत गरेर अतियथार्थवादको सूत्रपात गरेको छ। यसैले बाङ्देललाई सामाजिक यथार्थवादका मात्र नभएर अतियथार्थवादका पनि प्रथम प्रयोक्ता मानिन्छ। यसका अतिरिक्त समाजका सम्भ्रान्त परिवारका मानिसहरूले निर्धो लङ्गडामाथि गरेको अमानवीय आचरणबारे प्रकाश पार्दै मानवताका पक्षमा उभिनु पनि *लङ्गडाको साथी* उपन्यासको मूल उद्देश्य रहेको देखिन्छ। यस उपन्यासमा बाङ्देलले मानवताहीन समाजको चित्रण गरेर मानवीय संवेदना एवम् हार्दिकताप्रति जोड दिएका छन्।

बाङ्देलका उपन्यासमा मनोवैज्ञानिक प्रवृत्तिको प्रयोग पनि सफलतापूर्वक भएको पाइन्छ। *मुलुक बाहिर*को रनेमा उत्पन्न ईर्ष्या, शङ्का, अपराधबोध आदिले मनोद्वन्द्वको स्थितिलाई प्रकट गरेको देखिन्छ। *माइतघर*को हरि र सानीमा उत्पन्न मनोस्थिति तथा *लङ्गडाको साथी*को लङ्गडामा उत्पन्न मानसिक संवेगहरू पनि मनोद्वन्द्वका परिणाम बनेर देखा परेका छन्। यसरी नै *मुलुक बाहिर*को रने र माइला भुजेल, *माइतघर*की सानी, *लङ्गडाको साथी*को लङ्गडा, *रेम्ब्रान्ट*को रेम्ब्रान्ट आदिको जीवन निराशाको पराकाष्ठामा

पुगेको र मृत्युलाई सार्थक मानिएको घटनाबाट निराशावादी प्रवृत्ति पनि बाङ्देलका उपन्यासमा पाइने विशेषता रहेको थाहा लाग्छ। यसका साथै व्यक्तिको जीवनलाई आधार बनाएर उपन्यास लेख्ने परम्पराको अवलम्बन गर्दै बाङ्देलले जीवनीपरक प्रवृत्तिलाई पनि आत्मसात गरेका छन्। यिनै प्रवृत्तिहरूले उनको औपन्यासिक यात्रालाई सफलताको पराकाष्ठामा पुऱ्याएको देखिन्छ।

### ५.१.२ *लङ्गडाको साथी* उपन्यासको सारतत्त्व

*लङ्गडाको साथी* लैनसिंह बाङ्देलको तेस्रो उपन्यास हो। यस उपन्यासको रचना सन् १९५० -मा भएको तथा सन् १९५१ -मा जे बी तामाङद्वारा कलकत्ताबाट प्रकाशित भएको थाहा पाइन्छ। बाङ्देलले नेपाली उपन्यासका क्षेत्रमा यथार्थवादको प्रयोग गरेर समाजबाट उपेक्षित, तिरष्कृत तथा सीमान्तकृत वर्गको दैनिक दिनचर्यालाई यथार्थ रूपमा चित्रण गरेका छन्। उनका उपन्यासमा मिथ्या वा अपत्यारिला लाग्ने काल्पनिक घटनाहरूको वर्णन पाइँदैन। यसैकारण कृष्णचन्द्रसिंह प्रधानले उनलाई स्रष्टाभन्दा बढी दृष्टिगत सत्य अङ्कित गर्ने द्रष्टा मानेका छन्।[२१८] *लङ्गडाको साथी*मा पनि सामाजिक यथार्थको बाहुल्य र गहनता रहेको पाइन्छ। यद्यपि यो उपन्यास सामाजिक र आर्थिक पृष्ठभूमिमा उभिएको यथार्थवादी कृति भए तापनि मानसिक अन्तर्द्वन्द्व एवम् अवचेतनाको अभिव्यक्तिका दृष्टिले पनि विश्लेषणीय रहेको छ।[२१९] अतः यस उपन्यासलाई यथार्थवाद र अतियथार्थवाद दुवै विचारधाराको सुन्दर समागम भएको कृति मानिन्छ।

*लङ्गडाको साथी* मूलतः मानवीय क्रूरता, आर्थिक विषमता, शारीरिक तथा मानसिक प्रपीडन साथै अवचेतनको अवस्था अङ्कित भएको कृति हो। यस कृतिमा आर्थिक सम्पन्नता र विपन्नता, शारीरिक सबलता र दुर्बलता, मानवता र अमानवता आदि

---

[२१८] कृष्णचन्द्रसिंह प्रधान, वि सं २०५२, *नेपाली उपन्यास र उपन्यासकार,* ते सं, ललितपुरः साझा प्रकाशन, पृ २४०

[२१९] दाहाल, 'दार्जीलिङका नेपाली उपन्यास, परम्परा र प्रवृत्ति', पूर्ववत्, पृ २१२

बिचको विभेदलाई व्यवस्थित ढङ्गले केलाइएको छ। लैनसिंह बाङ्देल मानवीय जीवनको अकल्पनीय तर स्वाभाविक यथार्थबोध गर्न खोज्ने उपन्यासकार[२२०] भएकाले उनको जीवनदृष्टि *लङ्गडाको साथी*मा व्यापक बनेको पाइन्छ। यस उपन्यासमा चित्रित लङ्गडाको भोगाइ र सङ्घर्षले समाजका उपेक्षितवर्गको दिनचर्यालाई प्रस्तुत गरेको छ। दार्जिलिङका विभिन्न चोक तथा गल्लीहरूमा भिख मागेर जीवनयापन गर्नु नै लङ्गडाको नियति रहेको देखिन्छ। ऊ शारीरिक रूपले दुर्बल र असहाय छ तर उसको विचार समाजका सभ्य, शिक्षित र सम्भ्रान्त मानिसहरूको जस्तो तुच्छ किसिमको छैन। जुन समाजमा एउटा मानिसले अर्को मानिसप्रति पशुवत् व्यवहार गर्छ, त्यही समाजमा लङ्गडाले कुकुरप्रति मानवीय व्यवहार गरेको छ। ऊ कुकुरसँगै सुत्छ, कुकुरसँगै डुल्छ र आफ्ना मनका कुराहरू पनि कुकुरसँगै साझा गर्छ। पैसा हुँदा आफुले भरपेट खानका साथै कुकुरलाई पनि मासुभात खुवाउँछ। कुकुरसँगको यही आशक्तिले गर्दा ऊ कुकुर हराउँदा मानसिक रूपले विचलित हुन पुग्छ र कुकुरलाई कतै पनि नभेट्दा आफ्नो जीवनदेखि नै निराश हुँदै जान्छ। यसरी कुकुरलाई नै एक आँतको साथी मानेको घटनाबाट समाजमा व्याप्त विषमता र अमानवताप्रति तीव्र व्यङ्ग्य वा विरोध गरिएको छ। यस उपन्यासमा कुकुरले लङ्गडाबाट मात्र नभएर लङ्गडाले कुकुरबाट पनि त्यत्तिकै प्रेम, सहयोग र आत्मीयता प्राप्त गरेको घटना वर्णित छ। लङ्गडाले मृत्यु वरण गरेपछि पनि कुकुर उसकै खोजीमा चारैतिर भौंतारिन्छ र अन्तमा लङ्गडालाई जलाएकै ठाउँमा गएर आफ्नो प्राण त्याग गर्छ। उपन्यासको अन्तमा लङ्गडा र कुकुरको हाड एकै ठाउँ गाँसिएको अवस्थामा पाइनाले मानिस-मानिस बिचको सम्बन्धभन्दा मानिस र पशु बिचको सम्बन्ध प्रगाढ रहेको कुरालाई साङ्केतिक रूपमा प्रस्तुत गरिएको छ।

*लङ्गडाको साथी* आडम्बरी मानव-समाजप्रति तीव्र असन्तुष्टि व्यक्त गरिएको कृति हो। यस्तो असन्तुष्टि लङ्गडा र कुकुर बिचको सौहार्दपूर्ण प्रेम तथा लङ्गडाले

[२२०] प्रधान, 'नेपाली उपन्यास र उपन्यासकार', पूर्ववत्, पृ २४२

तन्द्रावस्थामा देखेका स्वप्निल दृश्यहरूका माध्यमबाट पनि व्यक्त भएको पाइन्छ। लङ्गडा र कुकुरबिच अटुट आत्मीयता हुनु, लङ्गडाले भित्तामा कुकुरको चित्र देख्नु, त्यो चित्र मानिसमा परिणत हुँदै जानु, लङ्गडाले चिल भएर देश विदेश घुम्ने कल्पना गर्नु, सपनामा कुकुरलाई गिद्धले ठुँगेको देख्नु, फेरि कुकुर आफुसँग नहुँदा पनि आफ्नै छेउमा सुतिरहेको बोध गर्नु, मानिसको बन्धनबाट कुकुरलाई मुक्त गरेको देख्नु आदि विश्रृङ्खल घटनाहरू मानव-समाजको क्रूरता र वैमनस्यताले उत्पन्न भएका घृणापूर्ण विरोधका प्रतीकहरू हुन्। यस दृष्टिले प्रस्तुत उपन्यासलाई समाजको अतियथार्थ वा परम सत्यको उद्घाटन गर्न सफल बनेको देखिन्छ।

### ५.१.३ कलङ्कीकरणका दृष्टिले *लङ्गडाको साथी* उपन्यासमा प्रयुक्त भिन्न क्षमताको अध्ययन

*लङ्गडाको साथी* भिन्न क्षमतायुक्त मानिसको जीवनमा आधारित उपन्यास हो। यस उपन्यासको शीर्षकले नै भिन्न क्षमताको सन्दर्भलाई प्रस्तुत गरेको छ। लङ्गडाको जीवनस्तर, दैनिक अनुभव, सामाजिक एवम् सांस्कृतिक मूल्य आदि यस उपन्यासका केन्द्रिय पक्ष हुन्। उपन्यासकारले लङ्गडालाई प्रतिनिधि पात्रका रूपमा उभ्याएर भिन्न क्षमताबारे निर्मित सामाजिक एवम् सांस्कृतिक धारणाबारे प्रकाश पार्न खोजेको देखिन्छ। यस दृष्टिले लङ्गडा पूर्णतया सामाजिक एवम् सांस्कृतिक धारणाको उपज हो र उसको एउटैमात्र साथी कुकुरचाहिँ त्यस धारणादेखिको पलायनवृत्ति हो भन्न सकिन्छ। यस उपन्यासमा चित्रित लङ्गडा अन्यमाथि भर परेर बाँच्ने असहाय र उपेक्षित पात्र रहेको देखिन्छ। मानिस भएर जन्मे तापनि मानवीय सम्बन्धभित्र उसको कुनै अस्तित्व रहेको देखिँदैन। उपन्यासमा उसलाई परिचयबिहिन, घरबिहिन, साहराबिहिन, सम्बन्धबिहिन तथा सामर्थ्यबिहिन पात्रका रूपमा चित्रण गरिएको छ। यसैले समाजका सभ्य, शिक्षित र धनाढ्य मानिसहरूले उसलाई मानिसका रूपमा नभएर एउटा घृणित वस्तुका रूपमा

हेरेका छन्। मानिसहरूको यही घृणापूर्ण व्यवहारले संस्थागत रूपमा कलङ्कीकरणको धारणालाई प्रोत्साहित गरेको देखिन्छ। यस किसिमको धारणाअन्तर्गत नकारात्मक छवि निर्माण, भेदभाव र पक्षपातको भावना, धार्मिक मान्यता आदि प्रमुख रहेका पाइन्छन्।

**५.१.३.१ नकारात्मक छवि निर्माणः** प्रस्तुत उपन्यासमा चित्रित लङ्गडालाई एकजना सङ्घर्षशील र जीवनप्रति अवाध उत्साह भएको पात्र मान्न सकिन्छ। उसको व्यक्तिगत जीवनमा लङ्गडोपनबाहेक अन्य कुनै प्रकारको खोट रहेको पाइँदैन तापनि उसको गणना अत्यन्तै हीन एवम् तुच्छ व्यक्तिका रूपमा भएको छ। भिन्न क्षमताका सन्दर्भमा व्यक्तिको परिचय तात्त्विक नभएर समाजनिर्मित हुन्छ भन्ने सिद्धान्तकारहरूको भनाइ रहेको पाइन्छ। लङ्गडाको परिचय पनि तात्त्विक नभएर समाजनिर्मित रहेको देखिन्छ किनभने उसलाई भिखारीका रूपमा अमानवीकरण गर्ने तथा उसको नकारात्मक छवि निर्माण गर्ने प्रक्रियाको मूल जड नै समाज हो। यसबाट शरीरको कुनै अङ्ग विकृत हुनु भनेको भिन्न क्षमताको अवस्थामा पुग्नु हो र भिन्न क्षमतायुक्त हुनु भनेको समाजमा निरर्थक भएर बाँच्नु हो भन्ने धारणा प्रतिपादित भएको पाइन्छ। यसैको परिणामस्वरूप लङ्गडाको नकारात्मक छवि निर्माण गर्ने तथा उसलाई सामाजिक कलङ्कका चिह्नका रूपमा प्रस्तुत गर्ने कार्य भएको देखिन्छ। यस सन्दर्भमा भिन्न क्षमता भनेको सामाजिक प्रक्रिया हो, जसले विभिन्न बाधाहरूका माध्यमबाट शारीरिक विकृतिलाई नकारात्मक छविका रूपमा चित्रण गर्छ[२२१] भन्ने डेविसको भनाइ उपयुक्त रहेको पाइन्छ। मिसेल र स्नाइडर प्रभृत विद्वान्हरूले पनि भिन्न क्षमतालाई समाजद्वारा उत्पादित हुने विषय मानेका छन् र त्यस उत्पादन प्रक्रियामा नकारात्मक छविसम्बन्धी व्याख्या महत्त्वपूर्ण हुने कुरा गरेका छन्।[२२२] यस दृष्टिले *लङ्गडाको साथी*मा चित्रित लङ्गडाको अवस्थालाई हेर्दा के भन्न

---

[२२१] लेनार्ड जे डेविस, 'बेन्डिङ ओभर ब्याकवार्ड्स, डिसएबिलिटी, डिसमोडर्निज्म एन्ड अदर डिफिकल्ट पोजिसन्स्', पूर्ववत्, पृ १२

[२२२] मिसेल र स्नाइडर, 'न्यारेटिभ प्रोस्थेसिस, डिसएबिलिटी डिपेन्डेन्सिस् अफ् डिस्कोर्स', पूर्ववत्, पृ २०

सकिन्छ भने लङ्गडाको शारीरिक विकृतिलाई सामाजिक बाधाका रूपमा हेरिएको छ र उसको जीवन समाजका लागि बोझबाहेक अरू केही होइन भन्ने नकारात्मक विचारलाई प्रश्रय दिइएको छ। यसैले ऊ मानिसहरूका निम्ति उपहास र हाँसोको पात्र हुनका साथै समाजभित्रै बसेर पनि समाजहीन बन्न पुगेको देखिन्छ। उदाहरणका रूपमा निम्नलिखित गद्यांशहरूलाई हेर्न सकिन्छ-

> मानिसहरूले उसलाई लङ्गडा भनी उसका बिग्रेका अङ्गहरू देखाएर ठट्टा गर्थे, जिस्क्याउँथे।[२२३]
>
> संसारमा ऊ त एउटा विकृत अङ्ग भएको निर्बल प्राणी न थियो। यसैले मानवसंसारभित्र भए पनि ऊ समाजहीन थियो।[२२४]

उपरोक्त दुई उद्धरणबाहेक लङ्गडाले अन्य भिखारीहरूका छेउमा आफुलाई धेरै बाठो र अनुभवी ठानेको घटनाको वर्णन पनि नकारात्मक छविको सन्दर्भसँगै सम्बन्धित रहेको देखिन्छ। जस्तै — *मैला गनाउने च्याथ्रा च्याथ्रा भइसकेका वस्त्र लाउने अरू माग्नेहरू त्यहाँ झुरुम्म भएर अनेक कुरा गरिरहन्थे, तर लङ्गडा भने केही बोल्दैनथ्यो। ऊ चुप लागेर उनीहरूका कुरा सुनिरहन्थ्यो। आफुलाई उनीहरूभन्दा धेरै बाठो र धेरै अनुभवी ठान्थ्यो।*[२२५] यसरी आफुजस्तै भिख माग्नेहरूका छेउमा आफुलाई बाठो र अनुभवी ठानेको घटनालाई लङ्गडाले रचेको स्वाङ् मान्न सकिन्छ किनभने यस्तो स्वाङ् रचेर नै उसले आफुभित्रको हीनताबोधलाई हटाउने प्रयास गरेको छ। मिसेल र स्नाइडरअनुसार आफ्नो अक्षमतालाई संस्थागत रूपमा भइरहेको कलङ्कीकरणबाट पृथक राख्नका निम्ति भिन्न क्षमतायुक्त मानिसहरूले आफ्नो अक्षमतालाई हटाउने स्वाङ् रच्दछन्।[२२६] अतः

---

[२२३] लैनसिंह बाङ्देल, सन् २०१५, *लङ्गडाको साथी,* चौ सं, काठमाडौं : रत्न पुस्तक भण्डार, पृ ६

[२२४] पूर्ववत्, पृ २२

[२२५] पूर्ववत्, पृ १९

[२२६] मिसेल र स्नाइडर, 'न्यारेटिभ प्रोस्थेसिस, डिसएबिलिटी एन्ड डिपेन्डेन्सिस् अफ् डिस्कोर्स', पूर्ववत्, पृ ३

लङ्गडाको व्यवहारमा पनि यस्तै किसिमको स्वाङ् देखा परेको छ, जुन स्वाङ्लाई उसको नकारात्मक छविद्वारा उत्पन्न हीनताबोधको परिणाम मान्न सकिन्छ।

**५.१.३.२ भेदभाव र पक्षपातको भावनाः** *लङ्गडाको साथी*मा चित्रित लङ्गडाको दयनीय अवस्था नै भेदभाव र पक्षपातको परिणाम बनेर देखा परेको छ। आफ्नो विकृत अङ्गको कारण समाजका सभ्य मानिसहरूद्वारा अपमानित र तिरस्कृत भएर बाँच्नु उसको दैनिकी बनेको देखिन्छ। मानिसहरू उसलाई देखेर हाँस्छन्, ठट्टा गर्छन् र उसको विकृत अङ्गको खिल्ली उडाउँछन्। सहरका बदमास केटाकेटीहरू उसलाई 'भुइँ भालु' भनेर जिस्क्याउँछन्। यी सबै घटनाबाट समाजमा शारीरिक विकृतिलाई कसरी कलङ्कका चिह्नका रूपमा हेरिन्छ भन्ने कुराको उद्घाटन भएको छ। बदमास विद्यार्थीहरूको दलले उसलाई 'भुइँ भालु'-को संज्ञा दिएर ऊ मान्छे होइन अर्थात् मान्छेको दर्जामा पर्ने सामाजिक प्राणी होइन भन्ने कुरा दर्शाएका छन्। यसरी नै पानी परेको बेला ऊ बिजोग भएको देखेर घडीपसलमा ओत लाग्न आउने तथा रेस्टुराँमा बस्ने मानिसहरू उसलाई हेर्दै हाँसेको घटनाले पनि समाजमा ऊ केवल रमिताको विषयमात्र हो भन्ने कुरातिर सङ्केत गरेको छ। यस दृष्टिले हेर्दा मानिस भएर पनि मानिसको दर्जा प्राप्त नहुनु लङ्गडाका निम्ति ठुलो अपमान वा कलङ्कको विषय बनेको देखिन्छ। यसैले ऊभित्र क्रोध र लाजजस्ता संवेगहरू क्रियाशील रहेका पाइन्छन् किनभने कलङ्कका रूपमा चिह्नित व्यक्ति कि त अत्यन्तै आक्रोशित हुन्छ कि त अत्यन्तै लज्जित हुन्छ।[२२७] उदाहरणका रूपमा निम्न दुई गद्यांशलाई हेर्न सकिन्छ-

> सहरका बदमास केटाकेटीहरूको एउटा दल थियो। उनीहरू उसलाई 'भुइँ भालु' भनी खिज्याउँथे। ऊ रिसले भुतुक्क भएर आफ्नो लौरो टिपी झटारो हान्न खोज्थ्यो।[२२८]

---

[२२७] गोफम्यान, 'स्टिग्मा, नोट्स अन् द म्यानेज्मेन्ट अफ् स्पोइल्ड आइडिन्टिटी', पूर्ववत्, पृ २०

[२२८] बाङ्देल, 'लङ्गडाको साथी', पूर्ववत्, पृ ६

> पान खान आउने युवकहरूलाई उसले राम्ररी हेर्थ्यो, उनीहरूका सुकिला लुगा हेर्थ्यो।.......उसले कसैको अनुहारमा हेरिरहेको कुनै अर्कै मानिसले देख्यो भने लङ्गडा इषत् लाज मान्थ्यो र आँखा अर्कैतिर घुमाउँथ्यो।[२२९]

**५.१.३.३ धार्मिक मान्यताः** *लङ्गडाको साथी*मा भिन्न क्षमतायुक्त हुनु भनेको पूर्वजन्ममा गरेको पापको परिणाम हो भन्ने विचार व्यक्त गरिएको पाइन्छ। यसैको परिणामस्वरूप लङ्गडाले मागेर खानुलाई आफ्नो जन्मसिद्ध अधिकार मानेको देखिन्छ। उदाहरणका रूपमा हेरौं-

> आफ्नो पूर्वजन्मको पापले मानिसलाई विधाताले लङ्गडा बनाई, अन्धा बनाई, कुँजे बनाई, शक्तिहीन बनाई संसारको यातना र कष्ट भोग्न पठाएका होलान् भनी ऊ विचार गर्थ्यो।[२३०]

वास्तवमा लङ्गडाको यस्तो स्वीकारोक्तिलाई यथार्थ रूपमा नभएर समाजद्वारा थोपरिएको नियमका रूपमा हेर्न सकिन्छ। यस प्रक्रियाअन्तर्गत सबल शरीरलाई नियमका रूपमा हेरिन्छ र दुर्बल शरीरलाई कलङ्क मान्ने गरिन्छ। यस्ता कलङ्कद्वारा कलङ्कित हुने मानिसहरूलाई प्रदूषणका रूपमा हेर्ने प्रचलन रहिआएको पाइन्छ। वस्तुतः यो एउटा रूढ एवम् पारम्परिक धारणा हो। यसै धारणाअन्तर्गत सामाजिक तथा सांस्कृतिक अभ्यासका रूपमा धार्मिक मान्यताहरू क्रियाशील रहेका पाइन्छन्। यस दृष्टिले हेर्दा लङ्गडाले आफ्नो शारीरिक विकृतिलाई पूर्वजन्मको पापको कारण ईश्वरले दिएको दण्ड मान्नुलाई रूढिग्रस्त सामाजिक व्यवस्थाप्रति गरिएको व्यङ्ग्य मान्न सकिन्छ।

---

[२२९] पूर्ववत्, पृ १५ - १६

[२३०] पूर्ववत्, पृ १२ - १३

### ५.१.४ सीमान्तीकरणका दृष्टिले *लङ्गडाको साथी* उपन्यासमा प्रयुक्त भिन्न क्षमताको अध्ययन

*लङ्गडीको साथी*मा लङ्गडालाई सभ्य र परिष्कृत समाजदेखि बाहिरको विषय मानिएको छ। उसको जीवनशैली समाजका अन्य मानिसहरूको जस्तो सामान्य र स्थिर रहेको देखिँदैन। ऊ दिनभरि काठको भरमा घस्रेर भिख माग्छ तर पनि भरपेट खान पाउनुदेखि बञ्चित नै रहेको देखिन्छ। अतः ऊ समाजको परिधिमा रहेको अत्यन्तै हतभागी पात्र हो। मान्छे भएर जन्मे पनि आफ्ना विकृत अङ्गहरूको कारण ऊ सबल र सामान्य भनिएका मानिसहरूको समाजदेखि बहिष्कृत तथा सीमान्तकृत हुन पुगेको देखिन्छ। वस्तुतः लङ्गडालाई सामाजिक मूलधाराबाट अलग पार्ने कारकतत्त्वका रूपमा परिचय तथा प्रतिनिधित्वको धारणा, सक्षमता वा सामान्यताप्रतिको धारणा, अल्पसंख्यक समूहसम्बन्धी धारणा, वर्ग वा श्रेणीसम्बन्धी धारणा आदि प्रमुख रहेका पाइन्छन्।

**५.१.४.१ परिचय तथा प्रतिनिधित्वः** *लङ्गडाको साथी*मा लङ्गडाको वास्तविक नाम, जात, थर, ठेगाना, इष्टमित्र आदिबारे स्पष्ट जानकारी दिइएको पाइँदैन। ऊ आफैले पनि आफ्नो विषयमा भन्नु कर पर्दा घरी बरबटे कमानको रैथाने बताएको देखिन्छ भने घरी नेपाल, ४ लम्बरबाट आएको भनेर आफ्नो परिचय दिएको देखिन्छ। यसरी नै उसले आफ्ना नचल्ने खुट्टाबारे बताउँदा पनि जन्मजात त्यस्तो भएको र एकजना मानिसको घरमा गोठालो बसेको समय घाँस काट्न जाँदा रूखबाट लडेर त्यस्तो भएको भनी दुईवटै कारण बताएको देखिन्छ। यसरी लङ्गडाले उसको परिचय र उसलाई प्रतिनिधित्व गर्ने शारीरिक विकृतिबारे साँचो कुरा बताउन नचाहेको घटनालाई समाजको आडम्बरी चरित्रप्रति प्रहार गरिएको व्यङ्ग्य मान्न सकिन्छ। यस घटनाका पछि पनि दुईवटै कारण मुख्य रहेका देखिन्छन्। प्रथमतः आफ्नो वास्तविक परिचय बताउँदैमा ‘लङ्गडा भिखारी’ भन्ने कलङ्कबाट मुक्त हुन नसक्नु र द्वितीयतः मानिसहरूले गहिरो संवेदना वा सहानुभूतिका

कारण नभएर केवल समय कटौनीका निम्ति मात्र उसको विषयमा सोधेका हुन् भन्ने कुरा उसलाई थाहा हुनु। यसर्थ जसरी मानसिहरूको सोधाइमा कुनै सत्यता रहेको देखिँदैन, त्यसरी नै लङ्गडाको उत्तरमा पनि कुनै सत्यता रहेको देखिँदैन।

प्रस्तुत उपन्यासमा लङ्गडाको परिचय नामबाट नभएर 'लङ्गडा' भन्ने अपमानबोधक सम्बोधनबाट भएको पाइन्छ, जसले व्यापक रूपमा सीमान्तकृतहरूको अवस्थालाई प्रतिनिधित्व गरेको छ। यसैको परिणामस्वरूप ऊ झुत्रे, झुम्रे, असहाय, निर्बल र समाजमा कुनै स्थान नभएको असुरक्षित प्राणीका रूपमा चिह्नित हुन पुगेको देखिन्छ। लङ्गडाको यस्तो परिचयले एकातिर नक्षवाद र अर्कातिर श्रेणी विभाजनको प्रक्रियालाई प्रोत्साहित गरेको देखिन्छ। यस दृष्टिले लङ्गडा भनेको नक्षवादी विचारधाराद्वारा पोषित एउटा नृजातीय परिचय हो, जसले श्रेणीगत रूपमा निम्नस्तरको जीवनशैली, रहनसहन, दुःख, यातना, उत्पीडन आदि अवस्थाहरूको प्रतिनिधित्व गरेको देखिन्छ।

**५.१.४.२ सक्षमता वा सामान्यताको धारणाः** प्रस्तुत उपन्यास *लङ्गडाको साथी*मा लङ्गडाले आफैलाई असक्षम वा असामान्य रूपमा प्रस्तुत गरेको देखिँदैन, तर उसलाई सामाजिक प्रक्रियाअन्तर्गत असक्षम वा असामान्य बनाइएको छ। समाजमा आफैलाई सक्षम वा सामान्य ठान्ने मानिसहरूले ऊप्रति गरेको भेदभावपूर्ण व्यवहार नै उसलाई मानवसमाजदेखि सीमान्तकृत गर्ने कारकतत्त्वका रूपमा देखा परेको पाइन्छ। यसरी हेर्दा लङ्गडाको असहायपन तथा शारीरिक अशक्तता नै अन्य मानिसहरूका निम्ति आ-आफ्ना सक्षमता वा सामान्यतालाई नाप्ने मापदण्ड बनेको देखिन्छ। कतिपय मानिसले क्रूर क्रीडाद्वारा लङ्गडाको अपमान गर्दै आफ्नो शारीरिक सक्षमता वा सामान्यताको परिचय दिएका छन्। सहरका मानिसहरूले उसका विकृत अङ्गहरूको खिल्ली उडाएर आफ्नो शरीरमा कुनै प्रकारको खोट वा विकृति नभएको प्रमाण दिएका छन्। बदमास विद्यार्थीहरूले उसलाई 'भुइँ भालु' भन्दै जिस्क्याएर उनीहरू आफु 'भुइँ भालु'जस्तो

असामान्य नरहेको तथा शारीरिक रूपले सक्षम रहेको कुरा दर्शाएका छन्। यसरी नै पसलमा बस्ने पसलेहरू, पान खान आउने युवकहरू, रेस्टुराँमा बस्ने मानिसहरू, अड्डा जाने किरानीहरू, गाडीचालकहरू, शहरका दुष्ट युवकहरू, लङ्गडाको स्पर्शमात्रले पनि फोहोर लाग्लाजत्तिकै गर्ने भलाद्मी, अग्लो दाह्री भएको मानिस आदि सबैले आफैलाई सक्षम र सामान्य मानिसका कित्तामा राखेको कारण लङ्गडाको जीवन सामाजिक मूलधाराबाट सीमान्तकृत हुन पुगेको देखिन्छ।

**५.१.४.३ अन्यत्वको धारणाः** *लङ्गडाको साथी*मा चित्रित समाजका मानिसहरूको व्यवहारबाट नै लङ्गडा 'अन्य' हो भन्ने धारणा प्रकट भएको देखिन्छ। वास्तवमा लङ्गडा पनि त्यही समाजको अभिन्न अङ्ग हो, जुन समाजमा विद्यार्थी, पसले, अड्डाका किरानी, गाडीचालक आदि बसेका छन्। यद्यपि आफ्ना विकृत अङ्गहरूको कारण भिख माग्न बाध्य बनेकोले समाजमा उसको उपस्थितिलाई मूल्यहीन तथा नगण्य ठानिएको पाइन्छ। उदाहरणका रूपमा निम्नलिखित गद्यांशलाई हेर्न सकिन्छ-

> लङ्गडाको अवस्थामाथि न कसैले दया गर्थ्यो न कसैले त्यति गम्भीर विचार गर्थ्यो। सबैले लङ्गडालाई दिनहुँ देख्थे। मानिसहरू सब आफ्नो-आफ्नो चिन्तामा, स्वार्थमा डुबेर हिँडिरहन्थे। उनीहरूलाई आफ्नो संसारबाहेक, आफ्नो दुःखसुखबाहेक अरूको चिन्ता अथवा वास्ता हुँदैनथ्यो। स्कुलका विद्यार्थीहरू, अड्डामा जाने किरानीहरू, बजारका पसलेहरू सबै लङ्गडालाई रोजै यता र उता घस्रिरहेको वा सडकको छेउमा बसेर भिख मागिरहेको देख्थे। तर कसैलाई त्यस लङ्गडाको वास्तविक अवस्थामाथि विचार गर्ने अवकाश नै थिएन।[२३१]

मानवसमाजको यही आडम्बरी रूप नै लङ्गडालाई 'अन्य'-को वर्गमा छुट्याउने आधार बनेको देखिन्छ। यसैको प्रतिक्रियास्वरूप लङ्गडाको अन्तरङ्ग सम्बन्ध मानिससँग नभएर कुकुरसँग स्थापित हुन पुगेको देखिन्छ। ऊ मानिसहरूद्वारा गरिएको दुर्व्यवहार, घृणा,

[२३१] पूर्ववत्, पृ २२ - २३

अपमान आदिका कारण जत्ति दुःखी बनेको देखिन्छ, त्यसभन्दा दोहोरो दुःखी कुकुर हराउँदा बनेको देखिन्छ। कुकुर हराउँदा उसले आफैलाई नितान्त एकलो अनुभव गरेको घटनालाई उपन्यासमा निम्न रूपमा अभिव्यक्त गरिएको छ-

> संसारमा अहिले उसको कोही परिवार रहेनछन्, कोही आत्मीय रहेनछ, कोही समाज रहेनछ। चारैतिर उसका निम्ति शून्यता, नीरवतामात्र रहेछन्। आज उसलाई असाध्यै नरमाइलो लाग्यो। आज झुप्रोको यो नीरवताले उसलाई झन् अधीर बनायो।[२३२]

उक्त उद्धरणले लङ्गडासम्बन्धी अन्यत्वको धारणालाई आलोचनात्मक रूपमा प्रस्तुत गरेको देखिन्छ।

### ५.१.४ सामाजिक समावेशीकरणका दृष्टिले *लङ्गडाको साथी* उपन्यासमा प्रयुक्त भिन्न क्षमताको अध्ययन

प्रस्तुत उपन्यास *लङ्गडाको साथी*मा उपन्यासकारले लङ्गडालाई उपेक्षित, तिरष्कृत, अपमानित, लाञ्छित एवम् समाजबाट सीमान्तकृत रहेको देखाएर ऐतिहासिक रूपले भिन्न क्षमतायुक्त मानिसहरूमाथि हुँदै आइरहेको अन्याय र शोषणबारे अवगत गराएका छन्। यसबाट भिन्न क्षमतायुक्त हुनु कुनै दोष वा खोट नभए तापनि सामाजिक तथा सांस्कृतिक प्रक्रियाअन्तर्गत भिन्न क्षतमायुक्त मानिसहरूलाई कसरी दोष वा खोटका रूपमा हेरिन्छ र उनीहरूप्रति भेदभावपूर्ण व्यवहार गरिन्छ भन्ने विषयको उद्घाटन भएको देखिन्छ। वस्तुतः भिन्न क्षमतायुक्त मानिसहरू पनि समाजकै अभिन्न अङ्ग भएकाले उनीहरूप्रति कुव्यवहार गर्नु अमानवताबाहेक अरू केही होइन भन्ने बोध समाजलाई गराउनु नै *लङ्गडाको साथी* उपन्यासको केन्द्रिय पक्ष रहेको थाहा लाग्छ।

---

[२३२] पूर्ववत्, पृ ४३

*लङ्गडाको साथी*मा पनि लङ्गडालाई समाजका मानिसहरूले कलङ्कका रूपमै हेरेका छन्, तर पनि लङ्गडाको सहनशील प्रवृत्ति, मानवीय दृष्टिकोण तथा सङ्घर्षशीलताको चित्रणले उसको सकारात्मक छविलाई प्रकाशमा ल्याएको देखिन्छ। समाजबाट सधैं दुत्कारिए तापनि लङ्गडाले आफैलाई कमजोर बनाएको देखिँदैन। उसले सजिलैसँग समाजका लाञ्छना वा तिरस्कारहरूलाई सहेको देखिन्छ। यसरी विपरीत परिस्थितिमा पनि अडिग रहने प्रवृत्तिलाई लङ्गडाको सकारात्मक छविका रूपमा हेर्न सकिन्छ। यसका अतिरिक्त लङ्गडामा व्याप्त मानवीय दृष्टिकोणले उसको सकारात्मक छवि निर्माण गर्ने पक्षमा महत्त्वपूर्ण भूमिका निर्वाह गरेको देखिन्छ। आफ्नो साथी कुकुरलाई अधिक माया गर्नु, आफु र कुकुरमाझ कुनै भिन्नता रहेको नदेख्नु, कुकुरलाई गिद्धले ठुँगेको सपना देखेर विचलित हुनु, कुकुरको भोकलाई पनि आफ्नै भोकजस्तो मान्नु, कुकुर हराउँदा मानसिक रूपले विचलित हुनु आदि घटनाहरूको वर्णन उपन्यासमा पाइन्छ। यिनै घटनाहरूले लङ्गडाको मानवीय दृष्टिकोणलाई प्रस्तुत गरेका छन्। समाजका मानिसहरूले आफुजस्तै अर्का मानिसप्रति गर्न नसकेको मानवीय व्यवहार उसले कुकुरप्रति गरेर आफु मानवीय गुणले सम्पन्न रहेको कुरालाई प्रकट गरेको छ। यसरी नै लङ्गडामा सङ्घर्ष गर्न सक्ने क्षमता रहेको देखिन्छ। आफ्ना दुवै खुट्टा नचले तापनि आफैलाई काठको सहारामा घिस्राएर उसले जीवनका निम्ति कठोर सङ्घर्ष गरेको छ। यी घटनाहरूका वर्णनबाट उपन्यासकारले भिन्न क्षमतायुक्त हुनु भनेको स्तरहीन हुनु होइन, तर एउटा विशेष स्तरका रूपमा भिन्न क्षमताको अवस्थालाई प्रस्तुत गर्नु हो भन्ने विचार व्यक्त गरेको देखिन्छ।

प्रस्तुत उपन्यासमा लङ्गडाजस्तो भिन्न क्षमतायुक्त मानिसमाथि भएको दुर्व्यवहारबाट उपन्यासकारले रूढिवादी सामाजिक एवम् धारणाहरूको विघटन गर्न खोजेको देखिन्छ। समाजमा भिन्न क्षमतालाई अवमूल्यन गर्ने रूढ मानसिकता विद्यमान रहेको पाइन्छ। यसैको परिणामस्वरूप भिन्न क्षमता भनेको बोझ हो, दुर्भाग्य हो, समाजमा

कुनै पनि जिम्मेवारी बहन गर्न नसक्ने निष्काम र निरर्थक विषय हो भन्ने मान्यताहरू प्रचलित रहेका पाइन्छन्। यिनै मान्यताहरूले गर्दा भिन्न क्षमतायुक्त मानिसहरू अपमान र भेदभावका सिकार हुन्छन्। यस्तो अपमान र भेदभावको सिकार हुनुबाट *लङ्गडाको साथी*को लङ्गडा पनि अछूत रहेको देखिँदैन। वस्तुतः उपन्यासकारले लङ्गडामाथि भइरहेको अन्याय, अत्याचार, उपेक्षा र अपमानका घटनाहरूबारे वर्णन गरेर त्यस किसिमका रूढ सामाजिक धारणाहरूको अन्त हुनुपर्छ भन्ने विचार अभिव्यक्त गरेको कुरा स्पष्ट रूपमा देखिन्छ। उदाहरणका रूपमा निम्नलिखित गद्यांशलाई हेर्न सकिन्छ-

> हुनलाई त ऊ पनि मान्छे, ऊ पनि मान्छे। तर आफु भलाद्मी हुँ भन्ने सम्झी ऊ मानवताको तहबाट धेरै तल्तिर गिरेको थियो।[२३३]

यसरी लङ्गडालाई मान्छेका रूपमा नगन्ने समाजका भलाद्मीमा मानवता नरहेको कुरा प्रकट गरिएको छ। उपन्यासकारले लङ्गडा पनि मान्छे नै हो र ऊप्रति पनि मान्छेलाई जस्तै व्यवहार गर्नुपर्छ भन्ने विचार व्यक्त गर्दै रूढ सामाजिक एवम् सांस्कृतिक धारणामा सुधार ल्याउने आग्रह राखेका छन्। यही सुधारको भावनाबाट सामाजिक समावेशीकरणको धारणा प्रस्तुत भएको देखिन्छ।

प्रस्तुत उपन्यासमा मानवतावादी दृष्टिकोणलाई सकारात्मक र नकारात्मक दुवै प्रकारका क्रियाकलापद्वारा प्रस्तुत गरिएको पाइन्छ। सकारात्मक क्रियाकलापद्वारा मानवताको परिचय दिनेहरूमा सहरका केही भावुक मानिसहरू, कोइला बोक्ने तामाङ ठिटो र बूढो मत्थु ड्राइभर आदि प्रमुख रहेका छन्। सहरका केही भावुक मानिसहरूले लङ्गडालाई हिउँको डल्लाले हिर्काएर यातना दिइरहेका बदमास केटाहरूलाई हप्काएर मानवताको परिचय दिएका छन्। कोइला बोक्ने तामाङ ठिटोले आफु गरिब भए तापनि लङ्गडालाई चियाखाजा खाऊ भनेर ताँबाको एउटा पैसा र दुईवटा दुअन्नी दिएर

[२३३] पूर्ववत्, पृ ४८

मानवताको परिचय दिएको छ। यसरी नै एकजना बूढो मत्थु ड्राइभरले पनि एकन्नी, दुअन्नी र चारआनी पैसा लङ्गडाको अघि फ्याँकिदिएर मानवताकै परिचय दिएको छ। त्यस बूढो ड्राइभरले आफु टन्नै मातेको कारण पैसा हातमा नदिएर भुइँमा फ्याँकिदिएको छ। यो घटना लङ्गडाका निम्ति अपमानमूलक रहेको देखिए तापनि त्यस ड्राइभरको उद्देश्य भने नराम्रो रहेको देखिँदैन। यसरी नै नकारात्मक क्रियाकलापद्वारा अमानवताको परिचय दिने सहरका मानिसहरू, बदमास विद्यार्थीहरू, बजारका पसलेहरू, अड्डाका किरानीहरू, भलाद्मीहरू, दाह्री भएको मानिस आदिको चित्रणमा आलोचनात्मक शैलीको अनुसरण गरेर उपन्यासकारले मानवतावादी दृष्टिकोणलाई प्रस्तुत गरेको देखिन्छ।

## ५. २ *नरेन्द्र दाइ* उपन्यासमा प्रयुक्त भिन्न क्षमताको अध्ययन

### ५.२.१ विश्वेश्वरप्रसाद कोइरालाको औपन्यासिक यात्रा

विश्वेश्वरप्रसाद कोइरालाको साहित्यिक यात्रा कथालेखनबाट सुरु भएर उपन्यासलेखनमा फराकिलो बनेको देखिन्छ। उनको जीवनको पूर्वार्द्ध कथाकार व्यक्तित्व हो भने उत्तरार्द्ध उपन्यासकार व्यक्तित्व हो।[२३४] उनले आफ्नो वैचारिकतालाई कलात्मक आवरण दिई आफ्नो औपन्यासिक यात्रा अघि बढाएका छन्।[२३५] मानवजीवनको समग्र अध्ययन तथा नवीन मूल्यहरूको स्थापना कोइरालाको उपन्यासलेखनको मूलभूत विशेषता रहेको देखिन्छ। उनले आफ्ना उपन्यासहरूमा मनोविज्ञान र दर्शनलाई कलात्मक रूपमा प्रस्तुत गर्दै मानवजीवनका विविध पक्षहरूबारे प्रकाश पारेका छन्। वस्तुतः मानसिक संसारको विचरणबाट प्राप्त अनुभवहरूलाई सिर्जनाका रूपमा प्रस्तुत गर्नु नै कोइरालाको मुख्य साहित्यिक प्रवृत्ति रहे तापनि उपन्यासलेखनमा उनी मनोवैज्ञानिकभन्दा बढी दार्शनिक बनेर देखा परेका छन्। यस कथनको पुष्टि उनको आफ्नै भनाइद्वारा भएको पाइन्छ। उनी

---

[२३४] कृष्णप्रसाद दाहाल, वि सं २०६०, *विश्वेश्वरप्रसाद कोइरालाका उपन्यासहरूमा द्वन्द्व विधान,* काठमाडौं : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, पृ ११

[२३५] बराल र एटम, 'उपन्यास सिद्धान्त र नेपाली उपन्यास', पृ २०९

भन्छन्- *'उपन्यासमा मनोविश्लेषणभन्दा अघि बढेर अस्तित्व, नियति, नैतिकता जस्ता पक्षलाई अँगाल्न पुगेको छ'।*[२३६] यस प्रकार केही फरक विचारधारासँग उपन्यासलेखनमा प्रवेश गरेका उनले आफ्ना छवटा उपन्यासमा नवीन प्रयोग गर्दै आफ्नो उपन्यासकार व्यक्तित्वलाई सशक्त रूपमा प्रस्तुत गरेका छन्। ती छवटा उपन्यास यस प्रकार छन् - *तिन घुम्ती* (वि सं २०२५), *नरेन्द्र दाइ* (वि सं २०२७), *सुम्निमा* (वि सं २०२७) *मोदिआइन* (वि सं २०३६), *हिटलर र यहुदी* (वि सं २०४०), *बाबु, आमा र छोरा* (वि सं २०४५)।

कोइरालाका प्रत्येक उपन्यासमा मानवजीवनको गहिराइसम्म पुग्ने बाटो खोजिएको तथा नैतिक मूल्यलाई सर्वोपरि महत्त्व दिइएको पाइन्छ। यसैले कृष्णचन्द्रसिंह प्रधान भन्छन्- बी पीका उपन्यासमा नैतिक मर्यादा प्रमुख प्रश्न भएर उभिएको छ।[२३७] उनको यही औपन्यासिक प्रवृत्तिअन्तर्गत दर्शन र अनैतिक मानिएको चित्त-विकृति अर्थात् यौनजन्य दुर्बलताहरूको सबल चित्रण भएको पाइन्छ। उनका प्रकाशित छवटा उपन्यासका आधारमा उनको औपन्यासिक यात्रालाई मनोविश्लेषणात्मक, अस्तित्ववादी, विसङ्गतिवादी, नियतिवादी, मानवतावादी आदि प्रमुख प्रवृत्तिहरूमा छुट्ट्याएर अध्ययन गर्न सकिन्छ। उनको पहिलो उपन्यास *तिन घुम्ती* अस्तित्ववादको प्रयोग भएको उत्कृष्ट कृति हो। यसमा उनले यौनमनोविज्ञानका माध्यमबाट जीवनको गहिराइ छाम्ने चेष्टा गरेका छन्।[२३८] यद्यपि यौनमनोविज्ञानको प्रयोग नारीजीवनको स्वतन्त्र अस्तित्वलाई सुरक्षित राख्ने दिशामा मात्र उन्मुख रहेको देखिन्छ। यसैले इन्द्रबहादुर राई भन्छन् — *तिन घुम्ती*मा फ्रायडवाद थपेको दृष्टिमात्र छ, अस्तिवाद (अस्तित्ववाद)-को आकार टाँगिएको

---

[२३६] विश्वेश्वरप्रसाद कोइराला, वि सं २०३९, उपन्यास कथाभन्दा भिन्न छ, *कोइरालाका साहित्यिक विचारहरू*, गिरिराज आचार्य (सम्पा), विराटनगरः जानुका पुस्तक भण्डार, पृ २३

[२३७] प्रधान, 'नेपाली उपन्यास र उपन्यासकार', पृ ३६३

[२३८] हीरामणि शर्मा पौडयाल, वि सं २०६१, *समालोचनाको बाटोमा*, दो सं, ललितपुरः साझा प्रकाशन, पृ ११९

छ।[२३८] यसरी मनोविश्लेषणका आडमा अस्तित्ववादी जीवनदृष्टिलाई अँगाल्ने प्रवृत्तिको अवलम्बन *नरेन्द्र दाइ, सुम्निमा, हिटलर र यहुदी* आदि उपन्यासहरूमा पनि भएको पाइन्छ। कोइरालाले मानव-अस्तित्वको चर्चा गर्ने क्रममा विसङ्गतिवादी विचारधारालाई पनि महत्त्व दिएका छन्। *तिन घुम्ती*की इन्द्रमायामा रहेको पूर्णताको अपेक्षा, *नरेन्द्र दाइ*को नरेन्द्र दाइमा व्याप्त वैवाहिक जीवनको असन्तुष्टि, *सुम्निमा*की सुम्निमाले गराउन चाहेको नश्वरताबोध, *हिटलर र यहुदी*मा वर्णित युद्धको विभीषिका र नरहत्या, *बाबु, आमा र छोरा*मा व्याप्त असफल प्रेम र अवाञ्छित विवाह आदि सन्दर्भहरूले मानवजीवनको विसङ्गतिलाई प्रस्तुत गरेका छन्।

कोइरालाका उपन्यासमा नियतिवाद एउटा महत्त्वपूर्ण प्रवृत्ति बनेर देखा परेको छ। *तिन घुम्ती*मा इन्द्रमायाले स्वतन्त्र्यको समस्या समाधान गर्नलाई लिन परेको तिनवटा निर्णय नियतिद्वारा नै निर्देशित रहेको देखिन्छ। *नरेन्द्र दाइ*मा पतिद्वारा परित्यक्त गौरीको जीवन तथा नरेन्द्र र मुनरियाको असफल प्रेम पनि नियतिकै परिणाम बनेर देखा परेका छन्। यसरी नै *सुम्निमा, हिटलर र यहुदी, मोदिआइन, बाबु, आमा र छोरा* आदि उपन्यासका पात्र-पात्राहरू पनि आ-आफ्ना नियतिद्वारा निर्देशित जीवन बाँच्न बाध्य बनेका छन्। कोइरालाले मानिसको जीवनमा आइरहने हर्ष-विस्मात, दुःखसुख साथै प्रत्येक उतारचढाउहरूको गहिरो तादात्म्य नियतिसँग रहेको कुरालाई प्रत्यक्ष-अप्रत्यक्ष रूपमा प्रस्तुत गरेर नियतिवादी प्रवृत्तिलाई अँगालेका छन्। यसका अतिरिक्त मानवलाई मानवकै रूपमा रहन दिएर उसको स्वतन्त्र अस्तित्वलाई कदर गर्दै समानता र भ्रातृत्वपूर्ण व्यवहार गरिनुपर्छ भन्ने भावना कोइरालाका उपन्यासमा व्याप्त रहेको पाइन्छ।[२४०] उदाहरणका रूपमा *मोदिआइन* र *हिटलर र यहुदी*लाई लिन सकिन्छ। यी दुवै उपन्यासमा कोइराला मानवताविरोधी हुने युद्धका प्रतिपक्षमा उभिएका छन्। वस्तुतः युद्धद्वारा मानवताको

---

[२३८] इन्द्रबहादुर राई, वि सं २०६७, *नेपाली उपन्याका आधारहरू*, चौ सं, ललितपुरः साझा प्रकाशन, पृ २३३

[२४०] बराल र एटम, 'उपन्यास सिद्धान्त र नेपाली उपन्यास', पृ २१३

विनाशबाहेक अरू केही उपलब्धि प्राप्त हुन सक्दैन भन्ने विचारलाई व्यक्त गरेर उनले मानवतावादी प्रवृत्तिलाई अँगालेको देखिन्छ। यसरी नै दार्शनिकता, कलात्मकता, द्वन्द्वात्मकता, सबल चरित्राङ्कन, शिष्ट एवम् सार्थक भाषाको प्रयोग आदि प्रवृत्तिहरू पनि कोइरालाको उपन्यासलेखनका महत्त्वपूर्ण पक्ष बनेर देखा परेका छन्।

### ५.२.२ *नरेन्द्र दाइ* उपन्यासको सारतत्त्व

*नरेन्द्र दाइ* विश्वेश्वरप्रसाद कोइरालाको दोस्रो उपन्यास हो। यो उपन्यास उनले आफु सुन्दरीजल कारागरमा हुँदा लेखेको तथा प्रशान्त प्रकाशन, वाराणसीबाट वि सं २०२६ सालमा पहिलोपल्ट प्रकाशित भएको थाहा पाइन्छ। यसमा पूर्वदीप्ती शैलीको प्रयोग गरेर सानो बाबुको माध्यमबाट सम्पूर्ण घटनाको वर्णन गरिएको छ। अतः सानो बाबुलाई यस उपन्यासमा द्रष्टा, भोक्ता र कथक तिनै पात्रका रूपमा पाउन सकिन्छ। उसकै माध्यमबाट गाढा स्मृतिका रूपमा नरेन्द्र, गौरी, मुनरिया आदिको चरित्रचित्रण गरिएको छ तथा उनीहरू बिचको त्रिकोणात्मक सम्बन्ध र त्यस सम्बन्धबाट उत्पन्न द्वन्द्वको अवस्थाबारे अवगत गराइएको छ।

प्रस्तुत उपन्यासमा सानो बाबुको भूमिका महत्त्वपूर्ण रहेको देखिए तापनि प्रमुख पात्रहरू भने नरेन्द्र, गौरी र मुनरिया नै हुन्। यिनै तिन पात्रका केन्द्रियतामा सम्पूर्ण घटनाहरू घटेका छन्। गौरी नरेन्द्रलाई असाध्यै प्रेम गर्छे, तर नरेन्द्र आफ्नै घरकी दासी मुनरियालाई प्रेम गर्छ। यही प्रेमप्रकरणबाट उपन्यासको सिङ्गो कथावस्तु विस्तार भएको पाइन्छ। घरमा पत्नी हुँदाहुँदै पनि नरेन्द्र परस्त्री मुनरियाप्रति आकर्षित हुन पुगेको घटनाका पछि दुईवटा कारण प्रमुख रहेका पाइन्छन्। पहिलो- गौरी उमेरले युवती भए तापनि शरीरले बालिका नै रहनु र दोस्रो- कप्तान बासँग बाझाबाझ हुँदा नरेन्द्रले दृढ सङ्कल्पका साथ गौरीलाई त्याग्ने निर्णय लिनु। यसैको परिणामस्वरूप नरेन्द्र र गौरीको सम्बन्ध बिग्रँदै जान्छ। यसका ठिक विपरीत नरेन्द्र र मुनरियाको सम्बन्ध भने सप्रँदै

जान्छ। यद्यपि कतिपय सामाजिक बाधाहरू पन्छाएर मुनरियासँग वैवाहिक सम्बन्ध गाँस्नु नरेन्द्रका निम्ति सजिलो हुँदैन। त्यसैले कसान्नी आमासँग बाझ्नुपरेको घटनालाई निहुँ बनाएर ऊ घर छोड्ने निर्णयसम्म पुग्छ। उसलाई रोक्नका निम्ति गौरीले अपनाएका युक्तिहरू पनि सबै विफल हुन्छन्। अन्ततः नरेन्द्रद्वारा त्यागिएर ऊ बिधवाले जस्तो निस्सार जीवन बाँच्न बाध्य हुन्छे, तर नियतिले उसलाई त्यही रूपमा रहिरहन पनि दिँदैन। एकदिन क्षयरोगले जीर्ण भएको नरेन्द्र घर फर्किन्छ। यसरी आफुलाई त्यागेर जाने पति फर्केर आउँदा गौरीको मनमा घृणाको साटो पहिलाभन्दा पनि धेरै प्रेम र श्रद्धा उत्पन्न हुन्छ। ऊ नरेन्द्रलाई पाएर औधी खुसी हुन पुग्छे र जीवनमा सबैथोक पाएको अनुभव गर्छे, तर नियतिलाई त्यो स्वीकार हुँदैन। गौरीले तनमन लगाई स्याहारसुसार गरे तापनि नरेन्द्र निको हुन सक्दैन। उसको मृत्यु हुन्छ। त्यसपछि गौरी पनि मानसिक रूपले विक्षिप्त हुँदै जान्छे र अन्तमा आफ्नो माइतघर वीरगञ्ज गई त्यहीं १९९० सालको भूकम्पद्वारा किचिएर मर्छे। अर्कातिर मुनरिया देह व्यापारमा संलग्न रहँदारहँदै भाग्यवश एकजना बूढो जौहरीसँग बिहा गर्न पुग्छे र सानो बाबुले भेट्दा ‘मुनरिया त मरिसकी’ भन्दै तर्किन्छे।

प्रस्तुत उपन्यासमा एकातिर प्रेमको अनन्त रूप र अर्कातिर मानव-नियतिको अवाञ्छनीय रूप देख्न पाइन्छ। यी दुवै विषयमा नरेन्द्रको पात्रता एउटा बिन्दु बनेर देखा परेको छ, जहाँ गौरी र मुनरिया त्यस बिन्दुबाट निस्केका दुई बेग्लाबेग्लै धर्कासरह छन्। नरेन्द्रले मुनरियालाई गरेको प्रेमको फलस्वरूप मुनरियाबाट प्रेम पाएको छ भने गौरीलाई गरेको घृणाको फलस्वरूप पनि गौरीबाट प्रेम नै पाएको छ। यसैले इन्द्रबहादुर राई भन्छन्- प्रेमका दुई रूप भेट्छन् नरेन्द्रले, मुनरियासँगको प्राकृतिक र नैसर्गिक प्रेम अनि गौरीसँगको आत्मिक र स्वर्गिक प्रेम।[२४१] यही प्रेमको गहिराइभित्र यौन, मर्यादा, नियति जस्ता विषयहरू क्रियाशील रहेका पाइन्छन्। वस्तुतः कोइरालाले यौन र

[२४१] राई, ‘नेपाली उपन्यासका आधारहरू’, पूर्ववत्, पृ २४५

मर्यादालाई माध्यमका रूपमा प्रयोग गरेर प्रेम र मानव-नियतिलाई निश्चित अर्थ प्रदान गरेका छन्। प्रेमका कारण नरेन्द्र, गौरी र मुनरियाले क्षणिक आनन्दलाई पनि जीवनको ठूलो प्राप्ति मानेका छन् भने मानव-नियतिले उनीहरूको जीवनलाई बालुवाको राशिमाथि निर्मित त्रिभुजजस्तो मात्र बनाइदिएको कुराको वर्णन उपन्यासमा पाइन्छ। यस सन्दर्भमा सानो बाबुको विचार उल्लेखनीय रहेको छ-

> लाग्यो, कोशीको तटमा बालुवाको राशिमाथि नरेन्द्र, गौरी र मुनरियाले एउटा खेंलाचीमा त्रिभुजको आकार अङ्कित गरे। नियतिको एउटा सानो स्फुमा बालुवा हल्लियो। त्रिभुज विलीन भयो।[२४२]

यस प्रकार नरेन्द्र, गौरी र मुनरिया प्रेमले गर्दा एकाअर्कासँग बाँधिन पुगेका छन् भने नियतिले गर्दा छुट्टिएका छन्। यसबाट मानिसको जीवन नियतिको देन हो र नियतिद्वारा जे निर्देशित हुन्छ, त्यसलाई सबैले भोग्नु नै पर्छ भन्ने विचार प्रतिपादित भएको पाइन्छ। अतः यो उपन्यास नियतिवादको एउटा सफल र सशक्त प्रयोग हुन पुगेको छ।

### ५.२.३ कलङ्कीकरणका दृष्टिले *नरेन्द्र दाइ* उपन्यासमा प्रयुक्त भिन्न क्षमताको अध्ययन

प्रस्तुत उपन्यास *नरेन्द्र दाइ* भिन्न क्षमताका दृष्टिले एउटा महत्त्वपूर्ण कृति हो। यस कृतिमा नरेन्द्र दाइपछि प्रमुख भूमिकामा रहेकी गौरीलाई एउटी भिन्न क्षमतायुक्त पात्राका रूपमा चित्रण गरिएको छ। ऊ शारीरिक रूपले अविकसित बालिका शरीर भएकी पात्रा हो। उसको शरीरसँगै बुद्धि पनि अपरिपक्व रहेको देखिन्छ। पतिवियोगले गर्दा उत्पीडित अवस्थामा पुगेकी ऊ पति घर फर्केर आउँदा खुसी हुन्छे तर बिस्तारै नरेन्द्रको निको हुनै नसक्ने रोगको चिन्ताले आफ्नो सुद्धी पनि हराउन पुग्छे। यस कुराको उल्लेख गर्दै सानो बाबुले भनेका छन्-

---

[२४२] विश्वेश्वरप्रसाद कोइराला, वि सं २०७३, *नरेन्द्र दाइ*, द सं, ललितपुरः साझा प्रकाशन, पृ ६४

त्यसपछि गौरीका चिट्ठीहरू बडा छन्द र बन्दका आउन थाले, केही तारतम्य नमिलेका जस्ता। एकातिर उनी लेख्थिन् —'नरेन्द्रको मुखबाट रगत आउन थामिएको छैन। ज्वरो पनि जस्ताको तस्तै छ।' अर्कोतिर लगत्तै लेखिएको हुन्थ्यो —'रमाइलोसित दिन बितिरहेका छन्।'[२४३]

उपर्युक्त वर्णनबाट गौरीको मानसिक स्थिति दिनदिनै अस्थिर र असन्तुलित बन्दै गइरहेको कुरा थाहा पाउन सकिन्छ। यसैको परिणामस्वरूप नरेन्द्रको मृत्युपछि गौरी मानसिक रूपले विक्षिप्त बन्न पुगेकी छे। गौरीबाहेक नरेन्द्र पनि रोगपीडित भिन्न क्षमताद्वारा ग्रस्त हुन पुगेको देखिन्छ। क्षयरोगले भेटेपछि ऊ मुनरियालाई दुःख भोग्नका लागि काशीमा छोडेर आफुमात्र सुटुक्कै घर फर्कन्छ। यस घटनालाई भिन्न क्षमताको अवस्थामा पुगेपछि मानिस असहाय, अस्थिर र आश्रित हुन पुग्छ भन्ने कुराको प्रमाण मान्न सकिन्छ। यद्यपि सामाजिक तथा सांस्कृतिक संरचनाका दृष्टिले नरेन्द्रमा निहित भिन्न क्षमताको अवस्था पनि गौरीसँगै सम्बद्ध रहेको देखिन्छ। वास्तवमा बालिका, असक्षम र असामान्य भन्ने कलङ्कसँगै नरेन्द्रद्वारा त्यक्ता बनेकी गौरीको प्रौढता, सक्षमता र सामान्यताबारे प्रकाश पार्ने सहायक तत्त्वका रूपमा नरेन्द्रको भिन्न क्षमतायुक्त अवस्थालाई प्रस्तुत गरिएको छ। यसकारण गौरीमा निहित भिन्न क्षमतायुक्त अवस्थालाई मात्र यहाँ अध्ययनको विषय बनाइने छ।

प्रस्तुत उपन्यासको केन्द्रिय पात्र नरेन्द्र भए तापनि उसको कारण उपन्यासका घटनाहरूले विस्तार पाएको देखिँदैन। वस्तुतः नरेन्द्र मुनरियासँग लाग्नु, सामाजिक नियमहरूको विरुद्ध उभिनु, कसान्नी आमासँग समेत बाझेर घर छोड्नु आदि मुख्य घटनाहरूका पछि गौरीको भिन्न क्षमतायुक्त शरीर नै कारण बनेको देखिन्छ। सानैमा बिहा भएर नरेन्द्रकी पत्नी बन्न पुगेकी गौरीको उमेर बढे तापनि शरीरले ऊ बालिका नै रहन्छे। उसको शरीरसँगै बुद्धि पनि विकसित हुन नसकेकोले उसको गणना प्रायः

---

[२४३] पूर्ववत्, पृ ५९

बालिकाकै रूपमा भएको देखिन्छ। यही एउटा कारणले गर्दा नरेन्द्रको विचारमा विसङ्गति देखा परेको छ। ऊ गौरीलाई पत्नीका रूपमा स्वीकार गर्न सक्दैन। तसर्थ धानुककी छोरी मुनरियाप्रति आकर्षित बन्दै जान्छ। जुन्टुनानी, महारानी, बाहुनी बजै आदि घरका अरू नारीसदस्याहरूले पनि यसमा नरेन्द्रको नभएर गौरीकै दोष छ भन्ने विचार व्यक्त गरेर गौरीको अविकसित शरीरलाई कलङ्कका चिह्नका रूपमा हेर्ने काम गरेका छन्। यसरी गौरीको शरीरलाई कलङ्कीकरणका दृष्टिले हेर्ने मानदण्डका रूपमा नकारात्मक छवि निर्माण, रूपसम्बन्धी धारणा, भिन्नता र पक्षपातको भावना, धार्मिक मान्यता आदि प्रमुख रहेका पाइन्छन्।

**५.२.३.१ नकारात्मक छवि निर्माणः** प्रस्तुत उपन्यासमा शारीरिक रूपले विकसित नहुनु गौरीका निम्ति दुर्नियति बन्न पुगेको देखिन्छ। त्यसका विपरीत मुनरियाको पुष्ट शरीर भने नरेन्द्रलाई प्राप्त गर्ने माध्यम बनेको देखिन्छ। यस प्रकार शारीरिक रूपरचनाका दृष्टिले मुनरियालाई सकारात्मक छविका रूपमा र गौरीलाई नकारात्मक छविका रूपमा प्रस्तुत गरिएको छ। यस दृष्टिले गौरी यौन आकर्षणरहित अपरिपक्व शरीरका रूपमा कलङ्कित हुन पुगेकी पात्रा हो। यसैले नरेन्द्रसँग उसको वैवाहिक सम्बन्ध सन्तोषजनक रहेको देखिँदैन। यस विषयमा सानीआमाले नरेन्द्रसँग कुरा गर्दा नरेन्द्र भन्छ— *मलाई मन पर्दैन उसको कुरा गरेको। मेरा लागि ऊ छँदैछैन।*[२४४] नरेन्द्रको यस भनाइले गौरीप्रतिको उसको वितृष्णालाई अभिव्यक्त गरेको छ, जसको एउटै प्रमुख कारण गौरीको फस्टाउन नसकेको शरीर हो। भिन्न क्षमताको अध्ययनले क्षमतायुक्त मानिसहरूको कमीकमजोरी द्विचरविरोधका भरमा सङ्गठित हुन्छ भन्ने मान्यतालाई प्रश्रय दिन्छ। प्रस्तुत उपन्यासमा पनि गौरीको कमीकमजोरीलाई औल्याउनका निम्ति मुनरियालाई द्विचरविरोधी तत्त्वका रूपमा प्रयोग गरिएको छ। जुन्टुनानीले मुनरियालाई 'कुँदेको सङ्गमरमरको शरीर' भन्ने उपाधि दिँदै उसको रूपसौन्दर्यको वर्णन गर्ने क्रममा महारानीसँग भन्छे —

---

[२४४] पूर्ववत्, पृ ९

एकहोरो कस्सिएको जीउ, कस्तो छरितो, कस्तो उघ्रेको कृष्ण वर्ण, होइन त महारानी ?[२४५]

जुन्टुनानीले यसो भन्नुको उद्देश्य मुनरिया साँच्चैमा सुन्दरी छे भन्ने कुरालाई पुष्टि गर्नु नभएर गौरीमा शारीरिक खोट छ भन्ने देखाउनु रहेको पाइन्छ। महारानीले मुनरियालाई पटक्कै मन नपराउने भए तापनि उसले समेत गौरीको खोट देखाउनलाई जुन्टुनानीको कुरामा यसरी सही थपेकी छे-

भाउजुले के टिक्न सक्नुहुन्थ्यो उसको अगाडि ? कहाँ गौरी भाउजुको केटाकेटीजस्तो हुर्कन नसकेको जीउ, कहाँ मुनरियाको गाउँको घामपानी खाएर हुर्केको शरीर।[२४६]

वास्तवमा मुनरिया माथि भनिएझैं सुन्दर नरहेको कुरा सानो बाबुको वर्णनबाट थाहा पाइन्छ। सानो बाबुले मुनरियाको परिचय मुख बाङ्गिएको देखिने, फोहोर्नी, जिङ्रिङ्ग परेकी, मैलो धोतीले बेरिएकी, कालो वर्णकी युवती भनेर दिएको छ। यद्यपि जुन्टुनानीको भनाइअनुसार ऊभन्दा अर्की कुनै सर्वसुन्दरी नरहेको कुरा पनि प्रष्ट पारिएको छ। यसबाट भिन्न क्षमतायुक्त हुनुभन्दा मैली, फोहोर्नी, गरिब जस्तोसुकै भए तापनि शारीरिक दृष्टिले पुष्ट हुनु असल हो भन्ने धारणा व्यक्त भएको देखिन्छ। यही शारीरिक पुष्टता नहुनाले गौरीलाई विकर्षणका रूपमा कलङ्कित पारिएको छ र उसको नकारात्मक छवि निर्माण गरिएको छ।

**५.२.३.२ रूपसम्बन्धी धारणाः** प्रस्तुत उपन्यासमा गौरीलाई कुरूप पात्राका रूपमा देखाइएको पाइँदैन। सानो बाबुको दृष्टिमा ऊ घरभरिमा सबैभन्दा राम्री पात्रा हो। सधैं सफासुग्घर रहने, कपाल चिल्लो पारेर टम्मै कोरेर बस्ने, सिँगारपटार खुब गर्ने, सिनित्तै परेकी राम्री भनेर उसको वर्णन गरिएको पाइन्छ, तापनि बालिका शरीर र बालिकाकै

[२४५] पूर्ववत्, पृ २६

[२४६] पूर्ववत्

बुद्धि भएकोले उसलाई कुरूपताको प्रतीक मानिएको कुरा नरेन्द्रको ऊप्रतिको भेदभावपूर्ण व्यवहारबाट प्रष्ट भएको देखिन्छ। यस सन्दर्भमा शरीरको रूपरङ वा योग्यताबारे निर्धारित नियमदेखि पृथक शरीरका रूपमा भिन्न क्षमताको चरित्रलाई आख्यानीकृत गरिन्छ भन्ने मिसेल र स्नाइडरको भनाइ उपयुक्त रहेको पाइन्छ।[२४७] प्रस्तुत उपन्यासमा गौरीको शरीरलाई पनि रूपरङको सामाजिक नियमदेखि पृथक र सांस्कृतिक रूपमा उच्छेदित रहेको शरीरका रूपमा देखाइएको पाइन्छ। यसैले जुन्टुनानी भन्छिन्-

> गौरीमा नरेन्द्रले के पाउँछ र ? एक चिम्टी छाती छैन, जहाँ मुनरिया अँजुलीभरि लिएर हिँड्छे।[२४८]

यस उद्धरणमा गौरीप्रति उपहासपूर्ण भाव अभिव्यक्त गरिएको पाइन्छ किनभने गौरी अनुहार र गुणले मात्र रूपवती रहेकी, तर शरीर र बुद्धिले भने कुरूप हुन पुगेकी पात्रा हो। यसबाट रूप भन्नाले केवल अनुहारको सुन्दरतामात्र बोध हुँदैन, तर मानिसको शारीरिक रचना, कदकाँठी र बौद्धिक क्षमता समेत बोध हुन्छ भन्ने विचार प्रतिपादित भएको पाइन्छ। यसैको परिणामस्वरूप गौरी कुरूपताका चिह्नका रूपमा कलङ्कित हुन पुगेकी छे।

**५.२.३.३ भिन्नता र पक्षपातको भावनाः** प्रस्तुत उपन्यासमा नरेन्द्रको व्यवहारबाट भिन्नता र पक्षपातको भावनाले अभिव्यक्ति पाएको देखिन्छ। एकचोटि कप्तान बासित बाझाबाझ हुँदा *त्यो तपाईंले मेरा लागि ल्याएकी भनेकी तपाईंलाई नै भयो*[२४९] भन्ने वाक्यवाणसँगै नरेन्द्रले गौरीलाई त्यागेको घटना उपन्यासमा वर्णित रहे तापनि वास्तवमा नरेन्द्रलाई आफ्नो जिद्दीपनले नभएर गौरीको शारीरिक संरचनाले विमुख बनाएको छ। यस सन्दर्भमा

---

[२४७] मिसेल र स्नाइडर, 'न्यारेटिभ प्रोस्थेसिस, डिसएबिलिटी एन्ड डिपेन्डेन्सिस अफ् डिस्कोर्स', पूर्ववत्, पृ ५४

[२४८] कोइराला, 'नरेन्द्र दाइ', पूर्ववत्, पृ २७

[२४९] पूर्ववत्, पृ २५

गौरीको फस्टाउन नसकेको बालिका शरीर पतिको विमुखताको बीज भयो[२५०] भन्ने इन्द्रबहादुर राईको भनाइ विचारणीय रहेको पाइन्छ। नरेन्द्रले कूल मर्यादा एवम् समाजिक नियमहरूका विरुद्ध उभिएर मुनरियासँग सम्बन्ध गाँस्नु गौरीका निम्ति अपमानमूलक घटना बन्न पुग्छ। उसले आफैलाई नरेन्द्रको योग्य बनाउनका निम्ति पौष्टिक भोजनसँगै निर्लज्ज भएर दुध, घ्यु, मेवा आदिको सेवन गर्नका साथै दिनभरि सिँगारपटार गरेर बसे तापनि केही लाभ हुँदैन। नरेन्द्रको मुनरियाप्रति रहेको आकर्षणले गौरीलाई भिन्नताको चरम् स्थिति झेल्न बाध्य बनाएको छ। ऊ अरूजस्तो शरीर र बुद्धिले योग्य हुन नसकेकी अथवा अरूभन्दा भिन्न रहेकीले नै पक्षपातपूर्ण व्यवहारको सिकार बन्न पुगेकी छे। मुनरियाको तुलनामा उसलाई कमसल मान्नु, नरेन्द्रले पत्नी नस्वीकार्नु, जुन्टुनानीले मुनरियालाई सर्वसुन्दरी घोषणा गर्नु तथा ऊसँग कसैले पनि फागु नखेल्नु आदि घटनाहरूद्वारा भिन्नता र पक्षपातको भावनालाई उजागर गरेको देखिन्छ।

**५.२.३.४ धार्मिक मान्यताः** प्रस्तुत उपन्यासमा भिन्न क्षमताप्रतिको धार्मिक मान्यतालाई स्पष्टतः अभिव्यक्ति दिइएको पाइँदैन। यद्यपि गौरीले सानो बाबुलाई *पाप-काम नगरे पनि पाप-भोग किन मानिसले सहनुपर्छ ?*[२५१] भनेर प्रश्न गरेको घटनाबाट भिन्न क्षमतालाई पापसँग जोडेर हेर्ने धार्मिक प्रचलनको कुरा उद्घाटित हुन पुगेको देखिन्छ। गौरीले आफ्नो जीवनमा कुनै पाप-काम नगरेको भए तापनि भिन्न क्षमतायुक्त शरीर पाएको कारण नरेन्द्रद्वारा अस्वीकृत भएर पाप-भोग गर्न परेको छ। यसबाट गौरीले आफ्नो अविकसित शरीरलाई धार्मिक कलङ्कका रूपमा स्वीकार गरेको देखिन्छ। यसबाहेक गौरी र मुनरियाको शारीरिक गठनको तुलना गर्ने क्रममा सान्नानीले भनेकी वाक्यलाई पनि धार्मिक कलङ्कीकरणको सन्दर्भसँगै जोडेर हेर्न सकिन्छ। सान्नानी भन्छे-

---

[२५०] राई, 'नेपीली उपन्यासका आधारहरू', पूर्ववत्, पृ २४४

[२५१] कोइराला, 'नरेन्द्र दाइ', पूर्ववत्, पृ ३३

काली भएर के ? मुनरिया भाउजुभन्दा राम्री छे। गरिब छे र चोलो लाउन पाउन्न, कपालमा चमेलीको लेत हाल्न पाउन्न तर भगवान्ले जीउ त राम्रो दिएको छ।[२५२]

सान्नानीको उपरोक्त भनाइ प्रत्यक्ष-अप्रत्यक्ष रूपमा पुनर्जन्मवादको धारणाबाट प्रेरित रहेको देखिन्छ। भगवान्ले मुनरियालाई राम्रो शरीर दिएर पुनर्जन्ममा गरेको राम्रो कामको फल दिएको छ र गौरीलाई नराम्रो शरीर दिएर पाप-कामको फल दिएको छ भन्ने कुरा सान्नानीको बालविचारबाट अभिव्यक्त भएको देखिन्छ।

### ५.२.४ सीमान्तीकरणका दृष्टिले नरेन्द्र दाइ उपन्यासमा प्रयुक्त भिन्न क्षमताको अध्ययन

प्रस्तुत उपन्यास *नरेन्द्र दाइ*मा पतिद्वारा त्यक्ता गौरीको जीवन्त अनुभवले सीमान्तीकरणको धारणालाई प्रस्तुत गरेको पाइन्छ। वस्तुतः गौरी वैद्य रूपमा नरेन्द्रकी पत्नी हो। यस दृष्टिले पतिसुखका निम्ति आवाज उठाउनु उसको अधिकारभित्रको कुरा रहेको देखिए तापनि ऊ त्यसो गर्न सक्दिन। यसैले पतिबाट शोषित र तिरस्कृत अवस्थामा पुगेकी उसको जीवन प्रभावशाली संस्कृतिको संवाहक बनेर देखा परेको छ, किनभने सीमान्तकृत मानिसहरूले प्रभावशाली संस्कृतिको सूचना प्रसार गर्छन्।[२५३] उपन्यासमा नरेन्द्रको चरित्र प्रभावशाली संस्कृतिको उपज बनेको देखिन्छ भने गौरीको चरित्र त्यस संस्कृतिलाई प्रोत्साहित गर्ने माध्यम बनेको देखिन्छ। अतः सीमान्तीकरणको धारणालाई पुष्टि गर्नका निम्ति परिचय र प्रतिनिधित्वको धारणा, सक्षमता वा सामान्यताको धारणा साथै अन्यत्वको धारणाबारे चर्चा गरिनेछ।

---

[२५२] पूर्ववत्, पृ २६ - २७

[२५३] मिसेल र स्नाइडर, 'न्यारेटिभ प्रोस्थेसिस, डिसएबिलिटी एन्ड डिपेन्डेन्सिस अफ् डिस्कोर्स', पूर्ववत्, पृ ३५

**५.२.४.१ परिचय तथा प्रतिनिधित्वको धारणाः** प्रस्तुत उपन्यासमा भिन्न क्षमतायुक्त पात्रा गौरीलाई एकातिर दिव्य रूपको प्रतीक मानिएको छ भने अर्कातिर त्यही दिव्यतालाई साङ्केतिक रूपमा बाँझोपनसित तुलना गरिएको छ। उसको परिचय दिने क्रममा सौम्य र साधु प्रकृतिकी, देवीजस्तै सिँगारिएर बस्ने भनिएको पाइन्छ। अर्कातिर सान्नानीले देवी चढेकी आइमाई बाँझी हुन्छन् भनेको घटनाले पतिसुखबाट वञ्चित गौरीको दिव्य परिचयलाई बाँझोपनका रूपमा प्रस्तुत गरेको देखिन्छ। यसबाट भिन्न क्षमतायुक्त मानिसहरू जति नै आकर्षक भए तापनि यौनसुख, घरगृहस्थी र सन्तान बृद्धिका निम्ति उपयुक्त हुन सक्दैनन् भन्ने धारणा प्रतिपादित भएको छ। तसर्थ घरका अन्य स्वास्नीमानिसहरू गौरीको रूपको वर्णन गर्दै यसो भन्छन्-

> गौरी उज्याली त छिन् तर लोग्नेमानिसको जस्तो चौडा निधार, आँखा धेरै ठुला तर उनको सानो अनुहारलाई नसुहाउने, अनुहार डल्लो खालको, नाक पनि बान्की नपरेको, कद पनि होचो, हिस्सी परेको तर छाँट नपरेको। लोग्नेमानिसका लागि त आकर्षण नै नभएको।[२५४]

उक्त वर्णनबाट गौरी वास्तवमा आकर्षक र सुन्दरी नै रहेको कुराको पुष्टि हुन्छ। यद्यपि उसको रूपमा विभिन्न खोटहरू देखाउने काम भएको पाइन्छ किनभने ऊ बालिका शरीर भएकी भिन्न क्षमतायुक्त पात्रा हो र घरका अन्य स्वास्नीमानिसहरू भिन्न क्षमतालाई हेर्ने सामाजिक तथा सांस्कृतिक दृष्टिकोणका उपज हुन्। यसबाहेक लैङ्गिक दृष्टिले पनि गौरीको शरीर बहिष्कृत बन्न पुगेको देखिन्छ। नरेन्द्रको पुरुषवादी दृष्टिकोणमा उसको अविकसित शरीर यौनका निम्ति अनुकूल नरहेको कुरा नरेन्द्रले ऊप्रति राखेको उपेक्षाभावद्वारा व्यक्त भएको छ। यस सन्दर्भमा पुरुषवादी दृष्टिकोणअन्तर्गत नारीको शारीरिक रूपरचनालाई आनन्द, सन्तुष्टि तथा सम्बन्धात्मक न्यानो अनुभूतिको स्रोत मान्ने

[२५४] विश्वेश्वरप्रसाद कोइराला, 'नरेन्द्र दाइ', पूर्ववत्, पृ १५

गरिन्छ[२५५] भन्ने सुसान विन्डेलको भनाइ विचरणीय रहेको पाइन्छ। उपन्यासमा चित्रित नरेन्द्र पुरुषवादी दृष्टिकोणको उपज बनेर देखा परेको छ भने गौरी त्यही दृष्टिकोणबाट उत्पन्न बहिष्कृत शरीर बन्न पुगेकी छे।

**५.२.४.२ सक्षमता वा सामान्यताको धारणाः** प्रस्तुत उपन्यासमा नरेन्द्र र मुनरियालाई सक्षमता र सामान्यताका प्रतीक मानिएको छ। घरका अरू सदस्यहरूमा जुन्टुनानी, महारानी, बाहुनी बजै, काका, भान्दाई आदि पनि कुनै न कुनै रूपमा गौरीका प्रतिपक्षी बनेर देखा परेका छन्, तर उनीहरूका कारण गौरीले तिरस्कारपूर्ण जीवन बाँच्न परेको छैन। उसले भोग्न परेको तिरस्कारपूर्ण जीवनका पछि नरेन्द्र र मुनरिया नै मुख्य कारण बनेर देखा परेका छन्। सानो बाबुले नरेन्द्रलाई वर्ण सफा र स्निग्ध नभएको, अनुहार बान्की नपरेको, नाक च्याप्टो भएको, ढाकका पातजस्ता कान भएको, साना र गाडिएका आँखा भएको, गालामा उठेको, रुखो किसिमको आकर्षण भएको व्यक्ति माने तापनि वास्तवमा ऊ सबल व्यक्तित्व रहेको कुरामा सानो बाबुकै पनि आत्मस्वीकृति रहेको देखिन्छ। यसैले ऊ नरेन्द्रलाई यसरी चिनाउँछ -

> नरेन्द्र दाइ आकर्षक व्यक्ति थिए। तिनको अग्लो शरीरमा सुकिलो सेतो कुर्ता र धोती, चार तह गरेर राम्ररी पट्याई गर्दनलाई एक फन्को बेरेको सेतो दुपट्टा, शिरमाथि हिफाजतका साथ पालेका लामा-लामा कपालका गुच्छा, गर्दननेर दुपट्टामाथि झुलिरहने केशका मुन्द्रा- नरेन्द्रले सहजै हाम्रो गाउँका नर-नारीको हृदय जितेका थिए। [२५६]

यस्तो आकर्षक व्यक्तित्वका धनी नरेन्द्रले सानो बाबु र उसका साथीहरूलाई *केटाहरू हो, खुब खेल। अहिले शरीर बन्यो भने पछि सबै ठिक हुन्छ* [२५७] भनेको कुराबाट पनि ऊ

---

[२५५] विन्डेल, 'द रिजेक्टेट बडी, फेमिनिस्ट फिलोसफिकल रिजेक्शन्स अन् डिसएबिलिटी', पूर्ववत्, पृ ९२

[२५६] कोइराला, 'नरेन्द्र दाइ', पूर्ववत्, पृ २

[२५७] पूर्ववत्,

शरीरप्रति एकदमै सचेत रहेको थाहा पाइन्छ। उसको तुलनामा गौरी असक्षम र असामान्य नारीपात्रा हो, जोसित पतिलाई रिझाएर राख्ने शरीर र बुद्धि छैन। यही कारण ऊ नरेन्द्रका निम्ति विकर्षणबाहेक केही बन्न सकेकी छैन। अर्कोतिर मैली, फोहोर्नी भए पनि कस्सिएको शरीरले गर्दा मुनरिया आकर्षणका रूपमा प्रतिष्ठित हुन पुगेकी छे। आफु सक्षम र सामान्य रहेको कुरालाई मुनरिया आफैले यसरी अभिव्यक्ति दिएकी छे-

> मैले पनि उनलाई आफ्नो प्रेम दिएर उनको सुक्न लागेको पुरुषत्वलाई हरियो पारेकी थिएँ। त्यसले आफ्नो स्वाभाविक माटोमा हुर्किन पाएको थिएन। गौरीको प्रतिकूल हावापानीमा सुकिसकेको थियो।[२५८]

मुनरियाको यस भनाइबाट गौरीको असक्षमता र असामान्यता प्रष्ट हुन पुगेको देखिन्छ। वास्तवमा गौरी मुनरियाले भनेझैं प्रतिकूल पनि देखा परेकी छैन। उसले सानो बाबुलाई कोठामा लगेर चुम्मा खानुले ऊ पनि यौनका दृष्टिले सक्षम नै रहेको कुरा थाहा लाग्छ, तर आफ्नो अविकसित शरीरले गर्दा मात्र ऊ पतिप्रेमबाट सीमान्तकृत हुन पुगेकी छे। वास्तवमा उसको दोष भनेको केवल शरीरले वयस्क नदेखिनु मात्र रहेको पाइन्छ।

**५.२.४.३ अन्यत्वको धारणाः** प्रस्तुत उपन्यासमा यौनलाई सर्वोपरि ठान्ने नरेन्द्रले गौरीमा कुनै आकर्षण नदेख्नु, गौरीबाट यौनको चरम् सुख प्राप्त हुन सक्छ भन्ने नठान्नु, चुमौन भइसकेकी मुनरियासँग अवैद्य सम्बन्ध स्थापित गर्नु आदि घटनाहरू अन्यत्वको धारणासित सम्बन्धित रहेका पाइन्छन्। गौरीले नरेन्द्रलाई लेखेको पत्रले पनि यस कुराको पुष्टि गरेको छ। गौरी पत्रमा लेख्छे-

> अँध्यारो कोठामा प्रणय-शय्यामा जब हजूरको हात मेरो शरीरको अनुसन्धान गर्दै हिँडिरहेको थियो। त्यस बखत मलाई लाग्यो- हे भगवान्, मलाई अझै अविकसित बालिका नै किन राख्यौं ? मलाई स्वयं आफ्नो शरीरको अपर्याप्तताको मार्मिक

[२५८] पूर्ववत्, पृ ४८

> अनुभव भयो र म लज्जाले झन्-झन् डल्लो पर्दै गएँ। एकछिनपछि हजूरले कम्पित स्वरमा भन्नुभयो —'सानी रहिछौ।'[२५९]

नरेन्द्रको यही 'सानी रहिछौ' भन्ने वाक्यले तिरस्कार र अपमानको भावनालाई अभिव्यक्त गरेको देखिन्छ। यसका साथै नरेन्द्रले सुखको विषयमा गरेको व्यख्याले पनि अन्यत्वको धारणालाई प्रस्तुत गरेको देखिन्छ। मुनरियासित कुरा गर्दै नरेन्द्र भन्छ-

> सुख प्राप्त गर्न सक्छौं भने आँखा चिम्लेर त्यसलाई भोग्नेबाहेक अरू केही बाटो छैन। अरूको दुःखपट्टि आँखा उठायौं भने सुखभोग गर्न सम्भव हुन्छ र ?[२६०]

यस उद्धरणमा प्रयुक्त 'अरू' -को सङ्केत गौरीप्रति रहेको पाइन्छ। नरेन्द्रले अरूको दुःखबारे सोच्नु निरर्थक छ भन्ने आशय व्यक्त गरेर गौरीलाई 'अन्य'-को दर्जामा राख्दै उसको दुःखको कुनै सार नरहेको भाव प्रकट गरेको देखिन्छ।

### ५.२.५ सामाजिक समावेशीकरणका दृष्टिले *नरेन्द्र दाइ* उपन्यासमा प्रयुक्त भिन्न क्षमताको अध्ययन

भिन्न क्षमतायुक्त मानिसहरूको सामाजिक समावेशीकरणका दृष्टिले प्रस्तुत उपन्यास *नरेन्द्र दाई*लाई एउटा उत्कृष्ट कृति मान्न सकिन्छ। उपन्यासकारले गौरीलाई अधिक सहनशील, कर्त्तव्यपरायण तथा प्रतिकूल परिस्थितिमा समेत विचलित नहुने चरित्रका रूपमा प्रस्तुत गरेर भिन्न क्षमताबारे निर्मित रूढ सामाजिक धारणाहरूको खण्डन गर्न खोजेका छन्। गौरीमा निहित निश्छल प्रेम, अटुट पतिव्रता, धैर्यधारण गर्ने शक्ति, संवेदनशीलता, सहनशीलता, मानवता आदि उसको सकारात्मक छवि निर्माण गर्ने माध्यम बनेको देखिन्छ। अतः गौरीलाई नारीसुलभ व्यवहार र गुणका दृष्टिले उत्तम पात्रा मान्न सकिन्छ। नरेन्द्रबाट बहिष्कृत बने तापनि उसले आफ्नो पत्नीधर्म छोडेकी छैन।

---

[२५९] पूर्ववत्, पृ ३५

[२६०] पूर्ववत्, पृ ५०

नरेन्द्रलाई उसको उपस्थिति खट्केको थाहा पाएपछि कोठामै थुनिएर बस्नु, नरेन्द्र भएको ठाउँमा कहिल्यै नआउनु, बैठक वा उत्सवमा भाग नलिनु आदिले गौरीको चरित्रलाई महान् बनाएको देखिन्छ। वस्तुतः ऊ कसैलाई नबिझाउने वा कसैबारे नराम्रो नसोच्ने पात्रा हो। उसको ध्येय सधैं घरपरिवारको एकतालाई बँचाइराख्ने दिशामा उन्मुख रहेको देखिन्छ। यसैले ऊ क्षत्रिय कुल तथा सम्भ्रान्त परिवारकी मर्यादित बुहारी भए तापनि आफ्ना पतिकी रखौटी एवम् घरकी दासी मुनरियालाई बिन्ती गर्न जाने कुरामा समेत पछि परेकी छैन। यसरी घरपरिवारको सुखशान्ति, समृद्धि र एकताका लागि सोच्ने गौरीको चरित्र सक्षम र सामान्य भनिने नरेन्द्र, जुन्टुनानी, महारानी आदिको चरित्रभन्दा माथि उठेको देखिन्छ। गौरीको यस्तो सकारात्मक छवि निर्माण गरेर उपन्यासकारले शारीरिक रूपले अविकसति हुनु भिन्न क्षमतायुक्त हुनु होइन, तर सबल, सक्षम र सामान्य रूपमा आफैलाई परिचित गराए तापनि सङ्कीर्ण सोच पाल्नु वास्तवमै भिन्न क्षमता हो भन्ने कुरा बताउन चाहेका छन्। यसबाहेक भिन्न क्षमतायुक्त मानिएकी गौरीको सकारात्मक छवि निर्माण गर्ने क्रममा सानो बाबुको वर्णन पनि महत्त्वपूर्ण रहेको पाइन्छ। उसको दृष्टिमा गौरी शान्त स्वाभावकी, अत्यन्तै सुन्दरी र यत्नपूर्वक सिँगारिएर बस्ने गृहणी रहेको थाहा पाइन्छ। कसैलाई दुःख नदिने भएकीले नै आमाहरूले गौरीलाई आँखामा हाल्दा पनि बिझाउँदिनन् भन्ने गरेको उल्लेख पनि सानो बाबुद्वारा भएको पाइन्छ। उपन्याकारले भिन्न क्षमतायुक्त मानिस सधैं कुरूप, विकृत, भयावह र हानिकारकमात्र हुँदैन, तर रूप र गुण दुवैले परिपूर्ण पनि हुन्छ भन्ने विचार सम्प्रेषण गर्दै सामाजिक समावेशीकरणको धारणालाई प्रस्तुत गरेको देखिन्छ।

रूढिवादी समाजिक धारणाको विघटनका निम्ति भिन्न क्षमताका सिद्धान्तकारहरूले सामाजिक सहभागितालाई महत्त्वपूर्ण मानेका छन्। प्रस्तुत उपन्यासमा पनि गौरीको सामाजिक सहभागितालाई महत्त्वपूर्ण मानिएको घटनाबाट रूढिवादी धारणाहरूको विघटन गरिएको छ। उदाहरणका रूपमा बाबुसाहेबले भनेको निम्न गद्यांशलाई हेर्न सकिन्छ-

> गौरी परिवारको सदस्याजस्ती मानिनेछिन्। उनको शारीरिक स्पर्शका लागि नरेन्द्रलाई कर लाग्ने छैन तर उसको छायाँ भने अबदेखि परिवारमा बहिष्कृत हुने छैन। भान्साघरमा, बैठकमा, बेलुकाको गाना-बजाना र आमोदप्रमोदमा गौरीले निर्धक्क भाग लिन पाउनेछिन् र नरेन्द्रले त्यस ठाउँलाई बहिष्कार गरेर गौरीको अमर्यादा गर्न पाउने छैनन्।[२६१]

प्रस्तुत उद्धरणमा नरेन्द्रले गौरीको अमर्यादा गर्न नपाउने भनेर गौरीको सामाजिक सहभागिता वा उपस्थिति पनि नरेन्द्रको जत्तिनै महत्त्वपूर्ण रहेको कुरा प्रकट गरिएको पाइन्छ। यसरी नै मुनरियाले सानो बाबुसँग भनेको कुरालाई पनि गौरीको सामाजिक सहभागिताको सन्दर्भसँग जोडेर हेर्न सकिन्छ। मुनरिया भन्छे-

> गौरी त कति भाग्यमानी, साराका सारा सहानुभूति, संवेदना, कुनै महिमामण्डित महिषीजस्ती उनको चरणमा न्यौछावर भइरह्यो। उनी देवी भएर बसिन् समाजको उच्च स्थानमा— फोसामा पाएको अपुतालीजस्तो। मैले भने जङ्गलकी हरिणीजस्ती व्याधाको वाणबाट जोगिँदै अँध्यारो-अँध्यारोमा लुकी-लुकी हिँड्नुपर्ने। नरेन्द्र र मेरो प्रेमले उनलाई मानवीबाट देवी बनायो, मलाई चाहिँ मानवीबाट पशु।[२६२]

मुनरियाको यस भनाइबाट गौरीको भिन्न क्षमतायुक्त शरीरलाई मान-मर्यादापूर्ण विषय मानिएको कुरा प्रष्ट हुन्छ। यसबाट भिन्न क्षमतायुक्त मानिसलाई सधैं बाधाका रूपमा हेर्ने तथा कलङ्क मान्ने रूढिवादी सामाजिक एवम् सांस्कृतिक धारणाहरूको विघटन भएको कुरा थाहा पाउन सकिन्छ।

---

[२६१] पूर्ववत्, पृ १४

[२६२] पूर्ववत्, पृ ४७

प्रस्तुत उपन्यासमा अविकसित शारीरिक संरचनाका कारण नरेन्द्रले गौरीलाई पत्नी रूपमा अस्वीकार गरेर अमानवीय व्यवहारको परिचय दिएको पाइन्छ। यस सन्दर्भमा जुन्टुनानीसँग कुरा गर्दै सानीआमा भन्छे-

> नरेन्द्रको सरासर दोष छ यसमा। यस्ता कुरामा हेर जुन्टुनानी, लोग्नेमानिसकै दोष हुन्छ। हामी निर्धा आइमाईको के दोष?[२६३]

यसबाट गौरी मानव हृदय भएकी नारी भएकीले ऊप्रति नरेन्द्रले मानवीय व्यवहार गर्नुपर्छ भन्ने धारणा प्रकट भएको देखिन्छ। सानीआमाबाहेक सानो बाबु र बाबुसाहेबले पनि नरेन्द्रको क्रूर अमानवीय प्रवृत्तिमाथि आलोचनात्मक दृष्टि राखेका छन्। वस्तुतः गौरीलाई पत्नी रूपमा स्वीकार गरेर नरेन्द्रले पतिधर्म निर्वाह गर्नुपर्छ भन्ने धारणा नै सानीआमा, सानोबाबु, बाहुसाहेब आदिको विचारमा विद्यमान रहेको पाइन्छ। यही विचारअन्तर्गत मानवतावादी दृष्टिकोणले प्रश्रय पाएको देखिन्छ। अर्कोतिर क्षयरोगले ग्रस्त भएर नरेन्द्र घर फर्कंदा गौरी तनमनबाटै नरेन्द्रको सेवासुसार गर्नमा उद्यत रहन्छे। यसरी आफुमाथि नरेन्द्रले गरेको अपमानमूलक व्यवहारलाई बिर्सेर गौरीले मानवताको परिचय दिएकी छे। ऊ दिनरात नरेन्द्रको सेवामा खटिन्छे र उसलाई यथाशक्ति खुसी राख्ने प्रयास गर्छे। यसरी शारीरिक रूपले अविकसित भए तापनि मानवतावादी दृष्टिले गौरीलाई महान् बनाएको देखिन्छ।

## ५.३ *ब्रह्मपुत्रको छेउछाउ* उपन्यासमा प्रयुक्त भिन्न क्षमताको अध्ययन

### ५.३.१ लीलबहादुर क्षेत्रीको औपन्यासिक यात्रा

लीलबहादुर क्षेत्री भारतीय नेपाली साहित्यका सुपरिचित एवम् प्रतिष्ठित उपन्यासकार हुन्। उनको जन्म पूर्वाञ्चल भारतको आसाम राज्य अन्तर्गत गुवाहाटीमा १ मार्च १९३३ -को दिन भएको थाहा लाग्छ। लेखनकार्य कविताबाट प्रारम्भ गरे तापनि क्षेत्रीको लेखनी

---

[२६३] पूर्ववत्, पृ ११

पछिबाट उपन्यास, कथा, निबन्ध, एकाङ्की आदिमा फैलिन पुग्यो [२६४] भन्ने छविलाल उपाध्यायको भनाइअनुसार नेपाली साहित्यमा क्षेत्रीको प्रवेश कविका रूपमा भएको थाहा पाइन्छ। उनको पहिलो प्रकाशित कविताकृति *शिवस्तुति* (पुस्तिका, सन् १९४८) हो। यसरी आफ्नो साहित्यिक जीवनको पूर्वार्द्धमा कविता लेख्ने गरेका क्षेत्रीले आफु सातौं-आठौं कक्षाका विद्यार्थी हुँदै एउटा उपन्यास लेखेको तर त्यो उपन्यास प्रकाशित हुन नसकेको कुरा ज्ञानबहादुर छेत्रीले गरेका छन्।[२६५] यसबाट क्षेत्री कवितासँगै उपन्यासलेखनमा पनि सक्रिय रहेको जानकारी प्राप्त हुन्छ। उनी पूर्वोत्तर भारतबाट आख्यानका क्षेत्रमा सक्रिय रूपले कलम चलाउने पहिलो र जेठो आख्यानकारका रूपमा चिनिन्छन्। हालसम्म उनका चारवटा उपन्यास *बसाइँ* (सन् १९५७), *अतृप्त* (सन् १९६९), *ब्रह्मपुत्रको छेउछाउ* (सन् १९८६) र *प्रतिध्वनिहरू विस्मृतिका* (सन् २००४) साथै दुईवटा कथासङ्ग्रह *तिन दशकः बीस अभिव्यक्ति* (सन् १९८३) र *लीलबहादुर क्षेत्रीका कथाहरू* (सन् १९९६) प्रकाशित भएका पाइन्छन्।

क्षेत्रीको औपन्यासिक यात्रालाई प्रवृत्तिगत दृष्टिले हेर्दा उनी मूलतः सामाजिक यथार्थवादी, आञ्चलिकतावादी, मनोवैज्ञानिक, ऐतिहासिक तथा जीवनीमूलक लेखनधारामा प्रवृत्त रहेका उपन्यासकार हुन् भन्ने थाहा लाग्छ। यसबाहेक आंशिक रूपमा आलोचनात्मक यथार्थवाद, विसङ्गतिवाद, नियतिवाद, अस्तित्ववाद जस्ता प्रवृत्तिहरू पनि क्षेत्रीका उपन्यासमा अन्तर्निहित रहेका पाइन्छन्। उनको पहिलो उपन्यास *बसाइँ* हो। यसै उपन्यासका माध्यमबाट उनी लैनसिंह बाङ्देलपछि सामाजिक यथार्थवादलाई प्रवेश गराउने दोस्रो उपन्यासकारका रूपमा चिनिन पुगेका हुन्। यस उपन्यासमा विभिन्न समस्याहरूका चपेटमा परेर सामाजिक जीवन धान्न नसकी आफ्नो जन्मथलो नै परित्याग

---

[२६४] छविलाल उपाध्याय, सन् २००६, 'प्रतिध्वनिहरू विस्मृतिका'-को सन्दर्भमा, *स्थापना* (सम्पा वीरभद्र कार्कीढोली), शान्ति प्रकाशनः गान्तोक, पृ १३६

[२६५] ज्ञानबहादुर छेत्री, सन् २०१०, *सर्जक र सिर्जना*, अनुराग प्रकाशनः गुवाहाटी, पृ २३

गर्नुपरेको हृदयविदारक कथा पाइन्छ। उपन्यासको पात्र धने उर्फ धनबहादुर बस्नेत आफ्नो मुलुक छोडेर अज्ञात बासको खोजीमा भौंतारिनु परेको घटनाले निम्नवर्गीय मानिसहरूको आर्थिक जटिलता, बाध्यता र भोगाइको क्रमलाई यथार्थ रूपमा चित्रण गरेको छ। राजेन्द्र सुवेदीअनुसार मुलुकको गरिबी र उत्पीडनबाट मुक्तिमार्ग खोज्दै टाउकोमात्र लुकाउने उद्देश्यले नेपालबाहिर पुगेका नेपालीहरूको जीवनको पूर्वअध्याय क्षेत्रीको उपन्यासलेखनले प्रस्तुत गरेको छ।[२६६] वस्तुतः क्षेत्री नेपाली जनजीवनको यथार्थ अङ्कन जीवन्त रूपमा गर्ने बरिष्ठ उपन्यासकार हुन्।[२६७] उनको तेस्रो उपन्यास *ब्रह्मपुत्रको छेउछाउ*लाई *बसाइँ* उपन्यासकै उत्तरअध्याय मात्र सकिन्छ। *बसाइँ*मा क्रूर सामन्ती प्रथाले कुँज्याएको नेपालभित्रको समाज र त्यस समाजको यन्त्रणाबाट मुक्त भइ बाँच्ने उपाय खोज्दै मुग्लानतिर पसेको घटना चित्रित छ भने *ब्रह्मपुत्रको छेउछाउ*मा नेपालबाट आएर आसामका विभिन्न स्थानमा खेती र खुटीलाई प्रधान व्यवसाय बनाइ जीविका उपार्जन गरिरहेका नेपालीहरूको जीवनशैलीको चित्रण पाइन्छ। यी दुवै उपन्यास सामाजिक यथार्थवादका सुन्दर नमूना बनेर देखा परेका छन्।

क्षेत्री आञ्चलिक विषयवस्तुहरूलाई यथार्थ रूपमा चित्रण गर्ने उपन्यासकार हुन्। उनको *बसाइँ* उपन्यासले नेपालको भोजपुर अञ्चलमा व्याप्त सामन्ती समाज, त्यस समाजको दमनकारी नीति र अर्थव्यवस्थालाई आञ्चलिक विषयवस्तुका रूपमा प्रस्तुत गरेको देखिन्छ। *ब्रह्मपुत्रको छेउछाउ* उपन्यासमा कछुगाउँ, बयरआँटी, महखुट्टी, पहुमारा, मछुवापाडा, बागे छपडी, सदिया, मैनापाडाजस्ता नेपाली बहुल क्षेत्रका आञ्चलिक समस्याहरू चित्रित रहेका पाइन्छन्। यसरी नै *प्रतिध्वनिहरू विस्मृतिका* उपन्यासमा पनि ब्रह्मपुत्रको छेउछाउ अवस्थित शीतलपाटी भन्ने गाउँको वर्णन पाइन्छ। यद्यपि यस

---

[२६६] राजेन्द्र सुवेदी, वि. सं. २०६४, *नेपाली उपन्यासः परम्परा र प्रवृत्ति,* दो सं, काठमाडौं: साझा प्रकाशन, पृ १२४

[२६७] असीत राई, सन् २००४, *भारतीय नेपाली साहित्यको इतिहास,* दार्जिलिङः साझा पुस्तक प्रकाशन, पृ २७८

उपन्यासको कथा शीतलपाटी ग्रामीण अञ्चलदेखि विस्तार भएर सहरतिर उन्मुख हुन पुगेको छ, जहाँ गुवाहाटी, शिलाङ्ग, सिलचर, कछार, नौगाउँ, जोरहाट आदि क्षेत्रका आञ्चलिक विशेषताहरू अङ्कित छन्।

क्षेत्रीका उपन्यासमा अस्तव्यस्त नेपाली जनजीवन तथा नेपाली समाजको मार्मिक अभिव्यक्ति पाइने भएकाले उनलाई नेपाली साहित्यमा करुणाका छविकार[२६८], समाजका प्रत्यक्षदर्शी वा कुशल छविकार[२६९] आदि उपाधि प्रदान गरिएको देखिन्छ। नेपाल र नेपाल बाहिरको नेपाली समाजमा व्याप्त सामाजिक, राजनैतिक, सांस्कृतिक, आर्थिक आदि गतिविधिहरूसँगै मनोजगत्को सूक्ष्म अवलोकनलाई पनि क्षेत्रीका उपन्यासमा पाइने आधारभूत विशेषता मानिन्छ। उनको *अतृप्त* मनोवैज्ञानिक दृष्टिले सफल रहेको उपन्यास हो। यस उपन्यासमा वैयक्तिक असन्तुष्टिले कुण्ठित मनोदशाको चित्रण सफलतापूर्वक भएको पाइन्छ। उपन्यासको पात्र मेघराज शर्मा हो, जो हीनताबोधले ग्रस्त छ। ऊ आफैले सिर्जना गरेको परिस्थितिमा रमाउँछ र आफै प्रत्येक घटनाप्रति सशङ्कित बन्दै आत्मपीडित बन्न पुग्छ। कहिल्यै खुसी र सन्तुष्ट हुन नसक्नु, आफुलाई अरूभन्दा हीन सम्झनु, आफुले गर्दै नगरेको गल्तीका लागि पश्चताप गर्नु आदि लक्षणहरूले मेघराजलाई छुट्टै संसारभित्र प्रवेश गराएको छ। त्यही संसारको सजीव चित्रण नै *अतृप्त* उपन्यासको वैशिष्ट्य हो, जसलाई कृष्णचन्द्रसिंह प्रधानले व्यक्तिको आन्तरिक असन्तुष्टिले व्यववहारमा स्नायविक विकृति धारण गरी प्रकट भएको अन्तर्मुखी जीवन[२७०] भनेको पाइन्छ।

प्रकाशनका दृष्टिले क्षेत्रीको चौथो र अन्तिम उपन्यास *प्रतिध्वनिहरू विस्मृतिका* हो। छविलाल उपाध्यायले यस उपन्यासलाई लामो आख्यान, जीवनी, आत्मकथा,

---

[२६८] कृष्णचन्द्रसिंह प्रधान, वि सं २०५२, *नेपाली उपन्यास र उपन्यासकार*, काठमाडौँ: साझा प्रकाशन, पृ २६३

[२६९] हीरामणि शर्मा पौड्याल, वि सं २०६१, *समालोचनाको बाटोमा*, ते सं, काठमाडौँ: साझा प्रकाशन, पृ ७८

[२७०] प्रधान, 'नेपाली उपन्यास र उपन्यासकार', पूर्ववत्, पृ २६८

संस्मरण, निबन्ध, इतिहास आदिलाई एकै ठाउँ समेटेर सम्मिलित रूपले प्रस्तुत गरेको उपन्यास[२७१] भनेका छन् किनभने यसमा क्षेत्रीका आफ्नै पिता प्रेमबहादुर खड्का क्षेत्रीको जीवन अङ्कित हुनका साथै गुवाहाटी र शिलाङ्ग सहरको इतिहासलाई संस्मरणका रूपमा प्रस्तुत गरिएको पाइन्छ। यसैले यो उपन्यास एकजना व्यक्तिको जीवनकथामा आधारित हुनका साथै व्यापक रूपमा सहरीकरणको इतिहासतिर उन्मुख हुन पुगेको देखिन्छ। अतः यस उपन्यासलाई ऐतिहासिक महत्त्व समेत बोकेको जीवनीमूलक उपन्यास भन्न सकिन्छ।

### ५.३.२ *ब्रह्मपुत्रको छेउछाउ* उपन्यासको सारतत्त्व

सन् १९८६ सालमा प्रकाशित *ब्रह्मपुत्रको छेउछाउ* लीलबहादुर क्षेत्रीको तेस्रो उपन्यास हो। बाङ्देलको *मुलुकबाहिर*मा जस्तै यस उपन्यासमा पनि प्रवासी जीवनको भोगाइ, दुःखसुख, परिश्रम र सङ्घर्षको कथा पाइन्छ। आसामको धर्ती छोएर बग्ने ब्रह्मपुत्र नदीका किनारैकिनार अवस्थित विस्तृत भूभागहरूमा विभिन्न व्यवसायहरू अपनाएर आफ्नो उत्तरजीविता पालन गरिरहेका नेपालीहरूको सामाजिक, सांस्कृतिक, शैक्षिक, राजनैतिक, आर्थिक तथा भौगोलिक समस्याको यथार्थ चित्रण नै *ब्रह्मपुत्रको छेउछाउ* उपन्यासको केन्द्रिय विषय हो। अतः यस उपन्यासलाई आसामका विभिन्न क्षेत्रमा बसोबास गर्ने २० लाख जति नेपालीहरूको जीवनको इतिवृत्त मानिन्छ।

*ब्रह्मपुत्रको छेउछाउ*को घटनाक्रमले प्रायः सन् १९४३-४४ देखि सन् १९६९-७० सम्मको इतिहासलाई समेटेको पाइन्छ। वस्तुतः क्षेत्रीले उपन्यासका रूपमा आसामको नेपाली जनजीवनको इतिहास नै लेखेका छन्। यसैले असमेली नेपाली जनजीवनको यथार्थ चित्र खिच्ने प्रयास गरिएको यस उपन्यासमा औपन्यासिक तत्त्वसँग-

[२७१] उपाध्याय, 'प्रतिध्वनिहरू विस्मृतिका'-को सन्दर्भमा', पूर्ववत्, पृ १४१

सँगै ऐतिहासिक तत्त्वको पनि निर्वाह भएको पाइन्छ।[२७२] ब्रह्मपुत्र नदीको छेउछाउका स्थानहरूमा भैँसी पालन र खेतीपाती गरेर बस्ने नेपाली जातिको जीवनधारा, रहनसहन, सामाजिक तथा राजनैतिक असेचतना, प्राकृतिक प्रकोपका कारण उत्पन्न व्यग्र मनोस्थिति साथै आसामेली समाजसँग उनीहरूको अन्तर्सम्बन्ध आदिको सफल उद्घाटन क्षेत्रीले गरेका छन्।

बाइसवटा खण्डमा विभाजित प्रस्तुत उपन्यासको सम्पूर्ण घटनाक्रम गुमानेको जीवनको वरिपरि घटित हुन पुगेको देखिन्छ। ऊ सानै छँदा उसका बाबु मानबीर र माता जुरेली नेपालको पाहाडी क्षेत्रबाट गाँस, वास र कपासको खोजी गर्दै विदेशिएपछि पार्वतीपुर प्लेटफार्मबाट डायरी महाजनका रूपमा परिचित केशरबहादुर खुलालको पछि लागेर कछुगाउँ आएका हुन्छन्। त्यहाँ आएपछि उनीहरूको गोठाले जीनवको अध्याय प्रारम्भ हुन्छ, तर डायरी महाजनको शोषक प्रवृत्तिले गर्दा भनेजस्तो उद्धार हुन सक्दैन। यस्तै अवस्थाबिच क्षयरोगको सिकार बनेर उचित उपचारको अभावमा जुरेलीले मृत्यु वरण गर्छे। त्यसपछि छोरोको मुख हेरेर जसोतसो बाँचेको मानबीरको इहलीला पनि शेष हुन्छ। यसरी गुमाने सद्दे टुहुरो बन्न पुग्छ। त्यहीँबाट उसको सङ्घर्षमय जीवन पनि प्रारम्भ हुन्छ। उसले बयरआँटी प्राथमिक पाठशालाका सञ्चालक एवम् समाजसेवी केशव कागती उर्फ 'कागतीबाबु'-को विशेष प्रोत्साहन र महखुट्टी हाइ स्कुलका हेडमास्टर सूर्यप्रसाद उपाध्यायको सहयोगमा आफ्नो पढाइलाई अघि बढाउँछ। त्यसै समय 'कागतीबाबु'-की छोरी मालतीसित उसको प्रेम सम्बन्ध स्थापित हुन पुग्छ। यो कुरा थाहा पाएपछि श्रीमती कागती, 'कागतीबाबु'-को छोरो हरेन, डायरी महाजन र उसका सहयोगीहरू सबैले गुमानेको बदख्वाइँ गर्न थाल्छन्। यसैकारण प्रवेशिका उत्तीर्ण गरेपछि जीवनमा केही बन्ने उद्देश्य बोकेर गुमाने गुवाहाटीतिर लाग्छ। त्यहाँ पुगेपछि उसले आफ्नो शैक्षिक यात्रालाई अघि बढाउनका लागि एउटा गैरसरकारी स्कुलमा काम गर्छ र

---

[२७२] राजकुमारी दाहाल, सन् २०११, *नेपाली आञ्चलिक उपन्यास*, राजकुमारी दाहालः सिलगडी, पृ १६१

पछिबाट तिनसुकियामा सञ्चालित डायरी महाजनकै डायरीमा पनि काम गर्छ। यसरी दुःख गरेर आई एसम्म पढ्न सफल बनेको ऊ शिलाङ्ग गएर त्यहीँबाट सेनामा भर्ती हुन्छ।

यता मालतीको विवाह डाक्टर बरुण वैश्य नामक गौहाटी मेडिकल कलेजका सहकारी प्राध्यापकसँग हुन्छ। बिहे भएपछि नै मालतीले उसका पति नपुंसक भएको कुरा पनि थाहा पाउँछे र आफ्नो खोटो भाग्य सम्झेर दुःखी बन्छे। गुमाने गोली लागेको लङ्गडो खुट्टा र बमले विकृत बनाएको अनुहार बोकी गाउँ फर्कन्छ। त्यसपछि ऊ धनीमानीहरूद्वारा शोषित गाउँका मानिसहरूको भलो गर्ने तथा उनीहरूलाई सङ्गठित बनाउने उद्देश्य लिइ राजनैतिक क्रियाकलापमा सक्रिय बन्दै जान्छ। त्यस समय माइत आएर बसेकी मालतीले पनि गुमानेका प्रत्येक क्रियाकलापहरूमा साथ दिन थाल्छे। साथी, सहयोगी र मालतीको विशेष कराकापमा गुमाने महखुट्टी समष्टिबाट विधानसभा चुनाउको प्रत्याशी पनि बन्छ, तर चुनाउ हुनअघि नै हरेनको आक्रमणबाट घाइते बन्न पुग्छ। एकातिर चुनाउमा उसको हार हुन्छ भने अर्कोतिर आफ्नो वैवाहिक जीवनसित असन्तुष्ट रहेकी मालतीले आत्महत्याको मार्ग अपनाउँछे। कागतीबाबु पनि स्वास्नीको मृत्यु, छोराको कुकृत्य र छोरीको आत्महत्याको पीडा खप्न नसकेर तीर्थ यात्रामा जान्छ। गुमाने त्यही गाउँका युवाहरूलाई सचेत बनाउने तथा आसामवासी नेपालीहरूको समस्या समाधान गर्ने कार्यमा प्रयासरत् रहन्छ। यद्यपि नेपालीहरू सङ्गठित भएर उठ्न नसकेको अवस्था देखेर ऊ भित्रभित्रै निराश पनि बन्दै जान्छ। त्यही निराशाका साथ ऊ नदी किनारैकिनार अधिकभन्दा अधिक समय बिताउन थाल्छ, जहाँ सेतो साडी लगाएकी एउटी नारी हावामा केशराशि उडाउँदै कुद्ने र डरलाग्दो किसिमले चिच्याउने गरेको कारण गाउँका मानिसहरू ठूलो साँझ परेपछि जानै छोडिसकेका हुन्छन्। यस प्रकार प्रस्तुत उपन्यासको अन्तमा असङ्गठित नेपालीहरूको भविष्यप्रित चिन्ता व्यक्त गरिनका साथै नदी किनारमा मालतीको आत्म डुल्ने गरेको घटनाको वर्णनबाट मानवजीवनको विसङ्गतिलाई देखाइएको छ।

## ५.३.३ कलङ्कीकरणका दृष्टिले *ब्रह्मपुत्रको छेउछाउ* उपन्यासमा प्रयुक्त भिन्न क्षमताको अध्ययन

*ब्रह्मपुत्रको छेउछाउ* उपन्यासमा प्रवासी नेपालीहरूद्वारा गठित समाजको यथार्थ चित्रणसँगै भिन्न क्षमताको चित्रण पनि महत्त्वपूर्ण पक्ष बनेर देखापरेको छ। यस उपन्यासमा चित्रित मुनाको लठेब्रोपन र बुद्धिहीनता, बरुण वैश्यको नपुंसकता, गुमानेको विकृत अवस्था आदि भिन्न क्षमतालाई निर्धारण गर्ने प्रमुख तत्त्वका रूपमा देखापरेका छन्। यिनै तिन पात्रहरूको केन्द्रियतामा कलङ्कीकरण, सीमान्तीकरण तथा सामाजिक समावेशीकरणका दृष्टिले उपन्यासमा प्रयुक्त भिन्न क्षमताको अध्ययन गर्न सकिन्छ।

कलङ्कीकरणको अनुभव सामाजिक रूपले हुने तुलनाको परिणाम हो[२७३] भन्ने लेरिटा कोलम्यान ब्राउनको भनाइ रहेको पाइन्छ। यही सामाजिक रूपमा हुने तुलनाको परिणामस्वरूप *ब्रह्मपुत्रको छेउछाउ* उपन्यासमा चित्रित भिन्न क्षमतायुक्त पात्रहरू कलङ्कका रूपमा चिह्नित हुन पुगेका छन्। यस उपन्यासमा सामाजिक प्रक्रियाअन्तर्गत मुना, डा बरुण वैश्य र गुमानेलाई नगण्य र निरर्थक ठानिएको छ। उनीहरूको उपस्थिति र सामाजिक सहभागितालाई सांस्कृतिक रूपमा अनुर्वर मानिएको देखिन्छ। यसैको परिणामस्वरूप मुनाको लठेब्रोपनलाई विवाहका निम्ति अयोग्य भन्ने सांस्कृतिक अर्थ प्रदान गरिएको छ भने बरुण वैश्यको विवाह गर्ने साहसलाई दुस्साहसका रूपमा हेरिएको छ। यसरी नै गुमानेले राजनैतिक रूपमा देखाएको सक्रियताले पनि समाजमा उचित मूल्याङ्कन पाएको देखिँदैन। प्रस्तुत उपन्यासमा यस्ता अनेकौँ सन्दर्भहरू पाइन्छन्। तिनै सन्दर्भहरू नै कलङ्कीकरणको धारणालाई प्रतिपादित गर्ने माध्यमका रूपमा देखा परेका छन्। तिनमा नकारात्मक छवि निर्माण, रूपसम्बन्धी धारणा, भेदभाव र पक्षापातको भावना आदि प्रमुख रहेका पाइन्छन्।

---

[२७३] ब्राउन, 'स्टिग्माः एनिग्मा डेमिस्टिफाइड', पूर्ववत्, पृ १४८

**५.३.३.१ नकारात्मक छवि निर्माणः** समाजमा भिन्न क्षमतालाई कलङ्कका रूपमा चिह्नित गर्नका निम्ति सर्वप्रथम भिन्न क्षमतायुक्त मानिसको छविलाई नकारात्मक रूपमा प्रस्तुत गरिन्छ भन्ने भिन्न क्षमताका सिद्धान्तकारहरूको भनाइ रहेको पाइन्छ। मिसेल र स्नाइडरले नकारात्मक छवि निर्माण प्रक्रियाको सम्बन्ध अमानवीय प्रवृत्तिसित हुन्छ भन्ने विचार व्यक्त गरेका छन्।[२७४] यस कथनबाट भिन्न क्षमतायुक्त हुनुलाई अमानवीय गुणले युक्त हुनु भन्ने रूढ अर्थमा बुझिन्छ भन्ने कुरा थाहा पाइन्छ। यही रूढ अर्थको वरिपरि भिन्न क्षमतायुक्त मानिसहरूको जीवन अभिशप्त बन्ने गरेको देखिन्छ। *ब्रह्मपुत्रको छेउछाउ* उपन्यासमा चित्रित मुना, बरुण वैश्य र गुमानेको भिन्न क्षमतायुक्त अवस्था पनि अभिशप्त, तिरस्कृत र उपेक्षित बन्न पुगेको देखिन्छ।

मुना यस उपन्यासकी गौण नारीपात्रा हो, जसलाई डायरी महाजनकी लठेब्री छोरी भनी चिनाइएको छ। मुख राम्ररी नलाग्नका साथै बौद्धिक रूपले पनि कमजोर भएकीले ऊ डायरी महाजनका निम्ति चिन्ताको विषय बन्न पुगेकी छे। आफ्नी लठेब्री छोरीको घरसंसार बस्न सक्दैन भन्ने सम्भावनाले ग्रस्त महाजनले अनेक उपाय गरेर गुमानेलाई फकाउँदै मुनाको बिहा ऊसँग गरिदिने प्रयास गर्छ। आफ्नो भाइ कान्छा महाजनसित मनको आशय व्यक्त गर्दै डायरी महाजन यसो भन्छ —

> यो केटालाई उम्कन दिनु हुँदैन। हामीले आफ्नै हातमा राख्नुपर्छ। अब हातमा आयो भने बिस्तारै सम्झाई-बुझाई गरेर मुनालाई यसैसित तर लगाउनुपर्छ। केटी हुर्कीसकी, दिने ठाउँ खोजेर पाइँदैन'।[२७५]

यसरी आफ्नी छोरीको बिहा गर्ने उमेर भइसक्दा पनि बिहा गरेर दिने ठाउँ पाइँदैन भन्ने महाजनको भनाइबाट समाजमा शारीरिक तथा मानसिक रूपले भिन्न रहेकी एउटी

---

[२७४] मिसेल र स्नाइडर, 'न्यारेटिभ प्रोस्थेसिस, डिसएबिलिटी एन्ड डिपेन्डेन्सिस अफ् डिस्कोर्स', पूर्ववत्, पृ ३६

[२७५] लीलबहादुर क्षेत्री, विस २०५९, *ब्रह्मपुत्रको छेउछाउ,* ते सं, काठमाडौं: साझा प्रकाशन, पृ. ९१

नारीप्रति कस्तो उपेक्षाभाव राखिन्छ भन्ने कुरा थाहा पाइन्छ। यसका अतिरिक्त मुनासँग बिहा गर्ने कुरामा गुमानेले असहमती प्रकट गरेको घटनाले पनि मुनालाई नकारात्मक छविका रूपमा प्रस्तुत गरेको देखिन्छ। वस्तुतः मुनासँग बिहा गर्न असहमत हुनका पछि गुमानेका आफ्नै बाध्यताहरू रहे तापनि भित्री रूपमा भने एउटी लठेब्री युवतीसँग बिहा गरेर जीवन बिताउनु उसको सोचदेखि बाहिरको विषय बन्न पुगेको कुरा प्रमुख कारण रहेको देखिन्छ। यसर्थ आफुमाथि महाजनको परिवारले लगाएको ऋण चुक्ता गर्ने कुरालाई गुमानेले नकार्न नसके तापनि सकार्न पनि सकेको छैन। ऊ भन्छ-

खइ अहिले त मेरो त्यस्तो केही विचार छैन। यता पढाइ पनि पुरा गर्नुपर्छ।[२७६]

यसरी पढाइलाई बहाना बनाएर गुमानेले मुनासँगको सम्बन्धलाई अस्वीकार गर्न खोज्छ, तर सफल बन्दैन। यसर्थ ऊ अन्तिम युक्ति अपनाउँदै 'मुनालाई एक प्रकार मैले बहिनी नै सम्झेको छु'[२७७] भनेर पन्सिन सफल बनेको देखिन्छ।

प्रस्तुत उपन्यासमा एकातिर मुनाको उपेक्षित जीवन छ जुन तात्त्विक नभएर समाजनिर्मित धारणाको उपज बनेको देखिन्छ भने अर्कोतिर बरुण वैश्यको नपुंसकता छ जसलाई उसको उच्च तहको पेशा र उपलब्धिले समेत ढाकछोप गर्न सकेको देखिँदैन। आफु नपुंसक हुँदाहुँदै पनि मालतीसँग बिहा गरेर समाजको अघि आफैलाई सामान्य व्यक्तिका रूपमा प्रदर्शित गर्न खोज्नु बरुण वैश्यको विवशता बनेको देखिन्छ। उसले सामाजिक तथा सांस्कृतिक रूपमा आफुमाथि लाग्नसक्ने लाञ्छना र कलङ्कदेखि बाँच्नका निम्ति मात्र वैवाहिक सम्बन्धको ढोङ्ग रचेको देखिन्छ। यस प्रकार समाजका दृष्टिमा आफैलाई पुरुषत्व भएको व्यक्ति घोषित गर्न बरुण वैश्य सफल बने तापनि मालतीका दृष्टिमा भने ऊ ढोङ्गी र आडम्बरी बन्न पुग्दछ।

---

[२७६] पूर्ववत्, पृ ९८

[२७७] पूर्ववत्, पृ १००

उपन्यासको प्रमुख पात्र गुमाने पनि आफ्नो जीवनको उत्तरार्द्धमा भिन्न क्षमताद्वारा पीडित बन्न पुगेको देखिन्छ। ऊ एकजना विश्वासी, लगनशील, सङ्घर्षशील, आत्मसचेत र कर्त्तव्यनिष्ठ पात्र हो। जीवनमा केही बन्ने उद्देश्यले सेनामा भर्ती भएको ऊ पूर्वी बङ्गाल र भारतको सीमानामा चलिरहेको युद्धमा होमिएर शारीरिक रूपले विकृत बन्न पुग्छ। त्यसपछि गाउँ फर्केर युगौंदेखि धनीमानीहरूद्वारा शोषित हुँदै आएका जनताको न्याय र अधिकारका निम्ति अघि सर्दै उसले गाउँलाई परिवर्तन गर्ने सङ्कल्प लिन्छ। यहीँबाट गुमानेको राजनैतिक जीवनको अध्याय सुरु हुन्छ। उसले हेडमास्टर सूर्यप्रसाद, टोपे मास्टर, मालती आदिको विशेष सुझाउ लिएर स्वतन्त्र प्राथींका रूपमा विधान सभा चुनाउ पनि लड्छ तर विजयी हुन सक्दैन। यसरी आफ्नो जाति र समाजको उज्ज्वल भविष्यका निम्ति निष्ठावान् भएर अघि बढे तापनि त्यही जाति र समाजले गुमानेको पक्षमा मतदान नगरेको देखिन्छ। यस घटनाले अप्रत्यक्ष रूपमा कलङ्कीकरणको धारणालाई प्रस्तुत गरेको छ किनभने समाजमा कलङ्कित मानिसहरूलाई विकासका निम्ति, आकाङ्क्षापूर्तिका निम्ति अथवा सफल बन्नका निम्ति कहिल्यै प्रोत्साहित गरिँदैन[२७८] भन्ने लेरिटा कोल्म्यान ब्राउनको भनाइअनुरूप गुमानेलाई पनि समाजले प्रोत्साहित गरेको देखिँदैन। ऊ आसामका विभिन्न क्षेत्रमा बसोवास गर्ने २० लाखजति नेपालीहरूको विकास र व्यवस्थित भविष्यका लागि खटे तापनि सफल बन्न सक्दैन। अर्कातिर डायरी महाजन, घोर्साने काइँला, कार्की ज्वाइँ, माइलो महाजन, हरेन जस्ता मानिसहरू गुमानेको भिन्न क्षमतायुक्त अवस्थालाई नकारात्मक छविका रूपमा प्रस्तुत गर्न क्रियाशील रहेका देखिन्छन्। उदाहरणका रूपमा डायरी महाजनले गुमानेबारे गरेको निम्नलिखित टिप्पणीलाई लिन सकिन्छ-

[२७८] ब्राउन, 'स्टिग्माः एनिग्मा डेमिस्टिफाइड, द डिसएबिलिटी स्टडिज् रिडर', पूर्ववत्, पृ १५४

कता पल्टनमा भर्ती भएर लडाइँमा जाँदा चेहरै डरलाग्दो पारेर गाउँमा आइपुगेको छ। गाउँमा आएबाट सबैलाई भड्काउँदै हिँड्न थालेको छ।[२७९]

यसरी विकृत अनुहारसँग गाउँ फर्केको गुमानेले सबैलाई भड्काउने काम गर्दैछ भन्ने डायरी महाजनको भनाइले गुमाने गाउँका निम्ति अशुभ र अपशकुन बनेको छ भन्ने अर्थसित तादात्म्य राखेको देखिन्छ।

**५.३.३.२ रूपसम्बन्धी धारणाः** प्रस्तुत उपन्यासमा चित्रित भिन्न क्षमतायुक्त पात्रहरूमध्ये गुमानेको रूपबारे गरिएका टिकाटिप्पणीहरू कलङ्कीकरणका दृष्टिले महत्त्वपूर्ण रहेका पाइन्छन्। यस उपन्यासमा गुमानेको विकृत रूपलाई 'भूतजस्तो' र 'मकुण्डो लाएजस्तो' भन्ने अर्थमा ग्रहण गरिएको पाइन्छ। उसको विकृत अनुहार देख्नेबित्तिकै हेडमास्टर सूर्यप्रसाद भन्छ-

एकैचोटि भूतजस्तो भएर पो निस्किस् त। जीउको यो के दशा पारिस् नि ?[२८०]

उसको त्यही भूतजस्तो विकृत अनुहार देखेर तर्सिएको चन्द्रमणि भन्छ-

यो के रूप पाऱ्यौ आफ्नो ? मकुण्डो लाएजस्तो।[२८१]

उक्त टिप्पणीहरू भय अनि घृणाको भावनासित सम्बन्धित रहेका पाइन्छन्। भिन्न क्षमताका सन्दर्भमा भय अनि घृणाको भावनालाई शारीरिक क्षतिका कारण उत्पन्न भएको रागात्मक अभिव्यक्ति मानिन्छ। यस किसिमको अभिव्यक्तिले सामाजिक तथा सांस्कृतिक विश्वासका भरमा रूपसम्बन्धी धारणालाई प्रतिपादन गर्छ। जसरी समाजमा मानिसको सुन्दरतालाई प्रशंसा र प्रेमको प्रतीक मानिन्छ त्यसरी नै कुरूपतालाई भय र घृणाको प्रतीक मानिन्छ। प्रस्तुत उपन्यासमा रूप विकृत हुने बित्तिकै गुमानेलाई 'भूतजस्तो' अथवा 'मकुण्डो लाएजस्तो' भनेर भयावह र घृणित व्यक्ति मानिएको छ। यसैले गुमाने मनले

---

[२७९] क्षेत्री, 'ब्रह्मपुत्रको छेउछाउ', पूर्ववत्, पृ १३४

[२८०] पूर्ववत्, पृ ११५

[२८१] पूर्ववत्, पृ ११९

उही पुरानै गुमाने भए तापनि कुरूपताले गर्दा भने भय र घृणाको प्रतीकका रूपमा कलङ्कित हुन पुगेको देखिन्छ।

मानिसको बाह्य सौन्दर्यलाई महत्त्वपूर्ण ठान्ने सामाजिक तथा सांस्कृतिक अभ्यासका परिणामस्वरूप भिन्न क्षमतायुक्त मानिसहरूले आफैलाई हीन सम्झिने गर्छन्। यस प्रकारको हीनताबोध विशेष गरेर वर्ण, कदकाँठी, शारीरिक विकृति, मानसिक विक्षिप्तता अथवा जुनै पनि प्राणघातक रोगका कारण अत्यधिक मात्रामा हुन्छ भन्ने लेरिटा कोलम्यान ब्राउनको भनाइ रहेको पाइन्छ।[२८२] यसैले भिन्न क्षमतालाई कलङ्कका रूपमा चिह्नित गराउने थुप्रै माध्यमहरूमध्ये हीनताबोध पनि एउटा महत्त्वपूर्ण माध्यम हो। प्रस्तुत उपन्यासमा गुमानेले पनि आफैलाई हीन ठानेको पाइन्छ। चन्द्रमणि र डण्डपाणिले मालतीको प्रसङ्गमा कुरा गर्दा ऊ भन्छ-

मजस्तो विरूपलाई अब केको केटी चाहियो ?[२८३]

यसरी नै टोपे मास्टरसित कुराकानी गर्ने क्रममा पनि ऊ भन्छ-

यस्तै बेकामे पो भएर आइयो है दाइ।[२८४]

गुमानेको यस्तो आत्मस्वीकृति पूर्ण रूपमा सामाजिक एवम् सांस्कृतिक धारणाको उपज बनेर देखा परेको छ। वास्तवमा ऊ 'म कस्तो देखिन्छु' भन्ने प्रश्नभन्दा बढी 'समाजले मलाई कसरी हेर्छ' भन्ने प्रश्नले पीडित हुन पुगेको देखिन्छ। यसैले मालतीसित एकपल्ट भेट गर्ने कुरा सोच्दा मात्र पनि उसको मनमा अन्तर्द्वन्द्व चल्छ। त्यस समय उसले मनैमन बिचार्छ-

यो विकृत रूप र लङ्गडो खुट्टो लिएर उसको सामु उभिनु पो किन ?[२८५]

---

[२८२] 'स्टिग्माः एनिग्मा डेमिस्टिफाइड', पूर्ववत्, पृ १४८

[२८३] क्षेत्री, 'ब्रह्मपुत्रको छेउछाउ', पूर्ववत्, पृ १२१

[२८४] पूर्ववत्, पृ १२५

[२८५] पूर्ववत्, पृ १३७

यसरी गुमानेले आफैलाई हीन ठान्न थालेको घटनाबाट कलङ्कीकरणको धारणा प्रस्तुत भएको देखिन्छ। वास्तवमा शारीरिक विकृतिसँगै जीववैज्ञानिक रूपमा देखा परेको भिन्नताबोधले गुमानेभित्र एक प्रकारको पलायनवृत्तिको विकास भएको छ। यही पलायनवृत्ति न उसलाई कलङ्का रूपमा चिह्नित गर्ने माध्यम बनेको देखिन्छ।

**५.३.३.३ भेदभाव र पक्षपातको भावनाः** सांस्कृतिक रूपमा एउटा मानिसले अर्को मानिससँग समानता नखोजेर विषमता खोज्छ। यसैको परिणामस्वरूप भिन्न क्षमतायुक्त मानिसहरूलाई कलङ्कका रूपमा हेर्ने तथा उनीहरूप्रति भेदभाव र पक्षपातको भावना राख्ने पारम्परिक धारणा विकसित भएको पाइन्छ। यस किसिमको धारणाबाट *ब्रह्मपुत्रको छेउछाउ* उपन्यासका भिन्न क्षमतायुक्त पात्रहरू अछूत रहेको देखिँदैन। यस उपन्यासमा चित्रित मुना, डा बरुण वैश्य र गुमाने कुनै न कुनै रूपमा सामाजिक भेदभाव वा पक्षपातका सिकार हुन पुगेका छन्। मुना एउटी भिन्न क्षमतायुक्त नारी भएकीले समाजमा उसको उपस्थिति अर्थहीन बनेको देखिन्छ। एकातिर डायरी महाजनले उसलाई एक शब्द नसोधि गुमानेसँग उसको बिहा गरिदिने निश्चय गर्छ भने अर्कातिर ऊसँग बिहा गर्न अस्वीकार गरेर गुमानेले उसको भावनामा ठेस पुऱ्याउँछ। उनीहरूले मुनाका इच्छा-आकाङ्क्षाहरूबारे बुझ्ने प्रयास समेत गर्दैनन्। यस घटनाले मुनामाथि राखिएको भेदभाव र पक्षपातको भावनालाई प्रस्तुत गरेको देखिन्छ। अतः उपन्यासमा ऊ दुईवटा कारणले शोषित हुन पुगेकी छे। पहिलो- लिङ्गका आधारमा नारीलाई दोस्रो दर्जाको ठानेर ऊमाथि हैकम स्थापित गर्ने पितृसत्तात्मक सोचले गर्दा ऊ शोषित हुन पुगेकी छे। दोस्रो- ऊ बोली र बुद्धि दुवैले लठेब्री भएकी कारण शोषित हुन पुगेकी छे। समाजमा उसको उपस्थिति र अस्तित्वलाई स्वीकार गरिएको छैन। यसैले *रूप, शीलस्वाभाव सबै ठिकै छ*

*त्यत्तिकी*[२८६] भन्ने गुमानेले बिस्तारैसँग उसका कमीमकजोरीहरू केलाउने काम गरेको देखिन्छ। उदाहरणका रूपमा निम्नलिखित गद्यांशलाई लिन सकिन्छ-

> गुमाने कोठाबाट बाहिरिन्छ। उसका पाइला अघि सर्दै जाँदा उसको मस्तिष्कले मुनाको एक्सरे गर्दै जान्छ। चेहरा नराम्रो पनि भन्न नसकिने तर राम्रोचाहिँ पटक्कै होइन। बोली मुखबाट निस्कन्छ तर शब्दहरू हुँदैनन्। बाहिर देख्ता लाटी भन्न नसकिने तर भित्रबाट लाटी नै भन्नुपर्ने। अर्थात् उमेर छिप्पिएर पनि बुद्धि कत्ति नछिप्पिएको, बालिका प्रवृत्तिले नछोडेको।[२८७]

यिनै कमीकमजोरीहरूले गर्दा गुमानेलगायत आफ्नै पिताका दृष्टिमा समेत मुना एउटी खोटपूर्ण नारी बन्न पुगेकी छे। भिन्न क्षमताको अध्ययनमा 'खोट' शब्दलाई भिन्न क्षमताको पर्यायवाची मान्ने गरिन्छ। अतः सामाजिक संज्ञानमा भिन्न क्षमतायुक्त हुनु भनेको खोटपूर्ण हुनु हो भन्ने मान्यता स्थापित भएको पाइन्छ। प्रस्तुत उपन्यासमा मुनाबाहेक बरुण वैश्य र गुमाने पनि खोटपूर्ण मानिसका रूपमा चिह्नित हुन पुगेका छन्। बरुण वैश्य पेशाले चिकित्सक भए तापनि आफ्नो यौन दुर्बलताको उपचार गर्न असमर्थ रहेको देखिन्छ। यसैकारण उसलाई धेरैले बिहा गर्नका निम्ति आग्रह गर्दा पनि उसले टार्दै आएको हुन्छ। उसका निम्ति बिहा गर्नु चुनौतिपूर्ण विषय भए तापनि सामाजिक रूपमा कलङ्कित हुनदेखि बाँच्नलाई उसले मालतीसँग बिहा गर्छ। यसरी ऊ समाजको दृष्टिबाट आफ्नो कमजोरीलाई लुकाउन सफल त बन्छ तर मालतीलाई यौन सन्तुष्टि प्रदान गर्न भने सफल बन्दैन। मालतीले उसको खोट थाहा पाउँछे र भित्रभित्रै उसलाई घृणा गर्न थाल्छे। मालतीको यही घृणापूर्ण व्यवहार नै बरुण वैश्यको भिन्न रूपलाई निर्धारित गर्ने माध्यम बनेको देखिन्छ। अतः बरुण वैश्य सामाजिक भेदभाव वा पक्षपातबाट बाँच्न सक्षम बने तापनि मालतीको भेदभाव वा पक्षपातपूर्ण व्यवहारबाट बाँच्न भने सक्षम बनेको देखिँदैन।

---

[२८६] पूर्ववत्, पृ ९७

[२८७] पूर्ववत्, पृ ९९

यसरी नै गुमाने पनि परिस्थितिवश भिन्न क्षमतायुक्त अवस्थामा पुगेपछि सामाजिक भेदभाव वा पक्षपातको सिकार बन्न पुगेको देखिन्छ। हेडमास्टर सूर्यप्रसाद, उनकी श्रीमती र दुई छोरी, टोपे मास्टर, चन्द्रमणि, डण्डपाणि, कागतीबाबू, मालती आदिले गुमानेको विकृत रूपलाई भिन्नताका दृष्टिले नहेरे तापनि डायरी महाजन, माइलो महाजन, कार्की ज्वाइँ, घोर्सानि काइँला, हरेन आदिले भने ऊप्रति प्रशस्त मात्रामा भिन्नताको भावना राखेको देखिन्छ। एउटा भिन्न क्षमतायुक्त मानिस राजनैतिक दृष्टिले सक्रिय बन्दै गइरहेको कुरा डायरी महाजनलगायत उसका सहयोगीहरूलाई सह्य हुँदैन। उनीहरूले गुमानेका प्रत्येक कार्यलाई असफल बनाउनका निम्ति कुटनैतिक चाल चल्न थाल्छन् र सफलता पनि प्राप्त गर्छन्। अतः गुमाने मनप्राण लगाएर जातिहितका निम्ति अग्रसर भए तापनि सफल बन्न सक्दैन। उसले टोपे मास्टरको सहायता लिएर मैनापाडाबाट उच्छेद हुन लागेका नेपालीहरूको स्थितिबारे आसाम गोर्खा लीगका नेताहरूलाई समेत अवगत गराउँछ। ती नेताहरूलाई मैनापाडा आइदिने अनुरोध पनि गर्छ तर ती नेताहरू मैनापाडाको जनसभामा नआएर सोझै डायरी महाजनको घरमा जान्छन्। यसरी आफ्नै सङ्गठन नेताहरूले समेत गुमानेप्रति भेदभाव वा पक्षापातको भावना राखेको देखिन्छ। यसका अतिरिक्त उसले जाति र समाजको उत्थानका निम्ति आफ्नो सम्पूर्ण जीवन समर्पित गरे तापनि त्यही जाति र समाजबाट उसलाई विधान सभा चुनाउमा विजयी मत प्राप्त हुँदैन। यसरी साधारण जनताले समेत गुमानेको नेतृत्वलाई अस्वीकार गरेको देखिन्छ। यसबाट समाजले उसलाई कलङ्कभन्दा बढ्ता केही नमानेको तथा ऊप्रति भेदभाव वा पक्षपातको भावना राखेको कुरा स्पष्ट हुन्छ।

### ५.३.४ सीमान्तीकरणका दृष्टिले *ब्रह्मपुत्रको छेउछाउ* उपन्यासमा प्रयुक्त भिन्न क्षमताको अध्ययन

*ब्रह्मपुत्रको छेउछाउ* उपन्यासका भिन्न क्षमतायुक्त पात्रहरू पनि परिधिमा बस्न बाध्य बनेका देखिन्छन्। यस उपन्यासमा चित्रित मुना, बरुण वैश्य र गुमाने सीमान्तकृत समूहलाई प्रतिनिधित्व गर्ने भिन्न क्षमतायुक्त पात्रहरू हुन्। अतः प्रस्तुत उपन्यासमा प्रयुक्त भिन्न क्षमतालाई सीमान्तीकरणका दृष्टिले यस प्रकार अध्ययन गर्न सकिन्छ-

**५.३.४.१ परिचय र प्रतिनिधित्वको धारणाः** प्रस्तुत उपन्यासमा चित्रित मुना, बरुण वैश्य र गुमानेको परिचयले मूलतः असहाय, अनुपयुक्त, अनुर्वर, अनाकर्षक, हानिकारक जस्ता सांस्कृतिक अर्थहरूलाई प्रतिनिधित्व गरेको देखिन्छ। उनीहरू आ-आफ्ना भिन्न क्षमतायुक्त अवस्थाका कारण उत्पीडित बन्न पुगेका छन्। उपन्यासमा डायरी महाजनकी कान्छी छोरी भनेर चिनिएकी मुनालाई बोलीले मात्र नभएर बुद्धिले पनि लठेब्री भनिएको पाइन्छ। उसको परिचय यस प्रकार दिइएको छ-

> ऊ अलिक लठेब्री खालकी छे। सात वर्ष लाग्दा पनि उसको बोली टड्कारो र स्पष्ट छैन। बोलीले मात्र होइन, बुद्धिले पनि ऊ लठेब्री नै छे।[२८८]

यस किसिमको परिचयले मुनालाई सामाजिक रुपमा छुट्टै वर्ग मानेको देखिन्छ। उसको नामसँग जोडिन पुगेको 'लठेब्री' विशेषण उसका निम्ति मेट्नै नसक्ने कलङ्क बनेर देखा परेको छ। ऊ आजीवन त्यस कलङ्कबाट मुक्त हुन सकेकी छैन। रूप र गुणले ठिकठाक भए तापनि त्यही 'लठेब्री' विशेषण नै उसलाई विकर्षणका रूपमा प्रस्तुत गर्ने माध्यम बनेको देखिन्छ। डायरी महाजनका दृष्टिमा ऊ एउटी अयोग्य नारी हो, जसका निम्ति लोग्ने पाउनु अत्यन्तै कठिन छ। यसैकारण उसले धनको तुजुग र गुमानेको परिवार उनकै आश्रयमा हुर्केको गुणको भार दुवै मिलाएर आफ्नी लठेब्री छोरीको बिहा

[२८८] पूर्ववत्, पृ २९

गुमानेसँग गरिदिन खोजेको देखिन्छ। अर्कातिर ससुरालीबाट पाएको सम्पत्तिले जीवन निर्वाह गर्नु गुमानेका निम्ति वैकल्पिक माध्यम भए तापनि ऊ मुनाजस्ती लठेब्री युवतीलाई पत्नी रूपमा स्वीकार गर्न सक्दैन। यसरी लठेब्री भएर जन्मनु मुनाका निम्ति अभिशाप बनेको देखिन्छ। त्यही अभिशापका कारण उसको कुनै सामाजिक मर्यादा रहेको देखिँदैन। डायरी महाजन र गुमानेका दृष्टिमा ऊ पत्नी, आमा, गृहणी बन्न योग्यकी नारी होइन भन्ने कुराको पुष्टि भएको छ। यसरी उसको अमर्यादा वा अवमूल्यन भएको घटना सीमान्तीकरणका दृष्टिले महत्त्वपूर्ण रहेका पाइन्छ।

समाजमा भिन्न क्षमतायुक्त मानिसहरू व्यापक मात्रामा नकारात्मक आलोचनाका सिकार बन्दछन्। यसैले कतिपय भिन्न क्षमतायुक्त मानिस समाजका अघि आफ्नो वास्तविक परिचय लुकाउन बाध्य बन्दछन्। उनीहरू झुटो परिचयका साथ प्रस्तुत भएर आफु सामान्य मानिस भएको ढोङ्ग रच्दछन्। यसो गर्नु उनीहरूको रहर नभएर बाध्यता बनेको देखिन्छ। टोबिन सिबर्सले यस किसिमको भिन्न क्षमतालाई 'छद्मभेषी' भनेका छन्। सिबर्सअनुसार छद्मभेषीले आफ्नो छद्मरूपका माध्यमबाट सामाजिक कलङ्कलाई स्थितिसापेक्ष बनाउने वैकल्पिक पद्धतिको अनुसरण गर्छ।[२८९] प्रस्तुत उपन्यासमा बरुण वैश्यको भिन्न क्षमतायुक्त अवस्था पनि 'छद्मभेषी' -का रूपमा रहेको छ। उपन्यासमा उसलाई एकजना अर्धबैंसे, निधार चौडा भएको, टाउको दुवै छेउ खुइलिएको, गोह्रो अनुहार र भारी भरकम जीउडाल भएको, सुधो, बमभोला खालको मानिस भनेर परिचित गराइएको पाइन्छ। उसको यस्तो परिचय सामान्य मानिस अथवा सामान्य पुरुष हुनुको नियमदेखि बाहिर रहेको देखिँदैन तर बिहापछि भने मालतीका अघि ऊ उदाङ्गो बन्न पुग्छ। उसको नपुंसकताबारे थाहा पाउनेबित्तिकै मालती उसलाई घृणा गर्न र ऊदेखि डराउन थाल्छे।

---

[२८९] सिबर्स, 'डिसएबिलिटी थ्योरी', पूर्ववत्, पृ १०२

परिचय निश्चित वा निर्दिष्ट हुँदैन, लचिलो हुन्छ[२९०] भन्ने लेनार्ड जे डेविसको भनाइ रहेको पाइन्छ। प्रस्तुत उपन्यासमा गुमानेको परिचय पनि निश्चित नभएर लचिलो रहेको देखिन्छ। ऊ गोठालो, विद्यार्थी, प्रेमी, शिक्षक, सैनिक, सामाजिक कार्यकर्त्ता आदि रूपहरूमा परिचित हुनका साथै एकजना भिन्न क्षमतायुक्त व्यक्तिका रूपमा समेत परिचित हुन पुगेको देखिन्छ। आफ्नो जीवनको पूर्वार्द्धमा सुन्दर र सामान्य व्यक्तिका रूपमा परिचित रहेको ऊ जीवनको उत्तरार्द्धमा भिन्न क्षमतायुक्त बन्न पुगेपछि कुरूप र असामान्य व्यक्तिका रूपमा चिह्नित हुन पुगेको छ। ऊ भिन्न क्षमतायुक्त व्यक्तिका रूपमा चिह्नित भएपछि उसलाई हेर्ने सामाजिक दृष्टिकोणमा पनि परिवर्तन आएको देखिन्छ। उसको विकृत रूप देखेर हेडमास्टर सूर्यप्रसादले 'भूतजस्तो' र चन्द्रमणिले 'मकुण्डो लाएजस्तो' भनेर टिप्पणी गरेका छन्। यस किसिमका टिप्पणीहरूले सांस्कृतिक रूपमा अत्यन्तै भयावह र घिनलाग्दो वा वितृष्णालाग्दो भन्ने अर्थहरूलाई प्रतिनिधित्व गरेको देखिन्छ। यस्तै सांस्कृतिक अर्थहरूको प्रभावस्वरूप समाजमा भिन्न क्षमतालाई छुद्र, बिकामे, अनुपयुक्त वा अनुर्वर मान्ने गरिन्छ। गुमाने पनि यस किसिमको सामाजिक धारणादेखि अछूत रहन सकेको देखिँदैन। उसले सामाजिक तथा राजनैतिक क्रियाकलापहरूमा सक्रिय रहेर आफ्नो सहभागिता सिद्ध गरे तापनि उसको त्यो सहभागिता समाजमा अस्वीकृत रहेको पाइन्छ। यस सन्दर्भमा मानिसको अहम्ले भिन्न क्षमतायुक्त शरीरलाई सजिलै स्वीकार गर्दैन[२९१] भन्ने टोबिन सिबर्सको भनाइ उपयुक्त रहेको देखिन्छ। वस्तुतः गुमानेको सामाजिक सहभागितालाई डायरी महाजन समूह, हरेन, सङ्गठनका नेतागणलगायत साधारण जनताले समेत दुत्कार्नका पछि अहम् नै प्रमुख कारण रहेको मान्न सकिन्छ किनभने प्रत्येक स्तरका मानिस आफु शारीरिक रूपले सुगठित रहेको

[२९०] डेविस, 'बेन्डिङ् ओभर ब्याकवाड्र्स, डिसएबिलिटी, डिस्मर्डनिज्म एन्ड अदर डिफिकल्ट पोजिसन्स्', पूर्ववत्, पृ २६

[२९१] सिबर्स, 'डिसएबिलिटी थ्योरी', पूर्ववत्, पृ ६०

कुरामा अहम्भावले ग्रस्त हुन्छन्। प्रस्तुत उपन्यासमा यही अहम्भाव नै गुमानेको भिन्न क्षमतायुक्त अवस्थालाई सीमान्तकृत गर्ने बीजतत्त्वका रूपमा रहेको पाइन्छ।

**५.३.४.२ सक्षमता वा सामान्यताको धारणाः** सक्षमता वा सामान्यतालाई विशेष स्तर वा नियमका रूपमा अङ्गीकार गर्ने सामाजिक परम्पराअनुसार *ब्रह्मपुत्रको छेउछाउ* उपन्यासमा चित्रित भिन्न क्षमतायुक्त पात्रहरू अक्षमता र असामान्यताका प्रतीक बनेर देखा परेका छन्। भिन्न क्षमताको अध्ययनमा सक्षमतालाई आदर्श निर्मिति मानिएको छ[२९२], जसले औसत वा सामान्य भन्ने वर्गका विपरीत नियामक तत्त्वका रूपमा रहेर भिन्न क्षमताको स्वरूप निर्धारण गर्छ। यसको कुनै सारयुक्त परिभाषा रहेको पाइँदैन।[२९३] यस दृष्टिले सक्षमता वा सामान्यताको धारणा केवल विचारधारामा आधारित नियममात्र हो, यथार्थ होइन भन्ने बुझिन्छ। यसर्थ टोबिन सिबर्सले यसलाई अचिह्नित र अदृश्य रहने नियम भनेका छन्।[२९४] यही नियम नै भिन्न क्षमतालाई सामाजिक मूलधाराबाट उच्छेद गर्ने शक्तिका रूपमा रहेको पाइन्छ। प्रस्तुत उपन्यासमा चित्रित मुना, बरुण वैश्य र गुमाने पनि आ-आफ्ना भिन्न क्षमतायुक्त अवस्थाका कारण सक्षमता वा सामान्यताको नियमभित्र पर्न सकेका छैनन्।

रोजमेरी गर्लल्याण्ड थम्पसनले सामाजिक संरचनालाई मिल्दो र अमिल्दो गरेर दुईवटा वर्गमा विभाजन गरेकी छन्। थम्पसनअनुसार भिन्न क्षमतायुक्त मानिसहरू अमिल्दो वर्गमा पर्छन् र भौतिकवादी दृष्टिकोणले उनीहरूको शरीरप्रतिको धारणा निर्धारण हुन्छ।[२९५] यसैकारण अमिल्दो वर्गमा पर्नेहरू सामाजिक नियमअनुसार आफ्नो जीवन

---

[२९२] ड्यान गुडली, बिल हग्स र लेनार्ड जे डेविस (सम्पा), सन् २०१२, *डिसएबिलिटी एन्ड सोसियल थ्योरी, न्यु डेभलोप्मेन्ट एन्ड डाइरेक्शन्स्,* युकेः पालग्रेभ म्याकमिलन, पृ २२

[२९३] मिसेल र स्नाइडर, 'न्यारेटिभ प्रोस्थेसिस, डिसएबिलिटी एन्ड डिपेन्डेन्सिस अफ् डिस्कोर्स', पूर्ववत्, पृ ४९

[२९४] सिबर्स, 'डिसएबिलिटी थ्योरी', पूर्ववत्, पृ १०२

[२९५] रोजमेरी गर्ल्यान्ड थम्पसन, २०११, मिसफिट्सः अ फेमिनिस्ट मेटारलिस्टिक डिसएबिलिटी कन्सेप्ट, एथिक्स अफ् इमबोडिमेन, भोल्युम २६, सङ्ख्या ३, विली अन् बिहाफ् अफ् हाइपसिया, https:/doi.org/10.1111/j.1527-2001.01206.x, पृ ५९१ - ६०९

बाँच्न सक्षम हुँदैनन् भन्ने धारणा प्रतिपादित भएको पाइन्छ। प्रस्तुत उपन्यासमा डायरी महाजनले मुनाको लठेब्रोपनबारे व्यक्त गरेको चिन्ता यसै धारणाको परिणाम बनेर देखा परेको छ। यसबाहेक गुमानेले मालतीसित तुलना गर्ने क्रममा मुनाबारे विचार गरेका कुराहरू पनि मुनाको सीमान्ततालाई निर्धारण गर्ने कडीका रूपमा रहेका पाइन्छन्। उदाहरणका रूपमा निम्नलिखित गद्यांशलाई हेरौँ-

> मुनासित विवाह गर्ने कुरामा एउटै युक्ति छ। ऊ जात-कुलकी धनी र प्रतिष्ठित व्यक्तिकी छोरी। तर उसले बिहे गर्ने जात, कुल र प्रतिष्ठासित होइन। एउटी नारीसित बिहे गर्न ऊ लालयित छ, जसभित्र ऊ एउटी जीवनसहचरी, एउटी गृहसञ्चालिका र एउटी हृदयले माया प्रेयसी फेला पार्न सकोस्।[२९६]

यस प्रकार मुनालाई एउटी नारी हुनुको नियमदेखि बाहिरको विषय मानिएको छ। वास्तवमा मुना पनि एउटी नारी नै हो र ऊभित्र पनि एउटी नारीमा हुनपर्ने प्राकृतिक गुणहरू व्याप्त रहेका पाइन्छन्। ऊ मालतीजत्तिकै बाठी र पढिलेखेकी छैन, तर शारीरिक संरचनाका दृष्टिले सन्तान जन्माउन सक्ने प्राकृतिक बरदानप्राप्त मालतीको नारी शरीर र उसको नारी शरीरमा कुनै भिन्नता रहेको देखिँदैन। ऊ पनि कसैकी जीवनसङ्गिनी, एउटी असल गृहणी र माया गर्ने प्रेयसी बन्न सक्षम छे तर उसलाई सक्षम मानिएको छैन। उपन्यासमा मालतीको नारीरूप मानक आधारका रूपमा रहेको पाइन्छ, जसले मुनाको अक्षमता र असामान्यलाई परिधीय विषयमा रूपान्तरित गरिदिएको छ।

सामाजिक प्रक्रियाअन्तर्गत भिन्न क्षमतायुक्त मानिसहरू पराइबोधले ग्रस्त हुन्छन्। प्रस्तुत उपन्यासमा बरुण वैश्यले स्वयम्लाई सक्षम र सामान्य पुरुषका रूपमा प्रस्तुत गरेको घटना यही पराइबोधसँग सम्बन्धित रहेको देखिन्छ। वस्तुतः बरुण वैश्यले पराइबोधको अवस्थाबाट मुक्त हुन र सामाजिक मूलधारामा प्रवेश गर्नका निम्ति आफैलाई

[२९६] क्षेत्री, 'ब्रह्मपुत्रको छेउछाउ', पूर्ववत्, पृ १००

सक्षम पुरुषका रूपमा प्रस्तुत गरेर ढोङ्ग रचेको देखिन्छ। यसरी सक्षम हुनुको ढोङ्ग रच्नुलाई टोबिन सिबर्सले सामान्यतालाई प्रदर्शन गर्ने मार्गहरूमध्येको एउटा मार्ग मानेका छन्।[२९७] बरुण वैश्यले पनि यही मार्ग अनुसरण गरेर आफ्नो सामाजिक प्रतिष्ठालाई यथावत् राख्न सफल बनेको देखिन्छ। तथापि उसको यही ढोङ्ग रचाइले गर्दा ऊ मालतीका दृष्टिमा घृणास्पद र भयावह बन्न पुगेको कुरा निम्नलिखित गद्यांश पढ्दा थाहा लाग्छ-

> डाक्टरप्रति उसको हृदय घृणाले भरिन्छ। बिस्तारै अब ऊ डाक्टरको निकट आउन डराउन थालेकी छे। उसको स्पर्श पनि उसलाई असह्य हुन्छ र एक कुनामा डाक्टर आउनभन्दा अघि नै कोल्टे फर्केर निदाएको भान पारी सुत्छे।[२९८]

मालतीको यही घृणा र भय चरम् अवस्थामा पुगेपछि ऊ आत्महत्याद्वारा मृत्यु वरण गर्न पुग्छे तर आफ्ना पतिको घरमा फर्केर जाँदिन। यसबाट सक्षमता वा सामान्यताको धारणा वरिपरि अक्षमता वा असामान्यतालाई कसरी अपमानको विषय मानिन्छ भन्ने कुरा प्रस्ट भएको पाइन्छ। उपन्यासमा बरुण वैश्य उपेक्षित र तिरस्कृत पात्रका रूपमा देखा परेको छ, जो पद र प्रतिष्ठाका कारण सामाजिक मूलधारामा रहे तापनि नपुंसकताका कारण सीमान्तमा पुगेको देखिन्छ।

अर्कोतिर सामाजिक क्रियाकलापहरूमा आफ्नो सक्रियता देखाए तापनि गुमानेले आफ्नो सक्षमता वा सामान्यतालाई समाजअघि सिद्ध गर्न सकेको देखिँदैन। समाजका दृष्टिमा ऊ केवल विकृत गुमाने बन्न पुगेको देखिन्छ। उसलाई निच देखाउनका निम्ति डायरी महाजन समूह, हरेन, सङ्गठन नेतागण आदिले गरेको व्यवहार पूर्णतया पक्षपातपूर्ण रहेको पाइन्छ। यस सन्दर्भमा भिन्न क्षमतामाथि हुने पक्षपातको घेरादेखि

[२९७] सिबर्स, 'डिसएबिलिटी थ्योरी', पूर्ववत्, पृ ११८

[२९८] क्षेत्री, 'ब्रह्मपुत्रको छेउछाउ', पूर्ववत्, पृ १००

बाहिर निस्कनु एकदमै कठिन कार्य हो[२९९] भन्ने टोबिन सिबर्सको भनाइ उपयुक्त रहेको पाइन्छ। गुमाने पनि सामाजिक रूपमा हुने पक्षपातको घेराबाट मुक्त हुन सकेको देखिँदैन।

**५.३.४.३ अन्यत्वको धारणाः** प्रस्तुत उपन्यासमा भिन्न क्षमतायुक्त पात्रहरूको उपस्थिति र सामाजिक सहभागितालाई महत्त्वहीन ठानिएको घटना अन्यत्वको धारणामा आधारित रहेको पाइन्छ। यस धारणाअन्तर्गत एउटा विशेष वर्गका रूपमा चिह्नित हुने 'अन्य'-को आशय 'नियमबाहिरको' भन्ने अर्थसँग हुन्छ र 'नियमबाहिरको' भन्ने अर्थको आशय भिन्न क्षमतायुक्त शरीरसँग हुन्छ। विशेषतः समाजमा गोह्रो, अग्लो, सुन्दर, श्रेष्ठ, सुडौल, सबल, पुरुष भन्ने धारणाहरू भिन्न क्षमतालाई निर्धारण गर्ने सामाजिक नियम वा मापदण्डका रूपमा रहेका हुन्छन्। यिनै निमय वा मापदण्डका आधारमा भिन्न क्षमतालाई अनुचित तथा अनुपयोगी मान्ने गरिन्छ। प्रस्तुत उपन्यासमा चित्रित भिन्न क्षमतायुक्त पात्रहरूलाई पनि अनुचित र अनुपयोगी मानिएको छ। मुना एउटी लठेब्री र बौद्धिक रूपले दुर्बल नारी भएकीले स्वतन्त्र रूपमा निर्णय लिने अधिकारदेखि वञ्चित हुन पुगेकी छे। उपन्यासमा उसको अस्तित्व केवल अरुले थोपरेको निर्णयलाई सुन्नु र मान्नुसम्म सीमित रहेको देखिन्छ। डायरी महाजनले उसको इच्छा-अनिच्छा बुझ्ने प्रयास नगर्नु, ऋण र धनको आड लिएर गुमानेसँग उसको बिहाको कुरा चलाउनु, गुमानेले अस्वीकार गर्नु जस्ता घटनाहरू उसलाई 'अन्य' वर्गमा चिह्नित गराउने माध्यमका बनेर देखा परेका छन्।

प्रस्तुत उपन्यासमा बरुण वैश्यले आफ्नो यौन कमजोरीलाई लुकाएर मालतीसँग बिहा गरेको घटना पनि अन्यत्वको धारणासँगै सम्बन्धित रहेको पाइन्छ। बाह्य रूपमा बरुणको बिहा गर्ने निर्णय पितृसत्तात्मक सोचको उपज बनेर देखा परेको छ। ऊ सम्पूर्ण रूपले पुरुष हुनुको नियमदेखि बाहिरको विषय भए तापनि आफ्नो सामाजिक प्रतिष्ठा कायम राख्नलाई मात्र उसले एउटी नारीको जीवनसित खेलबाड गरेको देखिन्छ। तथापि

[२९९] सिबर्स, 'डिसएबिलिटी थ्योरी', पूर्ववत्, पृ १३४

आन्तरिक रूपमा उसको त्यो निर्णयलाई सामाजिक कलङ्कदेखि बाँच्नका निम्ति बाध्यतावश अपनाउन परेको विकल्पमात्र मान्न सकिन्छ। समाजका दृष्टिमा नपुंसक हुनु भनेको आजीवन तिरस्कार र हाँसोको पात्र बनेर बाँच्नु हो किनभने सामाजिक मूलधाराभित्र नपुंसकहरूका निम्ति कुनै स्थान रहेको पाइँदैन। यसैले बरुण वैश्य आफुले नचाहँदा नचाहँदै पनि ढाँटेर बिहा गर्न बाध्य बनेको देखिन्छ।

समाजमा मानिसको रूपलाई कसरी नियमका रूपमा हेरिन्छ र त्यस नियमभित्र नपर्नेहरू कसरी 'अन्य'-का रूपमा वर्गीकृत हुन्छन् भन्ने प्रश्नको उत्तरस्वरूप गुमानेको जीवन निर्धारित भएको छ। गुमाने गाउँ फर्कँदा सर्वप्रथम उसको विकृत रूप देखेर हेडमास्टर सूर्यप्रसादलगायत उसकी श्रीमती र दुई छोरी, चन्द्रमणि, डण्डपाणि, टोपे मास्टर आदि सबै चकित् बन्दछन्। उनीहरूको त्यस्तो प्रतिक्रियाले अन्यत्वको धारणालाई प्रस्तुत गरेको देखिन्छ। पहिला सुन्दर, स्वास्थ्य र आकर्षक मानिएको गुमाने रूप विकृत हुनेबित्तिकै 'अन्य' -का रूपमा चिह्नित हुन पुगेको छ। यसैले उसलाई देख्दा भय, घृणा, संवेदना, बिस्मात, दुःख जस्ता संवेगहरू आश्चर्यका रूपमा प्रकट भएका छन्। वस्तुतः कुनै कुरूप मानिसलाई देख्दा भयभीत हुनु, घिन लाग्नु, भावुक बन्नु, खिन्नताबोध गर्नु, दुःखी बन्नु आदि स्वाभाविक रूपमा उत्पन्न हुने प्रतिक्रियाहरू हुन्, तथापि यस्ता प्रतिक्रियाहरूको आन्तरिक सम्बन्ध सामाजिक तथा सांस्कृतिक अभ्याससित रहेको पाइन्छ। यही अभ्यासअन्तर्गत गुमानेको कुरूपतालाई पनि कलङ्कका रूपमा हेरिएको छ, जसबाट अमानवीय, अशोभनीय, अशुभ, अनुपयोगी भन्ने अर्थहरू व्यक्त भएका छन्। यसबाहेक शारीरिक रूपले विकृत हुनु भनेको समाजमा काम नलाग्ने हुनु हो भन्ने धारणा गाउँका मानिसहरूको प्रतिक्रियाबाट देखा परेको छ। यसका उदाहरणस्वरूप निम्नलिखित गद्यांशलाई लिन सकिन्छ-

> होडमास्टरको गोठालाको रूपमा हेरिएको गुमाने आज लप्टन गुमानसिंहको रूपमा एकातिर सबैका आँखामा निकै उक्सिएको छ भने अर्कोतिर उसको शारीरिक अवस्थामाथि कतिले सहानुभूति पनि पोख्छन। वास्तवमा ऊ सबैको केन्द्रबिन्दु बन्न पुगेको छ।[३००]

यस भनाइले समाजमा स्थापित शरीर-राजनीतिको धारणालाई प्रस्तुत गरेको छ। यसैले गुमाने आन्तरिक हृदयबाटै जाति र समाजका दुःख, समस्या र असुविधाहरूसँग जडित रहेता तापनि शारीरिक विकर्षणका कारण त्यही जाति र समाजबाट तिरस्कृत बन्न पुगेको छ।

### ५.३.५ सामाजिक समावेशीकरणका दृष्टिले *ब्रह्मपुत्रको छेउछाउ* उपन्यासमा प्रयुक्त भिन्न क्षमताको अध्ययन

*ब्रह्मपुत्रको छेउछाउ* उपन्यासमा भिन्न क्षमतायुक्त मानिसहरूको चित्रण कलङ्कित र सीमान्तकृत वर्गका रूपमा भएको पाइन्छ। यसबाट मुख्यतः भिन्न क्षमतायुक्त मानिसहरूको सामाजिक स्थितिबारे थाहा पाउन सकिन्छ। समाजमा भिन्न क्षमतायुक्त मानिसहरूलाई असङ्गत चरित्रका रूपमा हेर्ने दृष्टिकोण व्याप्त भएको पाइन्छ। यसैको परिणामस्वरूप भिन्न क्षमता भनेको समस्या हो, बाधा हो, अनुचित र अनुपयोगी हो भन्ने धारणाहरू रूढिवादी विचारधाराका रूपमा क्रियाशील रहेका पाइन्छन्। प्रस्तुत उपन्यासमा चित्रित मुना, बरुण वैश्य र गुमाने पनि यस्तै रूढिवादी विचारधाराका सिकार बन्न पुगेका छन्। अतः उनीहरू उपेक्षित जीवनशैलीको चित्रण गरेर उपन्यासकारले भिन्न क्षमताबारे निर्मित रूढ विचारधाराहरूको खण्डन गर्न खोजेको देखिन्छ।

प्रस्तुत उपन्यास प्रत्यक्ष रूपमा नभएर अप्रत्यक्ष रूपमा सामाजिक एकीकरणको धारणासित सम्बद्ध रहेको पाइन्छ। उपन्यासकारले भिन्न क्षमतायुक्त मानिसहरूमाथि

[३००] पूर्ववत्, पृ ११८

भइरहेको मानसिक शोषण, उनीहरूले झेल्न परिरहेको अपमान, उनीहरूको दैनिक भोगाइको क्रम आदिबारे प्रकाश पारेर समाजमा स्थापित एकतन्त्रीय नीतिबारे अवगत गराएका छन्। वास्तवमा सक्षम-अक्षम, सामान्य-असामान्य, सबल-दुर्बल जस्ता भेदहरू निर्मित विचारधाराका उपजमात्र हुन् भन्ने सत्यको उद्घाटन गर्नु नै प्रस्तुत उपन्यासको मूल अभिप्राय बन्न पुगेको देखिन्छ। उपन्यासकारले एकातिर भिन्न क्षमतालाई बहिष्करणको विषय मान्ने समाजनिर्मित विचारधारा दृढ रहेको देखाएका छन् भने अर्कातिर त्यही दृढता भिन्नताको भावनालाई प्रोत्साहित गर्न सफल बने तापनि सामाजिक एकीकरणलाई तोड्न असफल बनेको देखाएका छन्। यस कुराको पुष्टि लठेब्री मुना स्कूल पढ्न जानु, चौकीदारसँग उसको बिहा हुनु, नपुंसक बरुण वैश्य डाक्टर बन्नु, विकृत गुमाने बढो सक्रियतापूर्वक सामाजिक तथा राजनैतिक क्रियाकलापहरू संलग्न हुनु जस्ता घटनाहरूले गरेका छन्। यी घटनाहरू उपन्यासमा विश्रृङ्खल बनेर देखा परेका छन्, तर समाजको दृढतालाई तोडेर सामाजिक एकीकरणको धारणा प्रस्तुत गर्ने माध्यमका रूपमा रहेका पाइन्छन्। यस सन्दर्भमा सामाजिक बहिष्करणका तुलनामा सामाजिक एकीकरण मानवसमाजमा निहित दृढताभन्दा अधिक हुन्छ[३०१] भन्ने हेनरी ज्याक्स स्टिकरको भनाइ उल्लेखनीय रहेको पाइन्छ। समग्रमा के भन्न सकिन्छ भने *ब्रह्मपुत्रको छेउछाउ* उपन्यासमा चित्रित समाज सक्षम, सबल र सामान्य भनिएका मानिसहरूको मात्र नभएर भिन्न क्षमतायुक्त मानिसहरूको पनि समाज हो। यसमा मुना, बरुण वैश्य र गुमानेको सामाजिक सहभागिता समावेशीकरणका दृष्टिले महत्त्वपूर्ण रहेको पाइन्छ। बरुण वैश्य आफ्नो लगनशीलता र कठोर परिश्रमले डाक्टरजस्तो उच्च पदमा आसीन हुन पुगेको छ। यौन दुर्बलताले गर्दा ऊ भिन्न क्षमतायुक्त व्यक्तिका रूपमा चिह्नित हुन पुगे तापनि उसको त्यो अवस्था समाजका लागि हानिकारक बनेको देखिँदैन। उसले करले मात्र बिहे गरेर मालतीसित छल गरेको देखिन्छ, तर मालतीलाई यौन सन्तुष्टि दिन

[३०१] स्टिकर, 'अ हिस्ट्री अफ् डिसएबिलिटी', पूर्ववत्, पृ १५

नसकेको बाहेक कुनै प्रकारको शारीरिक वा मानसिक यातना दिएको देखिँदैन। ऊ डाक्टरी पेशा अपनाएर समाजसेवा गर्ने दिशामा उन्मुख रहनका साथै समाजमा सहभागी बन्न सफल बनेको देखिन्छ। यसरी नै गुमाने पनि सामाजिक तथा राजनैतिक क्रियाकलापहरूमा सक्रिय रहेको देखिन्छ। आसाममा बसोवास गर्दै आएका नेपालीहरूको सुन्दर एवम् व्यवस्थित भविष्यका निम्ति गुमानेले गरेको प्रयास प्रशंसनीय रहेको पाइन्छ। उसको निरन्तर प्रयास र सङ्घर्षले भिन्न क्षमतायुक्त मानिस समाजका निम्ति अशुभ र अनुपयोगीमात्र हुँदैन भन्ने प्रतीयमान अर्थ बोकेको देखिन्छ। यसबाहेक हेडमास्टर सूर्यप्रसाद, टोपे मास्टर, मालती, चन्द्रमणि. डण्डपाणि आदिको उदार भावना पनि सामाजिक समावेशीकरणका दृष्टिले महत्त्वपूर्ण रहेको पाइन्छ। उनीहरूले गुमानेलाई प्रत्येक कार्यमा सहयोग गर्नका साथै विधानसभा चुनाउमा प्रत्याशी बन्ने प्रेरणासमेत दिएर सामाजिक समावेशीकरणको मार्ग अनुसरण गरेका छन्।

प्रस्तुत उपन्यासमा भिन्न क्षमतायुक्त मानिसहरू आक्रमक वा घातक प्रवृत्तिका हुन्छन् भन्ने समाजनिर्मित धारणाका विपरीत मुना, बरुण वैश्य र गुमानेको चरित्रचित्रण गरिएको छ। यस उपन्यासकी मुना लठेब्री हुनका साथै अत्यधिक सोझी र सहनशील प्रवृत्तिकी छे। उसले आक्रोसमा आएर कसैलाई चोट पुऱ्याएको वा परिवारमा कलह मचाएको घटनाको वर्णन उपन्यासभरि कतै पाइँदैन। यसरी नै बरुण वैश्यमा पनि पुरुषार्थको कमीबाहेक अन्य कुनै कमी रहेको पाइँदैन। उपन्यासमा उसलाई यस प्रकार चिनाइएको छ-

गोरो अनुहार, भारी भरकम जीउडाल। ज्यादै सुधो, बमभोला खालको, ओठमा अटुट मुस्कान लिएको मानिस।[३०२]

यसबाहेक बरुण वैश्य डाक्टरजस्तो गरिमामय पदमा आसिन हुन पुगेको शिक्षित व्यक्ति पनि हो। यसैले ऊभित्र शिष्टता र सभ्यता चारित्रिक विशेषताका रूपमा विद्यमान रहेको

[३०२] क्षेत्री, 'ब्रह्मपुत्रको छेउछाउ', पूर्ववत्, पृ १०५

पाइन्छ। यसरी नै गुमानेलाई एकजना शिक्षित व्यक्ति, देशरक्षाका लागि युद्ध लडेर विकृत भइ गाउँ फर्केको सैनिक साथै असल सोच भएको सामाजिक कार्यकर्त्ताका रूपमा चिनाइएको पाइन्छ। उसको बाह्य रूप विकृत बने तापनि मन विकृत बनेको छैन। मनले ऊ त्यही परोपकारी स्वभावकै गुमाने रहेको देखिन्छ। यही कुरा आफ्ना साथीहरूलाई बुझाउनका निम्ति ऊ भन्छ-

> होइन, मेरो चेहरा देखेर डरायौ कि कसो ? अनुहारमा विकृति आए पनि मन त उही नै छ है साथी हो ! म उही गुमाने त हुँ नि।[३०३]

गुमानेलाई देख्दा मालतीको मनमा उठेको विचारले पनि भिन्न क्षमतालाई सकारात्मक रूपमा प्रस्तुत गरेको देखिन्छ। यस कुराको पुष्टिका लागि निम्नलिखित गद्यांशलाई हेर्न सकिन्छ-

> मालतीलाई पहिलो दृष्टिमा गुमानेको चेहरा जति विभत्स लागेको थियो, उसको बोली सुनेपछि त्यत्ति लाग्दैन। उसलाई लाग्छ- चेहरामा एउटा सामान्य टाटा बसेको छ अनि एउटा खुट्टा अलि कमजोर भएछ तर अन्तरमा न त कहीँ टाटा नै छ न कुनै विकृति नै।[३०४]

यसरी मानिसको वास्तविक परिचय बाह्य रूप (शरीर) नभएर भित्री रूप (मन) हो भन्ने तर्कलाई ठोस रूपमा प्रस्तुत गरेर उपन्यासकारले भिन्न क्षमतायुक्त मानिसहरू समाज बाहिरका विषय होइनन् भन्ने विचारलाई प्रश्रय दिएका छन्। यसलाई भिन्न क्षमताको सामाजिक समावेशीकरणको पक्षमा भएको सकारात्मक पहल मान्न सकिन्छ।

---

[३०३] पूर्ववत्, पृ ९९

[३०४] पूर्ववत्, पृ १३८

## ५.४ *भोलिको प्रतीक्षा* उपन्यासमा प्रयुक्त भिन्न क्षमताको अध्ययन

### ५.४.१ पुष्प राईको औपन्यासिक यात्रा

पुष्प राई (जन्मः २ जुलाई, १९४०) भारतीय नेपाली साहित्यका एकजना सशक्त एवम् प्रतिष्ठित नारी हस्ताक्षर हुन्। उनको नाम थोरै लेखेर धेरै ख्याति आर्जन गर्ने साहित्यकारहरूका सूचीमा पर्छ। उनले आफ्नो साहित्यिक यात्राको प्रारम्भिक चरणमा थुप्रै कविता, कथा र निबन्धहरू लेखेको थाहा पाइन्छ। यस विषयमा एउटा अन्तर्वार्तामा उनले भनेकी छन् — मनमोजमा धेरै कविता, कथा, निबन्ध लेखियो तर प्रकाशमा ल्याउन अयोग्य भएकाले त्यसै थन्काइयो।[३०५] यसरी लेख्दै थन्काउँदै गर्ने पुष्प राईले सर्वप्रथम सन् १९७० सालमा 'शीलाको पत्र' शीर्षक कथा लेखेर नेपाली साहित्य सम्मेलन, दार्जिलिङको मुखपत्र 'दियालो'-मा आफ्नो नाम उल्लेख नगरि प्रकाशनका लागि पठाएको थाहा लाग्छ। त्यो कथा 'दियालो'-मा छापिँदाको सुखद अनुभव गर्दै उनी भन्छिन्- विशेष आफैलाई परख गर्न पनि एउटा छोटो कथा 'शीलाको पत्र' 'दियालो'-मा पठाएँ, आफ्नो नाउँ दिन धक फुकेन तर सुखद कुरा अप्रत्याशित रचना पठाएपछिकै सेप्टेम्बरको अङ्कमा प्रकाशित भयो।[३०६] यस प्रकार नामविहिन भए तापनि पहिलो रचना प्रकाशित भएपछि राईले अझ उत्साहित भएर कथा, कविता र निबन्धहरू लेखेको थाहा पाइन्छ। थोरै सङ्ख्यामा रहेका ती कथा, कविता र निबन्धहरू विभिन्न पत्र-पत्रिकामा छापिएको कुरा पनि राई आफैले अन्तर्वार्ता दिने क्रममा गरेकी छन्।

पुष्प राईको विशेष रुचि गीतलेखनमा रहेको कुरा पनि उनी आफैले स्वीकार गरेकी छन् तर उनका गीतहरू आजसम्म प्रकाशमा आएको देखिएको छैन। साहित्य लेख्नभन्दा पनि धेरै गम्भीर अध्ययन गर्न मन पराउने उनले दुईवटा उत्कृष्ट उपन्यास

[३०५] मातृका गजमेर, सन् २०१०, *नारी स्रष्टाहरू अन्तर्वार्तिहरूमा, दार्जिलिङः वसुधा* (भारतीय नेपाली नारी साहित्यिक मञ्च), पृ २१६

[३०६] पूर्ववत्

सिर्जना गरेकी छन्- *भोलिको प्रतीक्षा* (सन् १९९०) र *मध्यान्तर* (सन् २००७)। उक्त दुई उपन्यासलाई नेपाली साहित्यमा नारीवादी लेखनको सुन्दर र सफल प्रयोग मानिन्छ।

पुष्प राईलाई मूलतः पहिलो नारीवादी नेपाली उपन्यासकार मानिन्छ। उनले नेपाली साहित्यमा प्रासङ्गिक चर्चाको विषयमात्र बनेर रहेको नारीवादी लेखनलाई विस्तृत फाँट प्रदान गरेकी छन्। उनको *भोलिको प्रतीक्षा* यस दिशामा देखा परेको पहिलो महत्त्वपूर्ण कृति हो। इन्द्रबहादुर राईले यस कृतिलाई पूर्ण अर्थमा नारीवादी प्रथम नेपाली लेखन[३०७] भनेका छन्। नारीवादले पितृसत्तानिर्मित षड्यन्त्रपूर्ण सामाजिक व्यवस्थाको विरोध गर्छ, जुन व्यवस्थाले युगौँदेखि नारीहरूमाथि एकक्षत्रीय शासन स्थापित गर्दै आएको छ। *भोलिको प्रतीक्षा*की शान्तिले लिएका निर्णयहरूमा त्यही पितृसत्तानिर्मित सामाजिक व्यवस्थाको विरोध सशक्त रूपमा भएको पाइन्छ। राईको पछिल्लो उपन्यास *मध्यान्तर*मा पनि स्वास्नीलाई दबाएर राख्न खोज्ने रामजस्तो शोषक पुरुषलाई चुनौति दिएर पूर्णिशाले नारीस्वतन्त्रताको पक्षमा आवाज उठाएकी छे।

गुणवत्ताका दृष्टिले *भोलिको प्रतीक्षा* र *मध्यान्तर* भारतीय नेपाली साहित्यका महत्तम उपलब्धिहरू हुन्। यी दुई उपन्यासमा पुरुषको स्वेच्छाचारी, ढोङ्गी, स्वार्थी, सङ्कीर्ण, कामुक तथा भोगवादी मानसकिताको विरोध गर्दै सिङ्गो मानवीय अस्मिता र नारी अस्मिताको खोजी गरिएको छ।[३०८] अतः नारीवादी जीवनदृष्टि यी दुवै उपन्यासको आधारभूमि रहेको पाइन्छ। यसका अतिरिक्त राईका उपन्यासमा यथार्थवादी, विसङ्गतिवादी, अस्तित्ववादी, नियतिवादी आदि प्रवृत्तिहरू पनि अन्तर्निहित रहेका पाइन्छन्। *भोलिको प्रतीक्षा*की शान्तिले झेल्न परेको यातनाका पछि केवल पुरुषमात्रै कारण रहेको देखिँदैन। सानैदेखि ऊमाथि श्रीमती थापाले शोषण गरेको देखिन्छ। यसरी

---

[३०७] पुष्प राई, सन् २०१०, *भोलिको प्रतीक्षा,* (भूमिकाः नारीहरू स्वयंनिर्माणमा), दार्जिलिङः साझा पुस्तक प्रकाशन, पृ (ङ)

[३०८] लीला लुइटेल, वि सं २०६८, *नेपाली महिला उपन्यासकार,* ललितपुरः साझा प्रकाशन, पृ २९

एउटी नारी नारीबाटै पनि शोषित हुन्छे भन्ने यथार्थको चित्रण प्रस्तुत उपन्यासमा गरिएको पाइन्छ।

विसङ्गतिबोध पनि राईका उपन्यासमा पाइने महत्त्वपूर्ण पक्ष हो। *भोलिको प्रतीक्षा*मा चित्रित शान्तिकी आमा र शान्ति साथै *मध्यान्तर*की पूर्णिशा धेरै हदसम्म जीवनको विसङ्गति र निराशामा अल्झिन पुगेका देखिन्छन्। शान्तिकी आमा आत्महत्याको मार्ग अनुसरण गरेर विसङ्गत स्थितिबाट पलायन बनेकी छे भने शान्ति र पूर्णिशा आफ्ना जीवनमा विसङ्गतिहरूसँग लड्दै अघि बढेका छन्। राईका दुवै उपन्यास मानव मूल्यको खोजी र नारीस्वतन्त्रताको पक्षमा रहेका पाइन्छन्। यसैले अस्तित्ववादी प्रवृत्ति पनि दुवै उपन्यासको महत्त्वपूर्ण पाटो बनेर देखा परेको छ। शान्तिले आफ्नो पेटमा रहेको बतासे शिशुलाई जन्म दिने निर्णय लिनु र पूर्णिशाले पतिको घर छोडेर एकलै बस्ने निर्णय लिनु दुवै नारीअस्तित्वको सुरक्षाका निम्ति उठाइएका ठोस पाइलाहरू हुन्। यसरी नै नियतिवाद पनि राईका उपन्यासको एउटा पक्ष रहेको देखिन्छ तथापि मानिस सर्वथा नियतिकै अधीन रहन्छ भन्ने कुरालाई राईले आफ्ना दुवै उपन्यासमा खण्डन गरेकी छन्। उनका उपन्यासका पात्राहरू नियतिको विरुद्ध उभिएर जिन्दगीलाई नै चुनौति दिन अग्रसर भएका छन्।

### ५.४.२ *भोलिको प्रतीक्षा* उपन्यासको सारतत्त्व

*भोलिको प्रतीक्षा* एउटा लघु आकारको औपन्यासिक कृति हो। यस कृतिको पहिलो संस्करण सन् १९९० -मा र द्वितीय संस्करण सन् २०१० -मा साझा पुस्तक प्रकाशन, दार्जिलिङबाट प्रकाशित भएको पाइन्छ। २० वटाससाना खण्डमा विभाजित यो कृति लघु आकारको भए तापनि जीवनको सम्पूर्ण पक्षलाई समेट्न सफल भएकोले यसलाई पूर्ण र सफल उपन्यास मान्न सकिन्छ।[३०९] केन्द्रिय प्रथम पुरुष दृष्टिबिन्दुको प्रयोग गरिएको यस उपन्यासमा नारीहरूलाई परम्परागत संस्कारको वृत्तबाट बाहिर आउनका

[३०९] विनेश प्रधान, सन् २०१६, *कृति अधीति,* मगरजोङ, दार्जिलिङः मनमाया प्रकाशन, पृ १४२

निम्ति आह्वान गरिएको छ। समाजमा नारीहरू युगौंदेखि शोषित र प्रताडित हुँदै आएका छन्। उनीहरू पुरुषबाट यौन शोषित हुनका साथै पुरुषवादी दृष्टिकोणबाटै परिभाषित पनि भएर समाजको निन्दा, तिरस्कार र उपेक्षा झेल्न बाध्य बन्दै आएका छन्। यस्ता नारीहरूका निम्ति आँसु झार्दै बस्नु, नियति सम्झेर प्रत्येक वेदनालाई चुपचाप सहनु वा त आत्महत्या गरेर सबै दुःख र पीडादेखि मुक्त हुनु आदि मुख्य विकल्प बन्ने गरेको देखिन्छ। यद्यपि यी सबका विपरीत *भोलिको प्रतीक्षा*की शान्तिले पुरुषसत्तानिर्मित सामाजिक व्यवस्थालाई हाँक दिएर नयाँ क्रान्तिको प्रारम्भ गरेकी छे। अतः नारीलाई भोग्य वस्तुका रूपमा मात्र हेर्ने तथा दोस्रो दर्जाको तुच्छ प्राणी सम्झेर उनीहरूमाथि आधिपत्य जमाउने रूढ एवम् पूर्वाग्रहग्रस्त पुरुषसत्तालाई चुनौति दिनु *भोलिको प्रतीक्षा* उपन्यासको मूलभूत उद्देश्य रहेको पाइन्छ।

समाजमा पुरुष-नारी दुवैले मिलेर बराबर गल्ती गरे तापनि केवल नारीलाई मात्र गलत देखाइन्छ। नारीले मात्र अनेकौं लाञ्छनाहरू झेल्नुपर्ने हुन्छ। ती लाञ्छनाहरूदेखि मुक्त हुन नसक्दा कतिपय नारी आत्महत्याको बाटो रोज्न समेत बाध्य बन्छन्। *भोलिको प्रतीक्षा*की एउटी युवती यस्तै नारीहरूको प्रतिनिधि पात्र हो। उसैको कोखबाट शान्तिको जन्म बतासे शिशुका रूपमा भएको पाइन्छ। एउटा सम्पन्न थापा परिवारको आश्रयमा रहेर शान्ति ठूली हुन्छे। आफुलाई धर्मपुत्री बनाउने गम्भीरध्वज थापा एकजना असल र सद्गुणी मानिस भए तापनि श्रीमती थापा ज्यादै किचकिचे भएकीले शान्तिको जीवन सहज हुँदैन। यसैले ऊ श्रीमती थापालाई खुसी पार्न र आफ्नो पढाइलाई अघि बढाउनमा सङ्घर्षरत् रहन्छे। गम्भीरध्वजजस्तो उच्च विचार भएको बाबु, शैशवाजस्ती एक आँतकी साथी र आदित्यजस्तो सहृदयी मान्छेको संसर्गमा उसको जीवनका दिनहरू बित्न थाल्छन्। यसैबिच ऊ र आदित्यबिच अव्यक्त प्रेम सम्बन्ध स्थापित हुन्छ तर स्नातकको परिणामपछि आदित्य उसलाई नभेटी र केही नभनी वकालती पढ्न कलकत्ता जान्छ। शैशवा पनि विमान परिचारिका निम्ति चुनिएकीले तालिम लिन दिल्लीतिर प्रस्थान हुन्छे।

यसरी आफुले हृदयले पुजेको मान्छे र आफ्नी प्राणप्रिय साथी आफुदेखि टाडा हुँदा भित्रभित्रै पिरोलिए तापनि शान्ति एक ठाउँ थन्केर बस्न चाहँदिन। ऊ श्रीमती थापाले अड्चन सृष्टि गर्दागर्दै पनि छात्रवृत्ति पाएको कारण अर्थशास्त्रमा स्नातकोत्तर गर्न उत्तर बङ्गाल विश्वविद्यालयतिर लाग्छे। यसबिच उसका बाबु गम्भीरध्वजको असामयिक मृत्यु हुन्छ। शान्तिले आफ्नो जीवनमा भोग्नपरेका दुःखहरूमध्ये सबैभन्दा ठुलो दुःख त्यही नै हुन्छ तर पनि ऊ पछि हट्दिन।

स्नातकोत्तरको अध्ययन पुरा भएपछि आफ्ना बाबुका परममित्र मित्रसेन जोशीको विशेष सहयोगमा शान्ति काठमाडौंको एउटा संस्कृत महाविद्यालयमा प्राध्यापिका बन्न पुग्छे। त्यहीँ नै उसको भेट बीरगञ्ज निवासी शैलेन्द्रसँग हुन्छ। शैलेन्द्र इञ्जिनियरिङ उत्तीर्ण गरेर विद्युत निर्माण कार्यको ठिका हेर्ने उद्देश्यले काठमाडौं आएको हुन्छ। त्यसपछि दैनिक भेटघाटको क्रमसँगै उनीहरू प्रेमबन्धनमा बाँधिन पुग्छन्। त्यही प्रेमको वास्ता दिएर शैलेन्द्रले शान्तिसँग यौन सम्बन्ध स्थापित गर्छ र शान्ति गर्भवती बन्न पुग्छे। उसले शैलेन्द्रलाई बिहे गर्ने प्रस्ताव राख्छे तर शैलेन्द्रले प्रत्येकपल्टै टारिदिन्छ। जब शान्तिले शैलेन्द्रको बिहा अघिबाटै भइसकेको कुरा थाहा पाउँछे, तब उसको दुःख चरम् सीमामा पुग्छ। आफु शैलेन्द्रजस्तो यौनपिपासु पुरुषको षडयन्त्रमा परेर गर्भवती बन्न पुगेको कुरा सोचेर शान्ति ज्यादै दुःखी र आक्रोशित बन्छे। उसको गर्भमा बतासे शिशु रहेको सत्य थाहा पाउनेबित्तिकै विवाहको प्रस्ताव लिएर उसलाई खोज्दै काठमाडौं आइपुगेको आदित्य पनि तर्किन्छ। उसको घरमा काम गर्ने इन्दुमती पनि काम छोडेर जान्छे। यसबाट समाजमा पितृसत्ताको प्रभुत्व कुन हदसम्म स्थापित हुन पुगेको छ भन्ने सत्य उद्घाटित भएको छ।

यौनसुखलाई नै सर्वस्व ठानेर प्रेमको झुटो नाटक रच्ने शैलेन्द्र, शिक्षित भए तापनि पारम्परिक धारणाले ग्रस्त आदित्य, नारी भएर पनि पितृसत्ताकै संवाहक बन्न पुगेकी इन्दुमती आदिको चित्रणले समाजमा व्याप्त रूढ विचारधारालाई प्रस्तुत गरेको

देखिन्छ। यही रूढ विचारधारालाई हाँक दिनका निम्ति शान्तिले आफ्नो गर्भमा भएको बतासे शिशुलाई जन्म दिने निर्णय लिन्छे र त्यो शिशु छोरीकै रूपमा जन्मोस् भन्ने कामना राख्छे। भोगवादी पुरुषसत्ताको विरोध गर्न सक्ने सामर्थ्य र साहस छोरीमा भरिदिन चाहन्छे। आफ्नी छोरी हुरीझैं तेजस्वी बनोस्, हिमालझैं उच्च उठोस्, नारीसमाजमा तेजिलो घाम बनेर झुल्कोस् भन्दै शान्ति भोलिको प्रतीक्षामा लीन रहन्छे।

*भोलिको प्रतीक्षा* उपन्यासमा भूत र वर्तमानको दृष्टिबाट भविष्यलाई सकारात्मक रूपमा हेरिएको छ। उपन्यासमा शान्तिकी आमा र शान्तिको चित्रण यौनशोषित नारीका रूपमा भएको पाइन्छ। शान्तिकी आमा भोगवादी पुरुषको चरित्र बुझ्न नसकेकी कारण गर्भवती बन्छे र बतासे शिशुका रूपमा शान्तिलाई जन्माउन पुग्छे। त्यसपछि समाजको निन्दा, उपेक्षा र दुर्व्यवहार सहन नसकेर आत्महत्या गर्न बाध्य बन्छे। नारीलाई बातैबातमा फँसाएर यौन सम्भोग गर्ने तथा सामाजको लाञ्छनासँगै मानसिक पीडा झेल्नका निम्ति एकलै छोडिदिने पुरुषको चरित्रबारे अभिज्ञ हुँदाहुँदै शान्ति पनि गर्भवती बन्न पुग्छे। तथापि शान्तिले आत्महत्याको बाटो नरोजेर युगौंदेखि समाजमा स्थापित पुरुषवादी व्यवस्थाका विरुद्ध क्रान्तिको घोषणा गरेकी छे। यस प्रकार यस उपन्यासमा नारी-पुरुषमाझ रहेको जीववैज्ञानिक भिन्नतालाई पूर्ण रूपमा निमिट्यान्न पार्ने भोलि अर्थात् छोरीका रूपमा आउने नारीवादी चेनताको प्रतीक्षा गरिएको छ।

### ५.४.३ कलङ्कीकरणका दृष्टिले *भोलिको प्रतीक्षा* उपन्यासमा प्रयुक्त भिन्न क्षमताको अध्ययन

*भोलिको प्रतीक्षा* उपन्यास नारीवादका दृष्टिले मात्र नभएर भिन्न क्षमताका दृष्टिले पनि महत्त्वपूर्ण कृति हो। यस उपन्यासकी प्रमुख पात्रा शान्तिको चित्रण एउटी भिन्न क्षमतायुक्त नारीका रूपमा भएको पाइन्छ। ऊ शिशु अवस्थामै पोलियो रोगको चपेटमा परेर लङ्गडी बन्न पुगेकी छे। अतः उसको अन्तर्वेदना र भोगाइहरूका पछि उसको भिन्न

क्षमतायुक्त अवस्था पनि प्रमुख कारण बनेको देखिन्छ। नारीवादी सिद्धान्तकार र भिन्न क्षमताका सिद्धान्तकारहरूले सुरूदेखि नै नारी शरीर र भिन्न क्षमतायुक्त शरीर माझको अन्तर्सम्बन्ध केलाउने काम गरेका छन्। नारीवादी चिन्तक सिमोन दि बुभायरले नारीहरू जन्मँदैनन्, नारीहरू बनाइन्छन् भनेझैं भिन्न क्षमताका सन्दर्भमा पनि कुनै मानिस भिन्न क्षमतायुक्त हुँदैन, तर भिन्न क्षमतायुक्त बनाइन्छ[३१०] भन्ने धारणा विकसित भएको देखिन्छ। यसबाट नारी शरीर र भिन्न क्षमतायुक्त शरीर दुवै समाजनिर्मित विचारधाराका उपज हुन् भन्ने कुरामा नारीवादी सिद्धान्तकार र भिन्न क्षमताका सिद्धान्तकारहरू एकमत रहेका पाइन्छन्। यसैकारण रोजमेरी गर्ल्यान्ड थम्पसनले भिन्न क्षमताको अध्ययनले नारीवादी सिद्धान्तबाट र नारीवादी सिद्धान्तले भिन्न क्षमताको अध्ययनबाट लाभ उठाउन सक्छ[३११] भन्दै नारीरूप र भिन्न क्षमता माझको सामञ्जस्यता केलाउने काम गरेकी छन्। प्रस्तुत उपन्यासकी शान्ति एउटी नारी शरीर हुनका साथै भिन्न क्षमतायुक्त शरीर पनि हो। यदि एउटी नारी भिन्न क्षमतायुक्त अवस्थाकी भए ऊमाथि हुने शोषण दोहोरो प्रकृतिको हुन्छ भन्ने कुरा प्रस्तुत उपन्यास *भोलिको प्रतीक्षा*मा अभिव्यक्त भएको छ। लेनार्ड जे डेविसअनुसार संसारमा सबैभन्दा धेरै शोषित हुने व्यक्ति भनेको भिन्न क्षमतायुक्त नारी नै हो[३१२] किनभने समाजमा भिन्न क्षमतायुक्त नारीलाई असहाय, आश्रित र बोझ मान्ने गरिन्छ।[३१३] प्रस्तुत उपन्यासमा शान्तिलाई पनि असहाय, आश्रित र बोझ मानिएको छ। उसको उपस्थितिलाई नकारात्मक दृष्टिले हेरिएको छ र उसले लिएका निर्णयहरू निन्दनीय बन्न पुगेका छन्। यिनै कुराहरू कलङ्कीरणको धारणालाई प्रोत्साहित गर्ने

---

[३१०] इना रोजिङ, 'स्टिग्मा अर् सेक्रेडनेसः नोट्स अन् डिलिङ् विथ् डिसएबिलिटी इन् एन् एन्डियन् कल्चर', पूर्ववत्, पृ २७

[३११] रोजमेरी गर्ल्यान्ड थम्पसन, सन् २०१३, इन्टिग्रेटिङ डिसएबिलिटी, ट्रान्सफर्मिङ फेमिनिस्य थ्योरी, *द डिसएबिलिटी स्टडिज् रिडर्स* (सम्पा लेनार्ड जे डेविस), दो सं, न्यु योर्क एन्ड लन्डनः रुटलेज, पृ ३३४

[३१२] डेविस, 'इन्फोर्सिङ नर्मेल्सी, डिसएबिलिटी, डिफ्नेस एन्ड द बडी', पूर्ववत्, पृ २९

[३१३] विन्डेल, 'द रिजेक्टेड बडी, फेमिनिस्ट, फिलोसफिकल रिफ्लेक्शन अन् डिसएबिलिटी', पूर्ववत्, पृ ४३

माध्यमका रूपमा रहेका पाइन्छन्। अतः प्रस्तुत उपन्यासमा प्रयुक्त कलङ्कीकरणको धारणालाई निम्न प्रकारले अध्ययन गर्न सकिन्छ।

**५.४.३.१ नकारात्मक छवि निर्माणः** प्रस्तुत उपन्यासमा शान्तिको भिन्न क्षमतायुक्त अवस्थालाई नकारात्मक छविका रूपमा प्रस्तुत गर्ने काम श्रीमती थापाले गरेकी छन्। श्रीमती थापाका निम्ति शान्तिको उपस्थिति क्रोध, घृणा र ईर्ष्याको विषय बनेको देखिन्छ। शान्तिप्रति उनको दृष्टिकोण सङ्कीर्ण र नकारात्मक रहेको पाइन्छ। उनले शान्तिलाई सधैं निचो देखाउन खोजेकी छन्। यी सबका पछि शान्तिको जन्म बतासे शिशुका रूपमा हुनु, ऊ छोरीमान्छे भएर जन्मनु, त्यहीमाथि पनि ऊ भिन्न क्षमतायुक्त अवस्थाकी हुनु आदि कारणहरू प्रमुख रहेका पाइन्छन्। तीमध्ये शान्तिको भिन्न क्षमतायुक्त अवस्थाले गर्दा नै श्रीमती थापाको क्रोध चरम्मा पुगेको देखिन्छ। उनी भन्छिन्-

> बतासेलाई पाले-टालेर आखिर के पाउने हो र ? बरू केटालाई कोख लिएको भए फलिफाप हुने थियो। यो लङ्गडीले के गर्न सक्छे र ? घरको कामकाजमा धरि सीप पुऱ्याउन सक्तिन।[३१४]

यस भनाइको आशय शान्ति समाजका निम्ति बोझमात्र हो भन्ने कुरासित रहेको पाइन्छ। यसले एकातिर पितृसत्तात्मक सोचलाई प्रोत्साहित गरेको छ भने अर्कोतिर समाजमा योग्यताबारे निर्मित आदर्श मूल्यको कुरालाई अभिव्यक्ति गरेको छ। यसबाट छोरीमान्छे हुनु र भिन्न क्षमतायुक्त हुनु दुवै समाजका निम्ति समस्या वा बाधा हुनु हो भन्ने धारणा प्रतिपादित भएको पाइन्छ। शान्तिबाट भविष्यमा कुनै प्रकारको लाभ प्राप्त हुनेछैन भन्ने श्रीमती थापाको धारणा पूर्ण रूपले समाजनिर्मित रूढ विचारधाराको उपज बनेर देखा परेको छ।

---

[३१४] राई, 'भोलिको प्रतीक्षा', पूर्ववत्, पृ ३

वास्तवमा शान्ति ज्ञान र गुण दुवैले परिपूर्ण रहेकी नारीपात्रा हो तर उसलाई नकारात्मक रूपमा परिचित गराइएको छ। उसका निम्ति 'लङ्गडी शान्ति', 'लङ्गडी', 'बतासे', 'अलच्छिनी', 'लबस्तरनी' जस्ता अपमानबोधक भाषा प्रयोग गरिएको पाइन्छ जुन भाषा उसको नकारात्मक छवि प्रस्तुत गर्नका निम्ति सहयोगी बनेका देखिन्छन्। यसबाहेक उसको चरित्रबारे गलत कुरा सुनाएर श्रीमती थापाले आदित्यलाई भड्काउन खोजेको तथा आदित्यले पनि श्रीमती थापाको कुरा सुनेर उसको चरित्रमाथि शङ्का गरेको घटना नकारात्मक छवि निर्माणका दृष्टिले महत्त्वपूर्ण रहेको पाइन्छ। यसबाट समाजमा भिन्न क्षमतायुक्त मानिसलाई चारित्रिक रूपले पनि दोषपूर्ण र विकृत मानिन्छ भन्ने कुराको उद्घाटन भएको छ।

**५.४.३.२ भेदभाव वा पक्षपातको भावनाः** प्रस्तुत उपन्यासमा शान्तिले श्रीमती थापालाई आफ्नै आमा सम्झे तापनि श्रीमती थापाले उसलाई छोरी सम्झेकी छैनन्। उनी भन्छिन्-

> सबैलाई सरदार बाबुकी छोरी हुँ भन्दा रहिछस्- शरम पचेकी ! खबरदार त्यसो भन्लास्। म त उनीहरूको काम गर्ने भन्नू बुझिस् ?[३१५]

यस प्रकार श्रीमती थापाले शान्तिलाई घरमा काम गर्ने नोकर्नीको दर्जा दिएको कुरा भेदभाव वा पक्षपातको भावनासित सम्बन्धित रहेको पाइन्छ। यसैले शान्तिलाई क्षयरोग लाग्दा पनि सहानुभूति देखाउनका साटो उनी चिच्याउँदै भन्छिन्-

> अब यस अलच्छिनीको रोगले हामी दुवैलाई सर्वनाश गर्ने हो। यो बतासेलाई बतासमै फ्याँकेर आउनुहोस्। होइन भने म विष खाएर मर्छु।[३१६]

शान्तिमाथि श्रीमती थापाको यस्तो रूखो व्यवहारलाई संस्कार रूपमा स्थापित समाजिक विचारधारा वा सांस्कृतिक अभ्यासको परिणाम मान्न सकिन्छ। यसका अतिरिक्त प्रत्येक

---

३१५ पूर्ववत्, पृ ६

३१६ पूर्ववत्, पृ १०

समय शान्तिको बद्ख्वाइँ गर्नु, शान्ति पढोस् भन्ने नचाहनु, शैशवा घर आउँदा रूष्ट व्यवहार प्रदर्शन गर्नु, आदित्यलाई भड्काउनु जस्ता कार्यहरूलाई निरन्तरता दिएर श्रीमती थापाले शान्तिप्रति व्यापक मात्रामा भेदभाव वा पक्षपातको भावना राखेको देखिन्छ।

**५.४.३.३ धार्मिक मान्यताः** प्रस्तुत उपन्यासमा भिन्न क्षमता भनेको ईश्वरद्वारा दण्डित अवस्था हो भन्ने मान्यतालाई प्रश्रय दिइएको पाइन्छ। यस विषयमा व्यापक चर्चा भएको नदेखिए तापनि शान्तिले आफ्नो जीवनलाई अन्धकारसित तुलना गरेको घटना महत्वपूर्ण रहेको पाइन्छ। सधैं श्रीमती थापाको मुखबाट गालीमात्र सुन्न परेकोले ऊ आफ्नो जीवनमा अँध्यारो पाटोबाहेक केही नरहेको बोध गर्दै भन्छे-

> अँध्यारा यस्ता क्षणहरू कति आए कति गए, अन्धकारलाई अँध्यारोसित के सरोकार ? अँध्यारो पाटा दिने ईश्वरसित मेरो भन्नु केही थिएन।[३१७]

उक्त विचार श्रीमती थापाको दुर्वचन र दुर्व्यवहारको प्रतिक्रियास्वरूप उत्पन्न भएको देखिए तापनि त्यसको अप्रत्यक्ष सम्बन्ध भिन्न क्षमतायुक्त अवस्थासित रहेको पाइन्छ। शान्ति भिन्न क्षमतायुक्त अवस्थाकी भएकीले नै श्रीमती थापाले उसलाई देखी सहेकी छैनन्। वास्तवमा शान्तिको जीवनको अँध्यारो पाटा भनेको उसको भिन्न क्षमतायुक्त अवस्था हो जुन अवस्था पूर्ण रूपले ईश्वरको देन रहेको कुरा शान्तिले आफ्नो कथनमा व्यक्त गरेकी छे। उसको यही कथन धार्मिक मान्यतासित सम्बद्ध रहेको पाइन्छ जसले भिन्न क्षमतालाई श्राप, दण्ड, ईश्वरको क्रोध भन्ने सांस्कृतिक अर्थहरू प्रदान गर्नका साथै व्यापक रूपमा कलङ्क मान्छ।

---

[३१७] पूर्ववत्, पृ ७

### ५.४.४ सीमान्तीकरणका दृष्टिले *भोलिका प्रतीक्षा* उपन्यासमा प्रयुक्त भिन्न क्षमताको अध्ययन

*भोलिको प्रतीक्षा* उपन्यासको प्रमुख लक्ष्य नारीवाद हो तथापि यसमा शान्तिले झेल्न परेका मानसिक यातनाहरू कुनै न कुनै रूपमा उसको शारीरिक विकृतिसँगै सम्बन्धित रहेका पाइन्छन्। शान्ति एउटी नारी भएकीले मात्र शोषित बन्न परेकी छैन। उसको विकृत खुट्टा पनि शोषण र अवहेलनाको कारण बनेको देखिन्छ। त्यही विकृतिका कारण ऊ आमाको ममता, आदित्यको प्रेम र शैलेन्द्रको साथ पाउनबाट सीमान्तकृत हुन पुगेकी छे। उपन्यासमा प्रयुक्त सीमान्तीकरणको सन्दर्भमलाई यस प्रकार अध्ययन गर्न सकिन्छ-

**५.४.४.१ परिचय र प्रतिनिधित्वको धारणाः** प्रस्तुत उपन्यासमा परिचय-राजनीतिका कारण शान्तिमा हीनभावना विकसित भएको देखिन्छ। वास्तवमा पोलियो रोगको कारण एकपट्टिको खुट्टामा देखा परेको विकृतिबाहेक उसमा अन्य कुनै प्रकारको कमी रहेको देखिँदैन। यस कुराको पुष्टि उसको आफ्नै कथनद्वारा भएको पाइन्छ। ऊ आफ्नो अवस्थाबारे बताउँदै यसो भन्छे-

> पूर्ण रूपले विकृत त ठ्याम्मै होइन। देब्रे पाउ सग्लो नै भए पनि भित्र कहीं हड्डी र मांसपेशीको निष्क्रियताले होला शरीरको भार पर्दा अलि शरीर झुकाउन पर्छ। यसले मेरो मानसिकतामा तर गाढा रेखा खिँचिदियो।[३१८]

यस प्रकार शान्तिले आफ्नो देब्रे खुट्टा केही मात्रामा खराब भएको कारण मानसिक रूपले पीडित बन्नु परेको यथार्थ प्रकट गरेकी छे। समाजमा दुर्बल र अपाङ्गका रूपमा उसको परिचय निर्माण गरिएको छ। मानिस जति नै नकारात्मक र दुष्ट भए पनि उसको शरीरको बाह्य ढाँचा ठिक छ भने उसलाई सकारात्मक दृष्टिले हेरिन्छ। यदि कुनै मानिस मनले राम्रो भए पनि शरीरले विकृत छ भने उसलाई नकारात्मक मानिन्छ र उसको

[३१८] पूर्ववत्, पृ ४

परिचय कलुषित वा बदनाम चरित्रका रूपमा निर्माण गरिन्छ। यही नै परिचय-राजनीति हो। यस्तो राजनीतिले एउटालाई समाजको मूलधारामा विराजमा गराउँछ भने अर्कोलाई त्यस मूलधारादेखि च्युत गराइ सीमान्तकृत बनाउँछ। यस सन्दर्भमा टोबिन सिबर्सले परिचय-राजनीतिलाई उचित मान्न सकिँदैन किनभने यो दुःख र पीडासित सम्बन्धित हुन्छ भनेका छन्।[३१९] प्रस्तुत उपन्यासकी शान्ति मूलतः यस्तै परिचय-राजनीतिको सिकार बन्न पुगेकी छे। यसर्थ उसले श्रीमती थापा, आदित्य, शैलेन्द्र आदिबाट दुःख र पीडाबाहेक केही पाउन सकेको देखिँदैन।

श्रीमती थापाले आफैलाई सामाजिक मूलधारामा उभ्याएर शान्तिलाई सीमान्तकृत बनाउने सबै प्रकारका युक्तिहरू अपनाएकी छन्। उनी आदित्यलाई समेत शान्ति चरित्रहीन युवती हो भन्ने कुरा बुझाउन सफल बनेको देखिन्छ। आदित्यले पनि वास्तविकता नबुझी ऊप्रति तिरस्कारको भावना राखेको छ। यसरी नै शैलेन्द्रले भावानात्मक खेल खेलेर उसको यौवन लुट्ने काम गरेको छ। यी सबै घटना शान्तिको समाजनिर्मित परिचयसँग सम्बन्धित रहेका छन् जसबाट शान्ति असमर्थ, पराश्रित, निष्क्रिय र दयनीय पात्रा हो भन्ने सांस्कृतिक अर्थहरूको प्रतिनिधित्व भएको छ।

**५.४.४.२ सक्षमता वा सामान्यताको धारणाः** प्रस्तुत उपन्यासमा शान्तिको चित्रण सक्षम वा सामान्य नारीका रूपमा भएको पाइन्छ तथापि उसको भिन्न क्षमतायुक्त अवस्थाले गर्दा भने उसलाई अक्षम वा असामान्य मानिएको छ। उसका निर्दोष बालसाथीहरूले उसलाई 'लङ्गडी शान्ति' भन्ने नाम दिनु, श्रीमती थापाले उसलाई गाली गर्दा 'लङ्गडी' भन्नु, ऊ आफैले पनि आफु अपाङ्ग भएको कुरामा हीनताबोध लिनु आदि प्रसङ्गहरूले सक्षमता वा सामान्यताको धारणालाई प्रस्तुत गरेको पाइन्छ। आफ्ना निर्दोष बालसाथीहरूले आफुलाई 'लङ्गडी शान्ति' भन्ने गरेको घटनाको उल्लेख गर्दै ऊ भन्छे-

---

[३१९] सिबर्स, 'डिसएबिलिटी थ्योरी', पूर्ववत्, पृ १४

मेरा निर्दोष बालसखाहरू मेरो नाउँ 'शान्ति' भन्नभन्दा 'लङ्गडी शान्ति' भन्न नै सहज मान्थे। हाम्रो सानो समूहमा अर्की एउटी साथी पनि 'शान्ति' नै थिई। यसैले म यही सम्बोधनले सहजै फरकै चिनिने हुन्थें।[३२०]

यस कथनमा हेला वा तिरस्कारको भावनाले शान्तिलाई 'लङ्गडी शान्ति' भनिएको नपाइए तापनि भिन्नताको भावना भने व्याप्त रहेको पाइन्छ। पाठशालामा भएका दुईजना शान्तिमध्ये एउटी शान्तिलाई सक्षमता वा सामान्यताको प्रतीक मानिएको छ भने अर्की शान्तिलाई अक्षमता वा असामान्यताको प्रतीक मानिएको छ। यसरी शान्ति आफ्नै साथीहरूको समूहमा समेत छुट्टै परिचयले चिह्नित हुन पुगेकी छे। यसलाई सीमान्तीकरणको एउटा प्रक्रिया मान्न सकिन्छ किनभने अक्षमता र सक्षमताको अवस्थाले सामाजिक जीवनका दैनिक यथार्थहरूबाट भिन्न क्षमतायुक्त मानिसहरूलाई निरन्तर रूपले सीमान्तकृत बनाउँछ।[३२१] शान्ति पनि आफ्नो अक्षमताको अवस्था र अर्की शान्तिको सक्षमताको अवस्थाले गर्दा सामाजिक जीवनदेखि बिस्तारै सीमान्तकृत बन्दै गएकी छे। अर्कोतिर  आफुले आमा सम्झेको श्रीमती थापाको दैनन्दिनको उपेक्षामिश्रित गालीले पनि उसलाई सीमान्तताको कटु अनुभव गराएको छ। यसैले ऊ आफु सीमान्तमा रहेको बोध गर्दै एक पंक्ति काव्यिक हरफहरू लेखेर आफ्नो भावना यसरी व्यक्त गर्छे-

म जिन्दगीलाई डोऱ्याउँछु
जिन्दगी मलाई
भौंतारिएर फर्केका छालझैं
म सदा सदा किनार छु।[३२२]

---

[३२०] राई, 'भोलिको प्रतीक्षा', पूर्ववत्, पृ ४

[३२१] गुड्ली र अन्य (सम्पा), 'डिसएबिलिटी एन्ड सोसियल थ्योरी, न्यु डेभलोपमेन्ट एन्ड डाइरेक्सन्स्', पूर्ववत्, पृ ४

[३२२] राई, 'भोलिको प्रतीक्षा', पूर्ववत्, पृ १८

यो तीक्त अनुभूति नै शान्तिको जीवनको वास्तविकता बनेर देखा परेको छ। आदित्यले उक्त हरफहरू पढ्दा ऊ सम्झन्छे-

प्रथम साक्षात्कारमा नै अपाङ्ग म; उसको सहानुभूतिको पात्र भएँ कि ?[३२३]

यसरी शान्तिको मनमा स्वाभाविक रूपले यस्तो प्रश्न उठेको देखिन्छ किनभने भिन्न क्षमतालाई समाजमा दयनीय अवस्था मानेर सहानुभूतिका दृष्टिले हेर्ने गरिन्छ। यसैले ऊ शैलेन्द्रसँग बिहे गर्ने निर्णयमा पुग्दा पनि आफ्नो भिन्न क्षमतायुक्त अवस्था कतै बाधा पो बन्ने हो कि भन्ने सोच्न बाध्य बनेको देखिन्छ। यसले एकातिर समाजमा स्थापित सक्षमता वा सामान्यताको धारणालाई प्रस्तुत गरेको छ भने अर्कातिर शान्तिलाई आफ्नो भिन्न क्षमतायुक्त अवस्थाबारे सोच्न र सीमान्तताको अनुभव गर्न बाध्य बनाएको छ।

**५.४.४.३ अन्यत्वको धारणाः** प्रस्तुत उपन्यासमा चित्रित श्रीमती थापा, आदित्य, शैलेन्द्र आदिको व्यवहारले गर्दा शान्ति 'अन्य'-का रूपमा वर्गीकृत हुन पुगेको देखिन्छ। श्रीमती थापाले उसलाई छोरी मानेकी छैनन्। आदित्यले उसको चाहना र भावनाको उचित कदर गर्न सकेको छैन। शैलेन्द्रले प्रेमको नाटक गरेर यौन सम्भोग गरेपछि उसलाई समाजमा उपेक्षित भइ बाँच्नका लागि छोडिदिएको छ। यसरी उसलाई निरन्तर रूपमा मानसिक यातनाहरू झेल्न बाध्य बनाइएको छ। बिल हग्सअनुसार भिन्न क्षमतायुक्त मानिसहरूले आफ्नो अस्तित्वमाथि आक्रमण भएको कुरा बोध गर्छन्।[३२४] यस्तै आक्रमणको बोध शान्तिलाई भएको देखिन्छ। उसको जीवनदेखि आकस्मिक रूपमा टाढा हुन पुगेको आदित्यले धेरै वर्षसम्म एउटा पत्रसमेत नपठाउँदा ऊ भन्छे-

---

[३२३] पूर्ववत्

[३२४] बिल हग्स, सन् २०१२, फियर, पिटी एन्ड डिस्गस्टः इमोशन्स एन्ड द नन् डिसेबल्ड इम्याजनरी, *रुटलेज ह्यान्डबुक अफ् डिसएबिलिटी स्टडिज्*, (सम्पा निक वाट्सन्, एलन रोल्स्टन एन्ड क्यारोल थोमस) लन्डन एन्ड न्यु योर्कः रुटलेज, पृ ६८

आदित्यले मेरो अस्तित्वसित केही सरोकार नै राखेन। यस स्थितिमा लाग्यो- चाहनाको हरेक घातसितै जीवन अभिशाप बन्दोरहेछ।[३२५]

यसरी आदित्यले उसको अस्तित्वसित सरोकार नराखेको कुरा अन्यत्वको धारणामा आधारित छ। यदि शान्ति 'अन्य'-का रूपमा वर्गीकृत नभएकी भए आदित्यले उसको अस्तित्वसित निश्चय सरोकार राख्ने थियो भन्न सकिन्छ। जीववैज्ञानिक भिन्नताले गर्दा पनि नारीहरू पुरुषका तुलनामा कमजोर हुन्छन्। यसैले समाजमा पुरुषलाई विषय र नारीलाई 'अन्य' (वस्तु) मानिन्छ।[३२६] शान्ति पनि 'अन्य'-का रूपमा चिह्नित हुन पुगेकी छे किनभने ऊ एउटी भिन्न क्षमतायुक्त नारी हो। उसको यही अवस्थाले गर्दा शैलेन्द्रले उसलाई वासना तृप्तिको साधनमात्र मानेको छ। यसबाहेक शान्ति हीनताबोधले पीडित हुन पुगेको कुरा पनि अप्रत्यक्ष रूपमा अन्यत्वको धारणासितै सम्बन्धित रहेको देखिन्छ। श्रीमती थापाको कटुवचन र तिरस्कारपूर्ण व्यवहारले गर्दा ऊभित्र हीन मनोभावना जागृत भएको छ। ऊ आफैलाई तुच्छ सम्झन थाल्छे। साथीहरूको परिपूर्ण स्थिति र हाँसखेल पनि उसलाई असह्य हुन थाल्छ। काठमाडौँमा मित्रसेन जोशीको घरभित्र पस्दा पनि ऊ लघुताभासले पीडित हुन पुगेको अवस्थालाई यस प्रकार प्रकट गर्छे-

त्यहाँको वैवभशाली परिवेशमा मेरो उपस्थितिले बेमेल उत्पन्न गरेको अनुभूतिमा म क्रमशः खुम्चिँदै गइरहेँ।[३२८]

यसरी शान्ति समाजद्वारा थोपरिएको नियमअनुसार 'म अन्य हुँ' भन्ने धारणाले ग्रस्त बन्न पुगेकी छे।

---

[३२५] राई, 'भोलिको प्रतीक्षा', पूर्ववत्, पृ २४

[३२६] विन्डेल, 'द रिजेक्टेड बडी, फेमिनिस्ट, फिलोसफिकल रिफ्लेक्सन अन् डिसएबिलिटी', पूर्ववत्, पृ ६०

[३२८] राई, 'भोलिको प्रतीक्षा', पूर्ववत्, पृ २८

## ५.४.५ सामाजिक समावेशीकरणका दृष्टिले *भोलिको प्रतीक्षा* उपन्यासमा प्रयुक्त भिन्न क्षमताको अध्ययन

*भोलिको प्रतीक्षा* सामाजिक समावेशीकरणका दृष्टिले एउटा महत्त्वपूर्ण उपन्यास हो। यसमा युगौँदेखि पारिवारिक, सामाजिक तथा सांस्कारिक सन्दर्भमा कमजोर र अबलाका रूपमा परिभाषित नारीहरू स्वयम्मा दृढ, सबल र सशक्त छन् भन्ने भाव मुखरित भएको पाइन्छ।[३२९] समाजका अनेक विघ्न, बाधा र लाञ्छनाहरूले शान्तिको जीवनलाई तहसनहस पारिदिन खोजे तापनि शान्तिले आफुलाई लाचार बन्न दिएकी छैन। आफ्नो भिन्न क्षमतायुक्त अवस्थाका कारण ऊ निश्चय नै मानसिक रूपले प्रताडित बन्न पुगेकी छे तर जीवनका अप्ठ्यारा क्षणहरूलाई चुनौति दिँदै अघि बढ्न पनि सक्षम बनेकी छे। यस दृष्टिले शान्ति एउटी सकारात्मक सोच भएको सङ्घर्षशील र जुझारू चरित्र हो भन्न सकिन्छ।

शान्तिलाई शिक्षा, अर्थ, लिङ्ग, स्वास्थ्य आदि दृष्टिले सक्षम र सबल रहेको नारी मान्न सकिन्छ। शैक्षिक दृष्टिले ऊ अर्थशास्त्रमा स्नातकोत्तर गरेकी एउटी शिक्षित नारी हो। काठमाडौं स्थित संस्कृत महाविद्यालयकी प्राध्यापिकाका रूपमा परिचित ऊ आर्थिक दृष्टिले पनि सबल रहेको देखिन्छ। समाजमा भिन्न क्षमतायुक्त मानिसहरू प्रायः नै आर्थिक अवस्था कमजोर भएकाले शोषित हुन पुग्छन् तर शान्तिको आर्थिक अवस्था दुर्बल रहेको देखिँदैन। यसका अतिरिक्त ऊ पारम्परिक नारीभन्दा भिन्न नारीका रूपमा चिनिन पुगेकी छे। समाजमा आफ्नो उपस्थितिलाई टड्कारो राख्नका निम्ति पितृसत्तात्मक सोचलाई चुनौति दिन पनि ऊ पछि परेकी छैन। यसर्थ लैङ्गिक दृष्टिले ऊ नियतिवादी र निराशावादी नारी नभएर एउटी सबल र साहसिक नारी रहेको देखिन्छ। खुट्टामा अलिकति विकृति रहेकोबाहेक स्वास्थ्यले पनि ऊ सबल नै रहेकी छे। शान्तिमा निहित यिनै विशेषताहरूले सामाजिक एकीकरणको धारणालाई प्रस्तुत गरेका छन्। अतः शान्ति

---

[३२९] लुइटेल, 'नेपाली महिला उपन्यासकार', पूर्ववत्, पृ २९

समाजका निम्ति नयाँ सोच, नयाँ चुनौति साथै नयाँ आशाका रूपमा देखा परेकी एउटी सङ्घर्षशील चरित्र हो, जसको अभावमा सुन्दर र एकीकृत समाजको परिकल्पना गर्न सकिँदैन।

शान्ति भिन्न क्षमतायुक्त नारी भएकीले श्रीमती थापाले उसलाई बोझ मानेकी छन्। यद्यपि शान्तिले आफैलाई श्रीमती थापाको धारणाविपरीत उभ्याएर देखाएकी छे। सानैदेखि पढाइमा श्रेष्ठ रहेकी ऊ प्राध्यापिकाजस्तो उच्च पदमा आसीन भइ एउटी सबल र सक्षम नारीका रूपमा स्थापित हुन पुगेको देखिन्छ। यसबाहेक एउटी भिन्न क्षमतायुक्त नारीले आफुमाथि भएको शोषणको विरोध गर्न सक्दिन भन्ने शैलेन्द्ररूपी सामाजिक धारणालाई पनि शान्तिले चुनौति दिएकी छे। ऊ शैलेन्द्रको अघि गिडगिडाउन पुगेकी छैन, बरू शैलेन्द्रले आफुसँग गरेको विश्वासघातलाई स्वीकार्दै आफ्नो पेटमा रहेको बतासे शिशुलाई जन्माएर पितृसत्तामा आधारित सारा समाजलाई हाँक दिन उभिएकी छे। यसबाट भिन्न क्षमतायुक्त मानिसहरू असहाय, कमजोर, पराश्रित र दयनीय अवस्थाका हुन्छन् भन्ने रूढ धारणाहरूको विघटन भएको पाइन्छ।

*भोलिको प्रतीक्षा* उपन्यासमा शान्तिको चरित्र चित्रण एउटी सहनशील, शिष्ट र कर्त्तव्यपरायण नारीका रूपमा भएको पाइन्छ। उसको चरित्रलाई श्रीमती थापा, पल्लो घरकी छेमा, आदित्य, इन्दुमती आदिले नकारात्मक रूपमा ग्रहण गरे तापनि शान्ति आफैमा एउटी सकारात्मक सोच भएकी नारीपात्रा हो। उपन्यासकारले उसको सकारात्मक चरित्र निर्माण गरेर समाजमा निच ठानिएकाहरू नै वास्तवमा उच्च हुन्छन् भन्ने कुरा सम्प्रेषण गर्न खोजेको देखिन्छ।

प्रस्तुत उपन्यासमा चित्रित गम्भीरध्वज थापा, शैशवा, मित्रसेन जोशी आदि चरित्रहरू मानवतावादी दृष्टिका संवाहक बनेका पाइन्छन्। गम्भीरध्वज थापाले बतासे शिशुका रूपमा जन्मेकी शान्तिलाई छोरीका रूपमा अपनाएर मानवताको परिचय दिएका

छन्। शैशवाले असल साथीको भूमिका निर्वाह गरेर मानवतालाई जिउँदो राख्ने काम गरेकी छे। उसले शान्तिलाई लङ्गडीका रूपमा नभएर एक आँतकी साथी मानेकी छे। यसैले ऊ भन्छे-

> होइन, बरू एउटै धनवान् लेग्नेसँग हामी दुवै जाऔं। सौतेनी डाह त होला नै तर यसले जीवनमा दाउनको काम गरोस्। अनि जीवनभर हामी एकैसाथ रहन्छौं, होइन त ?[३३०]

यसरी नै शान्तिले काठमाडौंको संस्कृत महाविद्यालयमा प्राध्यापिकाको नोकरी पाउनका पछि मित्रसेन जोशीको ठूलो हात रहेको देखिन्छ। उनले शान्तिको शारीरिक विकृतिलाई हेय दृष्टिले हेरेका छैनन् न त सहानुभूतिका दृष्टिले नै हेरेका छन्। एउटा मानिसले अर्का मानिससित राख्नुपर्ने हार्दिकता र सहयोगको भावना उनले राखेका छन्। यसबाट उपन्यासकारले शान्ति पनि समाजकै अभिन्न अङ्ग हो र उसलाई घृणा र उपेक्षाका दृष्टिले नभएर मानवताका दृष्टिले हेरिनुपर्छ भन्ने धारणा व्यक्त गरेकी छन्।

## निष्कर्ष

लैनसिंह बाङ्देलद्वारा लिखित *लङ्गडाको साथी* भिन्न क्षमताबारे लेखिएको पहिलो उपन्यास हो। यसभन्दा अघिका उपन्यासहरूमा भिन्न क्षमताको प्रसङ्ग पाइँदैन। बाङ्देलले सामाजिक यथार्थवादलाई नेपाली साहित्यमा प्रवेश गराउनका निम्ति लङ्गडाजस्तो उपेक्षित र तिरस्कृत पात्रको कथा लेखेर भिन्न क्षमतालाई औपन्यासिक स्वरूप प्रदान गरेको देखिन्छ। अतः *लङ्गडाको साथी*लाई यथार्थवाद, अतियथार्थवाद र मनोविश्लेषका दृष्टिले मात्र नभएर भिन्न क्षमताका दृष्टिले पनि उत्कृष्ट कृति मान्न सकिन्छ।

बाङ्देलपछि केही नेपाली उपन्यासकाहरूले भिन्न क्षमतालाई प्रश्रय दिएर यस क्षेत्रमा महत्त्वपूर्ण भूमिका निर्वाह गरेको देखिन्छ। तीमध्ये विश्वेश्वरप्रसाद कोइराला, विजय

[३३०] राई, 'भोलिको प्रतीक्षा', पूर्ववत्, पृ १२

मल्ल, लीलबहादुर छेत्री, लक्ष्मण सिटौला, पुष्प राई आदि प्रमुख रहेका पाइन्छन्। यस अतिरिक्त लक्ष्मीप्रसाद देवकोटा, अच्छा राई 'रसिक', सुवास, दौलतबिक्रम बिष्ट, ध्रुबचन्द्र गौतम, तारिणीप्रसाद कोइराला, बलदेव मजगैयाँ आदिले पनि भिन्न क्षमतायुक्त पात्रहरूको प्रयोग गरेर उपन्यास लेखेको देखिन्छ। यद्यपि ती उपन्यासहरू आधिकारिक रूपले भिन्न क्षमतासित सम्बन्धित रहेको देखिँदैन। उदाहरणका रूपमा देवकोटाको *चम्पा*, 'रसिक'-को *लगन*, सुवासको *मने*, बिष्टको *हिमाल र मान्छे*, गौतमको *अलिखित* आदि उपन्यासहरूलाई लिन सकिन्छ। यस प्रकार प्रसङ्गवश भिन्न क्षमतायुक्त पात्रहरूको प्रयोग गरेर समाजका विविध पक्षहरूको उद्घाटन गर्ने दिशामा उन्मुख रहेका उपन्यासहरू बढी सङ्ख्यामा पाइए तापनि भिन्न क्षमताकै केन्द्रियतामा लेखिएका उपन्यासहरूको सङ्ख्या भने एकदमै न्युन रहेको पाइन्छ। तथापि गुणात्मक दृष्टिले ती उपन्यासहरू उत्कृष्ट रहेका पाइन्छन्। अतः नेपाली कथामा जस्तै नेपाली उपन्यासमा पनि भिन्न क्षमताको प्रयोग-परम्परा समृद्ध रहेको कुरालाई सकार्न सकिन्छ।

# छैटौं अध्याय

## ६ उपसंहार तथा निष्कर्ष

### ६.१ उपसंहार

'नेपाली आख्यानमा भिन्न क्षमताको अध्ययन' शीर्षक रहेको प्रस्तुत शोधप्रबन्धमा भिन्न क्षमतालाई प्रमुख आधार बनाएर नेपाली कथा र उपन्यासहरूको अध्ययन गरिएको छ। यसअन्तर्गत नेपाली कथा र उपन्यासहरूमा पाइने भिन्न क्षमताका विविध सन्दर्भहरूलाई कलङ्कीकरण, सीमान्तीकरण र सामाजिक समावेशीकरणका दृष्टिले विश्लेषण गरिएको छ। भिन्न क्षमता मूलतः सामाजिक एवम् सांस्कृतिक निर्मितिका रूपमा व्याख्यायित सिद्धान्त भएकोले यससँग सम्बन्धित सामाजिक एवम् सांस्कृतिक प्रक्रियाहरूलाई विशेष रूपमा अध्ययनको विषय बनाइएको छ।

आधुनिक नेपाली साहित्यको प्रारम्भिक चरणदेखि नै नेपाली आख्यानमा भिन्न क्षमताको प्रयोग हुन थालेको देखिन्छ। विशेषतः समाजमा व्याप्त शोषण, असमानता, भेदभाव, पक्षपात, आर्थिक विपत्ति, कुरीति र कुप्रथाहरूको चित्रण गर्ने क्रममा नेपाली आख्यानकारहरूले भिन्न क्षमतायुक्त पात्रहरूको प्रयोग गरेका छन्। तिनै पात्रहरूको जीवनशैली, सामाजिक स्तर, सांस्कृतिक प्रतिनिधित्व साथै उनीहरूले भोगिरहेका दुःख, कष्ट, समस्या र यातनाहरूका आधारमा भिन्न क्षमताको अध्ययन गर्नु यस शोधप्रबन्धको प्रमुख उद्देश्य रहेको छ। अध्ययन सुविधाका निम्ति यस शोधप्रबन्धलाई छवटा अध्यायमा विभाजन गरिएको छ।

प्रस्तुत शोधप्रबन्धको पहिलो अध्यायको शीर्षक 'शोध परिचय' रहेको छ। यसअन्तर्गत 'शोधशीर्षक', 'शोधपरिचय', 'समस्याकथन', 'उद्देश्यकथन', 'पूर्वकार्यको समीक्षा', 'शोधको विधि', 'शोधको औचित्य', 'शोधको सीमाङ्कन' आदि उपशीर्षकहरूलाई

समावेश गर्दै शोधप्रबन्धको सर्वाङ्गीण रूपरेखा प्रस्तुत गरिएको छ। यसमा 'शोधपरिचय' उपशीर्षकअन्तर्गत प्रस्तुत शोधप्रबन्ध नेपाली अख्यानका रूपमा विकसित दुईवटा विधा कथा र उपन्यासमा प्रयुक्त भिन्न क्षमताको अध्ययनसित सम्बन्धित रहेको जानकारी दिइएको छ। यसका अतिरिक्त प्रस्तुत शोधप्रबन्ध सिक्किम विश्वविद्यालयको भाषा अनि सङ्कायअन्तर्गत नेपाली विषयमा विद्यावारिधि उपाधिका निम्ति पुरा गरिएको जानकारी पनि यसै अध्यायमा दिइएको छ। 'समस्याकथन' उपशीर्षक भिन्न क्षमताको सैद्धान्तिक स्वरूप, भिन्न क्षमताको अध्ययनका आधारहरू र नेपाली आख्यानमा भिन्न क्षमताको प्रयोग-परम्परासम्बन्धी उठेका प्रश्नहरूसित सम्बन्धित रहेको छ। यिनै प्रमुख प्रश्नहरूको समाधानस्वरूप 'उद्देश्यकथन' उपशीर्षकमा भिन्न क्षमताको सैद्धान्तिक स्वरूप केलाउनु, भिन्न क्षमताको अध्ययनका आधारहरू प्रस्तुत गर्नु तथा नेपाली कथा र उपन्यासमा भिन्न क्षमताको प्रयोग-परम्पराबारे प्रकाश पार्नु यस शोधकार्यको उद्देश्य रहको कुरा अवगत गराइएको छ। 'पूर्वकार्यको समीक्षा' उपशीर्षकअन्तर्गत भिन्न क्षमता सम्बन्धित आख्यानहरूको अध्ययन भएका अङ्ग्रेजी र नेपाली पुस्तकहरू, शोधकार्य साथै जर्नलमा प्रकाशित लेखहरूबारे चर्चा गरिएको छ।

पहिलो अध्यायको 'शोधविधि' उपशीर्षकमा प्रस्तुत शोधप्रबन्ध निगमनात्मक शोधविधि र विश्लेषणात्मक पद्धतिका आधारमा तयार पारिएको कुरा अवगत गराइएको छ। यस अतिरिक्त भाषा अनि व्याकरणिक नियमावलीका निम्ति *नेपाली लेखन शैली* (सन् २०१०), शब्दसुद्धिका निम्ति *प्रयोगात्मक नेपाली शब्दकोश* (वि सं २०६३) तथा सन्दर्भ लेखन र पादटिप्पणीका निम्ति चुडामणि बन्धुको *अनुसन्धान तथा प्रतिवेदन लेखन* (सन् २०१३) -लाई आधार मानिएको जानकारीगराइएको छ। यस शोधप्रबन्धमा सामग्री सङ्कलन विधिका रूपमा द्वितीय स्रोत अर्थात् पुस्तकालयको उपयोग गरिएको छ। यसमा थप सन्दर्भ र उपयुक्त सामग्रीका लागि आवश्यकताअनुसार विभिन्न वेभसाइटहरूबाट पनि

तथ्य सङ्कलन गरिएको छ। यसरी नै यस अध्यायमा सिक्किम विश्वविद्यालयद्वारा जारी गरिएको नियमावलीलाई विशेष ध्यानमा राखिएको जानकारी पनि उपलब्ध गराइएको छ।

दोस्रो अध्यायको शीर्षक 'भिन्न क्षमताको सैद्धान्तिक स्वरूप' रहेको छ। यस अध्यायमा 'भिन्न क्षमताको सामान्य परिचय' उपशीर्षकअन्तर्गत भिन्न क्षमतालाई विश्वव्यापी सामाजिक मुद्दाका रूपमा चिनाउँदै यसका अर्थ र परिभाषाहरूबारे चर्चा गरिएको छ। 'भिन्न क्षमताका प्रकार र वर्गीकरण' उपशीर्षक रहेको अध्यायमा भिन्न क्षमताका विभिन्न भेदहरूबारे चर्चा गर्दै अवस्थाविशेष र घटनाविशेषका आधारमा ती भेदहरूको वर्गीकरण गरिएको छ। 'भिन्न क्षमताका कारणहरू' उपशीर्षकअन्तर्गत भिन्न क्षमतायुक्त हुनका पछि कारकतत्त्वका रूपमा देखा परेका विभिन्न कारणहरूलाई लोकविश्वास, धार्मिक मान्यता, चिकित्साविज्ञान साथै अन्य व्यक्तिगत तथा सामाजिक घटनाहरूका आधारमा अवलोकन गरिएको छ। 'भिन्न क्षमताको ऐतिहासिक पृष्ठभूमि, अध्ययन-परम्परा र विकासक्रम' उपशीर्षक रहेको अध्यायमा भिन्न क्षमताको इतिहास र अध्ययन-परम्पराबारे प्रकाश पार्दै यसको विकासक्रमबारे अध्ययन गरिएको छ। यस शोधप्रबन्धको एउटा महत्त्वपूर्ण अध्यायका रूपमा 'भिन्न क्षमताको अध्ययनका प्रमुख आधारहरू' उपशीर्षकलाई राखिएको छ। यसमा भिन्न क्षमताका सामाजिक एवम् सांस्कृतिक परिप्रेक्ष्यहरूलाई केलाउँदै कलङ्कीकरण, सीमान्तीकरण तथा सामाजिक समावेशीकरणका दृष्टिले भिन्न क्षमताको अध्ययन कसरी गर्न सकिन्छ भन्ने आधारहरू प्रस्तुत गरिएको छ। 'भिन्न क्षमता अध्ययनको आवश्यकता' उपशीर्षकलाई यस दोस्रो अध्यायको निचोडका रूपमा राखिएको छ। यसअन्तर्गत भिन्न क्षमतायुक्त मानिसहरूको सामाजिक सशक्तिकरण र समावेशीकरणका सन्दर्भमा भिन्न क्षमता अध्ययनको आवश्यकताबारे प्रकाश पारिएको छ।

तेस्रो अध्यायको शीर्षक 'नेपाली आख्यानमा भिन्न क्षमताको प्रयोग-परम्परा' रहेको छ। यो अध्याय नेपाली कथा र उपन्यासहरूमा भिन्न क्षमताको प्रयोग के कस्तो रहेको

छ भन्ने विषयको सर्वेक्षणात्मक अध्ययनसित सम्बन्धित छ। यसमा सर्वप्रथम आख्यानको परिचय र विकासक्रमबारे संक्षिप्त विवरण प्रस्तुत गरिएको छ। 'नेपाली आख्यानपूर्वका आख्यानहरूमा भिन्न क्षमताको प्रयोग' उपशीर्षकअन्तर्गत पूर्वीय र पाश्चात्य पुराकथाहरूमा वर्णित विभिन्न आख्यान तथा अपाख्यानहरूमा पाइने भिन्न क्षमताको स्थितिबारे प्रकाश पारिएको छ। 'नेपाली आख्यानमा भिन्न क्षमताको प्रयोग-परम्परा' उपशीर्षक रहेको अध्यायलाई थप दुईवटा उपशीर्षक 'नेपाली कथामा भिन्न क्षमताको प्रयोग-परम्परा' र 'नेपाली उपन्यासमा भिन्न क्षमताको प्रयोग-परम्परा'-का रूपमा छुट्ट्याएर नेपाली कथा र उपन्यासहरूमा प्रयुक्त भिन्न क्षमताको सर्वेक्षणात्मक अध्ययन गरिएको छ।

चौथो अध्यायको शीर्षक 'नेपाली कथामा प्रयुक्त भिन्न क्षमताको अध्ययन' रहेको छ। यो अध्याय प्रस्तुत शोधप्रबन्धको मूलकार्यको पहिलो भाग हो। यस अध्यायमा नेपाली कथामा प्रयुक्त भिन्न क्षमताको अध्ययन गरिएको छ। यसअन्तर्गत केही नेपाली प्रतिनिधि कथाकार र उनीहरूका कथामा पाइने भिन्न क्षमतायुक्त पात्रहरूको सामाजिक एवम् सांस्कृतिक परिवेशलाई अध्ययनको विषय बनाइएको छ। यस अध्ययनमा विश्वेश्वरप्रसाद कोइराला, बालकृष्ण सम, अगमसिंह गिरी, रमेश विकल, इन्द्रबहादुर राई, सानु लामा, प्रदीप गुरुङ, विन्द्या सुब्बा, सञ्जय विष्ट, उदय थुलुङ आदिका कथाहरू परेका छन्। प्रत्येक कथाकारको कथायात्रा र विवेच्य कथाको सारतत्त्वसँगै ती कथाहरूमा पाइने भिन्न क्षमतालाई कलङ्कीकरण, सीमान्तीकरण र सामाजिक समावेशीकरणका दृष्टिले अध्ययन गरिएको छ।

पाँचौं अध्यायको शीर्षक 'नेपाली उपन्यासमा प्रयुक्त भिन्न क्षमताको अध्ययन' रहेको छ। यो अध्याय प्रस्तुत शोधप्रबन्धको मूलकार्यको दोस्रो भाग हो। यसमा नेपाली साहित्यका चारवटा उत्कृष्ट उपन्यास क्रमैले *लङ्गडाको साथी, नरेन्द्र दाइ, ब्रह्मपुत्रको छेउछाउ* र *भोलिको प्रतीक्षा*लाई अध्ययनको विषय बनाइएको छ।

छैटौं अध्याय उपसंहार तथा निष्कर्षका रूपमा रहेको छ। नेपाली कथा र उपन्यासमा प्रयुक्त भिन्न क्षमताको अध्ययन गर्ने क्रममा प्राप्त भएका तथ्याङ्कहरूलाई यस अध्यायमा निचोडका रूपमा प्रस्तुत गरिएको छ।

## ६.२ निष्कर्ष

भिन्न क्षमता एउटा जटिल विषय हो। मानवजीवनको कुन दुर्बल पक्षलाई भिन्न क्षमता मान्ने र कुन पक्षलाई नमान्ने भन्ने प्रश्नको सटीक उत्तर आजसम्म पनि प्राप्त हुन सकेको छैन। एकातिर शारीरिक दुर्बलता भिन्न क्षमता होइन, मानसिक दुर्बलतामात्र भिन्न क्षमता हो भन्ने अवधारणा विकसित भएको देखिन्छ भने अर्कातिर शारीरिक रूपले दुर्बल रहेका मानिसहरूलाई सीमान्तकृत गर्ने सामाजिक एवम् सांस्कृतिक अभ्यास पनि युगौंदेखि नै यथावत् रहेको पाइन्छ। यसर्थ भिन्न क्षमतालाई गहन रूपमा सामाजिक एवम् सांस्कृतिक प्रक्रिया मानिन्छ। यसले विभिन्न प्रकारका शारीरिक विकृति र मानसिक रोगका लक्षणहरूलाई बुझाउँदैन तर समाजको आन्तरिक संरचना र व्यवस्थापनलाई बुझाउँछ।

भिन्न क्षमता मानवसमाजमा व्याप्त नकारात्मक दृष्टिकोणको उपज भएकोले भिन्न क्षमतायुक्त मानिसहरूको परिचय ऐतिहासिक रूपमा उत्पीडित, कलङ्कित र सीमान्तकृत रहेको अल्पसङ्ख्यक समूहका रूपमा हुँदै आएको पाइन्छ। उनीहरूको यो परिचय औद्योगिक समाजको स्थापनापछि अझ जटिल र सङ्कटग्रस्त बनेको देखिन्छ किनभने औद्योगिक समाजमा काम गर्न सक्ने क्षमतालाई मात्र प्राथमिकता दिइन्थ्यो। यसरी नै पहिलो र दोस्रो विश्वयुद्धपछि भिन्न क्षमताको अवस्थामा पुगेका सैनिक र साधारण मानिसहरूले विभिन्न प्रकारका यातनाहरू झेल्न परेको ऐतिहासिक तथ्य पाइन्छ। यसै समयदेखि साहित्य र कलाका विभिन्न माध्यमहरूमा भिन्न क्षमताले सहानुभूतिपूर्वक स्थान पाउन थालेको देखिन्छ।

सन् १९६० -को दशकदेखि भिन्न क्षमतायुक्त मानिसहरूमाथि निरन्तर रूपमा हुँदै आइरहेको शोषण, दुर्व्यवहार, पक्षपात र अवमूल्यनका विरुद्ध राजनैतिक सङ्घर्ष सुरू भएपछि भिन्न क्षमता विश्वव्यापी सामाजिक मुद्दाको विषय बन्नका साथै प्राज्ञिक अनुशासनका रूपमा पनि स्थापित हुन पुगेको देखिन्छ। अतः भिन्न क्षमता अध्ययनको इतिहासमा सन् १९६० -को दशकलाई सङ्क्रमणकाल मानिन्छ।

राजनैतिक आन्दोलन र प्राज्ञिक अनुशासनका रूपमा भिन्न क्षमताको अध्ययन छोटो अवधिमै प्रभावकारी बन्नका पछि निम्नलिखित कारणहरूलाई सार्थक र सान्दर्भिक मान्न सकिन्छ-

- भिन्न क्षमतायुक्त विद्यार्थी नेता र विद्वान्हरूको सहभागिता
- भिन्न क्षमतायुक्त नारीवादी लेखिकाहरूको अभ्युदय
- भिन्न क्षमताको विषय क्षेत्रको व्यापकता
- सार्वभौमिक सत्यका रूपमा भिन्न क्षमताको पुनर्व्याख्या

भिन्न क्षमतालाई सामाजिक प्रतिष्ठा र गौरवशाली विषयका रूपमा चिनाउनका निम्ति 'भिन्न क्षमता अधिकारको आन्दोलन'-लाई उचित दिशा र दृष्टि दिने पहिलो विद्यार्थी नेता इद रोबर्ट हुन्। सानैदेखि पोलियोग्रस्त रहेका रोबर्टले भिन्न क्षमतायुक्त विद्यार्थीहरूका हक र अधिकारका निम्ति राजनैतिक आन्दोलनलाई नेतृत्व दिएर भिन्न क्षमता अध्ययनको इतिहासमा महत्त्वपूर्ण भूमिका निर्वाह गरेको देखिन्छ। यस दिशामा ज्युडिथ ह्युमन, जोन लियोन, माइकल मसुता, विलियम रोल्यान्ड, जिम चार्ल्टलन, जोसुवा मलिन्या आदि भिन्न क्षमतायुक्त विद्यार्थी नेताहरूको योगदान पनि अविस्मरणीय रहेको पाइन्छ।

सन् १९७० -को दशकदेखि भिन्न क्षमतायुक्त विद्वान्द्वय पाउल हन्ट र भिक फिङ्कल्सटिनले भिन्न क्षमतालाई प्राज्ञिक अनुशासनका रूपमा उपस्थापित गरेपछिप्राज्ञिक

क्षेत्रका अन्य भिन्न क्षमतायुक्त विद्वान्हरूले यसको सम्बर्द्धन र विकासमा महत्त्वपूर्ण योगदान दिएको पाइन्छ। तीमध्ये माइकल ओलिभर, पाउल के लाङ्गमोर, इरभिङ जोला, ब्रेन्डन ग्लिसन, ऱ्यान सी थोमस, एन सियरल, एलन टि सदरल्यान्ड आदि प्रमुख रहेका पाइन्छन्। यस प्रकार राजनैतिक एवम् प्राज्ञिक दुवै रूपमा भिन्न क्षमताको अध्ययनलाई अघि बढाउनका निम्ति भिन्न क्षमतायुक्त विद्यार्थी नेताहरू र भिन्न क्षमतायुक्त विद्वान्हरू नै अग्रसर भएकालेयो अध्ययन छोटो समयमै प्रभावकारी बनेको देखिन्छ।

सांस्कृतिक प्रसङ्गहरूमा भिन्न क्षमताको अध्ययनले व्यापकता पाउनका पछि भिन्न क्षमतायुक्त नारीवादी लेखिकाहरूको योगदान पनि महत्त्वपूर्ण रहेको पाइन्छ। रोजमेरी गर्ल्यान्ड थम्पसन, सिमी लिन्टन, तान्या तिच्कस्की, एली क्लेयर, मार्ग्रिट सिल्ड्रिक, क्यारोल थोमस आदि नारीवादी लेखिकाहरूले शरीर-राजनीति, परिचय-राजनीति र शक्ति-राजनीतिका आधारमा भिन्न क्षमताको सांस्कृतिक व्याख्या प्रस्तुत गरेका छन्। यसैको परिणामस्वरूप भिन्न क्षमताको अध्ययनले आलोचनात्मक स्वरूप ग्रहण गरेको देखिन्छ।

भिन्न क्षमताको विषय क्षेत्र व्यापक रहेकोले यसअन्तर्गत जातिवाद, नृजातीयता, लैङ्गिकता, यौनिकता, अल्पसङ्ख्यकता आदि विभिन्न विषयहरूले प्रश्रय पाएका देखिन्छन्। इतिहास, पुरान, समाज, संस्कृति, राजनीति, अर्थनीति, मानवशास्त्र, विज्ञान आदि सबै क्षेत्रमा व्यापक प्रभाव पारेकोले यस अध्ययनलाई प्रभावकारी मानिन्छ।

भिन्न क्षमताको अध्ययनले भिन्न क्षमतालाई सार्वभौमिक सत्यका रूपमा प्रस्तुत गर्छ। संसारमा कोही पनि भिन्न क्षमताको अवस्थादेखि पृथक छैन। प्रत्येक व्यक्तिले कुनै न कुनै रूपमा भिन्न क्षमतालाई अनुभूत गर्छ भन्ने मान्यता प्रखर रूपमा रहेको कारण यो अध्ययन सार्वभौमिक रूपले नै प्रभावकारी बनेको देखिन्छ।

यस प्रकार भिन्न क्षमता प्रभावकारी अध्ययनको विषय भएकोले कलाका विभिन्न माध्यमहरूमा समयसापेक्ष भिन्न क्षमताको चित्रण र वर्णन हुँदै आएको पाइन्छ। ती

कलाका माध्यमहरूमध्ये साहित्यको स्थान शीर्षमा रहेको देखिन्छ। विश्वका अन्य भाषाहरूका साहित्यमा झैं नेपाली साहित्यमा पनि भिन्न क्षमताको प्रयोग सफलतापूर्वक भएको पाइन्छ।

नेपाली साहित्यका विविध विधाहरूमध्ये आख्यानको अध्ययन गर्दा मूलतः नारीजीवनको यथार्थ चित्रणसँगै भिन्न क्षमताको प्रसङ्गले पनि व्यापकता पाएको देखिन्छ। अधिकांश आख्यानकारहरूले नारीहरूको सामाजिक अवस्थालाई प्रस्तुत गर्ने क्रममा भिन्न क्षमताको प्रयोग गरेका छन्। उदाहरणका रूपमा पुष्करशमशेरको 'लोग्ने', रूपनारायण सिंहको 'विध्वंस जीवन', विश्वेश्वरप्रसाद कोइरालाको 'पवित्रा', बालकृष्ण समको 'रूपको मूल्य', पारिजातको 'तिउरीको फूल पाइरियाको गन्ध', शिवकुमार राईको 'प्रेमलालको बिहे' आदि कथाहरूलाई लिन सकिन्छ। यसरी नै लक्ष्मीप्रसाद देवकोटाको *चम्पा*, विश्वेश्वरप्रसाद कोइरालाको *नरेन्द्र दाइ*, लीलबहादुर क्षत्रीको *ब्रह्मपुत्रको छेउछाउ*, पुष्प राईको *भोलिको प्रतीक्षा* आदि उपन्यासहरू पनि नारीसमस्याकेन्द्रित रहेका पाइन्छन्।

समाजमा भिन्न क्षमतालाई कसरी नकारात्मक दृष्टिले हेरिन्छ र भिन्न क्षमतायुक्त मानिसहरूको शरीरलाई कसरी सांस्कृतिक अर्थहरू प्रदान गरिन्छ भन्ने विषयको समुचित उद्घाटन नेपाली आख्यानमा भएको पाइन्छ। यस क्रममा नेपाली आख्यानकारहरूले भिन्न क्षमतालाई समाजको दर्पण र रूपक दुवै रूपमा प्रस्तुत गरेका छन्। भिन्न क्षमतायुक्त मानिसहरूमाथि निरन्तर रूपमा भइरहेको भेदभाव र शोषणको यथार्थ चित्रणद्वारा समाजको संरचनाबारे अवगत गराउनु नेपाली आख्यानको मूलभूत उद्देश्य रहेको देखिन्छ। यसबाट आख्यानकारहरूले भिन्न क्षमतायुक्त मानिसहरू पनि समाजकै अभिन्न अङ्गहरू हुन् र उनीहरूप्रति दुर्भावनाका सट्टा सद्भावना राखिनुपर्छ भन्ने सन्देश दिन खोजेका छन्।

जीववैज्ञानिक भिन्नताका कारणले समाजमा भिन्न क्षमतायुक्त पुरुषहरूका तुलनामा भिन्न क्षमतायुक्त नारीहरू धेरै मात्रामा शोषित, लाञ्छित र पीडित हुन्छन्। उनीहरूलाई

यौनतृप्तिका साधन मानी बलजफ्ती दुष्कर्म गरेका घटनाहरू यत्रतत्र सुन्न र देख्न पाइन्छ। आफ्नै परिवारका सदस्य, छरछिमेक, साथीभाइ, प्रेमीहरूदेखि लिएर सभ्यताको ढोङ्ग रच्ने अपरिचित भलाद्मीहरूबाट समेत भिन्न क्षमतायुक्त नारीहरू बलात्कृत बन्दै आएका देखिन्छन्। यस किसिमका घटनाहरूले नेपाली आख्यानमा पनि सर्वोपरी स्थान पाएका छन्। पारिजातको 'तिउरीको फूल पाइरियाको गन्ध', श्याम शाहको 'लाटीको छोरो', सञ्जय विष्टको 'अविवाहित लाटी र अप्रेशन', ललिता दोषीको 'रातका पतिहरू', रीता ठकुरीको 'वाणी', लक्ष्मण सिटौलाको *लाटीको सपना,* पुष्प राईको *भोलिको प्रतीक्षा* आदि यसै वर्गमा पर्ने आख्यानहरू हुन्। यस अतिरिक्त भिन्न क्षमतायुक्त नारीलाई मात्र होइन तर भिन्न क्षमतायुक्त पुरुषलाई पनि यौनतृप्तिको साधन बनाइन्छ भन्ने विषयको उद्घाटन समेत नेपाली आख्यानमा भएको पाइन्छ। उदारहणका रूपमा धन निर्दोष सुब्बाको 'नरमायाको तृष्णा' शीर्षक कथालाई लिन सकिन्छ।

भिन्न क्षमतायुक्त मानिसहरूले लामो समयदेखि झेल्दै र भोग्दै आइरहेका विविध समस्याहरूको यथोचित् वर्णनसँगै उनीहरूमा अन्तर्निहित क्षमताको स्थितिबारे प्रकाश पार्नु पनि नेपाली आख्यानको प्रमुख उद्देश्य रहेको देखिन्छ। अतः नेपाली आख्यानको एउटा मूल पक्ष भिन्न क्षमतायुक्त मानिसहरूको आन्तरिक शक्ति र छुट्टै प्रकारका विशेषताहरूलाई उजागर गर्नु पनि हो। उदाहरणका रूपमा 'रूपको मूल्य' कथाकी रानुमा भएको ज्ञान र गुण, 'पवित्रा' कथाकी पवित्रामा भएको कर्त्तव्यनिष्ठता, 'मूक माया' कथाको लाटोमा भएको शिष्ट आचरण, 'लाटीको छोरो' र 'शीतलहर' कथाकी लाटी पात्रामा भएको मातृत्वप्रेम, *लङ्गडाको साथी* उपन्यासमा चित्रित लङ्गडाको सङ्घर्षशील चरित्र, *नरेन्द्र दाइ*की गौरीमा भएको सद्भावना र मानवता, *ब्रह्मपुत्रको छेउछाउ*को गुमानेमा भएको जातिप्रेम र सामाजिक सचेतता आदिलाई लिन सकिन्छ। यी पात्रहरू सामान्य मानिसको तुलनामा भिन्न देखिए तापनि छुट्टै प्रकारका विशेषताहरूले सम्पन्न रहेका

पाइन्छन्। यिनै विशेषताहरूका आलोकमा नेपाली आख्यानले उपयुक्त एवम् अनुकूल परिवेश निर्माण गरेको देखिन्छ।

समग्रमा भिन्न क्षमतायुक्त मानिसहरूलाई अमानवीकृत गर्ने, कलङ्कका रूपमा चिह्नित गर्ने, अपशकुन मान्ने, उपहास गर्ने, उपेक्षा गर्ने, घृणा गर्ने, शोषण गर्ने, अन्याय-अत्याचार गर्ने, शारीरिक तथा मानसिक यातना दिने, बलात्कार गर्ने आदि घटनाहरूले भिन्न क्षमता सन्दर्भित नेपाली आख्यानको आधारभूमि निर्माण गरेको देखिन्छ। यस्ता आख्यानहरूका अध्ययनबाट नेपाली समाजमा भिन्न क्षमताको स्थिति के कस्तो रहेको छ भन्ने कुरा थाहा पाउन सकिन्छ। वस्तुतः नेपाली समाजमा व्याप्त रुढिवाद, पितृसत्तात्मक शोषण, आर्थिक विषमता, राजनैतिक अस्थिरता, लैङ्गिक विभेद, यौन अपराध, अन्धविश्वास, कुप्रथा आदिको चित्र अङ्कित गर्नलाई नेपाली आख्यानकारहरूले भिन्न क्षमतायुक्त पात्रहरूको प्रयोगमा विशेष चासो देखाएका छन् र यस कार्यमा सफल पनि भएका छन्।

अन्ततः भविष्यमा भिन्न क्षमताबारे शोधकार्य गर्न चाहने शोधार्थीहरूका निम्ति यस क्षेत्रमा मार्ग प्रशस्त रहेको कुरा अवगत गराउँदै यस शोधकार्यलाई पुरा गर्ने क्रममा आफुलाई उपयुक्त लागेका केही शीर्षकहरू सुझाउका रूपमा यहाँ प्रस्तुत गर्दछु-

- भिन्न क्षमताका दृष्टिले नेपाली उखान र टुक्काहरूको अध्ययन
- भिन्न क्षमतायुक्त मानिसका निम्ति प्रयोग गरिने नेपाली भाषाको समाजपरक अध्ययन
- सामाजिक परिचय सिद्धान्तका दृष्टिले नेपाली कथामा प्रयुक्त भिन्न क्षमतायुक्त नारीपात्रहरूको अध्ययन
- कलङ्कीकरणका दृष्टिले नेपाली नाटकमा चित्रित भिन्न क्षमतायुक्त पात्रहरूको अध्ययन

## सन्दर्भसूची

### नेपाली पुस्तक

अपतन, तुलसी र अन्य, सन् १९९२, *सम्मेलन कथा संग्रह,* दार्जिलिङः नेपाली साहित्य सम्मेलन।

आचार्य, गोविन्द, वि सं २०७०, *बी. पी कोइरालाका उपन्यासहरूको परिक्रमा,* काठमाडौंः पैरवी प्रकाशन।

काफ्ले, सीताराम, सन् २००९, *विमर्श विमर्श,* कालेबुङः उपमा पब्लिकेशन।

कोइराला, जीवनचन्द्र (सम्पा), वि सं २०५८, *पुष्करशमशेर स्मृतिग्रन्थ शतवार्षिकी सन्दर्भ,* काठमाडौंः कुलचन्द्र कोइराला सम्ति प्रतिष्ठान।

छेत्री, इन्द्रबहादुर, सन् २००९, *केही साहित्यिक समीक्षा,* कालेबुङः लेखक।

ठकुरी, मोहन, सन् २०१७, *सर्जक सन्दर्भ,* कालेबुङः उपमा प्रकाशन।

जोशी, रत्नध्वज, वि सं २०४५, *साहित्यिक विमर्श,* काठमाडौंः साझा प्रकाशन।

दाहाल, महेश, सन् २०१७, *आकृति केही कृतिका,* दार्जिलङः श्याम प्रकाशन।

पाण्डे, ज्ञानु, वि सं २०६०, *नेपाली महिला कथाकार,* काठमाडौंः नेपाली प्रज्ञा प्रतिष्ठान।

पौड्याल, नवीन, सन् २०११, *आख्यान अनुशीलन,* चन्दननगरः ओरियन प्रेस इन्टरनेसनल।

प्रधान, प्रतापचन्द्र, वि सं २०६९, *आयामिक कथाकार इन्द्रबहादुर राई,* काठमाडौंः भृकुटी एकेडेमिक पब्लिकेसन्स।

प्रधान, सपन, सन् २०११, *कृति-कीर्ति,* दार्जिलिङः श्याम प्रकाशन।

प्रसाई, महेश (सम्पा), सन् २०१८, *सिक्किमका कथा,* काठमाडौंः छाया प्रकाशन।

--------------------, सन् २०१९, *सिक्किमका समालोचना,* काठमाडौंः छाया प्रकाशन।

बराल, कृष्णहरि, वि सं २०६९, *कथा सिद्धान्त,* काठमाडौंः एकता बुक्स डिस्ट्रिब्युटर्स प्रा लि।

बराल, ईश्वर, वि सं २०५६, *छरिएका समीक्षा* (सम्पा शरद्चन्द्र भट्टराई), काठमाडौंः साझा प्रकाशन।

बराल, ईश्वर, वि सं २०५८, *आख्यानको उद्भव,* दो सं, ललितपुरः साझा प्रकाशन।

भण्डारी, गोपालप्रसाद, वि सं २०६१, *समालोचनाका केही बान्कीहरू,* काठमाडौंः साझा प्रकाशन।

लामा, कविता, सन् २००५. *दिदृक्षा,* दार्जिलिङः श्याम प्रकाशन।

लुइटेल, लीला, वि सं २०६८, *नेपाली महिला उपन्यासकार,* ललितपुरः साझा प्रकाशन।

सुन्दास, लक्खीदेवी, सन् २००८, *समय र समीक्षण,* दार्जिलिङः सुन्दार परिवार।

सुवेदी, राजेन्द्र र लक्ष्मणप्रसाद गौतम, वि सं २०६८, *रत्न वृहत् नेपाली समालोचना (सैद्धान्तिक खण्ड),* काठमाडौः रत्न पुस्तक भण्डार।

श्रेष्ठ, दयाराम, वि सं २०४५, *नेपाली कथाका समकालीन सन्दर्भहरू,* काठमाडौंः नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान।

श्रेष्ठ, सुदर्शन, वि सं २०७५, *भारतीय नेपाली समालोचना,* काठमाडौंः साथी प्रकाशन।

क्षेत्री, शरद्, सन् २००६, *केही पृष्ठहरू अध्ययनका,* नाम्चीः निर्माण प्रकाशन।

**हिन्दी पुस्तक**

चन्देल, उमापति राय, सन् १९७५, *पौराणिक आख्यानों का विकासात्मक अध्ययन,* दिल्लीः कोणार्क प्रकाशन।

पाठक, सर्वानन्द, सन् १९६७, *विष्णुपुराण का भारत,* वाराणसीः चौखम्बा संस्कृत सीरीज अफिस।

पाण्डे, अष्टभुजाप्रसाद, सन् १९६०, *हिन्दी गद्य-काव्य का उद्भव और विकास,* दिल्लीः साहित्य प्रकाशन।

राय, लाजपत (अनु), सन् १९६१, प्राचीन भारतीय साहित्य (मू ले- एम विन्टर्निट्च), दिल्लीः मोतीलाल बनारसीदास।

भाटिया, सुदर्शन, २००३, *उपनिषदों की कथाएं,* दिल्लीः आरोग्य निधि प्रकाशन।

विद्यावाचस्पति, उषा पुरी, सन् १९८९, *भारतीय मिथक कोश,* इलाहाबादः नेसनल पब्लिसिङ हाउस।

शर्मा, केदारनाथ सारस्वत, सन् १९६०, *कथा सरित्सागर (प्रथम खण्ड),* पटनाः बिहार राष्ट्र भाषा परिषद्।

शर्मा, गिरिधारीलाल 'गर्ग', सन् १९४१, *कहानी — एक कला,* बाँकीपुरः ग्रन्थमाला कार्यालय।

**अङ्ग्रेजी पुस्तक**

अल्कोल्फ, लिन्डा मार्टिन र अन्य (सम्पा), *आइडिन्टिटी पोलिटिक्स रिकन्सिडर्ड,* २००६, युकेः पाल्ग्रेभ म्यामिलन।

इर्विन, सेरी (सम्पा), २०१६, *बडी एस्थेटिक्स,* न्यु योर्कः अक्सफोर्ड युनिभर्सिटी प्रेस।

एडम्स, रचेल र अन्य (सम्पा), २०१५, *कि वर्ड्स फर डिसएबिलिटी स्टडिज्,* न्यु योर्क एन्ड लन्डनः न्यु योर्क युनिभर्सिटा प्रेस।

ओलिभर, माइकल, १९९०, *द पोलिटिक्स अफ् डिसएबलमेन्ट,* लन्डनः म्याकमिलन एडुकेसन लि।

------------------, १९९६, *अन्डर्सटयान्डिङ डिसएबिलिटी फ्रम थ्योरी टु प्राक्टिस,* लन्डनः म्याकमिलन एडुकेसन लि।

काउसर, जी थोमस, २००९, *सिग्निफाइड बडिज्, डिसएबिलिटी इन् कन्टेम्पोररी लाइफ राइटिङ,* एन आर्बरः द युनिभर्सिटी अफ् मिचिगन प्रेस।

गुड्ली, ड्यान र अन्य (सम्पा), २०१२, *डिसएबिलिटी एन्ड सोसियल थ्योरी, न्यु डेभलोप्मेन्ट्स एन्ड डाइरेक्सन्स,* युकेः पाल्ग्रेभ म्यामिलन।

घोष, नन्दिनी (सम्पा), २०१६, *इन्टेरोगेटिङ डिसएबिलिटी इन् इन्डिया, थ्योरी एन्ड प्राक्टिस,* कलकत्ताः स्प्रिङ्जर (इन्डिया)।

टर्नर, ब्रायन (सम्पा), २०१२, *रुटलेज ह्यान्डबुक अफ् डिसएबिलिटी,* लन्डन एन्ड न्यु योर्कः रुटलेज।

डेविस, लेनार्ड जे, २०१३, *द इन्ड अफ् नर्मल,* एन आर्वरः द युनिभर्सिटी अफ् मिचिगन प्रेस।

--------------(सम्पा), २०१२, *रुटलेज ह्यान्डबुक अफ् बडी स्टडिज्,* लन्डन एन्ड न्यु योर्कः रुटलेज।

डन, डाना एस, २०१५, *द सोसियल साइकोलजी अफ् डिसएबिलटी,* न्यु योर्कः अक्सफोर्ड युनिभर्सिटी प्रेस।

फ्लिस्चर, डोरिस जेम्स र फ्रिडा जेम्स, २०११, *द डिसएबिलिटी राइट्स मुभमेन्ट फ्रम च्यारिटी टु कनफ्रन्टेसन,* फिलाडेल्फियाः टेम्पल युनिभरसिटी प्रेस।

ब्राउनली, किम्बर्ली र एडम क्युरेटन, २००९, *डिसएबिलिटी एन्ड डिसएड्भान्टेज,* न्यु योर्कः अक्सफोर्ड युनिभर्सिटी प्रेस।

मल्होत्रा, रवि र मोर्गन रोव, २०१४, *एक्सप्लोरिङ डिसएबिलिटी आइडिन्टिटी एन्ड डिसएबिलिटी राइट्स थ्रु न्यारेटिभ्स,* लन्डन एन्ड न्यु योर्कः रुटलेज।

गैलेन्ट, एन मिलेट र एलिजावेथ होव, २०१७, *डिसएबिलिटी एन्ड आर्ट हिस्ट्री,* लन्डन एन्ड न्यु योर्कः रुटलेज।

रिडेल, सिला र निक वाट्सन, सन् २००३, *डिसएबिलिटी, कल्चर एन्ड आइडिन्टिटी,* लन्डन एन्ड न्यु योर्कः रुटलेज।

लेन, बार्टन (सम्पा), २००६, *ओभरकमिङ डिसएबिलिटी बेरियर्स, एटिन यिअर्स अप् डिसएबिलिटी एन्ड सोसाइटी,* लन्डन एन्ड न्यु योर्कः रुटलेज।

वापेट, म्याथ्यु र क्याट्रिना अर्नड, २०१३, *फाउन्डेसन्स अफ् डिसएबिलिटी स्टडिज्,* युकेः पाल्ग्रेभ म्यामिलन।

शेक्सपियर, टोम र अन्य (सम्पा), १९९६, *द सेक्सुअल पोलिटिक्स अफ् डिसएबिलिटी,* लन्डन एन्ड न्यु योर्कः क्यासेल।

स्कडेल, रुथ, २०११, *एन् इन्ट्रडक्सन टु ग्रीक ट्राजेडी,* न्यु योर्कः क्याम्ब्रिज युनिभर्सिटी प्रेस।

हल, एलिस, २०१२, *डिसएबिलिटी एन्ड मोडर्न फिक्सन,* युकेः पाल्ग्रेभ म्यामिलन।

हार्ड, रोविन, २००४, *द रुटलेज ह्यान्डबुक अफ् ग्रिक मिथोलजी,* लन्डन एन्ड न्यु योर्कः रुटलेज।

**शोधप्रबन्ध**

आचार्य, तुलसी, सन् २०१२, *जेन्डर, डिसएबिलिटी एन्ड लिटरेचर इन् द ग्लोबल साउथः नेपाली व्राइटर झमक घिमिरे एन्ड विष्णुकुमारी वाइबा (पारिजात),* फ्लोरिडा (युएस): डोरोथी एफ स्कमिट महाविद्यालय।

शर्मा, मुक्ति, सन् २०१६-१७, *भिन्न क्षमता अध्ययनका दृष्टिले दार्जिलिङका कथाहरूको विश्लेषण,* सिलगडीः नेपाली विभाग, उत्तरबङ्ग विश्वविद्याल।

**पत्र-पत्रिका**

कार्कीढोली, वीरभद्र (सम्पा), सन् २००५, *प्रक्रिया,* वर्षः १९, अङ्कः २९, सिक्किमः प्रक्रिया प्रकाशन।

घिमिरे, भेषराज (सम्पा), वि सं २०७०, *गरिमा,* वर्षः ३१, अङ्कः १०, काठमाडौंः साझा प्रकाशन।

------------------, सन् २००६, *स्थापना,* सिक्किमः प्रक्रिया प्रकाशन।

छेत्री, कुमार (सम्पा), सन् २०१३, *साहित्य सङ्केत,* वर्षः ४७, अङ्कः ३३, कालेबुङः नेपाली अध्ययन समिति।

पोखरेल, रामचन्द्र (सम्पा), वि सं २०५८, *अवलोकन,* वर्षः २, अङ्कः २, पोखराः अवलोकन साहित्यिक प्रतिष्ठान।

प्रश्रित, मोदनाथ (सम्पा), वि सं २०६७, *भृकुटी,* पूर्णाङ्कः ७, काठमाडौंः भृकुटी एकेडेमिक पब्लिकेसन्स।

# शब्दावली

**अनुपयोगी उपभोक्ता** (Useless Eaters)- अनुपयोगी उपभोक्ता दोस्रो विश्वयुद्धको समय भिन्न क्षमतायुक्त मानिसहरूको समूहलाई बुझाउनका निम्ति नाजी सरकारद्वारा प्रयोगमा ल्याइएको पारिभाषिक शब्द हो। जर्मनमा त्यस समय भिन्न क्षमतायुक्त मानिसहरूले समाजबाट यथाशक्ति सहयोग पाउँछन् तर त्यस सहयोगको साटो समाजलाई केही दिन भने सक्दैनन् भन्ने नाजी विचारधारा विद्यमान रहेको थाहा पाइन्छ। यही सङ्कुचित विचारधाराको परिणामस्वरूप भिन्न क्षमतायुक्त मानिसहरूलाई बोझका रूपमा हेर्ने दृष्टिकोण व्यापक बनेको देखिन्छ।

**असङ्गत शरीर** (Anomalous Body)- सामान्य संरचनाका तुलनामा फरक संरचना भएका शरीरहरूलाई असङ्गत शरीर मानिन्छ। प्राचीन कालदेखि नै सुन्दर, स्वास्थ्य, काँटछाँट मिलेको शरीरलाई नियमका रूपमा हेर्ने प्रचलन मानवसमाजमा व्याप्त रहेकोले त्यस नियमभित्र नपर्ने विकृत शरीरहरू असङ्गत शरीरका रूपमा वर्गीकृत भएको देखिन्छ। यसलाई नियमविरूद्ध रहेको शरीर पनि भनिएको पाइन्छ।

**असाधारण शरीर** (Extraordinary Body)- यस पारिभाषिक शब्दको प्रयोग रोजमेरी गर्ल्यान्ड थम्पसनले आफ्नो पुस्तक *एक्स्ट्रा अर्डिनरी बडिजः फिगरिङ फिजिकल डिसएबिलिटी इन् अमेरिकन कल्चर एन्ड लिटरेचर*मा गरेकी छन्। उनको मान्यताअनुसार भिन्न क्षमतायुक्त शरीरहरू असाधारण किसिमका हुन्छन् किनभने हेर्दा दुर्बल देखिए तापनि आन्तरिक शक्ति, गुण र प्रतिभाका दृष्टिले यस्ता शरीरहरूको महत्त्वलाई नकार्न सकिँदैन। यद्यपि साहित्यिक एवम् सांस्कृतिक पाठहरूमा भिन्न क्षमतालाई कलङ्कित एवम् सीमान्तकृत विषयका रूपमा मात्र चर्चा गरिएको पाइन्छ भन्ने थम्पसनको भनाइलाई आधार मान्दै 'असाधारण शरीर'-लाई भिन्न क्षमताका सन्दर्भमा प्रचलित रूढ अर्थहरूको विसामान्यीकरण मान्न सकिन्छ।

**अन्यत्वको धारणा** (The Concept of Otherness)- अन्यत्वको धारणा तुलनात्मक हेराइ वा बुझाइको परिणाम हो। प्राकृतिक रूपमा एउटा मानिसले स्वयम्लाई अर्को मानिससित तुलना गर्दा प्राप्त भएका परिणामहरूले यस धारणालाई प्रोत्साहित गरेको देखिन्छ। भिन्न क्षमताका सन्दर्भमा यसले वृहत् रूपमा सीमान्तकृत रहेको समूहलाई बुझाउँदै आएको छ।

**आदर्श शरीर** (Ideal Body)- कुनै प्रकारको खोट वा विकृति नरहेको शरीरलाई आदर्श शरीर भनिएको छ। यसको अवधारणा अठारौं शताब्दीदेखि विकसित भएको पाइन्छ। शारीरिक संरचना र रूपका दृष्टिले उपयुक्त र सुन्दर देखिने भएकोले यस किसिमको शरीरलाई ईश्वरको बरदानस्वरूप प्राप्त भएको शरीर भन्ने अर्थमा परिभाषित गरिएको छ।

भिन्न क्षमतालाई परिभाषित गर्ने मापदण्डहरूमध्ये आदर्श शरीरको अवधारणालाई एउटा महत्त्वपूर्ण मापदण्ड मानिन्छ।

**इच्छामृत्यु** (Mercy death)- इच्छामृत्युबारे सर्वप्रथम पाउल के लाङ्गमोरले आफ्नो पुस्तक *वाइ आइ बर्न्ड् माइ बुक्स एन्ड अदर इसेज् अन् डिसएबिलिटी* (२००३) -मा चर्चा गरेका छन्। विशेषतः पहिलो विश्वयुद्धको समयदेखि अमेरिकाका केही सन्ततिशास्त्रीहरूले विभिन्न प्रकारका भिन्न क्षमतायुक्त मानिसहरूलाई वैज्ञानिक पद्धतिद्वारा मार्ने उपाय निकालेका थिए। त्यही वैज्ञानिक पद्धति नै इच्छामृत्यु हो। यसलाई 'मृत्युको अधिकार' पनि भनिएको पाइन्छ। यस पद्धतिलाई दोस्रो विश्वयुद्धको समय नाजी सरकारले पनि व्यवहारमा ल्याएको देखिन्छ।

**उपचार-चमत्कार** (Healing miracle)- यो एउटा धार्मिक विश्वासमा आधारित उपचारको पद्धति हो। यस पद्धतिको विकास बाइबलका नयाँ नियमहरूसितै भएको देखिन्छ। मध्य युगमा यिशु खीष्ट र उनका दूतहरूले विभिन्नप्रकारका भिन्न क्षमतायुक्त मानिसहरूलाई प्रार्थनाद्वारा निको पारेका घटनालाई इतिहासमा उपचार-चमात्कार भनिएको पाइन्छ।

**कार्यात्मक बाधा** (Functional Limitation)- कार्यात्मक बाधा चिकित्साविज्ञानका क्षेत्रमा प्रचलित पारिभाषिक शब्द हो। यसले भिन्न क्षमताका कारण मानिसद्वारा सञ्चालित हुने विभिन्न प्रकारका क्रियाकलापहरूमा बाधा उत्पन्न हुन्छ भन्ने धारणालाई प्रोत्साहित गरेको देखिन्छ।

**खोटपूर्ण शरीर** (Defected body)- पुँजीवादी युगमा भिन्न क्षमतायुक्त मानिसहरूलाई खोटपूर्ण शरीर भन्ने उपाधि दिइएको पाइन्छ। यसको मूल आशय भिन्न क्षमतायुक्त मानिसहरू श्रम र उत्पादन क्षमताका दृष्टिले उपयुक्त हुँदैनन् भन्ने कुरासित रहेको पाइन्छ।

**छद्मभेषी** (Masquerade)- यस शब्दको प्रयोग टोबिन सिवर्सले आफ्नो पुस्तक *डिसेबिलिटी थ्योरी*मा गरेका छन्। समाजको उपहास र तिरस्कारदेखि बाँच्नका निम्ति भिन्न क्षमतायुक्त मानिसहरूले स्वयम्लाई सामान्य मानिसका रूपमा प्रस्तुत गर्ने स्वाङ् रच्छन्। उक्त स्वाङ्लाई सिबर्सले छद्मभेषका रूपमा चर्चा गर्दै भिन्न क्षमतायुक्त मानिसहरूलाई छद्मभेषी भन्ने संज्ञा दिएको पाइन्छ।

**जैवनैतिकता** (Bio Ethics)- बीसौं शताब्दीमा भिन्न क्षमतालाई कतिपय जैविक मुद्दाहरूसित जोडेर हेर्ने परम्परा विकसित भएको पाइन्छ। जस्तै- आनुवंशिक विकार, प्रजनन प्रक्रिया, मृत्यु, परिवेश, लैङ्गिकता, यौनिकता, औषधि र जीवविज्ञान बिचको सम्बन्ध, मानवविविधता आदि। यिनै जैविक मुद्दाहरूले जैवनैतिकताको अवधारणालाई कतिपय

नैतिक प्रश्नहरूका रूपमा प्रोत्साहित गरेको देखिन्छ। तीमध्ये भिन्न क्षमता पनि एउटा नैतिक प्रश्नका रूपमा देखा परेको अवधारणा हो।

**जिम्प** (Gimp)- जिम्प चिकित्साविज्ञानका क्षेत्रमा विकसित भएको शब्द हो। भिन्न क्षमतालाई शारीरिक खराबी वा खोटका रूपमा कलङ्कित गर्ने उद्देश्यले यस शब्दको प्रयोग हुन थालेको पाइन्छ। यसले मुख्यतः लङ्गडोपनलगायत अन्य प्रकारका शारीरिक विकृतिहरूलाई बुझाउँछ।

**जीवन अनुक्रमण पद्धति** (Life Course Approach)- मानिसको जीवनलाई संरचनात्मक, सामाजिक तथा सांस्कृतिक प्रसङ्गहरूमा अध्ययन गर्ने उद्देश्यले सन् १९६० -देखि सैद्धान्तिक रूपमा विकसित भएको अवधारणालाई जीवन अनुक्रमण पद्धति भनिन्छ। यसलाई जीवन अनुक्रमण दृष्टिकोण वा जीवन अनुक्रमण सिद्धान्त पनि भनिएको पाइन्छ। वस्तुतः मानिसको जन्मदेखि मृत्युसम्म घटित भइरहने विभिन्न घटनाहरूलगायत सामाजिक परिवर्तनका अवस्थाहरूले भिन्न क्षमतालाई प्रभावित पार्छ भन्ने मान्यता नै जीवन अनुक्रमण पद्धति हो। यसले सार्वभौमिक सत्यका रूपमा भिन्न क्षमतालाई परिभाषित गरेको देखिन्छ।

**जीववैज्ञानिक दोष** (Biological Flaw)- चिकित्सावैज्ञानिक मान्यताअनुसार भिन्न क्षमता शारीरिक प्रणालीमा देखा परेको विफलता वा अवगुण हो। यही विफलता वा अवगुणलाई बुझाउनका निम्ति चिकित्सावैज्ञानिकहरूले 'जीववैज्ञानिक दोष' भन्ने पारिभाषिक शब्द प्रयोग गरेको पाइन्छ।

**दैविक श्राप** (Devine Curse)- धर्म एवम् नीतिकेन्द्री विचारधाराअनुसार भिन्न क्षमता कुनै रोग नभएर श्रापित अवस्था हो। कतिपय दुष्कर्मका कारण देवी-देवताहरूबाट श्रापित भएर मानिसले भिन्न क्षमतायुक्त शरीर प्राप्त गर्छन् भन्ने विश्वास प्राचीन कालदेखि नै मानवसमाजमा व्याप्त भएको पाइन्छ। यसलाई 'दैविक दण्ड', 'दैविक न्याय' भन्ने अर्थहरूमा पनि ग्रहण गरिएको छ।

**निषेधित सङ्कथन** (Restricted Discourse)- भिन्न क्षमतालाई निषेधित सङ्कथनका परिभाषित गर्ने काम प्राचीन युगेदेखि नै भएको पाइन्छ। धार्मिक एवम् नैतिक प्रतिमानअनुरूप भिन्न क्षमतायुक्त शरीर भनेको दूषित शरीर हो। यसर्थ उनीहरू विभिन्न धार्मिक अनुष्ठानहरूमा भिन्न क्षमतायुक्त मानिसहरूलाई प्रदूषणका रूपमा हेर्ने धार्मिक एवम् नैतिक मान्यताअनुसार विभिन्न प्रकारका सामाजिक क्रियाकलापहरूमा सहभागी बन्न असमर्थ रहेका कारण उनीहरूलाई सामाजिक मूलधारामा प्रवेश गर्न निषेध गरिएको देखिन्छ।

**परोपकारी संस्था** (Charitable Organization)- परोपकारी संस्था भन्नाले भिन्न क्षमतायुक्त मानिसहरूलाई विभिन्न प्रकारका सुविधाहरू उपलब्ध गराउने ध्येयले निर्माण भएको संस्था बुझिन्छ। यस्ता संस्थाहरूले प्राचीन कालदेखि नै भिन्न क्षमतायुक्त मानिसहरूका निम्ति विद्यालय, आवास, अस्पताल, पुनर्वास आदिको व्यावस्था गरेको देखिन्छ।

**परिचय-राजनीति** (Identity Politics)- मानिसको परिचयका सम्बन्धमा गरिने राजनीति नै परिचय-राजनीति हो। भिन्न क्षमताको अध्ययनमा परिचय-राजनीतिको विषयले नारीवादी लेखनसँगै प्रवेश पाएको देखिन्छ। समाजमा मूलतः एउटा मानिसलाई शाषक र अर्को मानिसलाई शाषित बनाउने मूल मापदण्डका रूपमा परिचय-राजनीति विद्यमान रहेको पाइन्छ। यसैको समकक्षमा शरीर-राजनीति, शक्ति-राजनीति जस्ता पारिभाषिक शब्दहरू पनि प्रचलनमा रहेका पाइन्छन्। शरीर-राजनीतिको सम्बन्ध शारीरिक संरचनाका आधारमा कार्यन्वित हुने विभेदकारी नीतिसित रहेको पाइन्छ भने शक्ति-राजनीतिले सबलता र दुर्बलतालाई निर्धारण गर्ने शक्तिको अभ्यास वा सङ्घर्षलाई बुझाउँछ।

**पुराकाव्यिक शरीर** (Mythopoeic Body)- पुराकाव्यिक शरीरले चित्रकलाको आधुनिक शैलीलाई बुझाउँछ। यस किसिमको शैलीको विकास सत्रौं-अठारौं शताब्दीमा भएको कुरा लेनार्ड जे डेविसले *द डिसएबिलिटी स्टडिज् रिडर* शीर्षक पुस्तकमा प्रकाशित 'कन्स्ट्रक्टिङ नर्मेल्सी' शीर्षक लेखमा गरेका छन्। विशेषतः पौराणिक कथाहरूमा वर्णित पात्र-पात्राहरूको काल्पनिक चित्र बनाउने क्रममा पुराकाव्यिक शरीरको अवधारणा विकसित भएको पाइन्छ।

**बन्ध्याकरण** (Sterilization)- बन्ध्याकरण एउटा वैज्ञानिक पद्धति हो जसले भिन्न क्षमतायुक्त मानिसहरूको प्रजननलाई प्रभावित पार्छ। पहिलो विश्व युद्धको समय अमेरिकाका केही सन्ततिशास्त्रीहरूले भिन्न क्षमतायुक्त मानिसहरूको विकास दरलाई नियन्त्रणमा ल्याउनका निम्ति बन्ध्याकरणको पद्धति अपनाएको ऐतिहासिक तथ्य पाइन्छ। तिनताक मानव अधिकारको मुद्दाविपरीत विभिन्न प्रकारका विषाक्त औषधि, सुई, शैल्यक्रिया आदिको प्रयोगद्वारा भिन्न क्षमतायुक्त मानिसहरूलाई मार्ने तथा गर्भपतनको प्रक्रियाद्वारा भ्रुण हत्या गर्ने कार्यलाई 'इच्छामृत्यु' भन्ने संज्ञा दिइएको थाहा लाग्छ। वस्तुतः 'इच्छामृत्यु' हत्याजस्तो जघन्य अपराध होइन तर भिन्न क्षमतायुक्त मानिसहरूलाई उनीहरूको पीडाबाट मुक्ति दिनु हो भन्ने धारणाको फलस्वरूप बन्ध्याकरणको पद्धति सांस्कृतिक अभ्यासका रूपमा क्रियाशील रहेको पाइन्छ।यस पद्धतिको प्रयोग दोस्रो विश्वयुद्धको समय नाजी सरकारद्वारा अझ व्यापक रूपमा भएको देखिन्छ।

**बहिष्कृत शरीर** (Rejected Body)-उक्त पारिभाषिक शब्दको प्रयोग सुसान विन्डेलले *द रिजेक्टेड बडी, फेमिनिस्ट फिलोसफिकल रिफ्लेक्सन्स् अन् डिसएबिलिटी* शीर्षक पुस्तकमा गरेकी छन्। समाजमा युगौंदेखि नै नारीहरूको शरीरलाई दोस्रो दर्जाको ठानेर बहिष्कार

गर्ने प्रथा विद्यमान रहेको पाइन्छ। यसैको समानान्तर भिन्न क्षमतायुक्त शरीरलाई पनि समाजबाट बहिष्कार गरिन्छ भन्ने विचार प्रकट गर्दै विन्डेलले बहिष्कृत शरीरको अवधारणा प्रस्तुत गरेकी छन्।

**भेजिटेबल** (Vegetable)- मानसिक रूपले भिन्न रहेका मानिसहरूका निम्ति भेजिटेबल शब्दको प्रयोग हुने गरेको पाइन्छ। अभिघातका कारण विक्षिप्त बनेका, असचेत साथै अन्य प्रकारका मानसिक विकारले ग्रस्त मानिसहरूको जीवनशैलीलाई प्रतिनिधित्व गर्छ।

**महाकारावास** (Great Confinement)- महाकारावास शब्दको प्रयोग मिसेल फुकोले *म्याडनेस एन्ड सिभिलाइजेसन* शीर्षक पुस्तकमा गरेको देखिन्छ। विशेष गरेर असामान्य अवस्थाका मानिसहरूलाई राख्नका निम्ति निर्माण गरिएका ठुल्ठुला अस्पताल र झ्यालखानाहरूलाई फुकोले महाकारावास भनेका छन्। यस्तो महाकारावासमा भिन्न क्षमतायुक्त मानिसहरूलाई उपचारभन्दा धेरै यातना दिइन्थ्यो भन्ने फुकोको भनाइ रहेको पाइन्छ।

**विश्वासको परीक्षा** (Test of Faith)- विश्वासको परीक्षा धार्मिक मान्यतामा आधारित विषय हो। यसअन्तर्गतभिन्न क्षमतायुक्त मानिसहरूले ईश्वरमाथि गहिरो विश्वास राखे आफ्नो पीडाबाट मुक्ति पाउन सक्छन् भन्ने धारणालाई प्रश्रय दिइन्थ्यो।

**विचित्र रूप प्रदर्शनी** (FreakShow)- व्यापारिक फाइदाका निम्ति विचित्र रूप भएका भिन्न क्षमतायुक्त मानिसहरूलाई मनोरञ्जनका साधनका रूपमा प्रयोग गर्दै कलाका विभिन्न माध्यमहरूद्वारा प्रदर्शन गर्ने परम्परालाई विचित्र रूप प्रदर्शनी भनिन्छ।

**विनम्र शरीर** (Docile Body)- मिसेल फुकोले *डिस्सिप्लीन एन्ड पनिस, द बर्थ अफ प्रिजन*मा अयोग्य शरीर भन्ने अर्थलाई बुझाउनका लागि विनम्र शरीर भन्ने पारिभाषिक शब्द प्रयोग गरेका छन्। फुकोअनुसार जुन शरीरलाई कडा अनुशासनद्वारा सुधार्न र काममा लगाउन सकिन्छ, त्यही नै विनम्र शरीर हो। जसरी सैनिकहरूलाई कडा अनुशासनद्वारा यान्त्रिक शक्तिमा परिणत गर्न सकिन्छ त्यसरी नै विनम्र शरीरलाई पनि सुधार्न सकिन्छ भन्ने फुकोको भनाइ रहेको पाइन्छ।

**विरूप कला** (Grotesque)- विरूप कलाको सम्बन्ध चित्रकला र साहित्यसित रहेको पाइन्छ। यस अवधारणाको विकास अठारौं शताब्दीपछि भएको पाइए तापनि यसको सम्बन्ध भने प्राचीन रोमको चित्रकलासित रहेको देखिन्छ। प्राचीन रोममा विभिन्न प्रकारका विरूप मानिसहरूको जीवनशैलीलाई सङ्केत गर्नका निम्ति ठुल्ठुला गुफा, ढुङ्गा, मन्दिरका भित्ताहरू आदिमा विरूप चित्रहरू बनाउने प्रथा विद्यमान रहेकोले त्यसैको अनुकरण इटाली, फ्रान्स, जर्मनी, ब्रिटेन आदि देशहरूको चित्रकला र साहित्यमा

भएको पाइन्छ। यसैले विरूप कलालाई पुनः सिर्जना भन्ने अर्थमा पनि ग्रहण गरिएको देखिन्छ।

**वैयक्तिक त्रासदी** (Individual Tragedy)- माइकल ओलिभरले आफ्नो पुस्तक *सोसियल वर्क विथ् डिसेबल्ड पिपल* (१९८३) -मा सामाजिक प्रतिमानको अवधारणासँगै वैयक्तिक प्रतिमानबारे पनि चर्चा गरेका छन्। ओलिभरअनुसार वैयक्तिक प्रतिमानका आधारमा भिन्न क्षमतालाई वैयक्तिक त्रासदी भनिएको छ जसले मुख्यतः व्यक्तिमा निहित समस्या वा दुःखद अवस्था भन्ने अर्थलाई बुझाउँछ। भिन्न क्षमताको अवस्थाले व्यक्तिलाई विभिन्न प्रकारका सामाजिक गतिविधिहरूमा सहभागी बन्नदेखि वञ्चित गराउने हुँदा आधुनिक समाजको उदयसँगै यसलाई वैयक्तिक त्रासदीका रूपमा हेर्ने दृष्टिकोण व्यापक बनेको कुरा ओलिभरले गरेका छन्।

**सन्ततिशास्त्र** (Eugenics)- सन्ततिशास्त्रलाई अङ्ग्रेजी शब्द 'युजेनिक्स'-को नेपाली रूपान्तरणका रूपमा प्रयोग गरिएको छ। यो विज्ञानको एउटा महत्त्वपूर्ण शाखा हो। यसले मुख्यतः सामाजिक विश्वास र अभ्यासहरूको व्यवस्थापनलाई बुझाउँछ। आनुवंशिक रूपमा प्रजनन क्षमतालाई विकसित गराएर स्वास्थ्य र सबल मानिसहरूको विकास दरलाई प्रोत्साहित गर्ने तथा गुणात्मक रूपमा पुस्ता दरपुस्ताको भविष्य सुनिश्चित गर्ने उद्देश्यले आधुनिक विज्ञानका क्षेत्रमा 'युजेनिक्स'-को अवधारणा निर्माण भएको देखिन्छ। अङ्ग्रेजीमा 'राम्रो जन्म' भन्ने अर्थमा 'युजेनिक्स' शब्दको प्रयोग सर्वप्रथम फ्रान्सिस ग्याल्टोनले सन् १८८०-मा गरेको देखिन्छ।

**सन्दिग्धता** (Queerness)- लैङ्गिक दृष्टिले भिन्न रहेका समूहलाई बुझाउनका निम्ति अङ्ग्रेजीमा प्रचलित रहेको 'क्वेरनेस' शब्दको नेपाली रूपान्तरणस्वरूप 'सन्दिग्धता' शब्दको प्रयोग सञ्जीव उप्रेतीले आफ्नो पुस्तक *सिद्धान्तका कुरा*मा गरेका छन्। यसले विभिन्न प्रकारका लैङ्गिक चरित्रहरूलाई बुझाउँछ जो समाजमा सन्दिग्ध अवस्थामा रहेका पाइन्छन्। जस्तै- नारी समलिङ्गी, पुरुष समलिङ्गी, उभयलिङ्गी, ट्रान्सजेन्डर आदि।

**सामाजिक प्रतिमान** (Social Model)- भिन्न क्षमताका सन्दर्भमा सामाजिक प्रतिमानको अवधारणा प्रस्तुत गर्ने विद्वान् माइकल ओलिभर हुन्। उक्त प्रतिमान चिकित्सावैज्ञानिक मान्यताको प्रतिरोधी रहेको देखिन्छ। यसले भिन्न क्षमता चिकित्साविज्ञानद्वारा परिभाषित व्यक्तिगत समस्याको विषय नभएर वृहत् रूपमा सामाजिक उत्पीडनको विषय हो भन्ने कुरालाई प्रश्रय दिएको देखिन्छ।

**सुरक्षा वास** (Safe Shelter)- सत्रौं शताब्दीमा असामान्य अवस्थाका मानिसहरू र कुष्ठरोगीहरूलाई समाजदेखि टाढा राख्नका निम्ति फ्रान्सका विभिन्न स्थानहरूमा निर्माण गरिएका घरहरूलाई सुरक्षा वास भनिएको छ। यसबारे मिसेल फुकोले आफ्नो पुस्तक *म्याड्नेस एन्ड सिभिलाइजेसन*मा चर्चा गरेका छन्।

शोधमूलक अर्द्धवार्षिक जर्नल

# अनुसन्धान

वर्ष : २ अङ्क : ३

SIKKIM UNIVERSITY
ESTD 2007
सिक्किम विश्वविद्यालय
स्थापित - २००७

नेपाली विभाग

सिक्किम विश्वविद्यालय

शोधमूलक अर्द्धवार्षिक नेपाली जर्नल

# अनुसन्धान

वर्ष २ अङ्क ३

दिसम्बर २०१८

**प्रधान सम्पादक**

देवचन्द्र सुब्बा

नेपाली विभाग
सिक्किम विश्वविद्यालय
सातमाइल, सामदुर,
तादोङ, गान्तोक, सिक्किम–७३७१०२

विषय सूची


| | | | |
|---|---|---|---|
| १. | डा पुष्प शर्मा | लोकवार्ताविज्ञानभित्र गाउँखाने कथाको अध्ययन | १–१६ |
| २. | डा गीता थपलिया त्रिपाठी | उत्तरवर्ती नेपाली कवितामा उत्तरऔपनिवेशिक पर्यावरण | १७–३० |
| ३. | सविता तामाङ | नारीवादी अवधारणाका आधारमा मध्यान्तर उपन्यासको विश्लेषण | ३१–४२ |
| ४. | योगेश खाती | व्यवस्था, साहित्य र अभिव्यक्ति पूर्ण गुरुङ 'निरूपम' कृत 'बन्धकी राखिएको सिन्दूर' नाटक एक परिचर्चा | ४३–५२ |
| ५. | डा सुमन वान्तवा | नेपाली कवितामा लेप्चा मिथकको प्रयोग | ५३–६१ |
| ६. | दिपेन तामाङ | देवकुमारी थापाको अवश्यंभावी कथा : सन्दर्भ सपना सिद्धान्त | ६२–६८ |
| ७. | शारदा छेत्री | द्रोह उपन्यासमा नारी–पुरुष चरित्र : संक्षिप्त अध्ययन | ६९–७४ |
| [redacted] | सुरज गुरुङ | नेपाली कथामा भौतिक भिन्ना क्षमता | ७५–८७ |
| ९. | कृष्णकुमार सापकोटा | सांस्कृतिक अध्ययनअन्तर्गत मल कल्चर : सन्दर्भ 'विश्व तिम्रा चरणमा' | ८८–९६ |
| १०. | सरस्वती मिश्रा | 'विपना कतिपय' का केही कथाहरूको समाजभाषिक अध्ययन | ९७–१०४ |
| ११. | | लेखक परिचय | १०५ |
| १२. | | *अनुसन्धान* जर्नलको निम्ति नियमावली | १०६ |

सुरज गुरुङ

# नेपाली कथामा भौतिक भिन्न क्षमता

सार *भिन्न क्षमता अङ्ग्रेजी शब्द 'डिसाविलिटी' -को नेपाली रूपान्तरण हो। 'क्षमता' शब्दले सामान्य रूपमा कुनै पनि क्रियाकलाप गर्न सक्ने योग्यता वा सामर्थ्यलाई बुझाउँदछ। यस दृष्टिले भिन्न क्षमताको तात्पर्य योग्य वा समर्थ हुनुको मापदण्डदेखि पृथक रहेको शारीरिक तथा मानसिक अवस्थाविशेष हो भन्ने बुझिन्छ। अठाहौँ शताब्दीको उत्तरार्धदेखि नै चिकित्सा शास्त्र, समाज शास्त्र, मानव शास्त्र, राजनीति शास्त्र, दर्शन शास्त्र, साहित्य शास्त्र आदि सबै क्षेत्रमा भिन्न क्षमताको अध्ययनले व्यापकता पाउन थालेको हो। सन् १९७०-को दशकदेखि भने यसलाई सामाजिक तथा सांस्कृतिक संरचनाको विषय मानेर तत्सम्बन्धी गहन रूपले अध्ययन-अनुसन्धान गर्ने परम्पराको थालनी भएको पाइन्छ। यसपछि यो प्राज्ञिक ज्ञानानुशासनको एउटा महत्त्वपूर्ण पाटो बनेर देखापऱ्यो। आज आएर भिन्न क्षमता र भिन्न क्षमता भएका मानिसहरूको अध्ययन उत्तरआधुनिक सङ्कथनको रूपमा विकसित भएको छ। वस्तुतः यो एउटा अन्तर्अनुशासनात्मक विश्वव्यापी चिन्तन हो जसको स्पर्शले विभिन्न कलामाध्यमहरू लगायत साहित्यका विभिन्न विधाहरूलाई समेत प्रभावित पारेको छ। यसबाट नेपाली साहित्य पनि अक्षुण्ण रहेको छैन। सिद्धान्तसचेत नभए तापनि भिन्न क्षमता भएका मानिसहरूको विषयलाई नेपाली साहित्यकारहरूले सर्वोपरी स्थान र महत्त्व दिँदै आएका छन्। नेपाली साहित्यका विभिन्न विधाहरू कथा, कविता, उपन्यास, निबन्ध, नाटक आदिमा भिन्न क्षमताबारे सुव्यवस्थित तथा सुसङ्गठित वर्णन भएको पाइन्छ। भौतिक तथा मानसिक दुवै प्रकारका भिन्न क्षमताको प्रयोग र प्रस्तुतिकरण नेपाली साहित्यका विभिन्न विधाहरूमा सफलतापूर्वक हुँदै आएको छ। यीमध्ये नेपाली कथामा प्रयुक्त भौतिक भिन्न क्षमताको प्रयोगपरम्परा केलाउँदै तिनको वस्तुनिष्ठ अध्ययन गर्नु प्रस्तुत लेखको मूलभूत उद्देश्य रहेको छ।*

बीजशब्द *भिन्न क्षमता, सामान्यता र असामान्यता, भौतिक भिन्न क्षमता, सीमान्तीयता, कुसङ्केतनता, सामाजिक तथा सांस्कृतिक संरचना।*

## विषय प्रवेश

सन् १९७०-को दशक यता सांस्कृतिक अध्ययनको क्षेत्रमा भिन्न क्षमता वा अपाङ्गताको विषय अनुसन्धानको एउटा

महत्त्वपूर्ण पाटो बनेर देखापरेको छ। यसले मानव शरीरप्रतिको सामाजिक तथा सांस्कृतिक धारणालाई विसामान्यीकरण गर्ने कुरामा जोड दिँदै आएको छ। सामान्यतः समाजमा मानिसको शारीरिक क्षमतालाई नियमको रूपमा हेर्ने गरिन्छ र त्यस नियमबाट उच्छेदित हुनेहरू अपाङ्गको वर्गमा पर्दछन्। यस किसिमको सामाजिक तथा सांस्कृतिक मूल्य मान्यताभित्र नै 'सामान्य' भन्ने धारणाको पनि विकास भएको छ। उक्त 'सामान्य' प्रतिको धारणा अनुसार मानिसलाई सुन्न सक्ने, देख्न सक्ने, बोल्न सक्ने, परिश्रम गर्न सक्ने, तर्क गर्न सक्ने आदि मापदण्डहरूका आधारमा बर्गीकरण गरेर एउटा अलग सत्ताको रूपमा चिन्ने र चिनाउने प्रचलन युगौँदेखि नै समाजमा स्थापित रहेको छ। लेनार्ड जे डेविसले आफ्नो लेख 'कन्सट्रक्टिङ नर्मेल्सी' मा भनेका छन्– 'समाजका निम्ति भिन्न क्षमता भएका मानिसहरू समस्या होइनन्, समस्या त्यो हो जसबाट 'सामान्य' भन्ने धारणाको विकास भएको छ।[१] डेविसको भनाइ अनुसार समाज नै भिन्न क्षमता भएका मानिसहरूलाई 'असामान्य' घोषित गर्ने मूल तन्त्र हो। उक्त 'असामान्य' भन्ने वर्गभित्र अपाङ्ग, अयोग्य, असमर्थ, अक्षम, दुर्बल, अशक्त, विकृत, अस्वीकृत, सनकी आदि सबै पर्दछन्। यदि कुनै मानिस भौतिक रूपले अशक्त वा विकृत छ र मानसिक रूपले असन्तुलित छ भने उसलाई 'असामान्य' –को कित्तामा राखिनुका साथै ऊबाट सही ढङ्गमा समाजको प्रतिनिधित्व हुन सक्दैन भन्ने धारणा तात्त्विक नभएर समाज निर्मित हो। यही समाज निर्मित धारणाको विरुद्धमा भिन्न क्षमताको सैद्धान्तिक स्वरूप निर्माण भएको छ। यसले चिकित्सा शास्त्रीय मान्यता वा प्रतिमानको खण्डन गर्दै नयाँ सामाजिक तथा सांस्कृतिक प्रतिमानहरूको उपस्थान गरेको छ।

चिकित्सा शास्त्रमा मानिसको शारीरिक, मानसिक, भावनात्मक, संवेदनात्मक साथै संज्ञानात्मक अक्षमतालाई बुझाउनका निम्ति भिन्न क्षमता जस्तो पदावलीको प्रयोग गरिएको छ। यसैको परिणामस्वरूप समाजमा मानिसको शरीरलाई भिन्न र अभिन्न भन्ने अर्थमा ग्रहण गर्दै तत्सम्बन्धी विभेदपूर्ण सांस्कृतिक व्याख्याहरू प्रस्तुत गरिएका पाइन्छन्। अमेरिकी विदुषी सिमी लिन्टन अनुसार भिन्न क्षमता भन्नाले साधारण शब्द प्रयोगको शैलीमा भौतिक शरीरलाई सूचित गर्ने यस्तो पारिभाषिक शब्दावली बुझिन्छ जसको आशय निश्चित रूपमा चिकित्सासित सम्बन्धित शारीरिक तथा मानसिक अवस्थासित रहेको छ।[२] यस प्रकार लिन्टनले समाजमा भिन्न क्षमता भएका मानिसहरूलाई हेर्ने हेय दृष्टिकोणको विकास चिकित्सा शास्त्रीय मान्यता अनुरूप भएको कुरातिर सङ्केत गरेकी छन् किनभने चिकित्सा शास्त्रको प्रभावस्वरूप नै समाजमा भिन्न क्षमता भएका मानिसहरूलाई हेर्ने दृष्टिकोण रूढिग्रस्त बनेको छ। यस किसिमको संस्कारगत सामाजिक संरचनामा भिन्न क्षमता भएका मानिसहरू युगौँदेखि सीमान्तकृत समूहका रूपमा उपेक्षित र शोषित बन्दै आएका छन्। तिनीहरूलाई सामाजिक मूलधाराबाट छुट्याएर सधैँ दबाउमा राख्ने साथै विभिन्न किसिमका क्रियाकलापहरू गर्नदेखि बञ्चित तुल्याउने प्रथा अनुरूप समाजमा भिन्नताको लक्षण रेखाङ्कित गरिएको छ। यसकारण पनि भिन्न क्षमता भएका मानिसहरू एकातिर सामाजिक सहभागिताको सन्दर्भमा पछौटिएका छन् भने अर्कोतिर कुसङ्केतकका चिह्नका रूपमा परिचित बन्दै आएका छन्।

## भिन्न क्षमताको इतिहास र परम्परा

भिन्न क्षमताबारे गम्भीर रूपले अध्ययन–अनुसन्धान गरेर यसको सैद्धान्तिक स्वरूप निर्माण गर्ने कार्यमा पश्चिमी

१ लेनार्ड जे. डेविस, (सम्पा), सन् २००६, *द डिसाविलिटि स्टडिज् रिडर*, दो.सं., न्यु योर्कः रूथलेज, पृ.१

२ सिमी लिन्टन, १९९८, *क्लेमिङ डिसाविलिटी नोलेज एन्ड आइडिन्टिटी*, न्यू योर्क युनिभर्सिटी प्रेस, पृ.१६२

विद्वान्‌हरूको योगदान महत्त्वपूर्ण रहेको छ। यसलाई ऐतिहासिक तथा चिकित्सा शास्त्रीय बन्धनबाट मुक्त गराउँदै तत्सम्बन्धी समाज सापेक्षित धारणा प्रतिपादन गर्नेहरूमा माइक अलिभर, लेनार्ड जे डेभिस, एलि क्लेयर, माइकल बेरुभ, रोबर्ट म्याकरुयर, सिमी लिन्टन, टोम शेक्सपियर, रोजमेरी गर्ल्यान्ड थम्पसन, टोबिन सिबर, इरभिन गौफ, सुसान विन्डेल, एलिस हल आदि प्रमुख रहेका छन्। यी विद्वान्‌हरूको अध्ययन भिन्न क्षमताको सामाजिक संरचनामाथि केन्द्रित रहेको छ। यसैको फलस्वरूप भिन्न क्षमता तात्त्विक नभएर समाज निर्मित धारणा हो भन्ने विचारको प्रतिपादन भएको छ। वस्तुतः भिन्न क्षमतालाई समाज निर्मित धारणा मानेर यसको सामाजिक प्रतिमान उपस्थान गर्नका पछि थुप्रै कुराहरू कारकतत्त्व बनेर देखापरेका छन्। तीमध्ये भिन्न क्षमताको स्थितिलाई लिएर विकसित धार्मिक तथा लोक विश्वाससम्मत् धारणाहरू, पुँजीवादी युगको आरम्भ, विभिन्न सङ्घ–संस्था, झ्यालखाना र पागलखानाहरूको स्थापना, चिकित्सा शास्त्रीय मान्यताको वर्चस्व, भिन्न क्षमता भएका मानिसहरूको हक र अधिकारका निम्ति विभिन्न मुलुकहरूमा उठान भएको क्रान्ति आदि प्रमुख रहेका छन्।

मध्ययुगीन समाजमा भिन्न क्षमतालाई दैविक श्राप मान्ने गरिन्थ्यो र आङ्गिक विकलताको कारण भिन्न रहेको मानिसको शरीरमा सैतानको वास हुन्छ भन्ने धारणालाई प्रक्षेपित गरिन्थ्यो। यसउप्रान्त भिन्न क्षमताद्वारा आघातित हुनका पछि पूर्वजन्मवाद, सहगोत्री सम्बन्ध, हाडनातामा हुने विवाह आदिलाई पनि मुख्य कारणहरू मानिन्थे। यस सन्दर्भमा ऐतिहासिक रूपले भिन्न क्षमता भएका मानिसहरूको समस्यालाई दैविक श्राप वा दण्ड, कर्मको फल र नैतिक असफलताको परिणति मान्ने गरिन्थ्यो[३] भन्ने टोम सेक्सपियरको भनाइ उल्लेखनीय रहेको छ। पुँजीवादी युगको आरम्भसँगै मानिसको शरीरलाई काम गर्ने क्षमतासँग दाँजेर हेर्न थालियो। सञ्जीव उप्रेती अनुसार पुँजीवादको विकासक्रममा काम गर्ने सक्ने क्षमता नै मान्छेको परिचयको मुख्य मापदण्ड बन्यो र यस मापदण्डभित्र नअँटाउनेहरू अपाङ्ग वा भिन्न क्षमताको वर्गमा दर्रिन पुगे।[४] यसरी नै समयमा विभिन्न सङ्घ–संस्था, झ्यालखाना र पागलखानाहरूको स्थापना हुनाले पनि आङ्गिक वा मानसिक रूपले भिन्न क्षमता भएका मानिसहरूलाई वैयक्तिक क्रियाकलापका आधारमा सामाजिक सहभागितादेखि निषेध गर्ने परम्पराकै अवलम्बन गरेको देखिन्छ। त्यसपछि समयको निरन्तर प्रवाहसँगै चिकित्साजगतमा आएको वैज्ञानिक उपलब्धीहरूले गर्दा भिन्न क्षमताबारे स्थापित सबै प्रकारका धारणाहरू विघटित बन्दै गए र चिकित्सा शास्त्रीय प्रतिमानको जग बलियो बनेर देखापऱ्यो। यसले भिन्न क्षमतालाई बिमारीको रूपमा परिभाषित गर्नका साथै मानिसको वैयक्तिक क्षमतालाई सीमावद्ध गरेर विभिन्न प्रकारका सामाजिक क्रियाकलापहरू गर्नदेखि प्रतिबन्धित पनि गरायो।

दोस्रो विश्व युद्धपछि अमेरिकामा अल्पसंख्यक जनसमुदाय, आम नागरिक साथै नारीहरूको स्वतन्त्रता र समानताका निम्ति आन्दोलन सुरु भएपछि नै भिन्न क्षमता भएका मानिसहरूको पक्षमा पनि ठोस कार्य हुन थालेको हो। यसैको परिणामस्वरूप सन् १९६० मा आम नागरिक र नारीहरूको अधिकारका निम्ति भएको आन्दोलनसँगसँगै भिन्न क्षमता भएका मानिसहरूका निम्ति पनि समान अवसर, समान अधिकार, समान सुरक्षा, समान न्याय, समान स्वतन्त्रता भन्ने मुद्दाहरूका साथ अमेरिकाका विभिन्न ठाउँहरूमा सामाजिक आन्दोलनको थालनी भएको देखिन्छ। यो

३ टोम सेक्सपियर, सन् २००६, *सोसियल मोडल अफ् डिसाविलिटी*, द डिसाविलिटी स्टडिज् रिडर, पूर्ववत्, पृ.१९७

४ सञ्जीव उप्रेती, वि.सं. २०६९, *सिद्धान्तका कुरा*, (चौ.सं.), काठमाडौः अक्षर क्रियसन्स नेपाल, पृ.२५९

आन्दोलन अमेरिकामा मात्र सीमित रहेन। यसमा विश्वका अन्य शक्तिशाली राष्ट्रहरू पनि सहभागी बन्दै गए। ब्रिटेन, अष्ट्रेलिया, क्यानाडा, निदरल्यान्ड, जापान, आयरल्यान्ड, भारत आदि राष्ट्रहरूमा पनि सन् १९७० को दशकदेखि आन्दोलनले तीव्र गति प्राप्त गरेपछि कालान्तरमा यो एउटा विश्वव्यापी सामाजिक आन्दोलनको रूपमा परिणत भयो। सन् १९६० को दशकदेखि नै भिन्न क्षमताको विषयले सामाजिक आन्दोलनको रूपमा प्राथमिकता पाउन थालेको देखिए तापनि ठोस रूपमा यसको सामाजिक तथा सांस्कृतिक सन्दर्भ केलाउने काम भने सन् १९७० को दशकदेखि मात्र भएको पाइन्छ। सामाजिक प्रतिमानका अधिष्ठाता मानिने माइक अलिभरले भिन्न क्षमता भनेको कुनै मानिसलाई सामाजिक सहभागितादेखि टाडा राख्ने र उसलाई आफ्नो सामाजिक अधिकार उपभोग गर्नदेखि अवरुद्ध गराउने शारीरिक विकृति होइन भन्ने मत प्रकट गरेपछि नै सामाजिक सन्दर्भमा यसले अर्थगत ऊँचाइ प्राप्त गरेको हो। अलिभर नै भिन्न क्षमताबारे गम्भीर अध्ययन गर्ने पहिलो व्यक्ति हुन्। उनी त्यस समय *फन्डामेन्टल प्रिन्सिपल अफ् डिसाविलिटी* शीर्षकमा २२ नोभेम्बर १९७५ को दिन द *युनियन अफ् द फिजिकल्ली इम्पेयर्ड अगेन्स्ट सेग्रेगेसन* साथै *द डिसाविलिटी अलाइन्स्* नामक दुई संस्थामाझ भएको बहसद्वारा प्रभावित थिए। यसै बहसको प्रतिक्रियास्वरूप अलिभरले भिन्न क्षमताको सामाजिक प्रतिमान (The Social model of disability) शीर्षक लेख लेखेर यस दिशामा महत्त्वपूर्ण कार्य सम्पन्न गरेका हुन्। उनको मतमा भिन्न क्षमता भनेको शारीरिक अपाङ्गता होइन, यो सबलहरूको समाजद्वारा बलपूर्वक थोपिएको एउटा यस्तो नियम हो जसले शारीरिक तथा मानसिक रूपले विकृत रहेको मानिसलाई समाजमा पूर्णतया सहभागी बन्नदेखि निषेध गर्दछ।[५] यसरी अलिभरले भिन्न क्षमतालाई समाजद्वारा संरचित धारणाको रूपमा प्रस्तुत गरेपछि भने सामाजिक तथा सांस्कृतिक क्षेत्रमा तत्सम्बन्धी नवीन धारणाहरू विकसित भएका देखिन्छन्। फलतः मानिसको शरीर सम्बन्धी निर्मित धारणाहरूको विघटनसँगै भिन्न क्षमता सन्दर्भित नयाँ सांस्कृतिक व्याख्याहरू महत्त्वपूर्ण बनेर देखापरेका छन्। यस सन्दर्भमा भिन्न क्षमतालाई सामाजिक सम्बन्धहरूको प्रसङ्गअनुरूप शरीरप्रतिको विवरणात्मक अध्ययन मान्ने रोजमेरी गर्ल्यान्ड थम्पसनको भनाइ विचारणीय रहेको छ। उनी भन्छिन् – *भौतिक भिन्न क्षमता हीनताभावपीडित अवस्था हुनका साथै वैयक्तिक दुर्भाग्यको विषय हो भन्ने समाज स्वीकृत धारणाको म कडा शब्दमा भर्त्सना गर्दछु र यसको साटो यो एउटा प्रतिनिधित्वको विषय हो अथवा भौतिक परिवर्तनको सांस्कृतिक व्याख्या हो भन्ने कुरा अघि राख्दछु।*[६] यसरी थम्पसनले भिन्न क्षमतालाई सांस्कृतिक सन्दर्भमा प्रतिनिधिस्वरूप मानेकी छन्। उनको मतअनुसार शारीरिक कमीकमजोरीहरूले गर्दा कुनै पनि मानिस सामाजिक सम्बन्धहरूको निर्वाह गर्नमा असमर्थ हुन्छन् भन्नु भ्रमपूर्ण धारणा हो भन्नेर बुझिन्छ। शारीरिक रूपले दुर्बल रहे तापनि समाजको प्रतिनिधित्व गर्नका भिन्न क्षमता भएका मानिसहरू सक्षम हुँदछन् भन्ने थम्पसनको भनाइ छ।

कालान्तरमा विभिन्न विद्वान्, प्राज्ञ, चिन्तक, साहित्यकार, राजनीतिज्ञ आदिले गरेका अध्ययन–अनुसन्धान तथा राष्ट्रिय–अन्तर्राष्ट्रिय सङ्घ–संस्था र आयोगहरूद्वारा अपनाइएका विभिन्न कार्यक्रम र अधिनियमहरू लगायत विभिन्न जर्नलहरूको प्रकाशनको फलस्वरूप भिन्न क्षमता विश्वभरि नै सामाजिक मुद्दाको विषय बनेर देखापरेको छ।

---

५ माइक अलिभर, द *सोसियल मोडल अफ् डिसाविलिटीः थर्टी यियर्स अन्*, http://doi.org./10.1080/09687599.2013.818773, 22.50, पृ.१०२४–१०२६

६ रोजमेरी गर्ल्यान्ड थम्पसन, सन् १९९७, *एक्स्ट्रा अर्डिनरी बडिजः फिगरिङ फिजिकल डिसाविलिटी इन् अमेरिकन कल्चर एन्ड लिटरेचर*, न्यू योर्कः कोलम्बिया युनिभर्सिटी प्रेस, पृ.६

यसले एकातिर प्राज्ञिक ज्ञानानुशासनको रूपमा रहेर भिन्न क्षमता भएका मानिसहरूमाथि संस्थागत रूपमा भइरहेको शोषण र दमनको विरोध गरेको छ भने अर्कोतिर सामाजिक अवरोधहरूलाई निर्मूल पारेर सामान्यता र असामान्यता बिचको विभेदक रेखालाई मेटाउने धेरै प्रयत्न गर्दै आइरहेको छ।

## भिन्न क्षमताका प्रकार

भिन्न क्षमता मूलतः दुई प्रकारका हुन्छन् – (१) भौतिक र (२) मानसिक। भौतिक भिन्न क्षमताले मानिसको बाह्य अवस्थाबारे सूचना दिँदछ। मानिसको शरीरसित सन्बन्धित कुनै पनि विकार वा आङ्गिक दुर्बलता नै भौतिक भिन्न क्षमता हो। यसअन्तर्गत दृष्टहीनता, श्रवन शक्तिहीनता, स्नायु सम्बन्धी विकार साथै बोल्न र हिँड्न असमर्थ हुनु आदि अवस्थाहरू पर्दछन्। यसरी नै मानसिक भिन्न क्षमताले मानिसको मनसँग सम्बन्धित विकारहरूलाई बुझाउँछ। विभिन्न प्रकारका मानसिक विमारीहरू, बौद्धिक असक्षमता, असन्तुलित व्यवहार, अधिक उत्तेजना, मन्दबुद्धि आदि मानसिक भिन्न क्षमताका लक्षणहरू हुन्। यसबाहेक पनि अधिगम योग्यताका आधारमा भिन्न क्षमता चार प्रकारका हुने कुराको उल्लेख विद्वान्हरूले गरेका छन्। ती हुन् आङ्गिक भिन्न क्षमता, मानसिक भिन्न क्षमता, सामाजिक भिन्न क्षमता र भावनात्मक भिन्न क्षमता।

**आङ्गिक भिन्न क्षमताः** आङ्गिक भिन्न क्षमताको सम्बन्ध शरीरको कुनै पनि अङ्ग अविकसित हुनुसँग रहेको छ। यस प्रकारको भिन्न क्षमताद्वारा ग्रस्त मानिसहरू अविकसित शारीरिक अङ्गको कारण कुनै पनि क्रियाकलापमा गर्नमा असमर्थ हुँदछन्। तिनीहरूद्वारा सञ्चालित प्रत्येक कामकुरो नै सुस्त र गतिहीन रूपमा देखापर्दछ।

**मानसिक भिन्न क्षमताः** मानसिक रूपमा हुने सबै प्रकारका विमारीहरू मानसिक भिन्न क्षमताका उपज हुँदछन्। यसले गर्दा मानिसको बोल्ने, तर्क गर्ने, सोच्ने, कुनै पनि कुराको प्रतिक्रिया गर्ने आदि कार्यहरूमा वाधा उत्पन्न हुँदछ र त्यस्ता मानिसहरू अन्यको तुलनामा असन्तुलित सिद्ध हुँदछन्।

**सामाजिक भिन्न क्षमताः** प्रतिकूल सामाजिक वातावरण र आनुवंशिकताका कारण सामाजिक भिन्न क्षमताको लक्षण देखापर्दछ। यस्तो भिन्न क्षमताद्वारा पीडित मानिसहरूको आचरण सामान्यको भन्दा फरक हुँदछ। तिनीहरू समाजमा स्थापित मूल्य, मान्यता, विभिन्न परम्पराहरू र विचारहरूप्रति सधैँ उदासिन रहनाका साथै र आक्रमक भएर देखापर्दछन्।

**भावनात्मक भिन्न क्षमताः** विभिन्न प्रकारका मानसिक अन्तर्द्वन्द्वहरूको कारण भावानात्मक रूपले पीडित रहनु र अन्यभन्दा फरक अवस्थामा जीवन निर्वाह गर्नु भावानात्मक भिन्न क्षमताको लक्षण हो। यस्तो लक्षण भएका मानिसहरू अत्यन्तै संवेदनशील हुँदछन् र सधैँ आफ्नै कल्पनाको संसार सृष्टि गरेर त्यसमा रमाउने स्वभावका हुँदछन्। नेपाली साहित्यको सन्दर्भमा कुरा गर्नुपर्दा यसले विधागत रूपमा भिन्न क्षमता भएका मानिसहरूका अवस्थालाई इमान्दारीपूर्वक समेट्ने काम गर्दै आएको छ। भौतिक रूपले भिन्न रहेका चरित्रहरूको माध्यमबाट समाजको यथोचित चित्रण गर्नु, मनोजगतका विविध पक्षहरूलाई सूक्ष्म रूपमा विश्लेषण गर्नु, सामाजिक प्रतिकूलताको कारण उत्पन्न अवस्थाको सुसङ्गठित वर्णन गर्नु तथा मानव संवेदनाका विभिन्न पाटाहरूलाई कलात्मक स्पर्श दिनु जस्ता कार्यहरूले नेपाली साहित्यको चार शताब्दीय लामो यात्रालाई अभिप्रेरित गरेको छ। अतः सामाजिक यथार्थहरूको समुद्घा टनसँगै भिन्न क्षमताका विविध समस्या र सन्दर्भहरू समेत नेपाली साहित्यका आवश्यक पाटो बनेर देखापरेका छन्। नेपाली

साहित्यका विभिन्न विधाहरूमध्ये कथामा प्रयुक्त भौतिक भिन्न क्षमताको विश्लेषण गर्नु नै यस लेखको प्रमुख उद्देश्य रहेकोले यसैको आलोकमा नेपाली कथाको संक्षिप्त विवेचना तल प्रस्तुत गरिनेछ।

**नेपाली कथामा भौतिक भिन्न क्षमताको प्रयोगपरम्परा**

कथा आख्यानभित्र पर्ने एउटा महत्त्वपूर्ण विधा हो। नेपाली साहित्यमा कथा लेखनको थालनी प्राथमिक कालदेखि नै भएको पाइन्छ। विभिन्न स्रोतहरूबाट नेपाली भाषामा तर्जुमा गरिएका आख्यानात्मक रचनाहरू नै नेपाली कथाका प्रारम्बबिन्दु बनेर देखापरेका छन्। आजसम्मको खोजी र प्राप्ति अनुसार वि.सं. १८०० मा अज्ञात लेखकद्वारा अनुवाद गरिएका *सत्संगको वर्णन भयाको कथाहा* र *राजप्रपञ्चको ब्योहोराको एउटा षिसा*लाई नेपाली कथाको प्रारम्भिक रूप मानिए तापनि ज्ञात लेखकका रूपमा रहेका शक्तिवल्लभ अर्यालले नै पहिलो नेपाली कथाकार बन्ने सौभाग्य प्राप्त गरेका छन्। यस दृष्टिले वि. स. १८२७ मा अर्यालद्वारा अनूदित *महाभारत विराट्पर्व*लाई नेपाली कथा साहित्यको महत्त्वपूर्ण उपलब्धी मान्नुपर्ने हुन्छ। संस्कृत स्रोतबाटै अनुवाद गरिएका अन्य आख्यानात्मक रचनाहरूमा भानुदत्तको *हितोपदेश मित्रलाभ*, रामभद्र पाध्य रेग्मीको *लक्ष्मीधर्म संवाद*, गौराशङ्कर पण्डितको *वेताल पञ्चविंशति कथाहा*, लक्ष्मीनारायण जोशीको *महाज्ञान मुद्रा कथाहा*, गौरेश्वर शर्माको *वेताल पञ्चविंशति*, अज्ञातको *पिनासको कथाहा* आदि प्रारम्भिक नेपाली कथाका सुन्दर नमूनाहरू हुन्। संस्कृतबाहेक फारसी, अरबी, अङ्ग्रेजी, प्राकृत र लोककथात्मक स्रोतबाट अनुवाद गरिएका आख्यानात्मक रचनाहरूले पनि नेपाली कथाको प्रारम्भिक चरणलाई बलियो आधार सुम्पेका छन्।

प्राथमिककालीन लिपिवद्ध रूपदेखि माध्यमिककालीन मुद्रण रूपमा प्रवेश गर्दासम्म पनि नेपाली कथा अनुवाद परम्पराको वृत्तबाट मुक्त हुन सकेको भने देखिँदैन। यसैले पनि प्राथमिक काल र माध्यमिक कालमा लेखिएका कथाहरूमा सामाजिक पक्ष गौण वा नगण्य स्थितिमै रहेको पाइन्छ। सन् १९२६ मा देहरादुनबाट ठाकुर चन्दन सिंहको सम्पादनमा *गोर्खा संसार* प्रकाशित भएपछि नै नेपाली कथामा माध्यमिककालीन चेतनाको अन्त्य हुनका साथै आधुनिककालीन चेतनाको उदय हुनथालेको हो।[७] *गोर्खा संसार*मा प्रकाशित 'लाहुरे' उपनामधारी सूर्यविक्रम ज्ञवालीको 'देवीको वली' साथै रूपनारायण सिंहको 'परिवर्तन' र 'अन्नपूर्णा' जस्ता कथाहरूले आधुनिकताको घरेडी निर्माण गर्नमा विशेष भूमिका निर्वाह गरेका छन्। यसपछि नै नेपाली कथाले मौलिक स्वरूप प्राप्त गर्नका साथै समाज चित्रणलाई मूल अभिप्रायका रूपमा ग्रहण गरेको देखिन्छ। यस सन्दर्भमा सामाजिक सुधारको आन्दोलन गर्ने आफ्ना मूल ध्येयअनुसार *गोर्खा संसार*ले प्रायः सामाजिक कथाहरू छाप्यो भन्ने ईश्वर बरालको भनाइ उल्लेखयोग्य रहेको छ।[८] यसरी नेपाली कथामा सामाजिक चेतनाको उन्मेषसँगै आधुनिकताको वरण भएदेखि नै समाजका विविध पक्ष र यथार्थ घटनाहरूले कथात्मक अभिव्यक्ति पाउन थालेको हो।

*शारदा* पत्रिकाको वर्ष १, अङ्क ५, जेठ १९९२ –मा गुरुप्रसाद मैनालीको *नासो* प्रकाशित भएपछि नेपाली कथामा आधुनिकताको थालनी भएको हो। आधुनिकताको मूलभूत उद्देश्य नै समाजको यथार्थलाई जस्तो छ त्यस्तै रूपमा चित्रण गरेकाले आधुनिक कथालेखनले तर्कसम्मत, वस्तुता र वैज्ञानिकतालाई अपरिहार्य तत्त्वका रूपमा

---

७ अविनाश श्रेष्ठ, वि.सं. २०६४, *आधुनिक भारतीय नेपाली कथा*, ललितपुरः साझा प्रकाशन, पृ.३२

८ ईश्वर बराल, वि.स. २०५३, *झ्यालबाट*, (छैटौं सं.), ललितपुरः साझा प्रकाशन, पृ.९३

अङ्गीकार गरेको देखिन्छ। नेपाली कथामा एकैसाथ आधुनिकता लक्षणहरू देखा नपरे तापनि आदर्शवादी विचारधाराको विपरीत यथार्थपरक अनुभूति र अभिव्यक्तिलाई अँगाल्ने क्रममा यसले विस्तारैसँग सामाजिक विषयवस्तुहरूको उठान गर्दै आएको छ। समाजको संरचना, त्यससँग सम्बन्धित विभिन्न आस्था र विश्वासहरू साथै पुरातन मान्यता र रूढिहरू सबै नेपाली कथाका वर्ण्य विषयहरू हुन्। यस प्रकार समाजलाई गम्भीरतापूर्वक निक्यौंल गरेर तिनमा निहित यथार्थ वस्तुस्थितिको चित्रण गर्ने क्रममै नेपाली कथामा भौतिक भिन्न क्षमताको वर्णनले पनि सुव्यवस्थित ढाँचा प्राप्त गरेको छ।

भिन्न क्षमता सोझो रूपले समाजसँग अन्तर्सम्बन्धित रहेकोले समय सापेक्ष यसको वर्णन र चित्रण गर्ने दिशामा नेपाली कथाहरू चुकेको छैन। भिन्न क्षमता भएका मानिसहरूको निजको अनुभूति, तिनीहरूको आन्तिरक मर्म, समाजले तिनीहरूप्रित राख्ने उपेक्षाभाव र अपनाउने हेय तथा नकारसूचक दृष्टिकोण आदिलाई कथ्यको रूपमा अनुकल्पना गरेर नेपाली कथाकारहरूले सामाजिक यथार्थवादी धाराका कथाहरू लेख्दै आएका छन्। ती कथाहरूमध्ये बालकृष्ण समको 'रूपको मूल्य', विश्वेश्वरप्रसाद कोइरालाको 'पवित्रा', पारिजातको 'तिउरीको फूल पाइरियाको गन्ध', अगमसिंह गिरीको 'छोरी', इन्द्रबहादुर राईको 'आँगनको घाममा लाटा', रमेश विकलको 'नयाँ सडकको गीत', सानु लामाको 'ज्योतिबिनाको उज्यालो', प्रदीप गुरुङको 'मूक माया', धन निर्दोष सुब्बाको 'नरमायाको तृष्णा', सञ्जय विष्टको 'अविवाहित लाटी र अप्रेशन', विन्द्या सुब्बाको 'शीतलहर', रीता ठकुरीको 'वाणी', श्याम शाहको 'लाटीको छोरो' आदिमा भौतिक भिन्न क्षमताको प्रयोग सफलतापूर्वक भएको छ।

### नेपाली कथामा भौतिक भिन्न क्षमता, सीमान्तीयता र कुसङ्केतनताका सन्दर्भहरू

भौतिक रूपमा भिन्न रहेकाहरूलाई सीमान्तीय विषय वा कुसङ्केतकका चिह्न मानेर समाजद्वारा लाञ्छित र तिरस्कृत गरिएका सन्दर्भहरू नेपाली कथामा पाइन्छन्। 'रूपको मूल्य' कथामा कुरूपताको कारण आफूले मन पराएको मान्छेबाट तिरस्कृत हुनपुगेकी रानुको अन्तर्वेदना सीमान्तीय अनुभवको प्रतिक्रियास्वरूप देखापरेको छ। धनीका निम्ति गरीब, पितृसत्ताका निम्ति नारी, बलियाका निम्ति निर्धानिमुखा आदि सीमान्तीय विषय बनेझैँ रूपलाई नै सर्वस्व ठान्ने सामाजिक तथा सांस्कृतिक अभ्यासले गर्दा ज्ञान, गुण, लक्षण र यौवनले सम्पन्न भए तापनि रानु सामीन्तीय विषय बन्न पुगेकी छे। भिन्न क्षमता भएका मानिसहरूको अवस्था तात्त्विक नभएर कसरी समाज निर्मित छ भन्ने कुराको अध्ययन गर्ने क्रममा टोबिन सिवरले एक ठाउँ भनेका छन्– *जाति वैशिष्ट्यवाद व्याप्त रहेको समाजमा एकजना काला रङ्गको मान्छेले आफैलाई ऐनामा हेर्दा पनि असजिलो अनुभव गर्छ।*[९] *रूपको मूल्य*मा रानुको अवस्था पनि ठिक यस्तै देखापरेको छ। रूपलाई मूल्यावान् ठान्ने समाजमा उसको असहजता बढेर स्वपीडनको स्थितिमा पुगेको छ। यही स्थितिले गर्दा ऊ भित्रभित्रै कुँजिएर, निस्सासिएर, जीवनदेखि पलायन भएर अन्ततः मृत्युलाई वरण गर्न पुग्दछे। यस कथामा रानु कुरूप हुनुको पछि थुप्रै कथाकारले कुसङ्केतनताका छापहरूलाई कारक तत्त्वका रूपमा देखाइएका छन् जसले गर्दा रानुको भौतिक भिन्नता सामाजिक सम्बन्धहरूको समकक्षमा उपेक्षित हुनुको माध्यम बनेर देखापरेको छ।

---

९ टोबिन सिवर, सन् २००६, *डिसाविलिटी इन् थ्योरी फ्रम सोसियल कन्स्ट्रकशनिज्म टु द न्यू रियलिज्म अफ् बडी*, द डिसाविलिटी स्टडिज् रिडर, पूर्ववत्, पृ.१७४

भौतिक भिन्न क्षमतालाई निर्धारण गर्ने विभिन्न कारणहरूमध्ये एउटा कुसङ्केतनता पनि हो। यसबारे गहन रूपमा अध्ययन–अनुसन्धान गरेर तत्विषयक सिद्धान्त प्रतिपादन गर्ने व्यक्ति इरभिन गौफम्यान हुन्। उनको भनाइअनुसार लक्षण र रूढिबद्ध विचार बिचको विशिष्ट सम्बन्ध नै कुसङ्केतक हो[१०] भन्ने बुझिन्छ। लक्षण भनेको मान्छेको रूप, गुण, चरित्र आदि बुजाउने चिह्नहरू हुन्। प्राचीन ग्रीसमा बलात्कारी, चोर, डाकू, हत्यारा आदि सामाजिक अपराधीहरूलाई चिनाउन र सार्वजनिक बेइज्जती गर्नका निम्ति उनीहरूको शरीरमा काटेर, पोलेर चिह्नहरू बनाइन्थ्यो भन्ने गौफम्यानको भनाइ छ। यिनै चिह्नहरूका आधारमा कुनै व्यक्ति अपराधी हो वा होइन भन्ने कुराको सम्पुष्टि गरिने परम्पराअनुसार विश्वभरिका मानिसहरूमा लक्षणप्रतिको रूढिबद्ध विचार विकसित हुँदै आएको देखिन्छ। यसैको फलस्वरूप मान्छेको शरीरमा देखापरेका विकृतिहरू जत्ति सबैलाई कुसङ्केतकको लक्षण मान्ने परम्परा समाजमा स्थापित भएको छ। समयमा अनुहार वा शरीरको कुनै पनि अङ्गमा देखापरेका दाग, छ्याकटोपन, खुँडोपन, भद्दापन आदि विकृतिहरूलाई मात्र नभएर मुख नलाग्नु, आँखा नदेख्नु, कान नसुन्नु, हात–खुट्टा नहुनु वा भए पनि बाङ्गो हुनु आदि लक्षणहरूलाई पनि कुसङ्केतक मानेर अपशकुनका रूपमा हेर्न थालिएको पाइन्छ।

'रूपको मूल्य'मा रानुलाई काली, कोप्ची, छ्याकटी, छ्वाँकी, नेप्टी, खुँडी, गाला कञ्चट गडेकी, च्युँडो बाङ्गो भएकी, ओठ डल्ला परेकी, निधार खुइलिएकी आदि कुसङ्केतकका चिह्नका रूपमा प्रस्तुत गरिएको छ। यिनै कारणहरूले गर्दा आफ्नो ईच्छा अनुसारको वर (बिमल)–सँग विहा गरेर जीवन बिताउने रानुको सपना साकार हुन सक्दैन। रानुसँग विवाह गर्ने कुरा चल्दा पढिनसकिञ्जेल विहा गर्दिनँ भन्ने बिमलले दुई महीना नबित्दै अर्कै रूपवती युवतीसँग विवाह गर्छ र रानुलाई सधैँको निम्ति आफ्नो जीवनबाट पार लगाउँछ। धन सम्पत्तिको लोभमा उसलाई विवाह गर्ने लोग्नेबाट पनि ऊ पतित बन्न पुग्दछे। यसरी भौतिक रूपले भिन्न हुनु नै रानुको निम्ति अभिशाप सरह बनेको छ। रोगले थल्लिएर कङ्काल भएकी ऊ आफ्नी आमासँग आफ्नो स्थिति यसरी व्यक्त गर्दै भन्छे 'म मरेको आजै हो ! कत्ति भइसक्यो। बरु मरेकी छोरीले कुरा गरेको सम्झेर हर्ष मान्नोस्न। मर्नु र बाँच्नुमा के फरक छ? बोल्नु र चुप लाग्नुर, हिँड्नु र थकाइ मार्नु, सुत्नु र बिउँझनु।' रानुले यसरी स्वयंलाई मृत घोषित गरेर सामाजिक विषमता र रूढ प्रवृत्तिप्रति विरोध प्रकट गरेकी छे। उसको मृत्यु भएपछि बूढा पण्डित भन्छन् 'रानु कोइलाखानी जस्तै नराम्री थिइन्, त्यसैले ऊनीभित्र हीराभन्दा उज्ज्वल सौन्दर्यको प्रकाश थियो।' यसबाट भौतिक भिन्न क्षमता भएको मानिसलाई हेर्ने समाजको दृष्टि कुन हदसम्म दोषी छ भन्नेर कुराको उजागर भएको छ।

रानुजस्तै 'पवित्रा' कथाकी पवित्रा पनि सीमान्तकृत हुनुको पीडाले भित्रभित्रै विक्षिप्त बन्न पुगेकी नारीपात्र हो। केशवदेवको घरमा सुसारे, भाँडा माझ्ने, कुचो लगाउने नोकर्नी र भान्छे बाहुनी भनेर चिनिएकी पवित्रामा आँखा तानिएको हुनु, घाँटीमा गाँड निस्कनु र हिँड्दा खोच्याएर हिँड्नु जस्ता कुसङ्केतनताका लक्षणहरू रहेका छन्। यिनै लक्षणहरूले उसलाई भौतिक भिन्न क्षमताको अवस्थामा पुऱ्याएका छन्। उसले मनप्राणबाटै केशवदेवलाई आफ्नो पतिको रूपमा स्वीकार गरेकी भए तापनि केशवदेवले उसलाई एउटी भान्छे बाहुनीको दर्जाभन्दा माथि नराखेको कुरा कथामा वर्णित छ। विश्वेश्वरप्रसाद कोइराला एकजना प्रतिष्ठित मनोवैज्ञानिक कथाकार भएकाले पनि उनले रानुमा परेको जस्तो प्रत्यक्ष प्रभावबाट पवित्रालाई बँचाएर मनोवैज्ञानिक स्पर्शले कथाको भावभूमि सुकिलोसँग निर्माण गरेका

---

१० गौफम्यान, इरभिन, सन् २००६, *सेलेक्शन फ्रम स्टिगमा, द डिसाविलिटी स्टडिज् रिडर*, पूर्ववत्, पृ.१३१

छन्। रानुमा जस्तो पवित्रामा जीवनप्रतिको विमोह देखापरेको छैन बरु ऊ आफू बूढी हुँदै गएको अनुभव गर्छे र भन्छे 'बूढी हुन थालेछु। चाँडै थाक्छु, पानी ओसार्दा स्वाँ स्वाँ हुन्छु। राती जीउ कट्कटी खान्छ। अब कक्रक्क परेर गुँडुलिएर बस्नुपर्ने भएछ।' वस्तुतः केशवदेवको देखभाल र सञ्चो-सुविस्ताकै निम्ति आफ्नो जीवन समर्पण गरेर पनि पवित्राले धर पाएकी छैन। केशवदेव अर्कै दुलही भित्र्याएपछि आफू केशवदेवको जीवनदेखि सधैँका निम्ति सीमान्तकृत हुनुको स्थितिले उसलाई नमिठोसँग पोलेको छ, त्यहा पीडा नै उसले आफू बूढी हुँदै गएको प्रसङ्गद्वारा अभिव्यक्त गरेकी छिन्। यसरी रानु र पवित्रा भौतिक रूपले भिन्न रहेकै कारण उनीहरूप्रतिको सामाजिक दृष्टिकोण हेयपूर्ण रहेको दृष्टान्तले *रूपको मूल्य* र *पवित्रा* कथा पोषित भएको छ।

यस्तै प्रकारले 'नयाँ सडकको गीत' कथाको अन्धो भिखारी, 'छोरी' कथाकी 'लाटी छोरी र मूकमाया' कथाको लाटो आदि पनि आआफ्नै भौतिक अवस्थाको कारण उपेक्षित र तिरस्कृत हुनुपरेको मार्मिक चित्रण उक्त तीन कथामा सफलतापूर्वक गरिएको छ। 'नयाँ सडकको गीत' कथामा समाजका भद्र मानिस र सिपाहीहरूबाट दिन्हौँ अपमानित हुँदै भए पनि अन्धो भिखारीले आफ्नो जीवन निर्वाह गर्नुपरेको छ। यसबाट समाजमा भिन्न क्षमता भएका मानिसहरूलाई कसरी निम्न स्तरको ठानेर उपहास र ठट्टाको पात्र बनाइन्छ भन्ने कुरालाई कथाकारले देखाएका छन्। समाजको निम्ति अन्धो भिखारीले दैनिक जीवनमा भोग्नु परिपरहेको दुःख, पीडा, समस्याहरू सबै समाजका निम्ति नगण्य बनेका छन्। ऊ केवल समाजको अघि मुख नलाग्ने कुसङ्केतनताले ग्रस्त सीमान्तीय विषयमात्र बनेकी छे। 'छोरी' कथामा लाटी भएको कारण आफ्नै छोरीलाई समेत पितृस्नेह दिन नसकेको शिवप्रकाशको व्यथा एकातिर रहेको छ भने आफ्नै बाउद्वारा लाञ्छित र अपमानित बन्न परेकी छोरीको अमूक समस्या अर्कोतिर रहेको छ। शिवप्रसाद रक्शीवाल्नीकी सानी छोरी फुडोमालाई माया गरेर चुप्पा खान्छ, चकलेट दिन्छ तर आफ्नै छोरी सुकलक्षीलाई आफूदेखि परपर पार्छ। ऊ छोरीको मायाले नभएर छोरी लाटी भएको दुःखमा आँसु खसाउँछ। वास्तवमा शिवप्रसादको बाबुपन रुढिग्रस्त सामाजिक वातावरणको प्रतीकात्मक रूप बनेर कथामा देखापरेको छ।

प्रदीप गुरुङको 'मूक माया एउटा' सद्दे लाटोको कथा हो। त्यो लाटो सबै दृष्टिले भद्र छ। उसको भित्र प्रेम, संवेदना, भावुकता, स्त्रीप्रति सम्मानको भावना आदि कुराहरू विद्यमान छन् तथापि बोल्नु नसक्नु, जस्तो भौतिक भिन्नताका कारण उसको प्रेम उपेक्षित बनेको छ। उसलाई सरिताले आफूजस्तै सुखमा हाँस्ने र दुःखमा रुने संवेदनशील प्राणीको रूपमा स्वीकार गर्नै सकेकी छैन। लाटोले सद्दे मान्छेले सरह सरितालाई चोखो प्रेम गर्छ, सरितालाई चोट लाग्दा ओखती खोजेर लगाइदिन्छ, सरितालाई ज्वरो आउँदा सरिताकी आमा र चमेलीसँगै खाना, पानी, औषधिको सेवा पुऱ्याउन कोठामा आइरहन्छ तर पनि सरिताको मन जित्न सफल हुँदैन। ऊ लाटो हो भन्ने कुराको बोध सरिता उसलाई घरिघिर गराइरहन्छे। गौफम्यान भन्छन् -*हामी सामान्यको दर्जामा गणना आउने मानिसहरू कुसङ्केतनताले ग्रस्त मान्छे मान्छे होइन भन्ने कुरामा विश्वास गर्छौँ र यही मान्यताका साथ ऊप्रति भेदभावका विभिन्न तरिकाहरू अपनाउँछौँ।*[११] गौफम्यानको उक्त भनाइ 'मूक माया' कथामा सरिता र टिर्का बूढोले लाटोप्रति गरेको व्यवहारसँग मिल्छ। तिनीहरूको भेदभावपूर्ण व्यवहारले लाटो मान्छे होइन भन्नेर कुरा पुष्टि गरेको छ।

नेपाली कथामा सीमान्तीयता र कुसङ्केतनताको प्रत्यक्ष वा अप्रत्यक्ष वर्णनसँगै भौतिक भिन्नताका सन्दर्भहरू

११ इरभिन गौफम्यान, सन् २००६, पूर्ववत्, पृ.१३२

स्वतः स्फूर्त भएर देखापरेका छन्। यसो भन्दैमा भौतिक रूपले भिन्न रहेकाहरूलाई युगौँदेखि शोषित, लाञ्छित र अवहेलित अवस्थामा देखाउनु नै नेपाली कथाको मूलभूत रहेको छ भन्ने होइन। तिनीहरूले झेलिरहेका र भोगिरहेका विभिन्न समस्याहरूसँगै तिनीहरूमा अन्तर्निहित क्षमताको स्थितिबारे प्रकाश पार्नु पनि नेपाली कथाको महत् उद्देश्य बनेर देखापरेको छ। डेभिड टी मिचेल र स्यारोन एल सिन्डरले कथाहरू प्रतीकात्मक रूपमा भिन्न क्षमताका शक्तिहरूमाथि निर्भरित हुँदछन्[१२] भनेझैँ नेपाली कथाको एउटा मूल पक्ष पनि भिन्न क्षमता भएका मानिसहरूको आन्तरिक शक्ति र छुट्टै प्रकारका विशेषताहरूबारे प्रकाश पार्नुमै केन्द्रित रहेको छ। उदाहरणका रूपमा 'रूपको मूल्य' कथाकी रानुमा भएको ज्ञान र गुण, 'पवित्रा' कथाकी पवित्रामा भएको शान्त स्वभाव, 'नयाँ सडकको गीत' कथाको अन्धो भिखारीमा भएको सहनशीलता, 'मूक माया' कथाको लाटोमा भएको भद्रता, 'आँगनको घाममा लाटो' कथाको लाटोमा भएको अभिव्यक्ति-क्षमता, 'लाटीको छोरो' र 'शीतलहर' कथाकी पात्रामा भएको मातृत्वप्रेम, 'ज्योतिबिनाको उज्यालो' कथाकी मन्दामा भएको अवोध इच्छाशक्ति, 'तिउरीको फूल पाइरियाको गन्ध' र 'अविवाहित लाटी' र 'अप्रेशन' कथाका लाटी पात्राहरूमा भएको यौन आकर्षण आदिलाई लिन सकिन्छ। यी सबै कथामा पात्र-पात्राहरू सामान्य भनिने मानिसको तुलनामा भौतिक रूपले भिन्न, सीमान्तीय र कुसङ्केतकका चिह्नका रूपमा देखापरेका छन् तर सबैमा एउटा एउटा छुट्टै प्रकारको विशेषता पनि लक्षित रहेको छ। यिनै कुराको आलोकमा कथाको घडेरी निर्माण गर्नमा नेपाली कथाकारहरू उद्यत रहेका छन्।

## नेपाली कथामा भौतिक भिन्न क्षमताको सामाजिक तथा सांस्कृतिक संरचना

भिन्न क्षमता आफैमा कुनै विकृति होइन। यसलाई भौतिक वा मानसिक विकृतिको रूपमा हेरेर सीमान्तकृत गर्ने र कुसङ्केतकका चिह्न मानेर उपेक्षित गर्ने अवस्था सामाजिक तथा सांस्कृति संरचना अनूरूप सृजना हुँदछ। भौतिक रूपले भिन्न रहेकाहरू अन्यमाथि निर्भरशील हुँदछन् र नैतिक दृष्टिले तिनीहरू श्रापित हुनका साथै चरित्र भ्रष्ट पनि हुँदछन् भन्ने किसिमको रूढिग्रस्त विचारधारा नै सामाजिक तथा सांस्कृतिक संरचनाका प्रमुख घटकहरू हुन्। सुसान विन्डेलको भनाइ अनुसार सामाजिक अवस्थाहरूले नै भिन्न क्षमता भएका मान्छेलाई बिमारीपन र आघातको स्थितिमा पुऱ्याउनका साथै र भौतिक क्रियाकलापहरूका सन्दर्भमा कमजोर सिद्ध गराउँदछ[१३] भन्ने बुझिन्छ। यस्ता सामाजिक अवस्थाहरू सामान्य स्तरका मान्छेहरूको सांस्कृतिक अभ्यासद्वारा सृष्टि हुँदछन् जसले गर्दा भिन्न क्षमता भएका मानिसहरू सामाजिक सहभागितादेखि किनारीकृत बन्न पुग्दछन्। यस सन्दर्भमा लेनार्ड जे डेविसको धारणा पनि उपयुक्त रहेको छ। डेविस भन्छन्- *समाजले भौतिक अवरोधहरूको वातावरण सिर्जना नगरेसम्म कुनै पनि शारीरिक विकृति भिन्न क्षमताको अवस्थामा पुग्न सक्दैन।*[१४] यसबाट भिन्न क्षमता कसरी समाज निर्मित धारणाको रूपमा देखापरेको छ र तिनमा सांस्कृतिक अभ्यासका सन्दर्भहरू कसरी कारक तत्त्व बनेका हुँदछन् भन्ने प्रश्नको वैज्ञानिक

---

१२ डेभिड टि मिचेल र अन्य, सन् २०००, *न्यारेटिभ प्रोस्थेसिस डिसाविलिटी एन्ड डिपेन्डेन्सिस अपू डिस्कोर्स*, यु.एस.एः द युनिभर्सिटी अफ् मिचिगन प्रेस, पृ.४९

१३ सुसान विन्डेल, सन् १९९६, द *रिजेक्टेड बडी*, न्यू योर्कः रूथलेज, पृ.५८

१४ लेनार्ड डेविस.डे, सन् १९९९, *क्रिप्स स्ट्राइक ब्याः द राइज् अफ् डिसाविलिटी स्टडिज्*, अमेरिकन लिटरेली हिस्ट्री, भोल्युम ११. संख्या ३, अक्सफोर्ड युनिभर्सिटी प्रेस, पृ.५०७

उत्तर प्राप्त भएको छ।

नेपाली कथामा पनि भौतिक भिन्न क्षमताका सन्दर्भहरूलाई सामाजिक तथा सांस्कृतिक संरचना अनुरूप निर्मित विषयका रूपमा बढी उल्लेख गरिएको छ। 'रूपको मूल्य' कथाकी रानु स्वयं पनि तात्त्विकभन्दा बढी निर्मित नारीकै रूपमा देखापरेकी छ। यसैले ऊ बिमलको विषयमा कुरा निस्कँदा 'मखमल र साटनको खोल हालेको कङ्काल मान्छे' भनेर आफ्नो प्रतिक्रिया प्रकट गर्दछे। वास्तवमा रानुसँग विवाह गर्नदेखि तर्किने निर्णय बिमलको आफ्नो नभएर बाह्य सौन्दर्यलाई हेर्ने सामाजिक तथा सांस्कृतिक अभ्यासको प्रतिफल हो। यसैको विरोधमा रानुको आक्रोश देखापरेको छ। पारिजातको 'तिउरीको फूल पाइरियाको गन्ध', सञ्जय विष्टको 'अविवाहित लाटी र अप्रेशन', श्याम शाहको 'लाटीको छोरो', धन निर्दोष सुब्बाको 'नरमायाको तृष्णा' आदि कथामा मुख नलाग्ने जस्तो भौतिक भिन्न क्षमता भएका मानिसहरूलाई सद्धे र सामान्य भनिने वर्गका मानिसहरूले कसरी आफ्नो यौनतृप्तिको साधन सम्झन्छन् भन्ने कुरालाई देखाइएको छ। 'तिउरीको फूल पाइरियाको गन्ध' मा वैँशले मात्तिएकी मैली लाटीबारे नसोचिकन रहन नसक्ने 'म' पात्रको स्थितिले समाज र संस्कृतिको त्यो पाटोलाई स्पर्श गरेको छ जहाँ यौन सन्तुष्टिको विषयलाई सर्वाधिक महत्त्व प्रदान गरिन्छ। शब्द शक्तिहीन मान्छेहरूले आफूमाथि भएको अत्याचार, अन्याय र शोषणको विरोध बोलेर गर्न सक्दैनन्। यदि तिनीहरूले प्रतीकात्मक रूपमा ती विषयहरूको उठान गरे भने पनि समाजको प्रतिक्रिया शून्य हुन्छ। यसैले समाजमा मान, मर्यादा र प्रतिष्ठासँग बाँचेका मान्छेहरूले समेत भद्रताको मुखुण्डो लगाएर बोल्न नसक्नेर अवस्थाका मान्छेहरूलाई आफ्नो यौन उत्तेजना शान्त पार्ने साधनका रूपमा उपयोग गर्दछन्। यिनै सामाजिक यथार्थको आलोकमा उपर्युक्त कथाहरूको संरचात्मक आधार तयार पारिएको छ। 'तिउरीको फूल पाइरियाको गन्ध' कथाकी शब्द शक्तिहीन पात्रा 'म' पात्रको निम्ति यौनतृप्तिको साधन भएझैँ 'अविवाहित लाटी र अप्रेशन', 'लाटीको छोरो' र 'वाणी' क थाकी पात्रा पनि समाजका शिष्ट र प्रतिष्ठित व्यक्तिहरूको कामोत्तेजना शान्त पार्ने साधनका रूपमा देखापरेका छन्। यी कथाहरू माध्यमबाट समाजमा भिन्न क्षमताप्रतिको दृष्टिकोण कत्तिसम्म यान्त्रिक र आडम्बरपूर्ण रहेको छ भन्ने कुराको उद्घाटन भएको छ। यसको ठिक विपरीत 'नरमायाको तृष्णा' कथामा भने यौवन-उन्मत्त नरमायाले गाउँकै एकजना घिनलाग्दो लाटोलाई यौनक्रियाको निम्ति आकर्षित गरेर आफ्नो इच्छा पूरा गरेकी छ।

इन्द्रबहादुर राईको 'आँगनको घाममा लाटा' सोझो रूपमा भिन्न क्षमताको सामाजिक तथा सांस्कृतिक वृत्तिलाई देखाउने ध्येयले नलेखिएको भए तापनि यसमा अतात्त्विक सन्दर्भहरूको उठान स्वतः भएको छ। एकातिर यो कथाले अर्थको अन्ततभित्र लाटाको साङ्केतिक अभिव्यक्तिलाई ईश्वरीय लीला वा भावको तात्क्षणिक अनुभूतिमा दृष्टिपात गराएको छ भने अर्कोतिर मानव-स्वभावका विभिन्न पक्षहरूलाई पार्श्व भूमिकामा रुपान्तरण गराएको छ। अचानक 'म' पात्रको घरको आँगनमा आइपुगेको लाटा कथाभरि आश्चर्यको विषय बनेको छ। सानासाना नानीहरू लाटालाई हेर्दै हाँस्नु, 'म' पात्रले लाटालाई गइहाल्न नदिनु अथवा उसले कराएको जस्तो, रिसाएको जस्तो आवाज निकालेर भन्न खोजेका कुराहरूको साङ्केतिक अर्थ लगाउनु, विवाह घरमा भाँडा धुनु र पानी भर्नु लगाएर पनि मनग्गे खानु दिएनछ भन्नु आदि सन्दर्भहरूले लाटाबारे निर्मित सांस्कृतिक मान्यताको परिचय दिएको छ।

कथा 'शीतलहर' दार्जिलिङको महाकाल धाम जाने सिँढीमा बसेर भिख मागिखाने होंची, लठेप्री, ठिकसित मुख फड्काल्न नसक्ने भौतिक भिन्नताले युक्त नारीको कथा हो। उसलाई मान्छेहरूले जिस्काएरै माधुरी नाम राखिदिएका छन्। वास्तवमा यो माधुरी नाम नै उसलाई सामाजिक संरचनादेखि छुट्टाएर राख्ने उपेक्षाभावले युक्त रहेको

छ। रूप, रङ्ग, गुण कुनै पनि विशेषताले ऊ फिल्म अभिनेत्री हुने स्तरकी छैन तर उसलाई माधुरी नाम फिल्म संसारसँगै जोडेर दिइएको छ। यसबाट समाजमा भिन्न क्षमताको स्थिति ठट्टा र उपहासको विषय बनेको कुरातिर कथाकारले सङ्केत गरेका छन्। समाजमा भिन्न क्षमता भएकाहरूले स्वतन्त्र रूपमा बाँच्नका निम्ति थुप्रै विघ्नवाधाहरूको सामना गर्दै आइरहनु परेको स्थिति छ। यस्तै विघ्नवाधाले माधुरीलाई पनि सङ्गो र सुविस्तासँग बाँच्न दिएको छैन। उसले भिख मागेर बटुलेको पैसा समेत लुट्न आउने दुई अपरिचित युवक सिङ्गो समाजकै प्रतिरूप देखापरेका छन्। तिनीहरू माधुरीको पैसामात्र लुट्दैनन् तर निर्ममतापूर्वक उसको हत्या पनि गर्छन्।

## निष्कर्ष

भिन्न क्षमता सामाजिक प्रक्रिया हुनका साथै जटिल अनि बहुआयामिक विषय हो। यसले सामान्यतया अक्षमताकै परिवेशमा मानिसको शरीर र मनसित सम्बन्धित विभिन्न प्रकारका विकृतिहरूको अवस्तालाई बुझाए तापनि यसको क्षेत्र र आयाम विस्तृत रहेको छ। आजपर्यन्त समाज, धर्म, लिङ्ग, जाति, श्रेणी, शिक्षा, स्वस्थ्य, राजनीति, साहित्य, संस्कृति आदि सबै क्षेत्रमा यसको अध्ययन प्रभावशाली बनेर देखापरेको छ। यसैले यो केवल तर्कको विषयमात्र नभएर गम्भीर अध्ययन र अनुसन्धानको विषय बनेको छ। यसका सङ्कल्प र उद्देश्यहरू उत्तरआधुनिक बहुल संस्कृतिवादी मूल्यका बाहक बनेर देखापरेका छन्। साहित्यिक परिप्रेक्ष्यमा पनि भिन्न क्षमताको अध्ययन उत्तरआधुनिक सङ्कथनको रूपमा विकसित भएको छ। अतः भिन्न क्षमताको परिचय संक्षेपमा राख्दै नेपाली कथामा भौतिक भिन्न क्षमताका अवस्था र सन्दर्भहरू के कस्ता छन् भन्ने प्रश्नको वस्तुनिष्ट उत्तर खोज्ने धेय लिएर प्रस्तुत लेख तयार पारिएको हो। आजसम्मको खोजी र प्राप्ति अनुसार नेपाली कथामा भौतिक भिन्न क्षमताको विषयले समय सान्दर्भिक अभिव्यक्ति पाउँदै आएको तथ्य थाहा लागेको छ। सिद्धान्तप्रेरित नभए तापनि विभिन्न सामाजिक यथार्थहरूको समुचित अङ्कन र चित्रण गर्ने क्रममै नेपाली कथामा भौतिक भिन्न क्षमताका विविध पक्षहरूलाई पनि समावेश गरिएको छ।

नेपाली कथाहरूमा भिन्न क्षमता भएका पात्रहरूलाई प्रयोग भएका छन्। कुनै ठाउँ तिनीहरू मुख्य पात्र अथवा त्यस पात्रको माध्यमबाट कथा भनिएको छ भने तकि ठाउँ कथामा आवश्यकता पुर्तीका लागि मात्र पनि प्रयोग भएको पाइन्छ। भिन्न क्षमता भएका पात्रहरूलाई सामाजिक न्याय दिनुपर्छ भन्ने अभिप्राय नेपाली कथाहरूमा पनि विरलै देखिन्छ।

## सन्दर्भ ग्रन्थ


अलिभर, माइक, *द सोसियल मोडल अफ् डिसाविलिटीः थर्टी यियर्स अन्*, http://doi.org./10.1080/09687599.2013.818773, 22.50।

उप्रेती, सञ्जीव, वि.सं २०६९, *सिद्धान्तका कुरा*,काठमाडौः अक्षर क्रिएसन्स नेपाल।

कोइराला, विश्वेश्वरप्रसाद, वि.सं. २०६७, *दोषी चश्मा*, ललितपुरः साझा प्रकाशन।

गौफम्यान, इरभिन, सन् २००६, *सेलेक्शन फ्रम स्टिगमा*, द डिसाविलिटी स्टडिज् रिडर, न्यू योर्कः रुथलेज।

गुरुङ, प्रदीप, सन् २००७, *बिरिमफूल*, कालेबुङ : बसुन्धरा बुक्स।

डेविस, लेनार्ड जे, १९९९, द *डिसाविलिटी स्टडिज रिडर*, न्यू योर्क : रुथलेज।

डेविस, लेनार्ड जे, १९९९, *क्रिप्स स्ट्राइक ब्याकः द राइज अफ् डिसाविलिटी स्टडिज्,* अमेरिकन लिटरेरी हिस्ट्री, भोल्युम ११, अक्सफोर्ड युनिभर्सिटी प्रेस।
थम्पसन, रोजमेरी गर्ल्यान्ड, सन् १९९७, *एक्स्ट्रा अर्डिनरी बडिजः फिगरिङ फिजिकल डिसाविलिटी इन् अमेरिकन कल्चर एन्ड लिटरेचर,* न्यू योर्क : कोलम्बिया युनिभर्सिटी प्रेस।
प्रधान, राजनारायण, सन् १९७८, *दार्जिलिङका कथा र कथाकार,* दार्जिलिङ : श्याम ब्रदर्श ।
मिचेल, डेभिड टि र स्यारोन एल सिन्डर, सन् २०००, *न्यारेटिभ प्रोस्थेसिस डिसाविलिटी एन्ड डिपेन्डेन्सिस अपू डिस्कोर्स,* युएसए : द युनिभर्सिटी अफ् मिचिगन प्रेस।
बराल, ईश्वर, वि.स. २०५३, *झ्यालबाट,* ललितपुर : साझा प्रकाशन।
लिन्टन, सिमी, १९९८, *क्लेमिङ डिसाविलिटी नोलेज एन्ड आइडिन्टिटी,* न्यू योर्क युनिभर्सिटी प्रेस।
शाह, श्याम, वि.सं २०७१, *अब्बा,* काठमाडौँ : फिनिक्स बुक्स।
सेक्सपियर, टोम, सन् २००६, *सोसियल मोडल अफ् डिसाविलिटी,* द डिसाविलिटी स्टडिज् रिडर, न्यू योर्क : रुथलेज।
श्रेष्ठ, अविनाश, वि.सं. २०६४, *आधुनिक भारतीय नेपाली कथा,* ललितपुर : साझा प्रकाशन।
सुब्बा, धन निर्दोष, सन् १९९९, *निर्वाध उज्यालाहरू,* गान्तोक : रुपा ढुंग्याल।
सुब्बा, विन्द्याो, सन्, २०१३, *शीतलहर,* काठमाडौँ : अल्टिमेट मार्केटिङ प्रा.लि.।
सिवर, टोबिन, सन् २००६, *डिसाविलिटी इन् थ्योरी फ्रम सोसियल कन्स्ट्रकशनिज्म टु द न्यू रियलिज्म अव् बडी,* द डिसाविलिटी स्टडिज् रिडर, न्यू योर्कः रुथलेज।
विकल, रमेश, वि.सं. २०४८, *नयाँ सडकको गीत,* ललितपुर : साझा प्रकाशन।
विन्डेल, सुसान, १९९६, *द रिजेक्टेड बडी,* न्यू योर्क : रुथलेज।

# भाषा विज्ञान समाज नेपाल

(स्थापित २०३६/दर्ता २०६४)

## LINGUISTIC SOCIETY OF NEPAL

(Estd. 1979/Regd. 2008)

This is to certify that Mr. Suraj Gurung

participated in the 40th *Annual Conference of the Linguistic Society of Nepal*

jointly organized by the Linguistic Society of Nepal and the

Central Department of Anthropology held on

26-27 November 2019 at Tribhuvan University, Kathmandu.

S/he also presented a paper entitled भिन्न क्षमतायुक्त मानिसहरूका निम्ति प्रयोग गरिने भाषाको समाजपरक अध्ययन

(Dr. Karnakhar Khatiwada)
General Secretary

Date: 27 November 2019

(Bhim Narayan Regmi)
President

NS

# 6th International Folklore Congress 2018

12-13 May 2018, Nepal Tourism Board, Kathmandu

Organized by Nepali Folklore Society नेपाली लोकवार्ता तथा संस्कृति समाज

नेपाली लोकवार्ता तथा संस्कृति समाज Nepali Folklore Society

## CERTIFICATE

This is to certify that Suraj Gurung

Participated/Presented a paper entitled "भिन्न क्षमताका दृष्टिले नेपाली उखानको अध्ययन"

in *6th International Folklore Congress 2018* held at Nepal Tourism Board, Bhrikutimandap, Kathmandu during May 12-13, 2018.

(Prof. Tulasi Diwasa)
President
Nepali Folklore Society